# नेपाली जनमत सर्वेक्षण
## सन् २०२०




inter disciplinary analysts

# नेपाली जनमत सर्वेक्षण

## सन् २०२०

inter disciplinary analysts

## नेपाली जनमत सर्वेक्षण, सन् २०२०

© स्कुल अफ् आर्ट्स, काठमाडौँ विश्वविद्यालय, इन्टरडिसिप्लिनरी एनालिस्टस् र दि एसिया फाउन्डेशन, २०२०
सर्वाधिकार सुरक्षित । यस पुस्तकको कुनै पनि अंश स्कुल अफ् आर्ट्स, काठमाडौँ विश्वविद्यालय, इन्टरडिसिप्लिनरी एनालिस्टस् र दि एसिया फाउन्डेशनको लिखित अनुमति बिना पुनरूत्पादित गर्न सकिने छैन ।

**स्कुल अफ् आर्ट्स, काठमाडौँ विश्वविद्यालय**
पोष्ट बक्स नम्बर ६२५०, हात्तिवन ललितपुर, नेपाल
फोन : +९७७-०१-५२५१२९४, +९७७-०१-५२५१३०६
इमेल : kusoa@ku.edu.np
वेबसाइट : https://kusoa.edu.np/

**इन्टरडिसिप्लिनरी एनालिस्टस्**
चन्द्र विनायक मार्ग, चावहिल, काठमाडौँ, नेपाल फोन : +९७७-०१-४४७१८४५, +९७७-०१-४४७११२७
वेबसाइट : www.ida.com.np

स्थानीय सरकार सबलीकरण
Australian Aid
The Asia Foundation

**दि एसिया फाउन्डेशन**
पोष्ट बक्स नम्बर ९३५, बुद्धिसागर मार्ग, वडा नं. ३
पानीपोखरी, काठमाडौँ, नेपाल
वेबसाइट : www.asiafoundation.org

नेपाली जनमत सर्वेक्षण, सन् २०२० बिषयक प्रकाशनलाई यस स्वरूपमा ल्याउन अष्ट्रेलियन सरकारको विदेश मामिला तथा वाणिज्य विभाग र दि एशीया फाण्डेसन नेपालको साझेदारीमा सञ्चालित स्थानीय शासन सबलीकरण कार्यक्रमबाट सहयोग उपलब्ध भएको छ । यस प्रकाशनमा व्यक्त विचार तथा निष्कर्षहरूले कार्यक्रम सम्बद्ध अष्ट्रेलिया सरकार र दि एशीया फाउण्डेसनको धारणालाई व्यक्त गरेको मानिनेछैन ।

**उद्धरणको लागि सिफारिश गरिएको**
गिरी, धिरज; प्याकुरेल, उद्धब; र पाण्डे, चन्द्रलाल । सन् २०२० । नेपाली जनमत सर्वेक्षण, सन् २०२० । ललितपुर : स्कुल अफ् आर्ट्स ।

**प्रकाशक**
स्कुल अफ् आर्ट्स, काठमाडौँ विश्वविद्यालय
पोष्ट बक्स नम्बर ६२५०, हात्तिबन ललितपुर, नेपाल
फोन : +९७७-०१-५२५१२९४, +९७७-०१-५२५१३०६
इमेल : kusoa@ku.edu.np
वेबसाइट : https://kusoa.edu.np/

**लेखकहरू :** धिरज गिरी
उद्धव प्याकुरेल
चन्द्रलाल पाण्डे

आवरण तस्बिर : रमेश दुलाल
डिजाइन तथा मुदण : क्रिएटिभ प्रेस प्रा. लि.

## संचालक समिति सदस्यहरु

| क्र.सं. | नाम | आबद्ध संस्था |
|---|---|---|
| १. | अमृत लम्साल | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| २. | भीमप्रसाद सुवेदी | विश्वविद्यालय अनुदान आयोग, नेपाल |
| ३. | विमला राई पौड्याल | राष्ट्रिय सभा, संघीय संसद, नेपाल |
| ४. | दिपक थापा | सोसल साइन्स वहाः |
| ५. | गणेश गुरूङ | स्वतन्त्र अनुसन्धानकर्ता |
| ६. | महेश बास्कोटा | स्कुल अफ् आर्ट्स, काठमाडौँ विश्वविद्यालय |
| ७. | मृगेन्द्र बहादुर कार्की | नेपाल तथा एसियाली अध्ययन केन्द्र (सिनास), त्रिभुवन विश्वविद्यालय |
| ८. | पीताम्बर शर्मा | रिसोर्सेस हिमालय |
| ९. | सागर राज शर्मा (अध्यक्ष) | स्कुल अफ् आर्ट्स, काठमाडौँ विश्वविद्यालय |
| १०. | सुधिन्द्र शर्मा | इन्टरडिसिप्लिनरी एनालिस्टस् |
| ११. | टिकाराम गौतम | समाजशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय |
| १२. | तीर्थराज चौलागाई | तथ्यांक विभाग |
| १३. | त्रिलोचन पोखरेल | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान |

# प्राक्कथन

नेपाली जनमत सर्वेक्षण, सन् २०२० नामक यो प्रतिवेदन, यसअघि सन् २०१७ र सन् २०१८ मा प्रकाशित गरिएका यस्तै प्रतिवेदनहरूको निरन्तरता हो । यसले जनताका आधारभूत आवश्यकता पूरा गर्ने, उत्तम जीवन यापनको निम्ति अवसरहरु खोज्ने, सुरक्षित र भयरहित वातावरणको महसुस गर्ने, गुणात्मक सेवाहरु पाउँदै मर्यादित जीवन बिताउन सक्षम हुने तथा सक्षम नेतृत्वबाट फाइदा पाउन सक्ने जस्ता मुद्दाहरूको बारेमा नेपाली जनताको आशा र आकांक्षालाई समेट्ने कोशिस गरेको छ ।

समयको हिसाबले यस प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्यांक फेब्रुअरी देखि मार्च, २०२० मा गरिएको देशव्यापी सर्वेक्षणको नतिजामा आधारित छन् । यो समय कोभिड-१९ को कारणले देशव्यापी रूपमा बन्दाबन्दी घोषणा हुनुभन्दा ठीक अघिको समय थियो । यस प्रतिवेदनमा समेटिएका तथ्यांक तथा सूचनाहरूले बन्दाबन्दी घोषणा हुनु अघि उत्तरदाताहरूले दिएको विचारलाई समेट्छ, जुन समयमा राष्ट्रले तुलनात्मक रुपमा राजनीतिक स्थिरताको अनुभव गरिरहेको थियो र सन् २०१८ मा स्थापना भएका संघीय, प्रादेशिक तथा स्थानीय सरकारको संरचना मार्फत् मुलुकमा परिवर्तनहरूलाई स्थापित गर्न खोजिरहेको थियो । यस सन्दर्भमा, यस प्रतिवेदनले आम जनताको मनोभावना र उनीहरूको दैनन्दिनका अनुभव बारेका धारणाहरूलाई प्रस्तुत गरेको छ, जसलाई सर्वेक्षणको अवधिमा उत्तरदाताहरूले व्यक्त गरेको अभिव्यक्तिको रूपमा लिन सकिन्छ । उदाहरणका लागि, देशको अवस्था कसरी अगाडि बढिरहेको छ, भन्ने बारेमा उत्तरदाताले आफूहरु 'आशावादी' भएको धारणा व्यक्त गरेका छन्, कोभिड अघिको समयमा व्यक्त यस्तै विषयहरु यस प्रतिवेदनको सूचना तथा तथ्यांकमा समेटिएका छन् । लेखकहरूले गरेको प्रारम्भिक विश्लेषण बाहेक सकेसम्म र संभव भएसम्म सर्वेक्षणमा सहभागी उत्तरदाताहरूका अभिव्यक्तिलाई तटस्थ तथ्यांकको रूपमा यस प्रतिवेदनमा समेटिएको छ । यस सम्बन्धमा कोही इच्छुक व्यक्तिहरूले अझ गहन अध्ययन तथा विश्लेषण गर्न चाहेमा, उहाँहरूले यो काम खुसीले गर्न सक्नुहुनेछ ।

विशेषताको हिसाबले यो प्रतिवेदन सन् २०१७, र सन् २०१८ का अघिल्ला सर्वेक्षण प्रतिवेदनहरु भन्दा कम्तिमा दुई पक्षहरूमा फरक रहेको छ । पहिलो, यस सर्वेक्षणको क्रममा गरिएको स्थलगत अनुसन्धान (फिल्डवर्क) नेपालमा कोभिड-१९ को प्रकोपको पूर्व सन्ध्यामा भएर मार्च, २०२० मा सरकारले घोषणा गरेको पहिलो बन्दाबन्दीको ठीक एक दिन अघि नै यसलाई समेटिएको हुँदा यसले कोभिड अघि उत्तरदाताको मनोभावनालाई समेट्ने प्रयास गरेको छ र कोभिड पछिका तुलनात्मक अध्ययनहरूमा यसलाई कसीको रूपमा प्रयोग गर्न सकिन्छ । हामी सबैले कोभिड-१९ र यसका असरहरु देखि भोगिरहेको र कोभिड पछि कसरी अगाडि बढ्ने भनेर छलफल गरिरहेको सन्दर्भमा यो प्रतिवेदन नेपालको लागि एकदम उपयुक्त समयमा आएको हामीले महसुस गरेका छौँ ।

दोस्रो, यस सर्वेक्षणले अघिल्ला दुई प्रतिवेदनहरूका समान नतिजाहरु दाँजेर तुलनात्मक अध्ययन गरेको छ । पाठकहरूले यस प्रतिवेदनमा सर्वेक्षणमा उठाइएका विभिन्न अवधारणाहरूसँग सम्बन्धित वर्णन तथ्यांकहरूको तुलनात्मक विश्लेषणका साथसाथै तुलनात्मक चित्रहरु र तालिकाहरूको माध्यमबाट पाउनु हुनेछ । उदाहरणका लागि, बहुसंख्यक नेपालीहरूले देशको अवस्था सही दिशामा गइरहेको छ भनी विश्वास गरेका छन् । सन् २०१७ र सन् २०१८ का सर्वेक्षणहरूमा भन्दा यस सर्वेक्षणमा आशावादी भावना बढी उल्लेख गरिएको छ । आशावादी हुनुका शीर्ष चार कारणहरूमा बाटोघाटो तथा ठूला सडकहरूको निर्माण तथा सुधार, विद्युत्‌को आपूर्तिमा सुधार, स्वास्थ्य सेवा र शिक्षामा नेपालीहरूको बढ्दो पहुँच जस्ता पक्षहरु देखिएका छन् । तीनओटै सर्वेक्षणमा, बहुसंख्यक उत्तरदाताहरु आशावादी हुनुको सबैभन्दा धेरै उल्लेख गरिएको कारणमा सडक र बाटोघाटोमा भएको सुधार रहेको छ । त्यसबाहेक यस प्रतिवेदनमा सुरक्षा र विवाद समाधान, पहिचान र सामाजिक सम्बन्ध, शासन र राजनीतिक सहभागिता, आर्थिक दृष्टिकोण र सूचना पहुँचको सम्बन्धमा चाखलाग्दा र महत्वपूर्ण सर्वेक्षणका परिणामहरु पनि समावेश छन् ।

यो प्रतिवेदन धेरै जनाको अथक प्रयासको परिणाम हो । यस सन्दर्भमा म प्रतिवेदनलाई यस रूपमा ल्याउनुहुने सम्पूर्ण व्यक्तिहरूको इमान्दारी पूर्वक प्रशंसा गर्न चाहन्छु, यस क्रममा सबैभन्दा पहिला, काठमाडौँ विश्वविद्यालयको स्कुल अफ् आर्ट्सका लेखकको समूहबाट शुरु गर्छु, जसले यो प्रतिवेदन लेखनको नेतृत्व लिनु भएको थियो । म इन्टरडिस्प्लिनरी

एनालिस्टस् (आईडीए) को समूहले एकदमै सुक्ष्म र वैज्ञानिक रूपमा गर्नुभएको तथ्यांक संकलनको काम सँगसँगै प्रारम्भिक अध्ययन विश्लेषण कार्यको पनि उत्तिकै प्रशंसा गर्दछु । आर्थिक र प्राविधिक सबै खाले समर्थन र व्यवस्थापनका लागि दि एसिया फाउण्डेशन र यस सर्वेक्षणसँग सम्बन्धित समूहको सहयोग ज्यादै नै प्रशंसनीय रहेको छ ।

अन्तमा, हामीलाई शुरूदेखि सहयोग, सुझाव र मार्गदर्शन प्रदान गर्नुहुने यस परियोजनाको संचालक समितिमा रहनु भएका सरकारी अधिकारी, शिक्षाविद्, संसद सदस्य र अन्वेषकहरु लगायत सम्मानित सदस्यहरूलाई धन्यवाद दिन चाहन्छु । उहाँहरूको योगदानले नै यस प्रतिवेदनलाई हालको आकार र प्रकारमा ल्याउन मद्दत गरेको छ ।



**प्रा. डा. सागरराज शर्मा**
संकायाध्यक्ष, कला संकाय, काठमाडौँ विश्वविद्यालय
डिसेम्बर ८, २०२०

# कृतज्ञता

काठमाडौँ विश्वविद्यालयको नेतृत्व रहेको, यस नेपाली जनमत सर्वेक्षण, सन् २०२० को परियोजनामा, इन्टरडिस्प्लिनरी एनालिस्टस् (आईडीए) र दि एसिया फाउन्डेशन (दि फाउण्डेशन) को सहकार्य रहेको छ । अष्ट्रेलिया सरकारको विदेश मामिला तथा व्यापार विभाग (डीफ्याट) र दि एसिया फाउण्डेसनको साझेदारीमा सञ्चालित स्थानीय शासन सबलीकरण कार्यक्रम अन्तर्गत यो सर्वेक्षण परियोजना सम्पन्न गरिएको छ ।

डा. धिरज गिरीले काठमाडौँ विश्वविद्यालयको तर्फबाट समूहको नेतृत्व गर्दै समग्र तथ्यांक विश्लेषणका साथै आर्थिक दृष्टिकोण र सूचनामा पहुँचबारेको अध्याय लेखन गर्नुभएको छ । त्यसैगरी विश्वविद्यालयकै डा. उद्धव प्याकुरेलले सार्वजनिक दृष्टिकोण र देशको अवस्था तथा पहिचान र सामाजिक सम्बन्ध बारेका दुई अध्यायहरूको लेखन तथा विश्लेषणमा योगदान गर्नुभएको छ भने डा. चन्द्रलाल पाण्डेले व्यक्तिगत सुरक्षा र विवाद समाधान तथा शासन प्रणाली र राजनीतिक सहभागिताका बारेका दुई अध्यायहरूको लेखन तथा विश्लेषणमा योगदान पुऱ्याउनु भएको छ । विश्वविद्यालयको कला संकायका संकायाध्यक्ष प्रा.डा. सागर राज शर्माले समग्र परियोजनामा सहयोग गर्नुभएको छ ।

सर्वेक्षणको लागि डा. सुधिन्द्र शर्माको नेतृत्व र हिरण्य बरालको संयोजकत्वमा आईडीएको समूहले देशका विभिन्न ठाउँमा खटिएर तथ्यांक संकलनको काम गरेको थियो । बालकृष्ण खड्काले सर्वेक्षण पद्धतिको प्राविधिक पक्षहरूमा आवश्यक सहयोग पुऱ्याउनुभएको छ, त्यसैगरी, चन्द्र बहादुर केसीले विस्तृत नमूनाको रूपरेखा बनाउन, दिनेश डंगोल र सन्दिप थापाले तथ्यांक राख्नका लागि सफ्टवेयरको ढाँचा बनाउनमा सहयोग गर्नुभएको थियो । यस प्रतिवेदनमा समावेश गरिएका प्रत्येक अध्यायको प्रारम्भिक विश्लेषण र लेखन कार्य सुधिन्द्र शर्मा, पंकज पोखरेल, आकृति राणा, बालकृष्ण खड्का र चन्द्र बहादुर केसीले संयुक्त रूपमा गर्नुभएको हो ।

दी एसिया फाउन्डेसनका तर्फबाट डा. सागर प्रसाईंले सम्पादकीय सहयोग प्रदान गर्नुभएको थियो, भने सिर्जना नेपालले समग्र अनुसन्धान कार्यको नेतृत्व गर्नुभएको छ । साथै सर्वेक्षणमा सन्जु जिसीको योगदान रहेको छ । त्यसैगरी क्यारोलिन ओडनेल र विष्णु अधिकारीले समिक्षामा सहयोग पुऱ्याउनुभएको छ ।

यस परियोजना सञ्चालक समितिका सबै पदाधिकारी तथा सदस्यहरूलाई यसको कार्यान्वयनमा पुऱ्याउनुभएको रचनात्मक र मूल्यवान सहयोगको लागि नेपाली जनमत सर्वेक्षण, सन् २०२० को सर्वेक्षण समूहले  हार्दिक आभार व्यक्त गर्दछ । साथै सर्वेक्षणको क्रममा महत्वपूर्ण समय दिएर खुला रूपमा आफ्नो विचार व्यक्त गर्ने सबै उत्तरदाता र सहयोग गर्ने स्थानीय अधिकारीको कारण पनि यो प्रतिवेदनलाई अहिलेको आकारमा ल्याउन सकिएको हो, त्यसका लागि सबैलाई धन्यवाद छ ।

# विषयसूची


**प्राक्कथन** ... **ङ**

**कृतज्ञता** ... **छ**

**अध्याय १** **परिचय** ... **१**

**अध्याय २** **देशको समग्र अवस्था प्रतिको जनधारणा** ... **५**

२.१ देशको समग्र अवस्था ... ७
२.२ आशावादी हुनुका कारणहरु ... ११
२.३ समस्या र चुनौतीहरु ... १४
२.४ स्थानीय क्षेत्रको अवस्था ... १७
२.५ स्थानीय क्षेत्रको अवस्थामा सुधारका कारणहरु ... २०
२.६ स्थानीय स्तरका समस्या र चुनौतीहरु ... २२
२.७ घर परिवारको अवस्था ... २९
२.८ घर परिवारका अनुभवहरु ... ३२

**अध्याय ३** **सुरक्षा अवस्था र विवाद समाधान** ... **३५**

३.१ सुरक्षा चुनौती ... ३७
३.२ व्यक्तिगत र घर परिवारको सुरक्षा ... ४०
३.३ हिंसा, अपराध र न्याय सम्बन्धमा घर परिवारको अनुभव ... ४२
३.४ न्याय र विवाद समाधान गर्ने निकाय ... ४६
३.५ न्यायमा विश्वास ... ५३
३.६ सुरक्षाबारे सामान्य जानकारी ... ५५

**अध्याय ४** **पहिचान र सामाजिक सम्बन्धहरू** ... **६१**

४.१ मातृभाषा र 'असुविधा' ... ६३
४.२ मातृभाषाको कारण हुने असुविधाहरु ... ६५
४.३ जाति र जातीयताको कारण हुने असुविधाहरु ... ६७
४.४ लैंगिक कारणले हुने असुविधा बारेका धारणाहरु ... ७०
४.५ अन्तर समूह सामाजिक सम्बन्ध बारेका धारणाहरु ... ७४
४.६ सामाजिक मूल्य र मान्यताहरु ... ८२
४.७ समाजमा नेपाली महिलाको अवस्था ... ८४
४.८ नेतृत्वदायी पद बारेका धारणाहरु ... ८७

**अध्याय ५** **शासन प्रणाली र राजनीतिक सहभागिता** ... **९३**

५.१ संवैधानिक परिवर्तन बारेको जागरूकता ... ९७
५.२ स्थानीय निकायको पुनर्संरचना ... ९९
५.३ संस्थाहरुमा विश्वास ... १०४
५.४ सार्वजनिक सेवाहरु बारेको जानकारी ... १०६
५.५ सार्वजनिक सेवासम्म पहुँचका अनुभवहरु ... ११२
५.६ शिक्षा सम्बन्धी धारणाहरु ... ११६
५.७ सार्वजनिक स्वास्थ्य सेवा बारेका धारणाहरु ... १२७
५.८ सडक/बाटोघाटो बारेका केही धारणाहरु ... १३६
५.९ नवनिर्वाचित जन प्रतिनिधिहरुको उपस्थिति र अनुपस्थिति ... १४२
५.१० कर निर्धारण ... १४४
५.११ भ्रष्टाचार ... १५१
५.१२ स्थानीय शासन प्रक्रियामा आम मानिसहरुको सहभागिता ... १५२
५.१३ जन निर्वाचित प्रतिनिधिहरु प्रतिका धारणाहरु ... १६२
५.१४ सरकारको संवेदनशीलता बारेका जनधारणाहरु ... १६४
५.१५ निर्वाचित जनप्रतिनिधिहरु सँगको सम्पर्क ... १६६
५.१६ सामाजिक सुरक्षा ... १६८

**अध्याय ६** **आर्थिक दृष्टिकोण र सूचनामा पहुँच** ... **१७३**

६.१ स्थानीय आर्थिक अवस्थाबारेका धारणाहरु ... १७६
६.२ घरपरिवारको आम्दानी र आर्थिक दृष्टिकोण ... १८१
६.३ आर्थिक आकांक्षा र चुनौतीहरु ... १८९
६.४ वैदेशिक रोजगारी र विप्रेषण रकम ... १९६
६.५ विमामा पहुँच र जानकारी ... २०८
६.६ रोजगारी तथा आय आर्जनका अवसरहरु ... २१२
६.७ सूचनाका स्रोतहरु ... २१७

**अनुसूची 'ए'** **सर्वेक्षण पद्धति** ... **२२८**

**अनुसूची 'बी'** **जनसांख्यिकी विशेषताहरू** ... **२३१**

**अनुसूची 'सी'** **समर्थक नमूनाहरू** ... **२४०**

**अनुसूची 'डी'** **सर्वेक्षक तथा निरीक्षकको नामावली** ... **२९१**

# चित्रसूची


| | | |
|---|---|---|
| चित्र २.१.१ | देशको समग्र अवस्था, वर्षअनुसार | ७ |
| चित्र २.१.२ | देशको समग्र अवस्था, प्रदेश र वर्षअनुसार | ८ |
| चित्र २.१.३ | देशको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र भौतिक (संरचनात्मक) अवस्था | ९ |
| चित्र २.१.४ | देशको समग्र अवस्था, उमेर समूहअनुसार | १० |
| चित्र २.२.१ | आशावादी हुनुको कारणहरु, वर्षअनुसार | १४ |
| चित्र २.३.१ | नेपालका प्रमुख समस्याहरु | १५ |
| चित्र २.३.२ | नेपालका प्रमुख समस्याहरु, वर्षअनुसार | १७ |
| चित्र २.४.१ | स्थानीय क्षेत्रको अवस्था, वर्षअनुसार | १८ |
| चित्र २.४.२ | स्थानीय क्षेत्रको अवस्था, प्रदेश र वर्षअनुसार | १९ |
| चित्र २.५.१ | स्थानीय क्षेत्रको अवस्थाको बारेमा आशावादी हुनुको शीर्ष कारणहरु | २१ |
| चित्र २.५.२ | स्थानीय क्षेत्रको अवस्थाको बारेमा आशावादी हुनुको शीर्ष कारणहरु, वर्षअनुसार | २२ |
| चित्र २.६.१ | स्थानीय क्षेत्रमा रहेका समस्या र चुनौतीहरु | २३ |
| चित्र २.६.२ | स्थानीय क्षेत्रमा रहेका समस्या र चुनौतीहरु, वर्षअनुसार | २६ |
| चित्र २.६.३ | स्थानीय क्षेत्रका अपेक्षित परिवर्तनहरु | २७ |
| चित्र ३.१.१ | सुरक्षा चुनौती, प्रदेशअनुसार | ३७ |
| चित्र ३.१.२ | स्थानीय सुरक्षा चुनौतीहरु | ३८ |
| चित्र ३.२.१ | असुरक्षाको महसुस, वर्ष र प्रदेशअनुसार | ४१ |
| चित्र ३.४.१ | जग्गा विवाद समाधानमा मन पराइएका उपायहरु, वर्षअनुसार | ४७ |
| चित्र ३.४.२ | ऋण/लेनदेन सम्बन्धी विवाद समाधानमा मन पराइएका उपायहरु, वर्षअनुसार | ४८ |
| चित्र ३.४.३ | घरेलु हिंसा सम्बन्धी विवाद समाधानमा मन पराइएका उपायहरु, वर्षअनुसार | ४९ |
| चित्र ३.४.४ | अपराध सम्बन्धी विवाद समाधानमा मन पराइएका उपायहरु, वर्षअनुसार | ५० |
| चित्र ३.५.१ | न्याय पाउने कुरामा विश्वास, वर्षअनुसार | ५४ |
| चित्र ३.६.१ | कुटपिट/शारीरिक दुर्व्यवहारको डर, प्रदेश र वर्षअनुसार | ५६ |
| चित्र ३.६.२ | कुटपिट/शारीरिक दुर्व्यवहारको डर | ५७ |
| चित्र ४.१.१ | नेपालीलाई आफ्नो मातृभाषाको रुपमा लिने व्यक्तिहरु, वर्षअनुसार | ६३ |
| चित्र ४.१.२ | नेपालीलाई आफ्नो मातृभाषाको रुपमा लिनेहरु, प्रदेश र वर्षअनुसार | ६४ |
| चित्र ४.२.१ | मातृभाषा एक असुविधाको रुपमा, वर्षअनुसार | ६६ |
| चित्र ४.३.१ | जातजाति र समुदाय एक असुविधाको रूपमा, वर्षअनुसार | ६७ |
| चित्र ४.४.१ | लैंगिक आधारमा हुने असुविधा, वर्षअनुसार | ७१ |
| चित्र ४.५.१ | विभिन्न जाति/जनजाति/धार्मिक समुदायहरु बीचको सम्बन्ध, वर्षअनुसार | ७४ |
| चित्र ४.५.२ | विभिन्न जाति/जनजाति/धार्मिक समुदायहरु बीचको सम्बन्ध, प्रदेश र वर्षअनुसार | ७५ |
| चित्र ४.५.३ | अन्तर समूह सुधार गर्ने कारणहरु, वर्षअनुसार | ७८ |
| चित्र ४.५.४ | अन्तर समूह सम्बन्ध बिग्रनुका कारणहरु, वर्षअनुसार | ८० |
| चित्र ४.६.१ | विभिन्न जात/जातीय समूह बीच विवाहको स्वीकृति | ८२ |
| चित्र ४.६.२ | विभिन्न जात/जातीय समूह बीच विवाहको स्वीकृति, प्रदेश र वर्षअनुसार | ८३ |
| चित्र ४.७.१ | लैंगिक भूमिका र लैंगिक समानता बारेका धारणाहरु | ८५ |
| चित्र ४.८.१ | महिलाको सामाजिक अवस्थामा सुधार | ९० |
| चित्र ४.८.२ | महिलाको समग्र अवस्था, प्रदेशअनुसार | ९१ |
| चित्र ५.१.१ | सन् २०१५ को संवैधानिक परिवर्तन बारेको जागरूकता, प्रदेशअनुसार | ९७ |
| चित्र ५.१.२ | सन् २०१५ को संवैधानिक परिवर्तन बारेको जागरूकता, शैक्षिक योग्यताअनुसार | ९८ |
| चित्र ५.१.३ | सन् २०१५ को संवैधानिक परिवर्तनका मुद्दाहरु बारे जानकारी | ९९ |
| चित्र ५.२.१ | पुनर्संरचनापछि सेवा सुविधाको वितरणमा स्थानीय निकायको क्षमता | १०० |
| चित्र ५.२.२ | स्थानीय निकायको पुनर्संरचनापछि प्रशासनिक सेवाहरुसम्म पहुँचको दुरी, भौगोलिक क्षेत्र र गाउँ/नगरपालिकाअनुसार | १०३ |
| चित्र ५.३.१ | संस्थाहरुमा विश्वास, वर्षअनुसार | १०५ |
| चित्र ५.४.१ | सार्वजनिक सेवाहरु बारेको जानकारी, वर्षअनुसार | १०६ |
| चित्र ५.४.२ | स्थानीय, प्रदेश र संघीय सरकारद्वारा प्रदान गरिएका सेवाहरु सम्बन्धी जानकारी, वर्षअनुसार | ११० |
| चित्र ५.५.१ | सम्बन्धित स्थानीय निकायबाट जनताले लिएका सेवाहरु, प्रदेशअनुसार | ११२ |
| चित्र ५.५.२ | सेवा सुविधा प्राप्त गर्दाका सहजता | ११४ |
| चित्र ५.६.१ | औसत सन्तुष्टिको स्तर | ११६ |
| चित्र ५.६.२ | शिक्षाको गुणस्तरमा परिवर्तन, पालिकाअनुसार | १२३ |
| चित्र ५.६.३ | शैक्षिक गुणस्तरमा सकारात्मक परिवर्तनका कारणहरु | १२४ |

| | | |
|---|---|---|
| चित्र ५.६.४ | शैक्षिक गुणस्तरमा नकारात्मक परिवर्तनका कारणहरू | १२५ |
| चित्र ५.६.५ | विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि दिइएका सुझावहरू, क्षेत्र र गाउँ/नगरपालिकाअनुसार | १२७ |
| चित्र ५.७.१ | नजिकैको स्वास्थ्य चौकी/अस्पतालमा पुग्न चाहिने समय, प्रदेश र वर्षअनुसार | १२९ |
| चित्र ५.७.२ | नजिकैको स्वास्थ्य चौकी/अस्पताल पुग्न लाग्ने समय, भौगोलिक क्षेत्रअनुसार | १३० |
| चित्र ५.७.३ | स्वास्थ्य सेवाको गुणस्तर कायम राख्ने जिम्मेवार निकाय, वर्षअनुसार | १३२ |
| चित्र ५.७.४ | स्वास्थ्य सेवाको गुणस्तरमा परिवर्तन, वर्ष र प्रदेशअनुसार | १३३ |
| चित्र ५.७.५ | स्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक परिवर्तनका कारणहरू | १३४ |
| चित्र ५.७.६ | स्वास्थ्य सेवाको गुणस्तरमा नकारात्मक परिवर्तनका कारणहरू | १३५ |
| चित्र ५.८.१ | गाउँपालिका/नगरपालिकामा बाटोघाटोको गुणस्तरमा देखिएको परिवर्तन, वर्षअनुसार | १३८ |
| चित्र ५.८.२ | बाटोघाटोको गुणस्तरमा भएको सकारात्मक परिवर्तनको कारणहरू | १३९ |
| चित्र ५.८.३ | स्थानीय सरकारले प्रदान गरेको सेवाबारे समग्रतामा सन्तुष्टि, प्रदेशअनुसार | १४२ |
| चित्र ५.९.१ | गाउँपालिका/नगरपालिकाका जननिर्वाचित प्रतिनिधिहरूको उपस्थिति | १४३ |
| चित्र ५.१०.१ | कर तिर्नु पर्दाका सहजता/असहजता | १४६ |
| चित्र ५.१०.२ | कर तिर्ने प्रक्रियालाई सहज बनाउनको लागि सुझावहरू | १४७ |
| चित्र ५.१०.३ | थप नगद, वस्तु वा उपहारको भुक्तान गरेको बारे, प्रदेशअनुसार | १४९ |
| चित्र ५.१२.१ | पहिलो प्राथमिकतामा राखिनुपर्ने स्थानीय सरकारी सेवाहरू, वर्षअनुसार | १५६ |
| चित्र ५.१२.२ | सार्वजनिक सुनुवाईमा भएको सहभागिता | १५८ |
| चित्र ५.१२.३ | नगरपालिका/गाउँपालिका/वडाहरूमा गरिएका सार्वजनिक परीक्षण, प्रदेशअनुसार | १६० |
| चित्र ५.१२.४ | स्थानीय विकास योजनाहरूको निर्माण वा कार्यान्वयन प्रक्रियामा भएको सहभागिता | १६१ |
| चित्र ५.१२.५ | जनसहभागिता भएका स्थानीय विकास योजनाहरूका प्रकार | १६२ |
| चित्र ५.१३.१ | जननिर्वाचित प्रतिनिधिद्वारा आम जनताको ख्याल विचार, वर्षअनुसार | १६३ |
| चित्र ५.१४.१ | जनताको आवश्यकता पूरा गर्नको निम्ति सरकारको संवेदनशीलता बारेका धारणाहरू, वर्षअनुसार | १६५ |
| चित्र ५.१५.१ | निर्वाचित जनप्रतिनिधिहरु सँगको सम्पर्क, वर्षअनुसार | १६७ |
| चित्र ५.१५.२ | निर्वाचित जनप्रतिनिधिहरूसँग सम्पर्क भएपछिको सन्तुष्टि, प्रदेशअनुसार | १६८ |
| चित्र ५.१६.१ | सामाजिक सुरक्षा नीतिबाट लिइएका लाभहरू | १७० |
| चित्र ५.१६.२ | मानक विचलनसँगै औसत सन्तुष्टिको तालिका, प्रदेशअनुसार | १७१ |
| चित्र ६.१.१ | नगरपालिका/गाउँपालिकाको आर्थिक अवस्थाबारेका धारणाहरू, प्रदेशअनुसार | १७७ |
| चित्र ६.१.२ | आर्थिक अवस्था सुधारका कारणहरू, वर्षअनुसार | १७९ |
| चित्र ६.१.३ | आर्थिक अवस्था बिग्रनुको कारणहरू, वर्षअनुसार | १८१ |
| चित्र ६.२.१ | प्रति महिनामा घर परिवारको आम्दानी, वर्षअनुसार | १८३ |
| चित्र ६.२.२ | गएको वर्षमा घरपरिवारको मासिक आम्दानी, क्षेत्र र हाल बसोबास गरेको स्थानअनुसार | १८५ |
| चित्र ६.२.३ | गएको एक वर्षमा घरपरिवारको मासिक आम्दानी, जाति/जनजाति समुदायअनुसार | १८६ |
| चित्र ६.२.४ | गएको वर्षमा घर परिवारको आम्दानीमा भएको परिवर्तन, वर्षअनुसार | १८७ |
| चित्र ६.२.५ | गएको वर्षमा घर परिवारको आम्दानीमा भएको परिवर्तन, हाल बसोबास गरेको स्थान, भौगोलिक क्षेत्र र जातिअनुसार | १८९ |
| चित्र ६.३.१ | आउँदो पाँच वर्षमा घरपरिवारको आम्दानीमा सुधारका अपेक्षाहरू | १९० |
| चित्र ६.३.२ | आउँदो पाँच वर्षमा घरपरिवारको आम्दानीमा सुधार हुने अपेक्षाहरू, प्रदेशअनुसार | १९१ |
| चित्र ६.३.३ | व्यक्तिगत आम्दानीको हालको अवस्था र व्यक्तिद्वारा भविष्यमा आम्दानी गर्न सक्ने अपेक्षा | १९६ |
| चित्र ६.४.१ | वैदेशिक रोजगारमा घरपरिवारका सदस्य, प्रदेश र वर्षअनुसार | १९७ |
| चित्र ६.४.२ | कामको लागि गन्तव्यमा परेका मुलुकहरू, प्रदेशअनुसार | २०० |
| चित्र ६.४.३ | वैदेशिक रोजगारको लागि भुक्तान गरिएको रकम | २०१ |
| चित्र ६.४.४ | वैदेशिक रोजगारमा जानको लागि प्रोत्साहन | २०४ |
| चित्र ६.४.५ | देशभित्र वा बाहिरबाट प्राप्त गरेको विप्रेषण रकम, वर्षअनुसार | २०६ |
| चित्र ६.४.६ | विप्रेषण रकमको मुख्य उद्देश्य | २०८ |
| चित्र ६.५.१ | विभिन्न प्रकारका बिमाको बारेमा जानकारी, वर्षअनुसार | २१० |
| चित्र ६.६.१ | स्थानीय क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरू | २१३ |
| चित्र ६.६.२ | स्थानीय क्षेत्रमा रोजगार र आय आर्जनका अवसरहरू, प्रदेशअनुसार | २१४ |
| चित्र ६.७.१ | देशमा घटेका राष्ट्रिय घटनाहरूका सूचनाको मुख्य स्रोत, प्रदेशअनुसार | २१८ |
| चित्र ६.७.२ | स्थानीय सरकारका गतिविधिहरूको जानकारी दिने सूचनाका स्रोतहरू, प्रदेशअनुसार | २२० |
| चित्र ६.७.३ | स्थानीय सरकारका योजना, कार्यक्रम र बजेटबारे जानकारी दिने सूचनाका स्रोतहरू, वर्षअनुसार | २२१ |
| चित्र ६.७.४ | स्थानीय सरकारका गतिविधिबारे जानकारी पाउने सजिलो र प्रभावकारी माध्यम | २२३ |
| चित्र ६.७.५ | स्थानीय सरकारका गतिविधिबारे जानकारी पाउने सजिलो र प्रभावकारी माध्यम, प्रदेशअनुसार | २२४ |

# तालिकासूची


तालिका २.२.१ आशावादी हुनुको कारण, प्रदेशअनुसार ११
तालिका २.६.१ स्थानीय क्षेत्रका समस्या र चुनौतीहरु, प्रदेशअनुसार २४
तालिका २.६.२ स्थानीय क्षेत्रमा परिवर्तनको आशा, प्रदेशअनुसार २८
तालिका २.७.१ घर परिवारको अवस्था ३०
तालिका २.७.२ घर परिवारको अवस्था, प्रदेशअनुसार ३१
तालिका २.८.१ घरपरिवारका अनुभवहरु ३२
तालिका २.८.२ घरपरिवारका अनुभवहरु, प्रदेश, बसोबास गरिरहेको क्षेत्र र जनसांख्यिकीअनुसार ३३
तालिका ३.१.१ सुरक्षाका मुख्य चुनौती, प्रदेशअनुसार ३९
तालिका ३.२.१ व्यक्तिगत र घर परिवारको सुरक्षा, वर्षअनुसार ४०
तालिका ३.२.२ असुरक्षाको महसुस, भौगोलिक क्षेत्र, जनसांख्यिक समूह, वर्षअनुसार ४२
तालिका ३.३.१ हिंसा र अपराधका अनुभवहरु, वर्षअनुसार ४३
तालिका ३.३.२ हिंसा र अपराधका अनुभवहरु, प्रदेशअनुसार ४४
तालिका ३.३.३ हिंसा र अपराधका अनुभवहरु, प्रदेशअनुसार ४५
तालिका ३.४.१ विवाद समाधानमा मन पराइएका उपायहरु, विवादको प्रकारअनुसार ४६
तालिका ३.४.२ विवाद समाधानमा मन पराइएका उपायहरु, प्रदेश र नगरपालिकाअनुसार ५१
तालिका ३.४.३ पछिल्लो वर्षमा विवाद समाधान बारेको वास्तविक अनुभव ५२
तालिका ३.४.४ विवाद समाधानको निम्ति रोजाइमा परेका निकाय ५३
तालिका ३.४.५ विवाद समाधानको निम्ति रोजाइमा परेका निकायबाट पाएको न्याय ५३
तालिका ३.५.१ न्याय पाउने कुरामा विश्वास, प्रदेशअनुसार ५५
तालिका ३.६.२ सुरक्षाको अनुभूति, वर्षअनुसार ५८
तालिका ३.६.३ शारीरिक चोटपटक र यौन दुर्व्यवहारको डरले सावधानी अपनाउने व्यक्ति, लिंगअनुसार ५९
तालिका ४.२.१ भाषिक असुविधाको महसुस, वर्ष र प्रदेशअनुसार ६५
तालिका ४.३.१ जातजाति र समुदाय एक असुविधाको रूपमा, वर्ष र प्रदेशअनुसार ६८
तालिका ४.३.२ जातजाति र समुदाय एक असुविधाको रूपमा, क्षेत्र र जनसांख्यिक समूहअनुसार ६९
तालिका ४.४.१ लैंगिकको आधारमा हुने असुविधा ७०
तालिका ४.४.२ लैंगिक आधारमा हुने असुविधा, वर्ष र प्रदेशअनुसार ७२
तालिका ४.४.३ लैंगिक आधारमा हुने असुविधा, क्षेत्र र जनसांख्यिक समूहअनुसार ७३
तालिका ४.५.१ विभिन्न जाति/जनजाति/धार्मिक समुदायहरु बीचको सम्बन्ध, भौगोलिक क्षेत्र र अन्य समूहअनुसार ७६
तालिका ४.५.२ अन्तर समूह सम्बन्ध सुधार गर्ने कारणहरु, प्रदेश र वर्षअनुसार ७९
तालिका ४.५.३ अन्तर समूह सम्बन्ध बिग्रनुका कारणहरु ८१
तालिका ४.६.१ विभिन्न जात/जातीय समूह बीच विवाहको स्वीकृति, क्षेत्र, जाति, धर्म र शिक्षाअनुसार ८४
तालिका ४.७.१ लैंगिक भूमिका र लैंगिक समानताबारेका धारणाहरु, वर्षअनुसार ८६
तालिका ४.८.१ विभिन्न संघ/संस्थाहरुमा स्वीकार्य नेतृत्वदायी पदहरु ८७
तालिका ४.८.२ नेतृत्वदायी पदहरु बारेका धारणा, लिंगअनुसार ८८
तालिका ५.२.१ स्थानीय निकायको पुनर्संरचना बारेका धारणाहरु, प्रदेश र वर्षअनुसार १०१
तालिका ५.२.२ स्थानीय स्तरको पुनर्संरचनापछि प्रशासनिक सेवाहरुसम्म पहुँचको दुरी, वर्षअनुसार १०२
तालिका ५.३.१ संस्थाहरुमा विश्वास, वर्षअनुसार १०४
तालिका ५.४.१ स्थानीय, प्रदेश र संघीय सरकारले प्रदान गरेका सेवाहरुको बारेमा जानकारी, प्रदेश र वर्षअनुसार १०७
तालिका ५.४.२ सरकारले प्रदान गरेका सेवाहरु बारेको जानकारी, भौगोलिक क्षेत्र, लिंग, शिक्षा, जाति र आम्दानीअनुसार १०९
तालिका ५.४.३ विभिन्न तहका सरकारद्वारा प्रदान गरिएका सार्वजनिक सेवासम्बन्धी सूचनाको प्रसारण १११
तालिका ५.५.१ गएको एक वर्षमा सम्बन्धित स्थानीय सरकारमार्फत् जनताले लिएका सेवाहरु ११३
तालिका ५.५.२ गाउँपालिका/नगरपालिकामा सेवाहरु प्राप्त गर्दाका सहजता ११४
तालिका ५.५.३ सेवा सुविधा पाउँदा भोग्नुपर्ने असहजताका कारणहरु ११५
तालिका ५.६.१ सार्वजनिक/निजी विद्यालयमा भर्ना भएका विद्यार्थी, प्रदेश र वर्षअनुसार ११७
तालिका ५.६.२ सार्वजनिक/निजी विद्यालयमा छोराछोरी भएका परिवारको हिस्सा, जनसांख्यिकी र भौगोलिक क्षेत्रको आधारमा ११८
तालिका ५.६.३ विद्यालय सम्मको दुरी, वर्षअनुसार ११९
तालिका ५.६.४ शिक्षाको गुणस्तर बारेका धारणाहरु, वर्षअनुसार १२०
तालिका ५.६.५ शिक्षाको गुणस्तर कायम राख्ने जिम्मेवार निकाय, वर्षअनुसार १२१

तालिका ५.६.६ सार्वजनिक र निजी विद्यालय शिक्षाको गुणस्तरमा परिवर्तन, प्रदेश र वर्षअनुसार ........ १२२
तालिका ५.६.७ विद्यालयहरूमा शैक्षिक गुणस्तर सुधारको लागि दिएका सुझावहरू ........ १२६
तालिका ५.७.१ नजिकैको स्वास्थ्य चौकी/अस्पतालमा पुग्न चाहिने समय, प्रदेशअनुसार ........ १२८
तालिका ५.७.२ स्वास्थ्य सेवाहरूको गुणस्तर बारेका धारणाहरू, वर्षअनुसार ........ १३१
तालिका ५.७.३ स्वास्थ्य सेवाको गुणस्तरमा सुधार ल्याउनको लागि सुझावहरू ........ १३६
तालिका ५.८.१ गाउँपालिका/नगरपालिकामा रहेका बाटोघाटोको गुणस्तरबारेका धारणाहरू ........ १३७
तालिका ५.८.२ बाटोघाटोको गुणस्तरमा भएको नकारात्मक परिवर्तनको कारणहरू ........ १४०
तालिका ५.८.३ बाटोघाटोको गुणस्तर सुधार गर्नलाई केही सुझावहरू ........ १४१
तालिका ५.१०.१ करको वर्तमान अवस्था प्रतिको धारणाहरू ........ १४४
तालिका ५.१०.२ कर तिरेको अवस्था, प्रदेशअनुसार ........ १४५
तालिका ५.१०.३ कर बारेका धारणाहरू ........ १४८
तालिका ५.१०.४ थप नगद, वस्तु वा उपहार भुक्तान गरेको बारे, प्रदेशअनुसार ........ १४९
तालिका ५.१०.५ गुणस्तरीय सेवाको लागि अधिक स्थानीय कर तिर्ने इच्छुकता, प्रदेश र वर्षअनुसार ........ १५०
तालिका ५.११.१ सेवावापत अतिरिक्त नगद वा उपहार, प्रदेश र वर्षअनुसार ........ १५१
तालिका ५.१२.१ स्थानीय सरकारका विकास परियोजनाहरु बारेमा जानकारी ........ १५२
तालिका ५.१२.२ चालु आर्थिक वर्षमा स्थानीय सरकारका विकास परियोजनाहरु बारे जानकारी ........ १५४
तालिका ५.१२.३ पहिलो प्राथमिकतामा राखिनुपर्ने सेवाहरू, प्रदेशअनुसार ........ १५५
तालिका ५.१२.४ गाउँपालिका/नगरपालिका/वडाहरूमा गएको वर्षका सार्वजनिक सुनुवाइमा भएको सहभागिता ........ १५७
तालिका ५.१२.५ नगरपालिका/गाउँपालिका/वडाहरूमा गएको वर्षमा गरिएका सार्वजनिक परीक्षण ........ १५९
तालिका ५.१३.१ जननिर्वाचित प्रतिनिधिद्वारा आम जनताको ख्याल विचार, प्रदेशअनुसार ........ १६४
तालिका ५.१४.१ जनताको आवश्यकता पूरा गर्नको निम्ति सरकारको संवेदनशीलता बारेका धारणाहरू, प्रदेश र वर्षअनुसार ........ १६६
तालिका ५.१६.१ सामाजिक सुरक्षा कार्यक्रमबारे जानकारी, योग्यता र प्राप्ती ........ १६९
तालिका ५.१६.२ मानक विचलनसँगै औसत सन्तुष्टिको तालिका, प्रदेशअनुसार ........ १७०
तालिका ६.१.१ आर्थिक अवस्थामा सुधारका कारणहरू, प्रदेशअनुसार ........ १७८
तालिका ६.१.२ आर्थिक अवस्था बिग्रनुको कारणहरू, प्रदेशअनुसार ........ १८०
तालिका ६.२.१ घरपरिवारको मासिक आम्दानी, प्रदेश र वर्षअनुसार ........ १८२
तालिका ६.२.२ गएको वर्षमा घरपरिवारको मासिक आम्दानी, क्षेत्र र बसोबास गरेको ठाउँअनुसार ........ १८४
तालिका ६.२.३ गएको वर्षमा घरपरिवारको आम्दानीमा भएको परिवर्तन, प्रदेश र वर्षअनुसार ........ १८७
तालिका ६.३.१ आउँदो पाँच वर्षमा घरपरिवारको आम्दानीमा सुधार हुने अपेक्षा, बसोबास गरेको स्थान, भौगोलिक क्षेत्र, जाति र उमेरअनुसार ........ १९२
तालिका ६.३.२ आयको आकांक्षा ........ १९४
तालिका ६.३.३ व्यक्तिगत आम्दानीको हालको अवस्था र व्यक्तिद्वारा भविष्यमा आम्दानी गर्नसक्ने अपेक्षा ........ १९५
तालिका ६.४.१ वैदेशिक रोजगारमा रहेका घर परिवारका सदस्य; बसोबास गरेको ठाउँ, भौगोलिक क्षेत्र, जाति, धर्म, र घर परिवारको आम्दानीअनुसार ........ १९८
तालिका ६.४.२ कामको लागि गन्तव्यमा परेका मुलुकहरू ........ १९९
तालिका ६.४.३ वैदेशिक रोजगारमा जानको लागि भुक्तान गरिएको रकम, प्रदेशअनुसार ........ २०२
तालिका ६.४.४ विदेशमा काम गर्दा भोग्नुपरेका समस्याहरू ........ २०३
तालिका ६.४.५ वैदेशिक रोजगारमा जानको लागि प्रोत्साहन ........ २०४
तालिका ६.४.६ देशभित्र वा बाहिरबाट प्राप्त विप्रेषण रकम ........ २०५
तालिका ६.४.७ विप्रेषण रकम प्राप्त गर्ने संभावना, प्रदेशअनुसार ........ २०६
तालिका ६.४.८ विप्रेषण रकम प्राप्त गर्ने संभावना ........ २०७
तालिका ६.५.१ विमा बारेमा जानकारी, प्रदेश र वर्षअनुसार ........ २०९
तालिका ६.५.२ विभिन्न प्रकारका विमाको बारेमा जानकारी, प्रदेश र वर्षअनुसार ........ २१०
तालिका ६.५.३ विभिन्न प्रकारका विमाको जानकारी र स्वामित्व, प्रदेशअनुसार ........ २११
तालिका ६.५.४ विभिन्न प्रकारका विमाको स्वामित्व, प्रदेश र वर्षअनुसार ........ २१२
तालिका ६.६.१ स्थानीय क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरू, भौगोलिक क्षेत्र र नगरपालिका/गाउँपालिकाअनुसार ........ २१५
तालिका ६.६.२ स्थानीय क्षेत्रमा रोजगार र आय आर्जनका अवसरहरू ........ २१६
तालिका ६.७.१ देशमा घटेका राष्ट्रिय घटनाहरूका सूचनाको मुख्य स्रोत; जाति, शिक्षा, उमेर र आम्दानीअनुसार ........ २१९
तालिका ६.७.२ स्थानीय सरकारका योजना, कार्यक्रम र बजेटबारे जानकारी दिने सूचनाका स्रोतहरू ........ २२२
तालिका ६.७.३ स्थानीय सरकारका गतिविधिबारे जानकारी पाउने सजिलो र प्रभावकारी माध्यम; उमेर, आम्दानी र शिक्षाअनुसार ........ २२५

# नेपाली जनअभिमत सर्वेक्षण



. एक थोप्लोले १००० बासिन्दाहरू जनाउँदछ

५० कि.मी.
स्केल १ : २ ५०० ०००

# २०२० को नमुना वितरण गरिएको क्षेत्र





तस्बिर : उमेश ढुंगाना

अध्याय १

# परिचय

# परिचय

देशको बदलिँदो अवस्थाबारे जनताको धारणा बुझ्नको लागि जनमत सर्वेक्षणहरु महत्वपूर्ण र स्थापित साधन हुन् । सर्वेक्षणहरूले जनताको अवस्था, विचार र प्राथमिकताको बारेमा सरकारलाई राम्रोसँग बुझाउन, र त्यसअनुसार आफ्नो बाटो बदल्नको साथै शासन तथा सेवा प्रवाहमा सुधार गर्न समेत मद्दत गर्छन् । नेपालको सन्दर्भमा जनमत सर्वेक्षणलाई कायमै राख्नुपर्ने आवश्यकता अझ बढी स्पष्ट रहेको छ, किनभने छोटो अवधिमा नै देशमा महत्वपूर्ण राजनीतिक परिवर्तनहरु भएका छन्, उदाहरणका लागि यसले केन्द्रीकृत एकात्मक राजतन्त्रात्मक शासन प्रणालीबाट संघीय गणतन्त्रात्मक शासन प्रणालीसम्म फड्को मारिसकेको छ । यस सन्दर्भमा जनताको अभिमत लिने खालका जनमत सर्वेक्षणको सान्दर्भिकता अझै रहेको छ । तसर्थ यो सर्वेक्षणले व्यक्तिगत सुरक्षा, विवाद समाधान, सुशासन, पहिचानको राजनीति, आर्थिक परिदृष्य र देशको समग्र दिशा वरपरका सरोकारबारे सार्वजनिक धारणा प्रस्तुत गर्दछ ।

सन् २०२० मा सम्पन्न यो जनमत सर्वेक्षण राष्ट्रिय स्तरमा ७ हजार ६० जना नेपाली जनतामा गरिएको प्रतिनिधिमुलक नमूनामा आधारित छ जसमा देशका सातैओटा प्रदेशका ५८८ वडा समावेश छन् । राष्ट्रिय सर्वेक्षणबाट प्राप्त तथ्यांकको आधारमा तयार पारिएको यस प्रतिवेदनमा प्रस्तुत गरिएका निष्कर्षहरु प्रदेशहरूका जनसंख्याको प्रतिनिधि उत्तरदाताहरूमा आधारित छन् । अर्कोतर्फ, सन् २०१७, सन् २०१८ र सन् २०२० मा गरिएका नेपाली जनमत सर्वेक्षण (एसएनपी) मा समकालीन जनमत सर्वेक्षण विज्ञानका सबै जटिलतालाई प्रयोग गरिएको हुनाले यो जनमत सर्वेक्षणमा जनताले दिएका राय अभिमतहरूले खासगरी सर्वेक्षण गरिएकै समयको प्रतिबिम्बन गर्छ भन्ने कुरामा ध्यान दिनु जरूरी हुन्छ । यस सर्वेक्षण अन्तर्गत भएका स्थलगत अनुसन्धान (फिल्डवर्क) फेब्रुअरी-मार्च, २०२० मा सम्पन्न गरिएको थियो, जुन नोभेल कोरोना भाइरस (कोभिड–१९) को कारणले गर्दा नेपाल सरकारले देशव्यापी रूपमा बन्दाबन्दी घोषणा गर्नु ठीक अघिको समय थियो । यो सर्वेक्षणले कोभिड–१९ को प्रभाव हुनुभन्दा ठीक अघिको समयमा नेपाली जनताको धारणालाई समेटेको हुनाले यसले बन्दावन्दी अघि र पछिको आम अवस्थासँग तुलनात्मक अध्ययन अनुसन्धानको लागि समेत मद्दत गर्छ । अघि उल्लेख भए अनुरूप सन् २०२० को यो प्रतिवेदनलाई हालको रूपमा ल्याउन काठमाडौँ विश्वविद्यालय स्कुल अफ आर्टस्ले नेतृत्व गरेको छ । सर्वेक्षणको बारेमा यस प्रतिवेदनको अनुसूची 'ए' र 'बी' मा रहेका सर्वेक्षण कार्यपद्धति र जनसांख्यिकी (नमुना चयनको तर्क) का अंशले सर्वेक्षण कसरी परिचालन भएको थियो भनि थप विवरण दिएका छन् (थप विवरणका लागि हेर्नुहोस्, अनुसूचीहरु) ।

देशको समग्र अवस्थाको सन्दर्भमा, नेपाल स्थिरतातर्फ अघि बढिरहेको र संघीयता विस्तारै कार्यान्वयन भइरहेको, भन्ने सन्देश यस सर्वेक्षणका नतिजाहरूले दिएका छन् । सर्वेक्षणमा समावेश भएका मध्ये करिब दुई तिहाइ उत्तरदाताहरूले देश समग्र अवस्था सही दिशातिर गइरहेको भन्ने विश्वास गरेका छन् । यद्यपि, सर्वेक्षणमा रहेका तथ्यांक कोभिड–१९ महामारीको पूर्व सन्ध्यामा संकलन गरिएकाले सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक र पूर्वाधारको अवस्थाबारेका जनअभिमतहरु व्यापक रूपमा अनुकुल हुनसक्ने र यसले देशको समग्र अवस्थाबारे आशावादी भाव बढेको तर्फ संकेत गरेको हुनसक्दछ ।

सुरक्षा अवस्थाको सन्दर्भमा, यस जनमत सर्वेक्षणमा सहभागी पाँचमध्ये चारजना उत्तरदाताहरूले आफू बसोबास गरिरहेको ठाउँ वरिपरी वा आफूहरूको व्यक्तिगत सुरक्षामा कुनैपनि समस्या नभएको बताएका छन्, जवकी पाँचमध्ये एकजना उत्तरदाताले आफ्नो सुरक्षामा समस्या या डर भएको बताएका छन् । त्यसैगरी, समुदायमा हुने विभिन्न किसिमका विवादहरूको समाधानका निम्ति आफ्नो रोजाइमा परेका विभिन्न निकायमध्ये जन निर्वाचित प्रतिनिधिलाई छान्न इच्छुक हुने नेपालीहरूको संख्यामा पनि तीव्र रूपमा वृद्धि भएको कुरा यस सर्वेक्षणका नतिजाले देखाएका छन् ।

अन्तरजातीय विवाहलाई स्वीकार्ने मानिसहरूको अनुपात बढ्नुलाई सामाजिक सम्बन्धको एक बलियो प्रतिनिधि सूचक मान्न सकिन्छ । लैंगिक मुद्दाहरूको सम्बन्धमा यस सर्वेक्षणले महिलाहरूको समग्र अवस्थाको समय अनुसार सुधार भइरहेको देखाएको छ । शासन प्रणालीको सन्दर्भमा, सन् २०१५ को संविधानले ल्याएका परिवर्तनबारे अझैपनि दुईतिहाइ भन्दा बढी नेपालीहरूलाई खासै जानकारी नरहेको, तर सहभागी उत्तरदाताहरूको ठूलो अनुपातले शासन प्रणालीमा पुनर्संरचना हुँदा स्थानीय सरकारको क्षमतामा वृद्धि भएको कुरामा विश्वास गरेका छन् । स्वास्थ्य, शिक्षा र पूर्वाधार विकासबारे उत्तरदाताहरूको सन्तुष्टीको स्तर औसतभन्दा माथि रहेको छ भने सहभागी उत्तरदाताहरूमध्ये एकतिहाइ उत्तरदाताहरु स्थानीय सरकारले प्रदान गर्ने समग्र सेवाबाट सन्तुष्ट छैनन् । पाँचमध्ये दुईजना उत्तरदाताहरूले आफ्नो

गाउँपालिका/नगरपालिकाको आर्थिक अवस्थाको सुधारनै आफू आशावादी हुनुको एउटा मुख्य कारण भएको बताएका छन्, तर उनीहरूमध्ये धेरैले आफ्नो स्थानीय आर्थिक अवस्था न सुध्रँदो छ न त बिग्रँदो, भनी आफ्नो तटस्थ धारणा व्यक्त गरेका छन् । धेरैजसो प्रतिक्रियाहरूमा प्रादेशिक भिन्नताहरु स्पष्ट रूपमा देखिएका छन्, यस सर्वेक्षणले उत्तरदाताहरूको प्रतिक्रियाहरूलाई उनीहरूको वर्ग, जातजाति, लिंग, शिक्षा, आय र भौगोलिक स्थान अनुसारको विविधतालाई समेत प्रस्तुत गरेको छ । अन्ततः यस प्रतिवेदनमा निम्न लिखित पाँचओटा बृहत विषयहरूको वरिपरि उत्तरदाताहरूको विचार प्रस्तुत गरिएको छ ।

**देशको अवस्था :** यस अन्तर्गत, देशको सामान्य अवस्थाबारे नेपाली जनताको अवधारणा; उत्तरदाताहरु बसोबास गर्ने ठाउँको अवस्था; तिनीहरूको घरपरिवारको अवस्था; के कुरा सुधारिएको छ; र के समस्याहरु बाँकी छन्, भन्ने बारेमा विचार प्रस्तुत गरिएको छ ।

**सुरक्षा र विवाद समाधान :** यस अन्तर्गत, नेपालीहरूको सुरक्षाको भावना र अपराध तथा हिंसासँगको अनुभव; हिंसाको वैध प्रयोग बारेका धारणाहरु; विवाद समाधानको लागि मनपराइएका निकाय; न्याय प्रदान गर्ने संस्थाप्रति विश्वासको स्तरको बारेमा विचार प्रस्तुत गरिएको छ ।

**पहिचान र सामाजिक सम्बन्ध** : यसमा, जाति, जातीय समूह र धार्मिक समूहहरु बीचको सम्बन्ध; महिला र पुरूषबीचको सम्बन्ध; विभेद प्रतिका विचारहरु र सामाजिक मूल्यहरूको बारेमा विचार प्रस्तुत गरिएको छ ।

**शासन र राजनीतिमा सहभागिता** : यस अन्तर्गत, स्थानीय स्तरको पुनर्गठनबारेका विचारहरु; संस्थाहरु माथिको विश्वास; सरकारी तथा सार्वजनिक सेवा (शिक्षा, स्वास्थ्य सेवा र बाटोघाटो) को गुणस्तरबारे जानकारी; र कर तथा घुस, जस्ता विषयहरूलाई पनि प्रस्तुत गरिएको छ ।

**आर्थिक दृष्टिकोण र सूचनामा पहुँच** : यस अन्तर्गत, आर्थिक अवस्था, घरपरिवारको आम्दानी र ऋण/लेनदेनबारेका धारणाहरु; वैदेशिक रोजगार र विप्रेषण रकम; सूचना पाउने स्रोतमाथिको प्राथमिकता आदि रहेका छन् ।



तस्बिर : रमेश ढुंगाना

अध्याय २

# देशको समग्र अवस्था प्रतिको जनधारणा

# देशको समग्र अवस्था प्रतिको जनधारणा

## मुख्य अंशहरू

**देश सही दिशामा गइरहेको छ भन्ने विश्वास सर्वेक्षणमा सहभागी अधिकांश नेपालीहरू (६५.६%) ले यसका नतिजाहरू मार्फत् प्रकट गरेका छन् ।** यसको विपरित करिब एक तिहाइ उत्तरदाताहरु (३१.७%) ले चाहिँ देश गलत दिशातिर गइरहेको छ, भन्ने जवाफ पनि दिएका छन् ।

**सन् २०१७ र सन् २०१८ मा भन्दा सन् २०२० को सर्वेक्षणमा सहभागी उत्तरदाताहरू देशको समग्र अवस्थाका बारेमा धेरै आशावादी देखिएका छन् ।** सन् २०१८ मा ५१.४% उत्तरदाताहरुले देशको अवस्था सही दिशामा गइरहेको अनुभव गरेका थिए भने सन् २०२० मा देशको समग्र अवस्थाबारे आशावादी धारणा व्यक्त गर्नेहरुको संख्यामा १४.२% ले वृद्धि भएको छ । यसबाट मानिसहरुले देशको समग्र अवस्था बारे पहिलेको तुलनामा अझ आशावादी धारणा बनाएको बुझिन्छ ।

**सातैओटा प्रदेशका अधिकांश उत्तरदाताहरू सन् २०१८ को सर्वेक्षणको तुलनामा यसपाली देशको अवस्थाबारेमा अझै आशावादी रहेको बताएका छन् ।** उदाहरणका लागि प्रदेश २ का उत्तरदाताहरुमा विश्वासको यो स्तर सन् २०१८ मा प्रकट गरेको ४९% बाट ह्वात्तै बढेर सन् २०२० मा ७१.२ % मा पुगेको छ ।

**शहरी क्षेत्रमा बसोबास गर्ने (६३.०%) भन्दा ग्रामीण क्षेत्रका धेरै (७०.२%) उत्तरदाताहरू देशको समग्र अवस्थाप्रति आशावादी देखिएका छन् ।**[१] शहरी क्षेत्रमा बसोबास गर्ने, उच्च आय र उच्च शैक्षिक योग्यता भएका उत्तरदाताहरु भने देशको समग्र अवस्थाबारे आशावादी हुने संभावना कमै देखिएको छ ।

**अधिकांश पहाडी र मधेशी दलितहरूले देशको अवस्था सही दिशातर्फ गएको कुरामा विश्वास गरेका छन् ।** राष्ट्रिय औसत (६५.६%) सँग तुलना गर्दा, पहाडी दलित (७४.६%) र मधेशी दलित (६८.५%) दुबैले देशको अवस्था सही दिशामा अघि बढेको छ भनी बढी आशावादी कुरा बताएका छन् ।

**यसरी, आशावादी हुनुका चार प्रमुख कारणहरूमा, बाटोघाटोको अवस्था राम्रो हुनु (७३.८%), विद्युत आपूर्तिमा सुधार हुनु (४६.०%), स्वास्थ्य सेवाको पहुँचमा वृद्धि हुनु (३१.८%) र शिक्षाको पहुँचमा वृद्धि हुनु (३०.७%) आदि कारण रहेका छन् ।** सर्वेक्षण गरिएका सबै तीन वर्षमा सडक तथा बाटोघाटोमा भएको सुधारलाई उत्तरदाताहरुले आफू आशावादी हुनुको एउटा प्रमुख कारणको रूपमा उल्लेख गरेका छन् ।

**उत्तरदाताहरू बसेको गाउँ ठाउँको समग्र स्थानीय अवस्था बारेमा आशावादी हुनुको मुख्य कारणमा 'महिलाको अवस्थामा सुधार हुनु' लाई उल्लेख गर्ने उत्तरदाताहरूको प्रतिशत दुईगुना भन्दा पनि धेरै रहेको छ । सन् २०१८ को सर्वेक्षणमा प्रकट गरेको ५.२% बाट बढेर यो, सन् २०२० को सर्वेक्षणमा १९.९% पुगेको छ ।**

**बढ्दो भ्रष्टाचार, आधारभूत आवश्यकताका वस्तुहरूको मूल्यमा वृद्धि हुनु र करमा वृद्धि हुनुलाई उत्तरदाताहरूले मुलुकले व्यहोरेको सबैभन्दा ठूलो समस्या भनी औँल्याएका छन् ।** सन् २०१७ र सन् २०१८ का सर्वेक्षणको तुलनामा यसपाली करलाई देशको एउटा महत्वपूर्ण समस्या हो, भनेर बताउने उत्तरदाताको हिस्सामा उल्लेख्य वृद्धि भएको छ । सबैभन्दा ठूलो समस्याको रूपमा बाटोघाटोको बिग्रिएको अवस्थालाई जनाउ दिने उत्तरदाताको संख्या चाहिँ उल्लेख्य रूपमा घटेको छ, त्यसको साटो बढ्दो भ्रष्टाचार र कर वृद्धिको बारेमा उल्लेख गर्ने उत्तरदाताहरुको संख्या तीब्र रूपमा बढेको देखिएको छ ।

**उत्तरदाताहरूलाई उनीहरू बसोबास गरिरहेको स्थानीय क्षेत्रको समग्र अवस्थाको बारेमा प्रश्न सोधिँदा, उनीहरूमध्ये ८४.३% ले आफूहरू बसोबास र काम गरिरहेको ठाउँको सामाजिक अवस्था राम्रो हुँदै गएको, त्यसैगरी, ७८.५% उत्तरदाताले उनीहरूको बसोबास गरिरहेको स्थानीय गाउँठाउँको आर्थिक अवस्था सुधार भइरहेको र ५५.०% उत्तरदाताले**

१ तथ्यांकलाई शहरी र ग्रामीण बसोबास भनी टुक्राएर हेर्दा साविक नगरपालिका र गाउँ विकास समिति (गाविस) लाई आधार मानिएको थियो ।

**उनीहरूको स्थानीय राजनीतिक अवस्था सुधार भइरहेको, भनी उत्तर दिएका छन् ।** आफ्नो स्थानीय अवस्थामा सुधार हुँदैछ भन्ने कुरामा विश्वास मान्नुको मुख्य कारणमा उत्तरदाताहरूले बाटोघाटोको अवस्था राम्रो हुनु, सामाजिक सम्बन्धमा सुधार हुनु, विद्युत र शिक्षामा जनताको पहुँच हुनु जस्ता विषयलाई समावेश गरेका छन् ।

**स्थानीय क्षेत्रको विकासको बारेमा उत्तरदाताहरूको साझा अपेक्षा रोजगारीका अवसरमा वृद्धि होस (७४.२%), सडकको उचित व्यवस्थापन होस (५४.८%), पर्याप्त खानेपानीको सुविधा होस (४०.९%), पर्याप्त सिंचाईंको सुविधा होस (३३.०%) र कृषि तथा पशुपालनका सेवाहरूमा वृद्धि होस (३१.६%) भन्ने रहेको छ ।**

**सन् २०२० को सर्वेक्षणमा ६.०% उत्तरदाताहरूले वा उनीहरूको घरपरिवारका कुनै एकजना सदस्यले खानेकुरा किन्ने पैसा नभएर 'कहिलेकाहीँ' छाक छोडेको भनेर पनि बताएका छन् ।** यसखाले उत्तर दिने उत्तरदाताहरूमा मधेशी दलित, हिमाली ग्रामीण क्षेत्रका मानिसहरु र पहाडी दलितहरु बढी देखिएका छन् । 'कहिलेकाहीँ' खाना खान नपाएको भन्ने जवाफ, सन् २०१८ को सर्वेक्षणमा भन्दा यसपाली सन् २०२० मा २.२% ले कम देखिएको छ ।

## २.१. देशको समग्र अवस्था

यो सर्वेक्षणले नेपालीहरूले देशको समग्र अवस्थालाई कसरी मूल्यांकन गर्दा रहेछन् भन्ने कुराको विश्लेषण गरेको छ । सन् २०१७ वा सन् २०१८ मा भन्दा सन् २०२० को सर्वेक्षणमा देश सही दिशामा अघि बढेको भन्ने कुरामा धेरै नेपालीहरु आशावादी देखिएका छन् । यस किसिमको आशावादी भाव सन् २०२० मा सबैभन्दा बढी देखिएको छ– जुन सन् २०१८ मा भन्दा १४.२% अन्तरले बढी रहेको छ । त्यस्तै देश गलत दिशातर्फ गइरहेको भनी बताउने नेपालीहरु सन् २०१८ मा प्रकट गरेको तथ्यांक (३९.३%) बाट घटेर सन् २०२० मा ३१.७% पुगेका छन् (थप विवरणका लागि चित्र २.१.१ हेर्नुहोस्) ।




*चित्र २.१.१ : प्रश्न-B1a. देशको समग्र (सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, भौतिक) अवस्थालाई विचार गर्दा तपाईंलाई देश सही दिशातिर गइरहेको जस्तो लाग्छ कि गलत दिशातिर गइरहेको जस्तो लाग्छ ? [संख्या (यसपछि सं.) =७,०५९)] ('भन्न चाहन्न' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

सर्वेक्षणको अघिल्लो दुई वर्षहरु सन् २०१७ को तुलनामा सन् २०१८ मा प्रदेश २ बाहेक अरू सबै प्रदेशहरूमा देश सही दिशातिर गइरहेको छ भन्ने उत्तरदाताहरूको प्रतिशत घटेको देखिएकोमा, सन् २०१८ को तुलनामा सन् २०२० मा भने धेरै उत्तरदाताहरूले देशको समग्र अवस्थाप्रति आशावादी धारणा प्रकट गरेका छन् ।

**देशको समग्र अवस्था, प्रदेश र वर्षअनुसार**




*चित्र २.१.२ : प्रश्न-B1a. देशको समग्र (सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, भौतिक) अवस्थालाई विचार गर्दा तपाईंलाई देश सही दिशातिर गइरहेको जस्तो लाग्छ कि गलत दिशातिर गइरहेको जस्तो लाग्छ ? (सं. =७,०५९) ('भन्न चाहन्न' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

**देशको समग्र अवस्था बारेमा आशावादी भावना सबै सात प्रदेशमा भिन्न भिन्न रहेको छ; सुदूरपश्चिम प्रदेशका (७५.४%), लुम्बिनी प्रदेशका (७४.८%) र गण्डकी प्रदेशका (७४.६%) उत्तरदाताहरू सबैभन्दा बढी आशावादी देखिएका छन् । यसको तुलनामा बागमती प्रदेशमा भने थोरै उत्तरदाताहरू (४४.६%) देशको समग्र अवस्था बारेमा आशावादी देखिएका छन् ।** साथै बागमती प्रदेशमा उत्तरदाताहरूको सबैभन्दा धेरै अंश (५३.८%) ले देश गलत दिशामा गइरहेको भनेर औंल्याएका छन् ।

देशको सामाजिक, आर्थिक, भौगोलिक, सांस्कृतिक लगायत खास खास क्षेत्रहरूको अवस्था कस्तो छ भनेर सोध्दा यी क्षेत्रहरूमा प्रायः उत्तरदाताहरूले देश सही दिशातर्फ उन्मुख भएको बताएका छन् । सामाजिक रूपले (७५.७%); सांस्कृतिक रूपले (७५.१%); भौगोलिक रूपले (७६.९%) र आर्थिक रूपले (५६.०%) देशको अवस्था सही दिशातिर गएको उत्तरदाताहरूले बताएका छन् । । यसको विपरित, सर्वेक्षणमा सहभागी अधिकांश नेपालीहरु (५२.०%) ले राजनीतिको सन्दर्भमा भने नेपाल गलत दिशातर्फ उन्मुख रहेको विश्वास गरेका छन् ।




*चित्र २.१.३ प्रश्न-B1b-f. तपाईंलाई देश सही दिशातिर गइरहेको जस्तो लाग्छ कि गलत दिशातिर गइरहेको जस्तो लाग्छ ? कृपया देशको समग्र साथै सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, भौतिक (पूर्वाधार) को अवस्थालाई विचार गरेर उत्तर दिनुहोस् (सं. =७,०५९) ('भन्न चाहन्न' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

**सन् २०१८ को सर्वेक्षणको तुलनामा सन् २०२० मा सातै प्रदेशका धेरै उत्तरदाताहरूले देशले लिएको दिशा प्रति आफूहरू आशावादी रहेको धारणा व्यक्त गरेका छन् ।** उदाहरणको लागि, प्रदेश २ का उत्तरदाताहरूको उल्लेख्य हिस्साले देश सही दिशामा गइरहेको विश्वास गरेका छन्, जहाँ देशको समग्र अवस्था प्रति आशावादी हुने उत्तरदाताहरूको संख्या सन् २०१८ मा रहेको ४९.०% बाट बढेर सन् २०२० मा ७१.२% पुगेको छ । बागमती प्रदेशमा सन् २०१८ मा रहेको २७.२% बाट बढेर सन् २०२० मा यो ४४.६% भएता पनि यो प्रदेश तुलनात्मक हिसाबले कम आशावादी प्रदेशको रूपमा रहेको छ । सर्वेक्षणका तीन वर्षको तुलना गर्दा सन् २०२० मा कर्णाली प्रदेश बाहेक अरू सबै प्रदेशका बासिन्दाहरूले आशावादी धारणा व्यक्त गरेका छन् । कर्णाली प्रदेशमा भने सन् २०१७ मा ७७.९% बासिन्दाहरूले देशको समग्र अवस्थाबारे आशावादी धारणा व्यक्त गरेका थिए, सन् २०१८ मा भने आशावादी धारणा व्यक्त गर्ने उत्तरदाताहरु घटेर ६७.९% पुगेको थियो । सन् २०२० मा यो थोरै बढेर ७०.०% मा पुगेको छ ।




*चित्र २.१४ प्रश्न-B1a. देशको समग्र (सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, भौतिक) अवस्थालाई विचार गर्दा तपाईंलाई देश सही दिशातिर गइरहेको जस्तो लाग्छ कि गलत दिशातिर गइरहेको जस्तो लाग्छ ? प्रश्न-A3. उत्तरदाताको उमेर (सं. =७,०५९) ('भन्न चाहन्न' भन्ने उत्तरदाताको जवाफलाई यहाँ समावेश गरिएको छैन ।)*

**देशको समग्र अवस्थाको सकारात्मक मूल्यांकन उत्तरदाताहरूको उमेर समूहसँग विपरीत रूपमा सम्बन्धित रहेको देखिएको छ । देशको समग्र अवस्थाको बारेमा कम उमेर समूहका उत्तरदाताहरू पाका उमेर समूहका उत्तरदाताहरू भन्दा बढी आशावादी देखिएका छन् ।** सबैभन्दा आशावादी र धेरै निराशावादी उमेर समूहहरु बीच १०.३% को अन्तर देखिएको छ । १८–२४ वर्ष उमेर समूहका करिब ७१.१% उत्तरदाताहरु देशको अवस्थाको बारेमा आशावादी देखिएका छन् जबकि ५५ वर्ष वा त्योभन्दा माथिको उमेरका ६०.८% उत्तरदाताहरु आशावादी रहेका छन् ।

**सीमान्तकृत समुदायका सदस्यहरू 'प्रभुत्वशाली' जाति वा समुदायका सदस्यभन्दा समग्रमा आशावादी देखिएका छन्; मुलुकको अवस्था बारेमा पुरूषभन्दा महिला (६७.३%) बढी आशावादी देखिएका छन्, दबाइएका जाति तथा समूहहरू, कम शिक्षित, कम आय भएका उत्तरदाताहरू देशको अवस्था प्रति बढी आशावादी देखिएका छन् ।** शैक्षिक स्तरको वृद्धिसँगै देशको समग्र अवस्था प्रति निराशा बढ्न सक्ने संकेत उत्तरदाताहरूले दिएका छन्; कुनैपनि औपचारिक शिक्षा हासिल नगरेका (२३.५%) उत्तरदाताहरूको तुलनामा स्नातक वा सो भन्दा माथि शिक्षा लिएका ४४.६% उत्तरदाताहरूले देश गलत दिशातर्फ उन्मुख रहेको महसुस गरेका छन् ।

जात/जातीय समूहमा मधेशी जनजाति (८०.७%) सबैभन्दा धेरै आशावादी रहेका छन्, त्यसपछि मुसलमान (७८.२%), र पहाडी दलित (७४.६%) रहेका छन् । तराईको जातीय समूहमा मधेशी दलित उत्तरदाताहरु (६८.५%) सबैभन्दा कम आशावादी देखिएका छन् । अन्य सांस्कृतिक समूहहरु (४५.८%), पहाडी जाति (३९.८%) र पहाडी आदिवासी/जनजाति (३६.८%) समुदायका उत्तरदाताहरु देशको अवस्था प्रति बढी सबैभन्दा बढी निराशावादी देखिएका छन् ।

त्यसैगरी, मानिसहरूको जति आम्दानी बढ्दै जान्छ, त्यति उनीहरु देशको अवस्था प्रति कम आशावादी हुने देखिएको छ । प्रतिवर्ष रू. ६०,०००-१२०,००० कमाउने, उत्तरदाताहरु देशले लिएको दिशा प्रति सबैभन्दा धेरै (७४.३%) आशावादी देखिएका छन् । प्रतिवर्ष रू. ६०,००० अथवा कम कमाउने उत्तरदाताहरु तुलनात्मक रूपमा कम (६९.२%) आशावादी देखिएका छन् । सबैभन्दा बढी आय आर्जन गर्ने (प्रतिवर्ष रू. २००,००० वा सो भन्दा बढी कमाउने) उत्तरदाताहरु तुलनात्मक रूपमा देशले लिएको दिशा प्रति सबैभन्दा कम (६१.३%) आशावादी देखिएका छन् ।

**बसोबास गरेको क्षेत्रअनुसार पनि उत्तरदाताहरूका धारणाहरू फरक फरक देखिएका छन्;**[२] ग्रामीण क्षेत्रका ७०.२% उत्तरदाताहरु देशले लिएको दिशा प्रति आशावादी देखिँदा, शहरी क्षेत्रमा बसोवास गर्ने ६३.०% उत्तरदाताहरु मात्र आशावादी देखिएका छन् । भौगोलिक क्षेत्रको सन्दर्भमा तराई (७०.८%) र हिमाल (६५.९%) भन्दा पहाडी भेगका बसोवास गर्ने मानिसहरु कम आशावादी (५९.५%) देखिएका छन् । भूकम्पको प्रभाव नभएको क्षेत्रमा बस्ने मानिसहरु (७१.२%) भन्दा भूकम्पको प्रभाव भएको क्षेत्रका मानिसहरु कम आशावादी (४३.०%) रहेका छन् ।

## २.२ आशावादी हुनुका कारणहरू

**उत्तरदाताहरू जसले देश सही दिशामा अगाडि बढिरहेको छ, भन्नेमा विश्वास गरेका छन् (६५.६%), उनीहरूलाई आशावादी हुनुपर्ने मुख्य कारण सोधिएको थियो; यसबारेमा उनीहरूले उल्लेख गरेका कारणहरूमा बाटोघाटोको अवस्था राम्रो हुनु (७३.८%), विद्युत आपूर्तिमा सुधार हुनु (७३.८%), स्वास्थ्य सेवामा पहुँच हुनु (३१.८%) र शिक्षाको पहुँचमा वृद्धि हुनु (३०.७%) जस्ता रहेकाछन् ।**

**प्रदेश अनुसार नेपालीहरू आशावादी रहनुको कारणमा महत्वपूर्ण भिन्नताहरू रहेका छन् । गण्डकी प्रदेश (८५.९%) र बागमती प्रदेश (५८.२%) बीच (२८.०%) प्रतिशतको अन्तर भएतापनि सबै प्रदेशका अधिकांश उत्तरदाताहरूले देश सही दिशामा जानुको प्रमुख कारणमा सडक/बाटोघाटोको अवस्थामा भएको सुधारलाई लिएका छन् ।** गण्डकी प्रदेशका (८५.९%), लुम्बिनी प्रदेशका (८५.१%) र प्रदेश १ का (८०.२%) उत्तरदाताहरूले देश सही दिशातर्फ उन्मुख हुनुको सबैभन्दा महत्वपूर्ण कारणको रूपमा बाटोघाटोको अवस्था राम्रो हुनुलाई उल्लेख गरेका छन्, यही धारणा कर्णाली प्रदेशका ७८.२% र सुदूरपश्चिम प्रदेशका ७२.९% उत्तरदाताहरुमा रहेको छ । यद्यपि अन्य प्रदेशहरुमा यस्तो धारणा राख्ने उत्तरदाताहरुको अनुपात धेरै नभएता पनि प्रदेश २ का ६२.४% उत्तरदाताहरु र बागमती प्रदेशका ५८.२% उत्तरदाताहरुले देश सही दिशातर्फ जानुको सबैभन्दा महत्वपूर्ण कारणमा बाटोघाटोको अवस्था राम्रो हुनुलाई उल्लेख गरेका छन् । उत्तरदाताहरूले आफूहरु आशावादी रहेको भनेर उल्लेख गरेका अन्य कारणहरुमा विद्युतको आपूर्तिमा सुधार (लुम्बिनी प्रदेशमा ६०.७%, गण्डकी प्रदेशमा ५७.५%), र स्वास्थ्य सेवाको पहुँचमा वृद्धि (लुम्बिनी प्रदेशमा ५४.५%) र खानेपानीको सेवा सुविधामा सुधार (लुम्बिनी प्रदेशमा ५०.२%) रहेको छ । कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशबाट आएका विवरणहरु बागमती प्रदेशबाट आएकाभन्दा फरक रहेका छन् । कर्णाली प्रदेशका मात्र ४.१% उत्तरदाताहरु र सुदूरपश्चिम प्रदेशका ४.३% उत्तरदाताहरुलाई परिस्थिति समग्रमा सुधार भएको छ भन्ने लागेको छ, जबकि यही कुरा बागमती प्रदेशका ४०.७% उत्तरदाताहरूलाई लागेको छ (थप विवरणका लागि, तालिका २.२.१ हेर्नुहोस्) ।

**आशावादी हुनुको कारण, प्रदेशअनुसार**

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
| सडक/बाटोघाटोमा सुधार भएको छ | ७३.८% | ८०.२% | ६२.४% | ५८.२% | ८५.९% | ८५.१% | ७८.२% | ७२.९% |
| विद्युतको आपूर्तिमा सुधार भएको छ | ४६.०% | ४८.७% | ३२.८% | ४०.७% | ५७.५% | ६०.७% | ३०.३% | ४६.७% |
| स्वास्थ्य सेवामा पहुँच बढेको छ | ३१.८% | २३.९% | २८.५% | २२.१% | २४.०% | ५४.५% | २१.९% | ३३.२% |
| शिक्षामा पहुँच बढेको छ | ३०.७% | २६.१% | ४३.८% | २१.९% | १९.७% | ३१.८% | ३३.०% | २८.४% |
| खानेपानीको सेवा/सुविधामा सुधार भएको छ | २७.६% | १९.१% | १०.६% | २५.२% | ४३.७% | ५०.२% | २२.०% | २४.८% |
| महिलाको अवस्थामा सुधार भएको छ | २४.४% | १५.५% | २३.७% | २६.९% | २२.८% | २७.०% | २९.५% | २९.४% |

२ तथ्यांकलाई शहरी र ग्रामीण बसोबास भनी टुक्राएर हेर्दा साविक नगरपालिका र गाउँ विकास समिति (गाविस) लाई आधार मानिएको थियो । सर्वेक्षकको समूहले साविक गाविस र नगरपालिकाहरु, हालको गाउँपालिका र नगरपालिकाले भन्दा क्रमशः 'ग्रामिण' र 'शहरी' को प्रतिनिधित्व गर्न सक्छन्, भन्ने कुरामा विश्वास गरेको छ ।

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्(<br>चम |
| देशको सामाजिक पक्ष राम्रो छ | २४.१% | १७.२% | २५.१% | ३०.३% | ३०.१% | २२.७% | २७.४% | २०.५% |
| देशले नयाँ संविधान पाएको छ | २२.१% | १३.२% | २५.३% | २७.२% | १२.७% | २५.३% | २०.०% | २५.९% |
| परिस्थिति समग्रमा सुधार भएको छ | १६.२% | ८.३% | २३.७% | ४०.७% | ११.०% | ९.८% | ४.१% | ४.३% |
| दशक लामो द्वन्द्व समाप्त भएको छ र यहाँ शान्ति छ | १५.२% | ८.७% | ९.२% | १७.४% | १८.४% | १७.६% | १४.४% | २७.४% |
| मानिसहरूबीचको सम्बन्ध सुधारिएको छ | १३.३% | १५.८% | ५.१% | ११.०% | १०.८% | १६.०% | १५.२% | २५.४% |
| वातावरणीय अवस्थामा सुधार भएको छ | १२.८% | ११.१% | ११.०% | १३.६% | १४.७% | १६.३% | ११.०% | ११.१% |
| देशको आर्थिक अवस्थामा सुधार भएको छ | १२.२% | ८.५% | १९.४% | ६.४% | ६.४% | १२.८% | १६.५% | ११.७% |
| मानिसहरूको बोल्ने स्वतन्त्रता र सहकार्यमा सुधार आएको छ | ११.७% | ९.४% | ५.७% | १५.१% | ८.७% | १४.४% | ६.९% | २३.२% |
| देशको सांस्कृतिक पक्ष राम्रो भएको छ | १०.५% | ३.२% | ११.०% | ११.०% | ९.०% | ९.७% | ११.६% | २१.८% |
| देशमा राजनीतिक परिवर्तन आएको छ | १०.२% | ९.४% | ११.४% | १४.४% | ६.५% | ६.२% | १५.१% | ११.४% |
| सबैले आफ्नो संस्कृतिअनुसार चाडपर्व मनाउन पाएका छन् | ९.९% | ८.५% | ३.४% | ७.३% | ९.५% | १७.०% | ६.६% | १७.३% |
| पृथक प्रदेश/राज्यहरु देशमा स्थापित छन् | ९.५% | ९.८% | १४.७% | ५.०% | ५.९% | ९.१% | ११.९% | ६.९% |
| जीविकोपार्जन गर्न र काम पाउन सजिलो भएको छ | ७.५% | ६.०% | ५.२% | ६.४% | ४.२% | ११.१% | १०.१% | १०.५% |
| नयाँ संविधानले सकारात्मक परिवर्तन ल्याएको छ | ७.१% | ६.०% | ८.४% | ६.०% | ३.०% | ७.४% | ८.०% | १०.१% |
| धेरै अधिकारसहित बनाइएको नयाँ नगर/गाउँपालिकाले सकारात्मक परिवर्तन ल्याएको छ | ७.०% | ७.४% | ६.२% | ३.९% | ३.८% | ११.३% | ४.६% | ८.१% |
| हिंसात्मक गतिविधिमा कमी आएको छ | ६.०% | ४.८% | ६.०% | ५.४% | ३.३% | ४.८% | ४.१% | १४.०% |
| गरिबी निवारण भएको छ | ५.२% | ४.५% | १२.५% | १.७% | १.१% | ४.५% | १.६% | ३.१% |
| स्थानीय चुनावले सकारात्मक परिवर्तन ल्याएको छ | ४.५% | २.३% | ४.९% | ५.०% | २.४% | ६.२% | ५.६% | ४.१% |
| पहिलेका विकास क्षेत्रलाई हटाइ बनाइएको नयाँ संघीय राज्यले सकारात्मक परिवर्तन ल्याएको छ | ४.४% | ३.३% | ६.२% | ३.२% | ०.९% | ४.१% | ४.२% | ८.०% |

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
| स्थानीय चुनावबाट चुनिएर आएका प्रतिनिधिले सकारात्मक परिवर्तन ल्याएका छन् | ३.९% | ४.२% | ३.२% | ४.०% | १.९% | ६.१% | २.२% | ३.७% |
| देशको राजनीतिक अवस्था राम्रो भएको छ | ३.४% | २.७% | ४.७% | ३.५% | १.४% | २.६% | ४.५% | ३.९% |
| सबै राजनीतिक पार्टीहरु एक आपसमा मिलेर काम गर्न थालेका छन् | २.६% | २.२% | १.३% | १.६% | ०.५% | ३.६% | १.६% | ७.२% |
| स्थानीय सरकार र पार्टी नेतृत्वमा सुधार आएको छ | २.३% | २.४% | १.४% | २.७% | १.३% | १.८% | १.४% | ५.९% |
| सरकार र पार्टी नेतृत्वमा स्थिरता आएको छ | २.१% | २.०% | २.१% | ३.१% | १.३% | २.२% | १.३% | १.६% |

*तालिका २.२.१ प्रश्न-B2 : किन तपाईंलाई देश सही दिशातिर गइरहेको जस्तो लाग्छ ? (सं. = ४,६३२) ('भन्न चाहन्न' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

सर्वेक्षणका सबै तीन वर्षहरु (सन् २०१७, सन् २०१८ र सन् २०२०) मा सडक तथा बाटोघाटोमा भएको सुधारलाई देशको समग्र अवस्था प्रति आशावादी हुनुको सबैभन्दा बढी उल्लेख गरिएको कारण मानिएको छ । उत्तरदाताहरु आशावादी हुनुको अर्को मुख्य कारणमा महिलाको समग्र अवस्थामा सुधार हुनु पनि रहेको छ । यसलाई उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा सन् २०१८ को सर्वेक्षणमा ६% थियो भने सन् २०२० को सर्वेक्षणमा यो उल्लेखनीय रूपमा बढेर २४.१% पुगेको छ । सन् २०२० को प्रश्नावलीमा रहेको प्रश्नहरूको ढाँचामा भएको परिवर्तनका कारण यसमा वृद्धि भएको हुनसक्छ ।[३] सन् २०१७ र सन् २०१८ मा, उत्तरदाताहरूलाई उनीहरु आशावादी हुनाको दुईओटा कारण मात्र उल्लेख गर्न भनिएको थियो, भने, सन् २०२० मा उत्तरहरूको संख्यामा कुनै सीमा राखिएको छैन । यसको साथै स्थानीय सरकार र पार्टी नेतृत्वमा सुधार आउनु (२.३%), र सरकार र पार्टी नेतृत्वमा स्थिरता आउनु (२.१%), लाई पनि देशको समग्र अवस्था प्रति आशावादी हुनुको कारण मानिएको छ ।

३ सन् २०१७ र सन् २०१८ को सर्वेक्षणमा उत्तरदाताहरूलाई उनीहरु आशावादी रहनुका दुई कारणहरु उल्लेख गर्न मात्र भनिएको थियो तर सन् २०२० मा चाहिँ उत्तरदातालाई बहु उत्तर दिन अनुमति दिइएको थियो । प्रश्नावली भित्र प्रश्नहरूको ढाँचामा आएको यो प्रकारको परिवर्तनले गर्दा पनि प्रतिशत बढेको हुनसक्छ । सर्वेक्षणका तीन वर्षमा आशावादी हुनुको कारणलाई तुलना गर्न, सन् २०२० मा जवाफ दिने उत्तरदाताको पहिलो दुई उत्तरहरूलाई विचार र विश्लेषण गरिएको छ ।

**आशावादी हुनुको कारणहरू, वर्षअनुसार**




*चित्र २.२.१ प्रश्न-B2. किन तपाईंलाई देश सही दिशातिर गइरहेको जस्तो लाग्छ ? (सं. =४,६३२)*
*('भन्न चाहन्न' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

## २.३ समस्या र चुनौतीहरू

अघिल्ला बर्षहरूमा झैं यस बर्षमा पनि देशले भोगिरहेका प्रमुख समस्याहरूका बारेमा जानकारी लिन सबै उत्तरदाताहरूलाई प्रश्न सोधिएको थियो । सन् २०२० को सर्वेक्षणमा सहभागी उत्तरदाताहरूलाई एक भन्दा बढी जवाफ दिन पनि अनुमति दिइएको थियो ।

**नेपालीहरूले बढ्दो भ्रष्टाचार (५१.९%), आधारभूत वस्तुहरूको बढ्दो मूल्य (४३.२%) र करमा वृद्धि (३७.९%) लाई देशले भोगिरहेका प्रमुख समस्याहरूको रूपमा लिएका छन् ।** उत्तरदाताहरूका अनुसार देशले भोगिरहेका अरू प्रमुख समस्यामा काम वा रोजगारी पाउन हुने कठिनाइ (३५.५%), देशको बिग्रँदो आर्थिक अवस्था (१५.५%), देशको बिग्रँदो राजनीतिक अवस्था (१४.४%) जस्ता समस्याहरु रहेका छन् ।




*चित्र २.३.१ प्रश्न-B3. तपाईंलाई अहिले देशले भोगिराखेको प्रमुख समस्याहरु के के हुन् जस्तो लाग्छ ? (सं. =७,०६०)*

**बागमती प्रदेशमा सबैभन्दा बढी (६५.५%), उत्तरदाताहरूले भ्रष्टाचारमा वृद्धि हुनुलाई अहिले देशले भोगिराखेको प्रमुख समस्याको रूपमा उल्लेख गरेका छन् ।** राष्ट्रिय आँकडा (५१.९%) तुलनामा यो प्रतिशत धेरै नै रहेको छ । प्रदेशगत रूपमा हेर्दा, यसको आँकडा प्रदेश १ मा (५७.५%), लुम्बिनी प्रदेशमा (४६.२%), प्रदेश २ मा (४४.८%) र सुदूरपश्चिम प्रदेशमा (४१.३%) रहेको छ ।

**गण्डकी प्रदेश (५२.३%), लुम्बिनी प्रदेश (५२.०%) र सुदूरपश्चिम प्रदेश (५१.१%) का अधिकांश उत्तरदाताले अत्यावश्यक वस्तुको मूल्य बढेको अनुभव गरेका छन् ।** राष्ट्रिय आँकडा, ३७.९% को तुलनामा लुम्बिनी प्रदेशका अधिकांश उत्तरदाताहरु (५६.७%) ले करमा वृद्धि हुनुलाई ठूलो समस्या भएको ठानेका छन् । तुलनात्मक रूपमा प्रदेश १ का (३७.८%), प्रदेश २ का (३९.९%), गण्डकी प्रदेशका (३१.२%) र सुदूरपश्चिम प्रदेशका (३७.९%) थोरै उत्तरदाताहरूले करको वृद्धिलाई देशले भोगिराखेको समस्या ठानेका छन् । कर वृद्धिलाई बागमती प्रदेश (२७.८%) र कर्णाली प्रदेश (१९.१%) का थोरै उत्तरदाताले समस्याको रूपमा उल्लेख गरेका छन् ।

**काम वा रोजगारी खोज्न हुने कठिनाइलाई ठूलो समस्याको रूपमा लिने उत्तरदाताहरू उल्लेखनीय रूपमा सुदूरपश्चिम प्रदेशमा ४२.५% र गण्डकी प्रदेशमा ४२.०% रहेका छन् ।** सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूले व्यक्त गरेका अरू प्रमुख समस्याहरूमा गरिबी (२८.१%), बिग्रिएको सडक/बाटोघाटोहरु (२२.३%), देशको बिग्रँदो अवस्था (२२.०%), अपर्याप्त खानेपानी सुविधा (१९.४%), बारम्बार आउने प्राकृतिक आपत्ति (१३.०%) रहेका छन् । त्यस्तै, कर्णाली प्रदेशमा अपर्याप्त विद्युतको आपूर्ति (२३.७%) पनि अन्य प्रदेशको तुलनामा बढी देखिन्छ, जुन राष्ट्रिय आँकडा (६.५%) भन्दा १७.२% विन्दुले माथि रहेको छ । त्यस्तै, अन्य प्रदेशका उत्तरदाताहरूसँग तुलना गर्दा प्रदेश १ मा त्यहाँका उत्तरदाताहरूले स्वास्थ्य सेवाको पहुँच कमजोर (२१.१%) र उनीहरूका अनुसार देशमा वैदेशिक हस्तक्षेप धेरै (१६.१%) भएको धारणा व्यक्त गरेका छन् ।

**सन् २०१८ को सर्वेक्षणमा भन्दा यसपाली भ्रष्टाचारलाई समस्याको रूपमा औँल्याउने उत्तरदाताको संख्यामा वृद्धि भएको छ । भ्रष्टाचार मुख्य समस्याको रूपमा रहेको भनी बताउने उत्तरदाताहरू पहाडी भेगमा (५६.७%) र हिमाली भेगमा (५२.४%) रहेका छन् ।** यसै सन्दर्भमा महिलाको तुलना (४५.९%) मा पुरूष (५८.३%) ले भ्रष्टाचार बढेको भनी उल्लेख गरेका छन् । भ्रष्टाचार वृद्धिप्रति जनताको धारणा उनीहरूले प्राप्त गरेको शिक्षाको स्तरसँग सम्बन्धित देखिन्छ र

उक्त धारणा उनीहरूको शिक्षाको स्तरसँगै वृद्धि भएको देखिन्छ । अनौपचारिक शिक्षा प्राप्त गरेका उत्तरदाताहरूको तुलनामा उच्च शिक्षा हासिल गरेका १.८ गुणा बढी उत्तरदाताहरूले भ्रष्टाचार बढेको छ भनी उल्लेख गरेका छन् । भ्रष्टाचारमा वृद्धि भएको छ भन्ने धारणा 'अन्य सांस्कृतिक समूह'मा रहेका उत्तरदाताहरु (६७.०%) मा प्रबल रूपमा रहेको छ, त्यसपछि पहाडीजाति समूहमा (६०.१%) र पहाडी आदिवासी/जनजाति समूहमा (५३.५%) रहेको छ । भ्रष्टाचार वृद्धिप्रतिको धारणा उत्तरदाताहरूको आयको स्तरसँग पनि बढेको देखिएको छ; कम आम्दानी गर्ने वर्गका उत्तरदाताहरु (४६.४%) र उच्च आम्दानी गर्ने वर्गका उत्तरदाताहरु (६०.५%) बीचमा भ्रष्टाचार वृद्धिप्रति रहेको धारणाको अन्तर १४.१% रहनुले उल्लिखित धारणालाई प्रतिविम्बित गरेको देखिन्छ ।

**अन्य भौगोलिक क्षेत्रको तुलनामा तराईका मानिसहरूमा कर वृद्धिलाई समस्या (४७.४%) को रूपमा लिनसक्ने बढी संभावना देखिएको छ ।** त्यसैगरी हिमाली क्षेत्रका बासिन्दाहरु (२४.९%), निरक्षर व्यक्तिहरु (२४.१%), मधेशी दलित (३१.८%), मधेशी जाति (तह-२) (२४.५%), मधेशी/आदिवासी/जनजाति (२०.१%) र पहाडी दलित (२२.२%) ले मुलुकमा गरिबी बढेको छ भनी बढी उल्लेख गरेका छन् ।

**औपचारिक शिक्षा हासिल नगरेका व्यक्तिहरू (४५%) ले अत्यावश्यक वस्तुहरूको बढ्दो मूल्यलाई ठूलो समस्याको रूपमा लिएका छन् ।** त्यसैगरी, उत्तरदाताहरूमध्ये, पहाडी दलित ४३.६% र मधेशी जाति समूह (तह-१) ले पनि मूल्य वृद्धिलाई ठूलो समस्याको रूपमा लिएको देखिएको छ । उच्च शिक्षा हासिल गरेका र उच्च आम्दानी भएकाहरूले देशको राजनीतिक अवस्था बिग्रँदै गएको भनी औँल्याउने संभावना बढी देखिन्छ । निरक्षर भन्दा १०.४% अन्तरले बढी, उच्च शिक्षा हासिल गरेका उत्तरदाताहरूले देशको राजनीतिक अवस्था बिग्रँदै गएको भनी उल्लेख गरेका छन् ।

**उत्तरदाताको शैक्षिक स्तरमा वृद्धि सँगै देशको आन्तरिक मामिलामा विदेशी हस्तक्षेप भएको भन्ने धारणामा वृद्धि भएको देखिन्छ ।** करिब एक चौथाइ उच्च शिक्षा हासिल गरेका उत्तरदाताहरु (२५.१%) ले नेपालको आन्तरिक मामिलामा विदेशी हस्तक्षेप एउटा ठूलो चुनौती भएको बताएका छन् । राष्ट्रिय आँकडा (१२.८%) को तुलनामा भन्दा दुई गुणा बढी शिक्षित व्यक्तिहरूको समूहले विदेशी हस्तक्षेपलाई ठूलो चुनौतीको रूपमा लिएका छन् ।

**बिग्रिएको सडक तथा बाटोघाटोलाई समस्याको रूपमा औँल्याउने उत्तरदाताहरूको हिस्सा सन् २०१७ मा रहेको १७.४% बाट घटेर सन् २०१८ मा १४.९% रहेकोमा, यो हिस्सा सन् २०२० मा अझै घटेर मात्र ५.३% रहेको छ ।**[४] सन् २०१७ र सन् २०१८ मा काम वा रोजगार पाउन कठिनाइ हुने समस्यालाई सबैभन्दा धेरै (क्रमशः २८.९% र ३८.८%) उल्लेख गरिएको थियो, तर सन् २०२० मा काम वा रोजगार पाउन कठिनाइ हुनेलाई समस्याको रूपमा औँल्याउने उत्तरदाताहरु घटेर यसको प्रतिशत १८.४% मा पुगेको छ ।

**कर वृद्धि र बढ्दो भ्रष्टाचारलाई मुलुकको ठूलो समस्या भनि विश्वास गर्ने उत्तरदाताहरूको संख्या पनि उल्लेखनीय रूपमा बढेको छ;** कर वृद्धिको समस्या उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा सन् २०१७ मा रहेको ३.१% बाट बढेर सन् २०२० मा १९.२% पुगेको छ र मुलुकको सबैभन्दा ठूलो समस्याको रूपमा बढ्दो भ्रष्टाचारलाई उल्लेख गर्नेहरूको हिस्सा सन् २०१७ मा रहेको ८.९% बाट बढेर सन् २०१८ मा १०.५% पुगेको थियो, यो समस्यालाई सन् २०२० मा झण्डै आधा उत्तरदाताहरु (४७.०%) ले उल्लेख गरेका छन् ।

४ सन् २०१७ र सन् २०१८ को सर्वेक्षणमा उत्तरदाताहरूलाई देशले भोगिरहेका मुख्य दुई समस्या उल्लेख गर्न सीमित गरिएको थियो, तर सन् २०२० मा चाहिँ उत्तरदातालाई बहु उत्तर दिन अनुमति दिइएको थियो । प्रश्नावली भित्र प्रश्नहरूको ढाँचामा आएको यो प्रकारको परिवर्तन पनि प्रतिशत वृद्धिको कारण हुनसक्छ । सर्वेक्षणका तीन वर्षमा देशले भोगिरहेका ठूला समस्याहरु बारेका प्रश्नको जवाफलाई तुलना गर्न, सन् २०२० मा जवाफ दिने उत्तरदाताको पहिलो दुई उत्तरहरूलाई विचार र विश्लेषण गरिएको छ ।

**नेपालका प्रमुख समस्याहरू, वर्षअनुसार**




*चित्र २.३.२ प्रश्न-B3. तपाईंलाई अहिले देशले भोगिराखेको प्रमुख समस्याहरु के के हुन् जस्तो लाग्छ ? (सं =७,०६०)*

## २.४ स्थानीय क्षेत्रको अवस्था

### *२.४.१ स्थानीय क्षेत्रको समग्र अवस्था*

**उत्तरदाताहरू बसोबास गरिरहेको वा उनीहरूले काम गरिरहेको ठाउँ (स्थानीय क्षेत्र) को अवस्था के कस्तो छ, सुधार हुँदैछ वा बिग्रिरहेको छ, भनी प्रश्न सोधिएकोमा तीन चौथाइ भन्दा बढी उत्तरदाताहरू (७८.५%) ले, सुधार हुँदैछ भनेर बताएका छन् ।** स्थानीय क्षेत्रको समग्र अवस्थामा सुधारहरु भएको मूल्यांकन गर्ने उत्तरदाताहरु सन् २०१७ मा रहेको ५५.९% बाट लगातार वृद्धि भई सन् २०१८ मा ६२.८% भएको र सन् २०२० मा यो ७८.५% पुगेको देखिएको छ ।




*चित्र २.४.१ प्रश्न-B4a.अब म तपाईंलाई आफू धेरै बसोबास गर्नुहुने र काम गर्नुहुने ठाउँको बारेमा सोच्न अनुरोध गर्दछु । तपाईंलाई यहाँको स्थानीय क्षेत्रको समग्र अवस्था सुध्रिरहेको जस्तो लाग्छ, अथवा यो अझै बिग्रिरहेको जस्तो लाग्छ ? (सं. = ७,०५२) ('भन्न चाहन्न' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

भौगोलिक हिसाबले पहाडी क्षेत्रका अधिक उत्तरदाताहरु (८२.१%) ले उनीहरूको स्थानीय क्षेत्रको अवस्था सुध्रिरहेको विश्वास गरेका छन्, यो विश्वास हिमाली क्षेत्रका (७६.४%) र तराई क्षेत्रका (७५.८%) उत्तरदाताहरूले उल्लेख गरे भन्दा बढी रहेको छ । नगरपालिकामा बसोबास गर्ने (७८.९%) र गाउँपालिकामा बसोबास गर्ने (७७.९%) मानिसहरूले उनीहरूको स्थानीय क्षेत्रको समग्र सुधार समान रूपमा भएको भनेर मूल्यांकन गरेका छन् । नेपाली महिलाहरु (७९.७%) उनीहरु बसोबास वा काम गरिरहेको क्षेत्रमा समग्र सुधारको अवस्था बारेमा पुरुषहरु भन्दा बढी सकारात्मक देखिएका छन् । उमेर समूह अन्तर्गत २५-३५ वर्ष उमेरका युवा उत्तरदाताहरु (७९.७%) ले आफू बसोबास वा काम गरिरहेको क्षेत्रको अवस्था सुध्रिरहेको भनी बताएका छन् । त्यसैगरी वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरु (८७.२%), सामाजिक सेवामा लागेका व्यक्तिहरु (८५.७%) ले पनि उनीहरूको स्थानीय अवस्थाको सकारात्मक मूल्यांकन गरेका छन् ।

स्थानीय क्षेत्रको अवस्था बारेमा धेरै निराशावादी धारणा दिनेहरूमा बेरोजगार उत्तरदाताहरु (३३.१%), निरक्षर उत्तरदाताहरु (२५.४%), अवकाश प्राप्त उत्तरदाताहरु (२४.८%), तराईका बासिन्दाहरु (२३.३%) र वार्षिक रू. ६०,००० अथवा त्यो भन्दा कम आम्दानी गर्ने उत्तरदाताहरु (२३.२%) समावेश छन् ।

**स्थानीय क्षेत्रको अवस्था बारेमा आशावादी धारणा राख्ने उत्तरदाताको संख्या सबै प्रदेशहरूमा उल्लेख्य रहेको छ (चित्र २.४.२ हेर्नुहोस्) । बागमती प्रदेश र प्रदेश २ का धेरै उत्तरदाताहरू पहिलेभन्दा बढी आशावादी देखिएका छन् ।** आफू बसोबास गरिरहेको स्थानीय क्षेत्रको अवस्था सुध्रिएको भनेर सबैभन्दा धेरै आशावादी धारणा व्यक्त गर्नेमा बागमती प्रदेश अगाडि देखिएको छ (यो आँकडा सन् २०१७ मा रहेको ४१.२% बाट सन् २०१८ मा ३९.६% हुँदै सन् २०२० मा ७३.३% मा पुगेको छ) । प्रदेश २ का थोरै उत्तरदाताहरूले सन् २०१७ मा स्थानीय क्षेत्रको अवस्था बारेमा आशावादी धारणा (३८.० %) व्यक्त गरेका थिए, सन् २०२० मा भने यो बढेर ६८.६% पुगेको छ ।

**स्थानीय क्षेत्रको अवस्था, प्रदेश र वर्षअनुसार**




*चित्र २.४२ प्रश्न- B4a.अब म तपाईंलाई आफू धेरैजसो बसोबास गर्नुहुने र काम गर्नुहुने ठाउँको बारेमा सोच्न अनुरोध गर्दछु । यहाँको स्थानीय क्षेत्रको समग्र अवस्था सुध्रिरहेको जस्तो लाग्छ, अथवा तपाईंलाई यो अझै बिग्रिरहेको जस्तो लाग्छ ? (सं. = ७,०५२) ('भन्न चाहन्न' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

**धेरैजसो उत्तरदाताहरूले उनीहरूको स्थानीय क्षेत्रको अवस्थाबारेमा आशावादी धारणा बनाएका छन्, यद्यपि प्रदेशहरूमा भने केही भिन्नता रहेको देखिन्छ । गण्डकी प्रदेशका सबैभन्दा बढी (८९.५%) उत्तरदाताहरूले सन् २०२० मा स्थानीय अवस्थाको सुधार भएको भनेर आशावादी विचार प्रस्तुत गरेका छन् ।** सुदूरपश्चिम प्रदेश (८३.१%), लुम्बिनी प्रदेश (८०.८%), प्रदेश १ (७९.६%) र कर्णाली प्रदेश (७८.०%) का उत्तरदाताहरूले पनि आफ्नो स्थानीय अवस्थाको बारेमा आशावादी धारणा राखेका छन् । तुलनात्मक रुपमा हेर्दा राष्ट्रिय आँकडा (७८.५%) को तुलनामा प्रदेश २ का कम उत्तरदाताहरु (६८.६%) आफ्नो स्थानीय क्षेत्रको समग्र अवस्थाबारे आशावादी देखिएका छन् । समग्रमा देशले लिएको दिशा प्रति प्रकट गरेका धारणा जस्तै बागमती प्रदेशका उत्तरदाताहरु अन्य प्रदेशका उत्तरदाताहरुको तुलनामा आफ्नो स्थानीय क्षेत्रको समग्र अवस्थाबारेमा बढी निराशावादी देखिएकाछन् । सन् २०२० मा स्थानीय क्षेत्रको अवस्था बारेमा बढी निराशाजनक उत्तर दिनेमा प्रदेश २ (२९.६%), त्यसपछि कर्णाली प्रदेश (२०.८%), बागमती प्रदेश (२०.६%) र प्रदेश १ (२०.२%) रहेका छन् ।

**गाउँ र शहरी दुबै क्षेत्रका उत्तरदाताहरूले उस्तै धारणा राखेर स्थानीय क्षेत्रको समग्र अवस्थाबारेमा सकारात्मक रूपमा मूल्यांकन गरेका छन् ।** यसलाई अझै टुक्राएर हेर्ने हो भने, गाउँपालिका/नगरपालिकाको सामाजिक, सांस्कृतिक र भौतिक (पूर्वाधार सम्बन्धी) अवस्थाको सन्दर्भमा देशैभरबाट बढी सकारात्मक उत्तर आएका छन् । आफ्नो स्थानीय क्षेत्रको सामाजिक अवस्थामा (८४.३%) र सांस्कृतिक अवस्थामा (८४.०%) र भौतिक अवस्थामा (८०.४%) समान रूपले सुधार भएको भनेर उत्तरदाताहरूले जवाफ दिएकाछन् । सर्वेक्षणमा सहभागी मानिसहरूले आफ्नो गाउँपालिका/नगरपालिकाका अन्य पक्षहरुभन्दा आर्थिक अवस्थामा (६७.८%) र राजनीतिक अवस्थामा (५५.०%) सुधार भएको भनेर अलि कम मूल्यांकन गरेका छन् ।

**आफ्नो स्थानीय क्षेत्रको सामाजिक, सांस्कृतिक र भौतिक अवस्थाको सुधारको बारेमा गण्डकी प्रदेश, प्रदेश १, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका मानिसहरूले बढी आशावादी धारणा व्यक्त गरेका छन्, जबकि प्रदेश २ का मानिसहरू आफ्नो स्थानीय क्षेत्रको सामाजिक, सांस्कृतिक र भौतिक अवस्थाको सुधार प्रति कम आशावादी रहेका छन् ।** गण्डकी प्रदेशका झण्डै सबैजसो उत्तरदाताहरू (९२.०%), लुम्बिनी प्रदेशका ९०.०% र प्रदेश १ का ८८.८% उत्तरदाताहरूले उनीहरूको सामाजिक अवस्थामा सुधार भएको विश्वास राखेका छन् । आफ्नो स्थानीय क्षेत्रको सामाजिक अवस्था बिग्रँदै गएको छ भन्ने सोचाइ राख्नेहरूको संख्या सबैभन्दा बढी प्रदेश २ मा (२३.६%), त्यसपछि कर्णाली प्रदेशमा (२०.३%) र बागमती प्रदेशमा (१४.३%) रहेको छ । आफ्नो स्थानीय क्षेत्रको सांस्कृतिक अवस्थामा सुधार भएको भन्नेमा सबैभन्दा बढी आशावादी धारणा राख्ने उत्तरदाताहरूमा गण्डकी प्रदेशका (९०.२%), त्यसपछि प्रदेशका १ (८९.२%) र सुदूरपश्चिम प्रदेशका (८९.१%) रहेका छन् ।

प्रदेश २ का (६६.६%) र सुदूरपश्चिम प्रदेशका (७५.३%) उत्तरदाताहरु बाहेक पाँचमध्ये करिब चार जना, गण्डकी प्रदेशका (८८.८%), लुम्बिनी प्रदेशका (८७.५%), प्रदेश १ का (८५.५%) उत्तरदाताहरूलाई उनीहरु बसोबास गरेको इलाकाको भौतिक पूर्वाधारमा सुधार हुँदैछ भन्ने लागेको छ, जुन देशभरिको आँकडा (८०.४%) भन्दा बढी रहेको छ ।

**आफ्नो स्थानीय क्षेत्रको आर्थिक तथा राजनीतिक अवस्था सुध्रिएको भनेर सकारात्मक प्रतिक्रिया दिने उत्तरदाताहरू भने कमै देखिएका छन् ।** प्रदेश १ का तीन चौथाइ उत्तरदाताहरु (७५.३%) ले आर्थिक हिसाबमा उनीहरूको क्षेत्रमा सुधार भइरहेको महसुस गरेका छन् । त्यसबाहेक अन्य प्रदेशका मानिसहरु भने कम आशावादी देखिएका छन् । करिब एक तिहाइ कर्णाली प्रदेशका ३५.१%, प्रदेश २ का ३३.५%, बागमती प्रदेशका ३३.२% र गण्डकी प्रदेशका ३२.३% उत्तरदाताहरूले आर्थिक दृष्टिकोणबाट आफ्नो स्थानीय क्षेत्रको अवस्था खराब हुँदै गइरहेको महसुस गरेका छन् ।

आफ्नो स्थानीय क्षेत्रको राजनीतिक अवस्था सुधार हुँदैछ भन्ने लाग्नेहरूको राष्ट्रिय आँकडा ५५.०% देखिएको र सुदूरपश्चिम प्रदेशमा यस सन्दर्भमा अलि बढी (६७.६%) उत्तरदाताहरु आशावादी देखिएका छन्, त्यसपछि आशावादी देखिने उत्तरदाताहरु प्रदेश १ मा (६५.४%) र लुम्बिनी प्रदेशमा (५९.९%) रहेका छन् । यसको विपरितमा प्रदेश २ का (५२.९%), बागमती प्रदेशका (४७.८%) र कर्णाली प्रदेशका (४०.०%), मानिसहरु आफ्नो स्थानीय क्षेत्रको राजनीतिक अवस्था प्रति अधिक निराशावादी देखिएका छन् ।

कम आम्दानी भएका समूह (६३.१%), बेरोजगार (६२.७%), अवकाशप्राप्त (५६.६%), निरक्षर (५९.१%) र हिमाली क्षेत्र (५८.१%) का उत्तरदाताहरु बाहेक सबै जनसांख्यिकीय र भौगोलिक समूहहरूका कम्तिमा पनि दुई तिहाइ उत्तरदाताहरु आफ्नो स्थानीय क्षेत्रको सामाजिक, सांस्कृतिक र भौतिक अवस्थाको बारेमा आशावादी देखिएका छन् ।

उत्तरदाता चाहे महिला होस या पुरूष, नगरपालिकाको होस या गाउँपालिकाको वा फरक उमेर समूह होस् या फरक आय समूहको; उनीहरुद्धारा व्यक्त स्थानीय राजनीतिक अवस्थाको सुधारको प्रतिक्रियाहरूमा भने कुनै खास भिन्नता देखिएको छैन ।

## २.५ स्थानीय क्षेत्रको अवस्थामा सुधारका कारणहरू

**सडक तथा बाटोघाटोहरू राम्रो हुनु, सामाजिक सम्बन्धमा सुधार हुनु, विद्युतमा पहुँच हुनु र शिक्षामा पहुँच हुनु जस्ता कारणहरूले गर्दा नेपालीहरूलाई आफ्नो स्थानीय क्षेत्रको अवस्थामा सुधार हुँदैछ भन्ने विश्वास रहेको छ ।** स्थानीय क्षेत्रको समग्र परिस्थितिमा सुधार भएको सोच्ने उत्तरदाताहरु ७८.५% मध्ये, तीन चौथाइ (७३.८%) ले बाटोघाटोको अवस्थामा सुधार हुनुलाई स्थानीय क्षेत्रको अवस्थामा सुधारको मुख्य कारणको रूपमा औँल्याएका छन्, त्यसपछि विद्युतको आपूर्ति (४०.६%) र सुधारिएको खानेपानीको सेवा/सुविधा (२८.६%) देखिएको छ । उल्लेख गरिएका अरू कारणहरूमा स्वास्थ्य सेवाको पहुँचमा वृद्धि (२७.७%), शिक्षाको पहुँच (२५.९%) र सामाजिक सम्बन्धमा सुधार (२५.१%) रहेका छन् ।

**स्थानीय क्षेत्रको अवस्थाको बारेमा आशावादी हुनुको शीर्ष कारणहरू**




*चित्र २.५.१ प्रश्न-B5.(यदि 'सुध्रिँदै गएको' भन्ने उत्तर प्रश्न-B4a दिएमा) तपाईंको विचारमा गएको एक वर्षमा तपाईंको क्षेत्रमा के कस्ता सुधार आएका छन् ? (सं. =५,५३९)*[५]

स्थानीय क्षेत्रको समग्र अवस्थामा सुधार हुनुमा सबैभन्दा कम उल्लेख गरिएको कारणहरुमा अभिव्यक्ति स्वतन्त्रता र मानिसहरु बीच भेला हुन पाउने स्वतन्त्रता (१०.१%), स्थानीय तहमा कुनै प्रकारको द्वन्द्व र हिंसा नहुनु (१०.३%), वातावरणीय अवस्थामा सुधार हुनु (१०.६%) र मानिसहरु बीचको सम्बन्ध सुमधुर हुनु (१३.६%) रहेका छन् । सुदूरपश्चिम प्रदेशका २०.३% र २४.०% उत्तरदाताहरूले क्रमशः राजनीतिक स्वतन्त्रता र समुदायमा मानिसहरु बीचको सम्बन्ध राम्रो हुनुलाई आफ्नो स्थानीय क्षेत्रको अवस्थामा सुधार भएको अर्थमा लिएका छन् ।

**स्थानीय स्तरमा भएका सुधारका कारणहरू पनि राष्ट्रिय स्तरमा आशा जगाउने कारणसँग केही हद सम्म मिल्दोजुल्दो देखिएका छन् ।** राष्ट्रिय र स्थानीय दुबै स्तरमा उत्तरदाताहरूको उच्च हिस्सा (क्रमशः ७८.८% र ७३.८%) ले सडक तथा बाटोघाटोको अवस्था राम्रो हुनुलाई सबैभन्दा महत्वपूर्ण सुधारको कारणको रूपमा लिएका छन् । अधिकांश जनसांख्यिकीय र भौगोलिक समूहका उत्तरदाताहरूले उनीहरु बसोबास गरिरहेको क्षेत्रमा सडक तथा बाटोघाटोमा भएको सुधारलाई राष्ट्रिय आँकडा (७३.८%) को तुलनामा महत्वपूर्ण कारकको रूपमा स्थान दिएका छन् । सडक तथा बाटोघाटोको अवस्थालाई केही कम मूल्यांकन गर्ने निम्न समूहको अपवाद पनि रहेको छ : मधेशी जात (तह २), (६४.५%), मधेशी दलित (६७.९%), बेरोजगार (६८.७%), निरक्षर (६९.८%) र निम्न आय भएका मानिसहरूले (६९.१%) बाटोघाटोको अवस्थालाई कम मूल्यांकन गरेका छन् ।

**स्थानीय क्षेत्रको अवस्थाबारे आशावादी हुनुका कारणहरूमा विभिन्न प्रदेशहरूमा बस्ने उत्तरदाताहरू बीचमा केही भिन्नता रहेका छन् ।** सबै प्रदेशहरुमा सडक तथा बाटोघाटोको अवस्था राम्रो हुनु स्थानीय क्षेत्र सुधारको सबैभन्दा धेरै उल्लेख गरिएको एउटा महत्वपूर्ण कारणको रूपमा रहेको छ । सडक तथा बाटोघाटोको अवस्था राम्रो हुनुलाई स्थानीय क्षेत्र सुधारको कारणको रूपमा उल्लेख गर्ने उत्तरदाताहरु प्रदेश २ मा (६४.६%) र सुदूरपश्चिम प्रदेशमा (६८.१%) रहेका छन्, यद्यपि यो प्रतिशत राष्ट्रिय आँकडा (७३.८%) को तुलनामा थोरै कम रहेको छ । सडक तथा बाटोघाटोको अवस्थामा सुधार भएको भनेर जवाफ दिने उत्तरदाताहरूको अनुपात सबैभन्दा बढी गण्डकी प्रदेशमा (८०.६%), त्यसपछि लुम्बिनी प्रदेशमा (८०.०%) र प्रदेश १ मा (७८.७%) रहेको छ । साथै कर्णाली प्रदेशका ७४.२% उत्तरदाताहरूले पनि सडक तथा बाटोघाटो को अवस्थामा सुधार भएको उल्लेख गरेका छन्, जुन राष्ट्रिय आँकडा (७३.८%) सँग मिल्दो छ ।

५ सन् २०१७ र सन् २०१८ को सर्वेक्षणमा उत्तरदाताहरूलाई गएको एक वर्षमा उनीहरूको स्थानीय क्षेत्रकोमा सुध्रिँदो अवस्था बारेको प्रश्नमा दुई मुख्य कारण उद्धृल्लेखत गर्न सिीमित गरिएको थियो तर सन् २०२० मा चाहिँ उत्तरदातालाई बहु उत्तर दिन अनुमति दिइएको थियो । प्रश्नावली भित्र प्रश्नहरूको ढाँचामा आएको यो प्रकारको परिवर्तन पनि प्रतिशत वृद्धिको कारण हुनसक्छ । यी तीन वर्षमा स्थानीय क्षेत्रमा भएको सुधारका दुई प्रमुख कारणहरूमा आएका जवाफहरूको तुलना गर्नका लागि, सन् २०२० मा जवाफ दिने उत्तरदाताको पहिलो दुई उत्तरहरूलाई विचार र विश्लेषण गरिएको छ ।

**स्थानीय क्षेत्रको अवस्था बारेमा आशावादी हुनुका शीर्ष कारणहरू, वर्षअनुसार**




चित्र २.५.२ : प्रश्न-*B5.*(यदि 'सुध्रिँदै गएको' भन्ने उत्तर प्रश्न-*B4a* मा दिएमा) तपाईंको विचारमा गएको एक वर्षमा तपाईंको क्षेत्रमा के सुधार आएको छ ? (सं. = ५,५३९)[६]

लगातार गरिएका तीन सर्वेक्षणहरूमा सडक तथा बाटोघाटोको अवस्थामा आएको सुधार र शिक्षाको पहुँचमा वृद्धि नै स्थानीय क्षेत्रको अवस्था प्रति आशावादी हुनुका कारण बनेका छन् । सन् २०२० मा पनि यी दुबै कारणहरूलाई उत्तरदाताहरूले उच्च अनुपातमा नै उल्लेख गरेका छन् । यसमध्ये पनि सडक तथा बाटोघाटोको अवस्था राम्रो हुनु प्रायः उल्लेख गरिएको कारण रहेको छ । तीनै बर्षहरूमा गरिएको सर्वेक्षणहरूमा बाटोघाटोको अवस्थामा आएको सुधारलाई उल्लेख गर्ने उत्तरदाताहरूको संख्या केही तलमाथि देखिएको छ : जस्तो, सन् २०१७ मा यो ४०.२% रहेको थियो, सन् २०१८ मा ६५.०% र सन् २०२० मा ४४.९% रहेको छ । शिक्षामा पहुँचको कुरा चाहिँ सन् २०१७ मा र सन् २०१८ मा लगभग स्थिर (९.४%) रहेको थियो भने सन् २०२० मा बढेर १५.४% पुगेको छ । महिलाहरूको समग्र अवस्था राम्रो हुनुलाई पनि धेरै उत्तरदाताहरूले उल्लेख गरेका छन् । सन् २०१७ को (५.७%) तुलनामा सन् २०२० मा यो दोब्बर भन्दा पनि बढी (१२.१%) रहेको छ । तीनै सर्वेक्षणमा लगभग उत्तिकै संख्याका उत्तरदाताहरूले विद्युतको पहुँचमा सुधार तथा द्वन्द्व र हिंसा नहुनुलाई स्थानीय क्षेत्रको अवस्थामा आएको सुधारको रूपमा उल्लेख गरेका छन् ।

## २.६ स्थानीय स्तरका समस्या र चुनौतीहरू

**स्थानीय करमा वृद्धि, आधारभूत वस्तुहरूको बढ्दो मूल्य, अपर्याप्त खानेपानी सुविधा र काम पाउन कठिनाइ हुने जस्ता समस्यालाई उत्तरदाताहरूले स्थानीय स्तरका मुख्य समस्याको रूपमा उल्लेख गरेका छन् ।** यीमध्ये स्थानीय क्षेत्रको सबैभन्दा ठूलो समस्या भनेको स्थानीय करमा वृद्धि हुनु (४३.२%) र आधारभूत आवश्यकता र वस्तुहरूको मूल्यमा

६ सन् २०१७ र सन् २०१८ को सर्वेक्षणमा उत्तरदाताहरूलाई- गएको एक वर्षमा उनीहरूको स्थानीय क्षेत्रमाको सुध्रिंदो अवस्था बारेको प्रश्नमा दुई मुख्य कारण उद्धृतल्लेख गर्न सिमितसीमित गरिएको थियो, तर सन् २०२० मा चाहिँ उत्तरदातालाई बहु उत्तर दिन अनुमति दिइएको थियो । प्रश्नावली भित्र प्रश्नहरूको ढाँचामा आएको यो प्रकारको परिवर्तन पनि प्रतिशत वृद्धिको कारण हुनसक्छ । यी सर्वेक्षणका तीन वर्षमा स्थानीय क्षेत्रमा भएको सुधारका दुई प्रमुख कारणहरूमा आएका जवाफहरूको तुलना गर्नका लागि, सन् २०२० मा जवाफ दिने उत्तरदाताको पहिलो दुई उत्तरहरूलाई विचार र विश्लेषण गरिएको छ । सर्वेक्षणको सबै तीन वर्षमा, सडक रतथा बाटोघाटोहरूको सुधार आशावादी हुनुको सबैभन्दा धेरै सामान्य उद्धृल्लेखत गरिएको कारण थियोरहेको छ ।

वृद्धि (४२.३%) हुनु रहेको छ । त्यसपछि खानेपानीको आपूर्तिमा पर्याप्त सुधारको अभाव (३५.९%) र काम वा रोजगारी पाउन समस्या हुनु (३४.५%) लाई पनि उत्तरदाताहरूले अन्य प्रमुख समस्याको रूपमा लिएका छन् । त्यसैगरी गरिबीमा वृद्धि (२३.५%), अपर्याप्त स्वास्थ्य सेवा सुविधाहरु (२०.८%) र बिग्रिएको सडक र बाटोघाटोहरु (२०.७%) पनि स्थानीय तहमा नेपालीहरूले भोगिरहेका अन्य समस्याहरु अन्तर्गत रहेका छन् ।




*चित्र २.६.१ : प्रश्न-B6. तपाईंको विचारमा यहाँका प्रमुख स्थानीय समस्याहरु के के हुन् ? (जहाँ तपाईं बसोबास र कामको लागि धेरै समय बिताउनुहुन्छ) ? (सं. = ७,०५९) ('भन्न चाहन्न' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

**प्रमुख स्थानीय समस्याहरू बारेमा उत्तरदाताहरूको धारणाहरू प्रदेश अनुसार भिन्न भिन्नै रहेका छन् । कर वृद्धिलाई स्थानीय क्षेत्रको सबैभन्दा ठूलो समस्याको रूपमा लिने उत्तरदाताहरूको राष्ट्रिय आँकडा ४३.२०% रहेको छ ।** लुम्बिनी प्रदेशका धेरैजसो (५७.४%) उत्तरदाताहरूले स्थानीय करलाई प्रमुख समस्याको रूपमा लिएका छन् भने कर्णाली प्रदेशका २४.२% उत्तरदाताहरूले मात्र उल्लिखित कुरामा विश्वास गरेका छन् । आधारभूत आवश्यकताका वस्तुको बढ्दो मूल्यलाई ठूलो समस्याको रूपमा लिने उत्तरदाताहरूको प्रतिशत सुदूरपश्चिम प्रदेशमा (५६.२%) र गण्डकी प्रदेशमा (५४.०%) रहेको र यसको राष्ट्रिय आँकडा भने (४२.३%) रहेको छ । खानेपानीको आपूर्ति सम्बन्धी समस्याको विषयमा बागमती प्रदेश (५०.५%) र प्रदेश २ (१९.१%) को बिचमा ३१.४% अंकको फरक रहेको छ । सुदूरपश्चिम प्रदेशका (४५.४%) र कर्णाली प्रदेशका (४४.९%) उत्तरदाताहरूले पनि खानेपानीको आपूर्तिलाई उनीहरूको क्षेत्रको प्रमुख समस्याको रूपमा रहेको बताएका छन् ।

गण्डकी प्रदेशका (४७.६%) र सुदूरपश्चिम प्रदेशका (४५.९%) झण्डै आधाजसो उत्तरदाताहरूले काम खोज्दा पाउने कठिनाइलाई उनीहरूको क्षेत्रको ठूलो समस्याको रूपमा लिएका छन् । सर्वेक्षणमा सहभागी उत्तरदाताहरूमध्ये प्रदेश २ का ३८.६% उत्तरदाताहरूले गरिबी बढेको भनी बताएका छन्, भने गण्डकी प्रदेशका १५.४% ले र बागमती प्रदेशका १३.०% उत्तरदाताहरूले गरिबी बढेको उल्लेख गरेका छन् । सस्तो र पहुँचयोग्य स्वास्थ्य सेवा नहुनु पनि सबै प्रदेशहरूमा समस्याको रूपमा रहेको देखिन्छ । प्रदेशहरूमा यसको प्रतिशत राष्ट्रिय आँकडा अनुरूप नै (२०.८%) रहेको छ । लुम्बिनी प्रदेशका १२.५%, गण्डकी प्रदेशका १५.३% र प्रदेश १ का १५.८% उत्तरदाताहरूलाई सडक तथा बाटोघाटो खराब हुँदै जाँदा उनीहरूको स्थानीय क्षेत्रको अवस्था बिग्रँदै गएको भन्ने लागेको छ । सडक तथा बाटोघाटो खराब हुँदै जाँदा आफ्नो स्थानीय क्षेत्रको अवस्था बिग्रँदै गएको भन्ने लाग्ने उत्तरदाताहरूको प्रतिशत भने प्रदेश २ मा सबैभन्दा धेरै (३३.३%) रहेको छ ।

अन्य प्रदेशहरूको तुलनामा प्रदेश २ का धेरै उत्तरदाताहरूले स्थानीय विवाद र हिंसालाई स्थानीय क्षेत्रका समस्याको रूपमा लिएका छन् । यसको राष्ट्रिय आँकडा १.३% हुँदा प्रदेश २ मा भने यो दोब्बरभन्दा बढी अर्थात् २.९% रहेको छ । त्यसैगरी, स्थानीय सरकार र राजनीतिक नेतृत्वमा सुधार नहुनुलाई पनि प्रदेश २ का उत्तरदाताहरूले समस्याको रूपमा औँल्याएका छन् । यसको राष्ट्रिय आँकडा ६.४% हुँदा प्रदेश २ मा भने यो दोब्बरभन्दा बढी अर्थात् १३.४% रहेको छ । स्थानीय विद्युत आपूर्तिको सवालमा सुदूरपश्चिम प्रदेशमा समस्या देखिन्छ । यसको राष्ट्रिय आँकडा १०.७% हुँदा सुदूरपश्चिम प्रदेशका २५.०% उत्तरदाताहरूले विद्युत आपूर्तिको समस्यालाई आफ्नो स्थानीय क्षेत्रको समस्याको रूपमा अघि सारेका छन् । त्यस्तै सुदूरपश्चिम प्रदेशमै जबरजस्ती चन्दा असुलीको समस्या रहेको छ भनेर १.८% उत्तरदाताले बताएका छन्, जसको राष्ट्रिय आँकडा ०.७% रहेको छ । उचित सर्वेक्षण/मूल्यांकन विना निर्माण गरिएका सडक तथा बाटोघाटोका कारण वातावरण बिग्रिएको भनी बताउने उत्तरदाताहरूको संख्या यो प्रदेशमा ९.०% हुँदा, यसको राष्ट्रिय आँकडा भने ४.७% रहेको छ । भूकम्पपश्चात् पुनर्निर्माणलाई एक प्रमुख समस्याको रूपमा उल्लेख गर्नेहरूमा बागमती प्रदेशका ६.२% उत्तरदाताहरु रहेका छन्, जुन राष्ट्रिय आँकडा भन्दा तीन गुणाले बढी रहेको छ ।

### स्थानीय क्षेत्रका समस्या र चुनौतीहरू, प्रदेश अनुसार

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| स्थानीय कर निकै बढेको छ | ४३.२% | ४४.७% | ४८.४% | ३१.९% | ४०.०% | ५७.४% | २४.२% | ४१.९% |
| आवश्यक सरसामानको मूल्य वृद्धि भएको छ | ४२.३% | ४५.९% | ३६.५% | ३५.७% | ५४.०% | ४७.३% | २०.१% | ५६.२% |
| आवश्यकता अनुसार खानेपानीमा पर्याप्त सुधार भएको छैन | ३५.९% | २९.६% | १९.१% | ५०.५% | ३०.६% | ३८.८% | ४४.९% | ४५.४% |
| जीविकोपार्जन गर्न र काम पाउन गाह्रो छ | ३४.५% | ३७.१% | २९.१% | ३३.६% | ४७.६% | २८.६% | २९.४% | ४५.९% |
| गरिबी बढेको छ | २३.५% | १७.६% | ३८.६% | १३.०% | १५.४% | २४.५% | २५.३% | २८.५% |
| सस्तो र सुलभ स्वास्थ्य सेवामा पहुँच अपर्याप्त छ | २०.८% | २४.८% | २०.२% | १७.१% | २३.१% | २०.३% | २३.७% | २०.०% |
| बाटोघाटोको अवस्था बिग्रिएको छ | २०.७% | १५.८% | ३३.३% | २०.३% | १५.३% | १२.५% | २४.७% | २१.२% |
| स्थानीय तहमा भ्रष्टाचार बढेको छ | १७.७% | १८.३% | २८.८% | १०.४% | ११.१% | १६.६% | ११.४% | १९.८% |
| आधारभूत स्थानीय कृषि तथा पशु स्वास्थ्य सेवामा पहुँच पुगेको छैन | १२.८% | १६.२% | ९.८% | ७.२% | २१.२% | १४.३% | ९.८% | १७.१% |
| आवश्यकता अनुसार विद्युतको पर्याप्त सुधार भएको छैन | १०.७% | १२.१% | ५.८% | ५.२% | ६.२% | ७.७% | ३६.०% | २५.०% |
| आधारभूत शिक्षामा पहुँच पुगेको छैन | १०.३% | ७.५% | १४.२% | ५.४% | ९.७% | १०.४% | १५.१% | १५.१% |
| प्राकृतिक प्रकोप जस्तै : बाढी पहिरोले दुःख दिएको छ | ९.०% | ८.८% | १०.८% | ११.२% | १.७% | ५.५% | ९.२% | १३.२% |
| मदिरा सेवनको वृद्धिले झै-झगडा भएको छ | ८.१% | ६.७% | ६.४% | ६.१% | ५.८% | १०.७% | १०.८% | १४.०% |
| आधारभूत स्थानीय स्वास्थ्य सेवामा स्थानीय व्यक्तिको पहुँच पुगेको छैन | ७.३% | ७.५% | ५.१% | ७.०% | १०.१% | ७.९% | ४.३% | १०.५% |

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| स्थानीय सरकार र पार्टी नेतृत्वमा अझै सुधार आएको छैन | ६.४% | ४.५% | १३.४% | ४.१% | २.६% | ५.१% | २.१% | ७.९% |
| विना सर्वे तयार पारिएको सडकले वातावरणीय अवस्था बिग्रिएको छ | ४.७% | ३.७% | ३.०% | ३.४% | ६.२% | ६.९% | १.६% | ९.०% |
| भूकम्पले भत्काएका संरचनाको निर्माण कार्य अझै राम्रोसँग अघि बढेको छैन | १.९% | ०.७% | ०.६% | ६.२% | ३.६% | ०.३% | ०.०% | ०.५% |
| सिंचाइको अभाव छ | १.४% | ०.३% | ०.९% | २.५% | ०.१% | २.५% | ०.६% | १.४% |
| स्थानीय तहमा विवाद र हिंसा बढेको छ | १.३% | ०.६% | २.९% | ०.८% | ०.६% | ०.७% | ०.३% | २.६% |
| हिंसात्मक गतिविधिमा वृद्धि भएको छ | १.२% | ०.६% | २.७% | ०.७% | ०.५% | ०.५% | १.३% | २.०% |
| चन्दा आतंकमा वृद्धि भएको छ | ०.७% | ०.१% | १.३% | ०.१% | ०.६% | ०.९% | ०.५% | १.८% |
| जंगली जनावर (हात्ति, बाँदर, दुम्सी आदि) ले सताएका छन् | ०.६% | ०.५% | ०.२% | ०.१% | ०.८% | २.१% | ०.१% | ०.३% |
| भूमि स्वामित्वको कुनै कागजात छैन | ०.२% | ०.०% | ०.०% | ०.४% | ०.१% | ०.३% | ०.९% | ०.२% |
| खेलकुँदका सरसामानको अभाव छ | ०.१% | ०.१% | ०.०% | ०.१% | ०.२% | ०.५% | ०.०% | ०.०% |
| बैंक छैन, नेपाल टेलिकम/एनसेलको टावर राम्रो छैन | ०.१% | ०.०% | ०.०% | ०.१% | ०.०% | ०.४% | ०.५% | ०.१% |
| थाहा छैन/भन्न सक्दिन | ०.७% | ०.३% | ०.१% | ०.७% | १.४% | १.६% | ०.६% | ०.१% |

*तालिका २.६.१ : प्रश्न-B6. तपाईंको विचारमा यहाँका प्रमुख स्थानीय समस्याहरु के के हुन् ? (जहाँ तपाई बसोबास र कामको लागि धेरै समय बिताउनुहुन्छ) ? (सं. =७,०५९) ('भन्न चाहन्न' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

**लगातार तीन वर्षमा गरिएका सर्वेक्षणमा प्रायजसो उल्लेख गरिएका मुख्य तीन स्थानीय समस्याहरूमा सडक/बाटोघाटोको बिग्रिएको अवस्था, अपर्याप्त खानेपानी आपूर्ति र काम पाउन कठिनाइ जस्ता विषयहरू समावेश छन् ।** यिनीहरूमध्ये सडक/बाटोघाटोहरूको बिग्रँदो अवस्था प्रमुख स्थानीय समस्याको रूपमा रहेको छ । यसको आँकडा तीनओटा सर्वेक्षणहरूमा तलमाथि भएको देखिन्छ, यो आँकडा सन् २०१७ मा उल्लेख गरिएको ५१.४% बाट घटेर सन् २०१८ मा ३४.८% मा झरेको र सन् २०२० मा १४.२% पुगेको देखिन्छ । कर वृद्धि हुनुलाई स्थानीय क्षेत्रको समस्याको रूपमा उल्लेख गर्ने उत्तरदाताहरूको प्रतिशत सन् २०१७ मा रहेको ३.७% बाट वृद्धि भई सन् २०१८ मा १६.०% हुँदै सन् २०२० मा भने २८.२% पुगेको छ । त्यस्तै आधारभूत आवश्यकताका वस्तु र सामानको मूल्य वृद्धिलाई समस्याको रूपमा उल्लेख गर्ने उत्तरदाताहरु सन् २०१७ मा रहेको ७.८% बाट क्रमशः बढेर सन् २०१८ मा १६.५% र सन् २०२० मा २६.६% पुगेका छन् । स्थानीय क्षेत्रमा काम पाउन गाह्रो हुनुलाई मुख्य समस्या ठान्ने उत्तरदाताहरु पनि क्रमशः बढेका छन्, जस्तो- सन् २०१७ मा उनीहरूको संख्या १७.०% मा रहेको र यो बढेर, सन् २०१८ मा २४.०% हुँदै सन् २०२० मा २३.४% पुगेको छ ।

**स्थानीय क्षेत्रमा रहेका समस्या र चुनौतीहरू, वर्षअनुसार**




*चित्र २.६.२ : प्रश्न-B6. तपाईंको विचारमा यहाँका प्रमुख स्थानीय समस्याहरु के के हुन् ? (जहाँ तपाईं बसोबास र कामको लागि धेरै समय विताउनुहुन्छ) ? (सं.=७,०५९) ('भन्न चाहन्न' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*[७]

## *स्थानीय क्षेत्रमा अपेक्षित परिवर्तनहरू*

सर्वेक्षण शृंखलामा पहिलो पटक, सन् २०२० मा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, भौतिक, शैक्षिक र वातावरणीय अवस्था बारेमा आफ्नो स्थानीय क्षेत्रमा के कस्ता परिवर्तनहरु देख्न चाहनुहुन्छ, भनी उत्तरदाताको अपेक्षालाई जान्न खोजिएको थियो । यस क्रममा उत्तरदाताहरूलाई एकभन्दा बढी उत्तर दिन अनुमति दिइएको थियो ।

**स्थानीय क्षेत्रको विकासको बारेमा उत्तरदाताहरूको साझा अपेक्षा निम्न विषयसँग सम्बन्धित थियो, जस्तो : रोजगारीका अवसरमा वृद्धि होस (७४.२%), सडकको उचित व्यवस्थापन होस (५४.८%), पर्याप्त खानेपानीको सुविधा होस (४०.९%), पर्याप्त सिंचाईंको सुविधा होस (३३.०%) र कृषि तथा पशुपालनका सेवाहरूमा वृद्धि होस (३१.६%) ।** एक प्रतिशत भन्दा कम उत्तरदाताहरूको अपेक्षाः उच्च शिक्षामा पहुँच (०.८%), भूमि स्वामित्व सम्बन्धि कागजात पाउन (०.५%), स्वास्थ्य सेवामा पहुँच (०.४%), कम कर तिर्न (०.१%) वा कम भ्रष्टाचार (०.१%) सँग सम्बन्धित रहेको देखिएको छ । (थप विवरणका लागि, चित्र २.६.३ हेर्नुहोस्)

७ सन् २०१७ र सन् २०१८ को सर्वेक्षणमा उत्तरदाताहरूलाई गएको एक वर्षमा उनीहरूको स्थानीय क्षेत्रका मुख्य समस्या बारेको प्रश्नमा दुई मुख्य कारण उद्धृत गर्न सीमित गरिएको थियो तर सन् २०२० मा चाहिँ उत्तरदातालाई बहु उत्तर दिन अनुमति दिइएको थियो । प्रश्नावली भित्र प्रश्नहरूको ढाँचामा आएको यो प्रकारको परिवर्तन पनि प्रतिशत वृद्धिको कारण हुनसक्छ । यी तीन वर्षमा स्थानीय क्षेत्रमा देखिएका मुख्य समस्याका दुई प्रमुख कारणहरूमा आएका जवाफहरूको तुलना गर्नका लागि, सन् २०२० मा जवाफ दिने उत्तरदाताको पहिलो दुई उत्तरहरूलाई विचार र विश्लेषण गरिएको छ ।




*चित्र २.६.३ : प्रश्न-B6A. समग्र अवस्थामा तपाईं बसेको गाउँपालिका/नगरपालिकामा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, भौतिक पूर्वाधार, शिक्षा, वातावरण र अरू क्षेत्रमा के परिवर्तनहरु देख्न चाहनुहुन्छ ? (सं. = ७,०६०)*

स्थानीय क्षेत्रमा अपेक्षा गरिएको परिवर्तनको सन्दर्भमा उत्तरदाताहरूको जवाफ प्रदेश अनुसार भिन्नाभिन्नै रहेको छ । पाँच मध्ये करिब चारजना अर्थात, सुदूरपश्चिम प्रदेशका (८७.६%), त्यसपछि, गण्डकी प्रदेशका (८१.८%), प्रदेश २ का (८०.३%), लुम्बिनी प्रदेशका (७९.५%) उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा रोजगारीका अवसरहरूमा वृद्धि होस भनी आशा गरेका छन् । रोजगारीका अवसरमा वृद्धि होस भनेर आशा राख्ने उत्तरदाताहरूको राष्ट्रिय आँकडा ७४.२% को तुलनामा बागमती प्रदेशका (५८.१%), कर्णाली प्रदेशका (६९.२%) र प्रदेश १ का (७१.०%) उत्तरदाताहरूको प्रतिशत कम रहेको छ ।

सुदूरपश्चिम प्रदेशका (७१.५%), प्रदेश २ का (६३.०%) र कर्णाली प्रदेशका (६२.१%) उत्तरदाताहरूले स्थानीय क्षेत्रमा सडकको उचित व्यवस्थापनको अपेक्षा राखेका छन् भने बागमती प्रदेशमा सबैभन्दा कम अर्थात् (४६.२%) उत्तरदाताहरूले यस्तो अपेक्षा राख्दछन् । खानेपानी सुविधाको उचित व्यवस्थापन होस भन्ने उत्तरदाताहरूको प्रतिशत सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा (५४.२%), त्यसपछि लुम्बिनी प्रदेशमा (५३.०%) र बागमती प्रदेशमा (५२.३%) रहेको छ । सुदूरपश्चिमका (५३.६%) र कर्णाली प्रदेशका (४२.०%) उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा अन्यत्र भन्दा सिंचाई सुविधाको उचित व्यवस्थापन होस भनेर अपेक्षा गरेका छन् साथै यस क्षेत्रका अधिक उत्तरदाताहरूले यातायात सुविधाको उचित व्यवस्थापनको अपेक्षा पनि गरेका छन् । अन्यत्र भन्दा धेरै लुम्बिनी प्रदेशका उत्तरदाताहरूले कृषि/पशुधन (४६.२%) र उत्पादकत्व (२५.८%) मा सुधार होस भनेर चाहना राखेका छन् । प्रदेश २ का (३९.८%) र लुम्बिनी प्रदेशका (३०.५%) उत्तरदाताहरूले ढल तथा पानी निकासको उचित व्यवस्थापनको अपेक्षा गरेका छन् । त्यस्तै, कर्णाली प्रदेशका (५२.६%) र सुदूरपश्चिम प्रदेशका (४४.०%) धेरै मानिसहरूले अन्यत्रको तुलनामा विद्युत आपूर्तिको उचित व्यवस्थापनको बढी अपेक्षा गरेका छन् ।

**स्थानीय क्षेत्रमा परिवर्तनको आशा, प्रदेशअनुसार**

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| रोजगारीको बढी अवसर होस | ७४.२% | ७१.०% | ८०.३% | ५८.१% | ८१.८% | ७९.५% | ६९.२% | ८७.६% |
| बाटोघाटो/सडकको उचित व्यवस्थापन होस | ५४.८% | ४७.७% | ६३.०% | ४६.२% | ५१.१% | ५२.६% | ६२.१% | ७१.५% |
| खानेपानीको उचित व्यवस्थापन होस | ४०.९% | ३३.१% | २०.४% | ५२.३% | ३३.७% | ५३.०% | ४७.५% | ५४.२% |
| सिंचाईको उचित व्यवस्थापन होस | ३३.०% | ३६.०% | ३५.७% | १८.४% | १३.८% | ३८.९% | ४२.०% | ५३.६% |
| पशु सेवामा वृद्धि होस | ३१.६% | ३९.८% | २५.५% | १८.६% | ३५.१% | ४६.२% | २३.९% | ३२.१% |
| यातायातको उचित व्यवस्थापन होस | २५.६% | २६.७% | १५.३% | १७.०% | २९.५% | २८.५% | ४१.४% | ४६.०% |
| ढल/पानी निकासको उचित व्यवस्थापन होस | २२.६% | १२.८% | ३९.८% | २२.९% | ७.५% | ३०.५% | ५.२% | ११.६% |
| उब्जनीको वृद्धि होस | १९.९% | २३.०% | १७.३% | १४.८% | २१.०% | २५.८% | १२.६% | २३.३% |
| विद्युतको उचित व्यवस्थापन होस | १९.८% | २१.२% | १६.४% | ७.६% | ९.०% | १८.२% | ५२.६% | ४४.०% |
| स्थानीय बजार र हाटबजारको उचित व्यवस्थापन होस | १७.९% | २१.८% | १८.८% | ७.३% | २७.०% | २१.८% | ७.०% | २३.०% |
| जेष्ठ नागरिक, फरक तरिकाले सक्षम व्यक्तिको संरक्षण होस | १७.२% | २०.९% | २०.०% | ९.८% | १४.५% | २२.५% | ६.४% | १९.९% |
| फोहरको उचित व्यवस्थापन होस | १६.२% | ९.०% | २०.४% | १९.५% | ५.३% | २५.४% | ३.७% | १२.६% |
| शान्ति आओस | १२.०% | ७.८% | २०.२% | ५.५% | ६.८% | १३.०% | ४.८% | २२.९% |
| गाडि भाडा, विद्यालय पोशाक र अन्य विद्यालय खर्च गाउँपालिका/नगरपालिकाले प्रदान गरोस | ८.३% | ७.५% | ११.३% | २.८% | ७.०% | ११.१% | ४.६% | १३.२% |
| स्थानीय चुनावबाट चुनिएर आएका प्रतिनिधिले सकारात्मक परिवर्तन ल्याओस | ८.२% | १२.२% | ६.५% | ८.६% | ६.६% | ६.७% | ४.३% | १०.९% |
| विपदको उचित व्यवस्थापन होस | ७.१% | ११.५% | ६.९% | ६.१% | २.८% | ३.९% | ३.१% | १४.१% |
| टेलिफोनको उचित व्यवस्थापन होस | ६.२% | ६.३% | ४.६% | ०.९% | २.२% | ८.२% | १०.८% | १७.८% |
| धार्मिक स्थलहरूको संरक्षण होस | ५.८% | २.९% | ५.०% | ३.८% | ३.८% | ८.०% | ३.३% | १६.२% |
| हिंसा र द्वन्द्व नहोस | ५.४% | ४.५% | ६.७% | ३.६% | १.६% | ६.७% | २.२% | १०.५% |
| सामुदायिक स्थानहरूको संरक्षण होस | ५.२% | ६.९% | ५.४% | ३.३% | ५.३% | ५.०% | २.३% | ८.०% |
| स्थानीय सरकार र पार्टी नेतृत्वमा सुधार आओस | ४.०% | ४.३% | २.८% | २.७% | ३.५% | ४.२% | २.५% | १०.२% |
| स्थानीय धार्मिक, सांस्कृतिक अवस्था मजबुत होस | ३.५% | ४.०% | २.५% | २.८% | ३.७% | २.९% | २.८% | ७.६% |

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| सरकार र पार्टी नेतृत्वमा स्थिरता आओस | ३.१% | ३.८% | ३.३% | २.३% | २.३% | १.९% | १.३% | ७.५% |
| स्थानीय सांस्कृतिक क्रियाकलापमा स्थानीय सरकारले लगानी गरोस | २.९% | १.४% | २.२% | ०.५% | १.३% | ६.३% | १.३% | ७.९% |
| उच्च शिक्षामा पहुँच होस | ०.८% | १.३% | १.५% | ०.६% | ०.२% | ०.४% | ०.५% | ०.७% |
| भूमि स्वामित्वको कागजात प्राप्त होस | ०.५% | ०.१% | ०.१% | ०.२% | ०.०% | १.८% | ०.९% | ०.२% |
| स्वास्थ्य सेवामा पहुँच होस | ०.४% | ०.०% | ०.२% | ०.६% | १.१% | ०.३% | ०.४% | ०.८% |
| जंगली जनावरको नियन्त्रण होस | ०.३% | ०.०% | ०.०% | ०.०% | ०.३% | १.६% | ०.२% | ०.०% |
| बैंक तथा टेलिफोन सेवामा पहुँच होस | ०.१% | ०.२% | ०.१% | ०.३% | ०.०% | ०.१% | ०.०% | ०.०% |
| कर कमी होस | ०.१% | ०.२% | ०.०% | ०.१% | ०.३% | ०.०% | ०.०% | ०.०% |
| भ्रष्टाचार नहोस | ०.१% | ०.०% | ०.१% | ०.०% | ०.१% | ०.०% | ०.०% | ०.२% |
| थाहा छैन/भन्न सक्दिन | ०.१% | ०.०% | ०.०% | ०.३% | ०.२% | ०.०% | ०.१% | ०.०% |

*तालिका २.६.२ : प्रश्न-B6A. समग्र अवस्थामा तपाईं बसेको गाउँपालिका/नगरपालिकामा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, भौतिक पूर्वाधार, शिक्षा, वातावरण र अरू क्षेत्रमा के परिवर्तनहरु देख्न चाहनुहुन्छ ? (सं. =७,०६०)*

## २.७ घर परिवारको अवस्था

सन् २०२० को यस सर्वेक्षणमा घरपरिवारको आर्थिक अवस्था, शारीरिक अवस्था, स्वास्थ्य र समुदाय तथा राज्य–नागरिक बीचको सम्बन्धमा केही प्रश्नहरु समावेश गरिएको थियो । साथै यसले गत बर्षको तुलनामा विद्युत र खानेपानीको पहुँचको सम्बन्धमा पनि उत्तरदाताहरूको प्रतिक्रिया खोजेको थियो ।

यस सम्बन्धमा, गएको एक वर्षलाई सम्झन अनुरोध गर्दै उत्तरदाताहरूलाई सात ओटा भनाईहरु पढेर सुनाइएको थियो, यी भनाईहरूलाई उनीहरूले १ देखि ३ सम्मको अंक प्रयोगगरी मापन गर्न सक्दथे । जहाँ १ ले 'सुध्रिएको', २ ले 'उस्तै' र ३ ले 'बिग्रिएको' जनाउँदथ्यो । सन् २०१८ को तुलनामा सन् २०२० मा ४८.७% उत्तरदाताहरूले विद्युतमा उनीहरूको पहुँच सुध्रिएको बताएका छन्, साथै उनीहरूले आफ्नो घरपरिवारको आर्थिक अवस्था (४१.८%), समुदायका अन्य व्यक्तिहरूसँगको सम्बन्ध (३९.२%), स्थानीय सरकार र सरोकारवालाहरूसँगको सम्बन्ध (३२.२%), परिवारका सदस्यहरूको स्वास्थ्य अवस्था (३२.७%), उनीहरूको घर/बस्ने ठाउँको भौतिक अवस्था (३०.५%) र खानेपानीको पहुँच (२८.१%) सुध्रिएको बताएका छन् ।

**घर परिवारको अवस्था**

| कथन | सुध्रिएको छ | | | उस्तै छ | | | बिग्रिएको छ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०१७ | सन् २०१८ | सन् २०२० |
| घरको आर्थिक अवस्था | ३१.८% | २९.२% | ४१.८% | ५५.८% | ६३% | ५१.४% | १२.४% | ७.८% | ६.७% |
| घर/बासस्थानको भौतिक अवस्था | २०.०% | १९.२% | ३०.५% | ७१.५% | ७७.२% | ६६.७% | ८.५% | ३.६% | २.८% |
| घरका सदस्यहरूको स्वास्थ्य अवस्था | २१.४% | १९.१% | ३२.७% | ६३.९% | ७०.६% | ५७.७% | १४.६% | १०.१% | ९.६% |
| समुदायका अन्य मानिसहरूसँगको सम्बन्ध | ३०.०% | २५.२% | ३९.२% | ६८% | ७३.४% | ५९.९% | १.९% | १.२% | ०.९% |
| स्थानीय सरकार र सरोकारवालासँगको सम्बन्ध | २०.२% | १७.७% | ३२.२% | ७२.९% | ७९.३% | ६६.५% | २.७% | ३.०% | १.३% |
| विद्युत आपूर्तिको पहुँच | ३४.१% | ३४.३% | ४८.७% | ५०.५% | ५९.६% | ४८.५% | १४.८% | ६.२% | २.७% |
| खानेपानीको पहुँच | १५.८% | २२.१% | २८.१% | ६३.१% | ६९.६% | ६३.०% | २०.४% | ८.३% | ८.९% |

*तालिका २.७.१ : प्रश्न-B7. म तपाईंलाई तपाईंको घरको अवस्था बारेमा सोच्न अनुरोध गर्दछु । गएको एक वर्ष र अहिलेको अवस्थालाई तुलना गर्दा तपाईंको घरको अवस्था निम्नानुसार, 'सुध्रिएको छ', 'उस्तै छ' वा 'बिग्रिएको छ' कस्तो लाग्छ ? (सं. =७,०६०)*

सर्वेक्षणमा सहभागी भएका उत्तरदाताहरु मध्ये करिब दुई तिहाइले गएको एक वर्ष र अहिलेको अवस्थासँग तुलना गर्दा, आफ्नो घर/बसोबास गरेको ठाउँको भौतिक पूर्वाधारको अवस्था (६६.७%), स्थानीय सरकार र कर्मचारीहरूसँगको सम्बन्ध (६६.५%) मा कुनै परिवर्तन नभएको बताएका छन् । त्यस्तै, पाँचमध्ये करिब तीन जना उत्तरदाताहरूले पनि खानेपानीमा पहुँच (६३.०%), परिवारका सदस्यको स्वास्थ्य अवस्था (५७.७%), समुदायका अन्य व्यक्तिसँगको सम्बन्धमा (५९.९%), गएको वर्षका तुलनामा कुनै परिवर्तन नभएको बताएका छन् । अर्कोतर्फ, सर्वेक्षणमा सहभागी ९.६% ले उनीहरूको परिवारका सदस्यहरूको पारिवारीक स्वास्थ्य अवस्था गतवर्ष भन्दा बिग्रँदै गएको बताएका छन् । सन् २०२० मा थोरै व्यक्तिहरु (२.८%) ले उनीहरूको घर/बसोबास गरेको ठाउँको भौतिक अवस्था गत वर्षभन्दा बिग्रँदै गएको बताएका छन्, जबकि यसको आँकडा सन् २०१७ मा ८.५% रहेको थियो । त्यस्तै थोरै उत्तरदाताहरु (२.७%) ले उनीहरूको विद्युतमा पहुँच गतवर्ष भन्दा बिग्रँदै गएको बताएका छन्, सन् २०१७ मा भने १४.८% उत्तरदाताहरूले यस प्रकारको जवाफ दिएका थिए ।

**घर परिवारको अवस्था, प्रदेशअनुसार**

| कथन | | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूर पश्चिम प्रदेश |
| घरको आर्थिक अवस्था | सुध्रिएको | ४१.८% | २८.७% | ५५.२% | २९.९% | ३९.२% | ५५.६% | ४२.१% | ३९.१% |
| | उस्तै | ५१.४% | ६४.३% | ३९.७% | ६२.१% | ५५.४% | ४०.१% | ४६.५% | ५०.९% |
| | बिग्रिएको | ६.७% | ७.०% | ५.०% | ८.०% | ५.४% | ४.३% | ११.४% | १०.०% |
| घर/बासस्थानको भौतिक अवस्था | सुध्रिएको | ३०.५% | २०.९% | ३७.२% | २४.४% | २३.७% | ४३.६% | २८.९% | २८.७% |
| | उस्तै | ६६.७% | ७५.४% | ६०.६% | ७२.६% | ७४.७% | ५४.३% | ६८.६% | ६६.५% |
| | बिग्रिएको | २.८% | ३.७% | २.२% | २.९% | १.५% | २.१% | २.५% | ४.९% |
| घरका सदस्यहरूको स्वास्थ्यको अवस्था | सुध्रिएको | ३२.७% | १७.४% | ४१.५% | १८.९% | ३२.७% | ५१.८% | ३२.८% | ३५.५% |
| | उस्तै | ५७.७% | ७२.०% | ५०.५% | ६९.८% | ५९.२% | ४०.६% | ५३.६% | ५४.८% |
| | बिग्रिएको | ९.६% | १०.७% | ८.०% | ११.३% | ८.१% | ७.६% | १३.६% | ९.७% |
| समुदायका अन्य मानिसहरूसँगको सम्बन्ध | सुध्रिएको | ३९.२% | २५.६% | ४६.१% | १८.६% | ३८.०% | ६४.८% | ४३.३% | ४४.५% |
| | उस्तै | ५९.९% | ७३.१% | ५३.०% | ८०.७% | ६१.४% | ३४.९% | ५४.२% | ५४.९% |
| | बिग्रिएको | ०.९% | १.३% | ०.९% | ०.७% | ०.७% | ०.३% | २.५% | ०.६% |
| स्थानीय सरकार र सरोकारवालासँगको सम्बन्ध | सुध्रिएको | ३२.२% | २०.३% | ४२.४% | १२.८% | ३३.४% | ५१.८% | ३२.९% | ३५.८% |
| | उस्तै | ६६.५% | ७८.२% | ५६.१% | ८६.७% | ६५.८% | ४७.०% | ६३.६% | ६२.३% |
| | बिग्रिएको | १.३% | १.५% | १.५% | ०.६% | ०.९% | १.३% | ३.५% | १.९% |
| विद्युत आपूर्तिको पहुँच | सुध्रिएको | ४८.७% | २९.७% | ५६.७% | ५५.०% | ५३.७% | ५९.७% | ३०.२% | ३८.९% |
| | उस्तै | ४८.५% | ६७.२% | ४१.५% | ४३.३% | ४४.९% | ३८.७% | ५७.२% | ५७.७% |
| | बिग्रिएको | २.७% | ३.१% | १.७% | १.७% | १.४% | १.७% | १२.६% | ३.४% |
| खानेपानीको पहुँच | सुध्रिएको | २८.१% | २१.६% | २७.०% | १७.८% | ४४.२% | ३८.०% | २९.१% | ३१.१% |
| | उस्तै | ६३.०% | ७३.८% | ६७.९% | ६४.१% | ४९.९% | ५३.९% | ६४.२% | ५८.४% |
| | बिग्रिएको | ८.९% | ४.६% | ५.०% | १८.१% | ५.९% | ८.२% | ६.७% | १०.४% |

*तालिका २.७.२ : प्रश्न-B7. म तपाईंलाई तपाईंको घरको अवस्था बारेमा सोच्न अनुरोध गर्दछु । गएको एक वर्ष र अहिलेको अवस्थालाई तुलना गर्दा तपाईंको घरको अवस्था निम्नानुसार, 'सुध्रिएको छ', 'उस्तै छ' वा 'बिग्रिएको छ' कस्तो छ ? (सं. =७,०६०)*

**आफ्नो घरपरिवारको अवस्थाबारे उत्तरदाताहरूको उत्तरहरूमा प्रदेश अनुसार केही भिन्नता देखिएको छ ।** लुम्बिनी प्रदेश र प्रदेश २ का बासिन्दाहरूले उनीहरूको घर परिवारको आर्थिक अवस्था गत वर्षभन्दा (क्रमशः ५५.६% र ५५.२%) सुधार भएको बताएका छन्, यो अरू प्रदेश तथा राष्ट्रिय औसत (४१.८%) भन्दा राम्रो देखिएको छ । अर्कोतर्फ, प्रदेश १ का २८.७% र बागमती प्रदेशका २९.९% उत्तरदाताहरूले आफ्नो घरपरिवारको आर्थिक अवस्थामा गत वर्षभन्दा सुधार भएको जनाएका छन् । प्रदेशहरूमध्ये गत वर्षमा तुलनात्मक रूपमा आफ्नो घरपरिवारको आर्थिक अवस्था बिग्रिएको भनी उल्लेख गर्ने उत्तरदाताहरु बढी प्रतिशतमा कर्णाली प्रदेशमा (११.४%) र सुदूरपश्चिम प्रदेशमा (१०.०%) रहेको देखिएको छ ।

लुम्बिनी प्रदेशमा सबैभन्दा बढी (५१.८%) उत्तरदाताले उनीहरूको परिवारका सदस्यको पारिवारीक स्वास्थ्य अवस्थामा सुधार भएको बताएका छन् । त्यसैगरी उनीहरूले समुदायका अन्य व्यक्तिहरु सँगको सम्बन्ध राम्रो भएको (६४.८%) र स्थानीय सरकार तथा कर्मचारीसँगको सम्बन्ध पनि राम्रो भएको (५१.८%) बताएका छन् । राष्ट्रिय औसत ३२.२% सँग तुलना गरेर हेर्ने हो भने, लुम्बिनी प्रदेशका आधाभन्दा धेरै (५१.८%) उत्तरदाताहरूले गएको एक वर्षमा स्थानीय सरकारी निकायसँग उनीहरूको सम्बन्ध सुधार भएको उल्लेख गरेका छन्, त्यसपछि क्रमशः प्रदेश २ (४२.४%), सुदूरपश्चिम प्रदेश (३५.८%), गण्डकी प्रदेश (३३.४%) र कर्णाली प्रदेश (३२.९%) का उत्तरदाताहरु रहेका छन् । अर्कोतर्फ, सबैभन्दा कम बागमती प्रदेशका १२.८% र प्रदेश १ का २०.३% उत्तरदाताहरूले भने गएको एक वर्षमा स्थानीय सरकारी निकायसँग उनीहरूको सम्बन्ध सुधार भएको उल्लेख गरेका छन् ।

**लुम्बिनी प्रदेश र प्रदेश २ का उत्तरदाताहरू (क्रमशः ५९.७% र ५६.७%) ले गत वर्षको तुलनामा उनीहरूको विद्युतको पहुँचमा सुधार भएको भनी बताएका छन्, जुन राष्ट्रिय औसत (४८.७%) को तुलनामा बढी रहेको छ ।** नगरपालिकामा बसोबास गर्ने आधाभन्दा बढी उत्तरदाताहरु (५१.१%) ले गत वर्षमा विद्युतको पहुँचमा सुधार भएको बताएका छन् ।

नगरपालिकामा बसोबास गरिरहेका नेपालीहरु (३७.२%) भन्दा गाउँपालिकामा रहेका (४२.८%) नेपालीहरूले उनीहरूको अरू समुदायसँगको सम्बन्धमा सुधार भएको बताएका छन् । साथै तराई क्षेत्रका ४९.३% उत्तरदाताहरूले अन्य समुदायका सदस्यसँगको सम्बन्धमा सुधार भएको बताएका छन्, जुन राष्ट्रिय औसत (३९.२%) भन्दा बढी रहेको छ । हिमाली क्षेत्रका ३१.५% र पहाडी क्षेत्रका २८.७% उत्तरदाताहरूले गत वर्षको तुलनामा अन्तर समूह सम्बन्धमा सुधार भएको विश्वास गरेका छन् । राष्ट्रिय आँकडा (४१.८%) को तुलनामा तराईका (५१.०%) उत्तरदाताहरूले उनीहरूको घर परिवारको आर्थिक अवस्था सुध्रिएको छ भनी बढी उल्लेख गरेका छन् । अन्य जाति/जनजातिको तुलनामा मधेशी जाति (तह १) समूहका धेरै उत्तरदाताहरूले यस वर्ष उनीहरूको घरपरिवारको समग्र पक्षमा सुधार भएको छ भनी बताएका छन् ।

**उच्च शिक्षा हासिल गरेका उत्तरदाताहरूले आफ्नो घर परिवारको आर्थिक अवस्थामा सबैभन्दा बढी सुधार भएको बताएका छन् ।** शैक्षिक समूह/आय समूह र आफ्नो घर परिवारको आर्थिक अवस्था राम्रो छ भनी उल्लेख गर्ने बीच सीधा सम्बन्ध रहेको देखिन्छ । उच्च शिक्षा (स्नातक तह वा सो भन्दा माथि) हासिल गरेका लगभग आधा (४८.७%) उत्तरदाताहरूले उनीहरूको आर्थिक अवस्था गत वर्षको भन्दा राम्रै हुँदै गएको बताएका छन् । अर्कोतर्फ निम्न आय भएका सर्वेक्षणमा सहभागी नेपालीहरूमध्ये, ३९.९% ले मात्र घरको आर्थिक अवस्थामा सुधार भएको बताएका छन् ।

पहाडी दलित (३१.३%) ले गत वर्षको तुलनामा उनीहरूको खानेपानीमा पहुँच बढेको बताएका छन्- यो राष्ट्रिय आँकडा (२८.१%) भन्दा ३.२% अन्तरले बढी देखिएको छ । जाति/जातीय समूहहरूमध्ये पहाडी आदिवासी/जनजाति समूहका २३.५% उत्तरदाताहरूले अरु जाति/जातीय समूहहरु भन्दा कम संख्यामा उनीहरूको परिवारका सदस्यको स्वास्थ्य र कल्याणमा सुधार भएको भनी उल्लेख गरेका छन् । त्यसैगरी २८.२% ले अन्य समुदायका सदस्यहरु सँगको सम्बन्ध सुध्रिएको तथा २२.०% ले स्थानीय सरकार र उनीहरूका कर्मचारीसँग सम्बन्ध सुध्रिएका बताएका छन् ।

## २.८ घर परिवारका अनुभवहरू

सन् २०२० को सर्वेक्षणले उत्तरदाताहरूसँग तीनओटा अन्तरसम्बन्धित प्रश्नहरूको जवाफ खोजेको थियो । यी प्रश्नहरूमा गएको एक वर्षमा पैसा नभएको कारण, उत्तरदाताहरूले खाना छाड्नुपरेको थियो वा औषधी उपचार गर्न पाएका थिएनन् अथवा बच्चालाई विद्यालय पठाउन पाएका थिएनन्, भनी सोधिएको थियो । यी प्रश्नहरु सन् २०१८ को सर्वेक्षणमा पनि सोधिएको थियो, सन् २०१७ मा भने यी प्रश्नहरु सोधिएको थिएन । यसपालीको सर्वेक्षणमा उल्लिखित प्रश्नका प्रत्येक कथनहरु पढेर सुनाइएको थियो र उत्तरदातालाई 'सधैजसो', 'प्रायःजसो' र 'कहिलेकाहीँ' वा 'त्यस्तो कहिल्यै भएन' भनेर जवाफ दिन भनिएको थियो ।

**उत्तरदाताको धेरै संख्याले उल्लिखितमध्ये कुनैपनि अवस्था कहिल्यै भोग्नु नपरेको भनेर बताएका छन् । सर्वेक्षणमा सहभागी उत्तरदाताहरूमध्ये ६.०% उत्तरदाताहरूले भने उनीहरू वा उनीहरूको घरपरिवारले पैसाको अभावमा 'कहिलेकाहीँ' छाक छोडेको बताएका छन् ।** यसैगरी १४.२% उत्तरदाताहरूले गएको एक वर्षमा पैसाको अभावको कारण 'कहिलेकाहीँ' स्वास्थ्य उपचार वा औषधी किन्नबाट बञ्चित हुनुपरेको बताएका छन् । त्यस्तै, ९.८% उत्तरदाताहरूले उनीहरूको बच्चाहरूलाई विद्यालयको शुल्क तिर्न आर्थिक स्रोत नहुँदा 'कहिलेकाहीँ' स्कूल पठाउन नसकेको बताएका छन् । यसैगरी सन् २०२० मा १.३% उत्तरदाताले पैसा नभएको कारण उनीहरु 'प्रायजसो' स्वास्थ्य उपचार वा औषधी विना नै बसिरहेको भनी बताएका छन् र १.०% ले पैसा नभएको कारण 'प्रायजसो' आफ्ना बच्चाहरूलाई विद्यालय पठाउन असमर्थ रहेको भनी बताएका छन् ।

### घर परिवारका अनुभवहरू

| कथन | सधैजसो | प्रायजसो | कहिलेकाहीँ | कहिल्यै भएन |
|---|---|---|---|---|
| पैसा नभएको कारण खाना किन्न नपाएर खाना नखाएको *(सं. = ७०६०)* | ०.०% | ०.०% | ६.०% | ९४.०% |
| पैसा नभएको कारण औषधी उपचार गर्न नपाएको *(सं. = ७०४१)* | ०.०% | १.३% | १४.२% | ८४.५% |
| पैसा नभएको कारण बालबालिकालाई विद्यालय पठाउन नपाएको *(सं. = ६५३४)* | ०.०% | १.०% | ९.८% | ८९.२% |

*तालिका २.८.१ : प्रश्न-B8a-c. गत १२ महिनालाई सम्झेर भन्नुपर्दा, तपाईं वा तपाईंको घर परिवारले तल उल्लिखित कुराहरु कत्तिको सामना गर्नुपर्‍यो ? पैसा नभएको कारण खाना किन्न नपाएर खाना नखाएको, पैसा नभएको कारण औषधि उपचार गर्न नपाएको र पैसा नभएको कारण बच्चाहरूलाई विद्यालय पठाउन नपाएको । ('लागु नहुने' र 'भन्न चाहन्न' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

**सर्वेक्षणका विभिन्न वर्षहरूमा यी प्रश्नको जवाफमा भने खासै फरक पाइएको छैन ।** यस्तो समस्या कहिल्यै नभोगेको भन्ने उत्तरदाताहरूको अनुपातमा सन् २०१८ र सन् २०२० मा खासै फरक देखिएको छैन । अझ राम्रो त के भने, पैसा नभएर कहिल्यै खाना खान छोड्न नपरेको भन्ने उत्तरदाताको हिस्सा सन् २०१८ भन्दा यसपाली ५% अन्तरले बढेको छ । सन् २०१८ मा यो हिस्सा ८९.२% थियो भने सन् २०२० मा बढेर ९४.०% प्रतिशत पुगेको छ । त्यसैगरी 'कहिलेकाँही' खाना खान छाड्नेहरूको प्रतिशत सन् २०१८ मा रहेको ८.२% बाट घटेर सन् २०२० मा ६.०% पुगेको छ ।

**यस सन्दर्भमा प्रदेशहरूबाट आएका उत्तरहरूमा भने महत्वपूर्ण भिन्नता देखिएको छ ।** पैसा नभएको कारण खाना किन्न नपाएर 'कहिलेकाहीँ' खाना नखाएको, पैसा नभएर औषधि उपचार गर्न नपाएको र पैसा नभएकै कारण बच्चाहरूलाई विद्यालय पठाउन नपाएका उत्तरदाताहरूको उच्च अनुपात कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र प्रदेश २ मा देखिएको छ । कर्णाली प्रदेशका १५.१%, प्रदेश २ का १०.८% र सुदूरपश्चिम प्रदेशका ९.३% उत्तरदाताहरूले पैसाको अभावले 'कहिलेकाहीँ' खाना छाडेको बताएका छन् । त्यस्तै कर्णाली प्रदेशमा २६.२%, प्रदेश २ मा २५.०% र सुदूरपश्चिम प्रदेशमा २२.२% उत्तरदाताहरूले पैसा नभएर 'कहिलेकाहीँ' औषधी उपचार पनि नगरेको बताएका छन् । थोरै संख्यामा भएपनि, प्रदेश २ बाट २१.४%, कर्णाली प्रदेशबाट १६.३% र सुदूरपश्चिम प्रदेशबाट ११.९% उत्तरदाताहरूले पैसा नभएकै कारण यातायात, पोशाक लगायत विद्यालयको अरू लागत शुल्क तिर्न नसकेर 'कहिलेकाहीँ' आफ्नो बच्चालाई विद्यालय नपठाएको बताएका छन् ।

निरक्षर, दैनिक ज्यालादारी गरेर कमाउने (मजदूर) वा सबैभन्दा कम आयआर्जन भएका उत्तरदाताहरूले पैसा नभएको कारण खाना किन्न नपाएर 'कहिलेकाहीँ' खाना नखाएको, पैसा नभएर 'कहिलेकाहीँ' औषधि उपचार गर्न नपाएको र पैसा नभएकै कारण बच्चाहरूलाई 'कहिलेकाहीँ' विद्यालय पठाउन नपाएको भनी बढी उल्लेख गरेको देखिएको छ ।

जाति र जातीय समूहभित्र मधेशी दलित (१८.९%), अन्य सांस्कृतिक समूहका मानिसहरु (१६.०%) र पहाडी दलित (११.४%) हरूले अरू समूहको उत्तरदाताहरूभन्दा पैसाको अभावका कारण कहिलेकाहीँ खाना छाड्ने गरेको भनी बढी उल्लेख गरेको देखिएको छ । यद्यपि, पहाडी दलितहरूको सन्दर्भमा यो आँकडा सन् २०१८ सँग मिल्दोजुल्दो (११.१%) देखिएको छ, तर मधेशी दलितहरूको सन्दर्भमा यो आँकडा अलि खराब नै रहेको छ, यसको हिस्सा सन् २०१८ मा रहेको (१३.८%) बाट बढेर सन् २०२० मा (१८.९%) पुगेको देखिएको छ ।

माथि उल्लिखित कुराहरू, दुर्गमता, भौगोलिक स्थान, जाति र जातीय पृष्ठभूमी अनुसार भिन्न भिन्न देखिएका छन् । शहरी क्षेत्रका मानिसहरूको तुलनामा ग्रामीण क्षेत्रका मानिसहरूले 'कहिलेकाहीँ' खाना छाड्ने, औषधी उपचार गर्न नपाउने र पैसा नभएको कारण बच्चाहरूलाई विद्यालय पठाउन नसक्ने संभावना अधिक रहेको छ ।

### घर परिवारका अनुभवहरू, प्रदेश, बसोबास गरिरहेको क्षेत्र र जनसांख्यिकीअनुसार

| | | पैसा नभएको कारण खाना किन्न नपाएर खाना नखाएको (सं. = ७०६०) | पैसा नभएको कारण औषधी उपचार गर्न नपाएको (सं. = ७०४१) | पैसा नभएको कारण बालबालिकालाई विद्यालय पठाउन नपाएको (सं. = ६५३४) |
|---|---|---|---|---|
| | | कहिलेकाहीँ | कहिलेकाहीँ | कहिलेकाहीँ |
| समग्र | | ६.०% | १४.२% | ९.८% |
| प्रदेश | प्रदेश १ | ४.४% | ११.२% | ७.१% |
| | प्रदेश २ | १०.८% | २५.०% | २१.४% |
| | बागमती प्रदेश | १.२% | ७.१% | ३.९% |
| | गण्डकी प्रदेश | २.४% | ४.८% | २.३% |
| | लुम्बिनी प्रदेश | ४.७% | ९.४% | ५.४% |
| | कर्णाली प्रदेश | १५.१% | २६.२% | १६.३% |
| | सुदूरपश्चिम प्रदेश | ९.३% | २२.२% | ११.९% |
| बसोबास गर्ने ठाउँ | ग्रामीण क्षेत्र | ८.३% | १८.७% | १३.१% |
| | शहरी क्षेत्र | ४.७% | ११.७% | ७.९% |
| भौगोलिक क्षेत्र | हिमाल | ११.७% | ३०.५% | १८.६% |
| | पहाड | ४.३% | ८.९% | ६.२% |
| | तराई | ६.७% | १६.५% | ११.७% |

| | | पैसा नभएको कारण खाना किन्न नपाएर खाना नखाएको (सं. = ७०६०) | पैसा नभएको कारण औषधी उपचार गर्न नपाएको (सं. = ७०४१) | पैसा नभएको कारण बालबालिकालाई विद्यालय पठाउन नपाएको (सं. = ६५३४) |
|---|---|---|---|---|
| | | कहिलेकाहीँ | कहिलेकाहीँ | कहिलेकाहीँ |
| जाति | पहाडी जाति | ४.६% | ९.६% | ६.२% |
| | पहाडी आदिवासी/ जनजाति | ३.८% | १०.१% | ५.७% |
| | पहाडी दलित | ११.४% | २२.४% | १५.५% |
| | मधेशी जाति (तह-१) | ५.१% | १६.९% | १९.३% |
| | मधेशी जाति (तह-२) | ७.५% | २०.८% | १६.५% |
| | मधेशी (आदिवासी/ जनजाति) | ३.८% | १५.६% | ७.६% |
| | मधेशी दलित | १८.९% | २९.९% | २८.४% |
| | अन्य सांस्कृतिक समूह | १६.०% | २०.८% | ४.३% |
| | मुसलमान | ६.१% | १७.५% | १०.७% |
| आम्दानी समूह (नेपाली रूपैयाँमा) | ६०,००० र त्यसभन्दा मुनी | ११.९% | २३.८% | १७.५% |
| | ६०,००१-१२०,००० | ४.८% | १४.६% | ९.२% |
| | १२०,०००-२००,००० | ४.९% | ११.८% | ८.२% |
| | २००,००० र त्यसभन्दा माथि | २.४% | ४.९% | ४.१% |
| | आश्रित | ५.६% | १४.४% | ९.२% |

*तालिका २.८.२ : प्रश्न -B8. गएको १२ महिनालाई सम्झेर भन्नुपर्दा, तपाई वा तपाईंको घर परिवारले तल उल्लिखित कुराहरु कत्तिको सामना गर्नुपर्‍यो ? पैसा नभएको कारण खाना किन्न नपाएर खाना नखाएको, पैसा नभएको कारण औषधि उपचार गर्न नपाएको र पैसा नभएको कारण बच्चाहरूलाई विद्यालय पठाउन नपाएको । ('लागु नहुने' र 'भन्न चाहन्न' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*



तस्बिर : रमेश ढुंगाना

अध्याय ३

# सुरक्षा अवस्था र विवाद समाधान

# सुरक्षा अवस्था र विवाद समाधान

## मुख्य अंशहरू

**धेरै नेपालीहरू (८५.०%) ले आफू बसेको वा काम गरिरहेको ठाउँ वरिपरी सुरक्षाको कुनै समस्या वा चुनौती नभएको बताएका छन् ।** यद्यपि, करिब छ जनामा एक जना (१४.६%) ले भने आफू बसेको वा काम गरिरहेको ठाउँ वरिपरी सुरक्षा चुनौती वा समस्या भएको औँल्याएका छन् । सुदूरपश्चिम प्रदेशका साथै 'शहरी तर दुर्गम[८]' ठाउँमा बस्ने उत्तरदाताहरूले उनीहरूको क्षेत्रमा सुरक्षा समस्या वा डर धम्कीको संभावना धेरै रहेको बताएका छन् । १४.६% उत्तरदाताहरु जसले उनीहरूको स्थानीय क्षेत्रमा सुरक्षाको केही जोखिम रहेको उल्लेख गरेका छन् उनीहरु मध्ये ३९.०% उत्तरदाताहरूले रक्सीको दुरूपयोगलाई सबैभन्दा ठूलो चुनौतीको रूपमा र त्यसपछि ३२.६% उत्तरदाताहरूले चोरीलाई अर्को सबैभन्दा ठूलो चुनौतीको रूपमा लिएका छन् । त्यसैगरी, प्राकृतिक प्रकोप, लैंगिक हिंसा, भ्रष्टाचार र कमजोर नियम कानुन पनि उनीहरूको स्थानीय क्षेत्रको प्रमुख सुरक्षा चुनौती रहेको बताएका छन् ।

**सर्वेक्षण गरिएका उत्तरदाताहरूमध्ये, १७.८% ले आफू र आफ्नो परिवार 'धेरै सुरक्षित' रहेको बताएका छन्, त्यसैगरी ७८.८% ले 'सुरक्षित' र ३.४% ले 'केहीहदसम्म असुरक्षित' ठानेका छन् ।** सन् २०१७ र सन् २०१८ को तुलनामा, सन् २०२० मा धेरै उत्तरदाताहरूले आफूलाई 'सुरक्षित' महसुस गरेको बताएका छन् । सन् २०२० को यस सर्वेक्षणमा आफू र आफ्नो परिवारलाई असुरक्षित महसुस गर्ने उत्तरदाताहरूको संख्या सबै जाति र जातीय समूहमा घटेको छ ।

**गएको एक वर्षमा, ९६.४% देखि ९९.८% बीचका उत्तरदाताहरूको संख्याले कुनै आपराधिक वा हिंसात्मक गतिविधिको अनुभव नगरेको बताएका छन् ।** यद्यपि, सोही अवधिमा ३.६% उत्तरदाताहरूले उनीहरु चोरीको शिकार भएको बताएका छन् । त्यसैगरी पैसा लेनदेन वा कारोबार को विषयमा २.६% ले आफूहरु ठगिएको बताएकाछन् भने १.२% ले आर्थिक शोषणको शिकार भएको बताएका छन् । त्यस्तै हिमाली क्षेत्र र सुदूरपश्चिम प्रदेशमा बस्ने उत्तरदाताहरूले गएको एक वर्षमा पैसा लेनदेन वा कारोबार को बेलामा ठगिएको बताएका छन् ।

**विवाद समाधानका लागि धेरै नेपालीहरूको रोजाइमा औपचारिक निकायहरू परेका छन् । विवाद समाधानका लागि धेरै नेपालीहरूको विश्वास निर्वाचित वडाध्यक्ष वा वडाका सदस्य, प्रहरी, नगर/गाउँपालिकाका प्रमुखहरू प्रति बढ्दै गएको छ ।** विवाद समाधानका लागि रोजिने निकायहरुमा, अरू निकायहरु भन्दा बढी, निर्वाचित प्रतिनिधिहरु छान्ने व्यक्तिहरूको संख्या तीव्र रूपले बढ्नुले स्थानीय सरकारप्रति व्यक्तिको बढ्दो विश्वास झल्काउँछ । जग्गा सम्बन्धित विवादलाई समाधान गर्नका लागि (३२%) र आर्थिक लेनदेनको विवादलाई समाधान गर्नका लागि (२९.१%) उत्तरदाताहरूको पहिलो रोजाइमा निर्वाचित वडाध्यक्ष वा वडाका सदस्यहरु पर्ने बताइएको छ । त्यस्तै घरेलु हिंसा समाधानका लागि (२४.७%) र अपराध बारेको विवाद सुल्झाउनका लागि (४९.९%) भने उत्तरदाताहरूले प्रहरीलाई आफ्नो पहिलो रोजाइ परेको बताएका छन् । अर्कोतर्फ नेपालीहरुद्वारा विवाद समाधानका लागि रोजिने परम्परागत न्यायिक प्रणाली संयन्त्रको भूमिका बिस्तारै घट्दै गइरहेको छ । परम्परागत न्यायिक प्रणालीमा जान रूचाउने उत्तरदाताहरु सुदूरपश्चिम प्रदेशमा बाहेक अन्यत्र क्रमशः घट्दै गइरहेका छन् ।

**लगभग एक तिहाइ उत्तरदाताहरू (३०.५%) ले विवाद समाधानका लागि आफूले रोजेका संस्थाहरू मार्फत न्याय पाउने विषयमा 'धेरै विश्वास' लाग्ने बताएका छन्, भने ६०% भन्दा बढी उत्तरदाताहरूले यस्ता संस्थाहरू प्रति 'केही विश्वास' रहेको बताएका छन् ।** विवादको प्रकार अनुसार (जग्गा विवाद, लेनदेनको समाधान, घरेलु हिंसामा र अपराध) ७.३% देखि ८.७% सम्म उत्तरदाताहरूले औपचारिक वा अनौपचारिक संस्थामार्फत न्याय प्राप्त गर्ने विषयमा भने शंका गरेका छन् । आफूले रोजेका संस्थाहरु मार्फत न्याय पाउने बारेमा मानिसका शंकाहरु सन् २०१८ को सर्वेक्षणमा रहेको ६% -७% बाट बढेर सन् २०२० मा ७.३%-८.७% सम्म पुगेको छ ।

**उत्तरदाताहरूको उच्च अनुपात (९४%) ले उनीहरूलाई आफुमाथि कुटपिट वा शारीरिक दुर्व्यवहार होला भनी कुनै किसिमको डर नभएको बताएका छन्, जबकि, यही प्रसंगमा ६% ले भने उनीहरूलाई डर रहेको बताएका छन् ।** राष्ट्रिय आँकडाको तुलनामा महिला तथा प्रदेश २ का बासिन्दाहरूले उनीहरूलाई कुटपिट र शारीरिक आक्रमणको ठूलो डर रहेको बताएका छन् ।

---

८ दुर्गमता बुझ्नलाई, उत्तरदाता बसोबास गर्ने वडाबाट जिल्ला सदरमुकाममा पुग्न द्रुत सवारी साधनद्वारा दुरी लिइएको थियो ।

**दसमध्ये करिब नौ जना नेपालीले आफ्नो घरभित्र वा बाहिर आफुमाथि कुटपिट वा शारीरिक दुर्व्यवहार होला भन्ने डरले आफूले कहिल्यै सावधानी नअपनाएको बताएका छन् ।** यद्यपि, तुलनात्मक रूपमा नेपाली महिलाहरु, प्रदेश २ का बासिन्दा, हिमाली क्षेत्रका बासिन्दा, मधेशी जाति, मुसलमान र मधेशी दलित समुदायका उत्तरदाताहरु आफुमाथि कुटपिट वा शारीरिक दुर्व्यवहार होला भनी बढी डराउँछन र आफ्नो सुरक्षाको लागि केहि सावधानी अपनाउँछन् ।

## ३.१ सुरक्षा चुनौती

**सर्वेक्षणमा सहभागी अधिकांश उत्तरदाताहरू (८५.०%) ले आफू बसोवास वा काम गरिरहेको क्षेत्रमा कुनै सुरक्षा समस्या नभएको वा उनीहरू आफैको सुरक्षामा पनि कुनै चुनौती नभएको बताएका छन्, जब कि छ जनामा एक जना उत्तरदाता (१४.६%) ले आफ्नो इलाकामा केही सुरक्षा समस्या वा चुनौतीहरूको महसुस गरेका छन् ।**

**स्थानीय सुरक्षा चुनौतीहरूको धारणा प्रदेश अनुसार फरक फरक रहेको छ ।** आफू बसोबास गरेको इलाकामा कुनै सुरक्षा समस्या वा चुनौती नभएको उल्लेख गर्ने सबैभन्दा ठूलो संख्या (९३.६%) लुम्बिनी प्रदेशमा रहेको छ, जबकि, सुदूरपश्चिम प्रदेशका दसमध्ये करिब दुई जना (अर्थात् २०.६%) उत्तरदाताहरूले उनीहरु बसोबास वा काम गर्ने स्थानीय क्षेत्रमा केही सुरक्षा समस्या वा चुनौतीहरु रहेको जनाएका छन् ।




*चित्र ३.१.१ : प्रश्न-C0. तपाईंको विचारमा यहाँका स्थानीय मानिसहरूको सुरक्षा अवस्थामा कुनै चुनौती वा समस्या छ ? (सं. = ७,०५७) ('थाहा छैन' र 'भन्न चाहन्न' भन्ने उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

**दुर्गम क्षेत्रमा बसोबास गरेका उत्तरदाताहरू भन्दा शहरी क्षेत्रमा बसोबास गरिहेकाहरूले उनीहरूको स्थानीय क्षेत्रमा सुरक्षा समस्या वा चुनौतीहरूको संभावना बढी रहेको बताएका छन् ।**[९] स्थानीय क्षेत्रमा सुरक्षा समस्या वा चुनौतीहरुको भएको बताउने उत्तरदाताहरु तुलनात्मक रूपमा गाउँपालिकाकाहरुमा (१३.१%) भन्दा बढी नगरपालिकाहरुमा (२०.९%) रहेको छन् । स्थानीय क्षेत्रमा सुरक्षा समस्या वा चुनौतीहरुको सन्दर्भमा उत्तरदाताहरु बस्ने ठाउँको भौगोलिक दुर्गमताको आधारमा उनीहरुले दिने जवाफमा स्पष्ट भिन्नता रहेका पाइएको छ, भने लैंगिक हिसाबले खासै भिन्नता देखिएको छैन ।

---

९ दुर्गमता बुझ्नलाई, उत्तरदाता बसोबास गर्ने वडाबाट जिल्ला सदरमुकाममा पुग्न द्रुत सवारी साधनद्वारा दुरी लिइएको थियो । दुरीको यो कुरा शहरमा र दुर्गममा बस्ने दुबैसँग सोधेर लिइएको थियो ।

उत्तरदाताहरूलाई आफू बसोबास वा काम गरिरहेको स्थानीय क्षेत्रमा प्राय सामना गरिने सुरक्षा समस्या वा चुनौतीहरूको प्रकार  का बारेमा उल्लेख गरिदिन आग्रह गरिएको थियो । यसमा उत्तरदातालाई एक भन्दा बढी जवाफ दिन अनुमति दिइएको थियो ।

**१४.६% उत्तरदाताहरू जसले उनीहरूको स्थानीय क्षेत्रमा सुरक्षाको समस्या छ भनेर उल्लेख गरेका छन्, उनीहरू मध्ये (३९.०%) उत्तरदाताहरूले रक्सीको दुरूपयोगलाई सबैभन्दा ठूलो समस्या मानेका छन्, त्यसपछि स्थानीय क्षेत्रमा हुने चोरीलाई (३२.६%) उत्तरदाताहरूले समस्या मानेका छन ।** यस बाहेक उत्तरदाताहरूले उनीहरूको सुरक्षा चुनौतीको रूपमा प्राकृतिक प्रकोप जस्तै भूकम्प, बाढी र पहिरो (२२.४%), जंगली जनावरको आक्रमण (१८.१%), कमजोर पूर्वाधार (१२.३%), लैंगिक हिंसा (११.४%), भ्रष्टाचार, भ्रष्टाचारी सोच भएको नेतृत्व वर्ग (११.०%) र प्रहरीको अनुपस्थिति (१०.४%) आदि रहेको बताएका छन् ।

## स्थानीय सुरक्षा चुनौतीहरू




*चित्र ३.१२ : प्रश्न-C1. (यदि प्रश्न-C0 मा 'छ' भन्ने उत्तर दिएमा) तपाईंको विचारमा, तपाईंले धेरै समय बिताउने वा काम गर्ने ठाउँका स्थानीय प्रमुख सुरक्षा चुनौती के के हुन् ? (सं. = १,०३०) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

स्थानीय सुरक्षा चुनौतीहरु प्रसंग विशेष र प्रदेश अनुसार फरक फरक रहेका छन् । कर्णाली प्रदेशका ७८.४% र सुदूरपश्चिम प्रदेशका ६३.५% उत्तरदाताहरूले रक्सी वा मदिराको दुर्व्यसनलाई आफ्नो स्थानीय क्षेत्रमा रहेको सुरक्षाको प्रमुख समस्या को रूपमा लिएका छन् । जबकि, रक्सी वा मदिराको दुर्व्यसनलाई आफ्नो क्षेत्रमा सुरक्षाको ठूलो समस्याको रूपमा लिनेहरूको राष्ट्रिय आँकडा भने ३९.०% रहेको छ ।

बागमती प्रदेशका ५२.५% उत्तरदाताहरूले चोरीलाई सबैभन्दा ठूलो समस्याको रूपमा उल्लेख गरेका छन्, भने प्रदेश २ मा अरु प्रदेशहरूको तुलनामा सबैभन्दा बढी २०.५% उत्तरदाताहरूले उनीहरूको स्थानीय क्षेत्रमा लैंगिक हिंसालाई सुरक्षाको समस्या र चुनौतीको रूपमा उल्लेख गरेका छन् । प्रदेश १ मा, ३६.७% उत्तरदाताहरूले प्राकृतिक प्रकोप, जस्तै : भूकम्प, बाढी पहिरोलाई उनीहरूको सुरक्षा चुनौतीको रूपमा लिएका छन् । त्यसैगरी गण्डकी प्रदेशका एक तिहाइ (३४.७%) र सुदूरपश्चिम प्रदेशका ३२.८% उत्तरदाताहरूले जंगली जनावरहरूको आक्रमणलाई उनीहरूको सुरक्षा चुनौतीको रूपमा लिएका छन् ।

**सुरक्षाका मुख्य चुनौती, प्रदेशअनुसार**

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूर पश्चिम प्रदेश |
| रक्सी वा मदिराको दुर्व्यसन | ३९.०% | ३१.२% | २६.८% | ३०.३% | ३२.४% | ५२.०% | ७८.४% | ६३.५% |
| चोरीको भय | ३२.६% | १६.६% | ३२.३% | ५२.५% | ३५.४% | २६.०% | २४.०% | २४.१% |
| प्राकृतिक प्रकोपको भय जस्तै : भूकम्प, बाढी पहिरो आदि | २२.४% | ३६.७% | २०.०% | १८.७% | १४.८% | ९.८% | १६.७% | २६.०% |
| जंगली जनावरहरूको आक्रमण | १८.१% | २७.१% | ८.३% | १२.०% | ३४.७% | १२.४% | ८.०% | ३२.८% |
| कमजोर पूर्वाधार | १२.३% | ८.१% | १४.१% | १६.३% | १०.२% | १७.०% | १९.६% | २.९% |
| लैंगिक हिंसा | ११.४% | ९.५% | २०.५% | ४.५% | ७.३% | ९.९% | १४.१% | १४.६% |
| भ्रष्टाचार, भ्रष्टाचारी सोच भएको नेतृत्व वर्ग | ११.०% | १३.४% | १७.५% | ७.५% | ४.२% | १०.३% | ६.६% | १०.०% |
| प्रहरीको अनुपस्थिति | १०.४% | ११.२% | ७.६% | १०.३% | ४.१% | १२.५% | १३.२% | १४.०% |
| कमजोर विधिको शासन, सुशासन र न्याय प्रणाली | ७.८% | ६.६% | १४.२% | ६.५% | २.८% | १०.३% | ४.४% | ४.३% |
| 'ग्याङ' समूहको भय | ६.७% | ५.३% | ३.४% | ६.४% | १२.७% | ९.४% | ७.९% | ९.६% |
| विभिन्न समूह, जातजाति र धर्म बीचको तनाव | ३.२% | ०.९% | २.३% | ५.५% | ३.०% | ५.०% | १.६% | ३.२% |
| निर्माण कार्य ठेक्का पट्टामा संलग्न अपराधिक समूहको भय | १.८% | २.०% | ३.६% | २.२% | ०.८% | ०.०% | १.४% | ०.०% |
| राजनीतिक द्वन्द्वको भय, जस्तै हिंसात्मक बन्द हड्ताल | १.४% | ०.०% | ४.६% | ०.४% | ०.०% | १.२% | १.५% | ०.९% |
| विदेशी आतंकवादीहरूबाट आतंककारी क्रियाकलाप | १.०% | १.९% | १.४% | १.२% | ०.०% | ०.०% | ०.०% | ०.०% |
| सशस्त्र समूहबाट हुने हिंसाको भय | ०.८% | ०.०% | २.२% | ०.४% | ०.०% | २.१% | ०.५% | ०.४% |
| विभिन्न समूहबाट चन्दा असुलीको भय | ०.७% | १.३% | ०.५% | ०.६% | ०.०% | ०.०% | १.१% | ०.९% |
| प्रहरी, शसस्त्र प्रहरी र सेनाबाट अन्याय अत्याचार | ०.५% | ०.०% | ०.५% | १.२% | ०.०% | १.०% | ०.०% | ०.०% |
| फेरि राज्य र विद्रोही वा असन्तुष्ट पक्षबीच हिंसात्मक द्वन्द्व | ०.३% | ०.४% | ०.५% | ०.०% | ०.०% | १.१% | १.२% | ०.०% |

*तालिका ३.१.१ : प्रश्न-C1. (यदि प्रश्न-C0 मा 'छ' भन्ने उत्तर दिएमा) तपाईंको विचारमा, तपाईंले धेरै समय विताउने वा काम गर्ने ठाउँका स्थानीय प्रमुख सुरक्षा चुनौती के के हुन् ? (सं. =१,०३०) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**महिला उत्तरदाताहरूले आफ्नो क्षेत्रमा रहेको रक्सी वा मदिराको दुर्व्यसन र लैंगिक हिंसालाई आफ्नो पुरूष समकक्षीको तुलनामा स्थानीय क्षेत्रमा बिध्यमान प्रमुख सुरक्षा समस्याको रूपमा उल्लेख गरेका छन् ।** सर्वेक्षणमा सहभागी ४२.९% महिला उत्तरदाताहरूले मदिराको दुर्व्यसनीलाई र १४.१% ले लैंगिक हिंसालाई सुरक्षा समस्या र चुनौतीको रूपमा लिएका छन् भने ३५.४% पुरूष उत्तरदाताहरूले मदिरा र ८.८% ले लैंगिक हिंसालाई सुरक्षा समस्या र चुनौतीको रूपमा लिएको बताएका छन् ।

हिमाली क्षेत्रका नगरपालिकामा बसोबास गर्ने (५६.०%), पहाडी क्षेत्रमा बसोबास गर्ने (४०.४%) र तराई क्षेत्रमा बसोबास गर्ने (३८.१%) उत्तरदाताहरूले उनीहरूको क्षेत्रमा मदिराको दुर्व्यसनलाई प्रमुख सुरक्षा समस्या र चुनौतीको रूपमा लिएका छन् । हिमाली क्षेत्र (४१.८%) र तराई क्षेत्र (३८.१%) का गाउँपालिकामा बस्ने मानिसहरूले चोरीलाई ठूलो सुरक्षा समस्या र चुनौती ठानेका छन् भने पहाडी क्षेत्रका नगरपालिकाहरूमा त्यो भन्दा अलि धेरै (४४.६%) ले चोरीलाई ठूलो सुरक्षा समस्या र चुनौती ठानेका छन् । पहाडी क्षेत्रका गाउँपालिकामा बसोबास गर्ने मानिसहरूले प्राकृतिक प्रकोप (४२.२%) र जंगली जनावरको आक्रमण (३२.४%) लाई सबैभन्दा ठूलो सुरक्षा चुनौतीको रूपमा लिएको बताएका छन् ।

## ३.२ व्यक्तिगत र घर परिवारको सुरक्षा

**नेपालमा व्यक्तिगत तथा घरपरिवारको सुरक्षा प्रतिको धारणा समय अनुसार क्रमशः सुधार हुँदै गइरहेको छ । तुलनात्मक रूपमा हेर्ने हो भने सन् २०१७ मा ९३.८% उत्तरदाताहरूले उनीहरूको घरपरिवारको अवस्था सुरक्षित ('धेरै सुरक्षित' र 'सुरक्षित' उत्तरको एकत्रित रूप) भनेका थिए, यो कुरा सन् २०१८ मा ९५.२% उत्तरदाताहरूले भनेका थिए भने सन् २०२० मा ९६.६% उत्तरदाताहरूले भनेका छन् ।** तीन चौथाइ (७८.८%) भन्दा बढी नेपालीहरूले आफूहरु 'सुरक्षित', १७.८% ले 'धेरै सुरक्षित' र ३.४% ले मात्र 'केहि असुरक्षित' महसुस गर्ने बताएका छन् । तुलनात्मक रूपमा 'केहि असुरक्षित' महसुस गर्ने उत्तरदाताहरूको प्रतिशत सन् २०१७ मा रहेको ५.७% र सन् २०१८ मा रहेको ४.८% भन्दा केहि घटन गई सन् २०२० मा ३.४% पुगेको छ । सन् २०२० मा 'सुरक्षित' महसुस गर्ने उत्तरदाताहरूको प्रतिशतमा भने सन् २०१८ को तुलनामा उल्लेखनिय वृद्धि भई ७८.८% पुगेको छ । सन् २०१७ मा रहेका ७१.२% बाट घटेर यो सन् २०१८ मा ६६% पुगेको थियो । सन् २०१७ र सन् २०१८ मा, उत्तरदाताहरूको थोरै अनुपात (क्रमशः ०.४% र ०.१%) ले आफू र आफ्नो परिवारका सदस्यहरु, 'धेरै असुरक्षित' महसुस गरेको बताएका थिए, भने सन् २०२० मा, एकजना उत्तरदाताले पनि आफू र आफ्नो परिवारका सदस्यहरु, 'धेरै असुरक्षित' भएको महसुस गरेका छैन्न् ।

**व्यक्तिगत र घर परिवारको सुरक्षा, वर्षअनुसार**

| | सन् २०१७ | सन् २०१८ | सन् २०२० |
|---|---|---|---|
| धेरै सुरक्षित | २२.६% | २९.२% | १७.८% |
| सुरक्षित | ७१.२% | ६६.०% | ७८.८% |
| असुरक्षित | ५.७% | ४.८% | ३.४% |
| धेरै असुरक्षित | ०.४% | ०.१% | ०.०% |

*तालिका ३.२.१ : प्रश्न-C2. तपाईं आफू र आफ्नो परिवारका सदस्यहरु, कतिको सुरक्षित भएको महसुस गर्नुहुन्छ ? तपाईंले 'धेरै सुरक्षित', 'सुरक्षित', 'असुरक्षित' अथवा 'धेरै असुरक्षित' भन्न सक्नुहुनेछ । (सं. =७,०४५) ('थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

**गएको एक वर्षमा व्यक्तिगत र परिवारको सुरक्षा सम्बन्धि प्रतिक्रियाहरूमा प्रदेश अनुसार थोरै भिन्नताहरू देखिएका छन् ।** सन् २०२० को सर्वेक्षणमा सुदूरपश्चिम प्रदेशका ५.४% र बागमती प्रदेशका ४.८% उत्तरदाताहरूले 'असुरक्षित' भएको महसुस गरेका छन् । सबै सात प्रदेशहरूमध्ये गण्डकी प्रदेशका उत्तरदाताहरूले सबैभन्दा धेरै 'सुरक्षित' महसुस गरेका छन्, त्यहाँ केवल १.५% उत्तरदाताहरूले 'असुरक्षित' महसुस गरेको बताएका छन् । सन् २०२० मा कर्णाली प्रदेश र लुम्बिनी प्रदेश का थोरै उत्तरदाताहरूले सन् २०१८ को सर्वेक्षणको तुलनामा असुरक्षित महसुस गरेको बताएका छन् । सन् २०१७ मा कर्णाली प्रदेशमा सबैभन्दा कम संख्यामा उत्तरदाताहरु (२.८%) ले असुरक्षित महसुस गरेको बताएका थिए र सन् २०१८ मा भने सबैभन्दा बढी उत्तरदाताहरु (१०.५%) ले असुरक्षित महसुस गरेको बताएका थिए, सन् २०२० मा भने उत्तरदाताहरूको यो संख्या घटेर ३.२% मा पुगेको छ ।

**असुरक्षाको महसुस, वर्ष र प्रदेशअनुसार**




*चित्र ३.२.१ : प्रश्न-C2. तपाईं आफू र आफ्नो परिवारका सदस्यहरु, कत्तिको सुरक्षित भएको महसुस गर्नुहुन्छ ? तपाईंले 'धेरै सुरक्षित', 'सुरक्षित', 'असुरक्षित' अथवा 'धेरै असुरक्षित' भन्न सक्नुहुनेछ । (सं. =७,०४५) ('थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

सन् २०१७ र सन् २०१८ को सर्वेक्षणमा जस्तै, सन् २०२०मा पनि हिमाली क्षेत्रमा बस्ने ६.१% र शहरी क्षेत्रका ३.६% उत्तरदाताहरूले 'धेरै असुरक्षित' र 'केही असुरक्षित' महसुस गरेका छन् ।

**सन् २०१७ र सन् २०१८ मा भएको सर्वेक्षणको तुलनामा, सन् २०२० मा सबै जात र जातीय समूहहरूमा 'असुरक्षित' महसुस गर्ने उत्तरदाताहरूको प्रतिशतमा ह्रास आएको छ ।** सर्वेक्षणका सबै वर्षहरुमा, जाति वा जातीय समूह जेसुकै भएपनि सबै उत्तरदाताहरुमा असुरक्षित महसुस हुने डर कम हुँदै गएको देखिएको छ । उदाहरणका लागि सन् २०१८ को सर्वेक्षणमा, १२.६% मधेशी (आदिवासी/जनजाति) ले आफूहरु असुरक्षित रहेको महसुस गरेको बताएका थिए, त्यो संख्या सन् २०२० मा ४.१% मा झरेको छ । त्यस्तै, सन् २०१८ मा ८.२% मधेशी दलितहरूले असुरक्षित महसुस गरेको बताएका थिए भने सन् २०२० मा त्यो संख्या ३.७% मा झरेको छ । अरू सांस्कृतिक समूहका उत्तरदाताहरूसँग तुलना गर्दा, पहाडी दलित समुदायका धेरै उत्तरदाताहरूले, 'धेरै असुरक्षित' वा असुरक्षित' महसुस गरेको बताएका छन् । (थप विवरणका लागि, तालिका ३.२.२ हेर्नुहोस्) ।

**असुरक्षाको महसुस, भौगोलिक क्षेत्र, जनसांख्यिक समूह र वर्षअनुसार**

| | | असुरक्षाको महसुस सन् २०१७ | असुरक्षाको महसुस सन् २०१८ | असुरक्षाको महसुस[१०] सन् २०२० |
|---|---|---|---|---|
| समग्र | समग्र | ६.१% | ४.९% | ३.४% |
| बासस्थान | गाउँपालिका | ६.२% | ४.७% | ३.०% |
| | नगरपालिका | ६.२% | ५.६% | ३.६% |
| भौगोलिक क्षेत्र | हिमाल | ४.३% | ७.४% | ६.१% |
| | पहाड | ५.३% | ३.७% | ३.०% |
| | तराई | ७.२% | ५.६% | ३.४% |
| लिंग | महिला | ६.१% | ५.१% | ३.६% |
| | पुरूष | ६.३% | ४.७% | ३.२% |
| जाति | पहाडी जाति | ५.९% | ५.९% | ४.०% |
| | पहाडी आदिवासी/जनजाति | ५.७% | २.८% | २.७% |
| | पहाडी दलित | ८.४% | ५.३% | ४.९% |
| | मधेशी जाति (तह-१) | ३.४% | ६.९% | ३.४% |
| | मधेशी जाति (तह-२) | ५.७% | २.५% | २.६% |
| | मधेशी आदिवासी/जनजाति | ८.२% | १२.६% | ४.०% |
| | मधेशी दलित | ७.०% | ८.१% | ३.८% |
| | अन्य सांस्कृतिक समूहहरु | ४.०% | ०.०% | ०.०% |
| | मुसलमान | ५.२% | २.०% | १.९% |

*तालिका ३.२.२ : प्रश्न-C2. तपाई आफू र आफ्नो परिवारका सदस्यहरु, कत्तिको सुरक्षित भएको महसुस गर्नुहुन्छ ? तपाईंले 'धेरै सुरक्षित', 'सुरक्षित', 'असुरक्षित' अथवा 'धेरै असुरक्षित' भन्न सक्नुहुनेछ । (सं. = ७,०४५) ('थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

## ३.३ हिंसा, अपराध र न्याय सम्बन्धमा घर परिवारको अनुभव

### *विवाद समाधान बारेका धारणा*

**कम्तिमा पनि ९६.४% उत्तरदाताहरू र तिनीहरूको परिवारका सदस्यहरूले गत वर्षमा कुनै आपराधिक वा हिंसात्मक गतिविधिको अनुभव नभएको बताएका छन् । सन् २०२० मा उत्तरदाता वा उनीहरूको परिवारका सदस्यहरूले भोगेको आपराधिक वा हिंसात्मक गतिविधिको सबैभन्दा साझा प्रकार भनेको चोरी (३.६%) रहेको छ ।** लेनदेन वा कारोबारको समयमा धोखा वा ठगिनु (२.६%)[११] दोस्रो उच्च आपराधिक गतिविधि को रूपमा देखिएको छ भने वैदेशिक रोजगारीको सिलसिलामा भोगेको आर्थिक शोषण (१.२%) त्यसपछि रहेको छ ।

सन् २०२० मा अपराध र हिंसात्मक गतिविधिको अनुभव गरेका उत्तरदाताहरूको प्रतिशत सन् २०१७ र सन् २०१८ को तुलनामा केहीकम देखिएको छ । वैदेशिक रोजगारीको क्रममा शारीरिक शोषणमा परेका परिवारका सदस्यहरूको संख्या सन् २०१८ मा उल्लेख गरेको २.१% बाट घटेर, सन् २०२० को सर्वेक्षणमा १.२% पुगेको छ । त्यस्तै बलपूर्वक पैसा मागेर लगेको वा जवरजस्ती चन्दा दिनु परेको भन्ने उत्तरदाताहरु सन् २०१८ मा २.९% थिए, भने सन् २०२० मा यो घटेर ०.४% मा पुगेको छ । समग्रमा उत्तरदाताहरूको एकदम नगन्य अंशले गएको वर्षमा वैदेशिक रोजगारीको क्रममा अपहरण वा यौन शोषणको शिकार भएको बताएका छन् ।

---

१० 'असुरक्षित' भन्नाले उत्तरदाताहरुको त्यस्तो संयुक्त समूहलाई जनाउँदछ जसले 'केहि असुरक्षित' र 'धेरै असुरक्षित' महसुश भएको बताउँदछन् ।

११ यो प्रश्न सन् २०२० को सर्वेक्षणमा नयाँ भएकाले सन् २०१७ र सन् २०१८ को सर्वेक्षणबाट कुनै तुलनात्मक निष्कर्ष निकालिएको छैन ।

### हिंसा र अपराधका अनुभवहरू, वर्षअनुसार

| | सन् २०१७ | | सन् २०१८ | | सन् २०२० | |
|---|---|---|---|---|---|---|
| | थियो | थिएन | थियो | थिएन | थियो | थिएन |
| चोरी | ३.९% | ९६.०% | ३.९% | ९६.१% | ३.६% | ९६.४% |
| कुटपिट/शारीरिक दुर्व्यवहार | १.४% | ९८.६% | १.०% | ९८.९% | ०.७% | ९९.३% |
| हातहतियारबाट प्रहार | ०.३% | ९९.६% | ०.२% | ९९.७% | ०.२% | ९९.८% |
| लेनदेनमा ठगिनु | १.५% | ९८.५% | २.९% | ९७.०% | ०.४% | ९९.६% |
| डकैती/लुट | ०.४% | ९९.५% | ०.२% | ९९.७% | ०.२% | ९९.८% |
| सवारी साधन वा पार्टपुर्जा वा सवारीबाट सामानको चोरी | ०.८% | ९८.९% | ०.५% | ९९.४% | ०.७% | ९९.३% |
| गाईबस्तु चोरी | ०.९% | ९९.१% | १.०% | ९९.०% | ०.८% | ९९.२% |
| राजनीतिक सभा सम्मेलन, र्‍याली, बन्द, हड्तालमा कुनै किसिमको हिंसाको शिकार हुनुपरेको | ०.५% | ९९.४% | ०.४% | ९९.६% | ०.१% | ९९.९% |
| अपहरण | ०.२% | ९९.८% | ०.१% | ९९.८% | ०.०% | १००.०% |
| हत्या/हत्याको प्रयास | ०.२% | ९९.७% | ०.२% | ९९.७% | ०.१% | ९९.९% |
| यौनजन्य दुर्व्यवहार | ०.२% | ९९.६% | ०.३% | ९९.७% | ०.१% | ९९.९% |
| मानव बेचबिखन | ०.१% | ९९.६% | ०.१% | ९९.८% | ०.१% | ९९.९% |
| लैंगिक हिंसा (घरेलु हिंसा, कुरिती, बोक्सीको आरोप, छाउपडी) | – | – | ०.६% | ९९.४% | ०.४% | ९९.६% |
| वैदेशिक रोजगारीको सिलसिलामा व्यहोरेको शारीरिक शोषण | – | – | ०.४% | ९९.६% | ०.५% | ९९.५% |
| वैदेशिक रोजगारीको सिलसिलामा व्यहोरेको यौनजन्य शोषण | – | – | ०.२% | ९९.८% | ०.०% | १००.०% |
| वैदेशिक रोजगारीको सिलसिलामा व्यहोरेको आर्थिक शोषण | – | – | २.१% | ९७.८% | १.२% | ९८.८% |
| उधारो वा लेनदेनमा धोखा | – | – | – | – | २.६% | ९७.३% |

*तालिका ३.३.१ : प्रश्न-C3A-Q गएको एक वर्ष भित्रमा तपाईं वा तपाईंका परिवारका कोही सदस्यहरु तलकामध्ये कुनै किसिमका अपराध वा हिंसाबाट पिडित हुनुपरेको थियो ? (सं. =७,०६०) ('थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

राष्ट्रिय आँकडा ३.६% को तुलनामा, बागमती प्रदेशका (५.७%) उत्तरदाताहरूले गएको वर्षमा चोरीको बढी अनुभव गरेको बताएका छन्, त्यसपछि, प्रदेश १ र प्रदेश २ का २% उत्तरदाताहरूले चोरीको अनुभव गरेको पाइन्छ । सुदूरपश्चिम र बागमती प्रदेशमा बसोबास गर्ने व्यक्तिहरु लेनदेन वा कारोबारको समयमा बढी ठगिने संभावना देखिएको छ, जबकि त्यस्तो संभावना प्रदेश २ का मानिसहरूमा कम देखिएको छ (थप विवरणका लागि, तालिका ३.३.२ हेर्नुहोस्) ।

**हिंसा र अपराधका अनुभवहरू, प्रदेशअनुसार**

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूर पश्चिम प्रदेश |
| चोरी | ३.६% | २.०% | २.१% | ५.७% | २.४% | ४.३% | ४.४% | ४.७% |
| कुटपिट/शारीरिक दुर्व्यवहार | ०.७% | ०.६% | ०.३% | १.१% | ०.५% | ०.८% | ०.७% | १.३% |
| हातहतियारबाट प्रहार | ०.२% | ०.१% | – | ०.१% | – | ०.३% | – | ०.६% |
| लेनदेनमा ठगिनु | २.६% | २.५% | ०.६% | ४.०% | १.९% | २.५% | ३.५% | ४.८% |
| डकैती/लुट | ०.२% | – | – | ०.४% | – | ०.३% | ०.२% | ०.६% |
| चन्दा | ०.४% | ०.३% | | ०.४% | ०.२% | ०.४% | ०.५% | १.८% |
| सवारी साधन वा पार्टपुर्जा वा सवारीबाट सामानको चोरी | ०.७% | ०.४% | ०.६% | १.०% | ०.५% | ०.९% | – | ०.४% |
| गाईबस्तु चोरी | ०.८% | १.५% | ०.७% | ०.४% | १.०% | ०.७% | ०.५% | १.३% |
| राजनीतिक सभा सम्मेलन, र्‍याली, बन्द, हड्तालमा कुनै किसिमको हिंसाको शिकार हुनुपरेको | ०.१% | ०.१% | – | ०.२% | – | ०.२% | – | ०.३% |
| अपहरण | ०.०% | – | – | – | – | ०.२% | – | ०.१% |
| हत्या/हत्याको प्रयास | ०.१% | – | ०.१% | ०.१% | – | ०.२% | – | ०.३% |
| यौनजन्य दुर्व्यवहार | ०.१% | ०.२% | ०.१% | | ०.३% | ०.२% | | ०.१% |
| मानव बेचबिखन | ०.१% | – | – | – | ०.२% | ०.२% | – | ०.१% |
| लैंगिक हिंसा (घरेलु हिंसा, कुरिती, बोक्सीको आरोप, छाउपडी) | ०.४% | ०.५% | – | ०.३% | ०.३% | ०.५% | ०.५% | ०.६% |
| वैदेशिक रोजगारीको सिलसिलामा व्यहोरेको शारीरिक शोषण | ०.५% | ०.३% | ०.२% | १.०% | १.५% | ०.२% | – | ०.४% |
| वैदेशिक रोजगारीको सिलसिलामा व्यहोरेको यौनजन्य शोषण | ०.०% | – | – | – | – | ०.२% | – | ०.१% |
| वैदेशिक रोजगारीको सिलसिलामा व्यहोरेको आर्थिक शोषण | १.२% | २.०% | ०.७% | ०.८% | १.७% | ०.९% | १.०% | १.८% |

*तालिका ३.३.२ : प्रश्न-C3A-Q गत एक वर्ष भित्रमा तपाईं वा तपाईंका परिवारका कोही सदस्यहरु तलकामध्ये कुनै किसिमका अपराध वा हिंसाबाट पिडित हुनुपरेको थियो ? (सं. =७,०६०) ('थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

गएको एक वर्षमा ग्रामीण क्षेत्रका उत्तरदाताहरु (३.१%) को तुलनामा, शहरी क्षेत्रका झण्डै दुई गुणा अर्थात् (५.८%) उत्तरदाताहरु चोरीको शिकार भएको देखिएको छ । तराई क्षेत्रको तुलनामा हिमाली क्षेत्रका बासिन्दा ऋण/लेनदेन वा पैसा कारोबार गर्ने बेलामा बढी ठगिने देखिएको छ । वैदेशिक रोजगार खोज्ने क्रममा १८-२४ वर्ष उमेर समूहका युवाहरु बढी आर्थिक शोषणको शिकार भएको बताइएको छ । यस सर्वेक्षण खोजका नतिजाले पुरुष र महिलाहरु वैदेशिक रोजगारको क्रममा समान रूपमा आर्थिक शोषणमा परेको देखाउँछ ।

**आपराधिक र हिंसात्मक गतिविधिका अनुभवहरू प्रदेश अनुसार फरक रहेका छन्, यद्यपि, चोरी नेपालमा सबैभन्दा साझा अपराधको रूपमा रहेको छ ।** गएको वर्षमा कम्तिमा पनि एउटा आपराधिक वा हिंसात्मक घटनाको अनुभव गर्नेहरु मध्ये झण्डै आधा (४१.३%) ले चोरीको अनुभव गरेको बताएका छन्, भने ऋण/लेनदेन वा आर्थिक कारोवारमा ठगिएको अनुभव ३०.१% सँग रहेको छ । गण्डकी प्रदेशमा सबैभन्दा कम (१.०%) उत्तरदाताहरूले आफू ठगिएको बताएका छन्, भने अन्य प्रदेशहरु को तुलनामा सबैभन्दा बढी (२१.४%) उत्तरदाताहरूले वैदेशिक रोजगारको क्रममा शारीरिक शोषणको अनुभव गरेको बताएका छन् । यसैगरी प्रदेश १ का (२३.७%) उत्तरदाताहरूले पनि वैदेशिक रोजगारको क्रममा हुने आर्थिक शोषणमा परेको बताएका छन् (थप विवरणका लागि, तालिका ३.३.३ हेर्नुहोस्) ।

**हिंसा र अपराधका अनुभवहरू, प्रदेशअनुसार**

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम |
| संख्या | ६२१ | १०३ | ६८ | १७४ | ४२ | १०४ | ३७ | ९३ |
| चोरी | ४१.३% | २३.७% | ४५.३% | ४७.५% | ३३.६% | ५२.२% | ४९.२% | ३४.४% |
| लेनदेनमा ठगिनु | ३०.१% | २९.४% | १२.४% | ३३.४% | १.०% | ३०.९% | ३८.४% | ३५.३% |
| वैदेशिक रोजगारीको सिलसिलामा व्यहोरेको आर्थिक शोषण | १३.४% | २३.७% | १४.४% | ६.८% | २३.६% | १०.७% | १२.१% | १२.५% |
| गाई बस्तु चोरी | ९.५% | १७.४% | १४.४% | ३.५% | ०.०% | ८.८% | ४.६% | ९.२% |
| कुटपिट/शारीरिक दुर्व्यवहार | ८.२% | ६.७% | ५.४% | ९.४% | ६.१% | ९.२% | ७.७% | ९.३% |
| सवारी साधन वा पार्टपुर्जा वा सवारीबाट सामानको चोरी | ७.५% | ५.२% | १३.२% | ८.०% | १३.५% | ११.४% | ०.८% | ३.६% |
| वैदेशिक रोजगारीको सिलसिलामा व्यहोरेको शारीरिक शोषण | ५.९% | ३.४% | ५.०% | ८.८% | २१.४% | २.४% | ०.८% | २.९% |
| चन्दा | ४.९% | ३.९% | ०.०% | ३.४% | ६.९% | ४.८% | ५.२% | १३.३% |
| लैंगिक हिंसा | ४.१% | ५.९% | ०.०% | ३.०% | ५.१% | ५.६% | ४.२% | ४.८% |
| डकैती/लुट | २.५% | ०.०% | ०.०% | ३.५% | २.९% | ३.६% | ३.९% | ४.४% |
| हातहतियारबाट प्रहार | १.९% | ०.८% | ०.०% | १.४% | २५.५% | ४.०% | ०.०% | ४.४% |
| यौनजन्य दुर्व्यवहार | १.६% | ३.०% | १.६% | ०.०% | ४.३% | ३.२% | ०.०% | ०.८% |
| राजनीतिक सभा सम्मेलन, ऱ्याली, बन्द, हड्तालमा कुनै किसिमको हिंसाको शिकार हुनुपरेको | १.३% | १.३% | ०.०% | २.०% | ०.०% | १.५% | ०.८% | १.७% |
| हत्या/हत्याको प्रयास | १.२% | ०.०% | १.५% | ०.७% | १.०% | ३.२% | ०.०% | १.७% |
| मानव बेचबिखन | ०.७% | ०.०% | ०.०% | ०.०% | १.३% | २.८% | ०.०% | ०.८% |
| अपहरण | ०.४% | ०.०% | ०.०% | ०.०% | ०.०% | १.५% | १.२% | ०.८% |
| वैदेशिक रोजगारीको सिलसिलामा व्यहोरेको यौनजन्य शोषण | ०.४% | ०.०% | ०.०% | ०.०% | ०.०% | १.५% | ०.०% | ०.८% |

तालिका ३.३.३ : प्रश्न-*C3A-Q* गत एक वर्ष भित्रमा तपाई वा तपाईंका परिवारका कोही सदस्यहरु तलकामध्ये कुनै किसिमका अपराध वा हिंसाबाट पिडित हुनुपरेको थियो ? ('थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)

## ३.४ न्याय र विवाद समाधान गर्ने निकाय

**जग्गा, ऋण, घरेलु हिंसा र अपराध बारेका विवाद समाधानका लागि धेरै नेपालीहरूले बिस्तारै, वडाका अध्यक्ष/सदस्यहरू नगरपालिका/गाउँपालिकाका मेयर/अध्यक्षहरूलाई आफ्नो रोजाइमा पार्न थालेका छन् ।** यो सर्वेक्षणले चार विभिन्न प्रकारका विवादहरुः जग्गा सम्बन्धी, ऋण सम्बन्धी, घरेलु हिंसा र अपराध सम्बन्धी विवाद समाधानको लागि उत्तरदाताहरूको रोजाइमा परेका निकायहरूको विश्लेषण गरेको छ । उत्तरदाताहरूलाई सबैभन्दा पहिले उनीहरूको सामान्य प्राथमिकता के रहेछ भन्ने जान्नको लागि प्रश्न सोधिएको थियो, त्यसपछि उनीहरूको खास अनुभव जान्नको लागि प्रक्रियागत रुपमा थप प्रश्नहरु गरिएको थियो ।

**अपराध र घरेलु हिंसा सम्बन्धी विवाद सुल्झाउन नेपालीहरूले प्रहरीको सहयोग लिन रूचाएको देखिन्छ, तर उनीहरूले जग्गाको मामिला र ऋण/लेनदेनको विवादमा भने वडाका अध्यक्ष/सदस्यहरूलाई प्राथमिकता दिने बताएका छन् ।** घरेलु हिंसा र अपराधको विवादमा मध्यस्तता गर्न उत्तरदाताहरूले पहिलो रोजाइमा प्रहरीहरूलाई (क्रमशः २४.७% र ४९.६%) पारेको बताएका छन्, त्यसपछिको विकल्पमा भने वडाध्यक्ष वा वडासदस्य (क्रमशः २२.४% र २३.७%) रहेका छन् । ऋण/लेनदेन सम्बन्धीको विवाद सुल्झाउन (२९.१%) नेपालीहरूले वडाध्यक्ष/सदस्यहरूलाई पहिलो रोजाइमा पारेका छन्, त्यसपछि प्रहरी (२४.४%) रहेका छन् । जग्गा सम्बन्धी विवाद आउँदा, भने (३२.०%) नेपालीहरूले वडाध्यक्ष/सदस्यहरूलाई, त्यसपछि परम्परागत न्याय प्रणालीलाई (१५.८%) ले रोजने देखिएको छ । (थप विवरणका लागि, तालिका ३.४.१ हेर्नुहोस्)

### विवाद समाधानमा मन पराइएका उपायहरु, विवादको प्रकारअनुसार

| | जग्गा सम्बन्धी विवाद (सं. =७,०१५) | ऋण/लेनदेन सम्बन्धी विवाद (सं. =७,०३८) | घरेलु हिंसा (सं. =७,०४३) | अपराध (सं. =७,०६०) |
|---|---|---|---|---|
| वडाध्यक्ष वा वडाका सदस्य | ३२.०% | २९.१% | २२.४% | २३.७% |
| प्रहरी | ११.३% | २४.४% | २४.७% | ४९.६% |
| परम्परागत न्याय प्रणाली | १५.८% | १५.१% | १४.३% | ७.७% |
| नगरपालिकाका मेयर/गाउँपालिकाका अध्यक्ष | १२.१% | १०.९% | ९.४% | ९.२% |
| मालपोत कार्यालय | ८.५% | ०.२% | ०.१% | ०.१% |
| साथीभाइ तथा आफन्त | ५.६% | ५.६% | ६.५% | २.०% |
| गाउँ वा नगर परिषद | ५.१% | ४.९% | ४.१% | ४.१% |
| गाउँपालिका वा नगरपालिकामा रहेका कर्मचारी | ३.३% | २.६% | १.९% | १.३% |
| जिल्ला अदालत | १.८% | ०.७% | ०.४% | ०.२% |
| आफैमा मात्र निर्भर | १.८% | २.७% | ९.९% | ०.२% |
| न्यायिक समिति | ०.६% | ०.८% | ०.८% | ०.३% |
| सामुदायिक मेलमिलापकर्ता | ०.६% | १.१% | २.२% | ०.४% |

*तालिका ३.४.१ : प्रश्न-C5a-d यदि तपाईंको घर परिवारमा कुनै किसिमको जग्गा सम्बन्धी विवाद, ऋण/लेनदेन सम्बन्धी विवाद र घरेलु हिंसा सम्बन्धी विवाद परेमा त्यसको समाधानको लागि कसको सहयोग लिनुहुन्छ ? ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

**सन् २०१७ देखि सन् २०२० को सर्वेक्षणमा, जग्गाको विवाद सुल्झाउन स्थानीय सरकारका निकायमा जान रूचाउने नेपालीहरूको अनुपातमा वृद्धि भएको छ ।** जग्गा सम्बन्धी विवाद सुल्झाउन वडाध्यक्ष/सदस्यलाई रोज्ने व्यक्तिहरूको प्रतिशत सन् २०१७ देखि लगातार बढिरहेको छ, यो सन् २०१७ मा रहेको ८.६% बाट बढेर सन् २०१८ मा १८.६% पुगेको थियो र सन् २०२० मा भने ३२.०% पुगेको छ । त्यस्तै, नगर/गाउँपालिकाका प्रमुखलाई प्राथमिकतामा राख्ने उत्तरदाताहरु पनि निरन्तर बढेको छ, यो संख्या सन् २०१७ मा रहेको ६.३% बाट बढेर सन् २०१८ मा ८.२% हुँदै सन् २०२० मा १२.१% पुगेको छ । यस खोजका नतिजाहरूले स्थानीय सरकारहरूले बिस्तारै बिस्तारै जनताको विश्वास र लोकप्रियता हासिल गरिरहेको देखाएका छन् ।

अर्कोतर्फ, जग्गा विवाद समाधान गर्न परम्परागत न्याय प्रणालीमा जान चाहने उत्तरदाताहरूको हिस्सा क्रमशः घट्दै गइरहेको छ, यो सन् २०१७ मा रहेको २२.१% बाट घटेर सन् २०१८ मा २१.१% हुँदै सन् २०२० मा १५.८% पुगेको छ । जग्गा सम्बन्धी विवाद समाधानमा साथी र आफन्तहरूलाई गुहार्ने चलन पनि क्रमशः घटिरहेको छ, यो सन् २०१८ मा रहेको ६.३% बाट घटेर सन् २०२० मा ५.६% पुगेको छ ।

**जग्गा विवाद समाधानमा मन पराइएका उपायहरू, वर्षअनुसार**




*चित्र ३.४.१ : प्रश्न-C5a. यदि तपाईंको घर परिवारमा कुनै किसिमको जग्गा सम्बन्धी विवाद परेमा त्यसको समाधानको लागि कसको सहयोग लिनुहुन्छ ?*
*(सं. = ७,०१५) ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**सर्वेक्षणमा सहभागी करिब एकतिहाइ उत्तरदाताहरू (२९.१%) ले वडाध्यक्ष वा सदस्यहरूको सहयोगमा ऋण/लेनदेन सम्बन्धी विवाद सुल्झाउन रूचाउने बताएका छन्, त्यसपछि उनीहरूले प्रहरीलाई (२४.४%) र परम्परागत न्याय प्रणालीलाई १५.१% ले आफ्नो रोजाइमा पारेका छन् ।** ऋण/लेनदेन सम्बन्धी विवाद सुल्झाउन आफ्नो वडाका अध्यक्ष/सदस्यहरूबाट सहयोग खोज्ने उत्तरदाताहरु सन् २०१७ मा रहेको ७.३% बाट बढेर सन् २०१८ मा १७.१% हुँदै सन् २०२० मा २९.१% पुगेका छन् । ऋण/लेनदेन सम्बन्धी विवाद समाधान गर्न नगर/गाउँपालिका प्रमुखहरूलाई प्राथमिकता दिने उत्तरदाताहरु सन् २०१७ मा रहेको ४.५% बाट बढेर सन् २०१८ मा ६.८% हुँदै सन् २०२० मा १०.९% पुगेका छन् ।

**जग्गा विवाद समाधान गर्नको निम्ति परम्परागत न्याय प्रणालीमा जान चाहने नेपालीहरूको प्रतिशत घटेको छ, सन् २०१७ मा रहेको २३.५% बाट थोरै बढेर सन् २०१८ मा २४.५% पुगेता पनि यो सन् २०२० मा उल्लेख्य रूपमा घटेर १५.१% पुगेको छ ।** त्यस्तै, ऋण/लेनदेन सम्बन्धी विवादमा साथी तथा आफन्तहरूलाई विवाद समाधानको लागि प्राथमिकतासाथ गुहार्नेहरूको प्रतिशत सन् २०१७ मा रहेको १४.३% बाट घटेर सन् २०१८ मा ८.७% पुगेको र सन् २०२० मा अझै घटेर ५.६% मा पुगेको छ ।

**ऋण/लेनदेन सम्बन्धी विवाद समाधानमा मन पराइएका उपायहरू, वर्षअनुसार**




*चित्र ३.४२ : प्रश्न-C5b यदि तपाईंको घर परिवारमा कुनै किसिमको लेनदेन/ऋण सम्बन्धी विवाद परेमा त्यसको समाधानको लागि कसको सहयोग लिनुहुन्छ ? (सं. =७,०३८) ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**झण्डै एक चौथाइ (२४.७%) उत्तरदाताहरूले घरेलु हिंसा सम्बन्धी विवाद समाधानको लागि प्रहरीको सहयोग लिन रूचाउने बताएका छन् भने, त्यो भन्दा केही कम (२२.४%) ले यो विषयमा वडाध्यक्ष/सदस्यहरूलाई आफ्नो रोजाइमा पार्ने बताएका छन् ।** घरेलु हिंसाको विवाद सुल्झाउन प्रहरीको सहयोग लिने क्रम विस्तारै घट्दै गइरहेको छ, भने वडाध्यक्ष/सदस्यहरूको सहयोग लिने क्रम लगातार बढिरहेको छ । जस्तो, सन् २०१७ मा ३३.५% उत्तरदाताहरूले घरेलु हिंसा सम्बन्धी विवाद सुल्झाउनको लागि प्रहरीको सहयोग लिने बताएका थिए, भने सन् २०२० मा चाहिँ यो २४.७% मा झरेको छ ।

**सर्वेक्षणमा सहभागी उत्तरदाताहरूले घरेलु हिंसा सम्बन्धी विषयहरूलाई समाधान गर्न वडाध्यक्ष/सदस्यहरू तथा नगर/गाउँपालिकाका प्रमुखहरूलाई प्राथमिकता दिने क्रम लगातार बढिरहेको छ ।** सन् २०२० मा घरेलु हिंसाका मुद्दालाई समाधान गर्न वडाध्यक्ष/सदस्यहरूलाई प्राथमिकता दिने उत्तरदाताहरूको हिस्सा २२.४% रहेको छ, जुन आँकडा सन् २०१८ को (१०.२%) तुलनामा दोब्बर भन्दा पनि बढी रहेको छ । त्यस्तै घरेलु हिंसाको विवाद समाधान गर्न नगर/गाउँपालिका प्रमुखहरूलाई प्राथमिकता दिने उत्तरदाताहरूको अनुपात सन् २०१८ मा रहेको ३.२% बाट बढेर सन् २०२० मा ९.४% पुगेको छ ।

**घरेलु हिंसा सम्बन्धी विवाद समाधानमा मन पराइएका उपायहरू, वर्षअनुसार**




*चित्र ३.४.३ : प्रश्न-C5c यदि तपाईंको घर परिवारमा कुनै किसिमको घरेलु हिंसा सम्बन्धी विवाद परेमा त्यसको समाधानको लागि कसको सहयोग लिनुहुन्छ ? (सं. = ७,०४३) ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

**सर्वेक्षणमा सहभागी झण्डै आधा उत्तरदाताहरू (४९.६%) ले अपराध सम्बन्धी विवाद सुल्झाउन प्रहरी कहाँ जान रूचाउने बताएका छन्, भने उत्तरदाताहरूको बढ्दो अनुपात (२३.७%) को रोजाईमा वडाध्यक्ष/सदस्यहरू रहेका छन् ।** यदि कुनै अपराधिक गतिविधिको शिकार बनेमा प्रहरी कहाँ जाने उत्तरदाताहरूको अनुपात सन् २०१७ मा रहेको ६८.४% बाट घटेर सन् २०१८ मा ६४.९% पुगेकोमा सन् २०२० मा अझै घटेर ४९.६% पुगेको छ । परम्परागत न्याय प्रणालीलाई अपराधिक गतिविधि सम्बन्धी विवाद सुल्झाउनको निम्ति प्राथमिकतामा राख्ने उत्तरदाताहरूको संख्या पनि क्रमशः घटदै गईरहेको देखिएको छ । **सन् २०२० मा अपराधिक गतिविधिको विवाद समाधानको लागि वडाध्यक्ष/सदस्यहरूलाई प्राथमिकता दिने हरूको प्रतिशतमा सन् २०१७ को तुलनामा २०.५% अन्तरले वृद्धि भएको छ ।** अपराधिक गतिविधिको विवाद समाधानको लागि नगर/गाउँपालिकाका प्रमुखलाई प्राथमिकता दिने उत्तरदाताहरूको प्रतिशतमा सन् २०१७ को तुलनामा सन् २०२० मा ६.९% अन्तरले बढेको देखिएको छ (थप विवरणका लागि, चित्र ३.४.४ हेर्नुहोस्) । समग्रमा, सन् २०१७, सन् २०१८ र सन् २०२० का सर्वेक्षणबाट प्राप्त नतिजाले विवाद समाधानका लागि नेपालीहरूले आफ्नो स्थानीय सरकारका सदस्यहरूको सहयोग लिन बढी रूचाइरहेका छन् भन्ने कुरा पुष्टी गरेको छ ।




*चित्र ३.४.४ : प्रश्न-C5d यदि तपाईंको घर परिवारमा कुनै किसिमको अपराध सम्बन्धी विवाद परेमा त्यसको समाधानको लागि कसको सहयोग लिनुहुन्छ ? (सं. = ७,०६०)*

**विवाद समाधानको लागि उत्तरदाताहरूको रोजाइमा परेका तीन शीर्ष माध्यमहरूमा वडाध्यक्ष/सदस्य, प्रहरी र परम्परागत न्याय प्रणाली रहेका छन् । यद्यपि, प्रदेश अनुसारका मानिसहरूको रोजाइहरू भने भिन्न भिन्न देखिएका छन् ।** जग्गा सम्बन्धी विवाद समाधानको लागि सुदूरपश्चिम प्रदेशका एक चौथाइ (२७.८%) भन्दा बढी उत्तरदाताहरूले परम्परागत न्याय प्रणालीमा जान रूचाउँछन् भने, अन्य प्रदेशका अधिकांश उत्तरदाताहरूले वडाध्यक्ष वा सदस्यहरु कहाँ जान रूचाउँछन् । त्यस्तै ऋण/लेनदेन सम्बन्धी विवादका लागि गण्डकी प्रदेशका झण्डै एक तिहाइ (३०.१%) उत्तरदाताहरु प्रहरीको सहयोग लिन रूचाउँछन्, भने, अन्य प्रदेशका मानिसहरूले चाहिँ वडाध्यक्ष/सदस्यहरूको सहयोग लिन मन पराउँदछन् ।

**कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश बाहेक सबै प्रदेशका उत्तरदाताहरूले घरेलु हिंसा सम्बन्धी विवाद सुल्झाउनको लागि वडाध्यक्ष/सदस्यको सहयोग लिन रूचाउँछन् ।** कर्णाली प्रदेशका पाँच मध्ये करिब एक जना (२१.५%) उत्तरदाताहरूले घरेलु हिंसाको विवादलाई आफैले सल्ट्याउने बताएका छन् । यस खालको प्रतिक्रिया व्यक्त गर्ने उत्तरदाताहरूको संख्या अन्य प्रदेशको तुलनामा कर्णाली प्रदेशमा उल्लेखनीय रूपमा बढी रहेको छ । घरेलु हिंसा सम्बन्धी विवादका लागि, सुदूरपश्चिम प्रदेशका एक चौथाइ भन्दा बढी (२६.४%) उत्तरदाताहरु परम्परागत न्याय प्रणालीमा जान रूचाउँछन भने २५.४% उत्तरदाताहरु वडाध्यक्ष/सदस्यहरु कहाँ जान रूचाउँछन् ।

**सुदूरपश्चिम बाहेक अन्य प्रदेशहरूका प्रायः (४५% भन्दा बढी) उत्तरदाताहरूले कुनैपनि अपराधिक गतिविधिसँग सम्बन्धित विवाद समाधानको लागि प्रहरीहरू उनीहरूको रोजाइमा पर्ने बताएका छन् ।** उत्तरदाताहरूको यो हिस्सा तुलनात्मक रूपमा अरू प्रदेशहरूमा भन्दा सुदूरपश्चिम प्रदेशमा कम (३३.५%) रहेको देखिएको छ ।

**सुदूरपश्चिम प्रदेशमा बसोबास गर्ने नेपालीहरूले विभिन्न किसिमका विवाद समाधानको लागि अन्य प्रदेशहरूको तुलनामा परम्परागत न्याय प्रणालीमा बढी विश्वास राख्ने देखिएको छ ।** आपराधिक मुद्दा बाहेक जग्गा सम्बन्धी, ऋण/लेनदेन सम्बन्धी र घरेलु हिंसा सम्बन्धी विवाद सुल्झाउन करिब एक चौथाइ भन्दा बढी उत्तरदाताहरु परम्परागत न्याय प्रणालीमा जान रूचाउने देखिएको छ । (थप विवरणका लागि, तालिका ३.४.२ हेर्नुहोस्) ।

**विवाद समाधानमा मन पराइएका उपायहरू, प्रदेश र नगरपालिकाअनुसार**

| | | प्रदेश | | | | | | | नगरपालिका | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | गाउँ | नगर |
| जग्गा सम्बन्धी विवाद (सं.=७,०१५) | वडाध्यक्ष वा वडाका सदस्य | २७.०% | २८.१% | ४०.१% | ४१.२% | ३०.२% | ३४.०% | २३.८% | ३१.१% | ३२.२% |
| | परम्परागत न्याय प्रणाली | २२.१% | १८.३% | ५.६% | ८.१% | १४.६% | १८.५% | २७.८% | १९.७% | १३.५% |
| | नगरपालिकाका मेयर/ गाउँपालिकाका अध्यक्ष | १३.४% | १३.६% | ९.३% | १३.१% | १०.८% | ९.३% | १४.९% | ११.६% | १२.३% |
| | प्रहरी | ७.८% | २०.६% | १०.१% | ५.९% | १०.३% | ८.५% | ८.१% | ११.२% | ११.३% |
| | मालपोत कार्यालय | ११.५% | ३.३% | १०.१% | ५.९% | १३.०% | ६.०% | ५.३% | ६.७% | ९.४% |
| ऋण/लेनदेन सम्बन्धी विवाद (सं.=७,०३८) | वडाध्यक्ष वा वडाका सदस्य | २५.५% | २७.५% | ३३.५% | २९.६% | २८.२% | ३३.८% | २६.७% | २९.७% | २८.६% |
| | प्रहरी | २३.९% | २४.९% | २८.१% | ३०.१% | २०.४% | २२.०% | १८.७% | २१.४% | २५.९% |
| | परम्परागत न्याय प्रणाली | १९.४% | १७.७% | ४.६% | ११.२% | १४.०% | १८.८% | २७.६% | १७.४% | १३.८% |
| | नगरपालिकाका मेयर/ गाउँपालिकाका अध्यक्ष | १२.२% | १५.५% | ५.४% | १०.६% | ११.७% | ७.२% | १०.८% | १०.५% | ११.०% |
| घरेलु हिंसा (सं.=७,०४३) | प्रहरी | १८.७% | २६.५% | ३२.७% | ३८.३% | १८.०% | १८.५% | १७.६% | २०.०% | २७.२% |
| | वडाध्यक्ष वा वडाका सदस्य | १९.१% | २४.४% | २४.५% | १९.३% | २१.५% | १९.८% | २५.४% | २४.२% | २१.४% |
| | परम्परागत न्याय प्रणाली | २०.९% | १६.८% | ४.६% | १०.२% | ११.०% | १५.४% | २६.४% | १७.२% | १२.५% |
| | आफैमा मात्र निर्भर | ११.०% | ५.३% | १०.५% | २.९% | १४.८% | २१.५% | ६.४% | १०.६% | ९.५% |
| | नगर/ गाउँपालिकाका प्रमुख | १०.३% | १३.८% | ४.८% | ८.७% | ९.५% | ५.२% | ११.४% | ९.४% | ९.४% |
| अपराध (सं.=७,०६०) | प्रहरी | ५१.४% | ४४.९% | ५८.३% | ५७.७% | ४९.२% | ४५.७% | ३३.५% | ४३.६% | ५३.०% |
| | वडाध्यक्ष वा वडाका सदस्य | १८.३% | २५.२% | २९.१% | १८.५% | २३.२% | २६.३% | २२.७% | २५.८% | २२.६% |
| | नगर/ गाउँपालिकाका प्रमुख | ९.३% | १३.४% | ५.५% | ९.७% | ७.३% | ८.०% | ११.४% | ८.६% | ९.५% |
| | परम्परागत न्याय प्रणाली | ८.९% | ८.६% | १.२% | ३.३% | ६.७% | ९.१% | २२.६% | ११.०% | ५.८% |

*तालिका ३.४२ : प्रश्न-C5a-d यदि तपाईंको घर परिवारमा कुनै किसिमको जग्गा सम्बन्धी विवाद, ऋण/लेनदेन सम्बन्धी विवाद र घरेलु हिंसा सम्बन्धी विवाद परेमा त्यसको समाधानको लागि कसको सहयोग लिनुहुन्छ ? ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

### *विवाद समाधानका अनुभवहरू*

विवाद समाधानको निम्ति उत्तरदाताहरूको रोजाइका साथसाथै उनीहरूको वास्तविक अनुभवहरूलाई पनि यस अध्ययनमा चारओटा फरक फरक क्षेत्रहरु -जग्गा सम्बन्धी विवाद, ऋण/लेनदेन सम्बन्धी विवाद, घरेलु हिंसा र अपराध) मा समावेश गरिएको छ । **गएको एक वर्षमा उल्लिखित विवादहरूमा संलग्न एक तिहाइ भन्दा बढी उत्तरदाताहरूले विवाद समाधानको लागि कुनै पनि औपचारिक संस्था, अधिकारी वा व्यक्तिहरूसँग सम्पर्क नराखेको बताएका छन् ।** तालिका ३.४.३ मा देखाइए जस्तै सर्वेक्षणमा समावेश उत्तरदाताहरु मध्ये दुई तिहाइ भन्दा केही कम उत्तरदाताहरूले उल्लिखित चार प्रकारको कुनैपनि विवादहरु भोग्नु नपरेको बताएका छन् भने ३७.०% ले जग्गा सम्बन्धी विवाद समाधानका लागि, ३७.५% ले ऋण/लेनदेनको सम्बन्धी विवाद समाधानका लागि, ३६.७% ले घरेलु हिंसा सम्बन्धी विवाद समाधानका लागि र ३७.१% ले अपराध सम्बन्धी विवाद समाधानका लागि कुनै पनि औपचारिक संस्था, अधिकारी वा व्यक्तिहरूसँग सम्पर्क नराखेको बताएका छन् ।

**धेरै कम उत्तरदाताहरू (०.५% देखि २.४%) ले मात्र विवाद समाधानका लागि औपचारिक संस्था, अधिकारी वा व्यक्तिहरूसँग गएको एक वर्षमा सम्पर्क राखेको बताएका छन् ।** जग्गा सम्बन्धी विवाद सुल्झाउन औपचारिक संस्था, अधिकारी वा व्यक्तिसँग सम्पर्क गरेका उत्तरदाताहरूको अंश २.४% रहेको छ, भने ऋण/लेनदेनको लागि १.१% र घरेलु हिंसा तथा अपराधका विवादमा त्यो भन्दा पनि कम प्रतिशतले सम्पर्क राखेका छन् (थप विवरणका लागि, तालिका ३.४.३ हेर्नुहोस्) । विवाद समाधानका वास्तविक अनुभवसँग सम्बन्धित उत्तरदाताहरूको जवाफहरु सामाजिक, आर्थिक, जनसांख्यिकीय र भौगोलिक हिसाबमा भने उस्तै उस्तै रहेका छन् ।

### पछिल्लो वर्षमा विवाद समाधान बारेको वास्तविक अनुभव

| | छ | छैन | लागू नहुने |
|---|---|---|---|
| जग्गा माथिको विवाद | २.४% | ३७.०% | ६०.६% |
| ऋण/लेनदेन माथिको विवाद | १.१% | ३७.५% | ६१.४% |
| घरेलु हिंसा | ०.३% | ३६.७% | ६२.९% |
| अन्य हिंसा वा अपराधबाट प्रभावित भएको | ०.५% | ३७.१% | ६२.४% |

*तालिका ३.४.३ : प्रश्न-C8a-d. गएको एक वर्षमा, विवाद वा झै-झगडा समाधानका लागि तपाईं कुनै निकायमा जानुभएको छ ? (सं. = ७,०६०)*

गएको एक वर्षमा केवल २.४% उत्तरदाताहरूले मात्र जग्गा सम्बन्धी विवाद सुल्झाउन कुनै औपचारिक संस्था, अधिकारी वा व्यक्तिलाई सम्पर्क गरेको बताएका छन् । तीमध्ये एउटा उल्लेखनीय अनुपातले वडाध्यक्ष/सदस्यलाई (३५.७%) र प्रहरीलाई (३०.६%) सम्पर्क गरेको बताएका छन्, भने, १८.५% उत्तरदाताहरूले परम्परागत न्याय प्रणालीमा पुगेको बताएका छन् । त्यस्तै ऋण/लेनदेन सम्बन्धी विवादको लागि १.१%[१२] ले विवाद समाधानको लागि औपचारिक संस्था, अधिकारी वा व्यक्तिको सहयोग खोजेको बताएका छन् । तीमध्ये धेरैजसो (५३.२%) ले प्रहरीमा सम्पर्क गरेको बताएका छन् भने ३५.२% उत्तरदाताहरूले वडाध्यक्ष/सदस्यहरूसँग पुगेको र २९.१% परम्परागत न्यायिक निकायमा पुगेको बताएका छन् । घरेलु हिंसा सम्बन्धी विवादमा, मात्र ०.३%[१३] उत्तरदाताहरूले गएको एक वर्षमा औपचारिक संस्था, अधिकारी र व्यक्तिहरूसँग सहयोगको लागि अपिल गरेको बताएका छन् । तीमध्ये धेरैजसो (६२.१%) ले प्रहरीमा सम्पर्क गरेको बताएका छन् भने २०.४% उत्तरदाताहरु वडाध्यक्ष/सदस्यहरूसँग पुगेका छन् । अपराध सम्बन्धी विवादमा, मात्र ०.५%[१४] उत्तरदाताहरूले गएको एक वर्षमा औपचारिक संस्था, अधिकारी र व्यक्तिहरूसँग सहयोगको लागि अपिल गरेको बताएका छन् । तीमध्ये दुई तिहाइ (७४.९%) ले प्रहरीमा सम्पर्क गरेको र २८.४% उत्तरदाताहरु भने वडाध्यक्ष/सदस्यहरूसँगको सम्पर्कमा पुगेको बताएका छन् ।

१२ १०० भन्दा कम उत्तरदाताहरु ।
१३ १०० भन्दा कम उत्तरदाताहरु ।
१४ १०० भन्दा कम उत्तरदाताहरु ।

**विवाद समाधानको निम्ति रोजाइमा परेका निकाय**

| रोजाइको निकाय | जग्गा सम्बन्धी विवाद (सं. = १६८) | ऋण/लेनदेन सम्बन्धी विवाद (सं. = ८०) | घरेलु हिंसा (सं. = २५) | अपराध (सं. = ३५) |
|---|---|---|---|---|
| वडाध्यक्ष वा वडाका सदस्य | ३५.७% | ३५.२% | २०.४% | २८.४% |
| प्रहरी | ३०.६% | ५३.२% | ६२.१% | ७४.९% |
| नगरपालिकाका मेयर/गाउँपालिकाका अध्यक्ष | १४.४% | ३.८% | ११.९% | १०.४% |
| परम्परागत न्याय प्रणाली | १८.५% | २९.१% | १७.६% | २४.४% |
| जिल्ला अदालत | १७.१% | ६.९% | ८.१% | ६.१% |
| मालपोत कार्यालय | १६.३% | ०% | ०% | ४.७% |
| साथीभाइ तथा आफन्त | ९.९% | ३०.५ | ९.१% | १३.४% |

*तालिका ३.४४ : प्रश्न-C8a-d.1. (यदि प्रश्न-C8a-d मा 'छ' भनेमा) कुन निकायमा वा कस कहाँ जानुभयो ?*

**गएको एक वर्षमा, आफ्नो रोजाइमा परेको विवाद समाधान गर्ने निकायहरूबाट न्याय पाउनुभयो त, भनेर उत्तरदाताहरूलाई सोध्दा करिब आधा जसोले अपराध सम्बन्धी विवादमा बाहेक अन्य विवादहरूमा न्याय पाएको बताएका छन् ।** जग्गा सम्बन्धी विवाद समाधानका सुल्झाउन औपचारिक संस्था, अधिकारी वा व्यक्तिलाई सम्पर्क गरेको २.४% उत्तरदाताहरूमध्ये ४२.८% ले आफूहरूले न्याय पाएको; २६.१% ले आफूहरु न्याय पाउने प्रक्रियामा रहेको र ३१.१% ले, आफूहरूले न्याय नपाएको बताएका छन् । ऋण/लेनदेन सम्बन्धी विवादको लागि विवाद समाधान गर्ने निकायमा पुगेका १.१% मध्ये आधाभन्दा बढी ५५.३% ले आफूहरूले न्याय पाएको, १९.०% ले आफूहरु न्याय पाउने प्रक्रियामा रहेको र एक चौथाइ (२५.६%) ले, आफूहरूले न्याय नपाएको बताएका छन् । यसैगरी घरेलु हिंसा सम्बन्धी विवादको लागि विवाद समाधान गर्ने निकायमा पुगेका ०.३% मध्ये आधाभन्दा बढी ५३.९% ले आफूहरूले न्याय पाएको, १५.५% ले आफूहरु न्याय पाउने प्रक्रियामा रहेको र एक चौथाइ भन्दा बढी (३०.६%) ले, आफूहरूले न्याय नपाएको बताएका छन् । साथै अपराध सम्बन्धी विवादको लागि विवाद समाधान गर्ने निकायमा पुगेका ०.५% उत्तरदाताहरूमध्ये आधाभन्दा बढी ५१.०% ले आफूहरूले न्याय नपाएको बताएका छन्, भने २३.५% ले आफूहरु न्याय पाएको र एक चौथाइ (२५.४%) ले, आफूहरूले न्याय पाउने प्रक्रियामा रहेको बताएका छन् ।

**विवाद समाधानको निम्ति रोजाइमा परेका निकायबाट पाएको न्याय**

| रोजाइको निकाय | जग्गा सम्बन्धी विवाद (सं. = १६८) | ऋण/लेनदेन सम्बन्धी विवाद (सं. = ८०) | घरेलु हिंसा (सं. = २५) | अपराध (सं. = ३५) |
|---|---|---|---|---|
| पाएँ | ४२.८% | ५५.३% | ५३.९% | २३.५% |
| पाइन | ३१.१% | २५.६% | ३०.६% | ५१.०% |
| प्रक्रियामा रहेको | २६.१% | १९.०% | १५.५% | २५.४% |

*तालिका ३.४५ : प्रश्न-C8a-d.2. (यदि प्रश्न-C8a-d.1 मा 'छ' भनेमा) समग्रमा उक्त निकायबाट न्याय पाउनु भयो कि भएन ?*

## ३.५ न्यायमा विश्वास

चार प्रकारका विवादहरु समाधान गर्नका लागि रोजिएका विभिन्न निकायबाट न्याय पाउने कुरा प्रति उत्तरदाताहरूमा कतिको विश्वास रहेको छ भनेर पनि यस सर्वेक्षणले मूल्यांकन गरेको छ । चार प्रकारका विवादहरूलाई उत्तरदाताले सुन्ने गरी पढिएको थियो र यी विवाद समाधान गर्नका लागि उनीहरुद्वारा रोजिएको निकायबाट न्याय पाउने कुरा प्रति उनीहरु 'धेरै विश्वासिलो' 'केही विश्वासिलो' र 'विश्वास नभएको' र 'पटक्कै विश्वास नभएको' भनी मूल्यांकन गर्न सक्थे । **समग्रमा, उत्तरदाताहरूले आफ्नो रोजाइमा परेका संस्थाहरू बाट न्याय पाउने कुरामा उनीहरू 'केही विश्वासिलो' भएको बताएका छन् । ऋण/लेनदेन सम्बन्धी विवाद समाधान गर्नका लागि उत्तरदाताद्वारा रोजिएको निकायबाट न्याय पाउने कुरामा (६२.३%), जग्गा सम्बन्धी विवादमा (६१.१%), अपराध सम्बन्धी विवादमा (६०.८%) र घरेलु हिंसा सम्बन्धी विवादमा (६०.०%) उत्तरदाताहरू 'केही विश्वासिलो' भएको बताएका छन् ।** विभिन्न किसिमका विवाद वा झै-झगडा हुँदा समाधान

गर्नका लागि रोजिएको निकायबाट न्याय पाउँछु भन्नेमा 'पटक्कै विश्वास नभएको' भनी जवाफ दिने उत्तरदाताहरूको संख्या न्यून रहेको छ । जस्तै अपराध सम्बन्धी विवादको लागि, रोजिएको निकायबाट न्याय पाउने कुरामा ७.२% उत्तरदाताहरूले 'विश्वास नभएको' र १.४% उत्तरदाताहरूले 'पटक्कै विश्वास नभएको' भनी बताएका छन् । (थप विवरणका लागि चित्र ३.५.१ हेर्नुहोस्) ।

## न्याय पाउने कुरामा विश्वास, वर्षअनुसार




*चित्र ३.५.१ : प्रश्न-C6a-d. तपाईं विभिन्न किसिमका विवाद वा झै-झगडा हुँदा न्याय पाउँछु भन्नेमा कत्तिको विश्वस्त हुनुहुन्छ ? (सं. =७,०६०)*

**तीन ओटा सर्वेक्षण वर्षमा विभिन्न किसिमका विवाद वा झै-झगडा हुँदा न्याय पाउँछु भन्ने मानिसहरूको विश्वासमा त्यति परिवर्तन भएको देखिएको छैन ।** विभिन्न किसिमका विवाद वा झै-झगडा हुँदा न्याय पाउँछु भन्नेमा 'विश्वास नभएको' र 'पटक्कै विश्वास नभएको' भनी जवाफ दिने उत्तरदाताहरूको प्रतिशत सबै तीन ओटा सर्वेक्षणका वर्षहरूमा उस्तै नै रहेको छ यद्यपि, न्याय पाउनेमा 'धेरै विश्वासिलो' आशा गर्ने उत्तरदाताहरूको प्रतिशतमा भने वृद्धि भएको छ । उत्तरदाताको रोजाइमा परेको विवाद समाधान गर्ने निकायबाट न्याय पाउनेमा 'केही विश्वास' लाग्ने उत्तरदाताहरूको संख्या घट्न गएको र न्याय पाउनेमा 'धेरै विश्वास' लाग्ने उत्तरदाताहरूको संख्यामा वृद्धि भएको छ । यसबाट नेपाली जनमानसमा विभिन्न किसिमका विवाद वा झै-झगडा हुँदा न्याय पाइन्छ भन्ने विश्वासको तहमा मात्र परिवर्तन आएको बुझिन्छ (थप विवरणका लागि, चित्र ३.५.१ हेर्नुहोस्) ।

**उत्तरदाताको रोजाइमा परेको विवाद समाधान गर्ने निकायबाट न्याय प्राप्त गर्ने विश्वास प्रदेश अनुसार फरक रहेको छ ।** गण्डकी प्रदेशबाट ९५% भन्दा बढी र प्रदेश १ बाट ९०% उत्तरदाताहरु विवाद समाधान गर्ने निकायबाट न्याय प्राप्त गर्ने कुरामा विश्वस्त रहेको देखिएको छ ।[१५] प्रदेशहरूमध्ये, सबैभन्दा बढी लुम्बिनी प्रदेशको उत्तरदाताहरूले आफ्नो रोजाइमा परेको विवाद समाधान गर्ने निकायबाट न्याय प्राप्त गर्ने कुरामा 'धेरै विश्वासिलो' भएको बताएका छन् । (थप विवरणका लागि, तालिका ३.५.१ हेर्नुहोस) ।

### न्याय पाउने कुरामा विश्वास, प्रदेशअनुसार

| | | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम |
| जग्गा सम्बन्धी विवाद (सं. =७,०५४) | धेरै विश्वास | ३१.७% | २६.०% | ३९.२% | २४.७% | २१.५% | ४१.३% | ३५.६% | २९.१% |
| | केही विश्वास | ६१.१% | ६६.१% | ५४.५% | ६५.१% | ७४.१% | ५२.२% | ५८.३% | ६४.७% |
| | विश्वास छैन | ६.०% | ६.१% | ५.६% | ८.४% | ३.४% | ५.०% | ४.७% | ६.०% |
| | पटक्कै विश्वास छैन | १.३% | १.९% | ०.८% | १.८% | १.०% | १.५% | १.५% | ०.१% |
| ऋण/लेनदेन सम्बन्धी विवाद (सं. =७,०५५) | धेरै विश्वास | ३०.१% | २२.२% | ३७.०% | २४.४% | २१.२% | ४०.१% | ३३.६% | २८.५% |
| | केही विश्वास | ६२.४% | ६७.६% | ५८.६% | ६३.८% | ७४.४% | ५३.५% | ५९.८% | ६५.५% |
| | विश्वास छैन | ६.२% | ८.०% | ३.७% | १०.३% | ३.४% | ४.५% | ५.४% | ५.९% |
| | पटक्कै विश्वास छैन | १.३% | २.२% | ०.८% | १.५% | १.०% | १.८% | १.२% | ०.१% |
| घरेलु हिंसा ( सं.=७,०५२) | धेरै विश्वास | ३२.८% | ३३.३% | ४०.६% | २३.५% | २२.२% | ४०.९% | ३४.६% | २८.६% |
| | केही विश्वास | ६०.०% | ५७.३% | ५४.४% | ६५.६% | ७३.४% | ५३.४% | ६०.२% | ६४.६% |
| | विश्वास छैन | ६.०% | ६.७% | ४.१% | ९.९% | ३.६% | ४.३% | ४.२% | ६.६% |
| | पटक्कै विश्वास छैन | १.३% | २.७% | १.०% | १.०% | ०.८% | १.४% | १.०% | ०.१% |
| अपराध (सं.=७,०५५) | धेरै विश्वास | ३०.६% | २४.१% | ३८.६% | २२.७% | २१.८% | ४०.१% | ३४.१% | २९.४% |
| | केही विश्वास | ६०.८% | ६२.९% | ५४.६% | ६४.६% | ७३.६% | ५३.८% | ५९.८% | ६४.५% |
| | विश्वास छैन | ७.२% | १०.१% | ५.७% | ११.३% | ३.६% | ४.६% | ४.७% | ५.९% |
| | पटक्कै विश्वास छैन | १.५% | २.८% | १.१% | १.४% | १.०% | १.४% | १.५% | ०.३% |

*तालिका ३.५.१ : प्रश्न-Q-C6a–d. विभिन्न किसिमका विवाद वा झै-झगडा हुँदा तपाईं न्याय पाउँछु भन्नेमा कत्तिको विश्वस्त हुनुहुन्छ ? ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

## ३.६ सुरक्षाबारे सामान्य जानकारी

**धेरै जसो नेपालीहरू आफू माथि शारीरिक रूपमा कुटपिट वा आक्रमण होला भनि डराउँदैनन् ।** सुरक्षाको सामान्य बोध मापन गर्न, उत्तरदाताहरूलाई कुटपिट वा हमला हुने कुनै भय छ कि छैन, भनेर पनि प्रश्न सोधिएको थियो, यसमा धेरै (९४.०%) उत्तरदाताहरूले आफू माथि शारीरिक रूपमा कुटपिट वा आक्रमण होला भन्ने भय नभएको बताएका छन् ।

**शारीरिक रूपमा कुटपिट वा आक्रमण होला भन्ने भय प्रदेश अनुसार भिन्न भिन्न रहेको छ ।** प्रदेश २ का ११.६% (प्रदेशहरूमध्ये सबैभन्दा बढी) उत्तरदाताहरूलाई आफू माथि कुटपिट तथा शारीरिक आक्रमण हुने डर रहेको छ, जबकि, यस्तो कुरा गण्डकी प्रदेशका २.२% ले मात्र बताएका छन् । सन् २०१८ को सर्वेक्षणमा सुदूरपश्चिम प्रदेशका

---

१५ उत्तरदाताहरूले भनेको, 'केही विश्वासिलो' र 'विश्वास नभएको' भन्ने दुबै पक्षलाई जोडेर यहाँ 'विश्वस्त' मात्र भनिएको छ, जहाँ तिनीहरूले विवादहरु समाधान गर्न रोजेको निकायबाट न्याय पाउने विश्वास गरेका छन् ।

उत्तरदाताहरूको उच्च अनुपात (१०.०%) ले आफू माथि कुटपिट तथा शारीरिक आक्रमणको डर भएको बताएका थिए भने उक्त समयमा सबैभन्दा कम बागमती प्रदेशका (२.६%) उत्तरदाताहरूले त्यस्तो डर भएको बताएका थिए । सन् २०२० मा भने आफू माथि कुटपिट तथा शारीरिक आक्रमणको डर भएका बढी उत्तरदाताहरु प्रदेश २ मा बढी देखिन्छ (११.६%) र सबैभन्दा कम चाहिँ गण्डकी प्रदेशमा (२.२%) रहेको छ ।

**कुटपिट/शारीरिक दुर्व्यवहारको डर, प्रदेश र वर्ष अनुसार**




*चित्र ३.६.१ : प्रश्न-C6A. के तपाईं आफु माथि शारीरिक रूपमा आक्रमण होला भनेर कहिल्यै डराउनु भएको छ ? (सं. =७,०५४) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**भौगोलिक क्षेत्र, शहरी वा ग्रामीण बसोबास र वैवाहिक स्थिति अनुसारका उत्तरदाताहरूमा आफू माथि कुटपिट वा शारीरिक आक्रमणको भय भएको भन्ने प्रतिक्रियामा कुनै खास फरकहरू देखिएको छैन । यी प्रतिक्रियाहरू लगभग राष्ट्रिय आँकडासँग मेल खान्छन् ।**

## कुटपिट/शारीरिक दुर्व्यवहारको डर




*चित्र ३.६.२ : प्रश्न-C6A. के तपाईं आफु माथि शारीरिक रूपमा आक्रमण होला भनेर कहिल्यै डराउनु भएको छ ? (सं. =७,०५४) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

उत्तरदाताहरूले आफ्नो सुरक्षा कसरी गरेका छन् भन्ने कुराको मूल्यांकन गर्नको लागि पाँचओटा फरक कथनहरु प्रस्तुत गरिएको थियो । उनीहरूले उक्त फरक फरक कथनहरूमा 'पटक्कै होइन', 'कहिलेकाहीँ', 'प्रायजसो' र 'सधैं' मध्ये कुनै एकलाई छानेर जवाफ गर्न सक्थे । उक्त कथनहरूमा यौन दुर्व्यवहार वा शारीरिक कुटपिटको डरले आफू एक्लै घरबाट बाहिर नगएको वा ननिस्किएको, कुनै निश्चित ठाउँमाजाँदा कुनै निश्चित बाटोघाटो नहिँडेको वा कुनै क्षेत्रमा नगएको, कुनै दुर्व्यवहार वा भौतिक कुटपिटको डरले कुनै व्यक्तिको नजिक नगएको, आफ्नै घरभित्र आफूलाई असुरक्षित महसुस भएको, र आफ्नै घरभित्र सुरक्षाका उपायहरु अपनाएको भन्ने रहेका थिए ।

**प्रत्येक पाँचओटा अवस्था (कथन) का लागि, सर्वेक्षणमा सहभागी ९०% भन्दा बढी उत्तरदाताहरूले आफ्नो घर भित्र वा बाहिर आफ्नो सुरक्षाको भयले कहिल्यै पनि सावधानी नअपनाएको बताएका छन् ।** उत्तरदाताहरूको २.६%-६.५% हिस्साले आफ्नो सुरक्षाको लागि घर भित्र वा बाहिर 'कहिलेकाहीँ' सावधानी अपनाएको बताएका छन् । करिब ५% उत्तरदाताहरूले आफैलाई 'कहिलेकाहीँ' एक्लै घरबाट बाहिर जान रोकेको बताएका छन् । त्यस्तै, सुरक्षाको भय हुँदा ६.५% उत्तरदाताहरूले 'कहिलेकाहीँ' कुनै निश्चित बाटोघाटो वा क्षेत्रमा नगएको बताएका छन् र ३.४% ले कुनै दुर्व्यवहार वा भौतिक कुटपिटको डरले कुनै व्यक्तिको नजिक नगएको बताएका छन् । यसैगरी २.८% उत्तरदाताहरूले चाहिँ 'कहिलेकाहीँ' आफ्नै घरभित्र आफूलाई असुरक्षित महसुस भएको बताएका छन् भने ४.०% ले आफ्नै घरभित्र सुरक्षाका उपायहरु अपनाएको बताएका छन् । २.२% उत्तरदाताहरूले 'सधैँ' आफ्नै घरभित्र सुरक्षाका उपायहरु अपनाएको बताएका छन् ।

## सुरक्षाको अनुभूति, वर्षअनुसार

| | | पटक्कै थिएन | कहिलेकाहीँ थियो | प्रायः थियो | सधैं थियो | सं. |
|---|---|---|---|---|---|---|
| आफू एक्लै घरबाट बाहिर नगएको | सन् २०१८ | ९४.६% | ४.८% | ०.५% | ०.१% | |
| | सन् २०२० | ९४.८% | ५.१% | ०.१% | ०% | ६,७९३ |
| कुनै निश्चित बाटोघाटो वा क्षेत्रमा नगएको | सन् २०१८ | ९३.८% | ५.३% | ०.८% | ०.२% | |
| | सन् २०२० | ९३.३% | ६.५% | ०.२% | ०% | ६,८१६ |
| कुनै दुर्व्यवहार वा भौतिक कुटपिटको डरले कुनै व्यक्तिको नजिक नगएको | सन् २०१८ | ९६.३% | ३.१% | ०.५% | ०.१% | |
| | सन् २०२० | ९६.६% | ३.४% | ०% | ०% | ६,७९७ |
| आफ्नै घरभित्र आफूलाई असुरक्षित महसुस भएको | सन् २०१८ | ९६.९% | २.६% | ०.३% | ०.२% | |
| | सन् २०२० | ९६.९% | २.८% | ०.२% | ०.१% | ६,८१६ |
| आफ्नै घरभित्र सुरक्षाका उपायहरु अपनाएको | सन् २०१८ | ९६.३% | २.६% | ०.३% | ०.८% | |
| | सन् २०२० | ९२.८% | ४.०% | १.०% | २.२% | ६,८३२ |

*तालिका ३.६.२ : प्रश्न-C7a-e गत एक वर्ष भित्रमा तपाईंले कुनै किसिमको यौन दुर्व्यवहार वा शारीरिक कुटपिटको डरले कुनै किसिमको सावधानी अपनाउनुभएको थियो ? ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**प्रत्येक पाँच अवस्था (कथन) को सन्दर्भमा, पुरूषहरूको तुलनामा दुई गुणा ले भन्दा पनि बढी नेपाली महिलाहरूले आफ्नो घर भित्र वा बाहिर आफ्नै सुरक्षाको भयले सावधानी अपनाएको भनी उल्लेख गरेका छन् ।** ३.२% पुरूषहरु आफ्नो सुरक्षाको कारण 'कहिलेकाहीँ' एक्लै बाहिर जान रोकिएको बताएका छन् भने उही अवस्था ६.९% महिलाहरूले भोग्नुपरेको बताएका छन् । त्यसैगरी, ४.३% पुरूष उत्तरदाताहरूको तुलनामा दुई गुणाभन्दा पनि बढी महिलाहरु (८.५%) ले आफ्नो सुरक्षाको कारण कुनै निश्चित क्षेत्र वा बाटोघाटोमा नगएको बताएका छन् (थप विवरणका लागि, तालिका ३.६.३ हेर्नुहोस्) ।

**शारीरिक चोटपटक र यौन दुर्व्यवहारको डरले सावधानी अपनाउने व्यक्ति, लिंगअनुसार**

| | | लिंग | |
|---|---|---|---|
| | | महिला | पुरूष |
| आफू एक्लै घरबाट बाहिर नगएको (सं. ६,७९३) | पटक्कै थिएन | ९२.९% | ९६.८% |
| | कहिलेकाहीँ थियो | ६.९% | ३.२% |
| | प्रायः थियो | ०.१% | ०.०% |
| | सधैँ थियो | ०.१% | ०.०% |
| कुनै निश्चित बाटोघाटो वा क्षेत्रमा नगएको (६,८१६) | पटक्कै थिएन | ९१.१% | ९५.६% |
| | कहिलेकाहीँ थियो | ८.५% | ४.३% |
| | प्रायः थियो | ०.३% | ०.१% |
| | सधैँ थियो | ०.१% | ०.०% |
| कुनै दुर्व्यवहार वा भौतिक कुटपिटको डरले कुनै व्यक्तिको नजिक नगएको (सं.= ६,७९७) | पटक्कै थिएन | ९५.३% | ९८.०% |
| | कहिलेकाहीँ थियो | ४.५% | २.०% |
| | प्रायः थियो | ०.१% | ०.०% |
| | सधैँ थियो | ०.१% | ०.०% |
| आफ्नै घरभित्र आफूलाई असुरक्षित महसुस भएको (६,८१६) | पटक्कै थिएन | ९६.०% | ९७.८% |
| | कहिलेकाहीँ थियो | ३.४% | २.०% |
| | प्रायः थियो | ०.४% | ०.०% |
| | सधैँ थियो | ०.२% | ०.१% |
| आफ्नै घरभित्र सुरक्षाका उपायहरु अपनाएको (६,८३२) | पटक्कै थिएन | ९१.५% | ९४.१% |
| | कहिलेकाहीँ थियो | ५.१% | २.८% |
| | प्रायः थियो | १.०% | १.०% |
| | सधैँ थियो | २.४% | २.०% |

*तालिका ३.६.३ : प्रश्न- C7a-e गत एक वर्ष भित्रमा तपाईंले कुनै किसिमको यौन दुर्व्यवहार वा शारीरिक कुटपिटको डरले कुनै किसिमको सावधानी अपनाउनुभएको थियो ? ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**प्रदेशहरूमा तुलनात्मक रूपले हेर्दा, प्रदेश २ का बासिन्दाहरूले अन्य प्रदेशहरूका बासिन्दाले भन्दा बढी नै, आफ्नो सुरक्षाको लागि केही सावधानी अपनाएका छन् ।** त्यस्तै हिमाली क्षेत्र, मधेशी जात (तह-१), मधेशी दलित र मुसलमानले पनि अन्य जाति र जातीय समूहको तुलनामा आफ्नो सुरक्षाको लागि बढी सावधानी अपनाउने देखिएको छ । **महिलाहरू र हिमाली क्षेत्रका मानिसहरूले तुलनात्मक हिसाबले बढी असुरक्षित महसुस गर्ने बताएका छन् ।** यसबाहेक नेपाली महिलाहरु, तराईका मानिसहरु, घरेलु कामदारहरु र मधेशी जातका मानिसहरूले आफूहरु घरबाट एक्लै बाहिर जानबाट बञ्चित गरी बढी सावधानी अपनाएको देखिएको छ ।


तस्बिर : रमेश दुलाल

अध्याय ४

# पहिचान र सामाजिक सम्बन्धहरू

# पहिचान र सामाजिक सम्बन्धहरू

## मुख्य अंशहरू

**सर्वेक्षणमा सहभागी आधाभन्दा बढी उत्तरदाताहरू (५४.६%) ले उनीहरूको मातृभाषा नेपाली नभएको बताएका छन्, जुन संख्या नेपाली मातृभाषी उत्तरदाताहरू (४५.४%) को भन्दा करिब १०% अन्तरले बढी रहेको छ । सर्वेक्षणका तीन वर्षहरूमा, नेपाली भाषालाई आफ्नो मातृभाषा भन्ने उत्तरदाताहरूको संख्यामा ह्रास आएको छ । प्रदेश २ को सन्दर्भमा भने, अधिकांश उत्तरदाताहरू (९३.४%) ले नेपाली भाषा आफ्नो मातृभाषा नभएको बताएका छन् ।**

**सन् २०२० मा आफ्नो मातृभाषाको प्रयोग गर्न नसकेर विभिन्न ठाउँ र अवस्थामा असहजता महसुस गर्ने नेपालीको प्रतिशत सन् २०१७ को तुलनामा घटे पनि सन् २०१८ को तुलनामा भने उस्तै रहेको छ ।** नेपाली मातृभाषा नभएका साक्षर वा निरक्षर महिला उत्तरदाताहरु र कम आय भएका व्यक्तिहरूले उनीहरूको मातृभाषा नेपाली नभएकोले गर्दा धेरै अवस्थामा असहजताको अनुभव गरेको बताएका छन् । विभिन्न ठाउँ र अवस्थामा आफ्नो मातृभाषाको प्रयोग गर्न नसक्दा विभिन्न वर्ग समूहका उत्तरदाताहरु (१०.०%-१७.७%) ले असहजताको महसुस गरेको बताएका छन् ।

**जनसांख्यिकीय समूह अनुसार सर्वेक्षणमा सहभागीहरूमध्ये ४.९% उत्तरदाताहरूले आफ्नो जात वा जातिका कारणले विभिन्न ठाउँ र अवस्थामा असुविधाको महसुस गर्नु परेको बताएका छन् ।** मधेशी दलित, प्रदेश २ मा बसोबास गर्ने उत्तरदाताहरु, तराई र ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरु र महिलाहरूलाई आफ्नो जात वा जातीयताको कारणले उनीहरु आफू बढी बेफाइदामा रहेको महसुस गरेका छन् ।

**नेपाली महिलाहरूले विभिन्न परिस्थितिहरूमा लैंगिकताले गर्दा आफूहरू निरन्तर रूपमा बेफाइदाको महसुस गरेको बताएका छन्,** खासगरी सार्वजनिक यातायातमा (१०.३%) ले, सार्वजनिक स्थानमा (८.७%) ले, प्रहरी चौकीमा (८.३%) ले र कार्यस्थल र सरकारी कार्यालयमा (६.५%) ले लैंगिक असहजताको महसुस भएको बताएका छन् । नगरपालिकामा बस्ने महिला उत्तरदाताहरु (६.८%) को तुलनामा गाउँपालिकामा बस्ने बढी महिला उत्तरदाताहरु (११.१%) ले प्रहरी चौकीमा आफ्नो लैंगिकताले गर्दा असहजताको महसुस गरेका छन् । पहाडी क्षेत्रका महिला उत्तरदाताहरु (२.२%) को तुलनामा तराई क्षेत्रका धेरै महिला उत्तरदाताहरु (१०.९%) ले सार्वजनिक सेवा लिने बेला लैंगिक आधारमा हुने असहजताको महसुस गर्छन् । त्यस्तै, निरक्षर महिला उत्तरदाताहरु (१०.४%) ले स्वास्थ्य चौकी अथवा अस्पतालहरूबाट स्वास्थ्य सेवा लिने बेला आफ्नो लैंगिकताले गर्दा आफूहरु बेफाइदामा रहेको महसुस गरेका छन् भने उच्च शिक्षा हासिल गरेका महिला उत्तरदाताहरु कसैले पनि स्वास्थ्य चौकी अथवा अस्पतालहरूबाट स्वास्थ्य सेवा लिने बेला लैंगिकताले गर्दा आफूहरु बेफाइदामा रहेको महसुस गर्दैनन् ।

**सर्वेक्षणमा सहभागी अधिक उत्तरदाताहरूले सन् २०१७ र सन् २०१८ को तुलनामा सन् २०२० मा अन्तरसमूह सम्बन्ध (विभिन्न धर्म/जातजाति/समुदाय बीच) मा सुधार भएको विश्वास गरेका छन् ।** सन् २०२० मा ६९.९% उत्तरदाताहरूले विभिन्न जातीय समूह, धर्म वा जातिहरूबीचको सम्बन्धमा सुधार हुँदैछ भन्ने कुरामा विश्वास रहेको बताएका छन् । लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशका बासिन्दाहरु र ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरु तथा युवा नेपालीहरूले अन्तरसमूह सम्बन्धमा सुधार हुँदै गएको छ भन्नेमा बढी नै आशावादी रहेका छन् ।

**अन्तरजातीय विवाहलाई समग्रमा स्वीकार गर्नेहरूको अनुपात सन् २०१७ मा रहेको ७२.५% बाट बढेर सन् २०१८ मा ७६.१% पुगेकोमा सन् २०२० मा भने यो अनुपात थोरैले घटेर ७३.६% पुगेको छ ।** प्रदेश २ का बासिन्दाहरु, मधेशी र मुसलमान समुदायका मानिसहरूमा अन्तरजातीय विवाहप्रति स्वीकृति कम रहेको देखिएको छ । सन् २०१७ र सन् २०१८ मा जस्तै, सन् २०२० मा पनि अन्तरजातीय विवाहको लागि स्वीकृति उत्तरदाताहरूको शैक्षिक स्तरसँग प्रत्यक्ष सम्बन्धित रहेको देखिएको छ ।

**नेतृत्वको सन्दर्भमा, सर्वेक्षणमा सहभागी उत्तरदाताहरूले लैंगिक विषयलाई प्रवाह नगरी सक्षम व्यक्तिलाई विभिन्न संघ, संस्था र संगठनका नेताको रूपमा स्वीकार गर्न सक्ने बताएका छन् ।** यद्यपि, महिलाको नेतृत्व स्वीकार्नेहरूको संख्या सन् २०१८ को तुलनामा अत्यन्तै कम देखिएको छ । उदाहरणका लागि बचत तथा ऋण सहकारी समितिको अध्यक्षमा महिलाको नेतृत्व स्वीकार्न सक्नेहरूको संख्या - सन् २०१८ मा रहेको ४७.६% बाट घटेर सन् २०२० मा २१.२% पुगेको छ;

उपभोक्ता समूहको अध्यक्षमा जस्तै सामुदायिक वन उपभोक्ता समूह, अन्य उपभोक्ता समूहहरूको संख्या सन् २०१८ मा रहेको ४०.३% बाट घटेर सन् २०२० मा १८.०% पुगेको छ । केही महिला उत्तरदाताहरूले भने नेतृत्वदायी पदमा महिलाको सट्टा पुरुषहरूलाई नै प्राथमिकता दिने बताएका छन् ।

**धेरै नेपालीहरू (८६.७%) ले गएको पाँच वर्षमा पुरूषहरूको तुलनामा महिलाहरूको समग्र अवस्थामा सुधार भएको बताएका छन् ।** यद्यपि गएको पाँच वर्षमा पुरूषको तुलनामा महिलाहरूको समग्र अवस्था बिग्रिएका छ भनी उत्तर दिने उत्तरदाताहरूको प्रतिशत थोरैले घटेको छ । सन् २०१८ मा ४.०% मा रहेको यो प्रतिशत घटेर सन् २०२० मा २.४% पुगेको छ ।

## ४.१ मातृभाषा र 'असुविधा'

सर्वेक्षणमा समावेश ४५.४% उत्तरदाताहरूले नेपाली भाषालाई आफ्नो मातृभाषाको रूपमा लिएका छन् भने बाँकी उत्तरदाताहरूले मैथिली (१२.९%), भोजपुरी (९.२%), थारु (५.८%) र डोटेली (५.७%) भाषालाई मातृभाषाको रूपमा लिएका छन् । विगत तीन वर्षका सर्वेक्षणमा नेपाली भाषालाई मातृभाषा भनेर उल्लेख गर्ने उत्तरदाताहरूको प्रतिशत सन् २०१७ मा रहेको ५५.६% बाट घटेर सन् २०१८ मा ४९.०% र सन् २०२० मा ४५.४% पुगेको छ ।

**नेपालीलाई आफ्नो मातृभाषाको रूपमा लिने व्यक्तिहरू, वर्षअनुसार**




*चित्र ४.१.१ : प्रश्न-D1. तपाईंको मातृभाषा के हो ? (सं. =७,०६०)*

**विभिन्न प्रदेश अनुसार नेपाली मातृभाषीको संख्या फरक रहेको छ ।** पहाडी क्षेत्रका र हिमाली क्षेत्रका आधाभन्दा बढी उत्तरदाताहरु (क्रमशः ६५.२% र ५५.६% ) ले नेपाली भाषालाई आफ्नो मातृभाषा बताएका छन् । अर्कोतर्फ तराईका झण्डै तीन चौथाइ (७२.९%) उत्तरदाताहरूले नेपाली बाहेक अन्य भाषाहरूलाई आफ्नो मातृभाषाको रूपमा लिएका छन् । त्यस्तै मधेशी समुदायसँग सम्बन्धित उत्तरदाताहरूको उच्च अनुपात (९७.३%) ले उनीहरूको मातृभाषा नेपाली नभएको बताएका छन् ।

**नेपालीलाई आफ्नो मातृभाषाको रूपमा लिने व्यक्तिहरू, प्रदेश र वर्षअनुसार**




*चित्र ४.१.२ : प्रश्न-D1. तपाईंको मातृभाषा के हो ? (सं. =७,०६०)*

सन् २०१८ को तुलनामा, नेपाली भाषालाई मातृभाषाको रूपमा लिनेहरूको संख्या, गण्डकी प्रदेश र लुम्बिनी प्रदेश बाहेक अरू सबै प्रदेशहरूमा घटेको देखिएको छ । यद्यपि, गण्डकी र कर्णाली प्रदेशमा सबै तीन ओटा सर्वेक्षणबाट आएको जवाफहरूमा भने एकरूपता देखिदैन । गण्डकी प्रदेशमा सन् २०१७ मा नेपाली भाषालाई मातृभाषा मान्नेहरु ८१% थिए, भने सन् २०१८ मा यो घटेर ६४.८% रह्यो र सन् २०२० मा यो ७७.८% रहेको छ । कर्णाली प्रदेशमा सन् २०१७ मा ९१.२% उत्तरदाताहरूले नेपाली भाषालाई आफ्नो मातृभाषाको रूपमा लिएको मा सन् २०२० मा ९९.०% उत्तरदाताहरूले नेपाली भाषालाई आफ्नो मातृभाषाको रूपमा लिएका छन् । प्रदेश १, प्रदेश २, बागमती प्रदेश र सुदूरपश्चिम प्रदेशमा भने नेपाली भाषालाई आफ्नो मातृभाषाको रूपमा लिने उत्तरदाताहरूको प्रतिशत प्रत्येक सर्वेक्षणमा घटेको छ । नेपाली भाषालाई आफ्नो मातृभाषाको रूपमा लिने उत्तरदाताहरूको प्रतिशत सबैभन्दा धेरै सुदूरपश्चिम प्रदेशमा घटेको छ, जहाँ सन् २०१७ मा रहेको ५५.५% बाट घटेर सन् २०२० मा १८.९% मा पुगेको छ ।

कर्णाली प्रदेशका (९९.०%) र गण्डकी प्रदेशका (७७.७%) उत्तरदाताहरूको उच्च अनुपातले नेपाली भाषालाई मातृभाषाको रूपमा लिएका छन् । यसको विपरित, सुदूरपश्चिम प्रदेशमा ५९.३% उत्तरदाताहरूले डोटेली भाषालाई आफ्नो मातृभाषा मान्छन् भने त्यसपछि नेपाली भाषालाई (१८.९%) र थारू भाषालाई (१७.६%) ले मानेका छन् । त्यसैगरी, प्रदेश २ मा ४९.७% उत्तरदाताहरूले मैथिली भाषालाई र ३६.७% ले भोजपुरी भाषालाई आफ्नो मातृभाषा भनी बताएका छन् ।

मातृभाषाको सन्दर्भमा लुम्बिनी प्रदेशमा सबैभन्दा धेरै विविधता देखिएको छ, जहाँ ५२.७% ले नेपाली भाषालाई मातृभाषा ठान्छन्, त्यसपछि अवधिभाषी (१८.६%), थारूभाषी (१३.३%), भोजपुरीभाषी (८.३%) र मगरभाषी (४.२%) रहेका छन् । प्रदेश १ मा ५२.३% मानिसहरूले नेपाली भाषालाई मातृभाषा ठान्छन् भने १५% ले मैथिली भाषालाई र ११.२% ले लिम्बू भाषालाई मातृभाषा ठानेका छन् । त्यस्तै, बागमती प्रदेशमा ५६.२% ले नेपाली भाषालाई मातृभाषाको रूपमा उल्लेख गरेका छन् भने २२.०% ले नेवारी भाषालाई र १३.१% ले तामाङ भाषालाई आफ्नो मातृभाषाको रूपमा मानेका छन् ।

## ४.२ मातृभाषाको कारण हुने असुविधाहरू

**नेपाली भाषा बाहेक अरू मातृभाषा बोल्ने उत्तरदाताहरूले विशेष गरी उनीहरू काम गर्ने थलोमा भाषाले गर्दा असुविधाको महसुस गर्ने बताएका छन् ।** नेपाली भाषा बाहेक अन्य मातृभाषा बोल्ने ५४.६% उत्तरदाताहरूलाई, 'तलका विभिन्न अवस्थाहरूमा जस्तै काम गर्ने ठाउँमा सहकर्मी वा ग्राहकहरूसँग कुराकानी गर्दा; आफूलाई परेको समस्या प्रहरी चौकीमा गएर उजुरी गर्दा; सरकारी कार्यालयमा सेवा लिन जाँदा; स्वास्थ्य चौकी वा अस्पतालमा सेवा वा उपचार गर्न जाँदा; विद्यालय वा विश्वविद्यालयमा पढ्दा', तपाईंको आफ्नो मातृभाषाको सट्टा नेपाली बोल्नुपर्दा असुविधा अनुभव गर्नुभएको छ भनेर थप प्रश्न सोधिएको थियो ।

नेपाली भाषा बाहेक अन्य भाषालाई मातृभाषाको रूपमा लिनेहरूमध्ये १८.२% ले काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसँग कुरा गर्ने बेला नेपाली भाषा बोल्नुपर्दा असुविधाको महसुस हुने बताएका छन्, १६.६% ले प्रहरी चौकीमा गएर उजुरी गर्नुपर्दा र १६.७% ले सरकारी कार्यालयमा सेवा लिन जाँदा भाषाको कारणले असुविधाको महसुस गर्ने बताएका छन् । त्यसैगरी ११.६% ले विद्यालय र विश्वविद्यालयमा पढ्दा भाषाकै कारणले असुविधा भएको महसुस गरेका छन् ।

### भाषिक असुविधाको महसुस, वर्ष र प्रदेशअनुसार

| | वर्ष | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम |
| काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसँग कुराकानी गर्दा (सं. = ३, ७४८) | २०१७ | ३२.२% | २२.७% | ४५.४% | २०.०% | ५.९% | ३५.७% | ३.०% | २२.३% |
| | २०१८ | १९.९% | ७.१% | २९.०% | ७.८% | १०.५% | ३२.१% | ०.०% | १३.६% |
| | २०२० | १८.२% | ७.३% | २७.८% | ११.८% | १०.९% | २१.६% | ०.०% | १२.०% |
| आफूलाई परेको समस्या प्रहरीमा गएर उजुरी गर्दा (सं. = २,३११) | २०१७ | २१.६% | १७.५% | ३४.३% | १४.५% | ३.५% | १७.४% | ३.८% | ७.८% |
| | २०१८ | १२.२% | ३.५% | २२.७% | १.६% | ११.०% | ११.३% | ०.०% | ४.३% |
| | २०२० | १६.६% | ३.७% | २९.३% | ७.६% | १४.५% | १५.६% | ०.०% | ११.९% |
| सरकारी कार्यालयमा सेवा लिन जाँदा (सं. = ३, ६१४) | २०१७ | २७.४% | २०.८% | ३८.४% | १६.६% | ९.८% | ३०.३% | १.७% | १७.८% |
| | २०१८ | १६.५% | ६.७% | २५.८% | ४.३% | ९.९% | २५.४% | ०.०% | ११.१% |
| | २०२० | १६.७% | ५.५% | २५.१% | ११.६% | १२.९% | २२.३% | ०.०% | ९.३% |
| स्वास्थ्य चौकी वा अस्पतालमा सेवा वा उपचार गर्न जाँदा (सं. = ३,८२२) | २०१७ | २५.५% | १८.९% | ३७.३% | १४.८% | ७.९% | २६.३% | १.७% | १६.३% |
| | २०१८ | १५.४% | ४.५% | २१.३% | ६.८% | ८.९% | २५.३% | ०.०% | ११.६% |
| | २०२० | १५.६% | ४.५% | २२.६% | ११.१% | ९.२% | २४.५% | ०.०% | ७.५% |
| विद्यालय वा विश्वविद्यालयमा पढ्दा (सं. = २,४८१) | २०१७ | १८.६% | १४.९% | २८.१% | ११.९% | १.८% | १८.१% | ०.०% | ८.७% |
| | २०१८ | १०.६% | ३.८% | १३.८% | २.४% | ११.०% | २०.७% | ०.०% | ९.१% |
| | २०२० | ११.६% | ३.४% | १९.२% | ९.५% | ९.१% | १३.०% | ०.०% | ६.०% |

*तालिका ४.२.१ : प्रश्न-D2a-e. (यदि प्रश्न-D1 को जवाफ नेपाली होइन भन्ने आएमा) तलका विभिन्न अवस्थामा तपाईंको आफ्नो मातृभाषाको सट्टा नेपाली बोल्नुपर्दा असुविधा अनुभव गर्नुभएको छ ? (सं. = ३,७४८; २,३११; ३६१४; ३,८२२; २४८१) ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

सन् २०१७ र सन् २०१८ को तुलनामा, सन् २०२० मा मानिसहरूले विभिन्न ठाउँमा उनीहरूको मातृभाषा प्रयोग गर्न नसक्दा भाषिक हिसाबले बढी असुविधाको महसुस गरेको बताएका छन् । कार्यस्थलमा सहकर्मी वा अरू मानिसहरूसँग कुराकानी गर्दा असहजताको महसुस गर्ने उत्तरदाताहरूको अनुपात सन् २०१७ मा ३२.२% थियो भने सन् २०१८ मा यो घटेर १९.९% रह्यो र सन् २०२० मा थप घटेर १८.२% रहेको छ । यद्यपि, प्रहरी चौकीमा उजुरी दिँदा अथवा विद्यालय वा विश्वविद्यालयमा पढ्दा मातृभाषाले गर्दा हुने असहजताको सन्दर्भमा, सन् २०१७ र सन् २०१८ का जवाफहरूसँग कुनै समानता भने फेला परेन । प्रहरी चौकीमा उजुरी गर्दा भाषिक कारणले हुने असहजताको महसुस गरेका उत्तरदाताहरूको प्रतिशत सन् २०१७ मा रहेको २१.६% बाट घटेर सन् २०१८ मा १२.२% रहेको र सन् २०२० मा बढेर यो १६.६% पुगेको छ । त्यसैगरी विद्यालय वा विश्वविद्यालयमा अध्ययन गर्दा भाषाको कारण असहजता महसुस गर्ने उत्तरदाताहरु सन् २०१७ मा १८.६% रहेको, त्यसपछि सन् २०१८ मा घटेर १०.६% पुगेको र फेरि सन् २०२० मा थोरै मात्रामा बढेर ११.६% पुगेको छ ।




*चित्र ४.२.१ : प्रश्न-D2a-e. (यदि प्रश्न-D1 को जवाफ नेपाली होइन भन्ने आएमा) तलका विभिन्न अवस्थामा तपाईंको आफ्नो मातृभाषाको सट्टा नेपाली बोल्नुपर्दा असुविधा अनुभव गर्नुभएको छ ? (सं. = ३,७४८; २,३११; ३६१४; ३,८२२; २४८१) ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**आफ्नो मातृभाषाले गर्दा विभिन्न कार्यहरू गर्न असजिलो हुन्छ भन्ने भावनालाई व्यक्तिको शैक्षिक पृष्ठभूमि, आयस्तर, लिंग र उमेरले महत्वपूर्ण प्रभावहरू पारेको देखिएको छ ।** ग्रामीण क्षेत्र वा तराई क्षेत्रमा बसोबास गर्ने उत्तरदाताहरु, मधेशी दलितहरु, मुसलमानहरु र तह-२ मा पर्ने मधेशी जातिहरूले उनीहरूको मातृभाषा नेपाली बाहेक अन्य भाषा हुनाले विभिन्न कार्यहरु गर्नका असहज हुने व्यक्त गरेका छन् । त्यसैगरी, नगरपालिकामा बसोबास गर्ने १७.९% र गाउँपालिकामा बसोबास गर्ने १८.८% उत्तरदाताहरूले पनि काम गर्ने थलोमा आफ्नो मातृभाषाको प्रयोग गर्न नसक्दा असहज महसुस गर्ने बताएका छन् । पहाडी जाति (८.१%) को तुलनामा मधेशी दलित (३०.६%), मुसलमान (३२.८%) र मधेशी जाति (तह-२) (२४.५%) ले काम गर्ने थलोमा भाषिक हिसाबले बढी असहज महसुस हुने उल्लेख गरेका छन् । भाषिक हिसाबले असुविधाको महसुस गर्ने समग्र उत्तरदाताहरूमा- बेरोजगार (२२.२%), घरेलु कामदार (२०.७%), अवकाश पाएका व्यक्ति (२३.७%), निम्न आय भएका व्यक्ति (२४.२%) र आश्रित व्यक्ति (२०.४%) रहेका छन् । अर्कोतर्फ समग्रमा विद्यार्थीहरु (८.८%) ले पनि भाषिक हिसाबले असुविधाको महसुस हुने बताएका छन् । प्रहरी चौकीमा उजुरी गर्दा सबैभन्दा बढी भाषिक रूपमा असुविधाको महसुस गर्नेहरूमा तराई क्षेत्रका बासिन्दा (१९.९%), महिला (२१.१%), युवा (१९.१%), निरक्षर (२७.८%), मधेशी दलित (३०.२%), मुसलमान (२६.९%), मधेशी जाति (तह-२) (२४.५%) र कम आम्दानी हुने उत्तरदाता (२३.४%) रहेका छन् । विद्यालय वा विश्वविद्यालयमा सबैभन्दा धेरै असुविधाको महसुस गर्ने समूहमा मधेशी दलित (१९.६%), मधेशी जाति (तह-२) (१६.३%) र मधेशी जाति (तह-१) (१५.६%) रहेका छन् ।

## ४.३ जाति र जातीयताको कारण हुने असुविधाहरू

**करिब ६.१% उत्तरदाताहरूले उनीहरूको जातीय पहिचान सार्वजनिक थलोहरूमा सहज नभएको बताएका छन् ।** पाँचओटा फरक परिदृष्यहरु, जस्तो कार्यालयमा सहकर्मी वा अरू मानिसहरूसँग कुराकानी गर्दा; आफूलाई परेको समस्या प्रहरीमा गएर उजुरी गर्दा; सरकारी कार्यालयमा सेवा लिन जाँदा; स्वास्थ्य चौकी वा अस्पतालमा सेवा वा उपचार गर्न जाँदा; विद्यालय वा विश्वविद्यालयमा पढ्ने क्रममा उत्तरदाताहरूलाई उनीहरूको जातजाति वा समुदायको पहिचानले गर्दा असुविधाको महसुस गर्नु परेको छ कि छैन, भनेर सोधिएको थियो । अनुपातमा कम देखिएता पनि सबैभन्दा बढी ४.९% ले उनीहरूको जातीय पहिचानले गर्दा कार्यस्थलमा सहकर्मी वा अरू मानिसहरूसँग कुराकानी गर्दा सहज नभएको बताएका छन् भने यसको तुलनामा सबैभन्दा कम २.४% ले विद्यालय वा विश्वविद्यालयमा पढ्ने क्रममा उनीहरूले आफ्नो जातीय पहिचानलाई असुविधाको रूपमा लिएको बताएका छन् । काम गर्ने ठाउँमा हुने कुराकानी र विद्यालय वा विश्वविद्यालयमा पढ्दाका दुई अवस्थामा बाहेक अरू सबै परिदृष्यमा सन् २०१८ को तुलनामा जातजाति वा समुदायको पहिचानको कारण असुविधा महसुस गर्ने उत्तरदाताको अनुपात सन् २०२० मा बढेको छ ।[१६]

**जातजाति र समुदाय एक असुविधाको रूपमा, वर्षअनुसार**




*चित्र ४.३.१ : प्रश्न-D3a-e. तलका विभिन्न अवस्थामा तपाईंको आफ्नो जातजाति र समुदायले गर्दा असुविधा अनुभव गर्नुभएको छ ? (सं. = ६,८३०; ४,३९९; ६,५८९; ६,९५२; ४,८२७) ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

आफूलाई परेको समस्या प्रहरी चौकीमा गएर उजुरी गर्ने बेला र सरकारी कार्यालयबाट सेवाहरु प्राप्त गर्ने बेला आफ्नो जातजाति वा समुदायको पहिचानलाई लिएर असहजता महसुस गर्ने उत्तरदाताहरूको संख्या कर्णाली प्रदेश बाहेक अन्य सबै प्रदेशहरूमा थोरै मात्रामा वृद्धि भएको छ । अन्यत्रको तुलनामा कर्णाली र गण्डकी प्रदेशका बासिन्दाहरूले उनीहरूको जातजाति वा समुदायको पहिचानलाई लिएर विभिन्न कार्यहरु गर्न कम असहजता महसुस गरेको देखिन्छ ।

१६ यो प्रश्न सन् २०१७ मा उत्तरदाताहरूले जातजाती वा समुदाय र धर्मका आधारमा असुविधा महसुस गरे कि गरेनन् भनी सोधिएको थियो । सन् २०१८ र सन् २०२० मा यो जातजाती वा समुदायमा मात्र सीमित भएको छ ।

प्रदेश २ मा भने आफ्नो जातजाति वा समुदायको पहिचानलाई लिएर विभिन्न कार्यहरु गर्न असहजता महसुस गर्ने उत्तरदाताहरूको प्रतिशतमा थोरै वृद्धि भएको छ । विशेषत प्रदेश २ मा आफूलाई परेको समस्या प्रहरीमा गएर उजुरी गर्दा आफ्नो जातजाति वा समुदायको पहिचानले गर्दा असहजता महसुस गर्नेहरु सन् २०१८ मा रहेको ६.३% बाट बढेर सन् २०२० मा ९.९% पुगेको र स्वास्थ्य चौकी वा अस्पतालमा सेवा वा उपचार गर्न जाँदा असहजता महसुस गर्नेहरु सन् २०१८ मा रहेको ६.८% बाट बढेर सन् २०२० मा ७.२% पुगेका छन् ।

**जातजाति र समुदाय एक असुविधाको रूपमा, प्रदेश र वर्षअनुसार**

| | वर्ष | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
| कार्यालयमा सहकर्मी वा अरू मानिसहरूसँग कुराकानी गर्दा (सं. = ६,८३०) | सन् २०१७ | ७.४% | ६.८% | ९.५% | ४.५% | ४.५% | ११.९% | ६.६% | ५.६% |
| | सन् २०१८ | ५.१% | २.५% | १०.०% | १.०% | ३.३% | ६.५% | ५.३% | ७.१% |
| | सन् २०२० | ४.९% | २.३% | ९.३% | ३.०% | २.०% | ६.२% | ३.५% | ५.३% |
| आफूलाई परेको समस्या प्रहरीमा गएर उजुरी गर्दा (सं. = ६,८३०) | सन् २०१७ | ४.८% | ५.०% | ५.९% | २.८% | २.०% | ७.९% | ५.९% | २.८% |
| | सन् २०१८ | ३.०% | १.६% | ६.३% | १.०% | २.६% | ३.७% | ४.८% | १.१% |
| | सन् २०२० | ४.४% | २.१% | ९.९% | १.३% | ३.२% | ५.८% | १.१% | ३.२% |
| सरकारी कार्यालयमा सेवा लिन जाँदा (सं. = ६,८३०) | सन् २०१७ | ५.८% | ६.०% | ७.४% | ३.३% | ३.९% | ९.१% | ५.९% | ३.५% |
| | सन् २०१८ | ३.४% | १.६% | ८.१% | ०.९% | १.७% | ३.८% | ६.०% | २.४% |
| | सन् २०२० | ४.२% | १.९% | ८.२% | ३.०% | २.१% | ५.५% | २.१% | २.९% |
| स्वास्थ्य चौकी वा अस्पतालमा सेवा वा उपचार गर्न जाँदा (सं. = ६,८३०) | सन् २०१७ | ५.१% | ५.१% | ६.२% | २.५% | ३.४% | ९.०% | ३.६% | ३.६% |
| | सन् २०१८ | ३.१% | १.७% | ६.८% | ०.९% | १.७% | ४.३% | ३.६% | २.२% |
| | सन् २०२० | ३.६% | १.५% | ७.२% | २.३% | १.१% | ५.४% | १.७% | २.४% |
| विद्यालय वा विश्वविद्यालयमा पढ्दा (सं. = ६,८३०) | सन् २०१७ | ४.१% | ४.९% | ३.७% | २.३% | २.२% | ८.०% | २.९% | २.७% |
| | सन् २०१८ | ३.०% | १.७% | ५.२% | ०.५% | ३.३% | ४.६% | ३.२% | ३.६% |
| | सन् २०२० | २.४% | १.३% | ४.८% | २.०% | १.१% | २.५% | १.०% | २.०% |

*तालिका ४.३.१ : प्रश्न-D3a-e. तलका विभिन्न अवस्थामा तपाईंको आफ्नो जातजाति र समुदायले गर्दा असुविधा अनुभव गर्नुभएको छ ? (सं. = ६,८३०; ४,३९९; ६,५८९; ६,९५२; ४,८२७) ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

सबै सामाजिक समूहलाई हेर्दा, तराईका (६.७%), पहाडी आदिवासी/जनजाति समूहका ३.१%, मुसलमान समुदायका (१६.६%), मधेशी दलितका (१४.३%) र क्रिश्चियन समुदायका (८.३%) ले आफ्नो जातजाति वा समुदायको पहिचानको कारणले काम गर्ने ठाउँमा असुविधाको महसुस हुने बताएका छन् । सरकारी सेवा, जस्तो नागरिकता प्रमाणपत्र लिन जाँदा, विवाह तथा जन्म तथा मृत्यु दर्ता प्रमाणपत्र लिन जाँदा; पुरूष (३.१%) भन्दा धेरै महिला (५.२%) ले, मुसलमान समुदाय (१३.९%), त्यसपछि मधेशी दलित (१२.५%), मधेशी जाति समुदाय (तह-२) (७.७%) ले अरूले भन्दा बढी असुविधाको महसुस गर्ने बताएका छन् । पहाडी जाति (०.७%) ले भने यी सरकारी सेवाहरु लिन जाँदा असुविधा महसुस गरेको बताएका छन् । त्यसैगरी, विद्यालय वा विश्वविद्यालयमा पढ्दा पहाडी जातिको (०.५%) तुलनामा, मुसलमान र मधेशी दलितले आफ्नो जातजाति वा समुदायको पहिचानको कारणले सबैभन्दा बढी (क्रमशः ७.८% र ४.८%) असुविधाको महसुस गर्ने आँकडाले बताएका छन् ।

### जातजाति र समुदाय एक असुविधाको रूपमा, क्षेत्र र जनसांख्यिक समूहअनुसार

| | | कार्यालयमा सहकर्मी वा अरू मानिसहरूसँग कुराकानी गर्दा (सं.=६,८३०) | आफूलाई परेको समस्या प्रहरीमा गएर उजुरी गर्दा (सं.=४,३९९) | सरकारी कार्यालयमा सेवा लिन जाँदा (सं.=६,५८९) | स्वास्थ्य चौकी वा अस्पतालमा सेवा वा उपचार गर्न जाँदा (सं.=६,९५२) | विद्यालय वा विश्वविद्यालयमा पढ्दा (सं.=४,८२७) |
|---|---|---|---|---|---|---|
| समग्र | | ४.९% | ४.४% | ४.२% | ३.६% | २.४% |
| बसोबास गर्ने ठाउँ | ग्रामीण क्षेत्र | ५.३% | ५.१% | ४.७% | ३.७% | २.५% |
| | शहरी क्षेत्र | ४.७% | ४.०% | ३.८% | ३.६% | २.३% |
| भौगोलिक क्षेत्र | हिमाल | ४.०% | ०.९% | २.२% | १.२% | २.३% |
| | पहाड | ३.०% | २.२% | २.६% | २.०% | १.७% |
| | तराई | ६.७% | ६.३% | ५.८% | ५.३% | ३.०% |
| लिंग | महिला | ५.९% | ५.२% | ५.२% | ४.५% | २.७% |
| | पुरूष | ३.९% | ३.७% | ३.१% | २.७% | २.१% |
| उमेर | १८-२५ | ५.५% | ५.८% | ४.६% | ४.२% | ३.०% |
| | २५-३५ | ४.९% | ३.९% | ४.२% | ३.०% | २.४% |
| | ३५-४५ | ४.८% | ४.०% | ३.६% | ३.५% | २.१% |
| | ४५-५५ | ४.५% | ३.९% | ४.२% | ३.३% | १.२% |
| | ५५ वर्ष भन्दा माथि | ४.८% | ४.४% | ४.१% | ४.०% | २.३% |
| शिक्षा | पढ्न/लेख्न नजान्ने | ८.८% | ८.०% | ७.२% | ६.८% | ०.०% |
| | अनौपचारिक शिक्षा पाएको | ६.७% | ५.१% | ५.४% | ४.३% | ०.०% |
| | आधारभूत शिक्षा | ६.३% | ५.५% | ५.१% | ४.३% | ३.४% |
| | माध्यमिक शिक्षा | २.५% | २.५% | २.३% | २.०% | १.८% |
| | उच्च शिक्षा | ३.६% | ३.६% | ३.१% | २.४% | २.४% |
| जाति | पहाडी जाति | १.१% | ०.९% | ०.७% | ०.६% | ०.५% |
| | पहाडी आदिवासी/जनजाति | ३.१% | २.३% | ३.३% | २.६% | १.९% |
| | पहाडी दलित | ८.६% | ४.६% | ६.०% | ३.५% | ६.०% |
| | मधेशी जाति (तह-१) | १.८% | २.७% | २.०% | १.७% | ७.०% |
| | मधेशी जाति (तह-२) | ८.१% | १०.१% | ७.७% | ७.४% | ४.३% |
| | मधेशी (आदिवासी/जनजाति) | ५.५% | ३.४% | ३.०% | ३.१% | १.७% |
| | मधेशी दलित | १४.३% | १०.७% | १२.५% | ९.७% | ४.८% |
| | अन्य सांस्कृतिक समूह | १४.३% | ०.०% | ११.१% | ०.०% | ०.०% |
| | मुसलमान | १६.६% | १९.४% | १३.९% | १४.१% | ७.८% |
| धर्म | हिन्दु | ४.२% | ३.७% | ३.४% | २.९% | १.९% |
| | बौद्ध | ६.३% | १.७% | ६.३% | ४.७% | ४.६% |
| | इस्लाम | १६.६% | १९.२% | १३.९% | १४.१% | ७.९% |
| | किरात | ५.१% | ७.३% | ५.४% | ५.१% | ३.६% |
| | क्रिश्चियन | ८.३% | ५.४% | ५.१% | ६.०% | ६.७% |
| | अन्य | ०.०% | ०.०% | ३.२% | ०.०% | ०.०% |

| | | कार्यालयमा सहकर्मी वा अरू मानिसहरूसँग कुराकानी गर्दा (सं.=६,८३०) | आफूलाई परेको समस्या प्रहरीमा गएर उजुरी गर्दा (सं.=४,३९९) | सरकारी कार्यालयमा सेवा लिन जाँदा (सं.=६,५८९) | स्वास्थ्य चौकी वा अस्पतालमा सेवा वा उपचार गर्न जाँदा (सं.=६,९५२) | विद्यालय वा विश्वविद्यालयमा पढ्दा (सं.=४,८२७) |
|---|---|---|---|---|---|---|
| आम्दानी समूह (नेपाली रूपैयाँमा) | ६०,००० र त्यसभन्दा मुनी | ६.३% | ४.७% | ४.३% | ३.६% | २.१% |
| | ६०,००१-१२०,००० | ४.२% | ४.४% | ३.५% | ३.०% | ३.१% |
| | १२०,००१-२००,००० | ४.०% | ३.१% | २.७% | २.६% | १.७% |
| | २००,००१ र त्यसभन्दा माथि | ३.७% | ३.४% | ३.६% | ३.३% | २.७% |
| | आश्रित | ५.७% | ५.७% | ५.५% | ४.७% | २.४% |

*तालिका ४.३.२ : प्रश्न-D3a-e. तपाईंको आफ्नो जातजाति र समुदायले गर्दा तलका विभिन्न अवस्थामा असुविधा अनुभव गर्नुभएको छ ? ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

## ४.४ लैंगिक कारणले हुने असुविधा बारेका धारणाहरू

**नेपाली महिलाहरूले बिभिन्न परिस्थितिहरूमा महिला भएकै कारणले निरन्तर रूपमा असुविधा वा असजता महसुस गरेको उल्लेख गरेका छन् ।** सर्वेक्षणमा सहभागी महिलहरूमध्ये १०.३% महिलाहरूले सार्वजनिक यातायातमा यात्रा गर्दा, ८.७% ले सार्वजनिक स्थानमा हिड्डुल गर्दा, ८.३% ले आफूलाई परेको समस्या प्रहरी चौकीमा गएर उजुरी गर्दा, ६.५% ले कार्यालयमा सहकर्मी वा अरू मानिसहरूसँग कुराकानी गर्दा र सरकारी कार्यालयमा सेवा लिन जाँदा लैंगिक आधारमा हुने असहजतालाई महसुस गरेको बताएका छन् । नगरपालिकामा बसोबास गर्ने महिला उत्तरदाताहरु (६.८%) को तुलनामा गाउँपालिकामा बस्ने बढी महिलाहरु (११.१%) ले आफूलाई परेको समस्या प्रहरी चौकीमा उजुरी गर्न जाँदा असहजताको महसुस गर्ने बताएका छन् ।

### लैंगिक आधारमा हुने असुविधा

| | सं. | असुविधा | असुविधा नभएको |
|---|---|---|---|
| कार्यालयमा सहकर्मी वा अरू मानिसहरूसँग कुराकानी गर्दा | ३,४५० | ६.५% | ९३.५% |
| आफूलाई परेको समस्या प्रहरी चौकीमा गएर उजुरी गर्दा | १,९५९ | ८.३% | ९१.७% |
| सरकारी कार्यालयमा सेवा लिन जाँदा | ३,३४५ | ६.५% | ९३.५% |
| स्वास्थ्य चौकी वा अस्पतालमा सेवा वा उपचार गर्न जाँदा | ३,५७५ | ५.७% | ९४.३% |
| विद्यालय वा विश्वविद्यालयमा पढ्दा | २,२१३ | ४.१% | ९५.९% |
| सार्वजनिक यातायातमा यात्रा गर्दा | ३,६१० | १०.३% | ८९.८% |
| सार्वजनिक स्थानको वरिपरी हिंड्दा | ३,६०२ | ८.७% | ९१.३% |

*तालिका ४.४.१ : प्रश्न-D4a-e. (यदि उत्तरदाता महिला र अन्य भएमा) महिला वा अन्य भएकै कारणले तलका विभिन्न अवस्थामा तपाईंलाई असुविधा परेको थियो ? ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**लैंगिक आधारमा हुने असुविधा, वर्षअनुसार**




*चित्र ४.४.१ : प्रश्न-D4a-e. (यदि उत्तरदाता महिला र अन्य भएमा) महिला वा अन्य भएकै कारणले तलका विभिन्न अवस्थामा तपाईंलाई असुविधा परेको थियो ? (सं. = ३,४५०; १,९५९; ३,३४५; ३,५७५; २,२१३; ३,६१०; ३६०२) ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

सन् २०१७ मा लैंगिक आधारमा कार्यस्थलमा असुविधा अनुभव गर्ने महिलाहरूको उच्च संख्या लुम्बिनी प्रदेशमा (१३.६%) र त्यसपछि कर्णाली प्रदेशमा (१३.१%) रहेको थियो भने सन् २०१८ र सन् २०२० मा यो संख्या प्रदेश २ मा सबैभन्दा उच्च रहेको छ । सन् २०२० मा प्रदेश २ का २५.७% महिलाहरूले आफूलाई परेको समस्या प्रहरी चौकीमा गएर उजुरी गर्दा , २०.९% ले सरकारी कार्यालयमा सेवा लिन जाँदा, १९.६% ले आफ्नो कार्यस्थलमा सहकर्मीसँग वा अरूसँग कुरा गर्दा, १७.९% ले स्वास्थ्य चौकी वा अस्पतालमा सेवा सुविधा लिँदा, १४.१% ले विद्यालय वा विश्वविद्यालयमा पढ्ने बेला, १७.०% ले सार्वजनिक स्थलमा र १६.१% ले सार्वजनिक यातायातमा यात्रा गर्दा, लैंगिक आधारमा हुने असुविधाको महसुस गरेको बताएका छन् । प्रदेशगत हिसाबले लुम्बिनी प्रदेशमा १३.४% ले सार्वजनिक यातायातमा यात्रा गर्दा असुविधाको महसुस गरेको बताएका छन्, जुन सन् २०१८ मा उल्लेख गरेको (१६.३%) भन्दा सुधारिएको अवस्था हो । सन् २०१८ को तुलनामा, सन् २०२० मा प्रदेश १ का (५.३%) र कर्णालीका (५.७%) महिलाहरूले सार्वजनिक यातायातमा यात्रा गर्दा लैंगिक आधारमा हुने असुविधाको महसुस गरेको बताएका छन् ।

**लैंगिक आधारमा हुने असुविधा, वर्ष र प्रदेशअनुसार**

| | वर्ष | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम |
| कार्यालयमा सहकर्मी वा अरू मानिसहरूसँग कुराकानी गर्दा (सं. = ३,४५०) | सन् २०१७ | ८.४% | ४.७% | ११.६% | ४.९% | ३.६% | १३.६% | १३.१% | ७.९% |
| | सन् २०१८ | ६.५% | २.९% | १४.८% | ०.४% | १.४% | १०.०% | ८.९% | ६.३% |
| | सन् २०२० | ६.५% | २.१% | १९.६% | ०.८% | १.९% | ६.३% | ५.७% | ३.९% |
| आफूलाई परेको समस्या प्रहरीकहाँ गएर उजुरी गर्दा (सं. = १,९५९) | सन् २०१७ | ६.९% | ४.४% | ७.९% | ३.७% | ३.५% | १३.०% | १५.०% | ९.५% |
| | सन् २०१८ | ४.६% | १.६% | १०.५% | १.०% | १.९% | ६.७% | १०.५% | – |
| | सन् २०२० | ८.३% | २.९% | २५.७% | ०.३% | २.०% | ६.७% | ४.१% | १०.७% |
| सरकारी कार्यालयमा सेवा लिन जाँदा (सं. = ३,३४५) | सन् २०१७ | ७.०% | ४.५% | ९.७% | ३.९% | ६.१% | ९.१% | १३.४% | ७.१% |
| | सन् २०१८ | ५.२% | २.२% | १५.३% | ०.८% | १.०% | ४.७% | १०.४% | २.१% |
| | सन् २०२० | ६.५% | १.७% | २०.९% | १.९% | ०.४% | ६.२% | ३.७% | ४.३% |
| स्वास्थ्य चौकी वा अस्पतालमा सेवा वा उपचार गर्न जाँदा (सं. = ३,५७५) | सन् २०१७ | ५.१% | ४.१% | ६.५% | २.३% | ३.८% | ७.८% | ७.९% | ४.८% |
| | सन् २०१८ | ४.५% | २.२% | ११.९% | १.३% | १.३% | ५.०% | ७.६% | १.१% |
| | सन् २०२० | ५.७% | १.६% | १७.९% | १.३% | ०.३% | ५.८% | ३.८% | २.५% |
| विद्यालय वा विश्वविद्यालयमा पढ्दा (सं. = २,२१३) | सन् २०१७ | ४.३% | ३.५% | ४.०% | २.२% | ४.४% | ६.९% | ७.२% | ४.९% |
| | सन् २०१८ | ३.६% | ०.९% | १०.२% | ०.५% | ०.८% | ५.३% | ५.८% | १.६% |
| | सन् २०२० | ४.१% | २.०% | १४.१% | १.५% | १.२% | ३.६% | २.३% | १.५% |
| सार्वजनिक यातायातमा यात्रा गर्दा (सं. = ३,६१०) | सन् २०१७ | – | – | – | – | – | – | – | – |
| | सन् २०१८ | ९.९% | १०.९% | १४.०% | २.१% | ४.९% | १६.३% | १३.२% | ७.८% |
| | सन् २०२० | १०.३% | ५.३% | १६.१% | ८.८% | ४.४% | १३.४% | ५.७% | १२.१% |
| सार्वजनिक ठाउँहरूमा घुम्दा (सं. = ३,६०२) | सन् २०१७ | – | – | – | – | – | – | – | – |
| | सन् २०१८ | – | – | – | – | – | – | – | – |
| | सन् २०२० | ८.७% | ५.०% | १७.०% | ६.२% | ३.४% | १०.९% | २.८% | ७.६% |

*तालिका ४.४.२ : प्रश्न-D4a-e. (यदि उत्तरदाता महिला र अन्य भएमा) तलका विभिन्न अवस्थामा महिला वा अन्य भएकै कारणले तपाईंलाई असुविधा परेको थियो ? ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

भौगोलिक क्षेत्रहरूमध्ये, तुलनात्मक रूपमा पहाडी क्षेत्रका महिलाहरु (२.०%) ले भन्दा तराईमा बसोबास गर्ने बढी महिलाहरु (१०.८%) ले काम गर्ने ठाउँमा लैंगिक आधारमा हुने असजता महसुस गरेको देखिएको छ । नगरपालिकामा बसोबास गर्ने महिलाहरु (५.९%) को तुलनामा, गाउँपालिकामा बस्ने धेरै महिलाहरु (७.६%) ले काम गर्ने ठाउँमा लैंगिक आधारमा हुने असजता महसुस गर्ने देखिएको छ । पहाडी आदिवासी/जनजाति समुदायका महिला (१.६%) को तुलनामा अन्य सांस्कृतिक समूहका महिलाहरु, मुसलमान महिलाहरु (२१.६%), मधेशी दलित महिलाहरु (२०.०%) र मधेशी जाति (तह २) महिलाहरु (१८.४%) ले कार्यस्थलमा लैंगिक आधारमा हुने असजताको बढी महसुस गर्ने बताएका छन् ।

**लैंगिक आधारमा हुने असुविधा, क्षेत्र र जनसांख्यिक समूहअनुसार**

| | | कार्यालयमा सहकर्मी वा अरू मानिसहरूसँग कुराकानी गर्दा (सं=३,४५०) | आफूलाई परेको समस्या प्रहरीकहाँ गएर उजुरी गर्दा (सं=१,९५९) | सरकारी कार्यालयमा सेवा लिन जाँदा (सं=३,३४५) | स्वास्थ्य चौकी वा अस्पतालमा सेवा वा उपचार गर्न जाँदा (सं=३,५७५) | विद्यालय वा विश्वविद्यालयमा पढ्दा (सं=२,२१३) | सार्वजनिक यातायातमा यात्रा गर्दा (सं=३,६१०) | सार्वजनिक ठाउँहरूमा घुम्दा (सं=३,६०२) |
|---|---|---|---|---|---|---|---|---|
| समग्र | | ६.५% | ८.३% | ६.५% | ५.७% | ४.१% | १०.३% | ८.७% |
| नगर पालिका | गाउँपालिका | ७.६% | ११.१% | ७.६% | ६.३% | ४.१% | १२.१% | ११.०% |
| | नगरपालिका | ५.९% | ६.८% | ५.९% | ५.४% | ४.२% | ९.२% | ७.४% |
| भौगोलिक क्षेत्र | हिमाल | ३.८% | ३.६% | १.७% | १.९% | १.२% | ९.१% | ६.४% |
| | पहाड | २.०% | २.५% | २.२% | १.६% | २.२% | ८.२% | ५.४% |
| | तराई | १०.८% | १२.९% | १०.९% | ९.८% | ६.३% | १२.१% | ११.९% |
| लिंग | महिला | ६.५% | ८.३% | ६.५% | ५.७% | ४.१% | १०.३% | ८.७% |
| उमेर समूह | १८-२५ | ६.४% | ८.१% | ६.८% | ५.९% | ४.६% | १२.१% | १०.४% |
| | २५-३५ | ७.०% | ८.६% | ६.१% | ५.०% | ३.९% | १०.४% | ९.०% |
| | ३५-४५ | ७.१% | ८.२% | ७.१% | ६.०% | ३.३% | ९.२% | ७.१% |
| | ४५-५५ | ६.१% | ८.४% | ६.४% | ५.८% | ३.४% | ९.४% | ७.८% |
| | ५५ वर्ष भन्दा माथि | ४.८% | ७.८% | ५.९% | ६.३% | ७.७% | ८.५% | ८.३% |
| शिक्षा | पढ्न/लेख्न नजान्ने | १३.६% | १६.८% | १२.५% | १०.४% | ०.०% | १३.४% | १२.४% |
| | अनौपचारिक शिक्षा पाएको | ५.५% | ९.१% | ७.४% | ६.५% | ०.०% | १०.४% | ९.६% |
| | आधारभूत शिक्षा | ७.५% | ९.९% | ७.६% | ७.८% | ६.९% | ११.६% | ९.८% |
| | माध्यमिक शिक्षा | २.६% | ३.४% | २.६% | २.०% | २.८% | ७.८% | ५.८% |
| | उच्च शिक्षा | ४.२% | ३.३% | २.२% | ०.०% | २.१% | ९.०% | ८.३% |
| जाति | पहाडी जाति | २.२% | २.९% | १.५% | १.५% | १.९% | ७.८% | ४.९% |
| | पहाडी आदिवासी/ जनजाति | १.६% | २.२% | २.९% | १.८% | १.६% | ७.१% | ६.०% |
| | पहाडी दलित | ६.१% | ६.८% | ४.७% | ३.९% | ३.४% | ९.२% | ७.३% |
| | मधेशी जाति (तह-१) | ४.३% | ८.३% | ५.६% | ४.५% | ०.०% | ०.०% | ४.२% |
| | मधेशी जाति (तह-२) | १८.४% | २३.४% | १८.७% | १६.३% | १४.२% | १८.९% | १९.१% |
| | मधेशी आदिवासी/ जनजाति | ७.०% | ६.०% | ५.२% | ६.६% | २.९% | १०.३% | ७.३% |
| | मधेशी दलित | २०.०% | २१.३% | १९.१% | १५.२% | ९.१% | १२.६% | १३.४% |
| | अन्य सांस्कृतिक समूहहरु | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% |
| | मुसलमान | २१.७% | ४०.३% | २४.३% | २१.७% | १५.६% | २३.७% | २५.०% |
| आम्दानी समूह (नेपाली रूपैयाँमा) | ६०,००० र त्यसभन्दा मुनी | ७.६% | ९.१% | ७.९% | ४.४% | २.८% | ११.३% | १०.४% |
| | ६०,००१-१२०,००० | ४.३% | ४.८% | ४.०% | ४.३% | २.१% | ५.७% | ५.७% |
| | १२०,०००-२००,००० | ४.३% | ५.४% | ३.६% | ४.०% | २.२% | ४.९% | ३.९% |
| | २००,००० र त्यसभन्दा माथि | २.५% | ३.९% | २.०% | २.५% | ३.४% | १०.८% | ६.५% |
| | आश्रित | ८.३% | ११.२% | ८.६% | ८.०% | ६.०% | १२.३% | १०.६% |

*तालिका ४.४.३ : प्रश्न-D4a-e. (यदि उत्तरदाता महिला र अन्य भएमा) महिला वा अन्य भएकै कारणले तलका विभिन्न अवस्थामा तपाईंलाई असुविधा परेको थियो ? ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

नगरपालिकामा बसोबास गर्ने महिलाहरु (६.८%) को तुलनामा गाउँपालिकामा बस्ने बढी महिलाहरु (११.१%) ले आफूलाई परेको समस्या प्रहरी चौकीमा गएर उजुरी गर्दा लैंगिक आधारमा हुने असहजताको महसुस गर्ने बताएका छन् । उच्च शिक्षा हासिल गरेका महिला उत्तरदाताहरु (३.३%) ले भन्दा औपचारिक शिक्षा नभएका महिलाहरु (१६.८%) ले आफूलाई परेको समस्या प्रहरी चौकीमा गएर उजुरी गर्दा असहजताको महसुस गर्न सक्ने संभावना बढी देखिएको छ । भौगोलिक क्षेत्रमध्ये तराईका महिलाहरु (१२.९%) ले आफूलाई परेको समस्या प्रहरी चौकीमा गएर उजुरी गर्दा लैंगिक असुविधा अत्यन्तै महसुस गर्ने बताएका छन् । पहाडी आदिवासी/जनजाति (२.२%) र पहाडी जाति समुदायका महिलाहरु (२.९%) को तुलनामा प्रहरी चौकीमा उजुरी गर्न जाँदा असहजताको महसुस गर्नेमा सबैभन्दा बढी मुसलमान महिला (४०.३%), मधेशी जाति (तह- २) (२३.४%) र मधेशी दलित (२१.३%) महिलाहरु रहेका छन् ।

अरू महिलाहरूले भन्दा तराईका गाउँपालिकामा बस्ने बढी महिलाहरु (१५.८%) ले सार्वजनिक यातायातमा यात्रा गर्दा असहज भएको महसुस गरेका छन् । माध्यमिक शिक्षा लिएका १८-२४ वर्ष समूहका महिलाहरूको तुलनामा उही उमेर समूहका निरक्षर महिला (३४.३%) ले, त्यसैगरी उच्च शिक्षा हासिल गरेका महिलाहरु (१७.१%) को तुलनामा औपचारिक शिक्षा नपाएका धेरै महिलाहरु (२८.६%) ले लैंगिक असुविधाको महसुस गर्ने बताएका छन् । त्यस्तै अरू आय समूहका महिलाहरूले भन्दा कम आय समूहका धेरै महिलाहरु (१०.४%) ले सार्वजनिक स्थलहरूमा असुविधा महसुस गर्ने बताएका छन् । जातीय समूहमा, अरू जात जातीय समूहहरूका महिलाहरूले भन्दा बढी मुसलमान महिला (२५.०%), मधेशी जाति समुदाय (तह-२) (१९.१%) र मधेशी दलित (१३.४%) ले सार्वजनिक स्थलहरूमा लैंगिक आधारमा हुने असजता महसुस गर्ने बताएका छन् ।

## ४.५ अन्तर समूह सामाजिक सम्बन्ध बारेका धारणाहरू

### *विभिन्न जाति तथा जनजातिहरू बीचको सम्बन्ध*

**सर्वेक्षणमा सहभागी दुई तिहाइ भन्दा थोरैले बढी उत्तरदाताहरू (६९.४%) ले विभिन्न जनजातीय, धार्मिक र जातीय समूहबीचको सम्बन्ध सुधारोन्मुख रहेको विश्वास गरेका छन् ।** यद्यपि, ६.९% उत्तरदाताहरूले यो अवस्था बिग्रँदै गइरहेको र २१.९% ले यो न त बिग्रिएको न त सुध्रिएको बताउँछन् । अन्तर समूह सम्बन्ध सुध्रिएको ठान्नेहरूको प्रतिशत सन् २०१७ मा रहेको ५८.७% बाट बढेर सन् २०२० मा ६९.४% पुगेको छ ।




*चित्र ४.५.१ : प्रश्न-D5. तपाईंको विचारमा समग्रमा नेपालमा विभिन्न धर्म/जातजाति/समुदाय बीचको सम्बन्ध कस्तो रहेको छ ? (सं. =७,०५९) ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**अन्तर समूह बीचको सम्बन्ध बिग्रँदै गएको जस्तो लाग्ने उत्तरदाताहरूको अनुपात सन् २०१७ मा रहेका १२.३% बाट घट्दै सन् २०२० मा ६.९% पुगेको छ ।** अन्तर समूह सम्बन्ध उस्तै रहेको विश्वास गर्ने उत्तरदाताहरूको प्रतिशत पनि सन् २०१७ मा रहेको २६.१% बाट केही घटेर सन् २०२० मा २१.९% पुगेको छ ।

## विभिन्न जाति/जनजाति/धार्मिक समुदायहरू बीचको सम्बन्ध, प्रदेश र वर्षअनुसार




*चित्र ४.५२ : प्रश्न-D5. तपाईंको विचारमा समग्रमा नेपालमा विभिन्न धर्म/जातजाति/समुदाय बीचको सम्बन्ध कस्तो रहेको छ ?*
*(सं. = ७,०५९) ('थाहा छैन/भन्न सक्दिन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशबाट आएका प्रतिक्रियाहरूले अन्तर समूह सम्बन्धमा ठूलो सुधार भएको देखाउँछ । यी प्रदेशहरूका तीन चौथाइ भन्दा बढी उत्तरदाताहरूले अन्तर समूह सम्बन्धमा सुधार भएको उल्लेख गरेका छन् । यी मध्ये पनि सबैभन्दा धेरै कर्णाली प्रदेशका (७९.३%) उत्तरदाताहरूले अन्तर समूह सम्बन्धमा सुधार भएको बताएका छन्, त्यसपछि सुदूरपश्चिम प्रदेश (७७.१%) र लुम्बिनी प्रदेशका (७४.७%) उत्तरदाताहरु रहेका छन् । अन्तर समूह सम्बन्धमा सुधार भएको लाग्ने उत्तरदाताहरूको प्रतिशत भने सबैभन्दा धेरै प्रदेश १ मा बढेको छ (यो आँकडा सन् २०१७ मा रहेको ५०.४% बाट बढेर सन् २०२० मा ६८.०% पुगेको छ) साथै सुदूरपश्चिम प्रदेशमा यो आँकडा सन् २०१७ मा रहेको ५९.९% बाट बढेर ७७.१% पुगेको छ । यसको विपरीत, बागमती प्रदेश र गण्डकी प्रदेशका कमै उत्तरदाताहरूले अन्तर समूह सम्बन्धमा सुधार रहेको बताएका छन्, यद्यपि, बागमती प्रदेशमा अन्तर समूह सम्बन्धमा सुधार रहेको बताउने उत्तरदाताहरूको अनुपातमा भने थोरै वृद्धि भएको छ (सन् २०१७ मा रहेका ५१.२% बाट बढेर सन् २०१८ मा ५८.१% र सन् २०२० मा थप वृद्धि भई ६०.७% पुगेको छ) ।

### विभिन्न जाति/जनजाति/धार्मिक समुदायहरु बीचको सम्बन्ध, भौगोलिक क्षेत्र र अन्य समूहअनुसार

| | | सुध्रिएको छ | बिग्रिएको छ | उस्तै छ | थाहा छैन |
|---|---|---|---|---|---|
| समग्र | | ६९.४% | ६.९% | २१.९% | १.८% |
| नगरपालिका | गाउँपालिका | ७१.८% | ६.१% | २०.१% | २.०% |
| | नगरपालिका | ६८.१% | ७.३% | २२.९% | १.८% |
| भौगोलिक क्षेत्र | हिमाल | ७३.९% | ६.७% | १९.०% | ०.४% |
| | पहाड | ६५.८% | ८.२% | २४.१% | २.०% |
| | तराई | ७२.०% | ५.८% | २०.४% | १.९% |
| लिंग | महिला | ६९.४% | ५.२% | २२.४% | ३.१% |
| | पुरूष | ६९.५% | ८.६% | २१.३% | ०.६% |
| उमेर समूह | १८-२५ | ७६.३% | ४.९% | १७.८% | १.१% |
| | २५-३५ | ७१.७% | ५.६% | २०.७% | २.०% |
| | ३५-४५ | ६८.७% | ७.२% | २२.३% | १.९% |
| | ४५-५५ | ६६.३% | ७.७% | २४.७% | १.३% |
| | ५५ वर्ष भन्दा माथि | ६१.६% | १०.०% | २५.६% | २.९% |
| शिक्षा | पढ्न/लेख्न नजान्ने | ६२.६% | ६.१% | २५.१% | ६.२% |
| | अनौपचारिक शिक्षा पाएको | ७३.४% | ६.४% | १९.१% | १.२% |
| | आधारभूत शिक्षा | ६८.९% | ५.६% | २३.५% | २.०% |
| | माध्यमिक शिक्षा | ७०.९% | ७.६% | २१.१% | ०.४% |
| | उच्च शिक्षा | ७५.९% | १०.०% | १४.१% | ०.०% |
| जाति | पहाडी जाति | ६७.०% | १०.३% | २१.७% | १.१% |
| | पहाडी आदिवासी/जनजाति | ६७.७% | ६.०% | २४.२% | २.२% |
| | पहाडी दलित | ७२.०% | ८.१% | १९.०% | ०.९% |
| | मधेशी जाति (तह-१) | ६१.०% | ८.५% | ३०.५% | ०.०% |
| | मधेशी जाति (तह-२) | ७१.९% | ३.७% | २२.३% | २.१% |
| | मधेशी आदिवासी/जनजाति | ७५.८% | ४.२% | १८.४% | १.६% |
| | मधेशी दलित | ६७.६% | ७.२% | २०.१% | ५.०% |
| | अन्य सांस्कृतिक समूहहरु | ४५.८% | ०.०% | ४१.७% | १२.५% |
| | मुसलमान | ७९.६% | ०.६% | १७.२% | २.६% |
| धर्म | हिन्दु | ६९.२% | ७.०% | २२.०% | १.८% |
| | बौद्ध | ६३.३% | ८.८% | २७.२% | ०.७% |
| | इस्लाम | ७९.५% | ०.६% | १७.२% | २.६% |
| | किरात | ७०.६% | ८.१% | १६.२% | ५.१% |
| | क्रिश्चियन | ७७.६% | २.४% | १८.८% | १.२% |
| | अन्य | ६४.५% | १२.९% | १९.४% | ३.२% |

| | | सुध्रिएको छ | बिग्रिएको छ | उस्तै छ | थाहा छैन |
|---|---|---|---|---|---|
| आम्दानी समूह (नेपाली रूपैयाँमा) | ६०,००० र त्यसभन्दा मुनी | ७०.२% | ६.५% | २१.०% | २.३% |
| | ६०,००१-१२०,००० | ७३.३% | ६.६% | १८.९% | १.२% |
| | १२०,०००-२००,००० | ६८.८% | ७.४% | २२.७% | १.१% |
| | २००,००० र त्यसभन्दा माथि | ६८.०% | १०.८% | २०.६% | ०.६% |
| | आश्रित | ६८.०% | ४.७% | २४.३% | ३.०% |

*तालिका ४.५.१ : प्रश्न-D5. तपाईंको विचारमा समग्रमा नेपालमा विभिन्न धर्म/जातजाति/समुदाय बीचको सम्बन्ध कस्तो रहेको छ ? (सं. = ७,०५९)*
*('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

उत्तरदाताहरूको उमेर समूहको वृद्धि सँगै अन्तर समूह सम्बन्ध प्रति सकारात्मक मूल्यांकनको प्रतिशत घटदै गएको छ । १८-२४ वर्ष उमेर समूहका ७६.३% उत्तरदाताहरूले विभिन्न जाति, जनजाति समूह र धर्मबीचको सम्बन्ध सुधार हुँदैछ भन्नेमा विश्वास व्यक्त गर्दा, ५५ वर्ष वा त्यस माथिको उमेर समूहका उत्तरदाताहरूले तुलनात्मक रूपमा कम (६१.६%) ले मात्र अन्तर समूह सम्बन्धमा सुधारको विश्वास गरेका छन् । त्यस्तै उत्तरदाताहरूको शैक्षिक योग्यता को वृद्धि सँगै अन्तर समूह सम्बन्ध प्रति सकारात्मक मूल्यांकनको प्रतिशत बढदै गएको छ । निरक्षर उत्तरदाताहरु (६२.६%) सँग तुलना गरेर हेर्दा, उच्च शिक्षा हासिल गरेका ७५.९% उत्तरदाताहरूले अन्तर समूह सम्बन्धमा सुधार हुँदैछ भन्ने कुरा उल्लेख गरेका छन् । जाति र जनजाति समुदाय मध्ये- मुसलमान (७९.६%), मधेशी आदिवासी/जनजाति (७५.८%), पहाडी दलित (७२.०%), मधेशी जाति (तह-२) (७१.९%) ले अन्तर समूह सम्बन्धमा सुधार भएको बताएका छन् । यसका साथै कम आय भएका मानिसहरूले पनि नेपालमा अन्तर समूह सम्बन्ध सुधार हुँदै गएको बताएका छन् ।

बौद्ध धर्म अपनाउने उत्तरदाताहरूले अन्तर समूह सम्बन्ध सुधार भएको छ भनी उल्लेख गर्ने सम्भावना कम रहेको देखिएको छ । राष्ट्रिय औसत (६९.४%) को तुलनामा अन्तर समूह सम्बन्धमा सुधार हुँदै गएको बताउने बौद्ध धर्मावलम्बीको प्रतिशत केही कम (६३.३%) रहेको छ । बौद्ध धर्मावलम्बी उत्तरदाताहरूमध्ये ८.८% र किरात धर्म अवलम्बन गर्ने उत्तरदाताहरूमध्ये ८.१% ले नेपालमा अन्तर समूह सम्बन्ध बिग्रँदै गइरहेको बताएका छन्, जुन राष्ट्रिय आँकडा (६.९%) भन्दा थोरैले बढी रहेको छ ।

### *अन्तर-समूह सम्बन्ध सुधारका कारणहरु*

६९.४% उत्तरदाताहरु जसले अन्तर समूह सम्बन्धमा सुधार भएको भनी उल्लेख गरेका थिए, उनीहरूबाट थप जानकारी प्राप्त गर्नाका लागि उनीहरूलाई, के कारणले गर्दा अन्तर समूह सम्बन्ध सुध्रिँदै गएको छ, भनेर प्रश्न सोधिएको थियो । करिब तीन चौथाइ (७३.६%) उत्तरदाताहरूले हिजोआज मानिसहरूले धर्म/जातजातिको भिन्नतालाई त्यतिको धेरै महत्व नदिनाले, अन्तर समूह सम्बन्धमा सुधार भएको मुख्य कारणको रूपमा मानेका छन् । त्यसैगरी ३३.५% उत्तरदाताहरूले सरकारले सबै धर्म/जातजातिलाई उचित समान अधिकार र पहिचान दिएकोले अन्तर समूह सम्बन्धमा सुधार भएको भनी उल्लेख गरेका छन् । उत्तरदाताहरूका अनुसार अन्तर समूह सम्बन्ध सुधार हुनुका अन्य कारणहरूमा देश धर्म निरपेक्षमा रूपान्तरण भएकाले (२५.६%), भेदभाव गर्न नहुने कुरा संविधानले सुनिश्चित गरेको हुनाले (१८.३%) र परम्परागत सामाजिक व्यवस्था प्रति पहिलाको जस्तो प्रश्न नगर्नाले (१७.०%) भन्ने जस्ता रहेका छन् ।

अन्तर समूह सम्बन्ध सुधार हुनुको प्रमुख कारण हिजोआज मानिसहरूले धर्म/जातजातिको भिन्नतालाई धेरै महत्व नदिनाले, भन्ने मान्यता राख्ने रहेका उत्तरदाताहरूको प्रतिशत विगतको तुलनामा क्रमशः घटदै गएको छ । यो प्रतिशत सन् २०१७ मा रहेको ७९.४% बाट घट्दै सन् २०१८ मा ७८.८% र सन् २०२० मा ७३.६% पुगेको छ । अन्तर समूह सम्बन्ध सुधार हुनुको अन्य कारणमा सरकारले सबै धर्म/जातजातिलाई उचित सम्मान र अधिकार दिएकोले, भन्नेहरूको प्रतिशत पनि कम हुँदै गएको छ । सन् २०१७ मा रहेको ३८.६% बाट घटेर यो सन् २०२० मा ३३.५% पुगेको छ । देश हिन्दु राज्यबाट धर्म निरपेक्ष राज्यमा रूपान्तरण भएको भन्ने उत्तरदाताहरूको प्रतिशतमा भने थोरै वृद्धि भएको छ (सन् २०१७ मा रहेको १७.५% बाट सन् २०१८ मा १६.६% हुँदै यो सन् २०२० मा २५.६% पुगेको छ) ।

**अन्तर समूह सम्बन्ध सुधार गर्ने कारणहरू, वर्षअनुसार**




*चित्र ४.५.३ : प्रश्न-D6. (यदि प्रश्न-D5मा 'सम्बन्धहरु सुध्रिँदै गएका छन्' भन्ने उत्तर आएमा) तपाईंको विचारमा समग्रमा नेपालमा विभिन्न धर्म/जातजाति/समुदाय बीचको सम्बन्ध के कारणले सुध्रिँदै गएको छ ? (सं. = ४,९०३)*
*('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

प्रदेश २ का (६२.१%) उत्तरदाताहरु बाहेक, अन्य प्रदेशका उत्तरदाताहरूले अन्तरसमूह सम्बन्ध सुधार हुँदै जानुमा, हिजोआज मानिसहरूले धर्म/जातजातिको भिन्नतालाई धेरै महत्व नदिनुहो भनी उल्लेख गरेका छन् । यो भनाईलाई– कर्णाली प्रदेशका बहुसंख्यक उत्तरदाताहरु (८७.७%), गण्डकी प्रदेशका (८३.७%), सुदूरपश्चिम प्रदेशका (७७.५%), लुम्बिनी प्रदेशका (७५.२%), प्रदेश १ का (७४.८%) र बागमती प्रदेशका (७२.६%) का उत्तरदाताहरूले उल्लेख गरेका छन् । सरकारले सबै धर्म/जातजातिलाई उचित समान अधिकार र पहिचान दिएको भन्नेमा सुदूरपश्चिम प्रदेशका ४५.० % उत्तरदाताहरु र त्यसपछि प्रदेश १ का ३९.५% उत्तरदाताहरु रहेका छन् । लुम्बिनी प्रदेशका (३५.९%) र प्रदेश १ का (३१.३%) उत्तरदाताहरूले सम्बन्ध सुधारमा धर्मनिरपेक्षतालाई मुख्य कारण ठानेका छन् । अर्कोतर्फ, लुम्बिनी प्रदेशका ३५.८% उत्तरदाताहरूले मानिसहरूलाई समाजमा आफ्नो ठाउँ कहाँ हो भन्ने कुरा राम्रोसँग थाहाभएको हुनाले पनि अन्तरसमूह सम्बन्धमा सुधार आएको भनी उल्लेख गरेका छन् ।

**अन्तर समूह सम्बन्ध सुधार गर्ने कारणहरू, प्रदेश र वर्षअनुसार**

| | | हिजोआज मानिसहरूले धर्म/ जातजाति लाई धेरै महत्व दिँदैनन्/ नदिनाले | सरकारले सबै धर्म/ जातजाति लाई उचित सम्मान, अधिकार र पहिचान दिएकोले | सरकार र संसदमा सबै धर्म/ जातजाति हरूको राम्रो प्रतिनिधित्व रहनाले | सबै थरिका मानिसहरूलाई समाजमा आफ्नो ठाउँ कहाँ हो राम्रोसँग थाहा हुन गएको छ, उनीहरूले परम्परागतसामाजिक व्यवस्थाप्रति पहिलेको जस्तो प्रश्न नगर्नाले | सशस्त्र द्वन्द्वको अन्त्य भएकोले | नेपाल हिन्दू राज्य थियो र अहिले देश धर्म निरपेक्ष भएकाले | जातजाति वा लैंगिकतामा आधारित कुनैपनि भेदभाव गर्न नहुने कुरा नयाँ संविधानले थप सुनिश्चित गरेकोले | जनता शिक्षित भएकोले |
|---|---|---|---|---|---|---|---|---|---|
| समग्र | सन् २०१७ | ७९.४% | ३८.६% | ९.३% | १७.१% | २.५% | १७.५% | ०.०% | ०.०% |
| | सन् २०१८ | ७८.८% | २३.७% | ६.८% | १७.१% | २.४% | १६.६% | १०.०% | १.२% |
| | सन् २०२० | ७३.६% | ३३.५% | १०.७% | १७.०% | ३.६% | २५.६% | १८.३% | २.३% |
| प्रदेश १ | सन् २०१७ | ८६.९% | ३२.८% | ७.४% | २५.२% | २.३% | १८.८% | ०.०% | ०.०% |
| | सन् २०१८ | ६८.९% | २४.७% | ५.७% | १९.४% | २.१% | १२.८% | २१.१% | १.१% |
| | सन् २०२० | ७४.८% | ३९.५% | १०.६% | १९.२% | २.४% | ३१.३% | २१.८% | ०.७% |
| प्रदेश २ | सन् २०१७ | ७३.३% | ३०.२% | १२.९% | १९.८% | १.९% | १७.२% | ०.०% | ०.०% |
| | सन् २०१८ | ७९.४% | २१.४% | ९.०% | १९.०% | २.७% | १६.८% | ६.१% | ०.५% |
| | सन् २०२० | ६२.१% | ३६.६% | ११.१% | १२.३% | ३.३% | १८.७% | १७.५% | ०.४% |
| बागमती प्रदेश | सन् २०१७ | ७९.८% | ४८.८% | ११.७% | १५.५% | १.१% | १०.६% | ०.०% | ०.०% |
| | सन् २०१८ | ८१.१% | १९.५% | ८.५% | १९.०% | १.१% | २०.२% | ७.९% | ०.०% |
| | सन् २०२० | ७२.६% | २५.५% | ५.३% | ५.४% | ७.४% | २२.३% | १६.१% | १.५% |
| गण्डकी प्रदेश | सन् २०१७ | ६७.४% | ४५.०% | १२.७% | १५.४% | ५.८% | २८.१% | ०.०% | ०.०% |
| | सन् २०१८ | ६७.६% | २६.५% | ९.९% | २०.९% | २.०% | १८.१% | १०.८% | ०.३% |
| | सन् २०२० | ८३.७% | ३४.८% | ९.६% | १५.२% | ०.७% | १५.५% | १६.५% | १.५% |
| लुम्बिनी प्रदेश | सन् २०१७ | ७४.५% | ३८.३% | ६.५% | १८.५% | ३.५% | २०.४% | ०.०% | ०.०% |
| | सन् २०१८ | ८०.२% | २४.८% | ४.९% | २१.२% | ४.१% | १७.१% | ६.९% | ३.८% |
| | सन् २०२० | ७५.२% | २७.१% | १७.१% | ३५.८% | २.३% | ३५.९% | २१.४% | ६.६% |
| कर्णाली प्रदेश | सन् २०१७ | ९३.९% | ४७.९% | ६.४% | ११.२% | ३.४% | १९.१% | ०.०% | ०.०% |
| | सन् २०१८ | ९०.०% | २३.७% | ६.७% | ५.७% | ३.३% | १४.७% | ८.७% | ०.४% |
| | सन् २०२० | ८७.७% | २९.८% | ८.६% | ११.६% | २.०% | २४.७% | १२.३% | १.५% |
| सुदूर पश्चिम प्रदेश | सन् २०१७ | ८७.०% | ३३.१% | ७.५% | ६.५% | १.४% | १३.०% | ०.०% | ०.०% |
| | सन् २०१८ | ८७.३% | ३०.०% | १.८% | ३.८% | १.३% | १४.४% | ११.०% | १.८% |
| | सन् २०२० | ७७.५% | ४५.०% | ९.४% | १३.२% | ४.९% | २४.८% | १७.१% | २.८% |

*तालिका ४.५२ : प्रश्न-D6. (यदि प्रश्न-D5मा 'सम्बन्धहरु सुध्रिँदै गएका छन्' भन्ने उत्तर आएमा) तपाईंको विचारमा समग्रमा नेपालमा विभिन्न धर्म/जातजाति/समुदाय बीचको सम्बन्ध के कारणले सुध्रिँदै गएको छ ? (सं =४,९०३) ('लागु नहुने/थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

मधेशी दलितहरु (६२.१%), मधेशी जाति (तह- २) (६४.९%) र मुसलमान समुदायका (६५.४%) उत्तरदाताहरूले, हिजोआज मानिसहरूले धर्म/जातजातिको भिन्नतालाई धेरै महत्व नदिएकोले अन्तर समूह सम्बन्धमा सुधार भएको हो, भन्नेमा कम विश्वास गर्ने देखिएको छ । त्यस्तै वैदेशिक रोजगारमा संलग्न (५५.७%) व्यक्तिहरु, मजदुरहरु (६६.१%) र घरेलु कामदारहरु (६९.३%) पनि हिजोआज मानिसहरूले धर्म/जातजातिको भिन्नतालाई धेरै महत्व नदिएकोले कारणले गर्दा अन्तरसम्बन्ध सुधार भएको भन्ने कुरामा तुलनात्मक हिसाबले कम विश्वस्त देखिएका छन् ।

### अन्तर-समूह सम्बन्ध बिग्रनुका कारणहरू

समग्रमा ६.९% उत्तरदाताहरु जसले अन्तर समूह सम्बन्ध बिग्रँदै गएको छ भन्ने धारणा राखेका छन्, उनीहरूमध्ये ६०.७% ले, हिजोआज मानिसहरूले धर्म/जातजातिको भिन्नतालाई धेरै महत्व दिएकोले अन्तर समूह सम्बन्ध बिग्रँदै गएको हो भन्ने ठानेका छन् । अर्कोतर्फ, अन्तर समूह सम्बन्ध बिग्रँदै जानुको कारण देश धर्मनिरपेक्ष हुनु हो, भन्नेमा विश्वास गर्ने उत्तरदाताहरु बिस्तारै कम हुँदै गएका छन् (सन् २०१७ मा रहेको ३६.१% बाट सन् २०१८ मा ३५.१% र सन् २०२० मा ३२.०% पुगेका छन्) ।




*चित्र ४.५.४ : प्रश्न-D7. (यदि प्रश्न-D5मा 'सम्बन्धहरु बिग्रँदै गएका छन्' भन्ने उत्तर आएमा) तपाईंको विचारमा समग्रमा नेपालमा विभिन्न धर्म/जातजाति/समुदाय बीचको सम्बन्ध के कारणले बिग्रँदै गएको छ ? (सं. =४८०)*

सबै सर्वेक्षण वर्षहरूको तथ्यांक हेर्ने हो भने प्रायः उत्तरदाताहरूले हिजोआज मानिसहरूले धर्म/जातजातिको भिन्नतालाई धेरै महत्व दिनु नै अन्तर समूह सम्बन्ध बिग्रनुको प्रधान कारक हो भनि औँल्याएको देखिएको छ । यसका साथै तथ्यांकले अन्तर समूह सम्बन्ध बिग्रनुको कारण 'सरकार र संसदमा अल्पसंख्यक र तथाकथित तल्लो जातको मानिसहरूको चाहिनेभन्दा बढी प्रतिनिधित्व भएकोले' र 'अल्पसंख्यक र तथाकथित तल्ला जातहरूको अधिकारलाई कम महत्व दिएको हुनाले' भनि उल्लेख गर्ने उत्तरदाताहरूमा पनि निरन्तर वृद्धि भएको देखाउँदछ ।

## अन्तर-समूह सम्बन्ध बिग्रनुका कारणहरू

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| हिजोआज मानिसहरूले धर्म/जातजातिको भिन्नतालाई धेरै महत्व दिने गरेको हुनाले | ६०.७% | ४८.०% | ७६.३% | ५०.०% | ६२.१% | ७३.१% | ७५.२% | ६९.५% |
| देश धर्म निरपेक्ष भएको हुनाले | ३२.०% | ३५.३% | १६.१% | ५२.०% | ३२.८% | १८.९% | ३६.१% | ५.८% |
| राजनीतिक नेतृत्वले जात र धर्महरु बीचको भिन्नतालाई लिएर राजनीति गरेको हुनाले | २४.६% | २२.४% | ३०.४% | २४.२% | २४.१% | २३.७% | ७.७% | ३२.१% |
| अल्पसंख्यक र तथाकथित तल्ला जातहरूको अधिकारलाई बढी महत्व दिएको हुनाले | १६.१% | १८.२% | १.८% | ११.३% | २२.९% | १९.७% | ११.८% | ३०.१% |
| संविधानले व्यवस्था गरेअनुसार सबै जातजाति, धर्म र समुदायहरूको हक अधिकारहरूलाई संरक्षण गर्न सम्बन्धित निकायहरूले अझै पनि पर्याप्त ध्यान नदिएको हुनाले | १०.२% | २२.१% | ६.९% | ८.१% | १०.०% | ४.६% | ७.५% | ७.५% |
| अल्पसंख्यक र तथाकथित तल्ला जातहरूको अधिकारलाई कम महत्व दिएको हुनाले | ९.६% | ५.६% | ८.३% | ८.२% | ८.७% | १३.४% | २३.७% | ११.३% |
| हिजोआज मानिसहरूले हाम्रो समाजमा आफ्नो स्थान कहाँ हो भन्ने बिर्सेका छन्, परम्परागत सामाजिक प्रणालीलाई चाहिनेभन्दा बढी प्रश्न गरेका छन् | ८.३% | १०.४% | ६.२% | ५.१% | ५.१% | १४.१% | १०.२% | १२.०% |
| जातीय राजनीति गर्ने दलहरु स्थानीय चुनावमा हारेकाले | ६.६% | ४.८% | १०.८% | ५.७% | ६.३% | ८.०% | ११.५% | ३.८% |
| सरकार र संसदमा अल्पसंख्यक तथाकथित तल्लो जातको मानिसहरूको चाहिनेभन्दा बढी प्रतिनिधित्व भएकोले | ५.५% | १३.३% | ३.५% | ३.५% | ४.७% | ०.०% | ३.६% | ८.१% |
| सरकार र संसदमा अल्पसंख्यक तथाकथित तल्लो जातको मानिसहरूको पुग्दो मात्रामा प्रतिनिधित्व भएको छैन | ३.०% | २.०% | ३.४% | २.१% | ४.५% | ६.२% | २.३% | २.०% |

*तालिका ४.५.३ : प्रश्न-D7. (यदि प्रश्न-D5मा 'सम्बन्धहरु बिग्रँदै गएका छन्' भन्ने उत्तर आएमा) तपाईंको विचारमा समग्रमा नेपालमा विभिन्न धर्म/जातजाति/समुदाय बीचको सम्बन्ध के कारणले बिग्रँदै गएको छ ? (सं. =४८०)*

धर्म/जातजातिको भिन्नतालाई धेरै महत्व दिएकाले अन्तर समूह सम्बन्ध बिग्रँदै गएको भनी मान्नेमा प्रदेश २ मा ७६.३%, कर्णाली प्रदेशमा ७५.२% र लुम्बिनी प्रदेशमा ७३.१% उत्तरदाताहरु रहेका छन् । बागमती प्रदेशका (५२.०%) उत्तरदाताहरु, त्यसपछि कर्णाली प्रदेशका (३६.१%) र प्रदेश १ का (३५.३%) उत्तरदाताहरूले 'राज्य धर्म निरपेक्ष बन्नु' नै अन्तर समूह सम्बन्ध बिग्रनुको अर्को उच्च कारण मानेका छन् । अर्कोतर्फ, सुदूरपश्चिम प्रदेशमा ३२.१%, प्रदेश २ मा ३०.४% उत्तरदाताहरूले, 'राजनीतिक नेतृत्वले जात र धर्महरु बीचको भिन्नतालाई लिएर राजनीति गरेको' पक्षलाई अन्तर समूह सम्बन्ध बिग्रनुको प्रमुख कारण भएको बताएका छन्, जबकि कर्णाली प्रदेशबाट २३.७% उत्तरदाताले 'अल्पसंख्यक र तथाकथित तल्ला जातहरूको अधिकारलाई कम महत्व दिएको हुनाले' अन्तर समूह सम्बन्ध बिग्रन गएको बताएका छन् ।

## ४.६ सामाजिक मूल्य र मान्यताहरू

### *जात/जातीय समूहबीच विवाह*

**नेपालमा अन्तर्जातीय विवाहको स्वीकार्यता सन् २०१८ को तुलनामा सन् २०२० मा थोरै घटेको छ ।** अन्तर्जातीय विवाहको स्वीकार्यता सन् २०१७ मा उल्लेख गरिएको ७२.६% बाट बढेर सन् २०१८ मा ७६.१% भएता पनि सन् २०२० मा केही घट्न गई ७३.६% पुगेको छ । आफ्नो छोराछोरीलाई अर्को जातिको छोराछोरीसँग विवाह गर्न आपत्ति जनाउने उत्तरदाताहरूको प्रतिशत पनि विगतका तीन वर्षमा क्रमशः घट्दै गएको देखिएको छ, यो आँकडा सन् २०१७ मा २६.४% थियो भने सन् २०२० मा घटेर २२.६% पुगेको छ ।




*चित्र ४.६.१ : प्रश्न-D9. तपाईंको आफ्ना सन्तानले जात मिल्ने भन्दा फरक जातसँग विहे गरेको खण्डमा स्वीकार गर्नुहुन्छ कि गर्नुहुन्न ? (सं. =७,०३३)*
*('लागु नहुने/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**सन् २०१७ को तुलनामा, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशमा बाहेक अरू सबै प्रदेशहरूमा अन्तर्जातीय विवाह स्वीकार्यताको स्तरमा थोरै वृद्धि भएको छ ।** सन् २०१७ मा, लुम्बिनी प्रदेशका ७५.२% उत्तरदाताहरूले आफ्ना सन्तानले फरक जातसँग विहे गरेको खण्डमा स्वीकार गर्ने बताएका थिए, तर यो सन् २०२० मा घटेर ६९.४% भएको छ । प्रदेशहरुमध्ये, प्रदेश २ का ३५.२% उत्तरदाताहरूले अन्तर्जातीय विवाह प्रति आपत्ति जनाएका छन् । यस्तै आपत्ति मान्नेहरु प्रदेश १ मा ११.५% र बागमती प्रदेशमा १९.१% रहेका छन् ।

प्रदेश २ का ५५.६% उत्तरदाताहरु आफ्ना सन्तानहरूले फरक जातको मान्छेसँग विहे गरेको खण्डमा स्वीकार्न राजी भएको बताएका छन् । यसरी स्वीकार गर्नेहरूको अनुपात प्रदेश १ मा ८६.५%, कर्णाली प्रदेशमा ८२.९% र सुदूरपश्चिम प्रदेशमा ७८.९% रहेको छ । अन्तर्जातीय विवाहलाई स्वीकार गर्नेहरूको अनुपात केही प्रदेशहरूमा थोरै बढेको छ, जस्तो प्रदेश १ मा (सन् २०१८ मा रहेको ८५.९% बाट बढेर सन् २०२० मा ८६.५%), कर्णाली प्रदेशमा (सन् २०१८ मा रहेको ८०.८% बाट बढेर सन् २०२० मा ८२.९%) र सुदूरपश्चिम प्रदेशमा (सन् २०१८ मा रहेको ७६.६% बाट बढेर सन् २०२० मा ७८.९%) भएको छ । यद्यपि, यो केही प्रदेशहरूमा भने घटेको छ जस्तो, प्रदेश २ मा (सन् २०१८ मा रहेको ५९.०% बाट घटेर सन् २०२० मा ५५.६%), बागमती प्रदेशमा (सन् २०१८ मा रहेको ८४.८% बाट घटेर सन् २०२० मा ७७.२%) र गण्डकी प्रदेशमा (सन् २०१८ मा रहेको ८२.८% बाट घटेर सन् २०२० मा ७८.९%) पुगेको छ ।

**विभिन्न जात/जातीय समूह बीच विवाहको स्वीकृति, प्रदेश र वर्षअनुसार**




*चित्र ४.६.२ : प्रश्न-D9. तपाईंको आफ्ना सन्तानले जात मिल्ने भन्दा फरक जातसँग विहे गरेको खण्डमा स्वीकार गर्नुहुन्छ कि गर्नुहुन्न ? (सं. =७,०३३)*
*('लागु नहुने/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

अन्य धार्मिक समूहका उत्तरदाताहरूको तुलनामा सबैभन्दा बढी किरात धर्म र क्रिश्चियन धर्म मान्ने उत्तरदाताहरु (क्रमशः ९८.०% र ९२.९%) ले आफ्ना सन्तानले फरक जातसँग विहे गरेमा त्यसलाई स्वीकार्ने बताएका छन् । त्यसैगरी, हिमाली क्षेत्रमा बस्ने नेपाली (८१.४%), पहाडी दलित समुदायका (९२.०%) र पहाडी आदिवासी/जनजाति (८३.७%) ले पनि आफ्ना सन्तानले फरक जातसँग विहे गरेमा त्यसलाई स्वीकार्ने बताएका छन् । यसको विपरीत तराईका २७.३%, मधेशी (तह- २) का ४५.८% र मुसलमान समुदायका ५६.३% ले अन्तर्जातीय विवाहलाई अस्वीकार गर्ने बताएका छन् ।

**विभिन्न जात/जातीय समूह बीच विवाहको स्वीकृति, क्षेत्र, जाति, धर्म र शिक्षाअनुसार**

| | | स्वीकार्छु | स्वीकार्दिन | थाह छैन |
|---|---|---|---|---|
| समग्र | | ७३.६% | २२.६% | ३.८% |
| भौगोलिक क्षेत्र | हिमाल | ८१.४% | १७.६% | १.०% |
| | पहाड | ७९.७% | १७.९% | २.४% |
| | तराई | ६७.४% | २७.३% | ५.४% |
| जाति | पहाडी जाति | ७४.४% | २२.४% | ३.२% |
| | पहाडी आदिवासी/जनजाति | ८३.७% | १४.६% | १.७% |
| | पहाडी दलित | ९२.०% | ७.८% | ०.२% |
| | मधेशी जाति (तह-१) | ४५.८% | ४५.८% | ८.५% |
| | मधेशी जाति (तह-२) | ५७.१% | ३३.६% | ९.३% |
| | मधेशी आदिवासी/जनजाति | ८०.१% | १६.८% | ३.१% |
| | मधेशी दलित | ५८.२% | ३५.४% | ६.३% |
| | अन्य सांस्कृतिक समूहहरु | ४४.०% | ५६.०% | ०.०% |
| धर्म | हिन्दु | ७४.१% | २२.०% | ३.९% |
| | बौद्ध | ७९.०% | १९.१% | १.९% |
| | इस्लाम | ३६.२% | ५६.३% | ७.४% |
| | किरात | ९८.०% | १.५% | ०.५% |
| | क्रिश्चियन | ९२.९% | ७.१% | ०.०% |
| | अन्य | ७८.१% | २१.९% | ०.०% |
| शिक्षा | पढ्न/लेख्न नजान्ने | ५७.७% | ३६.०% | ६.३% |
| | अनौपचारिक शिक्षा पाएको | ७०.८% | २८.५% | ०.८% |
| | आधारभूत शिक्षा | ७३.३% | २४.२% | २.५% |
| | माध्यमिक शिक्षा | ७९.१% | १६.५% | ४.४% |
| | उच्च शिक्षा | ८६.५% | ११.८% | १.८% |

*तालिका ४.६.१ : प्रश्न-D9. तपाईंको आफ्ना सन्तानले जात मिल्ने भन्दा फरक जातसँग विहे गरेको खण्डमा स्वीकार गर्नुहुन्छ कि गर्नुहुन्न ? (सं. =७,०३३) ('लागु नहुने/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

उत्तरदाताहरूको शैक्षिक स्तरको वृद्धिसँगै अन्तर्जातीय विवाहको स्वीकार्यताको वृद्धि भएको देखिएको छ । स्नातक तह वा सो भन्दा माथिका शैक्षिक स्तर भएका थोरै उत्तरदाताहरु ११.८% ले उनीहरूलाई अन्तर्जातीय विवाह स्वीकार्य नहुने बताएकाछन् । अर्कोतर्फ, निरक्षर उत्तरदाताहरु (३६.०%) ले आफ्ना सन्तानले फरक जातसँग विवाह गरे अस्वीकार गर्ने बताएका छन् । सन् २०१७ र सन् २०१८ मा पनि निरक्षर उत्तरदाताहरूले यस्तै राय प्रकट गरेका थिए ।

## ४.७ समाजमा नेपाली महिलाको अवस्था

महिलाको स्थितिबारे नेपालीहरूको धारणा बुझ्नका लागि उत्तरदाताहरूलाई महिलाहरूको अवस्था, लैंगिक समानता, लैंगिक पहिचान र लैंगिक भूमिका संग सम्बन्धित तेह्रओटा कथनहरु प्रस्तुत गरिएको थियो । जसमाथि उनीहरु 'एकदमै सहमत', 'केही सहमत' 'असहमत' र 'एकदमै असहमत' भनी आफ्नो प्रतिक्रिया दिन सक्थे ।

**ठूलो प्रतिशतमा नेपालीहरूले लैंगिक विभेद नभएको समान समाजमा विश्वास राख्छन् यद्यपि, अल्पसंख्यकले भने अझै पनि लैंगिक रूढीहरूसँग मतो राख्ने देखिएको छ ।** सर्वेक्षणमा सहभागी धेरै नेपाली (८८.०%) ले परिवारमा छोरीभन्दा छोराको महत्व बढी हुन्छ भन्ने कुरामा विश्वास राख्दैनन्[१७] र छोराको लागि उच्चशिक्षा बढी महत्वको हुन्छ भन्ने कुरामा असहमत छन् (९३.५%) । उत्तरदाताहरूको ठूलो हिस्सा (९३.१%) ले, महिलालाई घरबाहिरको कामको लागि प्रोत्साहन गर्नु हुँदैन भन्नेमा विश्वास नगर्ने बताएका छन् । त्यसैगरी महिलाहरूले राजनीतिमा संलग्न हुन सुहाउँदैन (९३.६%), जागिर सीमित भएको बेला जागिर प्राप्त गर्न पुरूषहरूको लागि बढी अवसर हुनुपर्छ (८७.९%), महिलालाई घरका अन्य सदस्यले दु:ख दिएको खण्डमा सामुदायिक मेलमिलाप केन्द्रमा जानु हुँदैन (९१.५%) भन्ने जस्ता उल्लिखित सबै कथनहरूमा धेरै उत्तरदाताहरूले असहमति प्रकट गरेका छन् । २६.७% उत्तरदाताहरूले मात्र पुरूष व्यक्तिसँग सँग पौरूष विशेषताहरु हुनुपर्दछ भन्ने रूढिमा सहमत[१८] देखिएका छन् । परिवारका पुरूष सदस्यले भनेको नमानेको खण्डमा उनीहरूले बुहारीलाई सजायँ दिने अधिकार हुन्छ, भन्ने कथनमा अझै पनि ७.५% उत्तरदाताहरु सहमत देखिन्छन्, जसमध्ये २.१% ले 'एकदमै सहमत' र ५.४% ले 'केही सहमत' भन्ने जवाफ दिएका छन् । त्यसैगरी, २७.४% उत्तरदाताहरु, आयआर्जन गर्ने, घुमफिर गर्ने तथा अन्य निर्णय प्रक्रियामा महिलाहरूको नियन्त्रण हुनु हुँदैन, भन्नेमा विश्वास गर्छन् र उत्तरदाताहरूमध्ये ६.१% ले, कतिजना बच्चा जन्माउने भन्ने कुराको निर्णय गर्ने अधिकार महिलालाई हुनुहुँदैन, भन्नेमा विश्वास गर्ने बताएका छन् ।

## लैंगिक भूमिका र लैंगिक समानता बारेका धारणाहरू




*चित्र ४.७.१ : प्रश्न-D10a-m. म तपाईंलाई नेपाली समाजमा महिला र पुरूषहरूको स्थानबारे केही भनाइहरु पढेर सुनाउँछु, ती भनाइ प्रति तपाई 'एकदमै सहमत' 'केही सहमत' 'असहमत' वा 'एकदमै असहमत' के हुनुहुन्छ मलाई बताउनुहोला । (सं =७,०४३; ७,०४३; ७,०४२; ७,०४१) (चित्रमा 'थाहा छैन' भन्ने उत्तरलाई देखाइएको छैन र 'भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

---

१७ उत्तरदाताहरूले भनेको, 'एकदमै असहमत' र 'असहमत' दुबै पक्षलाई जोडेर यहाँ 'असहमत' मात्र भनिएको छ ।

१८ उत्तरदाताहरूले भनेको, 'एकदमै सहमत' र 'सहमत' दुबै पक्षलाई जोडेर यहाँ 'सहमत' मात्र भनिएको छ ।

उत्तरदाताहरूको ठूलो हिस्साले 'श्रीमतीले घरमा लोग्ने वा घरका अन्य सदस्यले दुख दिएको खण्डमा सामुदायिक मेलमिलाप केन्द्रमा जानु हुँदैन' भन्ने कुरामा एकदमै असहमत जनाउँछन्, यसरी असहमती जनाउँने उत्तरदाताहरूको प्रतिशत सन् २०१८ मा रहेको १८.७% बाट ज्यादै नै बढेर सन् २०२० मा ७५.७% पुगेको छ ।

## लैंगिक भूमिका र लैंगिक समानताबारेका धारणाहरू, वर्षअनुसार

| | | पूर्ण सहमत | केही सहमत | केही असहमत | पूर्ण असहमत |
|---|---|---|---|---|---|
| परिवारमा छोरी भन्दा छोराको महत्व बढी हुन्छ (सं. =७,०४३) | सन् २०१७ | २.८% | ११.५% | ३६.५% | ४९.२% |
| | सन् २०१८ | २.९% | ९.६% | ३४.८% | ५२.७% |
| | सन् २०२० | ४.०% | ७.९% | १३.७% | ७४.३% |
| छोरीभन्दा छोराको लागि उच्च शिक्षाको बढी महत्व हुन्छ (सं. =७,०४३) | सन् २०१७ | १.९% | ८.३% | ३८.७% | ५१.०% |
| | सन् २०१८ | १.९% | ६.५% | ३५.९% | ५५.७% |
| | सन् २०२० | १.८% | ४.७% | १३.८% | ७९.७% |
| महिलालाई घरबाहिरको कामको लागि प्रोत्साहन गर्नु हुँदैन (सं. =७,०४२) | सन् २०१७ | ३.५% | ६.८% | ३३.४% | ५६.१% |
| | सन् २०१८ | ३.४% | ६.९% | ४४.२% | ४५.२% |
| | सन् २०२० | १.६% | ५.२% | १४.४% | ७८.७% |
| महिलाहरूले राजनीतिमा संलग्न हुन सुहाउँदैन (सं. =७,०४१) | सन् २०१७ | ९.१% | १०.४% | ३१.७% | ४८.२% |
| | सन् २०१८ | ७.१% | १३.३% | ४०.९% | ३८.२% |
| | सन् २०२० | १.५% | ४.७% | १४.९% | ७८.७% |
| आयआर्जन गर्ने, घुमफिर गर्ने तथा अन्य निर्णय प्रक्रियामा महिलाहरूको नियन्त्रण हुनु हुँदैन (सं. =७,०४१) | सन् २०१८ | १५.५% | ३४.२% | ३१.२% | १८.५% |
| | सन् २०२० | १४.३% | १३.१% | १२.८% | ५९.७% |
| कतिजना बच्चा जन्माउने भन्ने कुराको निर्णय गर्ने अधिकार महिलालाई हुनुहुँदैन (सं. =७,०३६) | सन् २०१८ | १३.९% | २५.७% | ४१.०% | १८.८% |
| | सन् २०२० | १.६% | ४.५% | १६.९% | ७६.९% |
| श्रीमतीलाई घरका लोग्ने वा घरका अन्य सदस्यले दुःख दिएको खण्डमा सामुदायिक मेलमिलाप केन्द्रमा जानु हुँदैन (सं. =७,०३०) | सन् २०१८ | १२.६% | २३.७% | ४४.२% | १८.७% |
| | सन् २०२० | २.६% | ५.८% | १५.८% | ७५.७% |
| श्रीमानले भनेको नमानेमा, श्रीमानले श्रीमतीलाई सजायँ दिने अधिकार हुन्छ (सं. =७,०३१) | सन् २०१८ | ५.७% | २२.६% | ३५.९% | ३५.२% |
| | सन् २०२० | ३.९% | ९.३% | १४.९% | ७१.८% |
| लोग्ने मानिसहरु कडा स्वभावको हुनुपर्छ (सं. =७,०३३) | सन् २०१८ | ३३.०% | ४१.७% | १४.९% | ९.५% |
| | सन् २०२० | ७.१% | १९.६% | १४.५% | ५८.७% |
| छोराछोरी हुर्काउन बुवाको सहभागिता महत्वपूर्ण हुन्छ (सं. =७,०३३) | सन् २०१८ | २४.६% | ४८.५% | १५.२% | ११.४% |
| | सन् २०२० | १५.३% | १९.२% | १४.७% | ५०.८% |
| जब जागिर सीमित हुन्छ तब जागिर प्राप्त गर्न पुरूषहरूको लागि बढी अवसर हुनुपर्छ (सं. =७,०२५) | सन् २०१८ | ५.४% | १९.८% | ३९.०% | ३४.३% |
| | सन् २०२० | ३.०% | ८.८% | १४.४% | ७३.५% |
| आफ्नो परिवारको आर्थिक आवश्यकता पुरा गर्ने जिम्मेवारी पुरूषको हो (सं. =७,०३१) | सन् २०१८ | १८.८% | ३४.३% | २८.१% | १८.५% |
| | सन् २०२० | ८.२% | १७.०% | १३.१% | ६१.६% |
| श्रीमान बाहेक परिवारका अन्य पुरुष सदस्य (जस्तैः ससुरा, जेठाजु, देवर) ले भनेको नमानेको खण्डमा उनीहरूमा बुहारीलाई सजायँ दिने अधिकार हुन्छ (सं. =७,०१४) | सन् २०२० | २.१% | ५.४% | १३.४% | ७९.०% |

*तालिका ४.७१ : प्रश्न-D10a-m. म तपाईंलाई नेपाली समाजमा रहेको महिला र पुरूषहरूको स्थानबारे केही भनाइहरु पढेर सुनाउँछु, ती भनाइ प्रति तपाईं 'एकदमै सहमत' 'केही सहमत' 'असहमत' वा 'एकदमै असहमत' के हुनुहुन्छ मलाई बताउनुहोला । ('थाहा छैन' भन्ने उत्तरलाई प्रस्तुत गरिएको छैन र 'भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

'श्रीमतीले घरमा लोग्ने वा घरका अन्य सदस्यले दुख दिएको खण्डमा सामुदायिक मेलमिलाप केन्द्रमा जानु हुँदैन', भन्ने कुरामा 'केही सहमत' हुने उत्तरदाताको हिस्सा, सन् २०१७ मा रहेको २३.७% बाट घटेर सन् २०२० मा ५.८% पुगेको छ । 'आयआर्जन गर्ने, घुमफिर गर्ने तथा अन्य निर्णय प्रक्रियामा महिलाहरूको नियन्त्रण हुनु हुँदैन', भन्ने कथनमा 'एकदमै असहमत' हुने उत्तरदाताको हिस्सा सन् २०१८ मा रहेको १८.५% बाट बढेर सन् २०२० मा ५९.७% पुगेको छ । त्यस्तै, लोग्ने मानिसहरु कडा स्वभाव (पौरूष देखाउने) का हुनुपर्छ, भन्ने कथनमा 'एकदमै असहमत' हुनेको संख्या सन् २०१८ मा रहेको ९.५% बाट उल्लेख्य रूपमा बढेर सन् २०२० मा ५८.७% पुगेको छ । आफ्नो परिवारको आर्थिक आवश्यकता पुरा गर्ने जिम्मेवारी पुरूषको हुन्छ भन्ने कथनमा 'एकदमै असहमत' हुने उत्तरदाताको प्रतिशत सन् २०१८ मा रहेको १८.५% बाट बढेर सन् २०२० मा ६१.६% पुगेको छ ।

## ४.८ नेतृत्वदायी पद बारेका धारणाहरू

नेतृत्वमा भूमिका खेल्ने महिलाहरूप्रति नेपालीहरूको दृष्टिकोण बुझ्नका लागि स्थानीयदेखि राष्ट्रिय स्तर सम्मका विभिन्न सरकारी र गैरसरकारी संस्थाहरूका १२ ओटा फरक फरकतहमा नेतृत्वको पदमा कसको (महिला वा पुरूष वा सक्षम जो कोहि) नेतृत्व स्वीकार्य हुन्छ भन्ने प्रश्न उत्तरदातालाई, सोधिएको थियो । उक्त प्रश्नमा उत्तरदाताले नेतृत्वको पदमा 'पुरुष','महिला' अथवा 'मुख्य कुरा व्यक्तिको सक्षमता हो, महिला वा पुरूष जो भएपनि हुन्छ', भनी कुनै एक ब्यक्तीलाई रोज्न सक्थे ।

सबै १२ ओटा फरक तहमा नेतृत्वको पदमा लैंगिक हिसाबले भन्दा पनि सक्षम व्यक्ति रोज्नेतिर उत्तरदाताहरूले झुकाव राखेका छन् । नेतृत्वदायी पदमा महिलाहरूको नेतृत्वलाई स्वीकार्ने उत्तरदाताहरूको संख्या सन् २०१८ पछि एकदमै घटेको देखिएको छ । सन् २०२० को सर्वेक्षण नतिजा अनुसार महिलाहरूको नेतृत्व उपभोक्ता समूहमा (१८.०%), बचत तथा ऋण सहकारी संस्थामा (२१.२%) र विद्यालय व्यवस्थापन समितिमा (१२.३%) उपयुक्त हुने उत्तरदाताहरूले बताएका छन् । स्थानीय सरकारको कार्यकारी प्रमुखको पदमा १२.३%, गाउँ तथा नगर सभाका सदस्यको रूपमा ११.६% र वडाध्यक्षको पदमा १४.५% उत्तरदाताहरूले महिलाको नेतृत्व स्वीकार्य रहेको बताएका छन् । प्रदेश सरकारको नेतृत्वदायी भूमिकामा (१२.१%) र राजनीतिक पार्टीको अध्यक्षमा (११.४%) उत्तरदाताहरूले पुरूषलाई नेताको रूपमा छान्न उपयुक्त हुने बताएका छन् ।

सन् २०१८ मा, झण्डै एकतिहाइ (३०.२%) उत्तरदाताहरूले महिलालाई संघीय सरकारको कार्यकारी प्रमुखको पदमा स्वीकार्न सकिने बताएका थिए, तर यो संख्या घटेर सन् २०२० मा १३.८% पुगेको छ । त्यस्तै, प्रदेश सरकारको कार्यकारी प्रमुखको पदमा महिलाको नेतृत्व स्वीकार्य भएको ठान्ने उत्तरदाताहरु सन् २०१८ मा २८.७% थिए भने सन् २०२० मा घटेर ११.३% पुगेका छन्, यसैगरी स्थानीय सरकारको कार्यकारी प्रमुखको पदमा महिलाको नेतृत्व स्वीकार्य भएको ठान्नेहरु सन् २०१८ मा ३१.६% थिए भने यो प्रतिशत सन् २०२० मा घटेर १२.३% पुगेको छ ।

### विभिन्न संघ/संस्थाहरूमा स्वीकार्य नेतृत्वदायी पदहरू

| | | महिला | पुरूष | मुख्य कुरा सक्षमता हो, महिला पुरुष जो भएपनि हुन्छ |
|---|---|---|---|---|
| संघीय सरकारको कार्यकारी प्रमुखको पदमा | सन् २०१८ | ३०.२% | ३२.३% | ३७.५% |
| | सन् २०२० | १३.८% | ११.७% | ७४.५% |
| प्रदेश सरकारको कार्यकारी प्रमुखको पदमा | सन् २०१८ | २८.७% | ३२.७% | ३८.६% |
| | सन् २०२० | ११.३% | १२.१% | ७६.६% |
| स्थानीय सरकारको कार्यकारी प्रमुखको पदमा | सन् २०१८ | ३१.६% | ३०.४% | ३८.०% |
| | सन् २०२० | १२.३% | १०.१% | ७७.६% |
| सांसदहरु | सन् २०१८ | २७.०% | ३०.८% | ४२.२% |
| | सन् २०२० | १०.०% | ९.५% | ८०.४% |
| प्रदेश सभासदहरु | सन् २०१८ | २७.१% | ३०.८% | ४२.१% |
| | सन् २०२० | ९.८% | ९.८% | ८०.५% |
| गाउँ नगर सभाका सदस्यहरु | सन् २०१८ | ३४.०% | २५.६% | ४०.३% |
| | सन् २०२० | ११.६% | ९.३% | ७९.१% |

| | | महिला | पुरूष | मुख्य कुरा सक्षमता हो, महिला पुरूष जो भएपनि हुन्छ |
|---|---|---|---|---|
| वडाध्यक्ष पदमा | सन् २०१८ | ३३.९% | ३०.४% | ३५.७% |
| | सन् २०२० | १४.५% | ११.२% | ७४.३% |
| राजनीतिक दलको अध्यक्ष | सन् २०१८ | २५.८% | ३४.७% | ३९.५% |
| | सन् २०२० | १०.४% | ११.४% | ७८.२% |
| उपभोक्ता समूहको अध्यक्ष (जस्तै : सामुदायिक बन उपभोक्ता समूह, अन्य उपभोक्ता समूह) | सन् २०१८ | ४०.३% | २४.८% | ३४.९% |
| | सन् २०२० | १८.०% | ८.१% | ७३.९% |
| बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष | सन् २०१८ | ४७.६% | १९.५% | ३२.८% |
| | सन् २०२० | २१.२% | ६.७% | ७२.१% |
| विद्यालय व्यवस्थापन समितिको अध्यक्ष | सन् २०१८ | ३२.०% | ३१.६% | ३६.३% |
| | सन् २०२० | १२.३% | ११.१% | ७६.६% |
| निजी कम्पनी/संस्थाको कार्यकारी प्रमुख | सन् २०१८ | २७.०% | ३४.५% | ३८.५% |
| | सन् २०२० | १०.७% | १०.२% | ७९.२% |

*तालिका ४८.१ : प्रश्न-D11a-I. विभिन्न संघ संस्थामा नेतृत्वको बारेमा सोच्दा, तलका विभिन्न संघ संस्थाहरूमा तपाईंलाई महिला वा पुरूष कसको नेतृत्व बढी स्वीकार्य हुन्छ जस्तो लाग्छ ? (सं= ७,०६०)*

केबल ६.१% पुरूष उत्तरदाताहरूले राजनीतिक दलको अध्यक्षमा, ८.३% ले संघीय सरकारको कार्यकारी प्रमुखको पदमा महिलाको नेतृत्व उपयुक्त हुने धारणा राखेका छन् । धेरै संख्यामा पुरूषहरूले बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा (१५.४%) र उपभोक्ता समूहको अध्यक्षको पदमा (१२.८%) महिलाको नेतृत्व उपयुक्त हुने धारणा राखेका छन् ।

केही नेपाली महिलाहरु भने नेतृत्वको भूमिकामा पुरूषहरूलाई प्राथमिकता दिनुपर्ने बताएकाछन्; जस्तो, उनीहरूमध्ये १०.३% ले पुरूषहरु राजनीतिक पार्टीको अध्यक्षमा उचित हुने धारणा राखेका छन् । त्यसैगरी विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा (१०.१%) र बचत तथा ऋण सहकारी समितिको अध्यक्षमा (५.५%) पनि पुरूषको नेतृत्व उपयुक्त हुनसक्ने धारणा नेपाली महिलाहरूले राखेका छन् ।

### नेतृत्वदायी पदहरु बारेका धारणा, लिंगअनुसार

| | | उत्तरदाताको लिंग | |
|---|---|---|---|
| | | महिला | पुरूष |
| संघीय सरकारको कार्यकारी प्रमुखको पदमा | महिला | १९.३% | ८.३% |
| | पुरूष | ९.४% | १४.०% |
| | मुख्य कुरा सक्षमता हो, महिला पुरूष जो भएपनि हुन्छ | ७१.३% | ७७.७% |
| प्रदेश सरकारको कार्यकारी प्रमुखको पदमा | महिला | १५.९% | ६.५% |
| | पुरूष | ९.७% | १४.५% |
| | मुख्य कुरा सक्षमता हो, महिला पुरूष जो भएपनि हुन्छ | ७४.४% | ७८.९% |
| स्थानीय सरकारको कार्यकारी प्रमुखको पदमा | महिला | १६.७% | ७.८% |
| | पुरूष | ८.३% | ११.९% |
| | मुख्य कुरा सक्षमता हो, महिला पुरूष जो भएपनि हुन्छ | ७५.०% | ८०.३% |
| सांसदहरु | महिला | १३.९% | ६.०% |
| | पुरूष | ८.१% | ११.०% |
| | मुख्य कुरा सक्षमता हो, महिला पुरूष जो भएपनि हुन्छ | ७८.०% | ८२.९% |

| | | उत्तरदाताको लिंग | |
|---|---|---|---|
| | | महिला | पुरूष |
| प्रदेश सभासदहरु | महिला | १३.४% | ६.०% |
| | पुरूष | ८.६% | ११.०% |
| | मुख्य कुरा सक्षमता हो, महिला पुरूष जो भएपनि हुन्छ | ७८.०% | ८३.०% |
| गाउँ नगर सभाका सदस्यहरु | महिला | १५.७% | ७.४% |
| | पुरूष | ८.४% | १०.२% |
| | मुख्य कुरा सक्षमता हो, महिला पुरूष जो भएपनि हुन्छ | ७५.९% | ८२.३% |
| वडाध्यक्ष पदमा | महिला | १९.७% | ९.१% |
| | पुरूष | ९.७% | १२.८% |
| | मुख्य कुरा सक्षमता हो, महिला पुरूष जो भएपनि हुन्छ | ७०.६% | ७८.१% |
| राजनीतिक दलको अध्यक्ष | महिला | १४.४% | ६.१% |
| | पुरूष | १०.३% | १२.५% |
| | मुख्य कुरा सक्षमता हो, महिला पुरूष जो भएपनि हुन्छ | ७५.३% | ८१.३% |
| उपभोक्ता समूहको अध्यक्ष (जस्तै : सामुदायिक बन उपभोक्ता समूह, अन्य उपभोक्ता समूह) | महिला | २२.९% | १२.८% |
| | पुरूष | ६.९% | ९.३% |
| | मुख्य कुरा सक्षमता हो, महिला पुरूष जो भएपनि हुन्छ | ७०.२% | ७७.८% |
| बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष | महिला | २६.७% | १५.५% |
| | पुरूष | ५.५% | ७.९% |
| | मुख्य कुरा सक्षमता हो, महिला पुरूष जो भएपनि हुन्छ | ६७.७% | ७६.६% |
| विद्यालय व्यवस्थापन समितिको अध्यक्ष | महिला | १६.४% | ८.०% |
| | पुरूष | १०.१% | १२.२% |
| | मुख्य कुरा सक्षमता हो, महिला पुरूष जो भएपनि हुन्छ | ७३.६% | ७९.८% |
| नीजि कम्पनी/संस्थाको कार्यकारी प्रमुख | महिला | १४.५% | ६.६% |
| | पुरूष | ९.२% | ११.३% |
| | मुख्य कुरा सक्षमता हो, महिला पुरूष जो भएपनि हुन्छ | ७६.४% | ८२.१% |

*तालिका ४.८.२ : प्रश्न-D11a-l. विभिन्न संघ संस्थामा नेतृत्वको बारेमा सोच्दा, तलका विभिन्न संघ संस्थाहरूमा तपाईंलाई महिला वा पुरूष कसको नेतृत्व बढी स्वीकार्य हुन्छ जस्तो लाग्छ ? (सं.= ७,०६०)*

## लैंगिक दृष्टिकोणहरु

वृहत्तर संख्यामा नेपालीहरूले (८६.७%) पुरूषको तुलनामा महिलाको समग्र अवस्थामा गएको ५ वर्ष यता सुधार भएको बताएका छन् । यद्यपि, सर्वेक्षणमा सहभागी उत्तरदाताहरूको २.४% ले पुरूषको तुलनामा महिलाको समग्र अवस्था बिग्रिएको महसुस गरेका छन् । सर्वेक्षणमा सहभागी १०.१% उत्तरदाताहरूले महिलाको समग्र अवस्थामा न सुध्रिएको न बिग्रिएको भनी उल्लेख गरेका छन् । गएको पाँच वर्षमा महिलाको समग अवस्था बिग्रिएको बताउने उत्तरदाताहरु सन् २०१८ मा रहेको ४.०% बाट घटेर सन् २०२० मा २.४% पुगेकाछन् ।

**महिलाको सामाजिक अवस्थामा सुधार**




*चित्र ४८.१ : प्रश्न-D14. तपाईंको विचारमा विगत पाँच वर्षमा, पुरूषको तुलनामा महिलाको समग्र अवस्था कस्तो छ ? (सं. = ७,०६०)*

महिला र पुरूष उत्तरदाताहरूबाट केही थोरै भिन्नताको जवाफ आएतापनि, नेपाली महिला र पुरूष दुबैले पुरूषको तुलनामा समग्र महिलाहरूको अवस्थामा विगत पाँच वर्षमा सुधार भएको बताएका छन् । हिमाली क्षेत्रको गाउँपालिकाका ९५.९% पुरूषहरूले समग्र महिलाको अवस्था पुरूषको तुलनामा विगत पाँच वर्षमा सुधार भएको भनी उल्लेख गरेका छन्, भने पहाडी गाउँपालिकाका ८३.३% महिलाहरूले मात्र पुरूषको तुलनामा महिलाको अवस्था सुधार भएको भनेका छन् ।

गएको ५ वर्ष यता महिलाको समग्र अवस्था प्रति सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूको सकारात्मक प्रतिक्रिया रहेको छ । विगत पाँच वर्षमा पुरूषको तुलनामा महिलाको अवस्था सुधार भएको ठान्ने उत्तरदाताहरु यो प्रदेशमा सन् २०१८ मा ८८.२% थिए भने सन् २०२० मा यो वृद्धि भएर ९३.८% पुगेको छ, त्यसपछि विगत पाँच वर्षमा पुरूषको तुलनामा महिलाको अवस्था सुधार भएको ठान्नेमा कर्णाली प्रदेश आउँछ, जहाँ सन् २०२० को आँकडा ९२.२% रहेको छ । प्रदेश १ मा सबैभन्दा कम आँकडा (८४.४%) रहेको छ, जुन सन् २०१८ मा रहेको ८९.३% बाट घटेको हो । सुदूरपश्चिम प्रदेशका ०.७% उत्तरदाताहरूले विगत पाँच वर्षमा नेपाली महिलाको समग्र अवस्था बिग्रँदै गएको बताएका छन् । बिग्रँदै गएको कुरा उल्लेख गर्ने मा प्रदेश १ (३.३%) सबैभन्दा शीर्ष स्थानमा रहेको छ ।

**महिलाको समग्र अवस्था, प्रदेशअनुसार**




*चित्र ४.८२ : प्रश्न-D14. तपाईंको विचारमा विगत पाँच वर्षमा, पुरूषको तुलनामा महिलाको समग्र अवस्था कस्तो छ ? (सं. = ७,०६०)*

सामाजिक सेवामा संलग्न भएका उत्तरदाताहरु (९५.२%), औपचारिक/अनौपचारिक रूपमा रोजगारमा संलग्न व्यक्तिहरु (९२.५%), उच्च शिक्षा हासिल गरेकाहरु (९३.५%), उच्च आय भएकाहरु (९०.६%) र युवा उमेर समूहका व्यक्तिहरु (८९.३%) ले विगत पाँच वर्षमा पुरूषको तुलनामा महिलाको समग्र अवस्थामा सुधार भएको अनुभव गरेका छन् । विभिन्न जाति समुदायको सन्दर्भमा, दलित समुदायका मानिसहरूले भन्दा उच्च जाति समुदायका मानिसहरूले विगत पाँच वर्षमा पुरूषको तुलनामा महिलाको समग्र अवस्थामा सुधार भएको छ भनी उल्लेख गर्ने सम्भावना बढी रहेको छ ।



तस्बिर : नन्द लाल बुढा

अध्याय ५

# शासन प्रणाली र राजनीतिक सहभागिता

# शासन प्रणाली र राजनीतिक सहभागिता

## मुख्य अंशहरू

**सर्वेक्षणमा सहभागीमध्ये दुई तिहाइ (६८.४%) नेपालीहरूले नेपालको संविधान सन् २०१५ ले ल्याएको परिवर्तनबारे अझैपनि केही थाहा नभएको बताएका छन् ।** नेपालको संविधान सन् २०१५ ले ल्याएको परिवर्तनबारे सुदूरपश्चिम प्रदेशमा बस्ने, पुरुष उत्तरदाता र धेरै पढेलेखेका मानिसहरु तुलनात्मक हिसाबले बढी जानकार हुनसक्ने संभावना देखिएको छ । **यो परिवर्तनबारे जानकारी राख्नेहरूमध्ये आधाभन्दा बढी (६३.९%) उत्तरदाताहरूले संघीयता, सात प्रदेश, गाउँपालिका, नगरपालिकाको पुनर्संरचनाबारे र ४७.३% ले महिला, दलित, जनजाति र मधेशीहरूको समानुपातिक प्रतिनिधित्वलाई संविधानले ल्याएको परिवर्तनको रूपमा औँलाएका छन् ।**

**सन् २०१७ मा शासन प्रणालीको पुनर्संरचना पश्चात् स्थानीय सरकारको खासगरी सेवा प्रवाह क्षमतामा वृद्धि भएको विश्वास गर्ने (३४.८%) उत्तरदाताहरू करिब एक चौथाइ (२३.८%) अन्तरले वृद्धि भई सन् २०२० मा ५८.६% पुगेका छन् ।** सर्वेक्षणमा सहभागी सुदूरपश्चिम प्रदेश र ग्रामीण भेगका बासिन्दाहरूका अनुसार पुनर्संरचनाले उनीहरूको स्थानीय सरकारको क्षमतामा सकारात्मक प्रभाव पारेको बताएका छन् । सन् २०१८ को तुलनामा बागमती प्रदेशका धेरै उत्तरदाताहरु (४७.६%) ले शासन प्रणालीको पुनर्संरचना पश्चात् स्थानीय सरकारको खासगरी सेवा प्रवाह क्षमतामा वृद्धि भएको विश्वास रहेको बताएका छन् र स्थानीय पुनर्संरचनालाई सकारात्मक रूपमा मूल्यांकन गर्ने उत्तरदाताहरूको यो सबैभन्दा सानो अंश हो ।

**सन् २०१८ को सर्वेक्षणमा भन्दा सन् २०२० को सर्वेक्षणमा पुनर्संरचना भएपछि सार्वजनिक सेवा पाउनको लागि लामो यात्रा गर्नुपर्ने भनी उल्लेख गर्ने उत्तरदाताहरूको प्रतिशत घटेको छ । सन् २०१८ को सर्वेक्षणमा २८.६% उत्तरदाताहरूले पुनर्संरचना भएपछि सार्वजनिक सेवा पाउनको लागि लामो यात्रा गर्नुपर्ने बताएको मा सन् २०२० मा १३.८% उत्तर दाताहरूले पुनर्संरचना भएपछि सार्वजनिक सेवा पाउनको लागि लामो यात्रा गर्नुपर्ने बताएका छन् ।** तुलनात्मक रूपमा प्रदेश २ का बासिन्दाहरु, तराई क्षेत्र र गाउँपालिकामा बसोबास गर्ने बासिन्दाहरूले नयाँ प्रशासनिक संरचनामा सार्वजनिक सेवा पाउन अझै पनि लामो दुरीको यात्रा गर्नुपर्छ भनेका छन् ।

**यस सर्वेक्षणका नतिजाहरूले स्थानीय सरकारी निकायले पनि बिस्तारै नेपाली जनताको विश्वास प्राप्त गरिरहेको देखाएका छन्; सर्वेक्षणमा सहभागी उत्तरदाताहरूमध्ये ८४.६% ले स्थानीय निकायका वडाध्यक्ष/सदस्यलाई विभिन्न विषय वा अवस्थामा विश्वास गर्ने बताएका छन्, त्यसैगरी ९१.८% ले सञ्चारमाध्यम प्रति विश्वास गर्ने बताएका छन्, ९०.७% उत्तरदाताहरूले समूह वा समुदायमा आधारित सामाजिक संस्थालाई विश्वसनीय संस्थाको रूपमा लिएका छन् ।** यसको विपरित, राजनीतिक दलहरूलाई सर्वेक्षणमा सहभागी उत्तरदाताहरूले सबैभन्दा कम विश्वास योग्य संस्थाको रूपमा लिएका छन्, यसैगरी ४३.८% उत्तरदाताले राजनीतिक दलहरूप्रति विश्वास नभएको पनि बताएका छन् । सन् २०१७ देखि नगरपालिका/गाउँपालिकाका प्रमुख र त्यहाँका वडाध्यक्षप्रति नेपालीहरूको विश्वासको स्तरमा वृद्धि भएको देखिएको छ, साथै स्थानीय राजनीतिक नेताहरु, अदालत तथा न्यायिक समितिहरूप्रति पनि उनीहरूको भरोसा बढेको देखिएको छ ।

**सन् २०१७ को सर्वेक्षण यता, तीन तहका सरकारद्वारा प्रदान गरिएका सेवाहरूबारे कम मात्रामा भएपनि उत्तरदातालाई जानकारी बढेको देखिएको छ ।** सन् २०२० मा संघीय र प्रादेशिक सरकारले भन्दा पनि स्थानीय सरकारले प्रदान गर्ने सेवाहरूका बारेमा व्यक्तिहरु बढी सचेत रहेको उत्तरदाताहरूले बताएका छन् । उनीहरूलाई सबै तीन तहका सरकारले प्रदान गर्ने सेवाहरूमध्ये, बाटोघाटोको सेवा सुविधा सबैभन्दा बढी थाहा भएको क्षेत्र हो, त्यसपछि शिक्षा रहेको छ । यस अनुसन्धानको नतिजाले, नेपाली महिला उत्तरदाता, कम शिक्षित व्यक्ति र विपन्न घर परिवारका मानिसहरूलाई सरकारले प्रदान गर्ने सेवाहरूको बारेमा कम जानकारी हुन सक्ने संभावना देखाएको छ । सरकारले प्रदान गर्ने सेवाहरूबारे जानकार नभएका अधिकांश उत्तरदाताहरूले स्थानीय रेडियो, टेलिभिजन, साथीहरु र परिवार तथा छिमेकी मार्फत सेवाहरूको बारेमा जानकारी फैलाएर उनीहरूको जागरूकता बढाउन सकिने बताएका छन् ।

**स्वास्थ्य अवस्थाको सन्दर्भमा, दुई तिहाइ उत्तरदाताहरू (६५.८%) ले गएको एक वर्षमा स्थानीय सरकारबाट उपलब्ध गरिएको सेवाहरूमध्ये स्वास्थ्य परीक्षण सेवा सबैभन्दा धेरै लिएको बताएका छन् ।** दशमध्ये लगभग चारजनाले आफ्नो गाउँपालिका वा नगरपालिकाबाट जग्गाको कर, राजस्व तथा अन्य कर सम्बन्धी सेवाहरु पाएको बताएका छन् र

एक तिहाइभन्दा बढी (३६.५%) उत्तरदाताहरूले गएको एक वर्षमा विद्यालय भर्ना सम्बन्धी सेवा पाएको बताएका छन् । रोजगारसँग सम्बन्धित सेवाहरु बाहेक अन्य सेवा सुविधाहरु प्राप्त गर्ने प्रक्रिया सजिलो रहेको उत्तरदाताहरूले बताएका छन् । यसै प्रसंगमा, ३२.१% उत्तरदाताहरूले चाहिँ उनीहरूलाई स्थानीय सरकारबाट रोजगार सम्बन्धी सेवा पाउन सजिलो नभएको बताएका छन् । स्थानीय सरकारी कार्यालयहरूबाट सार्वजनिक सेवा पाउँदा कठिनाइ भोगेकाहरूले जटिल प्रक्रिया र सेवा दिनमा ढिलाइ हुनुलाई मुख्य समस्याको रूपमा औँल्याएका छन् ।

**सर्वेक्षणमा सहभागी मानिसहरूले स्थानीय सरकारले प्रदान गरेको शिक्षा सम्बन्धी सेवाहरूलाई औसत भन्दा माथि राखेर मूल्यांकन गरेका छन् ।** स्थानीय सरकारले प्रदान गर्ने शिक्षा सम्बन्धी सेवाहरुको बारेमा सुदूरपश्चिम प्रदेशका बासिन्दाहरु सन्तुष्ट देखिएका छन्, भने प्रदेश २ र कर्णाली प्रदेशका बासिन्दाहरु चाहिँ कम मात्रामा सन्तुष्ट रहेका छन् । सन् २०२० मा निजी विद्यालयको तुलनामा धेरै उत्तरदाताहरूले सार्वजनिक विद्यालयमा आफ्ना बच्चाहरु भर्ना गरेको बताएका छन् । सार्वजनिक विद्यालयमा पढ्न जाने विद्यार्थीहरूको उच्च अनुपात कर्णाली प्रदेश, दुर्गम इलाका, ग्रामीण तथा हिमाली क्षेत्रमा रहेको छ । यस अन्वेषणको नतिजाले, विपन्न घरपरिवार, अशिक्षित, पहाडी दलित, मधेशी दलित र मुसलमान समुदायले आफ्ना बच्चाहरूलाई सार्वजनिक विद्यालयमा पठाउँछन् भन्ने तर्फ संकेत गरेको छ ।

**केही वर्ष यता, छोटो दुरीको यात्रा गरेर आआफ्नो विद्यालय पुग्ने दुबै सार्वजनिक र निजी विद्यालयका विद्यार्थीहरूको हिस्सा पनि बढेको छ ।** सन् २०२० मा, निजी र सार्वजनिक विद्यालयमा भर्ना भएका क्रमशः ९६% र ९३.५% विद्यार्थीहरु उनीहरूको विद्यालयबाट एक घण्टाको दुरीमा बस्ने बताएका छन् । त्यसैगरी, निजी विद्यालय शिक्षाको गुणस्तरबारे 'धेरै राम्रो' र 'राम्रो' भनी दुबै उत्तर दिने उत्तरदाताहरूको अनुपात सार्वजनिक विद्यालयको तुलनामा उच्च रहेको छ । निजी विद्यालय शिक्षाको गुणस्तरलाई 'धेरै राम्रो' भन्ने उत्तरदाताहरु (११.९%) सार्वजनिक शिक्षाको गुणस्तर 'धेरै राम्रो' भन्नेहरु (५.०%) भन्दा दुई गुणाले भन्दा पनि बढी रहेका छन् । निजी विद्यालय र सार्वजनिक विद्यालय दुबैको शिक्षाको गुणस्तरलाई 'धेरै राम्रो' भन्ने उत्तरदाताहरूको हिस्सा घट्दो क्रममा छ । सन् २०१८ को तुलनामा सन् २०२० मा निजी विद्यालय शिक्षाको गुणस्तर र सार्वजनिक विद्यालय शिक्षाको गुणस्तरलाई 'धेरै राम्रो' भन्नेहरूको संख्या दुई गुणाले घटेको छ ।

**सार्वजनिक विद्यालय (८३.६%) र निजी विद्यालय (७७.२%) मा आफ्ना बच्चाहरूलाई पढ्न पठाउने दुई तिहाइभन्दा बढी संख्याका अभिभावकहरूले दुबै शैक्षिक थलोहरूमा शिक्षाको गुणस्तर वृद्धि गर्न स्थानीय सरकारलाई जिम्मेवार सरकारी निकायको रुपमा लिएका छन् ।** ५.२% उत्तरदाताहरूले संघीय सरकारलाई सार्वजनिक विद्यालय शिक्षाको गुणस्तरका लागि जिम्मेवार निकाय ठानेका र निजी विद्यालयको सन्दर्भमा ४.४% ले यस्तो विचार राखेका छन् । बागमती प्रदेशमा सार्वजनिक र निजी दुबै शिक्षा प्रणालीको शैक्षिक गुणस्तर बारेमा सकारात्मक मूल्यांकन गर्ने उत्तरदाताहरूको संख्यामा ह्रास आएको छ भने कर्णाली प्रदेशमा यो संख्या बढेको छ । लगभग आधाजसो उत्तरदाताहरूले शिक्षण विधिमा सुधार गरिएमा, विद्यालय र कर्मचारीहरूको उचित व्यवस्थापन गरिएमा विद्यालयको समग्र गुणस्तर सुधारमा मद्दत हुने ठानेका छन् । करिब एक तिहाइ उत्तरदाताहरूले विद्यालयको समग्र गुणस्तर बढाउन, पाठ्यक्रमको गुणस्तरमा सुधार गर्नुपर्ने र आवश्यक भएका विद्यार्थीहरूले छात्रवृत्ति पाउनु पर्ने सुझाव दिएका छन् ।

**स्वास्थ्य सेवाको सन्दर्भमा अधिकांश उत्तरदाताहरू (१० मा ६ जना) ले गाउँपालिका/नगरपालिकाले प्रदान गरेको स्वास्थ्य सेवाप्रति सन्तुष्टि नै देखाएका छन् ।** सुदूरपश्चिम प्रदेशका बासिन्दाहरु उनीहरूको स्थानीय निकायद्वारा प्रदान गर्ने स्वास्थ्य सेवाप्रति सन्तुष्ट हुँदा प्रदेश १ र कर्णाली प्रदेशका उत्तरदाताहरु भने कम सन्तुष्ट देखिएका छन् । दुरीको सन्दर्भमा, ९०.६% उत्तरदाताहरु नजिकैको स्वास्थ्य चौकी अथवा अस्पतालबाट एक घण्टा भित्रैको दुरीमा बस्ने बताएका छन् । प्रदेश २ का धेरै बासिन्दाहरु स्वास्थ्य चौकी/अस्पतालबाट नजिकैको दुरीमा बस्छन् भने कर्णाली प्रदेश तथा पहाडी र दुर्गम क्षेत्रका बासिन्दाहरूले अलि टाढाको दुरी तय गर्नुपर्ने बताएका छन् ।

**७८.८% उत्तरदाताहरूले स्थानीय निकायद्वारा प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरलाई 'राम्रो' र ३.५% ले 'धेरै राम्रो' मान्दछन् ।** स्वास्थ्य सेवाको गुणस्तरलाई 'राम्रो' भन्ने उत्तरदाताहरूको संख्या सन् २०२० सम्म निरन्तर वृद्धि भएको छ र जसले यसलाई 'खराब' भनेका छन् उनीहरूको संख्या पनि सन् २०१८ यता थोरै मात्र बढेको छ । थोरै उत्तरदाताहरूले मात्र सन् २०२० मा उनीहरूको स्थानीय निकायद्वारा प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तर 'धेरै राम्रो' वा 'धेरै नराम्रो' भनेका छन् । **आफ्नो स्थानीय क्षेत्रमा सार्वजनिक स्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक परिवर्तनहरू देखिएको भनेर विश्वास गर्ने उत्तरदाताहरूको संख्यामा पनि क्रमिक रूपमा वृद्धि भएको देखिन्छ ।** गएको एक वर्षमा सार्वजनिक स्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन भएको भनी आधाभन्दा बढी उत्तरदाताहरूले विश्वास गरेका छन् ।

**आफ्नो गाउँपालिका/नगरपालिकामा भएका बाटोघाटोको गुणस्तरसँग पाँचमा चारजना उत्तरदाताहरू सन्तुष्ट भएको देखिएको छ ।** यद्यपि, बाटोघाटोको गुणस्तरसँग पर्याप्त संख्या (१९.२%) असन्तुष्ट रहेका छन् । गाउँपालिका/नगरपालिकाले प्रदान गरेको बाटोघाटो सम्बन्धित सुविधाहरूप्रति सन्तुष्टि नै देखाएका छन् सन्तुष्टिको स्तर सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा र कम प्रदेश २ मा रहेको छ । बाटोघाटोको गुणस्तर 'राम्रो' भएको र गुणस्तरमा 'सकारात्मक परिवर्तन' आएको भनेर जनाउ दिने उत्तरदाताहरूको संख्या सन् २०१७ देखि लगातार बढेको बताइएको छ ।

**सर्वेक्षणमा सहभागी दुई तिहाइभन्दा बढी (६८.३%) उत्तरदाताहरू उनीहरूको स्थानीय सरकारले प्रदान गरेका समग्र सेवाहरूबाट सन्तुष्टनै नै रहेता पनि लगभग एक तिहाइ (३०.९%) उत्तरदाताहरू चाहिँ सन्तुष्ट नभएको बताएका छन् ।** तुलनात्मक रूपमा गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश, पहाडी र दुर्गम क्षेत्रका धेरै उत्तरदाताहरूले उनीहरूको स्थानीय सरकारले पुऱ्याएका समग्र सेवाबाट सन्तुष्ट भएको बताएका छन् ।

**निर्वाचित पदाधिकारीको उपस्थितिको सन्दर्भमा, धेरैजसो उत्तरदाताहरूले उनीहरूका निर्वाचित स्थानीय पदाधिकारीहरू प्रायः उनीहरूकै कार्यालयमा उपस्थित भएको बताएका छन् ।** यद्यपि, निर्वाचित स्थानीय पदाधिकारीहरु आफ्नो कार्यालयमा कहिल्यै उपस्थित हुँदैनन् भन्ने उत्तरदाताहरु प्रदेश २ मा राष्ट्रिय आँकडा ३.५% भन्दा दोब्बर (८.२%) रहेका छन् ।

**करको सन्दर्भमा, गएको एक वर्षमा पाँच मध्ये करिब चारजना उत्तरदाताहरू (८१.४%) ले एक वा सो भन्दा बढी शीर्षकका करहरू तिरेको बताएका छन् ।** करका स्वरूपमध्ये मालपोत, सवारी कर, मनोरञ्जन कर र सम्पत्ति करहरु अधिकांश भुक्तान गरिएका कर रहेका छन् । अधिकांश उत्तरदाताहरूलाई चाहिँ, हालको करका दर/प्रकारहरु बारेमा जानकारी नभएको बताएका छन् । सम्पत्ति कर र जग्गाको मालपोत तिर्ने धेरैजसो उत्तरदाताहरूले गएको एक वर्षमा यसको दर बढेको बताएका छन् । अर्कोतिर, धेरै उत्तरदाताहरु (९८.०%) लाई विभिन्न तहका सरकारहरूले संकलन गरेको कर र त्यसको उपयोगिताबारे स्पष्ट रूपमा केही जानकारी नै छैन । **यदि सरकारले प्रदान गर्ने विभिन्न प्रकारका से वा सुविधाको गुणस्तर सुधार गरेमा धेरै मात्रामा स्थानीय कर तिर्न इच्छा भएका उत्तरदाताहरूको संख्या सन् २०१७ यता घटेको छ । यद्यपि, कर्णाली प्रदेशका ८५.३%, गण्डकी प्रदेशका ८२.४%, बागमती प्रदेशका ७८.४% उत्तरदाताले अझैपनि विभिन्न प्रकारका सेवाको गुणस्तर सुधार भएको खण्डमा अधिक कर तिर्न इच्छुक रहेको बताएका छन् ।**

**सन् २०२० मा सेवा लिएवापत घुस दिएको भनी सर्वेक्षणमा सहभागी उत्तरदाताहरूको थोरै अनुपात (४.३%) ले स्वीकार गरेका छन्, यद्यपि, यसको संख्या सन् २०१७ देखि यता घट्दै गएको छ ।** धेरै उत्तरदाताहरूले सरकारी कागजात जस्तै अनुमतिपत्र (लाइसेन्स) प्राप्त गर्न वा जमिनसँग सम्बन्धित सेवाको लागि घुस दिने बताएका छन् ।

**करिब तीन चौथाइभन्दा बढी (७१.६%) उत्तरदाताहरूले आफ्नो स्थानीय सरकारले कार्यान्वयन गर्न बनाएका कुनै विकास परियोजना वा बजेट योजनाको बारेमा थाहै नपाएको बताएका छन् ।** जबकि, २८% उत्तरदाताहरूले अझै पनि सडक/भौतिक पूर्वाधार सम्बन्धी परियोजनालाई प्राथमिकता दिएको बताएका छन्, धेरैले शिक्षा, रोजगारी, स्वास्थ्य सम्बन्धी सेवाहरूलाई प्राथमिकता दिनुपर्ने कुरामा विश्वास राखेका छन् ।

**स्थानीय निकायहरूमा हुने सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण (पब्लिक अडिट) मा मानिसहरूको सार्वजनिक सहभागिता कम देखिएको छ ।** गएको एक वर्षमा तुलनात्मक रूपमा थोरै मात्र उत्तरदाताहरूले उनीहरूको गाउँपालिका/नगरपालिकामा सार्वजनिक सुनुवाइ (२३.२%) र सार्वजनिक परीक्षण (१६.६%) भएको थाहा पाएका छन् । लगभग सर्वेक्षणमा सहभागी आधाजसो उत्तरदाताहरूले गएको वर्षमा उनीहरूकहाँ सार्वजनिक परीक्षण भयो वा भएन भन्ने कुरा थाहा नभएको जवाफ दिएका छन् । सहभागिताको सन्दर्भमा, पाँच मध्ये करिब चारजना (८५.५%) उत्तरदाताहरूले उनीहरूको स्थानीय क्षेत्रमा कार्यान्वयनका लागि बनाइने स्थानीय विकासका योजनाहरूमा भाग नलिएको बताएका छन् ।

**सर्वेक्षणमा सहभागी धेरैजसो उत्तरदाताहरूले तीनओटै तहको सरकारका निर्वाचित प्रतिनिधिहरूले आम जनताको ख्याल/विचार राख्ने बताएका छन् ।** सन् २०२० मा , ७४.१% उत्तरदाताहरूले उनीहरूको स्थानीय सरकारको प्रतिनिधिले आम जनताको विचार गर्ने, बताएका छन्, त्यसैगरी प्रदेश सांसद र संघीय सांसदको सन्दर्भमा क्रमशः ६२.२% र ६२.१% उत्तरदाताहरूले यही कुरा भनेका छन् ।

**धेरैजसो उत्तरदाताहरूले प्रदेश र संघीय सरकार भन्दा स्थानीय सरकार जनताको सन्दर्भमा बढी उत्तरदायी भएको बताएका छन् ।** स्थानीय सरकारको उत्तरदायी भूमिकाको ५८.९% उत्तरदाताहरूले प्रशंसा गरेका छन्, त्यसैगरी ४४.२% ले प्रदेश सरकारको र ४३.६% ले संघीय सरकारको उत्तरदायी भूमिकाको प्रसंशा गरेका छन् । सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूले गएको वर्षमा तीनओटै तहका सरकारको उत्तरदायीतामा सुधार भएको बताएका छन्, तर प्रदेश १ का बासिन्दाले भने यो उत्तरदायीताको प्रसंग चाहिँ पहिले जस्तै रहेको बताएका छन् ।

**व्यक्तिगत तथा सामुदायिक समस्या समाधान गर्न आफ्ना निर्वाचित स्थानीय प्रतिनिधिहरूसँग सम्पर्क राखेका उत्तरदाताहरूको संख्यामा थोरै कमी आएको छ ।** केवल १२.५% उत्तरदाताले आफै वा उनीहरूको समुदायले भोगेका समस्या समाधानको लागि स्थानीय निर्वाचित प्रतिनिधिसँग गएको बताएका छन् ।

**सामाजिक सुरक्षा सम्बन्धी सुविधाको सन्दर्भमा, धेरै उत्तरदाताहरूले जेष्ठ नागरिक, एकल महिला र असक्त व्यक्तिको लागि दिइने भत्ताको बारेमा सुनेको बताएका छन् ।** सबैभन्दा सजिलै पाइएका सामाजिक सुरक्षा सम्बन्धी सुविधाहरूमा जेष्ठ नागरिक भत्ता, विधवा भत्ता र एकल महिलासँग सम्बन्धित भत्ताहरु रहेका छन् । हाल लागू भइरहेका सामाजिक सुरक्षाका लाभसँग सर्वेक्षणमा सहभागी उत्तरदाताहरूको सन्तुष्टि स्तर औसत भन्दा पनि माथि रहेको छ, जुन अंकको हिसाबले १० मा ७ अंकको हाराहारीमा रहेको छ ।

## ५.१ संवैधानिक परिवर्तन बारेको जागरूकता

**सन् २०१५ को संविधानले सरकारको संसदीय स्वरूप, गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशीकरणका सिद्धान्तलाई समेटेको छ ।** यसले नेपाली राज्यको संरचना र शासनको ढाँचा, चुनावको ढाँचा, नागरिकताको नियममा महत्वपूर्ण परिवर्तन ल्याएको छ । यसबाट शैक्षिक संस्था तथा सरकारी जागिरहरूमा पहुँच नहुनेका लागि आरक्षणको व्यवस्था सहित महत्वपूर्ण परिवर्तन पनि भएका छन् । नेपालको संविधान, सन् २०१५ जारी भए यता पाँच वर्ष गुज्रिसकेको हुनाले पनि सन् २०२० को यस सर्वेक्षणले नेपालीहरूमा संवैधानिक परिवर्तनहरूका बारेमा सचेतनाको मूल्यांकन गरेको छ । **यस सन्दर्भमा सन् २०१५ को संविधानले ल्याएका परिवर्तनबारे सर्वेक्षणमा सहभागी दुई तिहाइ भन्दा बढी नेपालीहरू (६८.४%) अझै पनि अनभिज्ञ रहेको बताएका छन् ।** एक तिहाइ भन्दा केही कम उत्तरदाताहरु (३१.६%) लाई चाहिँ वर्तमान संविधानले ल्याएका परिवर्तनहरूका बारेमा जानकारी रहेको छ ।

**संविधानले ल्याएका परिवर्तनहरू बारेको जानकारी प्रदेश अनुसार फरक फरक रहेको देखिएको छ ।** संविधानले ल्याएका परिवर्तनहरू बारे जानकारी राख्ने उत्तरदाताहरू सबैभन्दा धेरै सुदूरपश्चिम प्रदेशमा (३९.६%) र लुम्बिनी प्रदेशमा (३८.१%) रहेको देखिएको छ । संविधानले ल्याएका परिवर्तन बारेको जानकारी राख्ने उत्तरदाताहरू प्रदेश २ मा सबैभन्दा कम (२३.६%), त्यसपछि कर्णाली प्रदेशमा (२९%) र बागमती प्रदेशमा (२९.२%) रहेको छ । यी प्रदेशहरूमा संविधानले ल्याएका परिवर्तन बारेको जानकारी राष्ट्रिय आँकडा (३१.६%) भन्दा कम रहेको छ । राष्ट्रिय आँकडाका तुलनामा प्रदेश १ मा (३३.३%) र गण्डकी प्रदेश मा (३३.१%) संविधानले ल्याएका परिवर्तन बारेको जानकारी राख्ने उत्तरदाताहरु उस्तै रहेको देखिएको छ ।

**सन् २०१५ को संवैधानिक परिवर्तन बारेको जागरूकता, प्रदेशअनुसार**




*चित्र ५.१.१ : प्रश्न-E2. तपाईंलाई अहिलेको संविधानले कुन कुन कुरामा परिवर्तनहरु गरेको छ भन्ने बारेमा थाहा छ ? (सं. = ७,०५५)*

**यस सर्वेक्षणका नतिजाहरूले, संविधानले ल्याएका परिवर्तनहरू बारे उत्तरदाताहरूको बुझाइ, उनीहरूको शिक्षाको स्तरसँग सम्बन्धित रहेको देखाउँछ ।** चित्र ५.१.२ मा देखाइए जस्तै, उत्तरदाताहरु जति धेरै शिक्षित हुन्छन्, संविधानले ल्याएको परिवर्तनबारे जानकारी रहने दर पनि उच्च हुँदै गएको देखिन्छ । दशमध्ये लगभग दुई जना अशिक्षित उत्तरदाताहरु (१०.८%) ले संवैधानिक परिवर्तनको बारेमा थाहा भएको बताउँदा उच्च शिक्षा (स्नातक तह वा सो भन्दा माथि) हासिल गरेका लगभग सात जना (६६.९%) ले संविधानले ल्याएका परिवर्तनको बारेमा थाहा भएको बताएका छन् ।

**सन् २०१५ को संवैधानिक परिवर्तन बारेको जागरुकता, शैक्षिक योग्यताअनुसार**




*चित्र ५.१२ : प्रश्न-E2. तपाईंलाई अहिलेको संविधानले कुन कुन कुरामा परिवर्तनहरु गरेको छ भन्ने बारेमा थाहा छ ? (सं. = ७,०५५) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**संविधानले ल्याएका परिवर्तनहरू बारे पुरूषभन्दा महिला उत्तरदाताहरू कम सचेत रहेका छन् भन्ने कुरा यस सर्वेक्षणले देखाएको छ ।** ४१.४% पुरुष उत्तरदाताहरूले आफूहरु संविधानले ल्याएका परिवर्तनबारे जानकार रहेको बताउँदा, २२.४% महिलाहरूले आफू जानकार रहेको उल्लेख गरेका छन् ।

घरायसी काममा संलग्न व्यक्ति, मजदुर र कृषिमा संलग्न नेपालीहरूको तुलनामा रोजगारी, सामाजिक सेवा र उच्च आयस्रोत भएका मानिसहरूले संविधानले ल्याएको परिवर्तनप्रति जानकारी राख्ने संभावना बढी रहेको छ ।

**संविधानले ल्याएका परिवर्तनहरूबारे जानकारी भएका सबै ३१.६% उत्तरदाताहरूलाई संविधानले ल्याएको विशेष परिवर्तनको बारे आफूलाई थाहा भएको कुरालाई उल्लेख गरिदिन भनिएको थियो । संविधानले ल्याएका परिवर्तनबारे जानकार भएका ३१.६% उत्तरदाताहरूमध्ये ६३.९% ले संघीयता, सात प्रदेशको निर्माण, गाउँपालिका/नगरपालिकाको पुनर्संरचना र ४७.३% ले महिला, दलित, जनजाति र मधेशीहरूको समानुपातिक प्रतिनिधित्वलाई संविधानले ल्याएको मुख्य परिवर्तनको रूपमा उल्लेख गरेका छन् ।** करिब एक तिहाइ (३७.६%) उत्तरदाताहरूले संविधानले ल्याएका परिवर्तन अन्तर्गत धर्मनिरपेक्षता भएको उल्लेख गरेका छन्, ३४.७% उत्तरदाताहरूले नयाँ संविधानले स्थानीय चुनाव ल्याएको बताए भने, २६.२% उत्तरदाताहरूले संविधानले नयाँ नागरिकता सम्बन्धी नियम ल्याएको बताएका छन् । केवल १९.६% उत्तरदाताहरूले संवैधानिक परिवर्तन अन्तर्गत नागरिकको मौलिक हकबारे सचेत रहेको कुरा उल्लेख गरेका छन् ।

**सन् २०१५ को संवैधानिक परिवर्तनका मुद्दाहरू बारे जानकारी**




*चित्र ५.१३ : प्रश्न-E2a. तपाईंलाई अहिलेको संविधानले के के कुरामा परिवर्तनहरु गरेको भन्ने थाहा छ ? (सं. = २,२३१)*

## ५.२ स्थानीय निकायको पुनर्संरचना

नेपाल, एक देशको रूपमा, अब सात प्रदेश, ७७ जिल्ला, ७५३ स्थानीय सरकारी निकाय (नगरपालिका/गाउँपालिका)मा विभाजित छ । सन् २०१५ को संविधान अघि, नेपाल ७५ जिल्ला र ३,९७३ स्थानीय तहका गाउँ विकास समिति (गाविस) र नगरपालिकाहरूमा बाँडिएको थियो ।[१९] सन् २०१५ को संविधानले अनुसूची ८ मा स्थानीय सरकारहरूलाई जम्माजम्मी २२ ओटा स्थानीय तहको अधिकार सूची प्रदान गरेको छ । यो सर्वेक्षणले स्थानीय निकाय पुनर्संरचनापछि स्थानीय सेवा सुविधाको वितरणबारे आम मान्छेहरूको धारणालाई कसरी असर गरेको रहेछ भन्ने कुराको मूल्यांकन गरेको छ ।

**बहुसंख्यक नेपालीहरू (५८.६%) ले स्थानीय निकायको पुनर्संरचनाले गर्दा स्थानीय सरकारहरूले आम जनता समक्ष सेवा सुविधा पुऱ्याउन सक्ने क्षमतामा वृद्धि भएको महसुस गरेका छन् ।** एक चौथाइ (२६.९%) भन्दा थोरै बढी उत्तरदाताहरूले चाहिँ पुनर्संरचना भएपछि पनि स्थानीय सरकारको सार्वजनिक सेवा प्रवाहमा कुनै असर गरेको छैन भनेका छन् । उत्तरदाताहरूको सानो अंश (३%) ले पुनर्संरचनापछि स्थानीय सरकारको सेवा प्रवाहमा असर पारेको छ वा छैन भन्नेबारेमा टिप्पणी गर्नु हतार हुने बताएका छन्, भने, ४.६% उत्तरदाताहरूले पुनर्संरचनापछि स्थानीय सरकारहरूको सेवा प्रवाहको क्षमता अझै खराब भएको बताएका छन् ।

१९ राष्ट्रिय तथ्यांक विभाग, सन् २००२ ।

**पुनर्संरचनाले स्थानीय सरकारको सेवा सुविधा वितरण गर्ने क्षमतामा वृद्धि हुन्छ भनेर विश्वास गर्ने उत्तरदाताहरूको संख्यामा २३.८% अन्तरले वृद्धि भएको छ, यो हिस्सा सन् २०१७ मा ३४.८% थियो भने सन् २०२० मा ५८.६% पुगेको छ ।** चित्र ५.२.१ मा देखाइए जस्तै, स्थानीय सरकारको पुनर्गठनले सकारात्मक वा नकारात्मक परिवर्तन के ल्यायो भनी मूल्यांकन गर्न हतार हुन्छ, भन्ने उत्तरदाताहरुको हिस्सा भने उल्लेख्य रूपमा घटेको छ, यो हिस्सा सन् २०१७ मा रहेको २६.७% बाट घटेर सन् २०१८ मा ६.३% पुगेको र सन् २०२० मा अझै घटेर ३% पुगेको छ । अर्कोतर्फ २६.९% उत्तरदाताहरुले स्थानीय निकायको पुनर्संरचनाले न त सकारात्मक न नकारात्मक परिवर्तन ल्यायो, भनी मूल्यांकन गरेका छन्, यस अघिका सर्वेक्षणसँग तुलना गर्दा यो सन् २०१८ मा ३४.२% र सन् २०१७ मा १९.८% रहेको थियो ।




*चित्र ५.२.१ : प्रश्न-E4. तपाईंको विचारमा पुनर्संरचनापछि जनतालाई सेवा प्रदान गर्ने स्थानीय सरकारको क्षमतामा कस्तो परिवर्तन भएको छ जस्तो लाग्छ ? स्थानीय सरकारको क्षमतामा सुधार भएको छ वा अझै बिग्रिएको छ तपाईंलाई के महसुस हुन्छ ? (सं. = ७,०६०)*

**पुनर्संरचनाले स्थानीय निकायहरूको सेवाप्रवाह गर्ने क्षमतामा कसरी असर गरिरहेको छ, भन्ने धारणा सातै प्रदेशहरूमा फरक फरक रहेको छ । प्रदेशहरूमध्ये सबैभन्दा धेरै, सुदूरपश्चिम प्रदेशबाट तीन चौथाइ (७७.१%) उत्तरदाताहरूले स्थानीय स्तरको पुनर्संरचनाले स्थानीय सरकारको सेवा प्रवाह गर्ने क्षमतामा सकारात्मक प्रभाव पारेको बताएका छन्, भने प्रदेशहरूमध्ये सबैभन्दा कम, बागमती प्रदेशबाट ४७.६% उत्तरदाताहरूले उही कुरा भनेका छन् ।** तालिका ५.२.१ मा देखाइए जस्तै, लगभग एक तिहाइ उत्तरदाताहरु (लुम्बिनी प्रदेशका ३१.०% र प्रदेश १ का ३०.१%) ले, पुनर्संरचना पछि स्थानीय निकायको क्षमतामा न सुधार भएको छ, न बिग्रिएको छ, भनी जवाफ दिएका छन् । अर्कोतिर, प्रदेश २ का (७.८%) र बागमती प्रदेशका (७.२%) उत्तरदाताहरूले पुनर्संरचनापछि स्थानीय सरकारको क्षमता कमजोर भएको महसुस गरेका छन् ।

**पुनर्संरचना पछि स्थानीय सरकारको सेवा प्रवाहमा सकारात्मक प्रभाव परेको सोच्ने उत्तरदाताहरूको प्रतिशत विगतका सर्वेक्षणको तुलनामा, सन् २०२० मा सबै प्रदेशहरूमा बढेको छ ।** सबैभन्दा ठूलो +२३.६% अन्तरले बागमती प्रदेशमा वृद्धि भएको छ, जुन सन् २०१८ मा रहेको २४% बाट बढेर सन् २०२० मा ४७.६% पुगेको छ । दोस्रो, सबैभन्दा ठूलो वृद्धि सुदूरपश्चिम प्रदेशमा देखिएको छ, जहाँ सन् २०१८ को तुलनामा २०.५% अन्तरले वृद्धि भएको छ । यद्यपि, बागमती प्रदेशमा पुनर्संरचनाले सकारात्मक प्रभाव भएको विश्वास गर्नेहरूको अनुपातमा दोब्बर वृद्धि भएता पनि यो राष्ट्रिय औसत ५८.६% को तुलनामा भने सबैभन्दा कम रहेको छ ।

केही वर्ष यता, स्थानीय तहको पुनर्संरचनाले स्थानीय सरकारको सेवा प्रवाहमा नकारात्मक प्रभाव पारेको छ भनी सोच्ने उत्तरदाताहरूको प्रतिशत सबै प्रदेशहरूमा घटेको छ (थप विवरणका लागि, तालिका ५.२.१ हेर्नुहोस्) । नकारात्मक प्रभाव पारेको छ भनी सोच्ने उत्तरदाताहरूको सबैभन्दा बढी प्रतिशत प्रदेश २ मा देखिएता पनि, यो अनुपात सन् २०१८ मा रहेको १२.५% बाट घटेर सन् २०२० मा ७.८% पुगेको छ ।

**स्थानीय निकायको पुनर्संरचना बारेका धारणाहरू, प्रदेश र वर्षअनुसार**

| | | सुधार भएको छ | बिग्रिएको छ | न सुधार भएको छ न बिग्रिएको छ | अहिले नै भन्न सकिन्न | थाहा छैन/भन्न सक्दिन |
|---|---|---|---|---|---|---|
| समग्र | सन् २०१७ | ३४.८% | ५.८% | १९.८% | २६.७% | १२.८% |
| | सन् २०१८ | ४५.२% | ५.९% | ३४.२% | ६.३% | ८.५% |
| | सन् २०२० | ५८.६% | ४.६% | २६.९% | ३.०% | ६.९% |
| प्रदेश १ | सन् २०१७ | ३९.७% | ३.१% | ८.६% | ३८.६% | १०.१% |
| | सन् २०१८ | ५१.७% | ४.९% | ३४.७% | ३.७% | ५.०% |
| | सन् २०२० | ६०.१% | ४.०% | ३०.१% | २.४% | ३.५% |
| प्रदेश २ | सन् २०१७ | ३३.४% | ११.६% | २०.६% | १६.२% | १८.१% |
| | सन् २०१८ | ४८.४% | १२.५% | २७.७% | २.९% | ८.५% |
| | सन् २०२० | ५५.२% | ७.८% | २३.४% | १.२% | १२.५% |
| बागमती प्रदेश | सन् २०१७ | ३१.१% | ११.४% | २७.३% | २१.६% | ८.६% |
| | सन् २०१८ | २४.०% | ४.८% | ५४.५% | ८.८% | ७.९% |
| | सन् २०२० | ४७.६% | ७.२% | २९.०% | ७.४% | ८.८% |
| गण्डकी प्रदेश | सन् २०१७ | ३५.२% | २.५% | २३.६% | ३२.५% | ६.२% |
| | सन् २०१८ | ५७.९% | ३.८% | २३.४% | ९.९% | ५.१% |
| | सन् २०२० | ६५.८% | १.२% | २५.३% | २.९% | ४.९% |
| लुम्बिनी प्रदेश | सन् २०१७ | २६.५% | १.२% | १५.२% | ३७.८% | १९.३% |
| | सन् २०१८ | ४५.२% | ३.२% | २३.६% | १०.९% | १७.२% |
| | सन् २०२० | ६०.१% | १.७% | ३१.०% | २.१% | ५.०% |
| कर्णाली प्रदेश | सन् २०१७ | ५७.६% | २.०% | २०.१% | १२.६% | ७.७% |
| | सन् २०१८ | ५४.०% | ६.५% | ३०.९% | २.४% | ६.२% |
| | सन् २०२० | ५९.५% | ३.०% | २६.७% | २.७% | ८.१% |
| सुदूरपश्चिम प्रदेश | सन् २०१७ | ३६.६% | १.५% | २६.६% | २१.७% | १३.६% |
| | सन् २०१८ | ५६.६% | २.७% | ३२.२% | ३.४% | ५.०% |
| | सन् २०२० | ७७.१% | २.६% | १८.७% | ०.१% | १.५% |

*तालिका ५.२.१ : प्रश्न-E4. तपाईंको विचारमा पुनर्संरचनापछि जनतालाई सेवा प्रदान गर्ने स्थानीय सरकारको क्षमतामा कस्तो परिवर्तन भएको छ जस्तो लाग्छ ? स्थानीय सरकारको क्षमतामा सुधार भएको छ वा अझै बिग्रिएको छ तपाईंलाई के महसुस हुन्छ ? (सं. = ७,०६०)*

**ग्रामीण क्षेत्रमा बसोबास गर्ने नेपालीहरूले पुनर्संरचना पछि सेवा प्रवाहको सन्दर्भमा स्थानीय सरकारको क्षमतामा सुधार आएको देखेका छन् ।** गाउँपालिकामा बसोबास गर्ने (६०.०%) उत्तरदाताहरूको तुलनामा नगरपालिकामा बस्ने थोरै उत्तरदाताहरु (५७.७%) ले स्थानीय निकायको क्षमतामा सुधार भएको विश्वास गरेका छन् । युवाहरु, पुरूषहरु, पहाडी दलितहरु, पहाडी जाति समूहहरु र मधेशी आदिवासी/जनजातिहरूले स्थानीय सरकारको पुनर्संरचना बारेमा सकारात्मक धारणा बढी राख्ने देखिएको छ । मध्यम आय समूहका मानिसहरूले पनि स्थानीय निकायको पुनर्संरचनाले गर्दा सेवा प्रवाहमा सकारात्मक भूमिका खेलेको सोचाइ राखेका छन् ।

**पुनर्संरचना पछि, स्थानीय निकायले प्रदान गर्ने सेवा लिनको लागि लामो दुरी तय गर्नुपर्ने भनेर जवाफ दिने उत्तरदाताहरूको अनुपात सन् २०१८ मा रहेको २८.६% बाट घटेर सन् २०२० मा १३.८% पुगेको छ; आफूले पाउने सेवाको लागि छोटो दुरीको यात्रा गर्नुपर्ने भनेर जवाफ दिने उत्तरदाताहरूको हिस्सा सन् २०१८ मा रहेको २८.८% बाट बढेर सन् २०२० मा ४३.७% पुगेको छ ।**[२०] तीनै ओटा सर्वेक्षण बर्षहरूमा, सेवा प्रदायकको कार्यालय सम्म पुग्ने दुरी पहिले जति नै छ, भनेर जवाफ दिने उत्तरदाताहरूको प्रतिशत उस्तै रहेको छ (थप विवरणका लागि, तालिका ५.२.२ हेर्नुहोस्) । कार्यालयसम्म पुग्नका लागि बाटोको संख्या बढाउन र स्थानीय तहमा भएका बाटोघाटो र यातायात सेवाहरूमा थप सुधार गर्न सकिएमा वडा कार्यालयहरूको कार्य क्षमतामा वृद्धि हुने संभावनाहरु पनि उत्तरदाताहरूले सुझाएका छन् ।

**स्थानीय स्तरको पुनर्संरचनापछि प्रशासनिक सेवाहरूसम्म पहुँचको दुरी, वर्षअनुसार**

| | वर्ष | पहिलेभन्दा धेरै यात्रा गर्नुपर्छ | पहिलेभन्दा थोरै यात्रा गर्नुपर्छ | पहिलेको जस्तै यात्रा गर्नुपर्छ |
|---|---|---|---|---|
| समग्र | सन् २०१७ | २१.७% | ३६.०% | ४२.३% |
| | सन् २०१८ | २८.६% | २८.८% | ४२.६% |
| | सन् २०२० | १३.८% | ४३.७% | ४२.५% |
| प्रदेश १ | सन् २०१७ | २३.३% | ३६.३% | ४०.४% |
| | सन् २०१८ | १८.१% | ३८.७% | ४३.२% |
| | सन् २०२० | ६.२% | ५६.१% | ३७.७% |
| प्रदेश २ | सन् २०१७ | २८.९% | ३२.६% | ३८.५% |
| | सन् २०१८ | ४४.०% | १९.८% | ३६.२% |
| | सन् २०२० | २८.७% | ३५.४% | ३५.९% |
| बागमती प्रदेश | सन् २०१७ | १९.१% | २९.८% | ५१.०% |
| | सन् २०१८ | २९.७% | १७.०% | ५३.२% |
| | सन् २०२० | १०.९% | ३६.८% | ५२.२% |
| गण्डकी प्रदेश | सन् २०१७ | १५.६% | ३९.६% | ४४.८% |
| | सन् २०१८ | २२.३% | ३६.०% | ४१.७% |
| | सन् २०२० | १४.३% | ३२.५% | ५३.२% |
| लुम्बिनी प्रदेश | सन् २०१७ | २६.९% | २९.२% | ४३.९% |
| | सन् २०१८ | ३७.८% | २०.३% | ४१.९% |
| | सन् २०२० | १३.४% | ३५.१% | ५१.५% |
| कर्णाली प्रदेश | सन् २०१७ | १९.४% | ४७.७% | ३३.०% |
| | सन् २०१८ | ८.९% | ६४.५% | २६.६% |
| | सन् २०२० | ६.२% | ७६.४% | १७.४% |
| सुदूरपश्चिम प्रदेश | सन् २०१७ | ८.७% | ५५.६% | ३५.७% |
| | सन् २०१८ | १६.०% | ४१.३% | ४२.७% |
| | सन् २०२० | ७.१% | ६०.०% | ३२.९% |

*तालिका ५.२.२ : प्रश्न-E7. अहिले बनेका नयाँ गाउँपालिका/नगरपालिकामा कुनै किसिमको सेवा सुविधा (जस्तैः जन्म दर्ता, मृत्युदर्ता, नागरिकता, विवाह दर्ता, व्यापार अनुमति पत्र) लिनको लागि तपाईंलाई पहिलेको भन्दा कति यात्रा गर्नुपर्छ ? (सं. = ७,००१) ('थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

२० दुरीको मापनको लागि औसत एक उत्तरदातालाई आफ्नो नगरपालिका वा गाउँपालिकाको नयाँ प्रशासनिक कार्यालयमा पुग्नलाई कति समय लाग्छ भनेर सोधिएको थियो, यो प्रश्न सन् २०१७ र सन् २०१८ का सर्वेक्षणहरूमा पनि सोधिएको थियो । प्रश्न सोध्दा नयाँ नगरपालिका/गाउँपालिकामा प्रशासनिक सेवा सुविधामा लिनको लागि, जस्तै पहिचानयुक्त कागजात, जग्गा सम्बन्धी, व्यापारिक अनुमति पत्र इत्यादि लिन जाँदा लाग्ने दुरीको सर्त राखिएको थियो ।

**स्थानीय सरकारबाट सेवाहरू पाउन छोटो दुरी तय गर्नुपर्ने भनी बताउने उत्तरदाताहरू, यसको राष्ट्रिय आँकडा ४३.७% को तुलनामा कर्णाली प्रदेशमा तीन चौथाइभन्दा बढी (७६.४%) रहेका छन् ।** सुदूरपश्चिम प्रदेशका ६०% उत्तरदाताहरूले पनि स्थानीय सरकारबाट सेवाहरु पाउन छोटो दुरीको यात्रा गर्नुपर्ने बताएका छन् । यसको विपरीत, प्रदेश २ का २८.७% उत्तरदाताहरूले नयाँ बनेका प्रशासनिक ढाँचामा स्थानीय सरकारी सेवा सुविधा लिनको लागि उनीहरूले तय गर्नुपर्ने दुरी बढेको बताएका छन् । बागमती प्रदेशबाट आधाभन्दा बढी (५२.२%), गण्डकी प्रदेशबाट ५३.२%, लुम्बिनी प्रदेश बाट ५१.५% उत्तरदाताहरूले स्थानीय निकायको पुनर्संरचना पछि पनि स्थानीय सरकारी सेवा सुविधा लिनको लागि उनीहरूले तय गर्नुपर्ने दुरी धेरै नबदलिएको बताएका छन् । स्थानीय निकायको पुनर्संरचनापछि स्थानीय सरकारी सेवा सुविधा लिनको लागि तय गर्नुपर्ने दुरी उस्तै हो भनी उल्लेख गर्ने उत्तरदाताहरूको राष्ट्रिय आँकडा ४२.५% रहेको छ ।

**तराईको गाउँपालिकाका मानिसहरूले नयाँ प्रशासनिक ढाँचामा बनेका पालिकामा स्थानीय सरकारी सेवा सुविधा लिनको लागि उनीहरूले तय गर्नुपर्ने दुरी बढेको बताउँछन् ।** सर्वेक्षणमा सहभागी गाउँपालिकाका १७.५% उत्तरदाताले सार्वजनिक सेवा लिनका लागि लामो दुरी तय गर्नुपर्ने बताएका छन् भने उही कुरा नगरपालिकाहरूमा बसोबास गर्ने ११.७% उत्तरदाताहरूले उल्लेख गरेका छन् । यद्यपि, पालिकासम्म पुग्न छोटो दुरीको यात्रा गर्नुपर्छ भनेर बताउने उत्तरदाताहरूको प्रतिशत नगरपालिकाको तुलनामा गाउँपालिकामा अलि बढी नै देखिएको छ (थप जानकारीका लागि, चित्र ५.२.२ हेर्नुहोस्) ।

त्यस्तै, हिमाली र पहाडी क्षेत्रका गाउँपालिकाहरूमा बसोबास गर्ने क्रमशः ६.०% र १२.६% उत्तरदाताहरूले नयाँ प्रशासनिक ढाँचामा स्थानीय सरकारी सेवा सुविधा लिनको लागि उनीहरूले लामो दुरीको यात्रा गर्नुपर्ने बताएका छन्, जबकि उही कुरा तराईको गाउँपालिकाका २५.३% उत्तरदाताहरूले उल्लेख गरेका छन् । हिमाली क्षेत्रको गाउँपालिकामा बस्ने उत्तरदाताहरूको ठूलो अनुपात (७३.३%) ले स्थानीय सरकारी सेवा सुविधा लिनको लागि पालिकासम्म तय गर्नुपर्ने दुरी घटेको बताएका छन् ।




*चित्र ५.२.२ : प्रश्न-E7. अहिले बनेका नयाँ गाउँपालिका/नगरपालिकामा कुनै किसिमको सेवा सुविधा (जस्तैः जन्म दर्ता, मृत्युदर्ता, नागरिकता, विवाह दर्ता, व्यापार अनुमति पत्र) लिनको लागि तपाईंलाई पहिलेको भन्दा लामो वा छोटो कति दुरीको यात्रा गर्नुपर्छ ? (सं. = ७,००१) ('थाहा छैन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

## ५.३ संस्थाहरूमा विश्वास

**यो सर्वेक्षणमा नेपालका सरकारी र गैरसरकारी गरी २४ ओटा विभिन्न संघ/संगठन, संस्था र व्यक्तिहरू प्रति नेपालीहरूको विश्वासको स्तर ('धेरै विश्वास', 'केही विश्वास', 'त्यति विश्वास गर्दिन' र 'पटक्कै विश्वास गर्दिन') कस्तो छ भनेर जान्न खोजिएको थियो ।** विभिन्न २४ ओटा संघ/संगठन, संस्था र व्यक्तिहरूमध्ये, उत्तरदाताहरूको सञ्चारमाध्यम प्रति उच्च विश्वास र राजनीतिक दलहरु प्रति न्यून विश्वास रहेको पाइएको छ । **सर्वेक्षणमा सहभागी उत्तरदाताहरूमध्ये सबैभन्दा बढी (९१.८%) उत्तरदाताहरूको विश्वास सञ्चारमाध्यममा रहेको छ त्यसपछि समुदायमा आधारित संगठन (९०.७%), नेपाली सेना (९०.६%), सशस्त्र प्रहरी (८७.१%), नेपाल प्रहरी (८५.७%), अदालत (८७.७%) र वडाध्यक्ष ८४.६% प्रति विश्वास रहेको छ ।** अन्य केही विश्वसनीय संस्थाहरूमध्ये नागरिक समाज, मानवअधिकारकर्मी, सरकारी कर्मचारी, लोकसेवा आयोग, न्यायिक समितिहरु, नगर/गाउँ सभा र स्थानीय राजनीतिक नेताहरु पनि रहेका छन् (थप जानकारीका लागि, तालिका ५.३.१ हेर्नुहोस्)

**संस्थाहरुमा विश्वास, वर्षअनुसार**

| | विश्वास[२१] | | | अविश्वास[२२] | | |
|---|---|---|---|---|---|---|
| | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०१७ | सन् २०१८ | सन् २०२० |
| संघीय सरकार | ६३.७% | ६४.७% | ६७.२% | २८.७% | ३१.६% | ३२.८% |
| संघीय संसद | ५८.७% | ६१.८% | ६५.२% | ३०.२% | ३३.०% | ३४.८% |
| प्रदेश सरकार | नसो.* | ६१.७% | ६७.१% | नसो.* | ३०.७% | ३२.९% |
| प्रदेश सभा | नसो.* | ६१.३% | ६६.५% | नसो.* | ३१.०% | ३३.५% |
| जिल्ला समन्वय समिति | नसो.* | ७०.३% | ७३.४% | नसो.* | २३.३% | २६.६% |
| गाउँपालिका/नगरपालिका | ८२.२% | ८०.९% | ८१.२% | ११.५% | १८.१% | १८.८% |
| मेयर/गाउँपालिका अध्यक्ष | ६९.६% | ८१.३% | ८०.४% | १०.०% | १८.०% | १९.६% |
| वडाध्यक्ष | ७२.९% | ८३.८% | ८४.६% | ८.३% | १५.६% | १५.४% |
| स्थानीय समुदायका अगुवाहरु | ७०.५% | ६८.१% | ८०.९% | २६.८% | ३१.०% | १९.१% |
| राजनीतिक दल | ६४.३% | ५८.२% | ५६.२% | ३३.९% | ४०.५% | ४३.८% |
| अदालत | ८२.८% | ८२.१% | ८७.७% | ११.९% | १२.७% | १२.३% |
| न्यायिक समिति | नसो.* | ७४.०% | ८५.३% | नसो.* | १३.७% | १४.७% |
| नेपाल प्रहरी | ८६.५% | ७८.२% | ८५.७% | १२.२% | २०.५% | १४.३% |
| सशस्त्र प्रहरी | ८५.८% | ८२.६% | ८७.१% | ११.५% | १०.६% | १२.९% |
| नेपाली सेना | ८८.०% | ८७.७% | ९०.६% | ९.५% | ९.५% | ९.४% |
| सञ्चार माध्यम (रेडियो, टेलिभिजन, पत्रपत्रिका) | ९२.२% | ९१.३% | ९१.८% | ६.५% | ७.९% | ८.२% |
| गैरसरकारी संस्था | ७८.९% | ७६.४% | ७८.७% | १२.८% | १६.५% | २१.३% |
| धार्मिक वा जातीय संगठन | ७६.८% | ७४.६% | ८०.१% | १६.२% | २०.८% | १९.९% |
| समुदायमा आधारित सामजिक समूहहरु जस्तै - आमा समूह, ऋण तथा बचत समूह, वन उपभोक्ता समूह | ९२.०% | ९०.७% | ९०.७% | ५.८% | ७.९% | ९.३% |
| लोक सेवा आयोग | नसो.* | ७८.०% | ८९.३% | नसो.* | ७.८% | १०.७% |
| सामाजिक संजाल (फेसबुक, ट्वीटर आदि) | नसो.* | नसो.* | ७३.६% | नसो.* | नसो.* | २६.४% |
| सरकारी कर्मचारी | नसो.* | नसो.* | ८२.७% | नसो.* | नसो.* | १७.३% |
| नागरिक समाज | नसो.* | नसो.* | ८७.८% | नसो.* | नसो.* | १२.२% |
| मानव अधिकारकर्मी | नसो.* | नसो.* | ८८.१% | नसो.* | नसो.* | ११.९% |

*तालिका ५.३.१ : प्रश्न-E9a-x. अब म तपाईंलाई नेपालका विभिन्न संघ/संगठन, संस्था र व्यक्तिका बारेमा सोध्छु । तपाईं यी संघ/संगठन, संस्था र व्यक्तिलाई कत्तिको विश्वास गर्नुहुन्छ, धेरै विश्वास गर्छु, केही विश्वास गर्छु, त्यति विश्वास गर्दिन र पटक्कै विश्वास गर्दिन, भन्न सक्नुहुनेछ । (सं. = ७,०६०)*

---

* नसोधिएको

२१ उत्तरदाताहरूले भनेको, 'धेरै विश्वास' र 'केही विश्वास' दुबै पक्षलाई जोडेर यहाँ 'विश्वास' मात्र भनिएको छ ।

२२ उत्तरदाताहरूले भनेको, 'त्यति विश्वास गर्दिन' र 'पटक्कै विश्वास गर्दिन' दुबै पक्षलाई जोडेर यहाँ 'अविश्वास' मात्र भनिएको छ ।

### संस्थाहरूमा विश्वास, वर्षअनुसार




*चित्र ५.३.१ : प्रश्न-E9a-x. अब म तपाईंलाई नेपालका विभिन्न संघ/संगठन, संस्था र व्यक्तिका बारेमा सोध्छु । तपाईं यी संघ/संगठन, संस्था र व्यक्तिलाई कतिको विश्वास गर्नुहुन्छ, धेरै विश्वास गर्छु, केही विश्वास गर्छु, त्यति विश्वास गर्दिन र पटक्कै विश्वास गर्दिन, भन्न सक्नुहुनेछ । (सं. = ७,०६०)*

**सन् २०१७ पछि पालिकाध्यक्ष र वडाध्यक्षप्रति नेपालीहरूको विश्वास बढेको देखिए पनि सन् २०१८ पछि भने विश्वासको स्तरमा खासै परिवर्तन आएको छैन ।** सन् २०१७ मा ६९.६% र सन् २०१८ मा ८१.३% उत्तरदाताहरूले उनीहरूको नगरपालिका/गाउँपालिकाका प्रमुखलाई विश्वास गर्ने बताएका थिए भने सन् २०२० मा ८०.४% ले नगरपालिका/गाउँपालिकाका प्रमुखलाई विश्वास गर्ने बताएका छन् । त्यस्तै, सन् २०१७ मा आफ्नो वडाध्यक्षलाई ७२.९% उत्तरदाताहरूले, सन् २०१८ मा ८३.८% उत्तरदाताहरूले र सन् २०२० मा ८४.६% उत्तरदाताहरूले विश्वास गर्ने बताएका छन्, विश्वासको यो स्तरमा क्रमशः वृद्धि भइरहेको छ ।

**सर्वेक्षण नतिजाले सन् २०१८ देखि यता स्थानीय राजनीतिक नेताहरू, अदालतहरू र न्यायिक समितिमा मानिसहरूको विश्वास बढेको देखाएको छ ।** सन् २०२० मा दस मध्ये कम्तिमा आठ जना उत्तरदाताहरु (८०.९%) ले उनीहरूको स्थानीय राजनीतिक नेताहरु माथि 'धेरै विश्वास' र 'केही विश्वास' गर्ने बताएका छन्, यस विषयमा सन् २०१७ मा दस मध्ये सात जनाले र सन् २०१८ मा ६८.१% उत्तरदाताले जवाफ दिएका थिए । न्यायिक समिति प्रतिको भरोसा सन् २०१८ मा रहेको ७४.०% बाट बढेर सन् २०२० मा ८५.३% पुगेको छ । **स्थानीय राजनीतिक नेताहरू माथिको विश्वास क्रमशः बढेको बेला, केही वर्ष यता राजनीतिक दलहरू प्रतिको विश्वास भने लगातार घट्दै गएको छ ।** राजनीतिक दलमा पूर्ण विश्वास वा विश्वास नगर्नेहरूको प्रतिशत सन् २०१७ मा ३३.९% बाट बढेर सन् २०१८ मा ४०.५% पुगेको र सन् २०२० मा अझै बढेर ४३.८% पुगेको छ । गैर सरकारी संस्था प्रति अविश्वासको स्तर सन् २०१८ यता ४.८% अन्तरले बढेको छ (थप विवरणका लागि, तालिका ५.३.१ हेर्नुहोस्) ।

## ५.४ सार्वजनिक सेवाहरू बारेको जानकारी

सार्वजनिक सेवाहरूको सन्दर्भमा लगभग आधाजसो उत्तरदाताहरु (४७.९%) उनीहरूको स्थानीय सरकारद्वारा प्रदान गरिएको सेवाहरूबारे सचेत छन, प्रदेश सरकारले दिएका सेवाहरूबारे २०.७% लाई र संघीय सरकारले दिएका सेवाहरूबारे २७.३% उत्तरदातालाई जानकारी रहेको बताएका छन् । प्रदेश सरकारद्वारा प्रदान गरिएको सेवाहरु बारे जानकारी राख्ने उत्तरदाताहरूको प्रतिशत सन् २०१८ मा रहेको १६.३% बाट ४.४% अन्तरले वृद्धि भई सन् २०२० मा २०.७% पुगेको छ । त्यस्तै, संघीय सरकारद्वारा प्रदान गरिएको सेवाहरूबारे जानकारी भएका उत्तरदाताहरूको प्रतिशत सन् २०१८ मा रहेको २४.३% बाट ३% अन्तरले वृद्धि भई सन् २०२० मा २७.३% पुगेको छ । यद्यपि, प्रदेश र संघीय सरकारका सेवाहरूको बारेमा जानकारी भएका उत्तरदाताहरूको प्रतिशत कमै अर्थात् क्रमशः २०.७% र २७.३% रहेको छ ।




*चित्र ५.४.१ : प्रश्न-E10AM.1, E10AN.1, E10AO.1. के तपाईंलाई स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले प्रदान गर्ने सेवाहरूको बारेमा जानकारी छ ? (सं. = ७,०५७) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**तीन तहका सरकारहरूद्वारा प्रदान गरिएका सेवाहरू बारेका जानकारी सबै प्रदेशमा फरक फरक रहेका छन् ।** स्थानीय सरकारद्वारा प्रदान गरेको सेवाबारे जानकारी राख्ने सबैभन्दा बढी उत्तरदाताहरु ५७.६% गण्डकी प्रदेशमा रहेका छन् भने सबैभन्दा कम उत्तरदाताहरु कर्णाली प्रदेश ३२.४% मा रहेका छन् । त्यसैगरी, लुम्बिनी प्रदेशबाट २९% उत्तरदाताहरूको उच्च अनुपातले प्रदेश सरकारद्वारा प्रदान गर्ने सेवाबारे जानकारी भएको बताएका छन्, भने बागमती प्रदेशका १५.५% उत्तरदाताहरूको न्यून अनुपातले प्रदेश सरकारद्वारा प्रदान गर्ने सेवाबारे जानकारी भएको कुरा बताएका छन् । गण्डकी प्रदेशबाट ३८.७% उत्तरदाताहरूको उच्च अनुपातले संघीय सरकारद्वारा प्रदान गरेको सेवाबारे जानकारी राख्ने बताएका छन्, भने प्रदेश २ बाट १४.९% उत्तरदाताहरूको न्यून अनुपातले उही कुरा भनेका छन् । कर्णाली प्रदेश र प्रदेश १ का थोरै उत्तरदाताहरूलाई प्रदेश सरकार र संघीय सरकारबाट प्रदान गरिएका सेवाहरूबारे जानकारी भएको बताएका छन् । प्रदेश २ र लुम्बिनी प्रदेशमा सबै तीन तहका सरकारका सेवाहरूबारे जानकारी भएका उत्तरदाताहरूको संख्या भने क्रमशः बढीरहेको देखिन्छ । (थप विवरणका लागि, तालिका ५.४.१ हेर्नुहोस्) ।

**स्थानीय, प्रदेश र संघीय सरकारले प्रदान गरेका सेवाहरूको बारेमा जानकारी, प्रदेश र वर्षअनुसार**

| | वर्ष | | छ | छैन |
|---|---|---|---|---|
| प्रदेश १ | सन् २०१८ | स्थानीय सरकार | ५०.८% | ४९.२% |
| | | प्रदेश सरकार | १०.३% | ८९.७% |
| | | संघीय सरकार | ३०.५% | ६९.५% |
| | सन् २०२० | स्थानीय सरकार | ४४.५% | ५५.५% |
| | | प्रदेश सरकार | १८.०% | ८२.०% |
| | | संघीय सरकार | ३१.७% | ६८.३% |
| प्रदेश २ | सन् २०१८ | स्थानीय सरकार | ३०.०% | ७०.०% |
| | | प्रदेश सरकार | ६.५% | ९३.५% |
| | | संघीय सरकार | ८.६% | ९१.४% |
| | सन् २०२० | स्थानीय सरकार | ३५.३% | ६४.७% |
| | | प्रदेश सरकार | २०.४% | ७९.६% |
| | | संघीय सरकार | १४.९% | ८५.१% |
| बागमती प्रदेश | सन् २०१८ | स्थानीय सरकार | ५१.५% | ४८.५% |
| | | प्रदेश सरकार | २५.१% | ७४.९% |
| | | संघीय सरकार | ३०.४% | ६९.६% |
| | सन् २०२० | स्थानीय सरकार | ५३.७% | ४६.३% |
| | | प्रदेश सरकार | १५.५% | ८४.५% |
| | | संघीय सरकार | ३२.९% | ६७.१% |
| गण्डकी प्रदेश | सन् २०१८ | स्थानीय सरकार | ६५.६% | ३४.४% |
| | | प्रदेश सरकार | २०.७% | ७९.३% |
| | | संघीय सरकार | ३३.१% | ६६.९% |
| | सन् २०२० | स्थानीय सरकार | ५७.६% | ४२.४% |
| | | प्रदेश सरकार | २१.८% | ७८.२% |
| | | संघीय सरकार | ३८.७% | ६१.३% |
| लुम्बिनी प्रदेश | सन् २०१८ | स्थानीय सरकार | ४५.७% | ५४.३% |
| | | प्रदेश सरकार | १३.५% | ८६.५% |
| | | संघीय सरकार | २१.७% | ७८.३% |
| | सन् २०२० | स्थानीय सरकार | ५५.८% | ४४.२% |
| | | प्रदेश सरकार | २९.०% | ७१.०% |
| | | संघीय सरकार | ३१.०% | ६९.०% |

| | वर्ष | | छ | छैन |
|---|---|---|---|---|
| कर्णाली प्रदेश | सन् २०१८ | स्थानीय सरकार | ३५.५% | ६४.५% |
| | | प्रदेश सरकार | ११.८% | ८८.२% |
| | | संघीय सरकार | १४.४% | ८५.६% |
| | सन् २०२० | स्थानीय सरकार | ३२.४% | ६७.६% |
| | | प्रदेश सरकार | १७.०% | ८३.०% |
| | | संघीय सरकार | २०.३% | ७९.७% |
| सुदूरपश्चिम प्रदेश | सन् २०१८ | स्थानीय सरकार | ५१.९% | ४८.१% |
| | | प्रदेश सरकार | ३१.३% | ६८.७% |
| | | संघीय सरकार | ३५.५% | ६४.५% |
| | सन् २०२० | स्थानीय सरकार | ५४.८% | ४५.२% |
| | | प्रदेश सरकार | २३.६% | ७६.४% |
| | | संघीय सरकार | २१.२% | ७८.८% |

*तालिका ५.४.१ : प्रश्न-E10AM.1, E10AN.1, E10AO.1. के तपाईंलाई स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले प्रदान गर्ने सेवाहरूको बारेमा जानकारी छ ? (सं. = ७,०५७)*

**स्थानीय सरकारका सेवाहरू बारेको जानकारी तराईका भन्दा पहाडी र हिमाली क्षेत्रका बासिन्दामा बढी रहेको छ ।** तालिका ५.४.२ मा देखाइए जस्तै पहाडी र हिमाली क्षेत्रका उत्तरदाताहरूमध्ये ५१% भन्दा केही बढी अनुपातले स्थानीय सरकारले प्रदान गर्ने सेवाहरूका बारेमा जानकारी रहेको बताएका छन्, तराईका ४४.७% उत्तरदाताहरूले मात्र उही कुरा बताएका छन् । सबै भौगोलिक क्षेत्रहरूमा उत्तरदाताहरूको एक चौथाइ भन्दा कमले प्रदेश सरकारले प्रदान गर्ने सेवाहरूको बारेमा जानकारी राख्ने बताएका छन्, जबकि हिमाली क्षेत्रका एक तिहाइ (३४.९%) उत्तरदाताहरूले संघीय सरकारले प्रदान गर्ने सेवा सुविधाहरूको बारे जानकारी रहेको बताएका छन् । तीन तहका सरकारहरूद्वारा प्रदान गरिएका सेवाहरूको जानकारी बारेमा ग्रामीण र शहरी क्षेत्रमा बसोबास गर्ने व्यक्तिको प्रतिक्रियाहरूमा कुनै खास फरक रहेको छैन ।

**नेपाली महिलाहरू, कम शिक्षित उत्तरदाताहरू र विपन्न घर परिवारका मानिसहरूले सामान्यतया विभिन्न तहका सरकारबाट प्रदान गरिएका सेवाहरूको बारे जानकारी नभएको बताएका छन् ।** लैंगिक हिसाबले तुलनात्मक रूपमा महिलाहरु भन्दा बढी पुरूषहरूले तीनै तह सरकारबाट प्रदान गरिएका सेवाहरूको बारेमा जानकारी राख्ने बताएका छन् । उत्तरदाताको सचेतनाको स्तर, शिक्षा र आम्दानीसँग प्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ । **तीन तहका सरकारहरूद्वारा प्रदान गरिएका सेवाहरूको जानकारी भएका उत्तरदाताहरूको अनुपात उनीहरूको शिक्षा र आयको स्तरसँगै बढेको देखिएको छ ।**

**सरकारहरूद्वारा प्रदान गरिएका सेवाहरूको सम्बन्धमा जात/जातीयता अनुसार उत्तरदाताहरूको चेतनाको स्तर फरक रहेको देखिएको छ ।** स्थानीय, प्रदेश र संघीय सरकारले प्रदान गर्ने सेवाहरु प्रति पहाडी जाति समूह र मधेशी जातजाति (तह-१) उत्तरदाताहरु बढी सचेत रहेको देखिएको छ । पहाडी दलित, मधेशी दलित र अन्य सांस्कृतिक समूहका मानिसहरूलाई भने सरकारले प्रदान गर्ने सेवाहरूबारे कम जानकारी रहेको देखिएको छ । (थप विवरणका लागि, तालिका ५.४.२ हेर्नुहोस्) ।

**सरकारले प्रदान गरेका सेवाहरू बारेको जानकारी, भौगोलिक क्षेत्र, लिंग, शिक्षा, जाति र आम्दानीअनुसार**

| | | स्थानीय सरकार | | प्रदेश सरकार | | संघीय सरकार | |
|---|---|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन | छ | छैन |
| समग्र | | ४७.९% | ५२.१% | २०.७% | ७९.३% | २७.३% | ७२.७% |
| बसोबास गर्ने ठाउँ | गाउँपालिका | ४५.८% | ५४.२% | २०.३% | ७९.७% | २६.७% | ७३.३% |
| | नगरपालिका | ४९.१% | ५०.९% | २१.०% | ७९.०% | २७.७% | ७२.३% |
| भौगोलिक क्षेत्र | हिमाल | ५१.१% | ४८.९% | १९.८% | ८०.२% | ३४.९% | ६५.१% |
| | पहाड | ५१.२% | ४८.८% | १७.१% | ८२.९% | २९.२% | ७०.८% |
| | तराई | ४४.७% | ५५.३% | २४.०% | ७६.०% | २४.७% | ७५.३% |
| लिंग | महिला | ३९.३% | ६०.७% | १३.८% | ८६.२% | १८.९% | ८१.१% |
| | पुरूष | ५७.१% | ४२.९% | २८.१% | ७१.९% | ३६.३% | ६३.७% |
| उमेर | १८-२५ | ४२.७% | ५७.३% | १८.३% | ८१.७% | २५.८% | ७४.२% |
| | २५-३५ | ४८.५% | ५१.५% | २२.४% | ७७.६% | २५.८% | ७४.२% |
| | ३५-४५ | ५०.१% | ४९.९% | २१.२% | ७८.८% | २६.९% | ७३.१% |
| | ४५-५५ | ५२.७% | ४७.३% | २३.१% | ७६.९% | ३०.४% | ६९.६% |
| | ५५ वर्ष भन्दा माथि | ४७.४% | ५२.६% | १९.०% | ८१.०% | २९.१% | ७०.९% |
| शिक्षा | पढ्न/लेख्न नजान्ने | २८.९% | ७१.१% | ९.०% | ९१.०% | १३.६% | ८६.४% |
| | अनौपचारिक शिक्षा पाएको | ४६.७% | ५३.३% | १६.३% | ८३.७% | १९.४% | ८०.६% |
| | आधारभूत शिक्षा | ४३.२% | ५६.८% | १८.४% | ८१.६% | २२.५% | ७७.५% |
| | माध्यमिक शिक्षा | ५५.१% | ४४.९% | २४.९% | ७५.१% | ३४.०% | ६६.०% |
| | उच्च शिक्षा | ७५.७% | २४.३% | ४३.८% | ५६.२% | ५४.७% | ४५.३% |
| जाति | पहाडी जाति | ५३.४% | ४६.६% | २२.१% | ७७.९% | ३१.९% | ६८.१% |
| | पहाडी आदिवासी/जनजाति | ४९.९% | ५०.१% | १८.२% | ८१.८% | ३०.९% | ६९.१% |
| | पहाडी दलित | ४४.८% | ५५.२% | १५.४% | ८४.६% | २२.४% | ७७.६% |
| | मधेशी जाति (तह-१) | ५९.३% | ४०.७% | ३७.३% | ६२.७% | ३३.९% | ६६.१% |
| | मधेशी जाति (तह-२) | ३९.१% | ६०.९% | २२.६% | ७७.४% | १९.६% | ८०.४% |
| | मधेशी (आदिवासी/जनजाति) | ४९.०% | ५१.०% | २२.४% | ७७.६% | २३.०% | ७७.०% |
| | मधेशी दलित | ३०.०% | ७०.०% | १८.४% | ८१.६% | १३.३% | ८६.७% |
| | अन्य सांस्कृतिक समूह | २५.०% | ७५.०% | ८.३% | ९१.७% | ८.३% | ९१.७% |
| | मुसलमान | ४७.२% | ५२.८% | २८.५% | ७१.५% | २८.५% | ७१.५% |
| आम्दानी समूह (नेपाली रूपैयाँमा) | ६०,००० र त्यसभन्दा मुनी | ३८.७% | ६१.३% | १२.१% | ८७.९% | १७.०% | ८३.०% |
| | ६०,००१-१२०,००० | ४९.७% | ५०.३% | २४.३% | ७५.७% | २९.९% | ७०.१% |
| | १२०,०००-२००,००० | ५३.८% | ४६.२% | २८.४% | ७१.६% | ३२.१% | ६७.९% |
| | २००,००० र त्यसभन्दा माथि | ६८.९% | ३१.१% | ३१.१% | ६८.९% | ४५.०% | ५५.०% |
| | आश्रित | ३८.०% | ६२.०% | १४.२% | ८५.८% | २०.०% | ८०.०% |

*तालिका ५.४.२ : प्रश्न-E10AM.1, E10AN.1, E10AO.1. के तपाईंलाई स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले प्रदान गर्ने सेवाहरूको बारेमा जानकारी छ ? (सं. = ७,०५७)*

### *विभिन्न वर्षहरूमा सेवाहरूको प्रकार बारेको जानकारी*

विभिन्न तहका सरकारहरूबाट प्रदान गरिएका सेवाहरूबारे जानकारी भएका उत्तरदाताहरूलाई उनीहरूले जानेका सेवाहरूको नाम उल्लेख गरिदिन आग्रह गरिएको थियो । **सन् २०१८ मा जस्तै सन् २०२० मा पनि स्थानीय, प्रदेश र संघीय सरकारद्वारा प्रदान गरिएका बाटोघाटो/सडक निर्माण तथा मर्मत संभारको सेवा बारेमा उत्तरदाताहरूलाई अधिक जानकारी रहेको देखिएको छ, त्यसपछि शिक्षाको बारेमा जानकारी रहेको देखिएको छ ।**

**स्थानीय सरकारद्वारा प्रदान गरिएको सेवाहरूमध्ये व्यापक रूपमा चिनिएका सेवाहरूमा बाटोघाटो/सडक वा भौतिक पूर्वाधार सम्बन्धी सेवाहरू रहेको देखिएको छ ।** पाँचमध्ये करिब चारजना उत्तरदाताहरु (सन् २०१८ मा ७८.८% र सन् २०२० मा ७९.६%) सडक र भौतिक पूर्वाधारसँग सम्बन्धित सरकारी सेवाहरूको बारेमा सचेत रहेका छन् । सन् २०२० मा स्थानीय सरकारी सेवा प्रति सचेत रहेका लगभग एक तिहाइ (३२.२%) उत्तरदाताहरूले शैक्षिक सेवाको बारेमा जानकारी रहेको उल्लेख गरेका छन्, जबकि यो प्रतिशत सन् २०१७ मा २४.८% रहेको थियो । अन्य परिचित स्थानीय सरकारका सेवाहरूमा खानेपानी सम्बन्धी सेवाहरु (२७.२%), स्वास्थ्य सम्बन्धी सेवाहरु (८.५%), विद्युत सम्बन्धी सेवाहरु (७.३%) र रोजगार सम्बन्धी सेवाहरु (५.७%) रहेका छन् ।

**उत्तरदाताहरूले सबैभन्दा सुनेजानेको र प्रदेश सरकारद्वारा प्रदान गरिएको सेवा अन्तर्गत बाटोघाटो तथा लोकमार्गको सेवा रहेको छ, यो सेवाबारे तीन चौथाइ उत्तरदाताहरू (७४.५%) ले आफूलाई जानकारी भएको उल्लेख गरेका छन्, जुन सन् २०१८ मा ५३.८% बाट बढेको थियो ।** पाँच जनामा लगभग दुई जना उत्तरदाताहरू (३९%) ले शिक्षालाई प्रदेश सरकारहरूद्वारा प्रदान गरिएको सेवाको रूपमा जानेका छन्, यसबारे सन् २०१८ को तथ्यांक पनि लगभग उस्तै रहेको छ ।

**स्थानीय, प्रदेश र संघीय सरकारद्वारा प्रदान गरिएका सेवाहरू सम्बन्धी जानकारी, वर्षअनुसार**




*चित्र ५.४२ : प्रश्न-E10AM.2, E10AN.2, E10AO.2. (यदि प्रश्न-E10AM.1, E10AN.1 / E10AO.2 मा 'छ' भन्ने उत्तर आएमा) के तपाईंले स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले प्रदान गर्ने सेवाहरूको नाम बताइदिन सक्नुहुन्छ ? [सं. = ३,३८३; १,४६४; १,९२८ (सन् २०२० मा)]*

संघीय सरकारका सेवाहरूबारे जानकारी भएका उत्तरदाताहरूलाई, सेवाको नाम उल्लेख गरिदिन आग्रह गर्दा अधिकांश उत्तरदाताहरूले राष्ट्रिय लोकमार्ग/भौतिक पूर्वाधारमा (५५.५%) र शिक्षा सम्बन्धी सेवाहरूमा (५१.७%) र करिब एक चौथाइ (२५%) ले सामाजिक सुरक्षा सम्बन्धी सेवाहरूबारे उल्लेख गरेका छन् । सडक/भौतिक पूर्वाधार र शिक्षालाई संघीय सरकारको प्रमुख सेवाको रूपमा उल्लेख गर्नेहरूको संख्या सन् २०१८ पछि क्रमशः बढीरहेको छ ।

स्थानीय सरकारका सेवाहरूबारे जानकारी नभएका ५२.१% उत्तरदाताहरूलाई उनीहरूको सचेतनाको स्तरमा कसरी सुधार गर्न सकिएला, भनेर सोधिएको थियो । **स्थानीय सरकारका सेवाहरूबारे जानकारी नभएका धेरै उत्तरदाताहरूले समुदायिक/स्थानीय रेडियो नेटवर्क/स्टेशनहरू, टेलिभिजन तथा साथीहरू, परिवार र छरछिमेकीको माध्यमबाट प्रचारप्रसार गरेमा ती सेवाबारे उनीहरूलाई बढी जानकारी हुन मद्दत गर्छ, भनेका छन् ।** स्थानीय सरकारसँग सम्बन्धित सेवाहरूको लागि अधिकांश उत्तरदाताहरु (५४.५%) ले साथीहरु, परिवार र छरछिमेकीबाट सूचना पाएमा उनीहरूलाई सचेत हुन अझै मद्दत गर्छ भनेका छन्, त्यसैगरी ३९.७% उत्तरदाताले स्थानीय रेडियो नेटवर्क/स्टेशन र टेलिभिजन (३९.२%) बाट प्रचार प्रसार गरेमा उपयोगी हुने बताएका छन् । त्यस्तै, प्रदेश र संघीय सरकारले प्रदान गर्ने सेवाहरूबारे जानकारी नभएका क्रमशः ७९.३% र ७२.७% उत्तरदातालाई उनीहरूको सचेतनाको स्तरमा कसरी सुधार गर्न सकिएला, भनेर सोधिएको थियो । प्रदेश र संघीय दुबै सरकारसँग सम्बन्धित सेवाहरूको लागि उत्तरदाताहरूले, टेलिभिजन; साथीहरु, परिवार र छरछिमेकीको तथा स्थानीय रेडियो नेटवर्क/स्टेशनहरु उत्तम माध्यम हुनसक्ने जनाएका छन् । (थप विवरणका लागि, तालिका ५.४.५ हेर्नुहोस्) ।

### विभिन्न तहका सरकारद्वारा प्रदान गरिएका सार्वजनिक सेवासम्बन्धी सूचनाको प्रसारण

| | स्थानीय | प्रदेश | संघीय |
|---|---|---|---|
| | सं. = ३,६१२ | सं. = ५,४६६ | सं. = ५,०२२ |
| साथीहरु, परिवार र छिमेकीबाट | ५४.५% | ४६.०% | ४८.२% |
| स्थानीय रेडियो नेटवर्क/स्टेशनबाट प्रचारप्रसार गरेमा | ३९.७% | ४४.७% | ४५.२% |
| टेलिभिजनबाट प्रचारप्रसार गरेमा | ३९.२% | ४७.७% | ५१.७% |
| स्थानीय समुदायका अगुवाहरूबाट | २९.१% | २६.९% | २८.९% |
| रेडियो नेपालबाट प्रचारप्रसार गरेमा | २७.०% | ३०.३% | ३५.१% |
| समुदायमा आधारित समूहहरूबाट (आमा समूह, बचत तथा ऋण समूह आदि) | १५.९% | १५.५% | १६.१% |
| सामाजिक सञ्जालबाट (फेसबुक,ट्वीटर) | १४.५% | १८.०% | १६.८% |
| पर्चा, पम्पलेट र पोष्टरबाट | १३.३% | १०.२% | १०.५% |
| स्थानीय पत्रपत्रिकाहरूबाट | ११.८% | १३.५% | १३.८% |
| बजारबाट | ११.७% | ११.३% | १२.३% |
| राजनीतिक दलहरूबाट | ११.०% | १०.७% | ११.८% |
| इन्टरनेट बाट | ८.८% | ११.४% | ११.०% |
| सरकारी कर्मचारीबाट | ७.६% | ६.०% | ७.०% |
| राष्ट्रिय पत्रपत्रिकाहरूबाट | ६.८% | ११.०% | १२.१% |
| मोबाइलको एसएमएसबाट | ५.४% | ५.४% | ६.३% |
| स्थानीय विद्यालयका शिक्षकहरूबाट | ३.२% | २.७% | २.७% |
| नगरपालिका/सरकारी वेबसाइटहरूबाट | १.५% | १.३% | १.२% |
| नागरिक समाज र गैर सरकारी संस्थाहरूबाट | ०.७% | ०.४% | ०.४% |
| तालिमबाट | ०.५% | ०.२% | ०.३% |

*तालिका ५.४.३ : प्रश्न-E10AM3, E10AN3, E10AO3. के गरियो भने क) स्थानीय सरकार, ख) प्रदेश सरकार र ग) संघीय सरकारले प्रदान गर्ने सेवाहरूको बारेमा सजिलोसँग जानकारी पाउन सकिन्छ ?*

## ५.५ सार्वजनिक सेवासम्म पहुँचका अनुभवहरू

सर्वेक्षणमा सहभागी सबै उत्तरदाताहरूलाई गएको एक वर्षमा उनीहरूले आफ्नो सम्बन्धित नगरपालिका/गाउँपालिका वा वडाद्वारा प्रदान गरिएका विभिन्न सेवाहरु लिएको वा नलिएको बारेमा सोधिएको थियो । यसबारे विभिन्न प्रकारका १३ ओटा सेवाहरूको लागि प्रश्नहरु सोधिएको थियो, प्रत्येकको उत्तर ठूलो स्वरले पढिएको पनि थियो । यस सम्बन्धमा १६.५% उत्तरदाताहरूले गएको एक वर्षमा उनीहरूको सम्बन्धित वडा/नगरपालिका/गाउँपालिकाबाट कुनैपनि सेवा नलिएको बताएका छन् । सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशमा लगभग ९४% उत्तरदाताहरूले आफ्नो सम्बन्धित स्थानीय सरकारबाट कम्तिमा एउटा सेवा लिएको बताएका छन्, भने प्रदेश २ मा ६६% उत्तरदाताहरूले कम्तिमा एउटा सेवा लिएको बताएका छन् ।

**सम्बन्धित स्थानीय सरकारबाट जनताले लिएका सेवाहरू, प्रदेशअनुसार**




*चित्र ५.५.१ : प्रश्न-E10a-n के तपाईंले गएको एक वर्षमा पालिका कार्यालय, साथै वडा कार्यालयबाट कुनै सेवा लिनुभयो ? (सं. = ७,०६०)*

**गएको एक वर्षमा स्थानीय सरकारबाट उपलब्ध गरिएको सेवाहरू मध्ये स्वास्थ्य परिक्षण सेवा सबैभन्दा धेरै (६५.८%) उत्तरदाताहरूले लिएको बताएका छन् ।** गएको एक वर्षमा दशमध्ये चार जनाले उनीहरूको गाउँपालिका/नगरपालिकाबाट भूमि (मालपोत) सम्बन्धी सेवाहरु (४२.५%) वा कर सम्बन्धी सेवाहरु (४०.२%) प्राप्त गरेको बताएका छन् र एक तिहाइ भन्दा बढी (३६.५%) उत्तरदाताहरूले गएको एक वर्षमा सरकारी विद्यालयबाट भर्ना सम्बन्धी सेवाहरु लिएको बताएका छन् । त्यसैगरी, दशमध्ये करिब दुईजना उत्तरदाताहरु (२२.९%) ले सामाजिक सुरक्षा भत्ता सम्बन्धी सेवाहरु, १८.३% उत्तरदाताहरूले जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, बसाइँसराइ प्रमाणपत्र र १७.६% उत्तरदाताहरूले नागरिकताको लागि सिफारिस पत्र लगायतका सेवाहरु पाएको बताएका छन् । उत्तरदाताहरूको एक प्रतिशतले मात्र विगत एक वर्षमा पारपाचुके प्रमाणपत्र पाएको उल्लेख गरेका छन् (थप विवरणका लागि, तालिका ५.५.१ हेर्नुहोस्) ।

**गएको एक वर्षमा सम्बन्धित स्थानीय सरकारमार्फत् जनताले लिएका सेवाहरु**

| सेवाका प्रकार | सेवा लिएको | सेवा नलिएको |
|---|---|---|
| नागरिकताको लागि सिफारिस | १७.६% | ८२.४% |
| सामाजिक सुरक्षा भत्ता (एकल महिला, ज्येष्ठ नागरिक, शारीरिक रूपमा अशक्त) | २२.९% | ७७.१% |
| जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, बसाईसराई प्रमाणपत्र | १८.३% | ८१.७% |
| पारपाचुके प्रमाणपत्र | ०.९% | ९९.१% |
| रोजगारी सम्बन्धी सेवाहरु | ३.९% | ९६.१% |
| न्यायिक समितिले दिएका सेवाहरु | २.२% | ९७.८% |
| भूमि (मालपोत) सम्बन्धी सेवाहरु | ४२.५% | ५७.५% |
| सरकारी विद्यालयमा भर्ना गराउन पदा{ | ३६.५% | ६३.५% |
| स्थानीय स्वास्थ्य चौकी र अस्पतालमा उपचार गर्दा | ६५.८% | ३४.२% |
| प्रहरीको सहयोग लिँदा | ७.५% | ९२.५% |
| व्यापार अनुमति पत्र | ४.८% | ९५.२% |
| कर सम्बन्धी कामहरु | ४०.२% | ५९.८% |
| अन्य सरकारी कामको लागि सिफारिस पत्र | ९.५% | ९०.५% |
| अन्य सेवाहरु लिँदा | ०.५% | ९९.५% |

*तालिका ५.५.१ : प्रश्न-E10a-n के तपाईंले गएको एक वर्षमा पालिका कार्यालय, साथै वडा कार्यालयबाट कुनै सेवा लिनुभयो ? (सं. = ७,०६०)*

## गाउँ/नगरपालिकामा पाइने सेवाहरुको सहजता

**आफ्नो नगरपालिका वा वडाबाट सेवाहरू प्राप्त गर्ने उत्तरदाताहरूलाई, ती सेवा सुविधाहरू प्राप्त गर्दाका अनुभव सुनाउन अनुरोध गरिएको थियो । उत्तरदाताहरूलाई उनीहरूको अनुभवलाई निम्नानुसार उल्लेख गर्न भनिएको थियो : 'धेरै सजिलो', 'सजिलो', 'गाह्रो' र 'धेरै गाह्रो'** । तालिका ५.५.२ मा देखाएजस्तै, आफ्नो नगरपालिका वा वडाबाट रोजगार सम्बन्धी सेवाहरु बाहेक अरू सेवा पाउन सजिलो हुने कुरा बहुसंख्यक उत्तरदाताहरूले बताएका छन् । करिब सबैजसो उत्तरदाताहरु (९८.८%) ले सरकारी विद्यालयमा भर्ना गर्दा पाइने सेवा सजिलो भएको बताएका छन्, त्यसपछि मालपोत र कर राजस्वसँग सम्बन्धित सेवाहरु (९६.१%), स्थानीय स्वास्थ्य चौकी र अस्पतालमा उपचार गर्दा पाइने सेवाहरु (९५.४%), सामाजिक सुरक्षा भत्ता लिँदा (९५.३%) र आधिकारिक प्रमाणपत्र लिँदा (९५.०%) उत्तरदाताहरूले सजिलोसँग सेवाहरु पाइने बताएका छन् । यसको विपरीत, एक तिहाइ उत्तरदाताहरु (३२.१%) ले उनीहरूको स्थानीय सरकारबाट रोजगार सम्बन्धी सेवाहरु पाउन गाह्रो भएको बताएका छन् । उत्तरदाताहरूको पर्याप्त अनुपातले उनीहरूलाई प्रहरीको सहयोग लिन, व्यापार अनुमति पत्र पाउन, नागरिकताको लागि सिफारिस र न्यायिक समितिले दिएका सेवाहरु पाउन पनि कठिनाइ भएको कुरा बताएका छन् (थप विवरणका लागि, तालिका ५.५.२ हेर्नुहोस्) ।

**गाउँपालिका/नगरपालिकामा सेवाहरू प्राप्त गर्दाका सहजता**

| सेवाका प्रकार | संख्या | सजिलो[२३] | गाह्रो[२४] |
|---|---|---|---|
| नागरिकताको लागि सिफारिस | १,२४५ | ८९.२% | १०.७% |
| सामाजिक सुरक्षा भत्ता (एकल महिला,ज्येष्ठ नागरिक, शारीरिक रूपमा अशक्त) | १,६१७ | ९५.३% | ४.७% |
| जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, बसाईसराई प्रमाणपत्र | १,२९० | ९५.०% | ५.०% |
| पारपाचुके प्रमाणपत्र | ६६ | ९३.८% | ६.२% |
| रोजगारी सम्बन्धी सेवाहरु | २७४ | ६७.९% | ३२.१% |
| न्यायिक समितिले दिएका सेवाहरु | १५७ | ८९.९% | १०.१% |
| भूमि (मालपोत) सम्बन्धी सेवाहरु | ३,००१ | ९६.१% | ३.९% |
| सरकारी विद्यालयमा भर्ना गराउन पर्दा | २,५७७ | ९८.८% | १.२% |
| स्थानीय स्वास्थ्य चौकी र अस्पतालमा उपचार गर्दा | ४,६४५ | ९५.४% | ४.६% |
| प्रहरीको सहयोग लिँदा | ५२७ | ८६.४% | १३.६% |
| व्यापार अनुमति पत्र | ३४२ | ८७.२% | १२.९% |
| कर सम्बन्धी कामहरु | २८३७ | ९६.१% | ३.९% |
| अन्य सरकारी कामको लागि सिफारिस पत्र | ६७३ | ९१.०% | ९.०% |
| अन्य सेवाहरु लिँदा | ३४ | ६६.१% | ३३.९% |

*तालिका ५.५२ : प्रश्न-E10a-n. गाउँ/नगरपालिकामा सेवा सुविधा प्राप्त गर्दाका सहजता ।*

**सेवा सुविधा प्राप्त गर्दाका सहजता**




चित्र ५.५२ : प्रश्न-***E10a-n.*** गएको एक वर्षमा तपाईंको आफ्नो अनुभवको आधारमा गाउँ/नगरपालिकामा सेवा सुविधा लिनको लागि कत्तिको सजिलो वा गाह्रो परेको थियो ?

---

२३ उत्तरदाताहरूले भनेको, 'धेरै सजिलो' र 'सजिलो' दुबै पक्षलाई जोडेर यहाँ 'सजिलो' मात्र भनिएको छ ।

२४ उत्तरदाताहरूले भनेको, 'धेरै गाह्रो' र 'गाह्रो' दुबै पक्षलाई जोडेर यहाँ 'गाह्रो' मात्र भनिएको छ ।

### सेवा सुविधा पाउँदा भोग्नुपर्ने असहजताका कारणहरू

उत्तरदाताहरूको एक अल्पसंख्याले, गएको एक वर्षमा उनीहरूको गाउँपालिका/नगरपालिकामा सेवाहरु पाउँदा गाह्रो भएको बताएका छन् । आफ्नो गाउँ/नगरपालिकाबाट सेवा सुविधाहरु लिन गाह्रो अथवा धेरै गाह्रो हुनुको कारणमा सेवा पाउनका लागि गर्नुपर्ने जटिल प्रक्रिया, सेवा प्रवाहमा ढिलाइ, अधिकारीहरूको गैरजिम्मेवारपूर्ण मनोवृत्ति, सेवाहरु लिन घुस/उपहार दिन बाध्य हुनु, भेदभावपूर्ण व्यवहार र राजनीतिक प्रभाव आदि रहेका छन् । **उत्तरदाताहरूको अत्यधिक संख्या (६२.९%) ले न्यायिक समितिबाट सेवा पाउन भेदभावपूर्ण व्यवहारको कारणले गाह्रो भएको धारणा राखेका छन्, भने ५१.१% उत्तरदाताहरूले रोजगार सम्बन्धी सेवा पाउने बेलामा पनि भेदभावपूर्ण व्यवहारको कारणले सास्ती खेपेको बताएका छन् ।**

सेवा लिँदा घुस/उपहार दिनुपर्ने कारणले उत्तरदाताहरूको पर्याप्त अनुपातले प्रहरीसँगबाट सेवा लिँदा, व्यापार अनुमति पत्र, सम्बन्ध विच्छेदका प्रमाणपत्रहरु, कर सेवाहरु र न्यायिक समितिबाट सेवाहरु लिँदा गाह्रो भएको बताएका छन् (थप विवरणका लागि, तालिका ५.५.३ हेर्नुहोस्) ।

### सेवा सुविधा पाउँदा भोग्नुपर्ने असहजताका कारणहरू[२५]

| सेवाको प्रकार | सं. | सेवा लिनको लागि झन्झटिलो प्रक्रिया भएकोले | सेवा दिन ढिला गरेकाले | कर्मचारीहरूको गैर जिम्मेवारीपन | घुस दिनु पर्ने भएकोले | भेदभावपूर्ण व्यबहार गर्ने भएकोले | सेवा प्रदायकहरूमा राजनीतिक प्रभाव परेकोले | कर्मचारीहरूको असक्षमता |
|---|---|---|---|---|---|---|---|---|
| नागरिकताको लागि सिफारिस | १३४ | ४९.६% | ४३.९% | ३९.३% | २०.४% | १४.०% | ६.१% | ५.५% |
| सामाजिक सुरक्षा भत्ता | ७५ | ५२.२% | ५२.३% | १६.७% | १.३% | १०.१% | ४.९% | ४.२% |
| आधिकारिक प्रमाणपत्र | ६५ | ४७.९% | ३३.६% | ३२.५% | ९.८% | ८.१% | १४.७% | ३.१% |
| पारपाचुके प्रमाणपत्र | ४ | २८.४% | ८३.७% | २४.०% | २४.०% | १२.२% | ०.०% | ०.०% |
| रोजगारी सम्बन्धी सेवाहरु | ८८ | २७.३% | २३.२% | १४.९% | १४.६% | ५१.१% | ४०.४% | १०.०% |
| न्यायिक समितिले दिएका सेवाहरु | १५ | १७.३% | १५.३% | २७.०% | २४.७% | ६२.९% | १९.७% | १०.०% |
| भूमि (मालपोत) सम्बन्धी सेवाहरु | ११७ | ४९.२% | ६०.७% | २४.५% | १८.२% | १०.१% | १.८% | ३.७% |
| सरकारी विद्यालयमा भर्ना गराउन पर्दा | ३२ | ४२.२% | २२.६% | १३.२% | ३.३% | २३.२% | ७.६% | ११.४% |
| स्थानीय स्वास्थ्य चौकी र अस्पतालमा उपचार गर्दा | २१२ | ३८.१% | ४८.५% | ३२.५% | १.०% | ११.२% | २.७% | २०.७% |
| प्रहरीको सहयोग लिँदा | ७२ | २४.१% | ४१.२% | ३१.६% | २८.९% | १९.७% | २६.२% | १.२% |
| व्यापार अनुमति पत्र | ४४ | ५५.३% | ५९.३% | २९.०% | २८.२% | ६.६% | १७.२% | ५.०% |
| कर सम्बन्धी कामहरु | १११ | ५३.१% | ६५.९% | २१.४% | २३.८% | २.९% | ४.३% | ११.२% |
| अन्य सरकारी कामको लागि सिफारिस पत्र | २५ | ४४.०% | ४१.१% | ३८.१% | २०.०% | ३.८% | १७.३% | ३.५% |
| अन्य सेवाहरु लिँदा | ११ | ७१.०% | ३१.७% | ४०.७% | ५२.२% | १७.३% | ०.०% | ०.०% |

*तालिका ५.५.३ : प्रश्न-E10G. के कारणले तपाईंलाई आफ्नो गाउँ/नगरपालिकाबाट सेवा सुविधाहरु लिन गाह्रो अथवा धेरै गाह्रो भएको थियो ?*

२५ तालिका ५.५.३ मा, संख्यालाई तालिकाको तल संक्षेपमा सं. लेखिएको छ, जसले उत्तरदाताहरूको संख्यालाई दर्साउँछ, यो संख्याले उनीहरूले खेपेका कठिनाइका कारणहरु बताउँछन् । तालिकामा देखाइए अनुसारको आधारलाई ध्यान दिनु जरूरी छ किनकी परिणामहरूको व्याख्या गर्दा केही सेवाहरूको आधारको आकार एकदम सानो हुने गरेको छ ।

उत्तरदाताहरूले सेवा प्रदान गर्ने अधिकारीहरूमा रहेको अनुत्तरदायी मनोवृत्तिका कारणले नागरिकता र अन्य सरकारी कागजातहरूको लागि सिफारिस लिँदा; स्वास्थ्य जाँचका लागि स्वास्थ्य चौकी/अस्पतालहरूमा जाँदा र प्रहरीलाई सम्पर्क गर्दा कठिनाइको अनुभव भएको बताएका छन् । अधिकांश उत्तरदाताहरूले व्यापार अनुमति पत्र, कर तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी सेवाहरु पाउन जटिल, अस्पष्ट प्रक्रिया तथा सेवा उपलब्ध गराउन बसेका कर्मचारीले नै नियमहरु बुझ्न नसक्दा सम्बन्धित सेवा पाउन गाह्रो भएको भनी बताएका छन् (थप विवरणका लागि, तालिका ५.५.३ हेर्नुहोस्) ।

## ५.६ शिक्षा सम्बन्धी धारणाहरू

**सर्वेक्षणमा सहभागी उत्तरदाताहरू गाउँपालिका/नगरपालिकाले प्रदान गरेको शिक्षा सेवासँग 'केही सन्तुष्ट' मात्र रहेको बताएका छन् ।** उत्तरदाताहरु उनीहरूको क्षेत्रमा स्थानीय सरकारले प्रदान गरेको शिक्षा सम्बन्धी सेवा प्रति कत्तिको सन्तुष्ट छन्, भनेर ०-१० अंक मा मापन गर्ने हिसाबले प्रश्न सोधिएको थियो, जहाँ ० ले 'एकदमै असन्तुष्ट', ५ ले 'न सन्तुष्ट, न असन्तुष्ट' र १० ले 'एकदमै सन्तुष्ट' भन्ने जनाउँथ्यो । सबै उत्तरदाताहरूलाई, उनीहरूका छोराछोरीहरु अहिले कुनै शैक्षिक संस्थामा भर्ना भएका छन् कि छैनन्, भनेर समेत सोधिएको थियो । समग्रमा, गाउँपालिका/नगरपालिकाले प्रदान गरेका शिक्षा सम्बन्धी सेवाहरूसँग उत्तरदाताहरूको सन्तुष्टिको स्तर- 'केही सन्तुष्टि' रहेको देखिएको छ । उनीहरूको सन्तुष्टि स्तर अंक १० मा ६.३५ रहेको छ ।

**स्थानीय सरकारद्वारा प्रदान गरिएको शिक्षा सम्बन्धी सेवाहरूबारे सर्वेक्षणमा सहभागी उत्तरदाताहरूको सन्तुष्टि प्रदेश अनुसार फरक रहेको छ ।** सुदूरपश्चिम प्रदेशका जनता पछि बागमती प्रदेशका जनता उनीहरूको गाउँ/नगरपालिकाबाट प्रदान गरिएको शिक्षा सम्बन्धी सेवाहरूमा बढी सन्तुष्ट देखिएका छन् । उत्तरदाताहरूको सन्तुष्टिको स्तर सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा (६.९७) र सबैभन्दा कम कर्णाली प्रदेशमा (५.९९) रहेको छ । बागमती प्रदेशका जनता पछि, लुम्बिनी प्रदेश र प्रदेश १ का मानिसहरु आफ्नो पालिकाले प्रदान गरेको शिक्षा सम्बन्धी सेवाहरूसँग अरूभन्दा बढी सन्तुष्ट रहेका हुन सक्छन् भन्ने तथ्यांकले संकेत गरेको छ । बागमती प्रदेशमा औसत सन्तुष्टिको स्तर (६.७६), राष्ट्रिय औसत (६.३५) भन्दा केही बढी रहेको छ (थप विवरणका लागि, चित्र ५.६.१ हेर्नुहोस्) ।




| | समग्र | प्रदेश १ | प्रदेश २ | वागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|---|
| शिक्षा सम्बन्धी सेवाहरु | ६.३५ | ६.११ | ५.९९ | ६.७६ | ६.०२ | ६.४४ | ५.९९ | ६.९७ |
| स्वास्थ्य सम्बन्धी सेवाहरु | ६.२५ | ५.८७ | ६.०१ | ६.५६ | ५.८९ | ६.३८ | ५.८८ | ७.०८ |
| बाटो सम्बन्धी सेवाहरु | ६.२६ | ६.२५ | ५.६८ | ६.६४ | ६.१८ | ६.३२ | ५.९७ | ६.८७ |

*चित्र ५.६.१ : प्रश्न-E10Ha, E10Hb, E10Hc. तपाईं यहाँका स्थानीय क्षेत्र (गाउँ/नगरपालिका) मा स्थानीय सरकारबाट उपलब्ध गराइएका शैक्षिक/स्वास्थ्य/बाटो सँग सम्बन्धित सुविधाहरूबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? (सं. ७,०६०)*

नेपालमा शैक्षिक सेवाहरूको गुणस्तर मूल्यांकन गर्न, विद्यालय जाने उमेरका विद्यार्थीका अभिभावकलाई उनीहरूका छोराछोरीलाई सार्वजनिक वा निजी विद्यालयमा पढ्न पठाउँदाका अनुभवबारे सोधिएको थियो । सबैभन्दा पहिले उनीहरूको छोराछोरीलाई पढ्न पठाइएको विद्यालयको प्रकारको बारेमा र त्यसपछि घरबाट विद्यालयसम्म पुग्ने समय बारेमा प्रश्न सोधिएको थियो । त्यसपछि, विद्यालय जाने उमेरका विद्यार्थीका उत्तरदाता अभिभावकलाई शिक्षाको गुणस्तर कस्तो छ भनेर मूल्यांकन गर्न भनिएको थियो । यसका साथै विद्यालय शिक्षाको गुणस्तर कायम राख्न जिम्मेवार निकाय को हो भनेर बताउनको लागि आग्रह पनि गरिएको र विगतका वर्षको अवधिमा विद्यालय शिक्षाको गुणस्तरमा के कस्तो सकारात्मक तथा नकारात्मक परिवर्तन भएको छ उल्लेख गरिदिन आग्रह गरिएको थियो ।

### *सार्वजनिक/निजी विद्यालयमा भर्ना भएका विद्यार्थी*

**सन् २०२० मा सर्वेक्षणमा सहभागी धेरै उत्तरदाताहरूले निजी विद्यालयहरूमा भन्दा सार्वजनिक विद्यालयहरूमा आफ्ना छोराछोरीहरूलाई भर्ना गरेको बताएका छन् ।** उत्तरदाताहरूमध्ये ५५.३% ले आफ्ना छोराछोरी सार्वजनिक विद्यालयमा र ३६.८% ले निजी विद्यालयमा पढ्न जाने बताएका छन् । सार्वजनिक विद्यालयमा जाने विद्यार्थीको उच्च अनुपात कर्णाली प्रदेशमा (७५.८%) रहेको, त्यसपछि सुदूरपश्चिम प्रदेशमा (६८%) र गण्डकी प्रदेशमा (५८%) रहेको छ । यसको विपरीत, निजी विद्यालयमा जाने विद्यार्थीको उच्च अनुपात बागमती प्रदेशमा (६०.२%) रहेको छ । त्यसैगरी गण्डकी र लुम्बिनी प्रदेशका करिब ३६% उत्तरदाताहरूले आफ्ना छोराछोरीहरु निजी विद्यालयमा पढ्न जाने बताएका छन् र सबैभन्दा कम कर्णाली प्रदेशका १७.३% उत्तरदाताहरूले आफ्ना छोराछोरीहरु निजी विद्यालयमा पढ्न जाने बताएका छन् ।

### सार्वजनिक/निजी विद्यालयमा भर्ना भएका विद्यार्थी, प्रदेश र वर्षअनुसार

| | सार्वजनिक विद्यालय | | निजी विद्यालय | | दुबै विद्यालय | |
|---|---|---|---|---|---|---|
| | सन् २०१८ | सन् २०२० | सन् २०१८ | सन् २०२० | सन् २०१८ | सन् २०२० |
| समग्र | ५६.६% | ५५.३% | ३५.७% | ३६.८% | ७.७% | ७.९% |
| प्रदेश १ | ५२.२% | ५४.९% | ४१.८% | ४०.२% | ६.१% | ४.९% |
| प्रदेश २ | ५४.०% | ५६.९% | ३०.९% | २८.७% | १५.१% | १४.५% |
| बागमती प्रदेश | ४२.७% | ३७.४% | ५४.६% | ६०.२% | २.७% | २.४% |
| गण्डकी प्रदेश | ६१.८% | ५८.०% | ३२.९% | ३६.४% | ५.३% | ५.६% |
| लुम्बिनी प्रदेश | ५५.१% | ५६.१% | ३८.०% | ३५.८% | ६.९% | ८.१% |
| कर्णाली प्रदेश | ७९.३% | ७५.८% | १२.३% | १७.३% | ८.४% | ६.९% |
| सुदूरपश्चिम प्रदेश | ७१.३% | ६८.०% | २२.०% | २१.५% | ६.६% | १०.५% |

*तालिका ५.६.१ : प्र-E11. के तपाईंको घरपरिवारको छोराछोरी सरकारी/निजी विद्यालयमा पढ्दै हुनुहुन्छ ?*
*('थाहा छैन' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।) (सं. ४,७१२)*

**आफ्नो छोराछोरीहरूलाई सरकारी विद्यालय वा निजी विद्यालयमा राख्ने भन्ने विषयमा बसोबासको क्षेत्र, दुर्गमता, भौगोलिक क्षेत्र, जात/जातीयता, उत्तरदाताको शिक्षा र आम्दानीले सबैभन्दा ठूलो प्रभाव पार्ने देखिएको छ ।** उदाहरणको लागि, हिमाली क्षेत्रका विद्यार्थी तराई क्षेत्रका विद्यार्थीको तुलनामा निजी विद्यालयमा पढ्ने संभावना तीनगुणा कम भएको बताइएको छ । त्यसैगरी, ग्रामीण क्षेत्रका विद्यार्थी शहरी क्षेत्रका विद्यार्थीको तुलनामा सार्वजनिक विद्यालयमा पढ्न जाने ढाँचा दुईगुणा बढी देखिएको छ (थप विवरणको लागि, तालिका ५.६.२ हेर्नुहोस्) ।

**विपन्न घरपरिवार, निरक्षर, पहाडी दलित, मधेशी दलित र मुसलमान समुदायका मानिसहरूले आफ्ना बच्चालाई सार्वजनिक विद्यालयमा पठाउने संभावना बढी रहने देखिएको छ ।** यसको विपरित आर्थिक रूपमा तुलनात्मक हिसाबले सम्पन्न घरपरिवार, मधेशी जात (तह-१), मधेशी जात (तह-२), मधेशी आदिवासी/जनजाति, पहाडी जाति र शिक्षित मानिसहरूले आफ्ना बच्चाहरूलाई निजी विद्यालयमा पठाउने संभावना बढी देखिएको छ ।

**करिब तीन चौथाइ पहाडी दलित (७२.४%) र मधेशी दलित (७५.५%) उत्तरदाताहरूले आफ्नो बच्चालाई सार्वजनिक विद्यालयमा पढ्न पठाएको बताएका छन् ।** अर्कोतर्फ, निजी विद्यालयमा आफ्ना बच्चाहरु भर्ना गर्ने प्रायः मधेशी जाति (तह- १) (४६.५%), मधेशी जाति (तह- २) (३२.८%), मधेशी आदिवासी/जनजाति (३६.१%) र पहाडी जाती समुदायका (४४.४%) रहेका छन् ।

**आम्दानीको स्तर र विद्यालयको छनौट बीचमा पनि बलियो सम्बन्ध रहेको यो सर्वेक्षणले देखाउँछ ।** धेरै आम्दानी भएका घरपरिवारहरूले आफ्ना बच्चाहरूलाई सार्वजनिक विद्यालयमा भर्ना गर्ने संभावना कम रहेको छ ।

**सार्वजनिक/निजी विद्यालयमा छोराछोरी भएका परिवारको हिस्सा, जनसांख्यिकी र भौगोलिक क्षेत्रको आधारमा**

| समग्र | | सार्वजनिक विद्यालय | निजी विद्यालय | दुवै विद्यालय |
|---|---|---|---|---|
| | | ५५.३% | ३६.८% | ७.९% |
| बसोबास गर्ने ठाउँ | गाउँपालिका | ७०.५% | २१.९% | ७.६% |
| | नगरपालिका | ४६.३% | ४५.६% | ८.०% |
| भौगोलिक क्षेत्र | हिमाल | ८३.४% | ११.०% | ५.६% |
| | पहाड | ५८.०% | ३८.३% | ३.७% |
| | तराई | ४९.४% | ३९.३% | ११.३% |
| शिक्षा | पढ्न/लेख्न नजान्ने | ६६.२% | २४.०% | ९.८% |
| | अनौपचारिक शिक्षा पाएको | ७२.५% | २१.७% | ५.८% |
| | आधारभूत शिक्षा | ६४.५% | २७.६% | ७.९% |
| | माध्यमिक शिक्षा | ४४.५% | ४७.६% | ७.८% |
| | उच्च शिक्षा | २९.७% | ६४.९% | ५.४% |
| जाति | पहाडी जाति | ४९.१% | ४४.४% | ६.५% |
| | पहाडी आदिवासी/जनजाति | ५३.७% | ४२.७% | ३.६% |
| | पहाडी दलित | ७२.४% | २१.६% | ६.०% |
| | मधेशी जाति (तह-१) | ३२.६% | ४६.५% | २०.९% |
| | मधेशी जाति (तह-२) | ५२.७% | ३२.८% | १४.५% |
| | मधेशी (आदिवासी/जनजाति) | ५२.७% | ३६.१% | ११.२% |
| | मधेशी दलित | ७५.५% | १४.२% | १०.४% |
| | अन्य सांस्कृतिक समूह | ७८.६% | ०.०% | २१.४% |
| | मुसलमान | ६८.८% | २१.४% | ९.८% |
| पेशा | कृषि | ६६.३% | २५.३% | ८.४% |
| | सामाजिक सेवा | ५२.०% | ४४.०% | ४.०% |
| | मजदुर | ६८.१% | २३.५% | ८.४% |
| | व्यापार | ३१.३% | ६४.१% | ४.७% |
| | जागिर | ३५.८% | ५७.३% | ६.९% |
| | वैदेशिक रोजगार | ५६.०% | ४०.०% | ४.०% |
| | घरायसी काम | ४४.१% | ४९.०% | ६.९% |
| | जागिरबाट अवकाश | ४१.१% | ५२.१% | ६.८% |
| | बेरोजगार | ५२.४% | ३९.०% | ८.५% |
| आम्दानी समूह (नेपाली रूपैयाँमा) | ६०,००० र त्यसभन्दा मुनी | ७०.८०% | २०.९०% | ८.३०% |
| | ६०,००१-१२०,००० | ६४.८०% | २८.४०% | ६.८०% |
| | १२०,००१-२००,००० | ५७.७०% | ३४.७०% | ७.६०% |
| | २००,००१ र त्यसभन्दा माथि | ३६.८०% | ५६.००% | ७.२०% |
| | आश्रित | ४८.००% | ४३.४०% | ८.६०% |

*तालिका ५.६.२ : प्रश्न-E11. के तपाईंको घर परिवारमा भएका छोरा वा छोरी सरकारी विद्यालयमा पढ्दै हुनुहुन्छ ? (सं. = ४,७१२) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

## *विद्यालय सम्मको दूरी*

**सार्वजनिक होस् या निजी, जुनसुकै विद्यालयमा भर्ना भएका अधिकांश नेपाली विद्यार्थीहरू विद्यालयबाट एक घण्टाको दूरीमा बस्ने बताइएको छ ।** निजी विद्यालयमा भर्ना भएका (९६%) र सार्वजनिक विद्यालयमा भर्ना भएका (९३.५%) विद्यार्थीहरु विद्यालयबाट एक घण्टाको दूरीमा बस्ने बताइएको छ । सार्वजनिक विद्यालयमा पढ्ने ५.२% विद्यार्थीहरूलाई विद्यालय पुग्न एकदेखि दुई घण्टाको बीचको समय लाग्ने उत्तरदाताहरूले बताएका छन्, निजी विद्यालयमा जाने २.३% विद्यार्थीलाई मात्र एकदेखि दुई घण्टाको बीचको समय लाग्ने गरेको छ । **सन् २०१७ यता, दुबै सार्वजनिक र निजी विद्यालय जाने विद्यार्थीहरूको बढ्दो हिस्साको उनीहरू पढ्ने विद्यालयसम्म पुग्ने दुरी घट्दै गएको देखिएको छ ।**

तालिका ५.६.३ मा देखाइए अनुसार, सार्वजनिक र निजी विद्यालयमा पुग्न एक घण्टाभन्दा कम समय चाहिने विद्यार्थीहरुको प्रतिशत बढेको छ । त्यसैगरी, जसलाई विद्यालय पुग्न एक देखि दुई घण्टा वा दुई देखि तीन घण्टा वा तीन घण्टाभन्दा बढी समय लाग्थ्यो, ती विद्यार्थीहरुको प्रतिशत घटेको छ । तुलनात्मक रूपमा अन्य प्रदेशका विद्यार्थीलाई भन्दा कर्णाली प्रदेशका विद्यार्थीलाई सार्वजनिक र निजी विद्यालयमा जान लामो समय लाग्ने देखिन्छ । त्यस्तै, हिमाली र ज्यादै दुर्गम क्षेत्रका सार्वजनिक र निजी विद्यालय जाने विद्यार्थीहरु आआफ्नो विद्यालयमा पुग्न लामो समय लाग्ने देखिन्छ (थप विवरणका लागि तालिका ५.६.३ हेर्नुहोस्) ।

### विद्यालय सम्मको दुरी, वर्ष अनुसार

| | वर्ष | प्रकार | १ घण्टाभन्दा कम | १-२ घण्टा | २-३ घण्टा | ३ घण्टा भन्दा माथि | थाहा छैन |
|---|---|---|---|---|---|---|---|
| समग्र | सन् २०१८ | सार्वजनिक | ८६.६% | ११.०% | १.८% | ०.६% | ०.१% |
| | | निजी | ९१.८% | ६.३% | ०.८% | ०.६% | ०.४% |
| | सन् २०२० | सार्वजनिक | ९३.५% | ५.२% | ०.५% | ०.४% | ०.४% |
| | | निजी | ९६.०% | २.३% | ०.५% | ०.३% | ०.९% |
| प्रदेश १ | सन् २०१८ | सार्वजनिक | ८७.५% | १०.२% | १.६% | ०.७% | |
| | | निजी | ९२.८% | ५.०% | ०.८% | ०.८% | ०.६% |
| | सन् २०२० | सार्वजनिक | ८८.२% | ८.७% | १.०% | १.२% | ०.८% |
| | | निजी | ९३.८% | ३.२% | १.१% | १.१% | ०.८% |
| प्रदेश २ | सन् २०१८ | सार्वजनिक | ९३.२% | ६.६% | ०.२% | | |
| | | निजी | ९०.१% | ९.२% | ०.५% | | ०.२% |
| | सन् २०२० | सार्वजनिक | ९९.३% | ०.३% | ०.०% | ०.३% | ०.१% |
| | | निजी | ९७.५% | ०.५% | ०.०% | ०.०% | २.०% |
| बागमती प्रदेश | सन् २०१८ | सार्वजनिक | ८२.४% | १५.८% | १.२% | ०.३% | ०.३% |
| | | निजी | ९५.३% | ३.७% | ०.९% | | |
| | सन् २०२० | सार्वजनिक | ९३.४% | ५.५% | ०.०% | ०.९% | ०.३% |
| | | निजी | ९८.७% | १.१% | ०.०% | ०.०% | ०.२% |
| गण्डकी प्रदेश | सन् २०१८ | सार्वजनिक | ८५.७% | १३.०% | ०.८% | ०.४% | |
| | | निजी | ९१.९% | ४.४% | | २.२% | १.५% |
| | सन् २०२० | सार्वजनिक | ८९.८% | ९.७% | ०.०% | ०.०% | ०.५% |
| | | निजी | ९५.६% | ३.७% | ०.०% | ०.०% | ०.७% |
| लुम्बिनी प्रदेश | सन् २०१८ | सार्वजनिक | ८६.०% | ११.४% | २.७% | | |
| | | निजी | ९१.१% | ८.१% | | | ०.९% |
| | सन् २०२० | सार्वजनिक | ९५.४% | ३.८% | ०.४% | ०.०% | ०.४% |
| | | निजी | ९३.९% | ४.०% | १.३% | ०.०% | ०.८% |
| कर्णाली प्रदेश | सन् २०१८ | सार्वजनिक | ७२.९% | १७.८% | ६.५% | २.४% | ०.३% |
| | | निजी | ७६.१% | १०.४% | १०.४% | ३.०% | |
| | सन् २०२० | सार्वजनिक | ८५.८% | १०.३% | २.४% | ०.४% | १.२% |
| | | निजी | ८७.७% | ६.८% | १.४% | १.४% | २.७% |
| सुदूरपश्चिम प्रदेश | सन् २०१८ | सार्वजनिक | ८९.६% | ८.४% | १.०% | १.०% | |
| | | निजी | ९३.३% | ४.७% | | २.०% | |
| | सन् २०२० | सार्वजनिक | ९३.७% | ६.०% | ०.३% | ०.०% | ०.०% |
| | | निजी | ९६.४% | १.८% | ०.६% | १.२% | ०.०% |

*तालिका ५.६.३ : प्रश्न-E11a र E11Ai. तपाईंको छोरा/छोरीलाई घरबाट उनीहरुको सरकारी/निजी विद्यालयसम्म पुग्न कति समय लाग्छ ? (सार्वजनिक विद्यालय जाने विद्यार्थीहरु सं. = २,९७६, निजी विद्यालय जाने विद्यार्थीहरु सं. = २,१०६)*

### *शिक्षाको गुणस्तर*

विद्यार्थीका अभिभावकलाई उनीहरूका छोराछोरीहरु पढ्ने विद्यालयको गुणस्तर कस्तो छ, भनेर मूल्यांकनको लागि प्रश्न सोधिएको थियो, उक्त प्रश्नको जवाफका लागि चारओटा विकल्पहरु 'धेरै राम्रो', 'राम्रो', 'नराम्रो' र 'धेरै नराम्रो' पनि दिइएको थियो ।

अधिकांश अभिभावकहरूले आफ्नो छोराछोरी पढ्ने सार्वजनिक र निजी विद्यालयमा शिक्षाको गुणस्तर 'राम्रो' रहेको भन्ने जवाफ दिएका छन् । निजी विद्यालयको शिक्षाको गुणस्तरलाई 'धेरै राम्रो' र 'राम्रो' को दर्जा दिने उत्तरदाताहरूको संख्या सार्वजनिक विद्यालयको शिक्षाको गुणस्तरलाई 'धेरै राम्रो' र 'राम्रो' को दर्जा दिने उत्तरदाताहरूको संख्या भन्दा उच्च रहेको छ । निजी विद्यालयमा पढ्न पठाउने परिवारका ८३.६% उत्तरदाताहरूले विद्यालयको गुणस्तर 'राम्रो छ' भनेका छन् भने सार्वजनिक विद्यालयको सन्दर्भमा ८०.५% उत्तरदाताहरूले पनि यही कुरा भनेका छन् । त्यस्तै ११.९% उत्तरदाताहरूले निजी विद्यालय शिक्षाको गुणस्तरलाई 'धेरै राम्रो' भनी जवाफ दिएका छन् र केवल ५% उत्तरदाताहरुले यही कुरा सार्वजनिक विद्यालयको सन्दर्भमा उल्लेख गरेका छन् ।

**सार्वजनिक र निजी विद्यालय दुबैको शैक्षिक गुणस्तर 'राम्रो छ' भन्ने उत्तरदाताहरूको संख्यामा वृद्धि भएता पनि दुबै प्रकारका विद्यालयमा शिक्षाको गुणस्तर 'धेरै राम्रो' छ भन्ने उत्तरदाताहरूको हिस्सा भने उल्लेख्य रूपमा घटेको छ ।** सन् २०१८ को तुलनामा, सन् २०२० मा सार्वजनिक र निजी विद्यालय शिक्षाको गुणस्तर 'नराम्रो' भनी उल्लेख गर्ने उत्तरदाताहरूको प्रतिशतमा भने केही वृद्धि भएको छ । निजी विद्यालयमा कम्तिमा एउटा बच्चा पढ्ने गरेको उत्तरदाताहरु (१.३%) ले सन् २०१८ मा यसको गुणस्तर 'नराम्रो' भएको बताएका थिए, भने यो हिस्सा सन् २०२० मा २.६% पुगेको छ । त्यस्तै, सार्वजनिक विद्यालय शिक्षाको गुणस्तर 'नराम्रो' भएको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा सन् २०१८ मा रहेको ८.०% बाट बढेर सन् २०२० मा ११.५% पुगेको छ (थप विवरणका लागि, तालिका ५.६.४ हेर्नुहोस्) । सन् २०१७ मा, सार्वजनिक विद्यालयमा कम्तिमा एकजना बच्चालाई पढ्न पठाउने घरपरिवारको उत्तरदाताहरूमध्ये १३.१% ले यी विद्यालयको गुणस्तर 'नराम्रो' र ६९.०% ले 'राम्रो' भनेका थिए ।

**शिक्षाको गुणस्तर बारेका धारणाहरू, वर्षअनुसार**

| | वर्ष | प्रकार | धेरै राम्रो | राम्रो | नराम्रो | धेरै नराम्रो | थाहा छैन |
|---|---|---|---|---|---|---|---|
| समग्र | सन् २०१८ | सार्वजनिक | ११.३% | ७८.८% | ८.०% | १.९% | ०.०% |
| | | निजी | २९.८% | ६८.६% | १.३% | ०.४% | ०.०% |
| | सन् २०२० | सार्वजनिक | ५.०% | ८०.५% | ११.५% | ०.९% | २.०% |
| | | निजी | ११.९% | ८३.६% | २.६% | ०.२% | १.८% |
| प्रदेश १ | सन् २०१८ | सार्वजनिक | १३.८% | ८१.६% | ४.१% | ०.५% | ०.०% |
| | | निजी | २२.१% | ७६.०% | २.०% | ०.०% | ०.०% |
| | सन् २०२० | सार्वजनिक | ४.७% | ८४.५% | ७.६% | ०.६% | २.७% |
| | | निजी | ८.९% | ९०.३% | ०.५% | ०.०% | ०.३% |
| प्रदेश २ | सन् २०१८ | सार्वजनिक | १७.५% | ६०.२% | १७.०% | ५.३% | ०.०% |
| | | निजी | ३८.४% | ५९.७% | १.९% | ०.०% | ०.०% |
| | सन् २०२० | सार्वजनिक | ४.९% | ७४.०% | १६.२% | २.०% | २.९% |
| | | निजी | १४.०% | ८०.४% | ४.३% | ०.७% | ०.७% |
| बागमती प्रदेश | सन् २०१८ | सार्वजनिक | ७.२% | ८९.६% | ३.३% | ०.०% | ०.०% |
| | | निजी | ३२.७% | ६७.१% | ०.२% | ०.०% | ०.०% |
| | सन् २०२० | सार्वजनिक | ३.२% | ७४.९% | १८.२% | ०.९% | २.९% |
| | | निजी | ७.०% | ८६.३% | २.७% | ०.०% | ४.०% |
| गण्डकी प्रदेश | सन् २०१८ | सार्वजनिक | १६.४% | ७८.२% | ४.२% | १.३% | ०.०% |
| | | निजी | ३०.३% | ६८.९% | ०.८% | ०.०% | ०.०% |
| | सन् २०२० | सार्वजनिक | ६.८% | ८९.३% | ३.४% | ०.०% | ०.५% |
| | | निजी | १५.४% | ८३.१% | ०.७% | ०.०% | ०.७% |
| लुम्बिनी प्रदेश | सन् २०१८ | सार्वजनिक | ९.६% | ८३.५% | ६.९% | ०.०% | ०.०% |
| | | निजी | ३२.३% | ६४.५% | १.२% | २.०% | ०.०% |
| | सन् २०२० | सार्वजनिक | ६.९% | ८१.६% | ९.६% | ०.७% | १.१% |
| | | निजी | २१.८% | ७३.४% | २.७% | ०.०% | २.१% |

| | वर्ष | प्रकार | धेरै राम्रो | राम्रो | नराम्रो | धेरै नराम्रो | थाहा छैन |
|---|---|---|---|---|---|---|---|
| कर्णाली प्रदेश | सन् २०१८ | सार्वजनिक | ६.३% | ८४.९% | ६.३% | २.५% | ०.०% |
| | | निजी | १९.४% | ७९.१% | १.५% | ०.०% | ०.०% |
| | सन् २०२० | सार्वजनिक | ३.९% | ८२.३% | ११.०% | ०.८% | २.०% |
| | | निजी | ९.५% | ८५.१% | २.७% | ०.०% | २.७% |
| सुदूरपश्चिम प्रदेश | सन् २०१८ | सार्वजनिक | ५.०% | ८६.८% | ६.५% | १.७% | ०.०% |
| | | निजी | १२.९% | ८५.०% | २.०% | ०.०% | ०.०% |
| | सन् २०२० | सार्वजनिक | ४.०% | ८५.६% | ८.८% | ०.३% | १.३% |
| | | निजी | ४.३% | ९२.०% | ३.१% | ०.६% | ०.६% |

*तालिका ५.६.४ : प्रश्न-E11b र प्रश्न-E11Aii. तपाईंको छोराछोरीले पढ्ने विद्यालयको गुणस्तर कस्तो लाग्छ ? (सं. = २,९७६ सार्वजनिक विद्यालय जाने विद्यार्थीहरू, सं. = २,१०६ निजी विद्यालय जाने विद्यार्थीहरू)*

**सर्वेक्षणमा सहभागी अभिभावकहरूको अत्यधिक संख्या (८३.६% सार्वजनिक र ७७.२% निजी) ले दुबै विद्यालयहरूमा शिक्षाको गुणस्तर कायम गर्न स्थानीय सरकारको प्रमुख जिम्मेवारी हो भन्ने सोचाइ राखेका छन् ।** उत्तरदाताहरूमध्ये ५% ले संघीय सरकारलाई सार्वजनिक र निजी विद्यालयहरूमा शिक्षाको गुणस्तर कायम राख्न जिम्मेवार ठानेका छन् । सार्वजनिक तथा निजी विद्यालय शिक्षाको गुणस्तर कायम राख्नु, स्थानीय सरकारको उत्तरदायित्व हो, भन्ने जवाफ उत्तरदाताहरूले केही वर्षदेखि लगातार व्यक्त गर्दै आएका छन् ।

### शिक्षाको गुणस्तर कायम राख्ने जिम्मेवार निकाय, वर्षअनुसार

| | निजी विद्यालय[२६] | | सार्वजनिक विद्यालय | | |
|---|---|---|---|---|---|
| | सन् २०१८ | सन् २०२० | सन् २०१७ | सन् २०१८ | सन् २०२० |
| स्थानीय सरकार | ७६.५% | ७७.२% | ८२.९% | ८१.२% | ८३.६% |
| प्रदेश सरकार | १.१% | ४.१% | ०.४% | २.४% | ४.६% |
| संघीय सरकार | ४.८% | ४.४% | ८.३% | ६.६% | ५.२% |
| अन्य (विद्यालय व्यवस्थापन समिति, शिक्षकहरू, अभिभावकहरू) | ८.९% | ५.८% | ०.४% | २.१% | १.८% |
| थाहा छैन | ८.७% | ८.५% | ८.०% | ७.७% | ४.८% |

*तालिका ५.६.५ : प्रश्न-E11c र प्रश्न-E11Aii. तपाईंको छोराछोरीले पढ्ने विद्यालयबाट पाइरहेको शिक्षाको गुणस्तरको लागि विभिन्न सरकारी निकाय मध्ये प्रमुख जिम्मेवारी कसको हो, जस्तो लाग्छ ? (सं. = २,९७६ सार्वजनिक विद्यालय जाने विद्यार्थीहरूसँग सम्बन्धित उत्तरदाता, सं. = २,१०६ निजी विद्यालय जाने विद्यार्थीहरूसँग सम्बन्धित उत्तरदाता)*

### *शिक्षाको गुणस्तरमा सकारात्मक तथा नकारात्मक परिवर्तनहरू*

**अधिकांश उत्तरदाताहरूले गएको एक वर्षमा सार्वजनिक (५३.९%) र निजी (५३.५%) विद्यालय शिक्षा दुबैको गुणस्तरमा सकारात्मक परिवर्तन भएको भन्ने जवाफ दिएका छन् ।** तालिका ५.६.६ मा देखाइए अनुसार, उत्तरदाताहरूको ३४.२% ले सार्वजनिक विद्यालय र ३५.९% ले निजी क्षेत्रका विद्यालय शिक्षाको गुणस्तरमा कुनै परिवर्तन नआएको कुरा व्यक्त गरेका छन् भने सार्वजनिक शिक्षाप्रति ६.८% र निजी विद्यालय प्रति २.३% उत्तरदाताहरूको नकारात्मक मूल्यांकन रहेको छ ।

**सार्वजनिक विद्यालयको गुणस्तर बारेमा उत्तरदाताहरूको मूल्यांकन प्रदेश अनुसार भिन्नाभिन्नै रहेको छ ।** कर्णाली प्रदेशका धेरै उत्तरदाताहरूले केही वर्ष यता सार्वजनिक शिक्षाको गुणस्तर लगातार वृद्धि भइरहेको बताएका छन् । कर्णाली प्रदेशका ५६.२% उत्तरदाताहरूले सन् २०१८ मा विद्यालय शिक्षामा सुधार भएको भनेका थिए भने, सन् २०२० मा यसको हिस्सा ६३.२% पुगेको छ । प्रदेश २, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशबाट उत्तरदाताहरूको बढ्दो संख्याले सार्वजनिक विद्यालय शिक्षामा सकारात्मक परिवर्तन भएको विश्वास गरेका छन् । सार्वजनिक विद्यालय शिक्षामा सुधार आएको भन्ने उत्तरदाताहरूको अनुपात बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश १ मा सन् २०१८ यता घटेको बताइएको छ (थप विवरणका

२६ उत्तरदातालाई सन् २०१७ को सर्वेक्षणमा निजी विद्यालय शिक्षाको गुणस्तर कायम राख्न जिम्मेवार निकाय को हो भनेर बताउनको लागि आग्रह गरिएको थिएन ।

लागि, तालिका ५.६.६ हेर्नुहोस्) । शहरी क्षेत्रका विद्यार्थीका अभिभावकहरूले ग्रामीण क्षेत्रका विद्यार्थीका अभिभावकहरूको तुलनामा सार्वजनिक विद्यालय शिक्षाको गुणस्तरलाई सकारात्मक मूल्यांकन गर्ने संभावना बढी रहेको छ । शहरी क्षेत्रका सार्वजनिक विद्यालयमा छोराछोरी भएका ६१.७% अभिभावकहरूले शैक्षिक गुणस्तरमा सुधार भएको बताएका छन् भने ग्रामीण क्षेत्रका सार्वजनिक विद्यालयमा छोराछोरी भएका ५३.१% उत्तरदाताहरूले पनि यस्तै जवाफ दिएका छन् ।

**निजी विद्यालय शिक्षाको सकारात्मक मूल्यांकन गर्ने उत्तरदाताहरूको प्रतिशतमा केही हदसम्म कम भएको र नकारात्मक मूल्यांकन गर्नेहरूको प्रतिशत केही वर्ष यता उस्तै रहेको देखिएको छ ।** तालिका ५.६.६ मा देखाइए अनुसार निजी विद्यालयको शिक्षामा सुधार भएको जवाफ दिनेहरूको अनुपात घटेको छ । सन् २०१८ मा रहेका ५७.३% बाट घटेर सन् २०२० मा ५३.५% पुगेको छ र जसले केही वर्ष यता उस्तै रहेको भनी उल्लेख गरेका छन् उनीहरूको प्रतिशत तुलनात्मक रूपमा सन् २०१८ र सन् २०२० का दुबै वर्षहरूमा (क्रमशः ३६.७% र ३५.९% रहँदै) परिवर्तन नभएको देखिन्छ । निजी विद्यालयहरूले सन् २०१८ को तुलनामा सन् २०२० मा सकारात्मक या नकारात्मक परिवर्तन के गरे भन्ने बारे धेरै उत्तरदाताहरु भने अनिश्चित रहेका छन् । **अर्कोतिर निजी विद्यालय शिक्षाको गुणस्तरको मूल्यांकन प्रदेश अनुसार फरक परेको छ ।** उदाहरणको लागि, निजी विद्यालयको सकारात्मक मूल्यांकन बागमती प्रदेश र प्रदेश १ मा एकदमै कम भएको र कर्णाली प्रदेशमा भने यसको वृद्धि भएको बताइएको छ । कर्णाली प्रदेशमा आफ्ना छोराछोरीलाई निजी विद्यालयमा पठाउने अभिभावक उत्तरदाताहरु (६२.७%) ले सन् २०१८ मा यी विद्यालयको गुणस्तर बढेको बताएका थिए भने यही कुरा सन् २०२० मा ७५.७% उत्तरदाताले बताएका छन् । यसको विपरीत, सन् २०१८ मा बागमती प्रदेशबाट ४८.८% उत्तरदाताहरूले मात्र निजी विद्यालयको गुणस्तरमा सकारात्मक परिवर्तन आएको बताएको मा सन् २०२० मा भने ३८.७% उत्तरदाताले यसो भनेका छन् । गण्डकी प्रदेशका करिब दुई तिहाइ अभिभावक उत्तरदाताहरु (६६.२%) गएको वर्ष निजी विद्यालय शिक्षामा आएको परिवर्तनप्रति सकारात्मक रहेको देखिएको छ । त्यसपछि लुम्बिनी प्रदेशका अभिभावकहरु (६१.९%) र प्रदेश २ का अभिभावकहरु (६०.०%) सकारात्मक रहेको देखिएका छन् । निजी विद्यालय शिक्षाको गुणस्तरमा कुनैपनि परिवर्तन नभएको भन्ने अभिभावकको सबैभन्दा बढी प्रतिशत प्रदेश १ मा (४९.३%), त्यसपछि बागमती प्रदेशमा ४१.३% रहेको देखिएको छ (थप विवरणका लागि, तालिका ५.६.६ हेर्नुहोस्) ।

## सार्वजनिक र निजी विद्यालय शिक्षाको गुणस्तरमा परिवर्तन, प्रदेश र वर्षअनुसार

| | वर्ष | प्रकार | सकारात्मक परिवर्तन | नकारात्मक परिवर्तन | परिवर्तन भएको छैन | थाहा छैन |
|---|---|---|---|---|---|---|
| समग्र | सन् २०१८ | सार्वजनिक | ५३.६% | ६.३% | ३५.६% | ४.६% |
| | निजी | ५७.३% | २.२% | ३६.७% | ३.७% | |
| | सन् २०२० | सार्वजनिक | ५३.९% | ६.८% | ३४.२% | ५.१% |
| | निजी | ५३.५% | २.३% | ३५.९% | ८.३% | |
| प्रदेश १ | सन् २०१८ | सार्वजनिक | ६०.९% | ३.२% | ३१.८% | ४.१% |
| | निजी | ५९.२% | ४.४% | ३३.१% | ३.३% | |
| | सन् २०२० | सार्वजनिक | ४७.५% | १.६% | ४७.५% | ३.५% |
| | निजी | ४८.२% | ०.३% | ४९.३% | २.२% | |
| प्रदेश २ | सन् २०१८ | सार्वजनिक | ४९.८% | १४.०% | २८.५% | ७.७% |
| | निजी | ६१.३% | २.१% | ३३.३% | ३.२% | |
| | सन् २०२० | सार्वजनिक | ५५.९% | १४.४% | २३.४% | ६.३% |
| | निजी | ६०.०% | ५.२% | २६.७% | ८.१% | |
| बागमती प्रदेश | सन् २०१८ | सार्वजनिक | ६०.५% | ३.२% | ३२.४% | ३.८% |
| | निजी | ४८.८% | १.२% | ४७.४% | २.६% | |
| | सन् २०२० | सार्वजनिक | ४७.८% | ९.८% | ३१.७% | १०.७% |
| | निजी | ३८.७% | २.६% | ४१.३% | १७.४% | |
| गण्डकी प्रदेश | सन् २०१८ | सार्वजनिक | ६६.०% | ५.९% | २५.६% | २.५% |
| | निजी | ६३.४% | १.५% | २८.४% | ६.७% | |
| | सन् २०२० | सार्वजनिक | ५६.३% | १.५% | ३७.४% | ४.९% |
| | निजी | ६६.२% | १.५% | २८.७% | ३.७% | |
| लुम्बिनी प्रदेश | सन् २०१८ | सार्वजनिक | ४७.०% | ३.१% | ४६.०% | ३.९% |
| | निजी | ६१.२% | २.६% | ३१.३% | ४.९% | |
| | सन् २०२० | सार्वजनिक | ५५.८% | ५.५% | ३५.३% | ३.५% |
| | निजी | ६१.९% | ०.५% | ३०.९% | ६.७% | |

| | वर्ष | प्रकार | सकारात्मक परिवर्तन | नकारात्मक परिवर्तन | परिवर्तन भएको छैन | थाहा छैन |
|---|---|---|---|---|---|---|
| कर्णाली प्रदेश | सन् २०१८ | सार्वजनिक | ५६.२% | २.७% | ३६.३% | ४.८% |
| | निजी | ६२.७% | १.५% | ३४.३% | १.५% | |
| | सन् २०२० | सार्वजनिक | ६३.२% | २.८% | २८.५% | ५.५% |
| | निजी | ७५.७% | २.७% | १६.२% | ५.४% | |
| सुदूरपश्चिम प्रदेश | सन् २०१८ | सार्वजनिक | ४४.९% | ६.४% | ४६.३% | २.५% |
| | निजी | ४८.३% | ०.७% | ४५.७% | ५.३% | |
| | सन् २०२० | सार्वजनिक | ५३.५% | ३.५% | ४०.४% | २.५% |
| | निजी | ५७.४% | २.५% | ३८.३% | १.९% | |

*तालिका ५.६.६ : प्रश्न-E11d र प्रश्न-E11Aiv. विगत एक वर्ष भित्रमा यहाँका स्थानीय क्षेत्र (गाउँ/नगरपालिका) मा रहेको सरकारी तथा निजी विद्यालय शिक्षाको गुणस्तरमा कुनै किसिमको परिवर्तन भएको छ जस्तो लाग्छ ? (सं. = २,९७६ सार्वजनिक विद्यालय जाने विद्यार्थीहरूसँग सम्बन्धित उत्तरदाता, सं. = २,१०६ निजी विद्यालय जाने विद्यार्थीहरूसँग सम्बन्धित उत्तरदाता)*

आफ्नो छोराछोरीलाई सार्वजनिक विद्यालयमा पठाउने शहरी क्षेत्रका नगरपालिकाका ५६.०% अभिभावकहरूले शिक्षाको गुणस्तरमा सकारात्मक परिवर्तन भएको देखेका छन्, यस्तै सोचाइ पहाड र तराईका गाउँपालिकाका ५०% भन्दा केही बढी अभिभावकहरूले पनि राखेको देखिन्छ । त्यसैगरी, हिमाली क्षेत्रका गाउँपालिकाका ४८.५% अभिभावकहरूले शिक्षाको गुणस्तरमा सुधार भएको बताएका छन् । तराईको गाउँपालिकाका ११.७% र नगरपालिकाका ८.५% अभिभावकले गएको वर्षमा नकारात्मक परिवर्तन भएको बताएका छन् । आफ्नो बच्चालाई निजी विद्यालयमा पढाउने हिमाली क्षेत्रको नगरपालिकाका ७१.४% अभिभावकले गएको वर्षमा शिक्षाको गुणस्तर सुध्रेको बताउँछन् (थप जानकारीका लागि, चित्र ५.६.२ हेर्नुहोस्) ।

**शैक्षिक गुणस्तरमा परिवर्तन, पालिकाअनुसार**




*चित्र ५.६.२ : प्रश्न-E11d र प्रश्न-E11Aiv.विगत एक वर्ष भित्रमा यहाँका स्थानीय क्षेत्र (गाउँपालिका/नगरपालिका) मा रहेको सरकारी तथा निजी विद्यालय शिक्षाको गुणस्तरमा कुनै किसिमको परिवर्तन भएको जस्तो लाग्छ ? (सं. = २,९७६ सार्वजनिक विद्यालय जाने विद्यार्थीहरूसँग सम्बन्धित उत्तरदाता, सं. = २,१०६ निजी विद्यालय जाने विद्यार्थीहरूसँग सम्बन्धित उत्तरदाता) ।*

### शैक्षिक गुणस्तरमा सकारात्मक परिवर्तनका कारणहरू

सार्वजनिक र निजी विद्यालय शिक्षाको गुणस्तर सुधार भएको भन्ने क्रमशः ५३.९% र ५३.५% उत्तरदाताहरूलाई सुधार हुनुको कारण सोधिएको थियो । यसको उत्तरमा दुबै प्रकारका विद्यालयमा शिक्षण विधिमा आएको सुधारलाई आशावादी हुनुको एउटा मुख्य कारण भनिएको छ । दोस्रो कारण भनेको, विद्यालय व्यवस्थापन समितिको सुधार र त्यसपछि विद्यालय भवनहरूको मर्मत संभार रहेको बताइएको छ (थप विवरणका लागि, चित्र ५.६.३ हेर्नुहोस्) ।




*चित्र ५.६.३ : प्रश्न-E11e र प्रश्न-E11Ave. (यदि प्रश्न-E11d र प्रश्न-E11Aiv मा 'सकारात्मक परिवर्तन आएको छ' भनेमा) कस्ता किसिमका सकारात्मक परिवर्तन भएका छन् ? (सं. = १,६०४ सार्वजनिक विद्यालय जाने विद्यार्थीहरूसँग सम्बन्धित उत्तरदाता, सं. = १,१२८ निजी विद्यालय जाने विद्यार्थीहरूसँग सम्बन्धित उत्तरदाता)*

### शैक्षिक गुणस्तरमा नकारात्मक परिवर्तनका कारणहरू

सार्वजनिक विद्यालय शिक्षामा नकारात्मक परिवर्तन भयो भन्ने ६.८% र निजी विद्यालय शिक्षाको सन्दर्भमा पनि उही कुरा बताउने २.३% उत्तरदाताहरूलाई नकारात्मक मूल्यांकन गर्नुको कारण सोधिएको थियो । शिक्षण गुणस्तर खस्कनुलाई सार्वजनिक र निजी विद्यालयको शिक्षा प्रणाली बिग्रनुको मुख्य कारणको रूपमा उल्लेख गरिएको छ । साथै विद्यालय व्यवस्थापनको सुधार नहुनुलाई पनि उत्तरदाताहरूले सार्वजनिक र निजी विद्यालयको शिक्षा प्रणाली बिग्रनुको कारणको रूपमा लिएकाछन् ।




*चित्र ५.६.४ : प्रश्न-E11f र प्रश्न-E11Avif. (यदि प्रश्न-E11d र प्रश्न-E11Aiv मा 'नकारात्मक परिवर्तन आएको छ' भनेमा) कस्ता किसिमका नकारात्मक परिवर्तन भएका छन् ? (सं. = २०२ सार्वजनिक विद्यालय जाने विद्यार्थीहरूसँग सम्बन्धित उत्तरदाता, सं. = ४८ निजी विद्यालय जाने विद्यार्थीहरूसँग सम्बन्धित उत्तरदाता ) ।*

## *विद्यालयहरूको गुणस्तर सुधारको लागि सुझावहरू*

निजी र सार्वजनिक विद्यालयहरूमा शिक्षाको गुणस्तर सुधार्न के गर्न आवश्यक छ भनेर सबै उत्तरदाताहरूलाई सोधिएको थियो । यस प्रश्नमा उनीहरूलाई एक भन्दा बढी जवाफहरु भन्न अनुमति पनि दिइएको थियो । यसमा आधाभन्दा बढी (५०.५%) उत्तरदाताहरूले विद्यालयमा पढाउने तरिका/शैली राम्रो हुनुपर्छ भनेका छन्, त्यसपछि विद्यालय व्यवस्थापनको गुणस्तर राम्रो हुनुपर्छ भन्नेहरु (४९.७%) र विद्यालयमा कर्मचारीको व्यवस्था राम्रो हुनुपर्छ भन्नेहरु (४७.१%) रहेका छन् । त्यसैगरी, अन्य ३८.७% उत्तरदाताहरूले पाठ्यक्रमको गुणस्तरमा सुधार गर्नुपर्छ भनेका छन्, भने ३३.८% ले गरीब तथा जेहेन्दार विद्यार्थीहरूले छात्रवृत्ति पाएमा विद्यालयको समग्र गुणस्तर सुधार्न मद्दत हुने भनिएको छ ।

**विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न आएका सुझावहरू प्रदेशअनुसार भिन्न भिन्न रहेका छन् ।** सुदूरपश्चिम प्रदेशबाट (६४.२%) र लुम्बिनी प्रदेशबाट ५७.४% अर्थात् बहुमत उत्तरदाताहरूले विद्यालयमा कर्मचारीको व्यवस्थापन राम्रो हुनुपर्छ भनेका छन् । अर्कोतर्फ प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका धेरैजसो उत्तरदाताले पढाउने शैलीमा सुधार हुनुपर्छ भनेर विश्वास गरेको बताइएको छ (थप विवरणका लागि, तालिका ५.६.७ हेर्नुहोस्) ।

**विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधारका लागि दिएका सुझावहरू, प्रदेश अनुसार**

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | बागमती | गण्डकी | ५ | कर्णाली | सुदूरपश्चिम |
| पढाउने शैली राम्रो हुनुपर्छ | ५०.५% | ४२.६% | ५३.६% | ५०.१% | ५९.१% | ५०.४% | ५३.३% | ५०.०% |
| विद्यालय व्यवस्थापनको गुणस्तर राम्रो हुनुपर्छ | ४९.७% | ४७.८% | ४८.६% | ३७.४% | ४९.०% | ५६.८% | ५८.९% | ६२.२% |
| विद्यालयमा कर्मचारीको व्यवस्था राम्रो हुनुपर्छ | ४७.१% | ४४.१% | ४७.०% | ३१.३% | ४२.६% | ५७.४% | ५४.५% | ६४.२% |
| पढाउने पाठ्यक्रमको गुणस्तरमा सुधार गर्नु पर्छ | ३८.७% | ४१.७% | ३६.९% | ३९.८% | ३५.५% | ४१.०% | ३३.१% | ३६.२% |
| आवश्यक परेका विद्यार्थीहरूले छात्रवृति पाउनुपर्छ | ३३.८% | ३३.१% | ३९.०% | २७.५% | २९.८% | ३५.०% | २१.६% | ४३.९% |
| कापी, किताव, विद्यालय पोशाकको मूल्य कम हुनुपर्छ | ३०.२% | २४.२% | ३१.६% | ३५.१% | २२.३% | ३५.२% | १२.२% | ३४.५% |
| विद्यालय भवनको गुणस्तर राम्रो हुनुपर्छ | २९.८% | २३.६% | ३४.९% | १४.७% | २४.५% | ३५.५% | ३७.५% | ४९.१% |
| पढाउने भाषामा परिवर्तन हुनुपर्छ, जसले गर्दा मेरा छोराछोरी अंग्रेजी भाषामा पढ्न पाउँछन् | २३.२% | २४.०% | २८.५% | १६.९% | २४.५% | २३.०% | २०.९% | २३.५% |
| मेरा छोराछोरी जाने विद्यालय नजिक हुनुपर्छ | २२.४% | २३.७% | २८.०% | १०.७% | २७.७% | २९.६% | २१.१% | १४.९% |
| अन्य (खाजा/विद्यालयको बस/खेलकुद/छात्रबास /सुरक्षाकर्मी/चर्पीको उचित व्यवस्था हुनुपर्छ) | ०.४% | ०.०% | ०.६% | ०.६% | ०.१% | ०.४% | ०.३% | ०.०% |

*तालिका ५.६.७ : प्रश्न-E11g. तपाईंको स्थानीय क्षेत्रमा रहेको सरकारी/निजी विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न के गर्नुपर्ला ? (सं.=६,७१७) ('थाहा छैन/भन्न सक्दिन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**सर्वेक्षणमा सहभागी नेपालीहरूले विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न विद्यालय व्यवस्थापनको गुणस्तरलाई सबैभन्दा धेरै महत्व दिनुपर्ने बताएका छन्, त्यसपछि पढाउने शैली राम्रो हुनुपर्ने, विद्यालयमा कर्मचारी र शिक्षकको उचित व्यवस्थापन हुनुपर्ने कुरा थप महत्वपूर्ण रहेको बताएका छन् ।** तराईका उत्तरदाताहरूले शिक्षक तथा कर्मचारी व्यवस्थापनलाई प्राथमिकता दिएका छन् भने पहाडी क्षेत्रमा सुधार गरिएको शिक्षण विधिलाई प्राथमिकता दिएका छन् र हिमाली क्षेत्रका उत्तरदाताहरूले विद्यालय व्यवस्थापनको गुणस्तरलाई प्राथमिकता दिएका छन् (थप विवरणका लागि, चित्र ५.६.५ हेर्नुहोस्) ।




*चित्र ५.६.५ : प्रश्न-E11g. तपाईंको स्थानीय क्षेत्रमा रहेको सरकारी/निजी विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न के गर्नुपर्ला ? (सं.=६,७९७)*

## ५.७ सार्वजनिक स्वास्थ्य सेवा बारेका धारणाहरू

**गाउँपालिका/नगरपालिकाले प्रदान गरेको स्वास्थ्य सम्बन्धी सेवाहरूमा उत्तरदाताहरूको सन्तुष्टि स्तर अंक दशमा ६.२५ रहेको छ ।** जसमा ० ले एकदमै असन्तुष्टि भएको जनाउँछ भने १० ले एकदमै सन्तुष्टि भएको जनाउँछ, त्यसैले यो अंकले गाउँपालिका/नगरपालिकाले प्रदान गरेको स्वास्थ्य सम्बन्धी सेवाहरूमा उत्तरदाताहरु सन्तुष्ट नै रहेको संकेत गर्दछ । सुदूरपश्चिम प्रदेशमा स्वास्थ्य सम्बन्धी सेवामा सन्तुष्टिको स्तर अंक (७.०८), त्यसपछि बागमती प्रदेशमा सन्तुष्टिको स्तर अंक (६.५६), लुम्बिनी प्रदेशमा सन्तुष्टिको स्तर अंक (६.३८), गण्डकी प्रदेशमा सन्तुष्टिको स्तर अंक (५.८९) र कर्णाली प्रदेशमा सन्तुष्टिको स्तर अंक (५.८८) र प्रदेश १ मा सन्तुष्टिको स्तर अंक (५.८७) रहेका छन् (थप विवरणका लागि, चित्र ५.६.१ हेर्नुहोस्) ।

### *नजिकको स्वास्थ्य चौकी/अस्पतालसम्मको दुरी*

**सर्वेक्षणमा सहभागी अधिकांश उत्तरदाताहरू (९०.६%) नजिकको स्वास्थ्य चौकी/अस्पतालबाट एक घण्टाभन्दा कमको दुरीमा बस्ने देखिएको छ ।** ७.१% उत्तरदाताहरु भने एक घण्टाभन्दा बढीको दुरीमा, १.९% उत्तरदाताहरु दुईदेखि तीन घण्टाबीचको दुरीमा र ०.६% उत्तरदाताहरु तीनघण्टा वा सोभन्दा बढीको दुरीमा बस्ने बताइएको छ । अघिल्लो वर्षको तुलनामा, सन् २०२० मा धेरै नेपालीहरु सरकारी स्वास्थ्य चौकी/अस्पतालको नजिकै बस्ने गरेको बताएका छन् । एक घण्टाको दुरीमा रहने उत्तरदाताहरूको प्रतिशत तीव्र रूपमा वृद्धि भएको छ, सन् २०१७ मा रहेको ७३.६%, सन् २०१८ मा वृद्धि भएर ७८.८% पुगेको र सन् २०२० मा ९०.६% रहेको छ । नजिकैको स्वास्थ्य चौकी/अस्पतालमा पुग्न एक घण्टाभन्दा बढी समय लगाउने उत्तरदाताहरूको प्रतिशत तीव्र रूपले घटेको छ ।

**प्रदेश २ मा प्रायः सबै उत्तरदाताहरू (९८.७%) लाई नजिकैको स्वास्थ्य चौकी तथा अस्पताल पुग्नलाई एक घण्टा भन्दा कम समय लाग्ने बताएका छन् ।** प्रदेश १, बागमती प्रदेश र लुम्बिनी प्रदेशमा दशमध्ये नौ जनाले नजिकैको स्वास्थ्य चौकी/अस्पतालमा एकघण्टा भित्र पुग्न सकिने बताएका छन् । **यसको विपरीत अन्य प्रदेशहरूको तुलनामा कर्णाली प्रदेशका धेरै उत्तरदाताहरूले नजिकैको स्वास्थ्य चौकी/अस्पताल पुग्नलाई लामो दुरीको यात्रा गर्नुपर्ने बताएका छन् ।** कर्णाली प्रदेशका ७३.९% उत्तरदाताहरूले नजिकैको स्वास्थ्य चौकी/अस्पताल पुग्नलाई एक घण्टा भन्दा कम समयको यात्रा गर्नुपर्ने बताएका छन्, यो राष्ट्रिय औसत ९०.६% को तुलनामा कम हो (थप विवरणका लागि, तालिका ५.७.१ हेर्नुहोस्) ।

## नजिकैको स्वास्थ्य चौकी/अस्पतालमा पुग्न चाहिने समय, प्रदेशअनुसार

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
| १० मिनेट भन्दा कम | २०.२% | १९.६% | २८.०% | १८.३% | १४.८% | २३.४% | १३.६% | ११.०% |
| १० मिनेट - ३० मिनेट भन्दा कम | ५४.७% | ५३.०% | ६१.९% | ६३.१% | ४४.३% | ५०.९% | ३८.३% | ५०.१% |
| ३० मिनेट - १ घण्टा भन्दा कम | १५.७% | १७.५% | ८.८% | ११.८% | २५.०% | १५.३% | २२.०% | २४.१% |
| १-२ घण्टा भन्दा कम | ७.१% | ६.०% | १.०% | ५.३% | १२.९% | ८.६% | १५.६% | १२.८% |
| २-३ घण्टा भन्दा कम | १.९% | २.५% | ०.२% | १.३% | ३.१% | १.३% | ७.९% | १.८% |
| ३ घण्टा वा सो भन्दा बढी | ०.६% | १.४% | ०.१% | ०.२% | | ०.६% | २.७% | ०.१% |

*तालिका ५.७.१ : प्रश्न-E12a. सबैभन्दा सहज माध्यमको प्रयोग गरी (हिँडेर वा गाडी चढेर वा दुबैको प्रयोग गरी), तपाईंलाई आफ्नो घरबाट नजिकको स्वास्थ्य सेवा केन्द्र (स्वास्थ्य चौकी /अस्पताल) पुग्न कति समय लाग्छ ? (सं.= ७,०६०)*

सन् २०१७ र सन् २०१८ को तुलनामा, धेरै नेपालीहरूलाई नजिकैको स्वास्थ्य चौकी पुग्न एक घण्टाभन्दा कम समयको यात्रा गर्नुपर्ने देखिन्छ, थोरै मात्र उत्तरदाताहरूलाई तीनघण्टा भन्दा बढीको समय लाग्ने देखिएको छ (थप विवरणका लागि, चित्र ५.७.१ हेर्नुहोस्) ।

## नजिकैको स्वास्थ्य चौकी/अस्पतालमा पुग्न चाहिने समय, प्रदेश र वर्षअनुसार




*चित्र ५.७.१ : प्रश्न-E12a. सबैभन्दा सहज माध्यमको प्रयोग गरी (हिडेर वा गाडी चढेर वा दुबैको प्रयोग गरी), तपाईँलाई आफ्नो घरबाट नजिकको स्वास्थ्य सेवा केन्द्र (स्वास्थ्य चौकी /अस्पताल) पुग्न कति समय लाग्छ ? (सं.=७,०६०)*

तराईको नगरपालिकाका (९८.३%) र गाउँपालिकाका (९७.३%) उत्तरदाताहरूले नजिकैको स्वास्थ्य चौकी/अस्पताल पुग्नलाई एक घण्टाभन्दा कम समय लाग्ने बताएका छन् । त्यसैगरी, हिमाली क्षेत्रको नगरपालिकाका ९१.२% र गाउँपालिकाका ८८.७% उत्तरदाताहरूलाई नजिकैको स्वास्थ्य केन्द्रमा पुग्न एक घण्टाभन्दा कम समय लाग्ने बताएका छन् (थप विवरणका लागि, चित्र ५.७.२ हेर्नुहोस्) ।




*चित्र ५.७२ : प्रश्न-E12a. तपाईंलाई आफ्नो घरबाट नजिकको स्वास्थ्य सेवा केन्द्र (स्वास्थ्य चौकी/अस्पताल) पुग्न कति समय लाग्छ ? (सं.=७,०६०)*

## स्वास्थ्य सेवाहरूको गुणस्तरियता बारेका धारणाहरू

**उत्तरदाताहरूको एक उल्लेखनीय हिस्सा (७८.८%) ले उनीहरूको नजिकै रहेको स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरलाई 'राम्रो' भनेर मूल्यांकन गरेका छन्, ३.५ % ले यसलाई 'धेरै राम्रो' भनेका छन् ।** यसको विपरीत, १२.१% उत्तरदाताहरूले उनीहरूको नजिकै रहेको स्वास्थ्य सेवा केन्द्रबाट पाइने स्वास्थ्य सेवाको गुणस्तरलाई 'नराम्रो' भनेका छन् भने १.१% ले यसलाई 'धेरै नराम्रो' भनेका छन् । स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरलाई नराम्रो भन्ने उत्तरदाताहरूको हिस्सा सन् २०१८ मा रहेको ९.२% बाट बढेर सन् २०२० मा १२.१% मा पुगेको छ । त्यसैगरी जसले स्थानीय क्षेत्र (गाउँपालिका/नगरपालिकामा) रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरलाई 'धेरै राम्रो' भनेका छन्, उनीहरूको हिस्सा पनि घटेको छ, यो प्रतिशत सन् २०१८ मा रहेको १०% बाट घट्न गइ सन् २०२० मा ३.५% पुगेको छ (थप विवरणका लागि, तालिका ५.७.२ हेर्नुहोस्) ।

**स्वास्थ्य सेवाहरूको गुणस्तर बारेका धारणाहरू, वर्षअनुसार**

| | वर्ष | धेरै राम्रो | राम्रो | नराम्रो | धेरै नराम्रो | थाहा छैन |
|---|---|---|---|---|---|---|
| समग्र | सन् २०१७ | ८.९% | ६८.४% | १५.४% | २.७% | ४.७% |
| | सन् २०१८ | १०.०% | ७९.१% | ९.९% | १.०% | – |
| | सन् २०२० | ३.५% | ७८.८% | १२.१% | १.१% | ४.४% |
| प्रदेश १ | सन् २०१७ | ११.२% | ७५.१% | ९.२% | ०.८% | ३.६% |
| | सन् २०१८ | ११.२% | ७६.९% | १०.६% | १.२% | – |
| | सन् २०२० | २.६% | ७८.९% | १५.९% | १.२% | १.५% |
| प्रदेश २ | सन् २०१७ | ४.४% | ६०.०% | २७.२% | ५.८% | २.७% |
| | सन् २०१८ | १३.०% | ६७.५% | १७.०% | २.५% | – |
| | सन् २०२० | ३.६% | ७७.२% | १३.४% | १.५% | ४.३% |
| बागमती प्रदेश | सन् २०१७ | ४.६% | ७०.४% | १५.७% | ०.८% | ८.५% |
| | सन् २०१८ | ७.१% | ८४.१% | ८.४% | ०.४% | – |
| | सन् २०२० | २.३% | ७०.४% | १४.७% | १.८% | १०.८% |
| गण्डकी प्रदेश | सन् २०१७ | १४.०% | ६५.९% | १४.५% | १.८% | ३.९% |
| | सन् २०१८ | १०.७% | ८२.८% | ६.१% | ०.४% | – |
| | सन् २०२० | २.४% | ८५.३% | ८.८% | ०.२% | ३.४% |
| लुम्बिनी प्रदेश | सन् २०१७ | १२.४% | ६६.०% | १२.३% | ३.५% | ५.८% |
| | सन् २०१८ | ९.०% | ८३.२% | ७.७% | ०.२% | – |
| | सन् २०२० | ६.५% | ८१.८% | ८.५% | १.०% | २.२% |
| कर्णाली प्रदेश | सन् २०१७ | १२.२% | ७९.६% | ५.८% | १.६% | ०.९% |
| | सन् २०१८ | ७.३% | ८०.२% | १०.०% | २.४% | – |
| | सन् २०२० | ३.२% | ८१.७% | १०.९% | ०.५% | ३.७% |
| सुदूरपश्चिम प्रदेश | सन् २०१७ | ९.४% | ६७.३% | १५.८% | ४.०% | ३.५% |
| | सन् २०१८ | १०.२% | ८५.२% | ४.६% | | – |
| | सन् २०२० | ३.७% | ८६.८% | ७.८% | ०.१% | १.६% |

*तालिका ५.७.२ : प्रश्न-E12b. तपाईंलाई यहाँका स्थानीय क्षेत्र (गाउँपालिका/नगरपालिकामा) रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तर कस्तो लाग्छ ? (सं.=७,०६०)*

सुदूरपश्चिम प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा रहेको स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरलाई 'राम्रो' छ भनी बताएका छन् । यसको विपरीत, प्रदेश १ का १५.९% उत्तरदाताहरु र बागमती प्रदेशका १४.७% उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रको स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तर 'नराम्रो' भनी मूल्यांकन गरेका छन् (थप विवरणका लागि, तालिका ५.७.२ हेर्नुहोस्) ।

**स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तर कायम राख्ने जिम्मेवारी स्थानीय निकायको हो, भन्ने उत्तरदाताको संख्यामा निरन्तर वृद्धि भइरहेको छ ।** चित्र ५.७.३ मा देखाइएजस्तै उत्तरदाताहरु (सन् २०१७ मा ७९.५%, सन् २०१८ मा ८२.४% र सन् २०२० मा ८३.६%) को संख्यामा लगातार वृद्धि हुनुले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्थानीय सरकार जिम्मेवार भएको देखाउँछ । स्वास्थ्य सेवाको गुणस्तर कायम राख्न प्रदेश सरकार जिम्मेवार छ भन्ने कुरामा विश्वास गर्ने मानिसहरूको संख्यामा पनि थोरै वृद्धि (सन् २०१८ मा रहेको २.९% बाट बढेर सन् २०२० मा ४.५%) पुगेको देखिन्छ । लुम्बिनी प्रदेशका (९०.७%) उत्तरदाताहरु, त्यसपछि गण्डकी प्रदेशका (८७.१%) उत्तरदाताहरूको बहुमत संख्याले स्थानीय क्षेत्रमा स्वास्थ्य सेवा केन्द्रको गुणस्तर सुधार गर्नमा स्थानीय सरकार मुख्य जिम्मेवार रहेको बताएका छन् । प्रदेश १, प्रदेश २, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका पाँचमध्ये चारजना उत्तरदाताहरूले पनि स्थानीय क्षेत्रमा स्वास्थ्य सेवा केन्द्रको गुणस्तर सुधार गर्नमा स्थानीय सरकारको जिम्मेवारी रहेको बताएका छन् (थप विवरणका लागि, चित्र ५.७.३ हेर्नुहोस्) ।

**स्वास्थ्य सेवाको गुणस्तर कायम राख्ने जिम्मेवार निकाय, वर्षअनुसार**




*चित्र ५.७३ : प्रश्न-E12c. तपाईंलाई स्थानीय क्षेत्रका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरको लागि विभिन्न सरकारी निकायमध्ये कसको जिम्मेवारी प्रमुख हो जस्तो लाग्छ ? (सं.=७,०६०)*

## स्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक र नकारात्मक परिवर्तनहरू

**आधाजसो (५०.४%) उत्तरदाताहरूले गएको एक वर्षमा स्थानीय क्षेत्रमा रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन देखेको बताएका छन् ।** उत्तरदाताहरूमध्ये ३७.४% ले गएको एक वर्षमा स्थानीय क्षेत्रमा रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरमा न सकारात्मक, न नकारात्मक परिवर्तन आएको र ५% ले चाहिँ नकारात्मक परिवर्तन देखेको बताएका छन् । केही वर्ष यता, स्थानीय क्षेत्रमा रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन देख्ने उत्तरदाताहरूको हिस्सामा क्रमिक रूपमा वृद्धि भएको छ । चित्र ५.७४ ले, सकारात्मक परिवर्तन देख्ने उत्तरदाताको अनुपात बढ्दो र कुनै परिवर्तन नभएको देख्ने वा नकारात्मक परिवर्तन देख्नेको अनुपात घट्दो देखाएको छ ।

**स्वास्थ्य सेवा प्रणाली आएको परिवर्तन सम्बन्धी धारणा प्रदेश अनुसार फरक फरक रहेका छन् ।** प्रदेशहरूमध्ये कर्णाली प्रदेशमा गएको वर्षमा स्थानीय क्षेत्रमा रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरमा सबैभन्दा बढी (६३.६%) उत्तरदाताहरूले सकारात्मक परिवर्तन भएको छ, भनी उल्लेख गरेको देखिन्छ, भने बागमती प्रदेशका ३७.१% उत्तरदाताहरूले सकारात्मक परिवर्तन भएको बताएका छन् । स्थानीय क्षेत्रमा रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन भएको देख्ने उत्तरदाताहरूको संख्या प्रदेश २ मा उल्लेखनीय रूपमा वृद्धि भएको छ । चित्र ५.७४ मा देखाइए अनुसार सन् २०१७ मा ३५.५%, सन् २०१८ मा ३४.३% र सन् २०२० मा ५६.२% उत्तरदाताहरूले स्थानीय क्षेत्रमा रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन भएको बताएका छन् ।




*चित्र ५.७४ : प्रश्न-E12d. यहाँका स्थानीय क्षेत्रका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरमा गएको एक वर्षमा कुनै परिवर्तन भएको छ जस्तो लाग्छ ? (सं.=६,१३९)*

### सकारात्मक परिवर्तनका कारणहरू

स्थानीय क्षेत्रमा रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन भएको महसुस गरेका ५०.४% उत्तरदाताहरूले यस्तो प्रकारको परिवर्तन हुनुमा, औषधीहरु सजिलै उपलब्ध हुनु, त्यसपछि सेवाको गुणस्तरमा सुधार, स्वास्थ्य सेवा केन्द्रको राम्रो व्यवस्थापन, स्वास्थ्य सेवा केन्द्रमा कर्मचारीको राम्रो व्यवस्थापन, स्वास्थ्य चौकी नजिकै हुनु, नयाँ स्वास्थ्य केन्द्रहरूको स्थापना हुनु लगायतका कारण बताएका छन् (थप विवरणका लागि, चित्र ५.७.५ हेर्नुहोस्) ।




*चित्र ५.७.५ : प्रश्न-E12e. (यदि प्रश्न- E12d मा 'सकारात्मक परिवर्तन' भएको उल्लेख गरेमा) कस्ता किसिमका सकारात्मक परिवर्तन भएका छन ? (सं.=३,५०१)*

स्थानीय क्षेत्रमा रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन देखिनुमा सुदूरपश्चिम प्रदेशका ५७.८% उत्तरदाताहरूले, स्वास्थ्य केन्द्रका कर्मचारीको व्यवस्थापन सुध्रिनुलाई मुख्य कारण मानेका छन् । त्यसपछि ५६.३% ले स्वास्थ्य सेवा केन्द्रको राम्रो व्यवस्थापन र ५०% ले औषधी सजिलै उपलब्ध हनुलाई पनि स्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन देखिनुको कारण मानेका छन् । अर्कोतिर गण्डकी प्रदेशका ४१.७% उत्तरदाताहरूले स्वास्थ्य सेवा केन्द्र नजिकै हुनुलाई पनि सकारात्मक परिवर्तनको कारण मानेका छन् ।

### नकारात्मक परिवर्तनका कारणहरू

स्थानीय क्षेत्रमा रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरमा नकारात्मक परिवर्तनको संकेत दिएका ५% उत्तरदाताहरूले यो विश्वास गर्नुका पछाडि विभिन्न कारणहरु उल्लेख गरेका छन् । ६०.९% उत्तरदाताहरूले औषधीको अभाव र सजिलै उपलब्ध हुन नसक्नुलाई, ४२.१% ले स्वास्थ्य सेवा केन्द्रको व्यवस्थापन राम्रो नहुनुलाई र ३१.६% उत्तरदाताहरूले सेवा केन्द्रले दिने सेवाको गुणस्तर राम्रो नहुनुलाई स्थानीय क्षेत्रमा रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरमा नकारात्मक परिवर्तनको कारण मानेका छन् । त्यसैगरी, ३१.३% ले स्वास्थ्य केन्द्रका कर्मचारीको अनुपस्थिति तथा कर्मचारीको अभावलाई, १८.८% ले स्वास्थ्य केन्द्र टाढा भएकोले र १८.४% ले सेवा केन्द्रमा सेवाको मूल्य बढेको पक्षलाई नकारात्मक परिवर्तनको कारण मानेका छन् (थप विवरणका लागि, चित्र ५.७.६ हेर्नुहोस् ) ।




*चित्र ५.७६ : प्रश्न-E12f. (यदि प्रश्न- E12d मा 'नकारात्मक परिवर्तन' भएको उल्लेख गरेमा) कस्ता किसिमका नकारात्मक परिवर्तन भएका छन् ? (सं=३४८)*

## स्वास्थ्य सेवाको गुणस्तरमा सुधार ल्याउनको लागि सुझावहरू

स्थानीय क्षेत्र (गाउँपालिका/नगरपालिका) मा रहेका स्वास्थ्य सेवा केन्द्रको सेवा गुणस्तर सुधार गर्न के के उपायहरु हुनसक्छन् भनी सबै उत्तरदाताहरूलाई सोधिएको थियो । यसको लागि उत्तरदाताहरूलाई एकभन्दा बढी जवाफ दिनका लागि अनुमति पनि दिइएको थियो । धेरै उत्तरदाताहरूले औषधी र प्रयोगशालाको व्यवस्था राम्रो हुनुपर्ने बताएका छन् । स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न औषधी सजिलै पाइने व्यवस्था हुनुपर्ने भनाइमा सुदूरपश्चिम प्रदेशबाट ७३%, गण्डकी प्रदेशबाट ७२.६%, लुम्बिनी प्रदेशबाट ६९.९% उत्तरदाताहरु सहमत देखिएका छन् । सुदूरपश्चिम प्रदेशबाट पाँचमध्ये तीनजना (६०.१%), लुम्बिनी प्रदेशबाट ५७.३%, बागमती प्रदेशबाट ५३.१%, प्रदेश १ बाट ५२.८% र गण्डकी प्रदेशबाट ५०.३% उत्तरदाताहरूले प्रयोगशालाको व्यवस्था राम्रो हुनुपर्ने सुझाव दिएका छन् । त्यस्तै सुदूरपश्चिम प्रदेशबाट ५५.६%, प्रदेश २ बाट ५१.६% र लुम्बिनी प्रदेशबाट ४९.२% उत्तरदाताहरूले विरामी जाँच्ने शैली राम्रो हुनुपर्ने बताएका छन् । पाँचमध्ये दुई जनाले गुणस्तरीय स्वास्थ्यकर्मी हुनु, स्वास्थ्य सेवा केन्द्र र यसका कर्मचारीको उचित व्यवस्थापन हुनु स्वास्थ्य सेवा सुधारको लागि महत्वपूर्ण रहेको बताएका छन् (थप विवरणका लागि, तालिका ५.७.३ हेर्नुहोस्) ।

**स्वास्थ्य सेवाको गुणस्तरमा सुधार ल्याउनको लागि सुझावहरू**

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
| औषधिको व्यवस्था राम्रो हुनुपर्छ | ६४.९% | ६४.२% | ६१.०% | ५९.९% | ७२.६% | ६९.९% | ५८.६% | ७२.९% |
| प्रयोगशालाको व्यवस्था राम्रो हुनुपर्छ | ५१.४% | ५२.८% | ४१.१% | ५३.१% | ५०.३% | ५७.३% | ४७.०% | ६०.१% |
| बिरामी जाच्ने शैली राम्रो हुनुपर्छ | ४७.८% | ४३.०% | ५१.६% | ४७.०% | ४०.१% | ४९.२% | ४५.३% | ५५.६% |
| स्वास्थ्यकर्मीको गुणस्तर राम्रो हुनुपर्छ | ४३.४% | ४२.२% | ४२.८% | ३८.९% | ४८.६% | ४६.४% | ४१.८% | ४७.६% |
| निशुल्क स्वास्थ्य सेवा उपलब्ध हुनुपर्छ | ३८.९% | ३५.१% | ४२.८% | ३१.१% | ३२.५% | ४५.९% | ३१.८% | ४९.९% |
| कर्मचारीको व्यवस्था राम्रो हुनुपर्छ | ३४.५% | ३१.२% | ३७.२% | २४.४% | २१.९% | ४५.५% | ३७.२% | ४५.०% |
| स्वास्थ्य सेवा केन्द्र नजिक हुनुपर्छ | २९.१% | २५.७% | ३६.३% | १६.६% | ४०.०% | ३४.३% | ३३.४% | २४.६% |
| स्वास्थ्य सेवा केन्द्र भवनको गुणस्तर राम्रो हुनुपर्छ | २२.५% | १५.३% | २९.१% | १३.५% | २०.६% | २९.५% | २०.३% | ३०.७% |
| स्वास्थ्य सेवा केन्द्रमा स्थानीय भाषी स्वास्थ्यकर्मी हुनुपर्छ | १४.९% | ७.८% | २३.६% | ८.१% | ७.७% | २१.९% | ११.३% | १८.४% |
| अन्य (प्रसुति कक्ष, सबै प्रकारका उपचार, एम्बुलेन्स, प्रयोगशालाका सामग्रीहरु उपलब्ध हुनुपर्छ) | ०.४% | ०.३% | ०.८% | ०.४% | ०.३% | ०.३% | ०.३% | ०.४% |

*तालिका ५.७३ : प्रश्न-E12g. स्थानीय क्षेत्र (गाउँपालिका/नगरपालिका) मा रहेका स्वास्थ्य सेवा केन्द्रको सेवा गुणस्तर सुधार गर्न के गर्नुपर्छ ? (सं.= ७,००९) ('थाहा छैन/भन्न सक्दिन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

## ५.८ सडक/बाटोघाटो बारेका केही धारणाहरू

### बाटोघाटो-सम्बन्धित सेवाहरू सँगको सन्तुष्टि

स्थानीय क्षेत्रमा गाउँपालिका/नगरपालिकाले प्रदान गरेको बाटोघाटोसँग सम्बन्धित सेवाहरूमा उत्तरदाताहरूको सन्तुष्टि कतिको छ भनेर सोधिएको थियो जसको मापन ० देखि १० सम्मको अंकको आधारमा गर्न भनिएको थियो, ० भनेको सबैभन्दा कम सन्तुष्ट र १० भनेको सबैभन्दा बढी सन्तुष्टिको संकेत हो । **सर्वेक्षणमा सहभागी उत्तरदाताहरू स्थानीय क्षेत्रमा रहेका बाटोघाटोको बारेमा (सन्तुष्टि स्तर अंक १० मा ६.२६ दिइ) सन्तुष्ट देखिन्छन् ।** बाटोघाटोसँग सम्बन्धित सेवाहरूमा सबैभन्दा बढी सन्तुष्टि सुदूरपश्चिम प्रदेशका उत्तरदातामा देखिएको छ (सन्तुष्टि स्तर अंक ६.८७), त्यसपछि बागमती प्रदेश (सन्तुष्टि स्तर अंक ६.६४), लुम्बिनी प्रदेश (सन्तुष्टि स्तर अंक ६.३२), प्रदेश १ (सन्तुष्टि स्तर अंक ६.२५) र गण्डकी प्रदेश (सन्तुष्टि स्तर अंक ६.१८) रहेका छन् । सबैभन्दा कम सन्तुष्टिको स्तर प्रदेश २ मा (सन्तुष्टि स्तर अंक ५.६८) रहेको छ (थप विवरणका लागि, तालिका ५.६.१ हेर्नुहोस्)

### बाटोघाटोको गुणस्तर

**पाँचमध्ये चारजना उत्तरदाताहरूले उनीहरूको पालिकामा बाटोघाटोको गुणस्तर 'राम्रो' वा 'धेरै राम्रो' भएको बताएका छन् । बाटोघाटोको गुणस्तर 'राम्रो' छ भन्ने उत्तरदाताहरूको संख्या सबै प्रदेशहरूमा बढेको देखिएको छ । लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका ८३.७% देखि ८७% बीचका उत्तरदाताहरूले उनीहरूको पालिकामा बाटोघाटोको गुणस्तर 'राम्रो' वा 'धेरै राम्रो' रहेको बताएका छन् ।** उत्तरदाताहरूको तीन चौथाइ संख्या (७४.५%) ले बाटोघाटोको गुणस्तर 'राम्रो' भनेका र ६.३% ले 'धेरै राम्रो' भनेको बताइएको छ । यसको विपरीत, उत्तरदाताहरूको एक पर्याप्त हिस्साले बाटोघाटोसँग सम्बन्धित सेवाहरु 'नराम्रो' (१६.५%) र 'धेरै नराम्रो' (२.७%) पनि भनेका छन् । लुम्बिनी प्रदेशका (८७.१%), गण्डकी प्रदेशका (८५.६%) र सुदूरपश्चिम प्रदेशका (८५.३%) उत्तरदाताहरूले उनीहरूको स्थानीय क्षेत्रमा बाटोघाटोको गुणस्तरलाई 'धेरै राम्रो' वा 'राम्रो' भनेका छन्; कर्णाली प्रदेशका ८३.७% उत्तरदाताहरु र प्रदेश १ का ८०.६% उत्तरदाताहरूले पनि उनीहरूको क्षेत्रमा बाटोघाटोको गुणस्तरलाई 'धेरै राम्रो' वा 'राम्रो' भनेका छन् । देशको पश्चिमी क्षेत्रका उत्तरदाताहरूको तुलनामा, प्रदेश २ का कम उत्तरदाताहरूले पनि बाटोघाटोको गुणस्तरलाई 'धेरै राम्रो' वा 'राम्रो' रहेको बताएका छन् । यसको विपरीत, प्रदेश २ का २८%, बागमती प्रदेशका २०.४% र प्रदेश १ का १९.४%

उत्तरदाताहरूले उनीहरूको स्थानीय क्षेत्रमा बाटोको हालत या त 'नराम्रो' अथवा 'एकदमै नराम्रो' भएको बताएका छन् । **बाटोघाटोको गुणस्तर 'राम्रो' छ भन्ने उत्तरदाताहरूको संख्या उल्लेखनीय रूपमा बढेको छ, सन् २०१७ मा रहेको ४५.६% बाट बढेर सन् २०१८ मा ६०.१% पुगेको र सन् २०२० मा अझै बढेर यो ७४.५% सम्म पुगेको छ ।** जसले बाटोघाटोका अवस्था राम्रो छैन भनेका छन्, उनीहरूको हिस्सा सन् २०१७ देखि यता आधाले घटेको देखिएको छ (थप विवरणका लागि, तालिका ५.८.१ हेर्नुहोस्) ।

**गाउँपालिका/नगरपालिकामा रहेका बाटोघाटोको गुणस्तरबारेका धारणाहरू**

| | | धेरै राम्रो | केही राम्रो | नराम्रो | धेरै नराम्रो | थाहा छैन |
|---|---|---|---|---|---|---|
| समग्र | सन् २०१७ | ६.६% | ४५.६% | ३२.१% | १५.४% | ०.३% |
| | सन् २०१८ | ९.८% | ६०.१% | २३.३% | ६.५% | ०.३% |
| | सन् २०२० | ६.३% | ७४.५% | १६.५% | २.७% | ०.०% |
| प्रदेश १ | सन् २०१७ | ७.०% | ६१.५% | २३.२% | ८.३% | - |
| | सन् २०१८ | ८.७% | ६९.८% | १७.७% | ३.७% | - |
| | सन् २०२० | ७.०% | ७३.६% | १८.५% | ०.९% | - |
| प्रदेश २ | सन् २०१७ | १.५% | ३८.५% | ३९.४% | २०.६% | ०.१% |
| | सन् २०१८ | १२.०% | ४९.२% | २६.३% | १०.९% | १.५% |
| | सन् २०२० | ३.७% | ६८.२% | २२.८% | ५.२% | ०.१% |
| बागमती प्रदेश | सन् २०१७ | २.१% | ३७.४% | ४०.२% | २०.२% | ०.१% |
| | सन् २०१८ | ६.७% | ४७.६% | ३६.२% | ९.४% | ०.१% |
| | सन् २०२० | ७.७% | ७१.८% | १६.६% | ३.८% | ०.१% |
| गण्डकी प्रदेश | सन् २०१७ | १३.४% | ४३.१% | ३४.५% | ८.७% | ०.३% |
| | सन् २०१८ | १५.६% | ६५.५% | १७.२% | १.६% | - |
| | सन् २०२० | ५.८% | ७९.८% | १३.४% | १.०% | - |
| लुम्बिनी प्रदेश | सन् २०१७ | १३.४% | ४९.३% | २३.५% | १२.८% | १.१% |
| | सन् २०१८ | १३.०% | ६५.३% | १७.९% | ३.७% | ०.१% |
| | सन् २०२० | १०.८% | ७६.३% | १०.६% | २.४% | - |
| कर्णाली प्रदेश | सन् २०१७ | १०.२% | ५४.६% | २१.७% | १३.१% | ०.४% |
| | सन् २०१८ | ७.९% | ६२.०% | २०.१% | १०.०% | - |
| | सन् २०२० | २.७% | ८१.०% | १४.६% | १.७% | - |
| सुदूरपश्चिम प्रदेश | सन् २०१७ | ५.०% | ३९.३% | ३६.०% | १९.४% | ०.३% |
| | सन् २०१८ | ४.३% | ७६.९% | १५.५% | ३.२% | ०.१% |
| | सन् २०२० | १.९% | ८३.४% | १४.४% | ०.३% | - |

*तालिका ५.८.१ : प्रश्न-E13a. यहाँका स्थानीय क्षेत्र (गाउँ/नगरपालिका) मा रहेका बाटोघाटोको गुणस्तर कस्तो छ ? (सं.=७,०५१) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**सबै उत्तरदाताहरूमध्ये, ८९.६% ले आफ्नो स्थानीय क्षेत्रमा बाटोघाटो मर्मतको लागि स्थानीय सरकार जिम्मेवार रहेको बताएका छन् ।** प्रदेशहरूमध्ये, लुम्बिनी प्रदेशका ९१.९%, बागमती प्रदेशका ९१.६% र गण्डकी प्रदेशका ९०.५% उत्तरदाताहरूले उनीहरूको क्षेत्रमा बाटोघाटो सुधारको लागि स्थानीय निकायहरूलाई जिम्मेवार ठानेका छन् र कर्णाली प्रदेशका तीन चौथाइ उत्तरदाताहरूले पनि स्थानीय निकायहरूलाई जिम्मेवार ठानेका छन् ।

दुई तिहाइ भन्दा थोरै बढी नेपाली (६७%) ले गएको वर्षमा बाटोघाटोको गुणस्तरमा सकारात्मक परिवर्तन आएको बताएका छन्, जबकि, एक चौथाइ (२४.५%) ले कुनैपनि परिवर्तन नभएको र ७.३% ले बाटोघाटोको अवस्था बिग्रिएको बताएका छन् । बाटोघाटोमा कुनै परिवर्तन नभएको दाबी गर्ने उत्तरदाताहरूको अनुपात पनि उच्च रहेको छ । प्रदेश १ का २९.९% र गण्डकी प्रदेशका २८.६% उत्तरदाताहरूले गएको वर्षमा बाटोघाटोको गुणस्तरमा कुनैपनि परिवर्तन नभएको धारणा व्यक्त गरेका छन् ।

**बाटोघाटोको गुणस्तरमा सकारात्मक परिवर्तन देख्ने उत्तरदाताहरूको संख्यामा निरन्तर वृद्धि भइरहेको छ ।** सन् २०१७ मा स्थानीय क्षेत्र (गाउँ/नगरपालिका) मा रहेका बाटोघाटोको गुणस्तरमा सकारात्मक परिवर्तन देख्ने उत्तरदाताहरु ३७.३% थिए, यो संख्या सन् २०१८ मा ५२.७% पुगेको थियो, त्यसमा अझ बढोत्तरी भएर सन् २०२० मा ६७% पुगेको छ ।

बाटोघाटोको अवस्था बिग्रँदै गएको छ भन्ने उत्तरदाताहरु पनि क्रमशः घटिरहेका छन् । तर अपवादको रूपमा प्रदेश २ मा भने राष्ट्रिय औसत (७.३%) भन्दा दोब्बर (१८.१%) उत्तरदाताहरूले गएको वर्षमा बाटोघाटोको गुणस्तरमा नकारात्मक परिवर्तन आएको धारणा व्यक्त गरेका छन् (थप विवरणका लागि, चित्र ५.८.१ हेर्नुहोस्) ।

**गाउँपालिका/नगरपालिकामा बाटोघाटोको गुणस्तरमा देखिएको परिवर्तन, वर्षअनुसार**




*चित्र ५.८.१ : प्रश्न-E13c । विगत एक वर्षमा यहाँका स्थानीय क्षेत्र (गाउँ/नगरपालिका) मा रहेका बाटोघाटोको गुणस्तरमा कुनै किसिमको परिवर्तन भएको जस्तो लाग्छ ? (सं= ७,०६०)*

बाटोघाटोमा सकारात्मक परिवर्तन भएको बताउने ६७.०% उत्तरदाताहरूलाई, यसका कारणहरु भन्न आग्रह गरिएको थियो स्थानीय क्षेत्रमा धेरै नयाँ बाटाघाटा बन्नु, बाटोलाई चौडा र फराकिलो बनाइनु र बाटोघाटो बिग्रिएमा छिटै स्तरोन्नती गरिनु आदि जस्ता कारणहरूले नेपालीहरूले समग्रमा स्थानीय क्षेत्र (गाउँ/नगरपालिका) मा रहेका बाटोघाटोको गुणस्तरमा

सुधार भइरहेको विश्वास गरेका छन् । उदाहरणको लागि कर्णाली प्रदेशका ७३.८% उत्तरदाताहरू, लुम्बिनी प्रदेशका ७२.७% र गण्डकी प्रदेशका ७१.३% उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा बनेका नयाँ बाटोघाटोलाई सकारात्मक परिवर्तनको द्योतक मानेका छन् भने लुम्बिनी प्रदेशका ६१.२% र कर्णाली प्रदेशका ४२.२% मानिसहरूले बाटोघाटोलाई चौडा र फराकिलो बनाइनुलाई सडकको गुणस्तरमा सकारात्मक परिवर्तन भएको मानेका छन् ।

**बाटोघाटोको गुणस्तरमा भएको सकारात्मक परिवर्तनको कारणहरू**




*चित्र ५.८२ : प्रश्न-E13d. (यदि प्रश्न-E13c मा उत्तरदाताले 'सकारात्मक परिवर्तन' भएको छ भनेमा) कस्ता किसिमका सकारात्मक परिवर्तन भएका छन् ? (सं.=४,७३४)*

संख्या सानो भएपनि, ७.३% उत्तरदाताहरूले उनीहरूको स्थानीय क्षेत्रमा रहेका बाटोघाटोको गुणस्तरमा गएको एक वर्षमा नकारात्मक परिवर्तन भएको भनेका छन्, यस सन्दर्भमा उनीहरूलाई त्यसको कारणहरु उल्लेख गर्न आग्रह गरिएको थियो । **बाटोघाटोको गुणस्तरमा नकारात्मक परिवर्तन आउनुमा धेरैजसो (७४.१%) ले भइरहेका बाटोघाटोको अवस्था बिग्रनुलाई मुख्य कारण मानेका छन् ।** अन्य कारणहरूमा नयाँ बन्नुपर्ने बाटो नबन्नु, बिग्रिएका सडकको मर्मत सम्भार ढिलो हुनुलाई लिइएको छ । जबकि, गण्डकी प्रदेशका सबै (१००%) उत्तरदाताहरूले भइरहेका बाटोको अवस्था बिग्रनुलाई नकारात्मक गुणस्तरको कारण मान्छन्, भने यही कुरा सुदूरपश्चिम प्रदेशको सन्दर्भमा ८६% ले, प्रदेश १ को सन्दर्भमा ७८.९% ले र बागमती प्रदेशको सन्दर्भमा ७८% ले बताएका छन् । प्रदेश २ र गण्डकी प्रदेशका तीन चौथाइ उत्तरदाताले नयाँ बन्नुपर्ने सडकहरु नबन्नुलाई बाटोघाटोको गुणस्तरमा भएको नकारात्मक परिवर्तनको कारणहरु मानेका छन् (थप विवरणका लागि, तालिका ५.८.२ हेर्नुहोस्) ।

### बाटोघाटोको गुणस्तरमा भएको नकारात्मक परिवर्तनको कारणहरू

| | | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | समग्र | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| भइरहेका बाटोघाटोको अवस्था बिग्रिएको छ | ७४.१% | ७८.९% | ७४.३% | ७८.०% | १००.०% | ५९.२% | ६५.१% | ८६.०% |
| नयाँ बन्नु पर्ने बाटो बनेका छैनन् | ५७.१% | ३९.०% | ७६.५% | २३.८% | ७५.३% | ५३.९% | ६२.९% | ३५.५% |
| बाटोघाटो बिग्रिएको अवस्थामा सरकारले ढिलो मर्मत सम्भार कार्य गर्छ | ४७.१% | ७२.८% | २९.१% | ७७.५% | २८.३% | ४८.४% | ४९.८% | ६३.६% |
| बाटोघाटोको स्तरोन्नतिको लागि सरकारले पूर्वाग्रह राखी बाटोघाटो छनौट गरेको छ | १५.७% | २४.१% | १६.५% | ९.८% | १४.४% | १८.६% | १५.७% | १९.६% |
| सरकारले आम नागरिकलाई नसमेटेरै बाटोघाटोको योजना र छलफललाई अगाडि बढाएको छ | १४.१% | २८.४% | १०.५% | १९.९% | २२.५% | १३.५% | १८.९% | १०.९% |
| बाढी पहिरो गएको छ | ६.७% | ०.०% | २.६% | १६.०% | ०.०% | ०.०% | ८.७% | २७.३% |
| खेतियोग्य जमिन नष्ट भएको छ | ५.४% | १९.७% | ३.४% | ६.४% | ०.०% | ३.१% | ३.९% | १५.८% |
| पानीको मुहान सुकेको छ | २.५% | ०.०% | १.२% | ३.३% | १५.७% | २.६% | ९.६% | ७.६% |
| वन विनास भएको छ | २.३% | ०.०% | १.९% | ०.०% | ०.०% | ६.७% | ०.०% | ७.५% |
| पर्यावरणमा क्षति भएको छ | ०.५% | ०.०% | ०.०% | १.०% | ०.०% | २.२% | ०.०% | ०.०% |

*तालिका ५.८.२ : प्रश्न-E13e । (यदि प्रश्न-E13c मा उत्तरदाताले 'नकारात्मक परिवर्तन' आएको छ भनेमा) कस्ता किसिमका नकारात्मक परिवर्तन भएका छन् ? (सं.=५१४)*

### ***बाटोघाटोको गुणस्तर सुधार गर्नलाई केही सुझावहरू***

**स्थानीय क्षेत्र (गाउँपालिका/नगरपालिका) मा रहेका सडक सेवाको गुणस्तर सुधार गर्नका निम्ति उत्तरदाताहरूले तीन प्रमुख सुझावहरू दिएका छन् : जसमा पहिलो, सडक कालोपत्रे हुनुपर्छ (७३.५%), त्यसपछि, बाटोघाटो बिग्रिएको अवस्थामा मर्मत तथा सम्भारको काम छिट्टै अगाडि बढाउनुपर्छ (४७.१%) र तेस्रोमा, भइरहेका बाटोघाटोको राम्रै स्तरोन्नती हुनुपर्छ (४६.९%) भन्ने सुझाव रहेका छन् ।** एक चौथाइ भन्दा थोरै बढी उत्तरदाताहरु (२८.७%) ले सडकको नापजाँच राम्रैसँग हुनुपर्छ भनेका छन् र स्थानीय व्यक्तिहरूलाई सडक निर्माण र विकास योजनाका प्रथम चरणहरूमा समेटेर बाटोघाटोको योजना र छलफललाई अगाडि बढाउनुपर्छ भन्नेहरु २६.७% रहेका छन् । त्यसैगरी सडक करको पैसा सडकमै लगाउनुपर्छ भन्ने सुझाव २०.१% उत्तरदाताहरुको रहेको छ (थप विवरणका लागि, चित्र ५.८.३ हेर्नुहोस्) ।

**बाटोघाटोको गुणस्तर सुधार गर्नलाई केही सुझावहरू**

| | | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | समग्र | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| सडक कालोपत्र गर्नुपर्छ | ७३.५% | ७४.३% | ७४.१% | ६६.५% | ७४.०% | ७७.७% | ७३.१% | ७७.७% |
| बाटोघाटो बिग्रिएको अवस्थामा छिट्टै मर्मत सम्भार कार्य अगाडि बढाउनु पर्छ | ४७.१% | ५०.५% | ४२.४% | ३८.५% | ३९.७% | ५५.४% | ५०.२% | ५८.२% |
| भइरहेका बाटोघाटोको राम्रै स्तरोन्नति गर्नुपर्छ | ४६.९% | ४७.८% | ४५.४% | ४५.१% | ५४.१% | ५३.१% | ४४.९% | ३६.०% |
| सडकको राम्रो नापजाँच हुनुपर्छ | २८.७% | १९.५% | ४०.८% | १८.४% | ३१.२% | ३५.९% | २७.९% | २६.१% |
| आम नागरिकलाई समेटेर बाटोघाटोको योजना र छलफललाई अगाडि बढाउनु पर्छ | २६.७% | २५.८% | ३०.०% | २२.१% | २२.८% | ३२.७% | २१.७% | २६.७% |
| सडक करको पैसा सडकमा नै लगाउनु पर्छ | २०.१% | १२.०% | २१.४% | १८.१% | १३.०% | ३०.३% | ९.२% | ३०.१% |
| सडकको दुबैतिर पानी निकासको व्यवस्था हुनुपर्छ | ०.६% | ०.१% | १.९% | ०.७% | ०.०% | ०.१% | ०.७% | ०.२% |

*तालिका ५.८.३ : प्रश्न-E13f. स्थानीय क्षेत्र (गाउँपालिका/नगरपालिका) मा रहेका सडक सेवाको गुणस्तर सुधार गर्न के गर्नुपर्छ ? (सं. =७,०४३) ('भन्न चाहन्न' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

### ***स्थानीय सरकारद्वारा दिइएको सेवासँग जनताको समग्रतामा सन्तुष्टि***

**स्थानीय सरकारले दिएका समग्र सेवासँग दुई तिहाइभन्दा बढी (६८.९%) उत्तरदाताहरू सन्तुष्ट रहेको बताएका छन् भने एक तिहाइ (३१.१%) चाहिँ सन्तुष्ट नरहेको बताएका छन् ।** स्थानीय सरकारको सेवासँग समग्रतामा सन्तुष्टि प्रदेश अनुसार फरक फरक रहेको देखिन्छ । गण्डकी प्रदेशमा (८१.७%) र सुदूरपश्चिम प्रदेशमा (८१.१%) पाँचमध्ये चारजना उत्तरदाताहरुले उनीहरुको सम्बन्धित स्थानीय सरकारले प्रदान गरेका समग्र सेवाबाट सन्तुष्ट रहेको बताएका छन्, जबकि, यही कुरा प्रदेश २ मा ५५.३% उत्तरदाताहरूले उल्लेख गरेका छन् । प्रदेश १ का (३४.१%) र बागमती प्रदेशका (३०.३%) उत्तरदाताहरु आफ्नो क्षेत्रमा स्थानीय सरकारले पुऱ्याएका सेवाहरूबाट असन्तुष्ट रहेका छन् । यसैगरी, लुम्बिनी प्रदेशबाट २८.२% र कर्णाली प्रदेशबाट २४% उत्तरदाताहरु पनि आफ्नो क्षेत्रमा स्थानीय सरकारले पुऱ्याएका सेवाहरूबाट असन्तुष्ट रहेका छन् ।

**स्थानीय सरकारले प्रदान गरेको सेवाबारे समग्रतामा सन्तुष्टि, प्रदेशअनुसार**




*चित्र ५.८.३ : प्रश्न-E13g. समग्रमा तपाईँ स्थानीय सरकार (गाउँपालिका/नगरपालिका) बाट उपलब्ध गराइएको सेवा सुविधाबाट सन्तुष्ट हुनुहुन्छ ? (सं. =७,००६) ('भन्न चाहन्न' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

## ५.९ नवनिर्वाचित जन प्रतिनिधिहरूको उपस्थिति/अनुपस्थिति

**आफ्ना स्थानीय जनप्रतिनिधि कार्यालयमा सधै उपस्थित हुन्छन् भनी (६२.७%) र कहिलेकाहीँ मात्र उपस्थित हुन्छन् भनि (१६.७%) उत्तरदाताहरूले उल्लेख गरेका छन् ।** यसको विपरीत, ३.५% उत्तरदाताहरूले उनीहरूका जनप्रतिनिधिहरु कार्यालयमा कहिल्यै उपस्थित हुँदैनन्, भनी उल्लेख गरेका छन् । यद्यपि, प्रदेश २ बाट राष्ट्रिय आँकडा (३.५%) भन्दा दोब्बर बढी (८.२%) उत्तरदाताहरूले उनीहरूका जनप्रतिनिधिहरु कार्यालयमा कहिल्यै उपस्थित हुँदैनन्, भनी उल्लेख गरेका छन् । आफ्ना जनप्रतिनिधिहरु कार्यालयमा कहिलेकाहीँ मात्र उपस्थित हुन्छन् भन्ने उत्तरदाताहरूको हिस्सा सन् २०१८ मा रहेको ११.९% बाट बढेर सन् २०२० मा १६.७% पुगेको छ । गण्डकी प्रदेशका ६८.३% उत्तरदाताहरूले सन् २०१८ मा आफ्ना जनप्रतिनिधि कार्यालयमा सधैँ उपस्थित हुने बताएका थिए, भने सन् २०२० मा जनप्रतिनिधि उपस्थितिको यो सन्दर्भ ५०.४% मा झरेको छ (थप विवरणका लागि, चित्र ५.९.१ हेर्नुहोस्) ।

## गाउँपालिका/नगरपालिकाका जननिर्वाचित प्रतिनिधिहरूको उपस्थिति




*चित्र ५.९.१ : प्रश्न-E14. निर्वाचित भइसकेपछि, जनप्रतिनिधिहरु उनीहरूको कार्यालयमा कत्तिको (सधैं वा कहिलेकाहीं मात्र) उपस्थित हुने गरेका छन् अथवा कार्यालयभन्दा बाहिरी ठाउँबाट काम गर्छन् ? (सं. =७,०६०)*

## ५.१० कर निर्धारण

सर्वेक्षणमा सहभागी उत्तरदाताहरूलाई नेपालको कर प्रणालीप्रति उनीहरूको धारणा के छ भनेर, सोधिएको थियो । **यस सन्दर्भमा पाँचमध्ये करिब चारजना (८१.४%) उत्तरदाताहरूले गएको एक वर्षमा एक वा बढी शीर्षकमा कर तिरेको बताए ।** यसमध्ये सबैभन्दा धेरै तिरिएको करहरूमा भूमि कर (मालपोत) (६५.६%), सवारी साधन कर (६३.४%), मनोरञ्जन कर (६२.१%) र सम्पत्ति (घरजग्गा) कर (५८.७) रहेका छन् । गएको वर्षमा तिरिएका अन्य करहरूमा घरजग्गा दर्ता शुल्क, व्यवसाय कर, पारिश्रमिक कर, व्यक्तिगत आय कर परेका छन् । त्यस्तै पाँचमध्ये करिब दुईजना (३९.२%) उत्तरदाताहरूले व्यवसाय कर, एक चौथाइभन्दा केही बढी (२७.७%) ले घरबहाल कर र २२% उत्तरदाताहरूले व्यक्तिगत आय कर तिरेका छन् ।

गएको वर्षमा कुनै प्रकारको कर तिरेको जवाफ दिने उत्तरदाताहरूलाई उनीहरूले तिरेको कर अघिल्लो वर्षको तुलनामा बढेको हो कि घटेको हो भनेर सोधिएको थियो । यस सम्बन्धमा जग्गा (मालपोत) कर (८०.४%) र सम्पत्ति कर (७६.७%) तिरेका अधिकांश उत्तरदाताहरूले विगत वर्षमा भन्दा करको दर बढेको बताएका छन् । त्यसैगरी व्यवसाय कर र घरजग्गा दर्ता शुल्क तिरेका ७०% उत्तरदाताहरूले पनि करको दर बढेको बताएका छन् । **समग्रमा, गएको वर्षमा धेरै प्रकारका करहरू तिर्ने उत्तरदाताहरूको संख्यामा वृद्धि भएको छ ।** साथै उत्तरदाताहरूको पर्याप्त संख्याले उनीहरूलाई करको प्रकार र यसको स्तरको बारेमा केही थाहा नभएको पनि बताएका छन् (थप विवरणको लागि, तालिका ५.१०.१ हेर्नुहोस्) ।

### करको वर्तमान अवस्था प्रतिको धारणाहरू

| | सं. | गत एक वर्षमा तपाईं वा तपाईंको परिवारले निम्नमध्ये कुनै कर/शुल्क/दस्तुरहरू तिर्नु भएको छ? | | | यदि छ भने, तपाईलाई हालको करको दर कस्तो लागेको छ ? | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | छ | छैन | थाहा छैन | गत वर्षको भन्दा बढी | गत वर्षको भन्दा कम | गत वर्षको जस्तै | थाहा छैन/भन्न सक्दिन |
| सम्पति कर (घर-जग्गा) | ६,३१२ | ५८.७% | ३८.६% | २.६% | ७६.७% | ०.५% | १३.७% | ९.१% |
| घर बहाल कर | १,६०० | २७.७% | ६६.५% | ५.९% | ६१.४% | १.५% | २०.४% | १६.७% |
| व्यक्तिगत आय कर | ३,७०२ | २२.०% | ७३.६% | ४.४% | ४५.०% | ०.४% | २५.७% | २८.९% |
| व्यवसाय कर | २,२८६ | ३९.२% | ५६.०% | ४.८% | ६९.७% | ०.४% | १८.८% | ११.१% |
| सवारी साधन कर | २,९६८ | ६३.४% | ३२.९% | ३.७% | ६७.८% | ०.१% | १८.९% | १३.३% |
| घर-जग्गा दर्ता शुल्क | ३,२०१ | ३०.८% | ६५.२% | ४.०% | ६९.०% | ०.४% | १४.४% | १६.१% |
| मनोरञ्जन कर | ४,९८० | ६२.१% | ३४.४% | ३.५% | ४९.०% | ०.४% | ३३.९% | १६.७% |
| भूमि कर (मालपोत) | ६,२४९ | ६५.६% | ३२.३% | २.०% | ८०.४% | ०.४% | ११.८% | ७.३% |
| विज्ञापन कर | १,२६९ | १३.०% | ७८.७% | ८.३% | २५.३% | ०.१% | १२.९% | ६१.८% |
| कृषि आयमा कर | ३,७२४ | १४.२% | ८१.७% | ४.१% | ५८.५% | ०.१% | ४.२% | ३७.२% |
| संस्थागत आय कर | १,५९० | १३.७% | ७८.८% | ७.६% | २९.२% | ०.२% | ७.१% | ६३.५% |
| पारिश्रमिक कर | ४,११५ | २१.४% | ७४.२% | ४.५% | ४८.६% | ०.१% | २१.९% | २९.४% |
| अन्य कर (खुलाउनु होस्) | ४,९१६ | १०.८% | ८४.९% | ४.३% | ७४.८% | १.२% | २४.०% | ०.०% |

*तालिका ५.१०.१ : प्रश्न-E15a-m. गएको एक वर्षमा तपाईं वा तपाईंको परिवारले निम्न कर तिर्नुभएको छ ? ('भन्न चाहन्न' र 'थाहा छैन' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

**गएको वर्षमा कम्तिमा एक वा सोभन्दा बढी प्रकारका कर तिर्ने ८१.४% उत्तरदाताहरूमध्ये धेरैजसोले भूमिकर (७१.४%), त्यसपछि सम्पत्ति कर (६५.५%) र मनोरञ्जन कर (५३.८%) तिरेको बताएका छन् ।** लुम्बिनी प्रदेशमा ८२.८% उत्तरदाताहरूले भूमि कर तिरेको बताएका छन् भने कर्णाली प्रदेशमा ८४.७% र सुदूरपश्चिम प्रदेशमा ८२.२% उत्तरदाताहरूले भूमि कर तिरेको बताएका छन् । त्यस्तै कर्णाली प्रदेशका ८०.५% र त्यसपछि लुम्बिनी प्रदेशका ७३.९% उत्तरदाताहरूले सम्पत्ति कर तिर्ने गरेको बताएका छन् । यसको विपरित, बागमती प्रदेशका ८०% उत्तरदाताहरूले मनोरञ्जन कर, ४५.५% ले सवारी साधन कर र २०.७% ले घर बहाल कर तिर्ने बताएका छन् (थप विवरणका लागि, तालिका ५.१०.२ हेर्नुहोस्) ।

**कर तिरेको अवस्था, प्रदेशअनुसार**

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| भूमि कर (मालपोत) | ७१.४% | ७८.७% | ५८.०% | ५७.०% | ७३.१% | ८२.८% | ८४.७% | ८२.२% |
| सम्पति कर (घर-जग्गा) | ६४.५% | ५७.८% | ४१.६% | ६८.०% | ६६.६% | ७३.९% | ८०.५% | ७४.९% |
| मनोरञ्जन कर | ५३.८% | ४६.३% | ४१.३% | ८०.०% | ६४.०% | ६०.०% | २६.३% | १७.४% |
| सवारी साधन कर | ३२.८% | २८.२% | ३७.६% | ४५.५% | २७.७% | ३३.९% | ११.८% | १७.५% |
| घर-जग्गा दर्ता शुल्क | १७.२% | ३९.३% | १७.८% | ८.६% | ७.४% | १६.६% | १६.३% | ७.५% |
| व्यवसाय कर | १५.६% | १२.८% | ९.२% | २३.९% | १५.३% | १७.९% | ११.८% | ९.०% |
| पारिश्रमिक कर | १५.३% | १२.७% | १७.५% | २०.७% | २३.६% | ११.९% | ७.६% | ६.७% |
| व्यक्तिगत आय कर | १४.२% | १८.०% | ११.७% | १५.९% | ११.७% | १४.०% | १४.४% | ९.९% |
| कृषि आयमा कर | ९.२% | ६.२% | १०.९% | ३.७% | ७.९% | २१.८% | ६.१% | २.३% |
| घर बहाल कर | ७.७% | ३.२% | ३.७% | २०.७% | २.९% | ६.१% | ३.२% | १.८% |
| संस्थागत आय कर | ३.८% | ४.७% | ७.३% | ३.८% | ३.०% | २.०% | ३.०% | १.३% |
| विज्ञापन कर | २.९% | ५.२% | ३.२% | १.६% | १.८% | ३.४% | २.२% | १.४% |
| अन्य कर (खुलाउनु होस्) | ९.२% | ४.६% | १३.७% | ५.१% | १४.२% | १७.१% | ६.७% | ०.८% |

*तालिका ५.१०.२ : प्रश्न-E15. अब म तपाईंसँग करको बारेमा कुरा गर्छु, गएको एक वर्षमा तपाई वा तपाईंको परिवारले निम्न मध्ये कुनै कर तिर्नुभएको छ ?*

**सर्वेक्षणमा सहभागी धेरै उत्तरदाताहरूले कर तिर्न सजिलो भएको धारणा राखेका छन् ।** गएको एक वर्षमा कर तिर्ने पाँच मध्ये करिब चारजना (८२.६%) उत्तरदाताहरूले कर, सेवा शुल्क तथा अन्य शुल्कहरु तिर्दा कुनै किसिमको असुविधाको महसुस नगरेको बताएका छन्, यद्यपि, ४.९% उत्तरदाताहरूले भने असुविधाको महसुस गरेको बताएका छन् । सुदूरपश्चिम प्रदेशमा कम्तिमा एक वा सो भन्दा बढी प्रकारका करहरु तिर्ने उत्तरदाताहरूमध्ये ९३.५% लाई कर तिर्न सुविधाजनक र भुक्तान गर्न सजिलो भएको बताएका छन् । प्रदेश २ का २३.३% उत्तरदाताहरूले आफूलाई करबारे केही थाहा नभएको र ९.५% उत्तरदाताहरूले कर तिर्ने बेलामा असुविधा भएको बताएका छन् (थप विवरणका लागि, चित्र ५.१०.१ हेर्नुहोस्) ।




*चित्र ५.१०.१ : प्रश्न-E15N. तपाईंलाई कर/शुल्क वा सरकारी दस्तुरहरु तिर्न कतिको सहज भएको छ ? (सं. = ५,७४४)*

सर्वेक्षणको क्रममा, यदि कर तिर्ने प्रक्रिया असुविधाजनक रहेको छ भने, यसलाई धेरैभन्दा धेरै सुविधाजनक बनाउन के गर्न सकिन्छ भनेर पनि सोधिएको थियो । कर तिर्ने प्रक्रिया असुविधाजनक रहेको छ भन्ने उत्तरदातामध्ये, ५३.२% ले कर संकलन गर्ने कर्मचारी मासिक रूपमा टोल टोलमा आइदिए हुने थियो, भनेका छन्, ५२.३% ले चाहिँ तिनुपर्ने सबै कर वडा कार्यालयमा नै तिर्न पाए हुने थियो, भनेका छन् । उत्तरदाताहरूको बढ्दो संख्याले सबै प्रकारका कर तथा शुल्कहरु अनलाइनबाटै तिर्न पाए हुने थियो भनेर पनि बताएका छन् ।

लुम्बिनी प्रदेशका (८४.१%) र सुदूरपश्चिम प्रदेशका (८३.८%) उत्तरदाताहरूको एक उल्लेखनीय संख्याले कर संकलकहरु मानिसहरूका ढोका ढोकामा गएर कर संकलन गर्ने प्रावधान बनाएमा जाती हुने थियो, भनी बताएका छन् । गण्डकी प्रदेशबाट ६७.४% र प्रदेश २ बाट ६०.२% उत्तरदाताहरूले कर संकलन गर्न वडा कार्यालयलाई छुट्टाछुट्टै शाखा बनाएर, कर्मचारीको व्यवस्था सहित काम गर्न सुझाव दिएका छन् । यद्यपि, गण्डकी प्रदेश र प्रदेश १ मा कर तिर्न कठिनाइ भोग्ने प्रायजसो उत्तरदाताहरूले सबै प्रकारका करहरु अनलाइनबाटै तिर्न पाए सजिलो हुने बताएका छन् (थप विवरणका लागि, चित्र ५.१०.२ हेर्नुहोस्) ।

### कर तिर्ने प्रक्रियालाई सहज बनाउनको लागि सुझावहरू




*चित्र ५.१०.२ : प्रश्न-E15O. (यदि प्रश्न-E15N. मा उत्तरदाताले कर/शुल्क तिर्न 'असहज छ' भनेमा) के गरियो भने सहज हुनसक्छ होला ? (सं.= ३११)*

### कर सम्बन्धी धारणाहरू

कर प्रणाली सम्बन्धी उत्तरदाताको धारणाहरु बुझ्नको लागि सर्वेक्षणको क्रममा उनीहरु समक्ष चारओटा विकल्पहरु (एकदमै सहमत, सहमत, असहमत र एकदमै असहमत) का साथ केही भनाईहरु प्रस्तुत गरिएको थियो ।[२७] यसबाट **अत्यधिक उत्तरदाताहरू (९८%) सँग करहरूको बारेमा स्पष्ट जानकारी नै नभएको पाइएको छ र उनीहरूले कर वापत उठेको रकम सरकारले कसरी खर्च गर्छ भन्ने कुरामा अझै जानकारी पाए राम्रो हुने चाहना पनि राखेको देखिन्छ ।** सन् २०१८ मा ४०.३% उत्तरदाताहरूले उनीहरूले तिरेको कर सही तरिकाले प्रयोग भएको छ भन्ने कुरामा विश्वस्त रहेका थिए भने सन् २०२० मा ५४.७% उत्तरदाताहरु विश्वस्त रहेका छन् । सन् २०२० मा ४०.०% उत्तरदाताहरु उनीहरूले तिरेको कर सही तरिकाले प्रयोग भएको छ भन्ने कुरामा विश्वस्त नरहेको बताएका छन् । (थप विवरणका लागि, तालिका ५.१०.३ हेर्नुहोस्) ।

---

२७ उत्तरदाताहरूले भनेको, 'सहमत' र 'एकदमै सहमत' दुबै पक्षलाई जोडेर यहाँ 'सहमत' मात्र भनिएको छ, त्यसैगरी 'असहमत' र 'एकदमै असहमत' दुबै पक्षलाई जोडेर यहाँ 'असहमत' मात्र भनिएको छ ।

## कर बारेका धारणाहरू

| | वर्ष | एकदमै सहमत | सहमत | असहमत | एकदमै असहमत | थाहा छैन/ भन्न सक्दिन |
|---|---|---|---|---|---|---|
| मैले संघीय, प्रदेश र स्थानीय सरकारलाई तिर्नुपर्ने कर के के हुन् भन्ने बारेमा अझ स्पष्ट जानकारी पाएको भए राम्रो हुन्थ्यो | सन् २०१८ | ३३.६% | ६१.७% | १.६% | ०.९% | २.२% |
| | सन् २०२० | ७३.२% | २५.३% | ०.४% | ०.२% | ०.९% |
| मलाई सरकारले कर वापत उठेको रकम कसरी खर्च गर्छ भन्ने कुरामा अझै धेरै जानकारी भए राम्रो हुन्थ्यो | सन् २०१८ | ३३.९% | ६२.८% | ०.७% | ०.४% | २.२% |
| | सन् २०२० | ७४.३% | २४.३% | ०.४% | ०.१% | ०.९% |
| मैले कर वापत तिरेको रकम सही तरिकाले प्रयोग भएको छ भन्ने कुरामा म विश्वस्त छु | सन् २०१८ | २५.३% | १५.०% | २९.३% | २२.६% | ७.८% |
| | सन् २०२० | २६.१% | २८.६% | २३.६% | १६.४% | ५.३% |
| एक नागरिकको हिसाबमा हामीले तिरेको कर वापत हामीहरूले के पाउँछौ भन्ने बारेमा अझ स्पष्ट जानकारी पाएको भए राम्रो हुन्थ्यो | सन् २०१८ | - | - | - | - | - |
| | सन् २०२० | ७४.८% | २३.८% | ०.३% | ०.२% | ०.९% |

*तालिका ५.१०.३ : प्रश्न-E16ai-iv निम्न भनाईमा तपाई कतिको सहमत/एकदमै सहमत वा असहमत/एकदमै असहमत हुनुहुन्छ ? (सं.= ७,०६०)*

**उत्तरदाताहरूको एक सानो संख्या (२.४%) ले कर तिर्ने क्रममा केही थप नगद वा उपहार पनि तिर्नुपर्ने बताएका छन्, तर ९५.२% उत्तरदाताहरूले भने सरकारले तोकेको रकम बाहेक कुनै थप नगद वा उपहार तिर्नु नपरेको बताएका छन् ।** लुम्बिनी प्रदेशका उत्तरदाताहरूमध्ये केही (४.९%) ले कर तिर्ने क्रममा सरकारले तय गरेको रकम बाहेक थप नगद वा उपहार तिर्नुपरेको, त्यसैगरी प्रदेश २ का २.५% ले, प्रदेश १ का २.४% ले, बागमती प्रदेशका १.७% ले, गण्डकी प्रदेशका १.१% ले र सुदूरपश्चिम तथा कर्णाली प्रदेशका ०.६% उत्तरदाताहरूले कर तिर्ने क्रममा थप नगद वा उपहार तिर्नुपरेको भनी बताएका छन् ।




*चित्र ५.१०.३ : प्रश्न-E16b. तपाईंले गएको एक वर्षमा कर तिर्नको लागि कुनै व्यक्तिलाई सरकारले तोकेको भन्दा बढी नगद वा जिन्सी वा अन्य कुनै उपहार दिनुपरेको थियो ? (सं=५,७४४)*

थप नगद वा उपहार दिनुपरेको भनी बताएका २.४% उत्तरदाताहरूलाई उनीहरूले यो रकम कसलाई दिए, भनेर पनि सोधिएको थियो । यस सन्दर्भमा आधाभन्दा बढी (५९.९%) उत्तरदाताहरूले तेस्रो पक्षका दलाललाई दिएको बताएका छन्, त्यसपछि ३४.२% उत्तरदाताहरूले स्थानीय सरकारका कर्मचारीलाई, ११.८% ले संघीय सरकारका कर्मचारीलाई र ३.७% ले प्रदेश तहको सरकारी कर्मचारीलाई दिएको बताएका छन् ।

**थप नगद, वस्तु वा उपहार भुक्तान गरेको बारे, प्रदेशअनुसार**

| | जन प्रतिनिधिलाई | सहयोगी तेस्रो व्यक्तिलाई | संघीय सरकारका कर्मचारीलाई | प्रदेश सरकारका कर्मचारीलाई | स्थानीय सरकारका कर्मचारीलाई |
|---|---|---|---|---|---|
| समग्र | ३.९% | ५९.९% | ११.०% | ३.७% | ३४.२% |
| प्रदेश १ | ०.०% | ६३.५% | – | ५.४% | ३१.१% |
| प्रदेश २ | ४.०% | ६३.६% | – | – | ४०.५% |
| बागमती प्रदेश | ४.८% | ४९.८% | १४.३% | ४.९% | ४०.८% |
| गण्डकी प्रदेश | ७.५% | ४०.९% | ६.४% | – | ५७.६% |
| लुम्बिनी प्रदेश | ५.१% | ६८.०% | १८.९% | ४.७% | २३.९% |
| कर्णाली प्रदेश | – | ३५.४% | १४.३% | – | ५०.३% |
| सुदूरपश्चिम प्रदेश | – | – | १६.०% | – | ८४.०% |

*तालिका ५.१०.४ : प्रश्न-E16b.1. (यदि प्रश्न-E16b मा 'थियो' भनेमा) कसलाई नगद वा जिन्सी उपहार दिनुपरेको थियो ? (सं=१३४)*

**स्थानीय निकायले प्रदान गर्ने सेवा सुविधा (जस्तै बाटोघाटो, स्वास्थ्य, शिक्षा) को गुणस्तर बढेमा बढी स्थानीय कर तिर्न तयार रहेका उत्तरदाताहरूको प्रतिशतमा विगतका सर्वेक्षणको तुलनामा ह्रास आएको छ ।** सन् २०१७ मा सेवा सुधार भएमा धेरै स्थानीय कर तिर्न इच्छुक भएका उत्तरदाताहरु ७७.६% थिए, तर यो प्रतिशत सन् २०१८ मा घटेर ६४.१ पुगेको र सन् २०२० मा अझ घट्दै ६३.७% पुगेको छ । सेवा सुविधा को गुणस्तरमा सुधार हुने हो भने, उच्च कर तिर्न इच्छुक व्यक्तिहरु प्रदेशअनुसार फरक रहेका छन् : कर्णाली प्रदेशमा ८५.२% उत्तरदाताहरु, गण्डकी प्रदेशमा ८२.४%, बागमती प्रदेशमा ७८.४% उत्तरदाताहरूले सेवा सुविधाको गुणस्तर सुधार भएमा अधिक कर तिर्न पनि तयार भएको बताएका छन्, जबकि यस्तो विचार व्यक्त गर्नेहरूको संख्या प्रदेश १ मा ४४% मात्र रहेको छ, यो सन् २०१७ मा रहेको ८६.८% र सन् २०१८ मा रहेको ७०.४% बाट उल्लेख्य रूपमा घटेको छ । (थप विवरणका लागि, तालिका ५.१०.५ हेर्नुहोस्) ।

### गुणस्तरीय सेवाको लागि अधिक स्थानीय कर तिर्ने इच्छुकता, प्रदेश र वर्षअनुसार

| | | छ | छैन | थाहा छैन |
|---|---|---|---|---|
| समग्र | सन् २०१७ | ७७.६% | १७.०% | ५.४% |
| | सन् २०१८ | ६४.१% | ३०.९% | ५.०% |
| | सन् २०२० | ६३.७% | ३१.७% | ४.६% |
| प्रदेश १ | सन् २०१७ | ८६.८% | ८.९% | ४.३% |
| | सन् २०१८ | ७०.४% | २७.१% | २.५% |
| | सन् २०२० | ४४.०% | ५४.०% | २.०% |
| प्रदेश २ | सन् २०१७ | ७३.१% | १८.५% | ८.५% |
| | सन् २०१८ | ४८.९% | ४४.६% | ६.५% |
| | सन् २०२० | ५९.३% | ३३.३% | ७.५% |
| बागमती प्रदेश | सन् २०१७ | ७३.३% | १९.५% | ७.३% |
| | सन् २०१८ | ६५.६% | २८.२% | ६.२% |
| | सन् २०२० | ७८.४% | १०.८% | १०.८% |
| गण्डकी प्रदेश | सन् २०१७ | ७०.९% | २२.६% | ६.५% |
| | सन् २०१८ | ६२.४% | ३४.४% | ३.१% |
| | सन् २०२० | ८२.४% | १६.४% | १.२% |
| लुम्बिनी प्रदेश | सन् २०१७ | ७३.४% | २३.०% | ३.६% |
| | सन् २०१८ | ६५.०% | २६.०% | ९.०% |
| | सन् २०२० | ५१.५% | ४६.८% | १.७% |
| कर्णाली प्रदेश | सन् २०१७ | ८५.२% | १३.५% | १.३% |
| | सन् २०१८ | ७१.९% | २७.१% | १.०% |
| | सन् २०२० | ८५.२% | १२.८% | २.०% |
| सुदूरपश्चिम प्रदेश | सन् २०१७ | ८७.१% | १०.२% | २.७% |
| | सन् २०१८ | ७६.६% | २२.७% | ०.७% |
| | सन् २०२० | ७०.०% | ३०.०% | ०.०% |

*तालिका ५.१०.५ : प्रश्न-E16 यदि स्थानीय निकायले प्रदान गर्ने सेवा सुविधा (जस्तै बाटोघाटो, स्वास्थ्य, शिक्षा) को गुणस्तर बढेमा के तपाईं अहिलेको भन्दा बढी स्थानीय कर वा सेवा शुल्क तिर्न इच्छुक हुनुहुन्छ ? (सं.= ७,०६०)*

तराई, पहाडी र हिमाली क्षेत्र बीचको तुलना गर्दा, पहाडी र हिमाली क्षेत्रका करिब ७४% उत्तरदाताहरूले स्थानीय निकायले प्रदान गर्ने सेवा सुविधाको गुणस्तर बढेमा थप कर तिर्न तयार रहेका छन्, तर यस सम्बन्धमा तराईका ५३.९% उत्तरदाताहरु मात्र तयार रहेको देखिएका छन् ।

## ५.११ भ्रष्टाचार

सर्वेक्षणले उत्तरदाताहरूको धारणा र भ्रष्टाचारको अनुभवबारे जान्नलाई नौओटा विभिन्न सेवा लिँदा (तालिका ५.११.१ मा देखाइए जस्तै) सेवावापत अतिरिक्त नगद वा उपहार दिनुपरेको थियो वा थिएन भनी प्रश्न सोधिएको थियो । **केही वर्ष यता, आफूले लिएका विभिन्न सेवाको लागि अतिरिक्त नगद, उपहार घुस दिनुपरेको भन्ने उत्तरदाताहरूको संख्यामा क्रमिक रूपमा कम भइरहेको देखिएको छ ।** उदाहरणका लागि, सन् २०१७ मा जग्गा सम्बन्धी सेवा पाउनका लागि १४.७% उत्तरदाताहरूले घुस दिएका थिए, यो प्रतिशत सन् २०१८ मा घटेर ९.२% भएको र सन् २०२० मा अझै घटेर ४.३% पुगेको छ । सवारी साधन सम्बन्धी सेवा लिँदा उत्तरदातामध्ये ६.१% उत्तरदाताहरूले, प्रहरीबाट सेवा लिँदा ४.६% ले, सरकारी कागजात निकाल्दा ४.५% ले र जग्गा सम्बन्धी सेवा लिँदा ४.३% उत्तरदाताहरूले घुस दिएको बताएका छन् । सेवा लिए वापत घुस दिने अनुपात प्रदेश अनुसार फरक फरक रहेको छ (थप विवरणका लागि, तालिका ५.११.१ हेर्नुहोस्) । तराईमा रहेका नेपालीहरूले हिमाल वा पहाडी क्षेत्रमा रहने नेपालीहरूको तुलनामा सेवा दिए वापत वा काम गरिदिए वापत अधिकारीहरूलाई घुस दिने संभावना बढी रहेको देखिएको छ ।

### सेवावापत अतिरिक्त नगद वा उपहार, प्रदेश र वर्षअनुसार

| | वर्ष | जग्गा/ मालपोत सम्बन्धित काम गर्दा | सरकारी कागजात निकाल्दा | प्रहरीबाट सेवा लिँदा | न्यायलय, अदालतबाट सेवा लिँदा | जागिर खोज्दा | स्वास्थ्य सेवा लिँदा | विद्यालय वा विश्व विद्यालयमा भर्ना गर्दा | यातायात सम्बन्धी सेवा लिँदा | बैंक सम्बन्धी सेवा लिँदा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| समग्र | २०१७ | १४.७% | १०.७% | ६.९% | ५.७% | ५.४% | १.८% | १.९% | – | – |
| | २०१८ | ९.२% | ६.०% | ४.१% | २.७% | ३.४% | ०.८% | ०.७% | – | – |
| | २०२० | ४.३% | ४.५% | ४.६% | ३.७% | २.७% | ०.८% | ०.९% | ६.१% | २.१% |
| प्रदेश १ | २०१७ | ९.९% | ५.४% | ३.४% | ३.४% | ३.०% | १.०% | ०.९% | – | – |
| | २०१८ | ४.०% | २.२% | २.४% | १.९% | ४.०% | ०.१% | ०.०% | – | – |
| | २०२० | ३.०% | १.५% | १.२% | ०.८% | ०.८% | ०.३% | ०.२% | ४.२% | २.१% |
| प्रदेश २ | २०१७ | ३०.३% | ३१.४% | १५.४% | १०.१% | ९.१% | ३.३% | ३.०% | – | – |
| | २०१८ | २०.२% | १८.०% | ११.५% | ६.९% | ३.६% | १.९% | २.१% | – | – |
| | २०२० | ११.४% | १३.६% | ११.३% | ५.५% | ५.९% | २.६% | १.९% | १०.९% | ३.०% |
| बागमती प्रदेश | २०१७ | ११.८% | ४.३% | १.८% | २.०% | १.३% | ०.५% | ०.८% | – | – |
| | २०१८ | ८.७% | २.३% | ०.२% | ०.२% | ४.०% | ०.३% | ०.३% | – | – |
| | २०२० | २.२% | २.५% | ०.०% | २.८% | १.३% | ०.२% | ०.१% | ३.२% | ०.४% |
| गण्डकी प्रदेश | २०१७ | ५.५% | २.६% | ३.९% | ४.०% | ४.३% | २.६% | २.२% | – | – |
| | २०१८ | १.४% | १.१% | १.०% | ०.७% | २.८% | ०.४% | ०.२% | – | – |
| | २०२० | २.४% | २.३% | १०.७% | ७.७% | ८.०% | ०.५% | ०.८% | १.०% | ०.८% |
| लुम्बिनी प्रदेश | २०१७ | १६.४% | १०.६% | १३.७% | १५.६% | १५.७% | ३.६% | ४.२% | – | – |
| | २०१८ | ८.९% | ४.४% | ४.५% | ४.७% | ३.४% | १.३% | १.२% | – | – |
| | २०२० | ५.९% | २.७% | ६.३% | ५.७% | ३.५% | ०.८% | १.५% | ९.२% | २.९% |
| कर्णाली प्रदेश | २०१७ | ३.९% | १.१% | ०.५% | ०.६% | १.४% | ०.५% | ०.८% | – | – |
| | २०१८ | २.४% | १.९% | २.४% | २.१% | १.२% | १.०% | ०.३% | – | – |
| | २०२० | १.२% | १.५% | १.८% | ०.०% | ०.०% | ०.३% | ०.६% | ३.२% | १.०% |
| सुदूर पश्चिम प्रदेश | २०१७ | १०.९% | ३.१% | ३.१% | १.०% | ४.५% | ०.३% | ०.२% | – | – |
| | २०१८ | १४.६% | ६.७% | ६.६% | १.८% | ४.५% | ०.०% | ०.२% | – | – |
| | २०२० | २.०% | २.१% | ५.५% | ५.४% | ३.४% | ०.८% | ०.९% | ५.७% | २.९% |

*तालिका ५.११.१ : प्रश्न-E17a-g. तपाईंले गएको एक वर्ष भित्रमा तलका कुनै पनि सेवा सुविधा लिँदा कुनै कर्मचारीलाई सरकारले तोकेको भन्दा बढी पैसा वा उपहार वा कुनै सहयोग गर्नुपरेको थियो ? ('भन्न चाहन्न' र 'थाहा छैन' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन ।)*

## ५.१२ स्थानीय शासन प्रक्रियामा आम मानिसहरूको सहभागिता

**सर्वेक्षणमा सहभागी तीन चौथाइभन्दा केही कम उत्तरदाताहरू (७१.६%) ले आफ्नो स्थानीय सरकारले चालु आर्थिक वर्षमा कार्यान्वयन गर्न बनाउने कुनै पनि विकास परियोजना वा बजेट योजनाबारे थाहा नपाएको बताएका छन् ।** उत्तरदाताहरुमध्ये एक चौथाइ भन्दा थोरै बढी (२८.४%) ले मात्र स्थानीय सरकारले कार्यान्वयन गर्न बनाएका कुनै पनि विकास परियोजना वा बजेट योजनाको बारेमा थाहा पाएको बताएका छन् ।

यस विषयमा जानकारीको स्तर पनि प्रदेश अनुसार फरक फरक रहेको छ । स्थानीय सरकारले विनियोजन गरेका विकास आयोजना वा बजेटबारे सुदूरपश्चिम प्रदेशका ३६.४% उत्तरदाताहरूलाई, त्यसपछि लुम्बिनी प्रदेशका ३४.१% र बागमती प्रदेशका २२% उत्तरदाताहरूलाई जानकारी रहेको बताइएको छ । हिमाली वा पहाडी क्षेत्रका मानिसहरु, पुरूष र मध्यम उमेर समूहका मानिसहरूलाई स्थानीय रूपमा सञ्चालनमा आएका सरकारी परियोजना र बजेटबारे जानकारी हुनसक्ने संभावना बढी देखिएको छ । साथै यस प्रकारको जानकारीको स्तर शिक्षासँग सम्बन्धित रहेको पाइएको छ ।

### स्थानीय सरकारका विकास परियोजनाहरू बारेमा जानकारी

| | | स्थानीय सरकारको विकास परियोजनाबारे जानकारी | |
|---|---|---|---|
| | | छ | छैन |
| समग्र | समग्र | २८.४% | ७१.६% |
| प्रदेश | प्रदेश १ | २९.५% | ७०.५% |
| | प्रदेश २ | २५.४% | ७४.६% |
| | बागमती प्रदेश | २२.०% | ७८.०% |
| | गण्डकी प्रदेश | २८.६% | ७१.४% |
| | लुम्बिनी प्रदेश | ३४.१% | ६५.९% |
| | कर्णाली प्रदेश | २८.१% | ७१.९% |
| | सुदूरपश्चिम प्रदेश | ३६.४% | ६३.६% |
| बसोबास गर्ने ठाउँ | गाउँपालिका | २८.८% | ७१.२% |
| | नगरपालिका | २८.२% | ७१.८% |
| भौगोलिक क्षेत्र | हिमाल | ३४.३% | ६५.७% |
| | पहाड | २५.७% | ७४.३% |
| | तराई | ३०.०% | ७०.०% |
| लिंग | महिला | १९.८% | ८०.२% |
| | पुरूष | ३७.६% | ६२.४% |
| उमेर | १८-२५ | २३.३% | ७६.७% |
| | २५-३५ | ३०.१% | ६९.९% |
| | ३५-४५ | ३०.१% | ६९.९% |
| | ४५-५५ | ३२.३% | ६७.७% |
| | ५५ वर्ष भन्दा माथि | २७.७% | ७२.३% |
| शिक्षा | पढ्न/लेख्न नजान्ने | १६.०% | ८४.०% |
| | अनौपचारिक शिक्षा पाएको | २३.०% | ७७.०% |
| | आधारभूत शिक्षा | २६.८% | ७३.२% |
| | माध्यमिक शिक्षा | ३३.८% | ६६.२% |
| | उच्च शिक्षा | ४१.९% | ५८.१% |

| | | स्थानीय सरकारको विकास परियोजनाबारे जानकारी | |
|---|---|---|---|
| | | छ | छैन |
| जाति | पहाडी जाति | ३१.७% | ६८.३% |
| | पहाडी आदिवासी/जनजाति | २७.३% | ७२.७% |
| | पहाडी दलित | २४.९% | ७५.१% |
| | मधेशी जाति (तह-१) | २५.४% | ७४.६% |
| | मधेशी जाति (तह-२) | २७.६% | ७२.४% |
| | मधेशी (आदिवासी/जनजाति) | ३४.७% | ६५.३% |
| | मधेशी दलित | २३.३% | ७६.७% |
| | अन्य सांस्कृतिक समूह | | १००.०% |
| | मुसलमान | १९.१% | ८०.९% |
| पेशा | कृषि | ३१.०% | ६९.०% |
| | सामाजिक सेवा | ६४.३% | ३५.७% |
| | मजदुर | २३.९% | ७६.१% |
| | व्यापार | ३१.७% | ६८.३% |
| | जागिर | ४५.१% | ५४.९% |
| | वैदेशिक रोजगार | २१.१% | ७८.९% |
| | घरायसी काम | १६.०% | ८४.०% |
| | विद्यार्थी | २६.५% | ७३.५% |
| | बेरोजगार | २६.०% | ७४.०% |
| | जागिरबाट अवकाश | २२.९% | ७७.१% |
| आम्दानी समूह (नेपाली रूपैयाँमा) | ६०,००० र त्यसभन्दा मुनी | २१.४% | ७८.६% |
| | ६०,००१-१२०,००० | ३१.९% | ६८.१% |
| | १२०,००१-२००,००० | ३९.३% | ६०.७% |
| | २००,००१ र त्यसभन्दा माथि | ४१.०% | ५९.०% |
| | आश्रित | १८.०% | ८२.०% |

*तालिका ५.१२.१ : प्रश्न-E18. तपाईंलाई यस आर्थिक वर्षमा स्थानीय सरकारले कार्यान्वयन गरेको कुनै विकास परियोजना वा बजेट कार्यान्वयनका लागि बनाइएको योजनाको बारेमा केही जानकारी छ ? (सं=७,०६०)*

स्थानीय सरकारका विकास आयोजनाबारे सचेत रहेका २८.४% उत्तरदाताहरूलाई सर्वेक्षणको क्रममा उनीहरूलाई जानकारी भएको कुनै एउटा विकास आयोजनाको नाम र बजेट शीर्षक उल्लेख गर्न आग्रह गरिएको थियो । अधिकांश उत्तरदाताहरु (७०.६%) ले उनीहरूलाई सडक/भौतिक पूर्वाधारसँग सम्बन्धित विकास आयोजनाबारे जानकारी रहेको बताएका छन् । खानेपानी सम्बन्धी आयोजनाबारे ९.७% ले र सबैभन्दा कम उत्तरदाताहरु ०.३% ले रोजगार र विपद् व्यवस्थापन सम्बन्धी विषयमा जानकारी भएको बताएका छन् (थप विवरणका लागि, तालिका ५.१२.२ हेर्नुहोस्) ।

**चालु आर्थिक वर्षमा स्थानीय सरकारका विकास परियोजनाहरू बारे जानकारी**

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| बाटोघाटो/सडक/भौतिक पूर्वाधार | ७०.६% | ७१.१% | ६८.४% | ७०.१% | ७२.०% | ७३.९% | ६१.६% | ७१.४% |
| खानेपानी | ९.७% | ४.२% | २.७% | १२.५% | १४.९% | १२.४% | १२.५% | १४.९% |
| शिक्षा | ७.८% | ९.०% | १५.३% | ६.५% | ६.०% | ३.७% | ११.६% | ३.६% |
| ढल/पानी निकास | २.८% | २.०% | ८.२% | २.२% | १.२% | २.१% | ०.९% | ०.४% |
| स्वास्थ्य | १.७% | २.२% | ०.८% | २.५% | १.२% | १.२% | ३.६% | २.०% |
| सामुदायिक स्थानहरूको व्यवस्थापन | १.६% | २.५% | १.९% | १.९% | ३.०% | ०.७% | ०.९% | ०.४% |
| विद्युत् | १.४% | ३.१% | | ०.६% | | २.३% | ३.६% | ०.८% |
| सिंचाई | १.४% | १.४% | – | ०.३% | – | १.६% | ५.४% | ४.०% |
| कृषि र पशु सेवा | ०.८% | ०.८% | ०.५% | ०.९% | १.२% | ०.७% | – | १.६% |
| फोहर व्यवस्थापन | ०.६% | | ०.५% | १.२% | – | १.४% | – | ०.४% |
| स्थानीय बजार/हाट बजार व्यवस्थापन | ०.५% | १.१% | ०.५% | १.२% | – | – | – | ०.४% |
| रोजगार सम्बन्धी | ०.३% | ०.८% | ०.८% | | ०.६% | – | – | – |
| विपद् व्यवस्थापन | ०.३% | १.७% | ०.३% | – | – | – | – | – |

*तालिका ५.१२.२ : प्रश्न-E18a. (यदि प्रश्न- E18 मा स्थानीय सरकारले कार्यान्वयन गरेको कुनै विकास परियोजना वा बजेट कार्यान्वयनका लागि बनाइएको योजनाको बारेमा 'जानकारी छ' भनेमा) यदि छ भने, तपाईंलाई जानकारी भएको कुनै एउटा विकास आयोजनाको नाम बताइदिन सक्नुहुन्छ ? (सं.= १,६४४)*

स्थानीय सरकारले के कुरालाई पहिलो प्राथमिकता दिनुपर्छ, भन्ने उत्तरदाताहरूको सोचाई बुझ्न, उनीहरूलाई यस सर्वेक्षणको प्रश्नावलीमा दिइएको सूचीबाट सेवाहरूलाई प्राथमिकताका साथ छनोट गर्न भनिएको थियो । सहभागी उत्तरदाताहरु मध्ये २८% ले स्थानीय सरकारले बाटोघाटो/सडक तथा भौतिक पूर्वाधार सम्बन्धी परियोजनालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने बताएका छन्, त्यस्तै शिक्षालाई २२.२% ले, रोजगारको क्षेत्रलाई १४.६% र खानेपानी परियोजनालाई ११.८% उत्तरदाताहरूले स्थानीय सरकारले आफ्नो पहिलो प्राथमिकतामा राख्नुपर्ने बताएका छन् (थप विवरणका लागि, तालिका ५.१२.३ हेर्नुहोस्) ।

**पहिलो प्राथमिकतामा राखिनुपर्ने सेवाहरू, प्रदेशअनुसार**

| सेवा | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| बाटोघाटो/सडक/भौतिक पूर्वाधार सम्बन्धी | २८.०% | ३१.५% | ३१.२% | २६.४% | ३४.७% | २१.६% | ३०.३% | २३.२% |
| शिक्षा सम्बन्धी | २२.२% | १६.४% | ३२.७% | १२.०% | १९.०% | २६.६% | २१.४% | २७.३% |
| रोजगारी सम्बन्धी | १४.६% | २०.९% | ११.७% | १४.०% | १७.५% | १०.२% | १०.४% | १८.८% |
| खानेपानी सम्बन्धी | ११.८% | ५.४% | १.७% | २५.७% | ८.५% | १३.९% | १३.४% | १२.२% |
| स्वास्थ्य सम्बन्धी | ७.६% | ८.९% | २.६% | ८.०% | ११.७% | ११.०% | ६.०% | ६.६% |
| ढल/पानी निकास सम्बन्धी | ४.३% | ०.९% | ११.२% | ५.२% | ०.७% | ४.०% | ०.२% | ०.१% |
| विद्युत् सम्बन्धी | २.८% | ६.२% | ०.२% | ०.५% | १.४% | १.२% | ११.७% | ५.७% |
| सिंचाई सम्बन्धी | २.४% | २.१% | ३.०% | १.२% | ०.८% | ३.६% | ३.५% | २.९% |
| कृषि/पशु सेवा सम्बन्धी | २.४% | ४.०% | १.०% | १.२% | ४.१% | ४.३% | १.२% | १.३% |
| फोहर व्यवस्थापन सम्बन्धी | १.०% | ०.२% | १.७% | २.०% | ०.२% | १.१% | ०.५% | ०.१% |
| घर जग्गा प्रमाणपत्र वितरण सम्बन्धी | १.०% | ०.९% | १.३% | १.१% | – | १.७% | – | ०.३% |
| जेष्ठ नागरिक, फरक प्रकारले सक्षम व्यक्तिको संरक्षण सम्बन्धी | ०.७% | १.२% | ०.१% | १.२% | ०.७% | ०.४% | ०.५% | ०.९% |
| सामुदायिक स्थानहरूको व्यवस्थापन सम्बन्धी | ०.३% | ०.१% | ०.५% | ०.५% | ०.३% | ०.२% | – | ०.३% |
| स्थानीय बजार/हाट बजार व्यवस्थापन सम्बन्धी | ०.३% | ०.३% | ०.३% | ०.५% | ०.३% | ०.४% | – | – |
| विपद् व्यवस्थापन सम्बन्धी | ०.३% | ०.७% | ०.१% | ०.३% | – | – | ०.५% | ०.१% |
| वातावरण संरक्षण सम्बन्धी | ०.१% | ०.२% | ०.२% | – | – | – | – | – |
| थाहा छैन/भन्न सक्दिन | ०.२% | – | ०.६% | ०.१% | ०.२% | – | ०.२% | – |

*तालिका ५.१२.३ : प्रश्न-E19. तपाईंको विचारमा, दिइएका सूचीमध्ये स्थानीय सरकारले कुन चाहिँ सेवालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ जस्तो लाग्छ ? (सं.=७,०६०)*

**बाटोघाटो, सडक तथा भौतिक पूर्वाधारलाई स्थानीय सरकारले पहिलो प्राथमिकतामा राख्नु पर्छ भन्ने बिचार सन् २०२० मा धेरै उत्तरदाताहरूको भएता पनि यस्तो बिचार राख्ने उत्तरदाताहरूको प्रतिशत गएको दुई वर्षको तुलनामा घटेको छ ।** सन् २०१८ मा ३६.५% उत्तरदाताहरूले बाटोघाटो, सडक तथा भौतिक पूर्वाधारलाई स्थानीय सरकारले पहिलो प्राथमिकतामा राख्नु पर्छ भन्ने बिचार व्यक्त गरेका थिए जुन सन् २०२० मा घटेर २८% पुगेको छ । सन् २०२० मा स्थानीय सरकारले शिक्षा, रोजगार, पानी र स्वास्थ्य सम्बन्धी परियोजनाहरूलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ भन्ने लागेका उत्तरदाताहरूको संख्यामा भने वृद्धि भएको छ (थप जानकारीको लागि, चित्र ५.१२.१ हेर्नुहोस्) ।

**पहिलो प्राथमिकतामा राखिनुपर्ने स्थानीय सरकारी सेवाहरू, वर्षअनुसार**




*चित्र ५.१२.१ : प्रश्न-E19. तपाईंको नगरपालिका वा गाउँपालिकाले दिने सेवाहरूको सूची तल दिइएको छ । तपाईंको विचारमा, स्थानीय सरकारले कुन चाहिँ सेवालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ जस्तो लाग्छ ? (सं.= ७,०६०)*

## *जागरूकता र सार्वजनिक सुनुवाइमा सहभागिता*

सर्वेक्षणको क्रममा उत्तरदाताहरूलाई उनीहरूको स्थानीय क्षेत्रमा भएका सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण र विकास योजना बारेको जानकारी र त्यसमा सहभागिता सम्बन्धमा प्रश्न सोधिएको थियो । **एक चौथाइभन्दा केही थोरै उत्तरदाताहरू (२३.२%) ले आफ्नो स्थानीय निकायमा सार्वजनिक सुनुवाइ भएको थाहा भएको बताएका छन्, भने एक तिहाइ (३३.१%) उत्तरदाताहरूले चाहिँ विगत एक वर्षमा उनीहरूको ठाउँमा सार्वजनिक सुनुवाइ नभएको बताएका छन् ।** बागमती प्रदेशका (५८.५%), गण्डकी प्रदेशका (५१.९%) र लुम्बिनी प्रदेशका (४९.४%) उत्तरदाताहरूले गएको वर्षमा उनीहरूको स्थानीय क्षेत्रमा सार्वजनिक सुनुवाइ भएको थियो वा थिएन भन्नेबारे आफू निश्चित नभएको बताएका छन् । सुदूरपश्चिम प्रदेशका (३७.४%) र लुम्बिनी प्रदेशका (३६.१%) उत्तरदाताहरूले, गएको वर्षमा उनीहरूको स्थानीय क्षेत्रमा सार्वजनिक सुनुवाइ भएको थियो, भनेर बताएका छन्, भने बागमती प्रदेशका १६.७% र प्रदेश २ का १२.८% ले मात्र उनीहरूको स्थानीय क्षेत्रमा सार्वजनिक सुनुवाई भएको थियो, भनेर उल्लेख गरेका छन् ।

स्थानीय क्षेत्रमा भएका सार्वजनिक सुनुवाइबारे थाहा भएका (२३.२%) उत्तरदाताहरूलाई त्यस्तो सुनुवाइमा उनीहरूको सहभागिता बारे पनि प्रश्न सोधिएको थियो । उनीहरूमध्ये ८.९% ले स्थानीय क्षेत्रमा भएका अधिकांश सार्वजनिक सुनुवाइमा भाग लिएको बताएका छन्, उत्तरदातामध्ये ३३.८% ले केही सार्वजनिक सुनुवाइमा भाग लिएको र सबैभन्दा धेरै उत्तरदाताहरु (५७.२%) ले कुनैपनि सार्वजनिक सुनुवाइमा भाग नलिएको बताएका छन् । सुदूरपश्चिम प्रदेशमा पाँच मध्ये लगभग दुईजना उत्तरदाताहरु (३७.४%) ले चाहिँ सार्वजनिक सुनुवाइबारे थाहा भएको बताएका छन् । सुदूरपश्चिम प्रदेशका केही (७.५%) उत्तरदाताहरूले धेरैजसो सुनुवाइमा भाग लिएको बताएका छन् र ३०.२% उत्तरदाताहरूले केही सुनुवाइमा मात्र भाग लिएको बताएका छन् तर अधिकांश उत्तरदाताहरू (६२.४%) ले कुनैपनि सार्वजनिक सुनुवाइमा भाग नलिएको बताएका छन् (थप विवरणका लागि, तालिका ५.१२.४ हेर्नुहोस्) ।

**गाउँपालिका/नगरपालिका/वडाहरूमा गएको वर्षका सार्वजनिक सुनुवाईमा भएको सहभागिता**

| | सार्वजनिक सुनुवाइमा सहभागिता (सं.=७,०६०) | | | सार्वजनिक सुनुवाइमा सहभागिता (सं.=१,६३६) | | |
|---|---|---|---|---|---|---|
| | थियो | थिएन | थाहा छैन | धेरै जसोमा भएँ | केहीमा भएँ | कहिल्यै सहभागी भइन |
| समग्र | २३.२% | ३३.१% | ४३.७% | ८.९% | ३३.८% | ५७.२% |
| प्रदेश १ | २४.५% | ४३.७% | ३१.८% | ११.८% | ३०.१% | ५८.१% |
| प्रदेश २ | १२.८% | ५६.५% | ३०.७% | ८.६% | २७.४% | ६४.०% |
| बागमती प्रदेश | १६.७% | २४.८% | ५८.५% | १२.३% | ४२.२% | ४५.५% |
| गण्डकी प्रदेश | १७.६% | ३०.५% | ५१.९% | ७.७% | ३८.५% | ५३.८% |
| लुम्बिनी प्रदेश | ३६.१% | १४.५% | ४९.४% | ६.६% | ३४.४% | ५९.०% |
| कर्णाली प्रदेश | २३.५% | ३०.९% | ४५.७% | ८.५% | ३८.३% | ५३.२% |
| सुदूरपश्चिम प्रदेश | ३७.४% | २०.९% | ४१.७% | ७.५% | ३०.२% | ६२.४% |

*तालिका ५.१२.४ : प्रश्न-E20. गएको एक वर्षमा तपाईंको स्थानीय गाउँपालिका/नगरपालिका/वडामा कहिल्यै सार्वजनिक सुनुवाई भएको थियो ? प्रश्न-E20a.( यदि प्रश्न-E20 मा, 'थियो' भनेमा) के त्यस सार्वजनिक सुनुवाईमा तपाई सहभागी हुनुभयो ?*

**स्थानीय गाउँपालिका/नगरपालिका/वडामा सार्वजनिक सुनुवाइमा कहिल्यै सहभागी नभएको भन्ने उत्तरदाताहरूको प्रतिशतमा केही वर्ष यता कमी आएको देखिएको छ ।** सन् २०१८ मा ८९.४% उत्तरदाताहरूले उनीहरूले कहिले पनि सार्वजनिक सुनुवाइमा भाग नलिएको बताएका थिए, तर सन् २०२० मा भने ५७.२% उत्तरदाताहरूले सार्वजनिक सुनुवाइमा सहभागी नभएको बताएका छन् । सार्वजनिक सुनुवाइमा भाग लिएको भन्ने उत्तरदाताहरूको संख्या सन् २०१८ देखि सबै प्रदेशहरूमा बढेको देखिएको छ (थप विवरणका लागि, चित्र ५.१२.२ हेर्नुहोस्) ।

**सार्वजनिक सुनुवाईमा भएको सहभागिता**




*चित्र ५.१२.२ : प्रश्न-E20a. (यदि प्रश्न-E20 मा गएको एक वर्षमा के आफ्नो स्थानीय इलाकामा सार्वजनिक सुनुवाई भएको थियो भन्ने प्रश्नको उत्तरमा, 'थियो' भनेमा) आफ्नो स्थानीय गाउँपालिका/नगरपालिका/वडामा भएको त्यस सार्वजनिक सुनुवाईमा तपाईं सहभागी हुनुभयो ? (सं.=१,६३६)*

## सार्वजनिक परीक्षणमा जागरूकता र सहभागिता

**सर्वेक्षणमा सहभागीमध्ये १६.६% उत्तरदाताहरूले गएको एक वर्षमा उनीहरूको स्थानीय निकायमा सार्वजनिक परीक्षण भएको बारे थाहा भएको र ३५.६% ले चाहिँ सार्वजनिक परीक्षण नभएको बताएका छन् ।** लगभग आधाजसो उत्तरदाताहरु (४७.९%) ले उनीहरूको स्थानीय निकायमा गएको वर्षमा सार्वजनिक परीक्षण गरिएको वा नगरिएको बारेमा अनिश्चित रहेका छन् ।

सार्वजनिक परीक्षणबारे जानकारी भएका १६.६% उत्तरदाताहरूलाई, उनीहरूले आफ्नो स्थानीय पालिकामा आयोजना भएको सार्वजनिक परीक्षणमा सहभागी भए कि भएनन् भनेर पनि सोधिएको थियो । उनीहरूमध्ये ८.५% उत्तरदाताहरूले आफ्नो स्थानीय पालिकामा आयोजना भएको सार्वजनिक परीक्षणमा धेरैमा भाग लिएको, ३१.१% ले केहीमा र ६०.४% ले कुनैमा पनि भाग नलिएको बताएका छन् ।

सार्वजनिक परीक्षणबारेको सचेतना प्रदेशहरूमा फरक फरक रहेका छन् : सुदूरपश्चिम प्रदेशका ३२.५% उत्तरदाताहरु र लुम्बिनी प्रदेशका २७.९% उत्तरदाताहरूले उनीहरूको स्थानीय पालिकामा गएको वर्षमा सार्वजनिक परीक्षण भएको बारे थाहा भएको बताएका छन्, त्यस्तै बागमती प्रदेशका ७.८% उत्तरदाताहरूले पनि उनीहरूको स्थानीय पालिकामा गएको वर्षमा सार्वजनिक परीक्षण भएको बताएका छन् ।

**नगरपालिका/गाउँपालिका/वडाहरूमा गएको वर्षमा गरिएका सार्वजनिक परीक्षण**

| | सार्वजनिक परीक्षणमा सहभागिता (सं.=७,०६०) | | | सार्वजनिक परीक्षणमा सहभागिता (सं.=१,१७०) | | |
|---|---|---|---|---|---|---|
| | थियो | थिएन | थाहा छैन | धेरैजसोमा भएँ | केहीमा भएँ | कहिल्यै सहभागी भइन |
| समग्र | १६.६% | ३५.६% | ४७.९% | ८.५% | ३१.१% | ६०.४% |
| प्रदेश १ | १६.१% | ४८.५% | ३५.४% | ९.७% | २३.६% | ६६.७% |
| प्रदेश २ | ११.०% | ५६.२% | ३२.८% | १०.६% | २३.८% | ६५.६% |
| बागमती प्रदेश | ७.८% | २६.९% | ६५.३% | १२.३% | ३५.१% | ५२.६% |
| गण्डकी प्रदेश | ९.२% | ३२.९% | ५८.०% | ११.३% | ३२.१% | ५६.६% |
| लुम्बिनी प्रदेश | २७.९% | १८.०% | ५४.१% | ६.८% | ३५.५% | ५७.७% |
| कर्णाली प्रदेश | १८.१% | ३२.९% | ४९.०% | ६.८% | ३३.८% | ५९.५% |
| सुदूरपश्चिम प्रदेश | ३२.५% | २३.८% | ४३.८% | ६.३% | ३२.९% | ६०.८% |

*तालिका ५.१२.५ : प्रश्न-E21. गएको एक वर्षमा तपाईंको नगरपालिका/गाउँपालिका/वडामा कहिल्यै सार्वजनिक परीक्षण भएको थियो ? र प्रश्न-E22. (प्रश्न-E21 को उत्तरमा, 'भएको थियो' भनेमा) गत एक वर्षमा तपाईं कहिल्यै नगरपालिका/गाउँपालिका/वडाको सामुदायिक विकास कार्यक्रमको सार्वजनिक परीक्षणमा सहभागी हुनुभयो ?*

**आफ्नो स्थानीय निकायमा भइरहेको सार्वजनिक परीक्षणका बारेमा जानकारी भएको उत्तरदाताहरूको संख्यामा क्रमिक रूपमा वृद्धि भइरहेको देखिएको छ ।** सन् २०१८ मा ७.५% उत्तरदाताहरूले आफ्नो स्थानीय निकायमा भइरहेका सार्वजनिक परीक्षणबारे उनीहरु जानकार रहेको बताएका थिए, यो सचेतता सन् २०२० मा १६.६% रहेको छ । गण्डकी प्रदेश बाहेक अरू सबै प्रदेशमा सन् २०१८ देखि यता आफ्नो स्थानीय निकायमा भइरहेको सार्वजनिक परीक्षण बारेको जानकारी पाउनेहरूको प्रतिशत बढेको देखिएको छ । गण्डकी प्रदेशमा चाहिँ जानकारी पाउनेको प्रतिशत सन् २०१८ मा रहेको १५.३% बाट घटेर सन् २०२० मा ९.२% पुगेको छ (थप विवरणका लागि, चित्र ५.१२.३ हेर्नुहोस्) ।

**नगरपालिका/गाउँपालिका/वडाहरुमा गरिएका सार्वजनिक परीक्षण, प्रदेशअनुसार**




*चित्र ५.१२.३ : प्रश्न-E21. गएको एक वर्षमा तपाईंको नगरपालिका/गाउँपालिका/वडामा कहिल्यै सार्वजनिक परीक्षण भएको थियो ? (सं.= ७,०६०)*

## *स्थानीय विकास योजनाहरुमा सहभागिता*

**पाँचमध्ये करिब चारजना (अर्थात् ८५.५%) उत्तरदाताहरूले उनीहरूको क्षेत्रमा हुने स्थानीय विकास योजना निर्माण वा कार्यान्वयनमा सहभागी नभएको बताएका छन् ।** अर्कोतर्फ, १२.६% उत्तरदाताहरुले उनीहरु नगरपालिका/गाउँपालिका/वडाका केही योजनाहरुको तयारी र कार्यान्वयनमा भाग लिएको बताएका छन् र २.०% उत्तरदाताहरुले उनीहरु धेरैजसो स्थानीय विकास योजना निर्माण वा कार्यान्वयनमा सहभागी भएको बताएका छन् ।

**स्थानीय विकास योजना बनाउने क्रममा हुने सहभागिता प्रदेश अनुसार फरक फरक रहेको छ । स्थानीय विकास योजना बनाउनमा सहभागी हुने उत्तरदाताहरूको अनुपात एकदम कम रहेको छ ।** प्रदेश २ मा ९०.२% र गण्डकी प्रदेशमा ८९.०% उत्तरदाताहरुले कहिल्यै पनि स्थानीय विकास योजना बनाउने वा कार्यान्वयनको क्रममा भाग नलिएको बताएका छन् । उत्तरदाताहरुको थोरै संख्या ( लुम्बिनी प्रदेशबाट २.६%, सुदूरपश्चिम प्रदेशबाट २.३%, प्रदेश १ बाट २.२%, कर्णाली प्रदेशबाट २.१%) ले स्थानीय विकास योजना निर्माण वा कार्यान्वयनमा भाग लिएको देखिन्छ (थप विवरणका लागि, चित्र ५.१२.४ हेर्नुहोस्) ।




*चित्र ५.१२४ : प्रश्न-E23. गएको एक वर्षमा तपाईं कहिल्यै नगरपालिका/गाउँपालिका/वडाको स्थानीय विकास योजना निर्माण वा कार्यान्वयनमा सहभागी हुनु भएको थियो ? (सं.= ५,८०४) ('थाहा छैन/भन्न सक्दिन/भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

स्थानीय विकास योजना निर्माण वा कार्यान्वयनका केही कार्यक्रममा सहभागी १२.६% र धेरैजसो कार्यक्रममा सहभागी २.०% उत्तरदाताहरूलाई उनीहरूले कुन कार्यक्रममा भाग लिएका थिए भनेर थप प्रश्न सोधिएको थियो ।

स्थानीय विकास योजना निर्माण वा कार्यान्वयनमा भाग लिने सबै उत्तरदाताहरूमध्ये, ७९.१% उत्तरदाताहरूले बाटोघाटो/सडक तथा भौतिक पूर्वाधार परियोजनामा, ३५.३% उत्तरदाताहरूले खानेपानी सम्बन्धी योजनामा, २६.९% उत्तरदाताहरूले शिक्षा सम्बन्धी योजनामा र १६.२% उत्तरदाताहरूले विद्युत सम्बन्धी योजना निर्माण वा कार्यान्वयनमा सहभागी भएको बताएका छन् ।




*चित्र ५.१२.५ : प्रश्न-E23a. (यदि प्रश्न-E23. मा 'हो, धेरै जसोमा भएँ' र 'केहीमा भएँ' भन्ने उत्तर दिएमा) गएको एक वर्षमा तपाईं नगरपालिका/गाउँपालिका/वडाको, स्थानीय विकास योजना निर्माण वा कार्यान्वयनसँग सम्बन्धी कुन कुन कार्यक्रममा सहभागी हुनुभयो ? (सं.=८४४)*

## ५.१३ जननिर्वाचित प्रतिनिधिहरू प्रतिका धारणाहरू

**तीनओटै तहको सरकारमा निर्वाचित जनप्रतिनिधिहरूले आम जनताहरूको ख्याल राख्ने धारणा अधिकांश उत्तरदाताहरूले व्यक्त गरेका छन् ।** यहाँ 'ख्याल राख्ने' धारणालाई, 'एकदमै ख्याल राख्ने' र 'केही ख्याल राख्ने' को संयुक्त रूपमा लिइएको छ । संघीय र प्रदेश सरकारका निर्वाचित जनप्रतिनिधिहरूले भन्दा स्थानीय सरकारका निर्वाचित प्रतिनिधिले आम जनताको बढी ख्याल विचार राख्ने गरेको उत्तरदाताहरूले बताएका छन् । ७४.१% उत्तरदाताहरूले स्थानीय सरकारमा निर्वाचित जनप्रतिनिधिहरूले आम जनताहरूको ख्याल राख्ने गरेको, त्यसैगरी ६२.२% उत्तरदाताहरूले प्रदेश सरकारमा निर्वाचित जनप्रतिनिधिहरूले आम जनताहरूको ख्याल राख्ने गरेको र ६२.१% उत्तरदाताहरूले संघीय सरकारमा निर्वाचित जनप्रतिनिधिहरूले आम जनताहरूको ख्याल राख्ने गरेको बताएका छन् । **आफूले चुनेका प्रतिनिधिले आम जनताको 'विचार गर्दैनन्' भन्ने सोचाइ राख्ने उत्तरदाताहरूको संख्या सन् २०१७ देखि क्रमशः घट्दै गइरहेको छ (थप विवरणका लागि, चित्र ५.१३.१ हेर्नुहोस्) ।**

**जननिर्वाचित प्रतिनिधिद्वारा आम जनताको ख्याल विचार, वर्षअनुसार**




*चित्र ५.१३.१ : प्रश्न-F1i-iii. तपाईंको विचारमा जन निर्वाचित प्रतिनिधि (गाउँपालिका/नगरपालिका सभामा निर्वाचित प्रतिनिधि, प्रदेश सांसद तथा संघीय सांसद) हरूले तपाईं र तपाईं जस्तै जनताको बारेमा विचार राख्ने गर्छन् जस्तो लाग्छ ? (सं=७,०६०)*

प्रदेश २ का ११.२% उत्तरदाताहरूले स्थानीय निर्वाचित जनप्रतिनिधिहरूले उनीहरूको 'एकदमै विचार गर्ने' बताएका छन्, भने गण्डकी प्रदेशका ४.७% उत्तरदाताहरूले स्थानीय निर्वाचित जनप्रतिनिधिहरूले उनीहरूको 'एकदमै विचार गर्ने' बताएका छन् । प्रदेशहरूमा सबैभन्दा धेरै, कर्णाली प्रदेशका १२.७% उत्तरदाताहरूले उनीहरूका स्थानीय जनप्रतिनिधिहरूले उनीहरूको 'एकदमै विचार नगर्ने' बताएका छन् (थप विवरणका लागि, तालिका ५.१३.१ हेर्नुहोस्) ।

**जननिर्वाचित प्रतिनिधिद्वारा आम जनताको ख्याल विचार, प्रदेशअनुसार**

| | | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| नगर/ गाउँ सभा | पूर्ण रूपमा गर्छन् | १०.४% | १७.१% | ११.२% | ६.४% | ४.७% | १२.०% | ९.९% | ७.४% |
| | केही हदसम्म गर्छन् | ६३.७% | ६०.०% | ५९.५% | ६८.७% | ७३.८% | ६२.५% | ५७.३% | ६५.७% |
| | गर्दैनन् | १७.२% | १५.०% | १६.२% | १९.२% | १४.६% | १६.७% | १७.४% | २२.५% |
| | पटक्कै गर्दैनन् | ५.९% | ५.६% | ८.०% | ३.४% | ५.९% | ५.१% | १२.७% | ४.३% |
| | थाहा छैन/ भन्न सक्दिन | २.८% | २.३% | ५.१% | २.४% | १.०% | ३.६% | २.७% | ०.१% |
| प्रदेश सभासद | पूर्ण रूपमा गर्छन् | ६.९% | १०.५% | ८.९% | ३.८% | १.७% | ८.२% | ६.७% | ५.१% |
| | केही हदसम्म गर्छन् | ५५.३% | ५६.०% | ५८.५% | ५०.४% | ५७.५% | ५२.७% | ५६.८% | ६०.३% |
| | गर्दैनन् | २२.८% | २०.८% | १७.६% | ३०.९% | २२.२% | २१.०% | १९.३% | २६.०% |
| | पटक्कै गर्दैनन् | ६.७% | ७.२% | ७.७% | ५.०% | ७.१% | ५.५% | १३.८% | ५.०% |
| | थाहा छैन/ भन्न सक्दिन | ८.३% | ५.५% | ७.३% | ९.९% | ११.५% | १२.७% | ३.५% | ३.५% |
| संघीय सभासद | पूर्ण रूपमा गर्छन् | ६.७% | ९.०% | ८.८% | ३.७% | १.७% | ८.३% | ७.७% | ५.६% |
| | केही हदसम्म गर्छन् | ५५.४% | ५६.२% | ५६.७% | ५३.०% | ५७.४% | ५२.२% | ५३.८% | ६१.८% |
| | गर्दैनन् | २४.१% | २३.५% | १९.४% | ३२.३% | २३.५% | २१.९% | २१.२% | २४.१% |
| | पटक्कै गर्दैनन् | ६.९% | ७.०% | ७.८% | ५.८% | ७.६% | ५.३% | १३.८% | ५.०% |
| | थाहा छैन/ भन्न सक्दिन | ६.९% | ४.४% | ७.२% | ५.१% | ९.८% | १२.३% | ३.५% | ३.५% |

*तालिका ५.१३.१ : प्रश्न-F1i-iii. तपाईंको विचारमा जन निर्वाचित प्रतिनिधि (गाउँपालिका/नगरपालिका सभामा निर्वाचित प्रतिनिधि, प्रदेश सांसद तथा संघीय सांसद) हरूले तपाईं र तपाईं जस्तै जनताको बारेमा विचार राख्ने गर्छन् जस्तो लाग्छ ? (सं.=७,०६०)*

## ५.१४ सरकारको संवेदनशीलता बारेका धारणाहरू

**धेरैजसो उत्तरदाताहरूले प्रदेश सरकार र संघीय सरकारको भन्दा स्थानीय सरकार जनताहरूको आवश्यकता पूरा गर्ने सन्दर्भमा बढी संवेदनशील भएको विचार व्यक्त गरेका छन् ।** ५८.९% उत्तरदाताहरूले उनीहरूको स्थानीय सरकार जनताप्रति बढी संवेदनशील भएको बताएका छन्, भने यही कुरा प्रदेश र संघीय सरकारको सन्दर्भमा क्रमशः ४४.२% र ४३.६% उत्तरदाताहरूले बताएका छन् । यद्यपि, तीनै तहका सरकारको जनताप्रति संवेदनशीलतामा सुधार भएको छ भन्ने उत्तरदाताहरूको संख्यामा निरन्तर वृद्धि भइरहेता पनि संघीय सरकारको जनताप्रति संवेदनशीलता बिग्रेको छ भनी ८.५% उत्तरदाताहरूले उल्लेख गरेका छन् । त्यसैगरी, प्रदेश सरकार र स्थानीय सरकारको जनताप्रति संवेदनशीलता बिग्रेको छ भनी क्रमशः ७.९% र ६.३% उत्तरदाताहरूले उल्लेख गरेका छन् (थप विवरणका लागि, चित्र ५.१४.१ हेर्नुहोस्) ।

### जनताको आवश्यकता पूरा गर्नको निम्ति सरकारको संवेदनशीलता बारेका धारणाहरू, वर्षअनुसार




*चित्र ५.१४.१ : प्रश्न-F1Ai-iii. गएको वर्षसँग तुलना गर्दा, आम जनताहरूको आवश्यकता पूरा गर्ने सन्दर्भमा सरकार (स्थानीय, प्रदेश, संघीय सरकार) कतिको संवेदनशील भएको छ जस्तो लाग्छ ? (सं.=७,०६०)*

**जनताको आवश्यकताप्रति सरकार संवेदनशील छ भन्ने धारणा प्रदेश अनुसार फरक रहेको छ । कर्णाली प्रदेशबाहेक अन्य प्रदेशहरूमा केही वर्षयता जनताहरूको आवश्यकता पूरा गर्नको निम्ति सरकारको संवेदनशीलतामा सुधार आएको छ भनी उल्लेख गर्ने उत्तरदाताहरूको प्रतिशतमा वृद्धि भएको छ ।** जनताको आवश्यकता पूरा गर्नको निम्ति सरकारको संवेदनशीलतामा गत वर्षको भन्दा सुधार भएको छ भन्ने धारणा राख्ने उत्तरदाताहरूको प्रतिशत बागमती प्रदेशमा सन् २०१८ मा रहेको ३३% बाट बढेर सन् २०२० मा ६१.७% पुगेको छ र संघीय सरकारको सन्दर्भमा सन् २०१८ मा रहेको २२% बाट सन् २०२० मा ४२.१% मा पुगेको देखिएको छ । गण्डकी प्रदेशमा ७३.५% उत्तरदाताहरु (प्रदेशहरूमा सबैभन्दा बढी) ले जनताको आवश्यकता प्रति स्थानीय सरकारको संवेदनशीलतामा सुधार रहेको बताएका छन्, जुन सन् २०१८ मा रहेको ५६.१% बाट बढेको हो, कर्णाली प्रदेशका ५०.९% उत्तरदाताहरु (प्रदेशहरूमा सबैभन्दा कम) ले जनताको आवश्यकता प्रति स्थानीय सरकारको संवेदनशीलतामा सुधार रहेको बताएका छन् । जनताको आवश्यकता पूरा गर्नको निम्ति तीन ओटै तहका सरकारको संवेदनशीलता गत वर्षको भन्दा सुधार भएको छ भन्ने धारणा राख्ने उत्तरदाताहरूको प्रतिशत कर्णाली प्रदेशमा भने कम भएको देखिएको छ । सन् २०१८ मा स्थानीय सरकारको संवेदनशीलता गत वर्षको भन्दा सुधार भएको छ भन्ने धारणा राख्ने उत्तरदाताहरूको प्रतिशत ६१.७% बाट घटेर सन् २०२० मा ५०.९% पुगेको, प्रदेश सरकारको संवेदनशीलतामा सुधार भएको छ भन्ने धारणा राख्ने उत्तरदाताहरु सन् २०१८ मा ५८.५% रहेकोमा यो घटेर सन् २०२० मा ४५.९% पुगेको र संघीय सरकारको संवेदनशीलतामा सुधार भएको छ भन्ने धारणा राख्ने उत्तरदाताहरु सन् २०१८ मा रहेको ५७.९% बाट घटेर सन् २०२० मा ४३.८% पुगेको देखिएको छ (थप विवरणका लागि, तालिका ५.१४.१ हेर्नुहोस्) ।

**जनताको आवश्यकता पूरा गर्नको निम्ति सरकारको संवेदनशीलता बारेका धारणाहरू, प्रदेश र वर्षअनुसार**

| | सरकार | पहिलाको जस्तै छ | | गत वर्षको भन्दा सुधार भएको छ | | पहिलाको भन्दा नराम्रो भएको छ | | थाहा छैन/भन्न सक्दिन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सन् २०१८ | सन् २०२० | सन् २०१८ | सन् २०२० | सन् २०१८ | सन् २०२० | सन् २०१८ | सन् २०२० |
| समग्र | स्थानीय | ३९.७% | ३१.१% | ४८.८% | ५८.९% | ६.२% | ६.३% | ५.३% | ३.६% |
| | प्रदेश | ४१.८% | ३६.३% | ३५.७% | ४४.२% | ७.६% | ७.९% | १५.०% | ११.६% |
| | संघीय | ४४.५% | ३८.५% | ३५.९% | ४३.६% | ८.६% | ८.५% | ११.०% | ९.४% |
| प्रदेश १ | स्थानीय | ४०.०% | ३९.३% | ५१.६% | ५२.०% | ४.२% | ६.५% | ४.२% | २.२% |
| | प्रदेश | ४६.२% | ५०.२% | २४.४% | ३३.१% | ६.०% | ८.५% | २३.४% | ८.३% |
| | संघीय | ५२.०% | ५०.८% | २७.३% | ३२.५% | ८.७% | १०.७% | १२.०% | ६.०% |
| प्रदेश २ | स्थानीय | ३१.२% | २५.१% | ५०.०% | ५५.१% | १२.२% | १३.३% | ६.७% | ६.५% |
| | प्रदेश | ३०.९% | २२.४% | ४३.५% | ५१.९% | १३.१% | १२.९% | १२.४% | १२.८% |
| | संघीय | ३३.३% | २७.६% | ४२.८% | ४६.८% | १३.७% | १३.५% | १०.३% | १२.१% |
| बागमती प्रदेश | स्थानीय | ५५.७% | ३०.४% | ३३.०% | ६१.७% | ६.७% | ४.७% | ४.७% | ३.१% |
| | प्रदेश | ५९.६% | ३८.६% | २३.२% | ३९.४% | ९.०% | ८.८% | ८.२% | १३.२% |
| | संघीय | ६०.३% | ४१.२% | २२.०% | ४२.१% | १०.९% | ९.४% | ६.९% | ७.३% |
| गण्डकी प्रदेश | स्थानीय | ३५.९% | २२.१% | ५६.१% | ७३.५% | ३.०% | २.९% | ५.१% | १.५% |
| | प्रदेश | ३७.६% | ३१.३% | ३९.१% | ४८.६% | ६.२% | ५.८% | १७.१% | १४.३% |
| | संघीय | ३९.१% | ३५.५% | ४२.१% | ४७.०% | ६.३% | ६.१% | १२.५% | ११.४% |
| लुम्बिनी प्रदेश | स्थानीय | ३५.५% | ३४.५% | ५१.५% | ५८.९% | ३.६% | २.४% | ९.४% | ४.२% |
| | प्रदेश | ३२.९% | ३९.०% | ३८.१% | ४२.९% | ३.५% | २.९% | २५.५% | १५.२% |
| | संघीय | ३७.१% | ४०.२% | ३८.६% | ४२.९% | ३.६% | २.७% | २०.८% | १४.२% |
| कर्णाली प्रदेश | स्थानीय | २७.०% | ३४.८% | ६१.७% | ५०.९% | ९.६% | ८.४% | १.७% | ५.९% |
| | प्रदेश | २८.१% | ३६.८% | ५८.५% | ४५.९% | १०.३% | ९.४% | ३.१% | ७.९% |
| | संघीय | २९.२% | ३९.१% | ५७.९% | ४३.८% | ९.६% | ९.२% | ३.३% | ७.९% |
| सुदूरपश्चिम प्रदेश | स्थानीय | ४०.२% | ३०.५% | ५७.२% | ६५.३% | १.३% | ३.५% | १.३% | ०.६% |
| | प्रदेश | ४५.०% | ३५.१% | ४५.३% | ५५.८% | २.४% | ४.७% | ७.२% | ४.४% |
| | संघीय | ४६.६% | ३३.५% | ४३.९% | ५७.४% | ३.३% | ४.७% | ६.२% | ४.४% |

*तालिका ५.१४.१ : प्रश्न-F1Ai-iii. गएको वर्षसँग तुलना गर्दा, आम जनताहरूको आवश्यकता पूरा गर्ने सन्दर्भमा सरकार (स्थानीय, प्रदेश, संघीय) कतिको संवेदनशील भएको छ जस्तो लाग्छ ? (सं.=७,०६०)*

## ५.१५ निर्वाचित जनप्रतिनिधिहरू सँगको सम्पर्क

गएको वर्षमा १२.५% उत्तरदाताहरूले आफू वा आफ्नो समुदायलाई परेको समस्यालाई समाधान गर्न स्थानीय जननिर्वाचित प्रतिनिधिहरूलाई सम्पर्क गरेको बताएका छन्, जबकि ८७.५% ले स्थानीय प्रतिनिधिसँग कुनै सहयोगको लागि सम्पर्क गरेका छैनन् । **केही वर्ष यता व्यक्तिगत या समुदायका समस्या समाधानको निम्ति स्थानीय जनप्रतिनिधिलाई सम्पर्क राख्ने उत्तरदाताहरूको संख्यामा केही कमी आएको छ ।**

सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशबाहेक अन्य प्रदेशहरूमा, व्यक्तिगत या समुदायका समस्या समाधानको निम्ति निर्वाचित स्थानीय प्रतिनिधिसँग सम्पर्क राखेका उत्तरदाताहरूको अनुपातमा केही घटेको छ, भने बागमती प्रदेशमा चाहिँ केही उतारचढाव देखिएको छ । सन् २०२० मा सुदूरपश्चिम प्रदेशका २०.७% उत्तरदाताहरु र त्यसपछि बागमती प्रदेशका १५.१% उत्तरदाताहरूले आफ्ना निर्वाचित जनप्रतिनिधिसँग समस्या समाधानको निम्ति सम्पर्क गरेको बताएका छन्, जबकि लुम्बिनी प्रदेशका ८.६% र गण्डकी प्रदेशका ७.८% उत्तरदाताहरूले आफ्ना निर्वाचित जनप्रतिनिधिसँग समस्या समाधानको निम्ति सम्पर्क राखेको देखिएको छ (थप विवरणका लागि, चित्र ५.१५.१ हेर्नुहोस् ) ।

### निर्वाचित जनप्रतिनिधिहरू सँगको सम्पर्क, वर्षअनुसार




*चित्र ५.१५.१ : प्रश्न-F8. गएको वर्षमा के तपाईंले स्थानीय तहबाट निर्वाचित प्रतिनिधिहरूसँग आफ्नो व्यक्तिगत र सामुदायिक समस्याहरू समाधानका लागि सम्पर्क गर्नुभएको थियो ? (सं.=७,०३९) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

आफ्नो व्यक्तिगत र सामुदायिक समस्याहरु समाधानका लागि निर्वाचित स्थानीय जनप्रतिनिधिसँग सम्पर्क राखेका (१२.५%) उत्तरदाताहरूलाई त्यसपछिको परिणामसँग कतिको सन्तुष्ट ('धेरै सन्तुष्ट', 'केही सन्तुष्ट' 'केही असन्तुष्ट' वा 'धेरै असन्तुष्ट') हुनुहुन्थ्यो भनेर पनि सोधिएको थियो । तीमध्ये थोरै उत्तरदाताहरु (७.१%) ले 'धेरै सन्तुष्ट' भएको बताएका छन् भने ५३.२% ले 'केही सन्तुष्ट' भएको बताएका छन् । यसको विपरित, २६.८% ले 'केही असन्तुष्ट' र १२.९% उत्तरदाताहरूले 'धेरै असन्तुष्ट' रहेको बताएका छन् ।

निर्वाचित स्थानीय जनप्रतिनिधिसँग सम्पर्क गर्ने उत्तरदाताहरूको सन्तुष्टिको स्तर प्रदेशहरु अनुसार फरक फरक रहेको छ : गण्डकी प्रदेशमा ७१.७% उत्तरदाताहरु जनप्रतिनिधिसँग आफ्ना समस्या समाधानको निम्ति सम्पर्क गरेपछिको अवस्थामा 'धेरै सन्तुष्ट' वा 'केही सन्तुष्ट' देखिएका छन् भने प्रदेश २ का ५३.७% उत्तरदाताहरूले 'केही असन्तुष्ट' र 'धेरै असन्तुष्ट' रहेको बताएका छन् (थप विवरणका लागि, चित्र ५.१५.२ हेर्नुहोस्) ।




*चित्र ५.१५.२ : प्रश्न-F9. (यदि प्रश्न-F8 को जवाफमा 'थियो' भनेमा) यदि सम्पर्क गर्नुभएको थियो भने त्यसबाट आएको परिणामबाट कतिको सन्तुष्ट हुनुभयो ? (सं.=८७४) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

## ५.१६ सामाजिक सुरक्षा

नेपालको संविधान २०७२ को भाग ३ (४३) मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ, भनी बताइएको छ । नेपालमा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरु विभिन्न सामाजिक सुरक्षा सम्बन्धी ऐन र नियमहरूसँग मेल खाँदै सञ्चालन हुन्छन् । संवैधानिक प्रतिवद्धताहरु कार्यान्वयन गर्न नेपाल सरकारले सामाजिक सुरक्षा ऐन, २०७५ पनि लागू गरेको छ । जसले जेष्ठ नागरिक, विधवा, एकल महिला, असक्षम र लोपोन्मुख जनजाति, अपांगता भएका मानिसहरु, र बालबालिकाहरूलाई सहयोग पुऱ्याउन विभिन्न सामाजिक सुरक्षाका उपायहरु आरम्भ गरेको छ । यसका साथै सरकारले स्वास्थ्य र प्रसुति सुविधा सम्बन्धी योजनाहरु पनि बनाएको छ ।

सामाजिक सुरक्षा सुविधा सम्बन्धी जनताको वर्तमान बुझाइको मूल्यांकन गर्न सर्वेक्षण शृंखलामा पहिलो पटक सन् २०२० मा नेपाल सरकारले आरम्भ गरेका विभिन्न सामाजिक सुरक्षा योजनाका कार्यक्रमहरु सम्बन्धी प्रश्नहरूलाई पनि समावेश गरिएको छ । सर्वेक्षणमा समावेश भएका नौ ओटा विभिन्न प्रकारका प्रावधानहरूमा : १) जेष्ठ नागरिक भत्ता, २) एकल महिला भत्ता, ३) अशक्तता भत्ता, ४) बेरोजगारी भत्ता, ५) स्वास्थ्य विमा लाभ, ६) बालबालिका सुरक्षा भत्ता, ७) रोजगार योगदान लाभ, ८) बालबालिका पोषण भत्ता र ९) लोपोन्मुख आदिवासी भत्ता रहेका छन् ।

**नेपाल सरकारका विभिन्न सामाजिक सुरक्षाका लाभहरूको बारेमा धेरै मानिसहरूले तुलनात्मक हिसाबले धेरै जानकारी राखेका छन् ।** सहभागी उत्तरदाताहरूमध्ये, जेष्ठ नागरिक भत्ताबारे ९८.४% उत्तरदाताहरूले सुनेको बताएका छन्, त्यसैगरी एकल महिला भत्ताबारे सुनेको बताउने ९५.७%, अशक्तता भत्ताबारे ८८.९% ले, बेरोजगारी भत्ताबारे ५६.४% ले, स्वास्थ्य विमा लाभबारे ५९.१% ले, बालबालिका सुरक्षा भत्ताबारे ५०.९% ले, रोजगार योगदान लाभबारे २८.९% ले, बालबालिका पोषण भत्ताबारे ५१.३% ले, र लोपोन्मुख आदिवासी भत्ताबारे ३१.३%, उत्तरदाताहरूले सुनेको बताएका छन् ।

**उत्तरदाता वा उनीहरूको परिवारमा विभिन्न सामाजिक सुरक्षाका सुविधा पाएको भन्ने विषयमा फरक तथ्यांक रहेका छन्, जस्तो ५८% उत्तरदाताहरूको परिवारले जेष्ठ नागरिक भत्ता र १५.३% उत्तरदाताहरूको परिवारले लोपोन्मुख आदिवासी भत्ता पाएको बताइएको छ ।**

सरकारबाट पाउने सामाजिक सुरक्षा सुविधाको लागि आफू वा आफ्नो परिवार योग्य भएको ठान्नेहरूलाई यो सुविधा उनीहरूले पाए कि पाएनन्, भनेर थप प्रश्न पनि सोधिएको थियो । धेरै मानिसहरूले पाएको सामाजिक सुरक्षाको सुविधामा जेष्ठ नागरिक भत्ता रहेको छ । ३१.९% योग्य उत्तरदाता वा उनीहरूको परिवारले यो सुविधा पाएको बताएका छन्, त्यसपछि उत्तरदाताको १८.१% र १७.८% ले उनीहरूले क्रमशः एकल महिला भत्ता र बालबालिका पोषण भत्ता पाएको बताएका छन् (थप विवरणका लागि, तालिका ५.१६.१ हेर्नुहोस्) ।

### सामाजिक सुरक्षा कार्यक्रमबारे जानकारी, योग्यता र प्राप्ती

| | सुन्नुभएको | | के तपाईं आफू र तपाईंको परिवार सामाजिक सुरक्षा प्रावधानको लागि योग्य हुनुहुन्छ, भन्ने लाग्छ ? | यदि लाग्छ भने यो सुविधा तपाईंको घरमा कसैले पाउनुभएको छ ?[२८] | | |
|---|---|---|---|---|---|---|
| सामाजिक सुरक्षा प्रावधान | छ | छैन | लाग्छ | छ | छैन | सं. |
| जेष्ठ नागरिक सुविधा | ९८.४% | १.६% | ५८.०% | ३१.९% | ६८.१% | ४,०९२ |
| एकल महिला भत्ता | ९५.७% | ४.३% | ४९.७% | १८.१% | ८१.९% | ३,५०९ |
| अशक्त भत्ता | ८८.९% | ११.१% | ४३.१% | ४.५% | ९५.५% | ३,०४३ |
| बेरोजगार भत्ता | ५६.४% | ४३.६% | ४५.७% | ०.६% | ९९.४% | ३,२२९ |
| स्वास्थ्य विमा लाभ | ५९.१% | ४०.९% | ४८.७% | १४.४% | ८५.६% | ३,४३७ |
| बालबालिका सुरक्षा भत्ता | ५०.९% | ४९.१% | ३९.३% | १४.३% | ८५.७% | २,७७७ |
| रोजगार योगदान लाभ | २८.९% | ७१.१% | २३.८% | २.३% | ९७.७% | १,६७८ |
| बालबालिका पोषण भत्ता | ५१.३% | ४८.७% | ३९.४% | १७.८% | ८२.२% | २,७८२ |
| लोपोन्मुख आदिवासी भत्ता | ३१.३% | ६८.७% | १५.३% | १.३% | ९८.७% | १,०८३ |

*तालिका ५.१६.१ : प्रश्न-E8a.1-10 के तपाईंले नेपाल सरकारद्वारा प्रदान गरिएको कुनैपनि सामाजिक सुरक्षा भत्ताको बारेमा सुन्नुभएको छ ? (सं.= ७,०६०) । प्रश्न-E8b.1-10 : के तपाईंले वा तपाईंको परिवारमा कसैले सरकारद्वारा लागू गरिएको सामाजिक सुरक्षा नीति अन्तर्गतको लाभ पाउनुभएको छ ?*

२८ प्रश्नमा रहेको 'लागू नहुने' भन्ने विचारलाई हटाइएको र 'छ' वा 'छैन' भन्ने विचारलाई सोही अनुसार समावेश गरिएको छ ।

**सामाजिक सुरक्षा नीतिबाट लिइएका लाभहरू**




*तालिका ५.१६.१ : प्रश्न-E8b.1-10 : के तपाईंले वा तपाईंको परिवारमा कसैले सरकारद्वारा लागू गरिएको सामाजिक सुरक्षा नीति अन्तर्गतको लाभ पाउनुभएको छ ? (सं.= ७,०२३)*

सन् २०२० को सर्वेक्षणमा, सरकारद्वारा लागू गरिएको सामाजिक सुरक्षा नीति अन्तर्गत अहिले सरकारद्वारा प्रदान गरिएको सामाजिक सुरक्षा लाभसँग उत्तरदाताहरु कति को सन्तुष्ट रहेका छन भनी जान्नका लागिको सन्तुष्टि मापन अंक ०-१० सम्म निर्धारण गरिएको थियो, जहाँ ० ले, 'एकदमै असन्तुष्ट'; ५ ले, 'न सन्तुष्ट, न असन्तुष्ट' र १० ले, 'एकदमै सन्तुष्ट' भन्ने जनाउँछ । प्रदेशहरुमध्ये, सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरु सरकारले लागू गरेको सामाजिक सुरक्षाका लाभबाट सबैभन्दा बढी सन्तुष्ट रहेको देखिएको छ । यसका साथै बागमती प्रदेश र लुम्बिनी प्रदेशका जनताहरु पनि सरकारद्वारा पहल गरिएको सामाजिक सुरक्षा लाभप्रति सन्तुष्ट रहेको देखिएको छ । सुदूरपश्चिम प्रदेशको उत्तरदाताहरुको तुलनामा प्रदेश १, प्रदेश २, गण्डकी प्रदेश र कर्णाली प्रदेशका उत्तरदाताहरु सामाजिक सुरक्षा लाभबाट कम सन्तुष्ट रहेका छन् (थप विवरणका लागि, तालिका ५.१६.२ हेर्नुहोस्) ।

**मानक विचलनसँगै औसत सन्तुष्टिको तालिका, प्रदेशअनुसार**

| प्रदेश | मध्यक | मानक विचलन | न्यूनतम | अधिकतम | मध्यिका |
|---|---|---|---|---|---|
| समग्र | ७.० | १.६ | ० | १० | ७ |
| प्रदेश १ | ६.९ | १.८ | ० | १० | ७ |
| प्रदेश २ | ६.५ | १.६ | १ | १० | ६ |
| बागमती प्रदेश | ७.४ | १.४ | ० | १० | ७ |
| गण्डकी प्रदेश | ६.६ | १.४ | १ | १० | ७ |
| लुम्बिनी प्रदेश | ७.२ | १.७ | ० | १० | ७ |
| कर्णाली प्रदेश | ६.७ | १.५ | १ | १० | ७ |
| सुदूरपश्चिम प्रदेश | ७.६ | १.३ | २ | १० | ८ |

*तालिका ५.१६.२ : प्रश्न-E8D : तपाई अहिले सरकारद्वारा प्रदान गरिएको सामाजिक सुरक्षा लाभसँग कति सन्तुष्ट हुनुहुन्छ ? (सं.= ७,०२३)*




*चित्र ५.१६.२ : प्रश्न-E8D : तपाईं अहिलेको सरकारद्वारा प्रदान गरिएको सामाजिक सुरक्षा लाभसँग कति सन्तुष्ट हुनुहुन्छ ? (सं.= ७,०२३)*



तस्बिर : नन्द लाल बुढा

अध्याय ६

# आर्थिक दृष्टिकोण र सूचनामा पहुँच

# आर्थिक दृष्टिकोण र सूचनामा पहुँच

## मुख्य अंशहरू

**सन् २०१७ र सन् २०१८ को तुलनामा धेरै नेपालीहरू सन् २०२० मा आफ्नो स्थानीय आर्थिक अवस्था बढी सुधारोन्मुख हुनेमा आशावादी रहेका छन् ।** यद्यपि, यी वर्षहरुमा आर्थिक अवस्था बिग्रँदै गएको छ भन्ने उत्तरदाताहरूको संख्या पनि थोरै अन्तरले बढेको छ ।

**पाँचमध्ये दुई जना अर्थात् ४०.१% उत्तरदाताहरूले उनीहरूको स्थानीय पालिकाको आर्थिक अवस्था सुधार हुँदै गएको बताएका छन्, भने ४५.१% ले चाहिँ स्थानीय पालिकाको आर्थिक अवस्थामा न सुधार भएको, न त बिग्रेको भनेका छन् ।** धेरै पढेका, धेरै आम्दानी भएका उत्तरदाताहरूका साथै सुदूरपश्चिम प्रदेश तथा गण्डकी प्रदेशमा बस्ने उत्तरदाताहरूले पनि आफ्नो स्थानीय पालिकाको आर्थिक अवस्था सुधार हुँदै जानेमा बढी आशा राखेका छन् । यद्यपि, आफ्नो स्थानीय आर्थिक अवस्था नकारात्मक रहेको भनि बताउने उत्तरदाताहरूको राष्ट्रिय अनुपात निकै कम (४.३%) रहेको र यो प्रदेश २ मा सबैभन्दा उच्च (९.८%) अनुपातमा रहेको देखिएको छ ।

**पूर्वाधारको अवस्था राम्रो हुनु, गाउँपालिका र नगरपालिकामा बजेट बढ्दै जानु, खानेपानीको आपूर्तिमा सुधार हुनु जस्ता कारणलाई धेरैजसो उत्तरदाताहरूले आफ्नो स्थानीय पालिकाको आर्थिक अवस्थामा सुधार आउनुका प्रमुख कारक मानेका छन् ।**

**स्थानीय पालिकाको आर्थिक अवस्था बिग्रँदै गएको बताउने उत्तरदाताहरू मध्ये, ६०.४% उत्तरदाताहरूले भने भ्रष्टाचारलाई स्थानीय पालिकाको आर्थिक अवस्था बिग्रनु मुख्य कारणको रूपमा लिएका छन् ।**

**सर्वेक्षणमा सहभागी करिब एक तिहाइ (३३.६%) उत्तरदाताहरूले आफ्नो मासिक आम्दानी रू. २०,०००-रू. ३९,९९९ (वा, अमेरिकी डलर १७०-३४१) सम्म रहेको बताएका छन् र एक चौथाइ भन्दा बढी (२९.०%) उत्तरदाताहरूले मासिक रूपमा रू. १०,०००-रू. १९,९९९ (वा, अमेरिकी डलर ८५ - १७०) कमाउने बताएका छन् ।** दस जना मध्ये झण्डै दुई जना (अर्थात्, १७.८%) उत्तरदाताहरूले महिनामा रू. ४०,००० (वा, अमेरिकी डलर ३४१) वा सो भन्दा बढी कमाउने बताएका छन्, त्यसैगरी झण्डै उत्तिकै संख्यामा रहेका उत्तरदाताहरु (१६.३%) ले चाहिँ भने आफ्नो मासिक आम्दानी रू. १०,००० (वा, अमेरिकी डलर ८५) भन्दा मुनी रहेको बताएका छन् ।

**कर्णाली प्रदेश, ग्रामीण क्षेत्र र हिमाली क्षेत्रमा बसोबास गर्ने नेपालीहरूले आफ्नो पारिवारीक मासिक आम्दानी रू. १०,००० भन्दा कम भएको भनी बढी उल्लेख गर्ने गरेको देखिएको छ ।** त्यसैगरी उत्तरदाताहरु जो आफूलाई अशिक्षित बताउँछन, वा प्राथमिक तहसम्म मात्र अध्ययन गरेका छन्, वा जसको उमेर ५० वर्षभन्दा माथिको छ, वा जसले आफूलाई पहाडी दलित अथवा मधेशी दलित भनेर चिनाउँछन् वा जो मुसलमान समुदायका हुन्, उनीहरु आफ्नो मासिक आम्दानी रू. १०,००० (अमेरिकी डलर ८५) भन्दा तल रहेको भनि उल्लेख गर्न बढी रूचाएका छन् ।

**केही वर्ष यता, आफ्नो आम्दानी बढेको बताउने उत्तरदाताहरूको प्रतिशतमा भने केही वृद्धि भएको देखिएको छ ।** सन् २०२० मा, धेरैजसो उत्तरदाताहरु (५८.८%) ले गएको एक वर्ष यता उनीहरूको घरपरिवारको आम्दानी न बढेको न त घटेको बताएका छन्, भने एक तिहाइ (३२.४%) उत्तरदाताहरूले चाहिँ उनीहरूको घर परिवारको आम्दानीमा वृद्धि भएको बताएका छन् ।

**गएको एकवर्ष यता आफ्नो घरपरिवारको आम्दानी बढेको बताउनेमा प्रदेश २ का उत्तरदाताहरू धेरै रहेका छन्, त्यसैगरी जो शिक्षित छन्, आर्थिक रूपमा सम्पन्न छन् उनीहरूले पनि आफ्नो घरपरिवारको आम्दानीमा वृद्धि भएको भनि उल्लेख गर्न बढी रूचाउँछन् ।**

**आउँदो पाँच वर्षमा आफ्नो घरपरिवारको आर्थिक अवस्था बलियो हुनसक्ने भनेर संभावना देखाउने उत्तरदाताहरू सन् २०१८ को तुलनामा सन् २०२० मा केही वृद्धि भएको देखिएता पनि यो प्रतिशत सन् २०१७ को तुलनामा भने उस्तै रहेको पाइएको छ ।**

सर्वेक्षणमा सहभागी दशमध्ये करिब आठजना उत्तरदाताहरु (८५.६%) ले आउँदो पाँच वर्षमा उनीहरूको आर्थिक अवस्थामा सुधार हुने आशा राखेका छन्, उनीहरूमध्ये १६.६% उत्तरदाताहरु 'धेरै आशावादी' रहेको र ६९.०% उत्तरदाताहरु भने 'केही आशावादी' रहेको बताएका छन् ।

**सर्वेक्षणमा सहभागी उत्तरदाताहरूको मध्यक वार्षिक आम्दानी रू. १२०,००० (अर्थात् अमेरिकी डलर १०२१) रहेको देखिएको छ ।** बागमती प्रदेशका उत्तरदाताहरूको मध्यक वार्षिक आम्दानी रू.२००,००० (अर्थात् अमेरिकी डलर १,७०३) रहेको देखिएको छ, जुन चाहिँ अरू प्रदेशहरूका उत्तरदाताहरूको तुलनामा सबैभन्दा धेरै रहेको र त्यसैगरी कर्णाली प्रदेशका उत्तरदाताहरूको मध्यक वार्षिक आम्दानी सबैभन्दा कम रू. ८०,०००/ (अर्थात् अमेरिकी डलर ६८१) रहेको देखिएको छ ।

**वैदेशिक रोजगारको सन्दर्भमा, एक चौथाइ उत्तरदाताहरू (२५.६%) का घरपरिवारको कम्तिमा पनि एकजना सदस्य वैदेशिक रोजगारमा रहेको देखिएको छ ।** ७४.४% उत्तरदाताहरूले उनीहरूको परिवारको कोही पनि सदस्य वैदेशिक रोजगारमा नरहेको बताएका छन् । आफ्नो परिवारको सदस्यहरु वैदेशिक रोजगारमा गएको बताउने उत्तरदाताहरूको प्रतिशत सन् २०१७ को तुलनामा सन् २०२० मा घटेको देखिएता पनि, सन् २०१८ को तुलनामा भने यो करिब उस्तै रहेको देखिएको छ ।

**सुदूरपश्चिम प्रदेश र ग्रामीण क्षेत्रका उत्तरदाताहरूको घरपरिवारमा कम्तिमा पनि एकजना सदस्य वैदेशिक रोजगारको क्रममा देश बाहिर रहेको देखिएको छ ।** त्यसैगरी, उच्च आय भएको परिवारका सदस्यहरु, तथा पहाडी दलित, मुसलमान र क्रिश्चियन समुदायका उत्तरदाताहरूको घरपरिवारमा पनि उनीहरूको परिवारका सदस्य वैदेशिक रोजगारको क्रममा देशबाहिर रहेको देखिएको छ ।

**वैदेशिक रोजगारको क्रममा देश बाहिर रहेका व्यक्तिहरूको परिवारका सदस्यहरूमध्ये झण्डै एक चौथाइ उत्तरदाताहरू (२४.६%) ले विदेश जाने क्रममा उनीहरूको परिवारको सदस्यले कम्तिमा रू. २५,००० (अमेरिकी डलर २१३) वा सो भन्दा कम तिरेको बताएका छन्, भने उत्तरदाताहरूको अर्को उल्लेख्य हिस्सा (१३.८%) ले भने वैदेशिक रोजगारको लागि जाँदा रू. ३००,००० (अमेरिकी डलर २,५५५) वा सो भन्दा बढी तिर्नुपरेको बताएका छन् ।** जुन परिवारको कम्तिमा पनि एकजना सदस्य अमेरिका, क्यानडा, अष्ट्रेलिया, न्यूजिल्याण्ड, जापान अथवा यूरोपेली देशहरूमा वैदेशिक रोजगारको क्रममा गएका छन्, उनीहरूले यसको व्यवस्थापनको लागि कम्तिमा रू. ३००,००० (अमेरिकी डलर २,५५५) वा सो भन्दा बढी रूपैयाँ तिरेको बताएका छन् ।

**नेपाली कामदारहरूको निम्ति वैदेशिक रोजगारको मुख्य गन्तव्यको रूपमा, भारत, खाडी मुलुक (खासगरी कतार, साउदी अरब र संयुक्त अरब इमिरेट्स) तथा मलेसिया रहेका छन् ।**

**दुई तिहाइ नेपालीहरू (६६.५%) ले उनीहरूको परिवारका सदस्य, उनीहरूका साथी तथा आफन्तजन कसैलाई, पनि वैदेशिक रोजगारीको निम्ति प्रोत्साहित नगर्ने बताएका छन्, जबकि एक तिहाइ (३३.५%) उत्तरदाताहरूले भने उनीहरूको परिवारका सदस्य, उनीहरूका साथी तथा आफन्तजनलाई, वैदेशिक रोजगारीको निम्ति प्रोत्साहित गर्ने बताएका छन् ।** सर्वेक्षण अनुसार कर्णाली प्रदेशमा बसोबास गर्ने नेपालीहरूले भने वैदेशिक रोजगारीको निम्ति अरूलाई कमै मात्रामा प्रोत्साहित गर्ने देखिएको छ ।

**विप्रेषण रकमको सन्दर्भमा, उत्तरदाताहरूको लगभग पाँच भागको एक भाग अर्थात् १९.६% ले नेपाल बाहिरबाट पठाएको विप्रेषण रकम प्राप्त गर्ने बताएका छन्, भने ११.६% ले देशभित्रबाटै पठाएको विप्रेषण रकम प्राप्त गर्ने बताएका छन् ।** सन् २०१८ यता देशभित्रै बाट पठाएको विप्रेषण रकम प्राप्त गर्ने उत्तरदाताहरूको प्रतिशतमा थोरै वृद्धि भएको छ भने नेपाल बाहिरबाट पठाएका विप्रेषण रकम पाउने उत्तरदाताहरूको प्रतिशत भने थोरै घट्न गएको छ । त्यसैगरी विगतका वर्षहरूको तुलनामा कुनै पनि विप्रेषण रकम नपाएको भनि उल्लेख गर्ने उत्तरदाताहरूको संख्या सन् २०२० मा थोरै मात्रामा घट्न गएको छ ।

धेरै नेपालीहरूले आफूले प्राप्त गरेको विप्रेषण रकमलाई आफ्नो आधारभूत आवश्यकताहरु पूरा गर्नका लागि प्रयोग गरेको बताएका छन् । विप्रेषण रकम प्राप्त गर्ने ७५.७% उत्तरदाताहरूले उक्त रकम आफ्नो दैनिक आवश्यकताका सामाग्रीहरु खरिदमा प्रयोग गेरेका छन् त्यस्तै उक्त रकम स्वास्थ्य उपचार र औषधी खर्चमा (५४.२%) र बालबच्चाको शिक्षामा (४९.० %) उत्तरदाताहरूले प्रयोग गरेको बताएका छन् ।

**बिमाको सन्दर्भमा, उत्तरदाताहरूको बहुसंख्याले बिमाका विभिन्न प्रकारहरूको बारेमा सुनेको बताए ता पनि थोरैले मात्र आफूहरूले बिमा गरेको बताएका छन् ।** यस सर्वेक्षण अध्ययन अनुसार नेपालमा सबैभन्दा व्यापक रूपमा चिनिने बिमाहरूमा जीवन बिमा, चिकित्सा बिमा, र सवारी साधन बिमा रहेका छन् । सर्वेक्षण नतिजाले धेरैजसो नेपालीहरु विभिन्न प्रकारका बिमा नीतिहरूमा सहभागी नभएता पनि बिमा प्रति उनीहरूको जागरूकता र सहभागिता भने केही वर्ष यता वृद्धि भईरहेको छ भनि देखाएको छ ।

**सर्वेक्षणमा सहभागी धेरै उत्तरदाताहरूले सन् २०१८ यता रोजगारी र आय आर्जनका अवसरहरू बढेको बताएका छन् ।** निम्न आय भएका उत्तरदाताहरूको तुलनामा उच्च आय भएका उत्तरदाताहरूले स्थानीय तहमा रोजगारी र आयआर्जनको अवसरहरु वृद्धि भएको छ भनि बढी उल्लेख गरेका छन् ।

**सूचनाको पहुँचको सन्दर्भमा, नेपालीहरूका लागि राष्ट्रिय घटनाक्रम र स्थानीय सरकारका गतिविधिको सूचना प्रवाह गर्ने शीर्ष तीन माध्यमहरूमा साथी/परिवार/छरछिमेकी, टेलिभिजन, र सामुदायिक रेडियो रहेका छन् ।** तुलनात्मक हिसाबले शिक्षित र सम्पन्न नेपालीहरूले राष्ट्रिय घटनाक्रम र स्थानीय सरकारका गतिविधिबारे जानकारी पाउने माध्यमको रूपमा टेलिभिजन, पत्रपत्रिका, इन्टरनेट र सामाजिक सञ्जालहरूलाई बढी उल्लेख गरेका छन् ।

**धेरै जसो उत्तरदाताहरू (५५.१%) ले स्थानीय सरकारका गतिविधिबारे सूचना प्रवाह गर्ने सबैभन्दा प्रभावकारी माध्यम भनेको साथी, परिवार र छरछिमेकी नै हुन्, भनेर बताएका छन्, त्यसपछि सामुदायिक रेडियोलाई (४४.९%) र टेलिभिजनलाई (४१.४%) उत्तरदाताहरूले स्थानीय सरकारका गतिविधिबारे सूचना प्रवाहका लागि प्रभावकारी माध्यमको रूपमा लिएका छन् ।**

## ६.१ स्थानीय आर्थिक अवस्थाबारेका धारणाहरू

**पाँच मध्ये दुई जना अर्थात् ४०.१% उत्तरदाताहरू आफ्नो स्थानीय गाउँपालिका वा पालिकाको आर्थिक अवस्थामा सुधार हुँदै गइरहेको छ, भन्नेमा आशावादी देखिएका छन्, त्योभन्दा केही बढी उत्तरदाताहरूको हिस्सा (४५.१%) ले चाहिँ आफ्नो पालिकाको आर्थिक अवस्थामा न सुधार भएको न त बिग्रिएको नै छ भनेका छन् ।** समग्रमा, आफ्नो स्थानीय क्षेत्रको आर्थिक अवस्थामा सुधार हुँदै गइरहेको छ भन्ने उत्तरदाताहरूको प्रतिशत बढ्दो क्रममा रहेको छ भने आर्थिक अवस्था 'उस्तै छ' भन्ने उत्तरदाताहरूको प्रतिशत घटिरहेको छ । स्थानीय क्षेत्रको आर्थिक अवस्था 'एकदमै खराब' भएको बताउने उत्तरदाताहरूको प्रतिशत थोरै रहेको छ । सन् २०१७ मा १.८% उत्तरदाताहरूले उनीहरूको स्थानीय क्षेत्रको आर्थिक अवस्था खराब हुँदै गइरहेको बताएका थिए, यो प्रतिशत सन् २०१८ मा थप घटेर १.७% मा पुगेको थियो, जुन चाहिँ सन् २०२० मा बढेर ४.३% पुगेको छ । स्थानीय क्षेत्रको आर्थिक अवस्थाको सन्दर्भमा कर्णाली प्रदेशका उत्तरदाताहरूको जवाफमा सबैभन्दा कम उतारचढाव रहेको छ भने सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूको जवाफमा भने वर्षैपिच्छे वृद्धि भइरहेको छ । सुदूरपश्चिम प्रदेशमा सन् २०१७ मा १४.२% उत्तरदाताहरूले उनीहरूको स्थानीय क्षेत्रको आर्थिक अवस्थामा सुधार भइरहेको बताएका थिए भने, यो आँकडा सन् २०१८ मा बढेर २५.९% मा पुगेको थियो र सन् २०२० मा अझै बढेर ५३.२% पुगेको छ (थप विवरणका लागि, चित्र ६.१.१ हेर्नुहोस्) ।

**नगरपालिका/गाउँपालिकाको आर्थिक अवस्थाबारेका धारणाहरू, प्रदेशअनुसार**




*चित्र ६.११ : प्रश्न-G1 : के तपाईंको विचारमा तपाईंको नगरपालिका वा गाउँपालिकाको आर्थिक अवस्थामा सुधार भएको छ ? (सं.= ७,०६०) ('थाहा छैन' भन्ने उत्तरलाई प्रस्तुत गरिएको छैन) ।*

गाउँपालिकामा बसोबास गरिरहेका उत्तरदाताहरु (३६.०%) को तुलनामा नगरपालिकामा बसोबास गरिरहेका धेरै (४२.४%) उत्तरदाताहरूले उनीहरूको क्षेत्रको आर्थिक अवस्थामा सुधार भएको महसुस गरेका छन् । तराई क्षेत्रको नगरपालिकामा बसोबास गरिरहेका ४१.४% उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रको आर्थिक अवस्था सुधार भइरहेको महसुस गर्दा, तराईकै गाउँपालिकाका ३०.७% उत्तरदाताहरूले मात्र आफ्नो स्थानीय आर्थिक अवस्था सुधार भइरहेको अनुभव गरेका छन् । त्यसैगरी पहाडी र हिमाली क्षेत्रका नगरपालिकामा बसोबास गर्ने नेपालीहरूले गाउँपालिकाहरूमा बसोबास गर्नेको तुलनामा उनीहरूको क्षेत्रको आर्थिक अवस्थामा सुधार भएको महसुस गरेका छन् ।

करिब एक तिहाइ (६६.७%) उत्तरदाताहरूले आफ्नो क्षेत्रको आर्थिक अवस्था सुधार हुनुमा राम्रो पूर्वाधार, त्यसपछि संघीय सरकारले गाउँ तथा नगरपालिकालाई दिने बजेटमा वृद्धि हुनु (२८.०%) जस्ता कारण उल्लेख गरेका छन् । सुदूरपश्चिम प्रदेशमा पाँचमा करिब एकजना (२०.३%) र उत्तिकै मात्रामा कर्णाली प्रदेशमा रहेका (२०.०%) उत्तरदाताहरूले पनि सीपविकास तालिमहरूको अवसर राम्रो हुनुलाई उनीहरूको क्षेत्रमा आर्थिक सुधार हुनुको मुख्य कारण मानेका छन् । त्यसैगरी, प्रदेश २ र बागमती प्रदेशका पाँचमा करिब एकजना उत्तरदाताले आफ्नो क्षेत्रको आर्थिक अवस्था सुधार हुनुको कारणमा लगानीको अवसरहरु धेरै हुनुलाई मानेका छन् (थप विवरणका लागि, तालिका ६.११ हेर्नुहोस्) ।

**आर्थिक अवस्थामा सुधारका कारणहरू, प्रदेशअनुसार**

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| पूर्वाधारहरु राम्रो भएकोले | ६६.७% | ६६.४% | ७५.५% | ५२.७% | ७३.५% | ६९.१% | ७०.४% | ६७.३% |
| संघीय सरकारले हाम्रो गाउँ/नगरपालिकालाई दिने बजेट बढेकोले | २८.०% | २८.३% | ३१.३% | ३२.१% | २१.३% | ३५.४% | १७.४% | १४.५% |
| खानेपानीको सुविधामा वृद्धि भएकोले | १६.८% | १५.५% | ८.०% | १२.९% | ३४.६% | १५.१% | ३१.२% | १९.९% |
| लगानीको अवसर धेरै भएकाले | ११.६% | ९.३% | २१.०% | १९.१% | ५.८% | ४.१% | १३.०% | ४.७% |
| तालिमहरुको अवसर राम्रो भएकोले | ११.६% | १४.८% | ६.२% | ८.७% | ७.९% | ११.५% | २०.०% | २०.३% |
| महिलाहरुको लागि काम गर्न सजिलो भएकोले | ९.१% | ८.५% | ६.९% | ५.७% | ८.५% | ७.५% | १३.२% | १९.८% |
| काम पाउन सजिलो भएकोले | ७.८% | ६.९% | ८.८% | ५.८% | ४.३% | २.१% | १३.९% | १९.७% |
| उत्पादित वस्तु बिक्रीको लागि बजार सम्मको बाटो राम्रो भएकाले | ७.४% | ७.०% | ५.०% | ८.५% | ७.०% | ६.७% | ३.२% | १२.३% |
| समग्रमा सबै कुरामा सुधार भएकोले | ७.०% | ५.४% | ७.०% | १०.१% | ९.०% | ८.४% | २.३% | १.८% |
| विप्रेषण रकम बढेकोले | ५.७% | ३.३% | १०.४% | १०.५% | ३.०% | ४.६% | १.३% | ०.०% |
| राम्रो सरकारी सेवा र अनुदान भएकोले | ५.६% | ७.८% | ९.०% | ७.२% | ४.१% | ०.७% | ७.९% | ३.८% |
| बैदेशिक रोजगाका अवसरहरु राम्रो भएकोले | ५.५% | ४.७% | १०.४% | ७.२% | ४.६% | ३.७% | १.४% | २.०% |
| भ्रष्टाचार र घुस कम भएकोले | ४.०% | २.५% | ६.८% | ३.२% | ०.९% | ३.७% | ७.५% | ५.३% |
| काम गरेबापत बढी पैसा पाइने भएकोले | ३.४% | २.३% | २.४% | ५.०% | ०.५% | २.५% | २.५% | ७.६% |
| ऋण तथा उधारो लिन सजिलो भएकोले | २.२% | ३.६% | १.२% | १.३% | २.४% | ३.३% | २.४% | १.७% |
| कर संकलन | ०.९% | ०.२% | ०.५% | ०.६% | ०.०% | ३.०% | ०.४% | ०.३% |
| धेरै गै.स.स. र अन्तर्राष्ट्रिय विकास परियोजनाहरु भएकोले | ०.७% | १.२% | ०.७% | ०.२% | १.७% | ०.८% | ०.६% | ०.०% |

*तालिका ६.११ : प्रश्न-G2 : (यदि प्रश्न-G1मा, 'आर्थिक अवस्थामा सुधार आएको छ' भनेमा) तपाईंको पालिकाको आर्थिक अवस्थामा के कारणले सुधार भइरहेको छ ? (सं.= २,८३०)*

स्थानीय क्षेत्रका आर्थिक अवस्था सुधार हुनुमा, पूर्वाधारहरु राम्रो भएकोले हो, भनेर उल्लेख गर्ने उत्तरदाताहरूको संख्यामा निरन्तर वृद्धि भएको छ, सन २०१७ मा यो हिस्सा ३१.९% थियो भने सन् २०१८ मा केही बढेर ३६.२% पुगेको थियो, जुन सन् २०२० मा झनै बढेर ६५.१% पुगेको छ । यद्यपि, समग्र अवस्थामा सुधार हुनाले आफ्नो स्थानीय क्षेत्रको आर्थिक अवस्थामा सुधार भएको विश्वास गर्ने उत्तरदाताहरूको हिस्सा सन् २०१८ मा रहेको २५.६% बाट घटेर सन् २०२० मा यो ५.४% मा पुगेको छ । त्यसैगरी, लगानीको अवसरहरु धेरै हुनु स्थानीय क्षेत्रको आर्थिक अवस्था सुधारको एउटा प्रमुख कारण हो भनी बताउने उत्तरदाताहरूको अंश पनि घटेको छ, यो सन् २०१७ मा रहेको १३.७% बाट घटेर सन् २०१८ मा ९.५% हुँदै सन् २०२० मा यो ९.२% मा पुगेको छ ।[२९]

**आर्थिक अवस्था सुधारका कारणहरू, वर्षअनुसार**




*चित्र ६.१.२ : प्रश्न-G2 : (यदि प्रश्न- G1मा, 'आर्थिक अवस्थामा सुधार आएको छ' भनेमा) तपाईंको पालिकाको आर्थिक अवस्थामा के कारणले सुधार भइरहेको छ ? (सं.= २,८३०)*

स्थानीय पालिकाको आर्थिक अवस्था बिग्रेको छ भनी प्रतिक्रिया व्यक्त गरेका उत्तरदाताहरूमध्ये, ६०.४% उत्तरदाताहरूले, भ्रष्टाचार र घुस बढ्नाले स्थानीय पालिकाको आर्थिक अवस्था बिग्रेको हो, भनि उल्लेख गरेका छन् । पूर्वाधारहरु नराम्रो भएकोले भन्नेहरु चाहिँ ४९.७% रहेका छन् र कामको अवसरहरु थोरै भएकाले, भन्ने उत्तरदाताहरूको संख्या २३.८% रहेको छ । प्रादेशिक रूपमा हेर्ने हो भने, सुदूरपश्चिम प्रदेशका ८७.१% उत्तरदाताहरु र प्रदेश १ का ८१.६% उत्तरदाताहरूले भ्रष्टाचार र घुसखोरी बढ्नुलाई उनीहरूको स्थानीय पालिकाको आर्थिक अवस्था बिग्रनुको प्रमुख कारणको रूपमा लिएका छन् । बागमती प्रदेशका १६.८% उत्तरदाताहरूले पनि भ्रष्टाचार र घुसखोरीलाई स्थानीय पालिकाको आर्थिक अवस्था बिग्रनुको कारणको रूपमा लिएका छन् भने ५७.२% ले पूर्वाधारको अवस्था राम्रो नभएकाले आफ्नो सम्बन्धित स्थानीय निकायको आर्थिक अवस्था बिग्रेको बताएका छन् । त्यसैगरी, कर्णाली प्रदेशका ४५.४% उत्तरदाताहरु र बागमती प्रदेशका ४२.७% उत्तरदाताहरूले कामको कम उपलब्धता र कामको अवसरहरु कम हुनुलाई आर्थिक अवस्था बिग्रनुको मुल कारणको रूपमा लिएका छन् (थप विवरणका लागि, तालिका ६.१.२ हेर्नुहोस्) ।

२९ सन् २०१७ र सन् २०१८ को सर्वेक्षणमा, उत्तरदाताहरूलाई उनीहरूको स्थानीय नगर तथा गाउँपालिकामा त्यहाँको आर्थिक अवस्था सुध्रिनुका दुई मुख्य कारणहरु सोधिएको थियो, तर सन् २०२० मा उत्तरदाताहरूलाई त्योभन्दा धेरै उत्तरहरु दिन पनि अनुमति दिइएको थियो । विगत वर्षबाट आएका उत्तरह( रूलाई तुलना गर्न, सन् २०२० को सर्वेक्षणमा आएका पहिलो दुई उत्तरलाई लिएर विश्लेषण गरिएको छ ।

**आर्थिक अवस्था बिग्रनुको कारणहरू, प्रदेशअनुसार**

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| भ्रष्टाचार र घुस बढेकोले | ६०.४% | ८१.६% | ७५.९% | १६.८% | ६६.२% | ५७.१% | ४९.६% | ८७.१% |
| पूर्वाधारहरु नराम्रो भएकोले | ४९.७% | २७.१% | ६०.२% | ५७.२% | ३०.८% | १९.४% | २८.०% | १०.६% |
| कामको अवसरहरु थोरै भएकोले | २३.८% | १०.३% | १६.८% | ४२.७% | १०.१% | ३१.९% | ४५.४% | २३.५% |
| काम खोज्न गाह्रो भएकोले | २०.८% | ९.८% | २१.१% | २७.८% | ३०.१% | ८.९% | २६.१% | १२.९% |
| समानको मूल्य बढेकोले | १८.४% | २९.७% | १४.८% | १५.६% | २०.६% | २०.४% | २१.०% | ४३.०% |
| खानेपानीको सुविधा नराम्रो भएकोले | १७.४% | १२.७% | १५.३% | २१.२% | २२.०% | ३७.४% | ९.८% | २३.५% |
| राम्रो सरकारी सेवा र सहयोग नभएकोले | १६.५% | २.८% | १७.६% | २८.३% | १३.४% | ६.५% | ४.२% | – |
| तालिमहरूमा राम्रो अवसर नभएकोले | १३.७% | १०.६% | ७.७% | २७.४% | ११.२% | १२.४% | २०.६% | |
| लगानीको अवसर कम भएकाले | ८.९% | १.९% | ८.९% | १३.८% | ७.५% | – | १८.६% | – |
| उत्पादित वस्तुको बिक्रीको लागि बजार सम्मको बाटो नराम्रो भएकोले | ७.९% | ९.६% | ३.२% | १८.१% | १२.६% | – | २.३% | – |
| काम गरेवापत पैसा कम पाइने भएकोले | ६.८% | १३.४% | ३.३% | ६.१% | ५.०% | २९.९% | २.४% | १०.६% |
| महिलाहरूको लागि काम गर्न सजिलो नभएकोले | ६.६% | ३.८% | ८.०% | ६.३% | ५.१% | – | १३.६% | – |
| समग्रमा प्रगति नभएकोले | ५.८% | १२.९% | ५.३% | ४.३% | ५.१% | – | ३.६% | – |
| समानको विक्री मूल्य घटेकोले | ४.२% | ५.७% | २.५% | ८.२% | ४.८% | – | | – |
| संघीय सरकारले हाम्रो गाउँ/नगरपालिकालाई दिने बजेट घटेकोले | २.८% | – | २.२% | २.४% | ७.५% | १८.०% | ४.६% | – |
| भूकम्प पछि सहायता प्राप्त नगरेकोले | २.१% | – | – | ८.७% | – | – | – | – |

*तालिका ६.१२ : प्रश्न-G3 : (यदि प्रश्न- G1मा, 'आर्थिक अवस्थामा सुधार आएको छैन' भनेमा) तपाईंको पालिकाको आर्थिक अवस्था के कारणले बिग्रेको छ ? (सं= २९९)*

**भ्रष्टाचार, घुसखोरी तथा कमजोर पूर्वाधारहरूले गर्दा आफ्नो स्थानीय पालिकाको आर्थिक अवस्था बिग्रिएको हो भन्ने उत्तरदाताहरूको प्रतिशत एकदमै बढेको छ ।** सन् २०२० मा पाँचमध्ये करिब तीन जना (५९.१%) उत्तरदाताहरूले भ्रष्टाचार र घुसखोरीमा वृद्धि भएकोले आफ्नो स्थानीय पालिकाको आर्थिक अवस्था बिग्रिएको हो भन्ने जवाफ दिएका छन्, यही कुरा सन् २०१७ मा ३१.१% र सन् २०१८ मा ३२.१% उत्तरदाताहरूले भनेका थिए । कामको अवसरहरु थोरै भएकाले आफ्नो स्थानीय पालिकाको आर्थिक अवस्था कमजोर भएको हो, भनेर प्रतिक्रिया व्यक्त गर्ने उत्तरदाताहरूको प्रतिशत पनि घटेको छ, सन् २०१७ मा यो २९.३% रहेको र सन् २०२० मा आइपुग्दा १६.०% मा झरेको छ । यद्यपि, पूर्वाधार नराम्रो हुनुलाई आर्थिक अवस्था बिग्रनुको मुख्य कारण रहेको मान्ने उत्तरदाताहरूको प्रतिशत सर्वेक्षणका विभिन्न वर्षहरूमा बढ्दै गएको छ, सन् २०१७ मा १२.६% उत्तरदाताहरूले उल्लिखित कारण देखाएकोमा सन् २०१८ मा यसको संख्या बढेर २४.६% मा पुगेको र सन् २०२० मा यही कुरा ४०.८% उत्तरदाताहरूले उल्लेख गरेका छन् ।[30]

**आर्थिक अवस्था बिग्रनुको कारणहरू, वर्षअनुसार**




*चित्र ६.१३ : प्रश्न-G3 : (यदि प्रश्न- G1मा, 'आर्थिक अवस्थामा सुधार आएको छैन' भनेमा) तपाईंको पालिकाको आर्थिक अवस्था के कारणले बिग्रेको छ ? (सं.= २९९)*

## ६.२ घरपरिवारको आम्दानी र आर्थिक दृष्टिकोण

उत्तरदाताहरूको एक तिहाइ हिस्सा (३३.६%) ले उनीहरूको घरपरिवारको मासिक आम्दानी रू. २०,००० देखि ३९,९९९ (अर्थात् अमेरिकी डलर १७० देखि ३४१) को बीचमा रहेको र एक चौथाइ भन्दा थोरै बढीले (२९.०%) रू. १०,००० देखि १९,९९९ (अर्थात् अमेरिकी डलर ८५ देखि १७०) को बीचमा रहेको बताएका छन् । जबकि, दसमा करिब दुई जना (१७.८%) उत्तरदाताहरूले प्रति महिना रू. ४०,००० (अर्थात् अमेरिकी डलर ३४१) वा सोभन्दा बढी कमाउने बताएका छन् । १६.३% उत्तरदाताहरूले भने प्रति महिना रू. १०,००० (अर्थात् अमेरिकी डलर ८५) वा सो भन्दा कम कमाउने बताएका छन् । सन् २०१८ मा भन्दा सन् २०२० मा ५.२% अंक फरकले बढी, उत्तरदाताहरूको घरपरिवारको आम्दानीको दायरा प्रति महिना रू. २०,००० देखि ३९,९९९ (अर्थात् अमेरिकी डलर १७० देखि ३४१) रहेको देखिएको छ ।

३० सन् २०१७ र सन् २०१८ को सर्वेक्षणमा, उत्तरदाताहरूलाई उनीहरूको स्थानीय नगर तथा गाउँपालिकामा त्यहाँको आर्थिक अवस्था बिग्रनुका दुई मुख्य कारणहरु सोधिएको थियो, तर सन् २०२० मा उत्तरदाताहरूलाई त्योभन्दा धेरै उत्तरहरु दिन पनि अनुमति दिइएको थियो । विगत वर्षमा आएका उत्तरहरूलाई तुलना गर्न, सन् २०२० को सर्वेक्षणमा आएका पहिलो दुई उत्तरलाई लिएर विश्लेषण गरिएको छ ।

बागमती प्रदेशमा बस्ने उत्तरदाताहरूले उनीहरूका घरपरिवारको मासिक आम्दानी रू. ४०,००० (अर्थात् अमेरिकी डलर ३४१) वा सो भन्दा बढी बताउँदा, कर्णाली प्रदेशका बासिन्दाहरूले भने उनीहरूका घरपरिवारको आम्दानी रू. १०,००० (अर्थात् अमेरिकी डलर ३४१) वा सो भन्दा कम बताएको सर्वेक्षणको नतिजाले देखाएको छ । यसै बीचमा, बागमती प्रदेशका ३४.९% उत्तरदाताहरूले उनीहरूको घरपरिवारको मासिक आम्दानी रू. ४०,००० वा सो भन्दा बढी बताएका छन्, जुन राष्ट्रिय आँकडा (१७.८%) भन्दा दोब्बरै रहेको छ । अर्कोतिर, कर्णाली प्रदेशका ३०.७% उत्तरदाताहरूले र त्यसपछि प्रदेश २ का २४.०% उत्तरदाताहरूले उनीहरूको घरपरिवारको मासिक आम्दानी रू. १०,००० (अर्थात् अमेरिकी डलर ८५) भन्दा कमै रहेको बताएका छन् ।

प्रदेश २ बाहेक, अरू सबै प्रदेशहरूमा, आफ्नो घरपरिवारको मासिक आम्दानी रू. १०,००० वा सो भन्दा कम बताउने उत्तरदाताहरूको प्रतिशत सन् २०१७ देखि घट्दै गएको छ । आफ्नो घरपरिवारको मासिक आम्दानी रकम रू. २०,००० देखि रू. ३९,९९९ बीचमा र रू. ४०,००० वा सोभन्दा माथि भएको बताउने उत्तरदाताहरूको प्रतिशत भने सन् २०२० मा बढेको छ । सन् २०१७ मा गण्डकी प्रदेशका २९.३% उत्तरदाताहरूले उनीहरूका घरपरिवारको मासिक आम्दानी रू. २०,००० देखि ३९,९९९ बीचमा रहेको बताएका थिए, उनीहरूको प्रतिशत सन् २०१८ मा बढेर ३२.९% भएको र सन् २०२० मा थप वृद्धिभई ४३.०% पुगेको छ । आफ्नो मासिक आम्दानी रू. १०,००० वा सो भन्दा कम भनेर बताउने सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूको प्रतिशत भने केही वर्ष यता उल्लेख्य रूपमा घटेको छ । सन् २०१७ मा, सुदूरपश्चिम प्रदेशमा आफ्नो घरपरिवारको मासिक आम्दानी रू. १०,००० वा सो भन्दा कम बताउने उत्तरदाताहरूको संख्या सबैभन्दा धेरै (३८.९%) रहेकोमा सन् २०२० मा यो संख्या घटेर १५.७% पुगेको छ । त्यसैगरी आफ्नो घरपरिवारको मासिक आम्दानी रू. १०,००० देखि रू. १९,९९९ सम्म बताउने उत्तरदाताहरूको संख्या सन् २०१७ मा रहेको ३४.२% बाट घटेर सन् २०२० मा ३१.८% पुगेको छ । यसको विपरित, आफ्नो घरपरिवारको मासिक आम्दानी रू. २०,००० देखि ३९,९९९ को बीचमा रहेको बताउने सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूको संख्या सन् २०१८ मा रहेको २५.३% बाट बढेर सन् २०२० मा ४०.८% पुगेको छ ।

**घरपरिवारको मासिक आम्दानी, प्रदेश र वर्षअनुसार**

| | | रू. १०००० भन्दा कम | रू. १००००-१९,९९९ | रू. २००००-३९,९९९ | रू. ४०००० र भन्दा बढी | थाहा छैन |
|---|---|---|---|---|---|---|
| समग्र | सन् २०१७ | २९.६% | ३५.७% | २२.९% | १०.४% | १.४% |
| | सन् २०१८ | २२.६% | ३६.८% | २८.४% | १०.३% | १.९% |
| | सन् २०२० | १६.३% | २९.०% | ३३.६% | १७.८% | ३.३% |
| प्रदेश १ | सन् २०१७ | ३३.६% | ३६.०% | २१.७% | ७.२% | १.५% |
| | सन् २०१८ | २१.२% | ४३.४% | २५.९% | ८.३% | १.२% |
| | सन् २०२० | १८.३% | ३३.७% | ३३.३% | १४.५% | ०.२% |
| प्रदेश २ | सन् २०१७ | २४.२% | ४१.१% | २४.४% | ८.९% | १.३% |
| | सन् २०१८ | २९.२% | ३५.३% | २५.५% | ७.६% | २.५% |
| | सन् २०२० | २४.०% | ३५.८% | २७.४% | १०.०% | २.८% |
| बागमती प्रदेश | सन् २०१७ | २०.६% | २६.२% | २९.३% | २२.०% | १.९% |
| | सन् २०१८ | १३.६% | ३४.२% | ३६.७% | १४.३% | १.१% |
| | सन् २०२० | ८.४% | १५.३% | ३१.२% | ३४.९% | १०.२% |
| गण्डकी प्रदेश | सन् २०१७ | १६.४% | ३७.३% | २९.३% | १६.७% | ०.३% |
| | सन् २०१८ | १३.१% | ३४.५% | ३२.९% | १६.५% | ३.०% |
| | सन् २०२० | ९.२% | २८.६% | ४३.०% | १८.२% | १.०% |
| लुम्बिनी प्रदेश | सन् २०१७ | ३८.६% | ३९.०% | १६.७% | ४.४% | १.३% |
| | सन् २०१८ | २७.९% | ३१.५% | २६.४% | ११.२% | ३.०% |
| | सन् २०२० | १३.२% | २८.९% | ३८.४% | १६.९% | २.७% |
| कर्णाली प्रदेश | सन् २०१७ | ४१.६% | ४०.७% | १४.६% | २.२% | ०.९% |
| | सन् २०१८ | ३०.२% | ४२.८% | २०.२% | ४.१% | २.७% |
| | सन् २०२० | ३०.७% | ३५.४% | २५.५% | ७.२% | १.२% |
| सुदूरपश्चिम प्रदेश | सन् २०१७ | ३८.९% | ३४.२% | २०.१% | ५.२% | १.६% |
| | सन् २०१८ | २६.०% | ४१.६% | २५.३% | ६.९% | ०.१% |
| | सन् २०२० | १५.७% | ३१.८% | ४०.८% | ११.७% | ०.०% |

*तालिका ६.२१ : प्रश्न-G4 : गएको वर्षमा तपाईंको घर परिवारको मासिक आम्दानी लगभग कति जति थियो ? (सं.= ६,९९०)*
*('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

आफ्नो घरपरिवारको मासिक आम्दानी बढेको बताउने उत्तरदाताहरूको प्रतिशतमा वृद्धि भईराख्दा आफ्नो घरपरिवारको मासिक आम्दानी रू. १०,००० वा सो भन्दा कम बताउने उत्तरदाताहरूको प्रतिशत भने घट्दै गएको छ । सन् २०१७ मा २९.६% उत्तरदाताहरूले उनीहरूका घरपरिवारको मासिक आम्दानी रू. १०,००० वा सोभन्दा कम बताएका थिए र सन् २०१८ मा २२.६% उत्तरदाताहरूले यस कुरालाई उल्लेख गरेका थिए, सन् २०२० मा भने यो प्रतिशत घटेर १६.३% पुगेको छ । यसले नेपालीहरूको घरपरिवारको मासिक आम्दानीमा वृद्धि भईरहेको छ भन्ने संकेत गर्दछ (थप विवरणका लागि, चित्र ६.२.१ हेर्नुहोस्)




*चित्र ६.२.१ : प्रश्न-G4 : गएको वर्षमा तपाईंको घर परिवारको मासिक आम्दानी लगभग कति जति थियो ?*
*(सं.= ६,९९०) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**हिमाली क्षेत्र र तराई क्षेत्रमा बसोबास गर्ने नेपालीहरूले आफ्नो घरपरिवारको आम्दानी कम भएको भनि उल्लेख गरिरहँदा पहाडी क्षेत्रमा बस्ने नेपालीहरूले आफ्नो आम्दानीमा वृद्धि भईरहेको छ भनि बताएका छन् ।** हिमाली क्षेत्रमा बस्ने २७.३% उत्तरदाताहरूले उनीहरूको घरपरिवारको मासिक आम्दानी रू. १०,००० वा सोभन्दा कम रहेको बताउँदा तराईका १६.३% उत्तरदाताहरु र पहाडी क्षेत्रका १४.४% उत्तरदाताहरूले उही कुरा बताएका छन् । एवं रूपमा हिमाली क्षेत्रका ७.५% उत्तरदाताहरूले उनीहरूको घरपरिवारको मासिक आम्दानी रू. ४०,००० वा सोभन्दा बढी बताउँदा, तराईका ८.२% र पहाडी क्षेत्रमा बस्ने २३.३% उत्तरदाताहरूले उही कुरा बताएका छन् (थप विवरणका लागि, तालिका ६.२.२ हेर्नुहोस्) ।

**गएको वर्षमा घरपरिवारको मासिक आम्दानी, क्षेत्र र बसोबास गर्ने ठाउँअनुसार**

| | | गाउँपालिका | नगरपालिका | समग्र क्षेत्र |
|---|---|---|---|---|
| समग्र | रू. १०,००० भन्दा कम | २२.९% | १२.५% | १६.३% |
| | रू. १०,०००-१९,९९९ | ३४.१% | २६.१% | २९.०% |
| | रू. २०,०००-३९,९९९ | ३०.४% | ३५.४% | ३३.६% |
| | रू. ४०,००० र भन्दा बढी | १०.७% | २१.८% | १७.८% |
| | थाहा छैन | १.९% | ४.१% | ३.३% |
| हिमाल | रू. १०,००० भन्दा कम | २७.९% | २६.६% | २७.३% |
| | रू. १०,०००-१९,९९९ | ३८.९% | ३३.२% | ३६.२% |
| | रू. २०,०००-३९,९९९ | २६.८% | ३०.१% | २८.३% |
| | रू. ४०,००० र भन्दा बढी | ५.३% | १०.०% | ७.५% |
| | थाहा छैन | १.१% | - | ०.६% |
| पहाड | रू. १०,००० भन्दा कम | २३.५% | ८.६% | १४.४% |
| | रू. १०,०००-१९,९९९ | ३०.५% | १९.७% | २३.९% |
| | रू. २०,०००-३९,९९९ | ३०.७% | ३४.०% | ३२.७% |
| | रू. ४०,००० र भन्दा बढी | १४.३% | २९.४% | २३.५% |
| | थाहा छैन | ०.९% | ८.४% | ५.५% |
| तराई | रू. १०,००० भन्दा कम | २०.९% | १४.२% | १६.३% |
| | रू. १०,०००-१९,९९९ | ३६.७% | ३०.२% | ३२.३% |
| | रू. २०,०००-३९,९९९ | ३०.९% | ३७.१% | ३५.२% |
| | रू. ४०,००० र भन्दा बढी | ८.२% | १७.२% | १४.४% |
| | थाहा छैन | ३.२% | १.३% | १.९% |

*तालिका ६.२२ : प्रश्न-G4 : गएको वर्षमा तपाईंको घर परिवारको मासिक आम्दानी लगभग कति जति थियो ? (सं.= ६,९९०)*
*('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**त्यसैगरी, नगरपालिकामा बसोबास गर्ने मानिसहरूको घरपरिवारको मासिक आम्दानी गाउँपालिकामा बसोबास गर्ने मानिसहरूको तुलनामा धेरै हुनसक्ने सम्भावना देखिएको छ ।** गाउँपालिकामा बसोबास गर्ने उत्तरदाताहरूको तुलनामा नगरपालिकामा बसोबास गर्ने दुई गुणा भन्दाले पनि बढी उत्तरदाताहरूले उनीहरूको घरपरिवारको मासिक आम्दानी मासिक आम्दानी रू. ४०,००० वा सो भन्दा बढी रहेको उल्लेख गरेका छन् । त्यसैगरी, नगरपालिकामा बसोबास गर्ने उत्तरदाताहरूको तुलनामा गाउँपालिकामा बसोबास गर्ने करिब दुई गुणा जति उत्तरदाताहरूले उनीहरूको घरपरिवारको मासिक आम्दानी रू. १०,००० वा सो भन्दा कम रहेको उल्लेख गरेका छन् ।

**गएको वर्षमा घरपरिवारको मासिक आम्दानी, क्षेत्र र हाल बसोबास गरेको स्थानअनुसार**




*चित्र ६.२२ : प्रश्न-G4 : गएको वर्षमा तपाईंको घर परिवारको मासिक आम्दानी लगभग कति जति थियो ?*
*(सं.= ६,९९०) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

मधेशी जाति (तह- १) र पहाडी जातिका मानिसहरूको घरपरिवारको आम्दानी अरू जाति समुदायका मानिसहरूको भन्दा धेरै रहेको छ भने मधेशी दलित, पहाडी दलित र मधेशी जाति (तह- २) का घरपरिवारको आम्दानी थोरै रहेको देखिएको छ । घरपरिवारको आम्दानी सन्दर्भमा विभिन्न जाति तथा जनजाति समुदायका उत्तरदाताहरूको जवाफमा केही विविधता देखिएको छ । ५.४% मधेशी दलित उत्तरदाताहरूले आफ्नो घरपरिवारको मासिक आम्दानी रू. ४०,००० वा सोभन्दा बढी भएको बताइरहँदा मधेशी जाति (तह-१) का २३.७% उत्तरदाताहरूले यही कुरा बताएका छन् । पाँचमा करिब तीनजना अर्थात (५७.६%) मधेशी जाति (तह-१) का उत्तरदाताहरु, त्यसपछि अन्य सांस्कृतिक समूहका ४३.५% उत्तरदाताहरूले आफ्नो घरपरिवारको आम्दानी रू. २०,००० देखि ३९,९९९ को बीचमा रहेको बताएका छन् ।

**गएको एक वर्षमा घरपरिवारको मासिक आम्दानी, जाति/जनजाति समुदायअनुसार**




*चित्र ६.२३ : प्रश्न-G4 : गएको वर्षमा तपाईंको घर परिवारको मासिक आम्दानी लगभग कति जति थियो ?*
*(सं= ६,९९०) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**आफ्नो घर परिवारको मासिक आम्दानी बढेको बताउने उत्तरदाताहरूको अनुपातमा केही वर्ष यता वृद्धि भएको छ :** सन् २०१८ मा २४.६% उत्तरदाताहरूले उनीहरूको घरपरिवारको मासिक आम्दानी बढेको बताएका थिए भने, सन् २०२० मा ३२.४% उत्तरदाताहरूले यो कुरा बताएका छन् । **त्यसैगरी, आफ्नो घरपरिवारको मासिक आम्दानी घटेको बताउने उत्तरदाताहरूको अनुपात सन् २०१७ देखि निरन्तर घटिरहेको छ ।** सन् २०१७ मा १३.४% उत्तरदाताहरूले उनीहरूको घरपरिवारको आम्दानी घटेको बताएका थिए, सन् २०१८ मा भने ११.१% उत्तरदाताहरूले यही कुरा व्यक्त गरेका थिए र सन् २०२० मा ७.९% उत्तरदाताहरूले आफ्नो घरपरिवारको आम्दानी घटेको बताएका छन् ।




*चित्र ६.२४ : प्रश्न-G5 : गएको एक वर्षमा तपाईंको घर परिवारको आम्दानीमा कस्तो परिवर्तन भएको छ ?*
*(सं.= ७,०५२) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

सन् २०१८ को आँकडाहरूलाई तुलना गरेर हेर्दा, प्रदेश १, प्रदेश २, बागमती प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा बसोबास गर्ने उत्तरदाताहरूले तिनीहरूको घरपरिवारको आम्दानी सन् २०२० मा वृद्धि भएको बताएका छन् । सन् २०१८ मा प्रदेश २ बाट २४.३% उत्तरदाताहरूले तिनीहरूको घरपरिवारको मासिक आम्दानी बढेको बताएका थिए भने त्यही कुरा सन् २०२० मा ३७.९% उत्तरदाताहरूले बताएका छन् । त्यसैगरी, बागमती प्रदेशका १६.८% उत्तरदाताहरूले सन् २०१८ मा उनीहरूका घरपरिवारको आम्दानी बढेको बताएकोमा सन् २०२० मा यो बढेर ३१% सम्म पुगेको छ (थप विवरणका लागि, तालिका ६.२.३ हेर्नुहोस्) ।

## गएको वर्षमा घरपरिवारको आम्दानीमा भएको परिवर्तन, प्रदेश र वर्षअनुसार

| | | बढेको | घटेको | उस्तै | थाहा छैन |
|---|---|---|---|---|---|
| समग्र | सन् २०१७ | ३१.५% | १३.४% | ५४.४% | ०.७% |
| | सन् २०१८ | २४.६% | ११.१% | ६३.१% | १.३% |
| | सन् २०२० | ३२.४% | ७.९% | ५८.०% | १.६% |
| प्रदेश १ | सन् २०१७ | २९.१% | १७.८% | ५२.३% | ०.९% |
| | सन् २०१८ | २१.७% | १४.९% | ६१.७% | १.७% |
| | सन् २०२० | २९.६% | ५.२% | ६५.१% | ०.१% |
| प्रदेश २ | सन् २०१७ | ३६.६% | १५.६% | ४७.३% | ०.५% |
| | सन् २०१८ | २४.३% | १०.०% | ६४.१% | १.७% |
| | सन् २०२० | ३७.९% | ५.१% | ५४.९% | २.१% |
| बागमती प्रदेश | सन् २०१७ | २६.१% | १०.९% | ६२.६% | ०.३% |
| | सन् २०१८ | १६.८% | ११.७% | ७०.८% | ०.७% |
| | सन् २०२० | ३१.०% | १०.६% | ५३.९% | ४.५% |

| | | बढेको | घटेको | उस्तै | थाहा छैन |
|---|---|---|---|---|---|
| गण्डकी प्रदेश | सन् २०१७ | २४.०% | ९.९% | ६५.७% | ०.५% |
| | सन् २०१८ | ३२.३% | ९.०% | ५६.८% | १.८% |
| | सन् २०२० | २८.७% | ६.०% | ६४.८% | ०.५% |
| लुम्बिनी प्रदेश | सन् २०१७ | ३८.४% | १४.९% | ४५.६% | १.०% |
| | सन् २०१८ | ३४.४% | १०.८% | ५२.८% | २.०% |
| | सन् २०२० | ३४.५% | ९.१% | ५५.६% | ०.९% |
| कर्णाली प्रदेश | सन् २०१७ | २८.३% | ९.५% | ६१.६% | ०.७% |
| | सन् २०१८ | २१.१% | १२.९% | ६५.९% | |
| | सन् २०२० | ३३.७% | ११.९% | ५४.०% | ०.५% |
| सुदूरपश्चिम प्रदेश | सन् २०१७ | ३३.६% | ९.९% | ५५.४% | १.१% |
| | सन् २०१८ | २५.३% | ६.३% | ६८.१% | ०.३% |
| | सन् २०२० | २७.८% | १०.४% | ६१.८% | |

*तालिका ६.२३ : प्रश्न-G5 : गएको एक वर्षमा तपाईंको घर परिवारको आम्दानीमा कस्तो परिवर्तन भएको छ ?*
*(सं.= ७,०५२) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

मधेशी दलित र मुसलमान समुदायका उत्तरदाताहरूमा तिनीहरूका घरपरिवारको मासिक आम्दानी बढेको छ भन्नेहरूको संख्या कम रहेको छ भने अन्य सांस्कृतिक समूहका मानिसहरु, मधेशी आदिवासी/जनजाति र मधेशी जाति (तह- २) का उत्तरदाताहरूमा तिनीहरूका घरपरिवारको मासिक आम्दानी बढेको भन्नेहरूको संख्या धेरै रहेको छ । आफ्नो घरपरिवारको मासिक आम्दानी घटेको बताउनेहरूमध्ये 'अन्य सांस्कृतिक समूह' को संख्या सबैभन्दा उच्च (१२.५%) रहेको छ । पहाडी क्षेत्र र गाउँपालिकामा बसोबास गर्ने उत्तरदाताहरूको घरपरिवारको मासिक आम्दानी बढेको छ भन्नेहरूको संख्या भने कमै रहेको छ ।

**गएको वर्षमा घर परिवारको आम्दानीमा भएको परिवर्तन, हाल बसोबास गरेको स्थान, भौगोलिक क्षेत्र र जातिअनुसार**




*चित्र ६.२५ : प्रश्न-G5 : गएको एक वर्षमा तपाईंको घर परिवारको आम्दानीमा कस्तो परिवर्तन भएको छ ? (सं.= ७,०५२) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

## ६.३ आर्थिक आकांक्षा र चुनौतीहरू

### *आउँदो पाँच वर्षका लागि आर्थिक दृष्टिकोण*

**सर्वेक्षणमा सहभागी धेरै उत्तरदाताहरू आउँदो पाँच वर्षमा उनीहरूको घरपरिवारको आम्दानीमा सुधार हुने कुरामा आशावादी रहेका छन् ।** सर्वेक्षणमा सहभागी ६९.०% उत्तरदाताहरूले आउँदो पाँच वर्षमा उनीहरूको आफ्नो घरपरिवारको आम्दानीमा वृद्धि हुन्छ भनि विश्वस्त भएको बताएका छन् भने १६.६% ले चाहिँ, घरपरिवारको आम्दानीमा वृद्धि हुनेमा ज्यादै विश्वस्त भएको बताएका छन् । यसैगरी १२.७% उत्तरदाताहरूले आउँदो पाँच वर्षमा उनीहरूको आफ्नो घरपरिवारको आम्दानी उस्तै रहने बताएका छन् । १.५% उत्तरदाताहरूलाई आउँदो पाँच वर्षमा उनीहरूको आफ्नो घरपरिवारको आम्दानी खराब हुने जस्तो लाग्दछ भने ०.२% उत्तरदाताहरूले त आउँदो पाँच वर्षमा आफ्नो घरपरिवारको आर्थिक अवस्था 'झनै खराब हुने' भनी निराशावादी धारणा व्यक्त गरेका छन् ।




*चित्र ६.३.१ : प्रश्न-G6 : आउँदो पाँच वर्षमा के तपाईं आफ्नो घर परिवारको आर्थिक अवस्थामा सुधार हुन्छ भन्ने अपेक्षा गर्नुहुन्छ ? (सं.= ६,९८१) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

तुलनात्मक रूपमा सन् २०१८ को भन्दा सन् २०२० मा धेरै संख्यामा नेपालीहरूले आउँदो पाँच वर्षमा उनीहरूको आय आर्जनमा सुधार हुने अपेक्षा राखेका छन् । सन् २०२० मा तुलनात्मक रूपमा सन् २०१८ मा भन्दा थोरैले बढी र सन् २०१७ मा भन्दा धेरै उत्तरदाताहरूले आगामी पाँच वर्षमा आफ्नो घरपरिवारको आर्थिक अवस्था, उस्तै रहन्छ जस्तो लाग्ने बताएका छन् । प्रदेश १, बागमती प्रदेश र सुदूरपश्चिम प्रदेशमा आउँदो पाँच वर्षमा आफ्नो घरपरिवारको आर्थिक अवस्था सुधार हुन्छ भन्नेमा ज्यादै विश्वस्त रहेका उत्तरदाताहरूको प्रतिशतमा वृद्धि भएको छ । यस्तै आशा राख्ने उत्तरदाताहरूको संख्या भने केही प्रदेशहरूमा घटेको छ, प्रदेश २ मा सन् २०१८ मा रहेको २६.६% बाट घटेर सन् २०२० मा १६.१% पुगेको छ, साथै गण्डकी प्रदेशमा सन् २०१७ मा रहेको २६.८% बाट घटेर सन् २०२० मा ७.६% मा पुगेको र कर्णाली प्रदेशमा पनि सन् २०१८ मा रहेको १९.०% बाट घटेर सन् २०२० मा १२.९% मा पुगेको छ । यद्यपि, प्रदेश २ र लुम्बिनी प्रदेशका धेरै उत्तरदाताहरूले आउँदो पाँच वर्षमा आफ्नो घरपरिवारको आर्थिक अवस्थामा सुधार हुनेमा ज्यादै विश्वस्त अथवा विश्वस्त भएको उल्लेख गरेका छन् (थप विवरणका लागि चित्र, ६.३.२ हेर्नुहोस्) ।

**आउँदो पाँच वर्षमा घरपरिवारको आम्दानीमा सुधार हुने अपेक्षा, प्रदेशअनुसार**




*चित्र ६.३.२ : प्रश्न-G6 : आउँदो पाँच वर्षमा के तपाईं आफ्नो घर परिवारको आर्थिक अवस्थामा सुधार हुन्छ भन्ने अपेक्षा गर्नुहुन्छ ?*
*(सं.= ६,९८१) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

**तराई क्षेत्रमा बसोबास गर्ने उल्लेख्य नेपालीहरूले आउँदो पाँच वर्षमा आफ्नो घरपरिवारको आम्दानीमा सुधार हुने आशा व्यक्त गरेका छन् ।** दशमध्ये झण्डै नौ जना अर्थात् ८९.१% उत्तरदाताहरूले आउँदो पाँच वर्षमा आफ्नो घरपरिवारको आर्थिक अवस्था सुधार हुनेमा विश्वस्त अथवा ज्यादै विश्वस्त भएको उल्लेख गरेका छन् । हिमाली क्षेत्रका पाँचमध्ये करिब एकजना उत्तरदातालाई आउँदो पाँच वर्षमा आफ्नो घरपरिवारको आर्थिक अवस्थामा कुनै खासै परिवर्तन होला जस्तो नलागेको र २.४% उत्तरदाताहरूले आउँदो पाँच वर्षमा आफ्नो घरपरिवारको आम्दानी खराब हुनेमा विश्वस्त अथवा ज्यादै विश्वस्त भएको उल्लेख गरेका छन् । जाति र जनजातिमध्ये, पहाडी जाति समुदायले आगामी पाँच वर्षमा उनीहरूको घरपरिवारको आम्दानीमा सुधार हुने कुरामा ढुक्क हुने बढी संभावना देखाएका छन् भने मधेशी दलित समूह चाहिँ उनीहरूको घरपरिवारको आम्दानीमा सुधार हुने कुरामा ढुक्क हुने कम संभावना रहेको देखिएको छ । भविष्यमा आफ्नो घरपरिवारको आर्थिक अवस्था सुधार हुने विषयमा युवा र धनीमानी नेपालीहरूमा उच्च तहको विश्वास रहेको छ । आर्थिक

अवस्थामा सुधार हुने अपेक्षाको वृद्धि उत्तरदाताहरूको शिक्षाको स्तरसँग सम्बन्धित रहेको देखिएको छ । अशिक्षित व्यक्तिहरु (९.०%) को तुलनामा उच्च शिक्षा हासिल गरेका तीन गुणा भन्दा पनि बढी व्यक्तिहरु (३२.२%) लाई आउँदो पाँच वर्षमा आफ्नो घरपरिवारको आम्दानीमा सुधार हुने विश्वास रहेको देखिएको छ । नेपाली युवाहरु का साथसाथै उच्च आम्दानीको दायरामा पर्ने नेपाली र जागिर गरिरहेकाहरु पनि आउँदो पाँच वर्षमा आफ्नो घरपरिवारको आम्दानीमा सुधार हुनेमा धेरै आशावादी रहेको देखिएको छ ।

**आउँदो पाँच वर्षमा घरपरिवारको आम्दानीमा सुधार हुने अपेक्षा, बसोबास गरेको स्थान, भौगोलिक क्षेत्र, जाति र उमेरअनुसार**

| | | सुधार हुन्छ भन्नेमा ढुक्क छु | सुधार हुन्छ जस्तो लाग्छ | उस्तै हुन्छ जस्तो लाग्छ | खराब हुन्छ जस्तो लाग्छ | अझै खराब हुन्छ भन्नेमा दुविधा छैन |
|---|---|---|---|---|---|---|
| | समग्र | १६.६% | ६९.०% | १२.७% | १.५% | ०.२% |
| बसोबास गर्ने ठाउँ | गाउँपालिका | १३.५% | ६९.१% | १५.२% | २.०% | ०.२% |
| | नगरपालिका | १८.४% | ६९.०% | ११.२% | १.२% | ०.१% |
| भौगोलिक क्षेत्र | हिमाल | २१.१% | ५७.३% | १९.२% | २.०% | ०.४% |
| | पहाड | १६.९% | ६५.९% | १५.५% | १.७% | ०.१% |
| | तराई | १५.८% | ७३.३% | ९.४% | १.३% | ०.२% |
| लिंग | महिला | १५.४% | ७०.३% | १२.५% | १.७% | ०.१% |
| | पुरूष | १७.९% | ६७.७% | १२.८% | १.३% | ०.२% |
| जाति | पहाडी जाति | १९.८% | ६५.३% | १३.४% | १.३% | ०.२% |
| | पहाडी आदिवासी/जनजाति | १६.३% | ६५.६% | १५.६% | २.३% | ०.२% |
| | पहाडी दलित | १३.३% | ६६.८% | १७.६% | २.१% | ०.२% |
| | मधेशी जाति (तह-१) | १९.०% | ७९.३% | – | १.७% | – |
| | मधेशी जाति (तह-२) | १५.०% | ७७.६% | ६.७% | ०.६% | ०.१% |
| | मधेशी (आदिवासी/जनजाति) | १८.८% | ७०.६% | ९.१% | १.३% | ०.२% |
| | मधेशी दलित | ८.३% | ७८.५% | १२.५% | ०.६% | – |
| | अन्य सांस्कृतिक समूह | – | ८७.५% | १२.५% | – | – |
| | मुसलमान | १२.७% | ७८.४% | ७.८% | १.०% | – |
| उमेर | १८-२५ | १७.९% | ७२.८% | ८.६% | ०.७% | – |
| | २५-३५ | १७.८% | ७०.१% | १०.५% | १.६% | ०.१% |
| | ३५-४५ | १६.२% | ७२.०% | १०.५% | १.०% | ०.४% |
| | ४५-५५ | १६.३% | ६६.५% | १५.०% | २.१% | ०.१% |
| | ५५ वर्ष भन्दा माथि | १४.१% | ६२.०% | २१.०% | २.५% | ०.३% |
| शिक्षा | पढ्न/लेख्न नजान्ने | ९.०% | ६८.५% | १९.९% | २.३% | ०.४% |
| | अनौपचारिक शिक्षा पाएको | १३.०% | ६६.९% | १८.१% | २.०% | – |
| | आधारभूत शिक्षा | १५.४% | ६८.७% | १४.०% | १.७% | ०.२% |
| | माध्यमिक शिक्षा | १९.३% | ७०.८% | ८.७% | १.१% | ०.१% |
| | उच्च शिक्षा | ३२.२% | ६०.९% | ६.२% | ०.६% | – |

| | | सुधार हुन्छ भन्नेमा ढुक्क छु | सुधार हुन्छ जस्तो लाग्छ | उस्तै हुन्छ जस्तो लाग्छ | खराब हुन्छ जस्तो लाग्छ | अझै खराब हुन्छ भन्नेमा दुविधा छैन |
|---|---|---|---|---|---|---|
| मुख्य पेशा | कृषि | १५.८% | ६६.६% | १५.७% | १.७% | ०.२% |
| | सामाजिक सेवा | १४.३% | ६६.७% | १६.७% | २.४% | – |
| | मजदुर | १४.१% | ६८.८% | १४.७% | २.३% | ०.२% |
| | व्यापार | १८.७% | ७०.७% | ८.९% | १.७% | – |
| | जागिर | ३२.२% | ५९.४% | ६.१% | १.९% | ०.५% |
| | वैदेशिक रोजगार | २९.७% | ५४.१% | १३.५% | २.७% | – |
| | घरायसी काम | ११.८% | ७८.२% | ८.८% | १.२% | – |
| | विद्यार्थी | २२.०% | ६९.०% | ९.०% | – | – |
| | बेरोजगार | १५.०% | ७८.४% | ५.२% | ०.७% | ०.७% |
| | जागिरबाट अवकाश | १०.४% | ६८.०% | २०.४% | ०.७% | ०.४% |
| आम्दानी समूह (नेपाली रूपैयाँमा) | ६०,००० र त्यसभन्दा मुनी | ११.४% | ६३.७% | २२.१% | २.६% | ०.२% |
| | ६०,००१-१२०,००० | १४.७% | ६८.५% | १४.८% | २.०% | ०.१% |
| | १२०,००१-२००,००० | २०.१% | ६८.६% | ९.८% | १.५% | – |
| | २००,००१ र त्यसभन्दा माथि | २३.३% | ६८.५% | ७.२% | ०.८% | ०.२% |
| | आश्रित | १५.४% | ७३.४% | १०.१% | ०.८% | ०.२% |

*तालिका ६.३.१ : प्रश्न-G6 : आउँदो पाँच वर्षमा के तपाईं आफ्नो घर परिवारको आर्थिक अवस्थामा सुधार हुन्छ भन्ने अपेक्षा गर्नुहुन्छ ? (सं.= ६,९८१) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

सन् २०२० को सर्वेक्षणमा पहिलोपटक, उत्तरदाताहरूको आम्दानीको अवस्था जान्नलाई चारओटा प्रश्नहरु थपिएको थियो । उत्तरदाताहरूलाई उनीहरूको समुदायमा कुनै व्यक्तिले एक वर्षमा कमाउन सक्ने न्यूनतम वा अधिकतम आम्दानीका साथसाथै उनीहरूको अहिलेको अवस्थाको आम्दानी र भविष्यमा हासिल गर्न सक्ने आम्दानीको बारेमा प्रश्नहरु सोधिएको थियो ।

**एक तिहाइ भन्दा बढी उत्तरदाताहरू (३५.३%) ले उनीहरूको समुदायको कुनै व्यक्तिले एक वर्षमा कमाउन सक्ने न्यूनतम आम्दानी रू. ५०,००० देखि रू. ९९,९९९ को बीचमा हुनसक्ने अनुमान गरेका छन् । अनुमानित न्यूनतम आयको मध्यक रू. ७०,००० हुन आउँछ । त्यसैगरी, ३८.५% उत्तरदाताहरूले उनीहरूको समुदायको कुनै व्यक्तिले एक वर्षमा कमाउन सक्ने अधिकतम आम्दानी रू. ६,००,००० भन्दा बढी हुनसक्ने अनुमान गरेका छन् । अनुमानित अधिकतम आयको मध्यक रू. ५,००,००० हुन आउँछ ।**

**पाँचमा एकजना (२०.१%) उत्तरदाताले उनीहरूको वार्षिक आम्दानी रू. १,००,००० देखि रू. १,४९,९९९ सम्म हुने बताएका छन् ।** उनीहरूको मध्यक आम्दानी रू. १,२०,००० हुन आउँछ । उत्तरदाताहरूले भविष्यमा आफ्नो वार्षिक आम्दानी औसतमा रू. ३,५६,२६६ हुनसक्ने आशा गरेका छन् । १३.६% उत्तरदाताहरूले भविष्यमा आफ्नो वार्षिक आम्दानी रू. ६,००,००० हुनसक्ने बताएका छन् (थप विवरणका लागि, तालिका ६.३.२ हेर्नुहोस्) ।

**आयको आकांक्षा**

| | तपाईंको समुदायको कोही व्यक्तिले १ वर्षमा कमाउन सक्ने न्यूनतम आम्दानी कति हो ? (सं.=६,४७८) | तपाईंको समुदायको कोही व्यक्तिले १ वर्षमा कमाउन सक्ने अधिकतम आम्दानी कति हो ?(सं.=६,४३३) | तपाईंको हालको व्यक्तिगत वार्षिक आम्दानी कति हो ? (सं.=४,९३९) | तपाईंको विचारमा तपाईंले भविष्यमा बार्षिक आम्दानी कति हासिल गर्नसक्छु भन्ने आशा राख्नुभएको छ ? (सं.=५,९४२) |
|---|---|---|---|---|
| ४९,९९९ भन्दा कम | २४.९% | ०.२% | १६.९% | १०.२% |
| ५०,००० देखि ९९,९९९ | ३५.३% | १.०% | १९.६% | १२.६% |
| १००,००० देखि १४९,९९९ | २३.७% | २.७% | २०.१% | १२.३% |
| १५०,००० देखि १९९,९९९ | ७.७% | ४.१% | १२.१% | ८.५% |
| २००,००० देखि २४९,९९९ | ४.४% | ८.७% | १०.३% | १२.३% |
| २५०,००० देखि २ ९९,९९९ | ०.७% | ४.२% | ३.६% | ४.३% |
| ३००,००० देखि ३४९,९९९ | १.४% | ११.३% | ५.५% | ९.५% |
| ३५०,००० देखि ३९९,९९९ | ०.२% | ४.०% | २.६% | २.५% |
| ४००,००० देखि ४४९,९९९ | ०.५% | ९.५% | २.७% | ६.३% |
| ४५०,००० देखि ४९९,९९९ | ०.१% | २.५% | ०.५% | १.०% |
| ५००,००० देखि ५४९,९९९ | ०.४% | १०.८% | १.६% | ६.१% |
| ५५०,००० देखि ५९९,९९९ | ०.०% | २.५% | ०.३% | ०.६% |
| ६००,००० वा सो भन्दा माथि | ०.७% | ३८.५% | ४.१% | १३.६% |

*तालिका ६.३.२ : प्रश्न-G6A-G6D. आयको आकांक्षा*

**वार्षिक आम्दानी रू. ३,००,००० भन्दा कम हुने उत्तरदाताहरूले भविष्यमा पनि उनीहरूले धेरै आम्दानी हासिल गर्ने आशा राख्दैनन् र उत्तरदाताहरू जसको व्यक्तिगत वार्षिक आम्दानी रू. ३,००,००० भन्दा बढी छ उनीहरूले भविष्यमा अझ बढी कमाउने आशा राख्ने देखिएको छ** (थप विवरणका लागि, तालिका ६.३.३ हेर्नुहोस्) ।

**व्यक्तिगत आम्दानीको हालको अवस्था र व्यक्तिद्वारा भविष्यमा आम्दानी गर्नसक्ने अपेक्षा**

| व्यक्तिगत वार्षिक आम्दानी (रूपैयाँमा) | भविष्यमा व्यक्तिले वार्षिक आम्दानी हासिल गर्नसक्ने अपेक्षा (रूपैयाँमा) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ४९,९९९ भन्दा कम | ५०,००० देखि ९९,९९९ | १००,००० देखि १४९,९९९ | १५०,००० देखि १९९,९९९ | २००,००० देखि २४९,९९९ | २५०,००० देखि २ ९९,९९९ | ३००,००० देखि ३४९,९९९ | ३५०,००० देखि ३९९,९९९ | ४००,००० देखि ४४९,९९९ | ४५०,००० देखि ४९९,९९९ | ५००,००० देखि ५४९,९९९ | ५५०,००० देखि ५९९,९९९ | ६००,००० वा सो भन्दा माथि |
| आश्रित | २६.४% | १९.३% | १३.१% | ४.४% | ९.२% | १.४% | ६.७% | १.१% | ४.१% | ०.४% | ४.३% | ०.१% | ९.६% |
| ४९,९९९ भन्दा कम | ३२.५% | ३९.७% | १४.४% | ३.६% | ४.३% | ०.९% | ०.९% | ०.१% | १.४% | | १.३% | | ०.९% |
| ५०,००० देखि ९९,९९९ | | २०.१% | ३५.०% | १६.७% | १३.१% | २.३% | ४.९% | ०.८% | १.७% | ०.३% | १.८% | ०.२% | ३.१% |
| १००,००० देखि १४९,९९९ | | | १२.८% | २२.४% | २६.३% | ६.७% | १३.३% | २.२% | ५.६% | ०.५% | ५.१% | ०.७% | ४.४% |
| १५०,००० देखि १९९,९९९ | | | | ९.४% | २६.१% | ११.२% | १९.७% | ४.८% | १२.६% | ०.९% | ६.६% | ०.४% | ८.३% |
| २००,००० देखि २४९,९९९ | | | | | ११.७% | १५.०% | २४.६% | ५.२% | १२.३% | १.५% | १०.४% | ०.८% | १८.५% |
| २५०,००० देखि २९९,९९९ | | | | | | ७.२% | २३.३% | १५.०% | १८.५% | १.८% | १८.०% | १.२% | १५.०% |
| ३००,००० देखि ३४९,९९९ | | | | | | | १०.२% | ८.९% | २०.८% | ६.८% | १९.१% | २.५% | ३१.७% |
| ३५०,००० देखि ३९९,९९९ | | | | | | | | ७.३% | १७.५% | ७.४% | २७.५% | १.८% | ३८.५% |
| ४००,००० देखि ४४९,९९९ | | | | | | | | | १०.३% | ५.१% | २०.५% | २.६% | ६१.५% |
| ४५०,००० देखि ४९९,९९९ | | | | | | | | | | ९.१% | १८.२% | ९.१% | ६३.६% |
| ५००,००० देखि ५४९,९९९ | | | | | | | | | | | १४.७% | २.९% | ८२.४% |
| ५५०,००० देखि ५९९,९९९ | | | | | | | | | | | | २५.०% | ७५.०% |
| ६००,००० वा सो भन्दा माथि | | | | | | | | | | | | | १००.०% |

*तालिका ६.३.३ : प्रश्न-G6C. तपाईंको हालको व्यक्तिगत वार्षिक आम्दानी कति हो ? प्रश्न-G6C. तपाईंको विचारमा तपाईंले भविष्यमा वार्षिक आम्दानी कति हासिल गर्न सक्छु भन्ने आशा राख्नुभएको छ ? (सं= ५,९२३)*

**व्यक्तिगत आम्दानीको हालको अवस्था र व्यक्तिद्वारा भविष्यमा आम्दानी गर्न सक्ने अपेक्षा**




*चित्र ६.३.३ : प्रश्न-G6C. तपाईंको हालको व्यक्तिगत वार्षिक आम्दानी कति हो ? प्रश्न-G6C. तपाईंको विचारमा तपाईंले भविष्यमा वार्षिक आम्दानी कति हासिल गर्नसक्छु भन्ने आशा राख्नुभएको छ ? (सं.=५,९२३)*

## ६.४ वैदेशिक रोजगारी र विप्रेषण रकम

### *वैदेशिक रोजगारी*

**करिब एक चौथाइ (२५.६%) घरपरिवारले हाल उनीहरूको परिवारको कम्तिमा एकजना सदस्य वैदेशिक रोजगारमा रहेको बताएका छन् । सुदूरपश्चिम प्रदेशका (२५.६%) उत्तरदाताहरूले उनीहरूको घरपरिवारका सदस्यहरूमध्ये एकजना विदेशमा रहेको उल्लेख गरिरहँदा, कर्णाली प्रदेशका सबैभन्दा कम (१९.६%) उत्तरदाताहरूले आफ्नो घरपरिवारको सदस्य वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेको उल्लेख गरेका छन् ।** समग्रमा, आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा रहेको भन्ने उल्लेख गर्ने उत्तरदाताहरूको अनुपातमा केही ह्रास आएको छ । सन् २०१७ मा, २८.३% उत्तरदाताहरूले उनीहरूको परिवारको कम्तिमा एकजना सदस्य वैदेशिक रोजगारमा रहेको बताएका थिए, यही कुरा सन् २०१८ र सन् २०२० मा क्रमशः २५.९% र २५.६% उत्तरदाताहरूले बताएका छन् ।

आफ्नो पारिवारीक सदस्य वैदेशिक रोजगारमा रहेको भन्ने उल्लेख गर्ने प्रदेश १ का उत्तरदाताहरूको अनुपात केही घटेको छ । सन् २०१७ मा प्रदेश १ मा, ३३.२% उत्तरदाताहरूले उनीहरूको परिवारको सदस्य वैदेशिक रोजगारमा रहेको बताएका थिए, सन् २०१८ मा यो २८.१% मा रहेको थियो भने सन् २०२० मा यो घटेर २२.६% रहेको छ । लुम्बिनी प्रदेशमा भने घरपरिवारका सदस्यमध्ये कम्तिमा एकजना वैदेशिक रोजगारीमा जाने प्रक्रिया बढ्दै गइरहेको देखिएको छ । उक्त प्रदेशमा सन् २०१७ मा रहेको २६.८% बाट सन् २०१८ मा उक्त प्रतिशत केहि बढ्न गई २९.६% भएको र सन् २०२० मा यो ३१.० % सम्म आइपुगेको छ (थप विवरणका लागि, चित्र ६.४.१ हेर्नुहोस्) ।

**वैदेशिक रोजगारमा घरपरिवारका सदस्य, प्रदेश र वर्षअनुसार**




*चित्र ६.४.१ : प्रश्न-G12. तपाईंको परिवारको कोही सदस्य कामको सिलसिलामा हाल विदेशमा हुनुहुन्छ ? (सं=७,०६०)*

गाउँ पालिकामा बसोबास गर्ने (२६.२%) र नगरपालिकामा बसोबास गर्ने (२५.२%) उत्तरदाताहरूको लगभग उस्तै अनुपातले उनीहरूका घरपरिवारको कम्तिमा एकजना सदस्य वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेको बताएका छन् । पहाडी क्षेत्रमा बसोबास गर्ने २६.१% उत्तरदाताहरूले आफ्नो परिवारको एकजना सदस्य वैदेशिक रोजगारीको सिलसिलामा देश बाहिर रहेको भन्ने कुरा उल्लेख गरेका छन् । यसको तुलनामा हिमाली क्षेत्रमा बसोबास गर्ने कम अर्थात् २२.४% उत्तरदाताहरूले आफ्नो परिवारको एकजना सदस्य वैदेशिक रोजगारीको सिलसिलामा देश बाहिर रहेको भनि उल्लेख गरेका छन् । जात र जातीय समुदायमा, मधेशी आदिवासी जनजाति समूहका (१७.५%) उत्तरदाताहरूको तुलनामा करिब दुई गुणाले बढी पहाडी दलितहरु (३४.१%) ले उनीहरूको परिवारको एकजना सदस्य वैदेशिक रोजगारीको सिलसिलामा देश बाहिर रहेको उल्लेख गरेका छन् । धार्मिक समूहमध्ये, 'अन्य धार्मिक समूह'मा पर्ने ४३.८% उत्तरदाताहरूले उनीहरूको परिवारको कम्तिमा एकजना सदस्य वैदेशिक रोजगारीको क्रममा विदेशमा रहेको बताएका छन् ।

**वैदेशिक रोजगारमा रहेका घर परिवारका सदस्य; बसोबास गरेको ठाउँ, भौगोलिक क्षेत्र, जाति, धर्म र घर परिवारको आम्दानीअनुसार**

| | | छ | छैन |
|---|---|---|---|
| समग्र | | २५.६% | ७४.४% |
| बसोबास गर्ने ठाउँ | गाउँपालिका | २६.२% | ७३.८% |
| | नगरपालिका | २५.२% | ७४.८% |
| भौगोलिक क्षेत्र | हिमाल | २२.४% | ७७.६% |
| | पहाड | २६.१% | ७३.९% |
| | तराई | २५.६% | ७४.४% |
| जाति | पहाडी जाति | २६.८% | ७३.२% |
| | पहाडी आदिवासी/जनजाति | २३.९% | ७६.१% |
| | पहाडी दलित | ३४.१% | ६५.९% |
| | मधेशी जाति (तह-१) | २७.१% | ७२.९% |
| | मधेशी जाति (तह-२) | २४.५% | ७५.५% |
| | मधेशी (आदिवासी/जनजाति) | १७.५% | ८२.५% |
| | मधेशी दलित | २४.६% | ७५.४% |
| | अन्य सांस्कृतिक समूह | १६.०% | ८४.०% |
| धर्म | हिन्दु | २५.४% | ७४.६% |
| | बौद्ध | २४.९% | ७५.१% |
| | इस्लाम | ३०.४% | ६९.६% |
| | किरात | २१.८% | ७८.२% |
| | क्रिश्चियन | २४.७% | ७५.३% |
| | अन्य | ४३.८% | ५६.३% |
| आम्दानी समूह (नेपाली रूपैयाँमा) | १०,००० देखि मुनी | १८.५% | ८१.५% |
| | १०,००० देखि १९,९९९ | १८.९% | ८१.१% |
| | २०,००० देखि २९,९९९ | २८.०% | ७२.०% |
| | ३०,००० देखि ३९,९९९ | ३५.३% | ६४.७% |
| | ४०,००० देखि ४९,९९९ | ३१.८% | ६८.२% |
| | ५०,००० देखि ५९,९९९ | ३५.०% | ६५.०% |
| | ६०,००० वा सो भन्दा माथि | ३८.९% | ६१.१% |
| | थाहा छैन | १७.६% | ८२.४% |

*तालिका ६.४.१ : प्रश्न-G12. तपाईंको परिवारको कोही सदस्य कामको सिलसिलामा हाल विदेशमा हुनुहुन्छ ? (सं.=७,०६०)*

## *कामको लागि गन्तव्यमा परेका मुलुकहरू*

**विदेशमा काम गर्न जाने नेपालीहरूका लागि अन्तर्राष्ट्रिय गन्तव्य मुलुकहरूमा भारत, खाडी क्षेत्र (मुख्यतया कतार, साउदी अरब र संयुक्त अरब इमिरेट्स) तथा मलेसिया रहेका छन् ।** भौगोलिक निकटता, सामाजिक तथा सांस्कृतिक सम्बन्ध र दुई देशबीच खुल्ला सीमाको कारण भारत नेपालीहरूका लागि काम गर्न जान मनपर्ने गन्तव्य भएको छ । विदेशमा काम गर्ने परिवारका सदस्यहरूमध्ये २७.२% ले भारतलाई गन्तव्य मुलुकको रूपमा लिएका छन् त्यसपछि खाडी मुलुकहरू: जस्तो कतार (१५.९%), साउदी अरब (१२.८%), संयुक्त अरब इमिरेट्स (८.६%), कुवेत (२.२%), बहराईन (१.१%), ओमान (०.७%) र मलेसिया (१४.९%) लाई गन्तव्य मुलुकको रूपमा हेरिएको छ । सानो संख्यामा रहेका उत्तरदाताहरूले अमेरिका, अष्ट्रेलिया, जापान र दक्षिण कोरियामा पनि आफ्नो परिवारका सदस्यहरूले काम गरिरहेको बताएका छन् (थप विवरणका लागि, तालिका ६.४.२ हेर्नुहोस्) ।

### कामको लागि गन्तव्यमा परेका मुलुकहरू

| | | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | समग्र | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| भारत | २७.२% | २.५% | १०.२% | ७.५% | १५.३% | २७.०% | ७०.४% | ८७.९% |
| कतार | १५.९% | २१.६% | ३०.४% | १०.८% | १३.४% | १७.३% | ८.२% | १.५% |
| साउदी अरब | १२.८% | १९.४% | १९.१% | १२.१% | १४.४% | ११.५% | ८.२% | २.१% |
| संयुक्त अरब इमिरेट्स | ८.६% | १४.४% | ४.८% | ९.३% | १७.८% | ९.३% | २.०% | १.८% |
| कुवेत | २.२% | ४.७% | ०.८% | १.३% | ३.०% | ३.४% | २.०% | ०.६% |
| बहराइन | १.१% | १.३% | १.०% | ०.८% | २.०% | २.०% | – | – |
| ओमान | ०.७% | ०.३% | – | १.०% | ०.५% | २.०% | – | – |
| मलेसिया | १४.९% | २४.७% | ३२.५% | ७.२% | ८.४% | १३.३% | ७.१% | ३.३% |
| जापान | ३.३% | २.२% | ०.३% | ८.०% | ७.४% | ३.६% | | ०.६% |
| कोरिया | १.८% | २.८% | ०.३% | १.०% | २.५% | ३.८% | १.०% | ०.६% |
| अरू एसियाली देशहरु | ०.७% | ०.९% | – | २.१% | २.०% | ०.२% | – | – |
| अस्ट्रेलिया | ३.५% | १.३% | | १५.२% | ३.५% | १.४% | – | ०.३% |
| न्युजिल्यान्ड | ०.१% | – | – | – | – | ०.४% | – | ०.३% |
| संयुक्त राज्य अमेरिका | २.४% | ०.६% | – | ९.३% | ३.०% | १.६% | १.०% | ०.३% |
| क्यानाडा | ०.४% | – | – | १.८% | – | ०.४% | – | – |
| अस्ट्रिया | १.१% | – | – | ४.१% | १.०% | ०.६% | | ०.९% |
| फ्रान्स | ०.४% | ०.३% | ०.३% | ०.८% | ०.५% | ०.६% | – | – |
| जर्मनी | ०.३% | – | – | ०.८% | ०.५% | ०.४% | – | – |
| स्पेन | ०.२% | – | – | १.०% | ०.५% | | – | – |
| नेदरल्याण्ड | ०.२% | – | – | १.३% | – | – | – | – |
| बेल्जियम | ०.१% | ०.३% | – | ०.५% | – | – | – | – |
| इटाली | ०.००% | ०.३०% | – | – | – | – | – | – |
| अरू यूरोपेली देशहरु | १.९% | २.५% | ०.५% | ४.४% | ४.५% | १.२% | – | – |

*तालिका ६.४.२ : प्रश्न-G12.2 (यदि प्रश्न-G12 मा 'छ' भन्ने उत्तर दिएमा) यदि विदेश जानुभएको छ भने कुन देशमा हुनुहुन्छ ? (सं.=२,२३८) (विदेशमा कार्यरत परिवारका सदस्य उत्तरदाताहरूको अहिलेको संख्या)*

**सर्वेक्षणमा सहभागी सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका अधिकांश नेपालीहरूले विदेशमा काम गर्ने गन्तव्य मुलुकको रूपमा भारतलाई लिएका छन् ।** प्रदेश १ र प्रदेश २ मा बसोबास गर्ने नेपालीहरूका लागि खाडी मुलुक र मलेसिया दुई प्रचलित गन्तव्यको रूपमा रहेको छ भने गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका बासिन्दाहरूको लागि खाडी मुलुक र भारत, काम गर्न जाने गन्तव्यको रूपमा प्रचलित रहेको छ (थप विवरणको लागि, चित्र ६.४.२ हेर्नुहोस्) ।

**कामको लागि गन्तव्यमा परेका मुलुकहरू, प्रदेशअनुसार**




*चित्र ६.४२ : प्रश्न-G12.2 (यदि प्रश्न-G12 मा 'छ' भन्ने उत्तर दिएमा) यदि विदेश जानुभएको छ भने कुन देशमा हुनुहुन्छ ? (सं=२,२३८) (विदेशमा कार्यरत परिवारका सदस्य-उत्तरदाताहरूको अहिलेको संख्या)*

## वैदेशिक रोजगारको लागि भुक्तान गरिएको रकम

**वैदेशिक रोजगारका लागि तय गरिएका गन्तव्य मुलुकमा जान नेपालले लागत खर्च नलाग्ने गरी रोजगारी सम्झौता गरेता पनि विदेशमा काम गर्न जाँदा नेपालीहरूले अझै पनि ठूलो रकम तिर्ने गरेका छन् ।** रोजगारी दिने देशहरु जस्तै, खाडी मुलुक, मलेसिया र अरू देशहरूमा जाँदा अझै पनि नेपाली कामदारहरूले सरकारले तोकेभन्दा अधिक मूल्य तिरिरहनु परेको छ । परिवारको एकजना सदस्य वैदेशिक रोजगारीको सिलसिलामा देश बाहिर रहेको उल्लेख गर्ने उत्तरदाताहरूमध्ये २४.६% ले रू.२५,००० भन्दा कम; १२.९% ले रू. १,००,००० देखि रू. १,२४,९९९ सम्म; १५.५% ले रू. १,५०,००० देखि रू. १,७४,००० र १३.८% उत्तरदाताले ३,००,००० वा सो भन्दा बढी मूल्य वैदेशिक रोजगारीको लागि तिरेको बताएका छन् (थप विवरणका लागि, चित्र ६.४३ हेर्नुहोस्) ।




*चित्र ६.४३ : प्रश्न-G12.1b (यदि प्रश्न-G12 मा 'छ' भन्ने उत्तर दिएमा) विदेश जान सालाखाला कति पैसा लाग्यो ?*
*(सं.=२,२३८) (विदेशमा कार्यरत परिवारका सदस्य उत्तरदाताहरूको अहिलेको संख्या)*

जापान, दक्षिण कोरिया, अमेरिका, क्यानडा, अष्ट्रेलिया र न्यूजिल्याण्ड जस्ता देशमा काम गर्न गएका हरेक प्रदेशका प्रवासी कामदारहरूले रू. ३,००,००० भन्दा बढी पैसा तिरेको उल्लेख गरेका छन् । अर्कोतर्फ, काम गर्न भारतमा जाने सुदूरपश्चिम तथा कर्णाली प्रदेशका धेरैजसो मानिसहरूले वैदेशिक रोजगारको लागि रू. २५,००० वा सो भन्दा कम रूपैयाँ खर्च गरेको देखिएको छ ।

## वैदेशिक रोजगारमा जानको लागि भुक्तान गरिएको रकम, प्रदेशअनुसार

| | वैदेशिक रोजगारमा जानको लागि भुक्तान गरिएको रकम | भारत | मलेशिया | खाडी मुलुक | कोरिया | जापान | यूरोपेली | अमेरिका/ क्यानडा/ अस्ट्रेलिया/ न्यूजिल्याण्ड | अन्य एसियाली मुलुक |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश १ | २५,००० भन्दा कम | ५०.०% | – | १.०% | – | – | – | – | – |
| | २५,००० देखि ९९,९९९ | २५.०% | – | ९.७% | – | – | – | – | – |
| | १००,००० देखि १९९,९९९ | – | ८४.६% | ६८.९% | ३३.३% | – | – | – | – |
| | २००,००० देखि २९९,९९९ | २५.०% | ११.५% | १४.८% | ६६.७% | | १०.०% | १६.७% | ३३.३% |
| | ३००,००० वा सो भन्दा माथि | | २.६% | २.६% | – | १००.०% | ९०.०% | ५०.०% | ६६.७% |
| प्रदेश २ | २५,००० भन्दा कम | ७८.०% | ३.२% | – | – | – | – | – | – |
| | २५,००० देखि ९९,९९९ | २२.०% | १.६% | ३.२% | – | – | – | – | – |
| | १००,००० देखि १९९,९९९ | – | ७७.८% | ७९.५% | – | – | ३३.३% | – | – |
| | २००,००० देखि २९९,९९९ | – | १५.९% | १५.१% | – | – | ३३.३% | – | – |
| | ३००,००० वा सो भन्दा माथि | – | ०.८% | ०.५% | १००.०% | १००.०% | ३३.३% | – | – |
| बागमती प्रदेश | २५,००० भन्दा कम | ५१.७% | – | ३.६% | – | – | | – | – |
| | २५,००० देखि ९९,९९९ | ३४.५% | १४.३% | १७.३% | ५०.०% | – | ६.१% | – | – |
| | १००,००० देखि १९९,९९९ | – | ५७.१% | ६६.२% | – | – | ४.१% | ८.८% | – |
| | २००,००० देखि २९९,९९९ | – | २५.०% | २.९% | – | – | – | ५.९% | – |
| | ३००,००० वा सो भन्दा माथि | – | ३.६% | ५.८% | ५०.०% | ९३.५% | ८१.६% | ७३.५% | १००.०% |
| गण्डकी प्रदेश | २५,००० भन्दा कम | ६१.३% | – | १.०% | – | – | – | – | – |
| | २५,००० देखि ९९,९९९ | १९.४% | ५.६% | ७.८% | – | – | – | – | २५.०% |
| | १००,००० देखि १९९,९९९ | ९.७% | ७२.२% | ६७.०% | ४०.०% | २६.७% | २०.०% | ७.१% | २५.०% |
| | २००,००० देखि २९९,९९९ | | २२.२% | १८.४% | – | – | – | ३५.७% | – |
| | ३००,००० वा सो भन्दा माथि | ६.५% | – | ४.९% | ६०.०% | ७३.३% | ८०.०% | ५०.०% | ५०.०% |
| लुम्बिनी प्रदेश | २५,००० भन्दा कम | ८८.२% | ७.६% | ०.९% | – | – | – | – | – |
| | २५,००० देखि ९९,९९९ | ५.९% | ३.०% | ११.०% | २६.३% | – | – | – | – |
| | १००,००० देखि १९९,९९९ | | ६८.२% | ६४.०% | ५.३% | – | – | १५.०% | – |
| | २००,००० देखि २९९,९९९ | ०.७% | १९.७% | १७.१% | ५.३% | – | ७.१% | – | – |
| | ३००,००० वा सो भन्दा माथि | | १.५% | ३.५% | ५७.९% | ५२.९% | ९२.९% | ८०.०% | १००.०% |
| कर्णाली | २५,००० भन्दा कम | ९५.७% | – | – | – | – | – | – | – |
| | २५,००० देखि ९९,९९९ | ४.३% | – | १०.५% | – | – | – | – | – |
| | १००,००० देखि १९९,९९९ | – | ५०.०% | ६३.२% | १००.०% | | | | |
| | २००,००० देखि २९९,९९९ | – | ३७.५% | २१.१% | – | – | – | – | – |
| | ३००,००० वा सो भन्दा माथि | – | १२.५% | – | – | – | – | १००.०% | – |

| | वैदेशिक रोजगारमा जानको लागि भुक्तान गरिएको रकम | भारत | मलेशिया | खाडी मुलुक | कोरिया | जापान | यूरोपेली | अमेरिका/ क्यानडा/ अस्ट्रेलिया/ न्यूजिल्याण्ड | अन्य एसियाली मुलुक |
|---|---|---|---|---|---|---|---|---|---|
| सुदूर पश्चिम प्रदेश | २५,००० भन्दा कम | ९१.९% | ८.३% | ९.५% | – | – | – | – | – |
| | २५,००० देखि ९९,९९९ | ८.१% | ८.३% | ४.८% | – | – | – | – | – |
| | १००,००० देखि १९९,९९९ | – | ४१.७% | ३८.१% | ५०.०% | ५०.०% | | | – |
| | २००,००० देखि २ ९९,९९९ | – | ४१.७% | २८.६% | – | – | – | ५०.०% | – |
| | ३००,००० वा सो भन्दा माथि | – | – | १४.३% | ५०.०% | ५०.०% | १००.०% | ५०.०% | – |

*तालिका ६.४३ : प्रश्न-G12.1b (यदि प्रश्न-G12 मा 'छ' भन्ने उत्तर दिएमा) विदेश जान सालाखाला कति पैसा लाग्यो ? (सं.=२,२३८) (विदेशमा कार्यरत परिवारका सदस्य उत्तरदाताहरूको अहिलेको संख्या)*

## *विदेश गई काम गर्दा भोग्नुपरेका समस्याहरू*

धेरैजसो उत्तरदाताहरु (८५.१%) ले रोजगारको क्रममा विदेशमा रहेका उनीहरूका घरपरिवारका सदस्यले कुनै प्रकारको समस्या भोग्नु नपरेको बताएका छन् भने ८.९% ले उनीहरूको परिवारको कोही सदस्य वैदेशिक रोजगारको क्रममा जाँदा सम्भौता गरिएको भन्दा बढी रकम तिर्नुपरेको बताएका छन् । यसैगरी ५% ले सम्भौता गरिएको भन्दा फरक काममा लगाएको र ३.३% उत्तरदाताहरूले वैदेशिक रोजगारका क्रममा रहेका उनीहरूका परिवारका सदस्यले एकदमै प्रतिकूल अवस्थामा काम गर्नुपरिरहेको बताएका छन् (थप विवरणका लागि, तालिका ६.४४ हेर्नुहोस्) ।

### विदेशमा काम गर्दा भोग्नुपरेका समस्याहरू

| समस्या | |
|---|---|
| कुनै प्रकारका समस्याहरूको सामना गर्नु परेको थिएन | ८५.१% |
| भनिएको अनुसार पैसा नदिएको | ८.९% |
| भनिएको भन्दा बेग्लै काम | ५.०% |
| चरम काम गर्ने अवस्था | ३.३% |
| काम गर्ने वातावरण राम्रो नभएको (जस्तैः मौसम, बस्ने कोठा नराम्रो, अपमानजनक व्यवस्थापन | १.५% |
| शारीरिक चोट वा रोगबाट ग्रसित | १.४% |
| यौन दुर्व्यवहार र यौन हिंसा | ०.३% |
| मृत्यु | ०.१% |
| थाहा छैन/भन्न सक्दिन | १.२% |

*तालिका ६.४४ : प्रश्न-G12.3 (यदि प्रश्न-G12 मा 'छ' भन्ने उत्तर दिएमा) तपाईं वा तपाईंको परिवारका कुनै सदस्यहरूले विदेशमा गई काम गर्दा कुनै प्रकारको समस्याहरूको सामना गर्नु भएको छ ? (सं.=१,८०४)*

उत्तरदाता वा उनीहरूको परिवारका सदस्यहरूले उनीहरूले चिनेजानेका मानिसलाई विदेशमा रोजगार खोज्न प्रेरित गरेका छन् कि छैनन्, भनेर सर्वेक्षणले अर्को कुरा पत्ता लगाउने प्रयास गरेको छ । **यसमा दुई तिहाइ उत्तरदाताहरू (६६.५%) ले कसैलाई त्यसरी वैदेशिक रोजगारीका लागि प्रोत्साहन नगरेको बताएका छन् भने एक तिहाइ उत्तरदाताहरू (३३.५%) ले आफूहरूले आफ्नो परिवारको कोही सदस्यहरूलाई, साथीहरू तथा आफन्तहरूलाई वैदेशिक रोजगारी खोज्न प्रोत्साहित गरेको बताएका छन् ।**

**कर्णाली प्रदेशका दशमध्ये करिब आठजना (अर्थात् ८३.४%) उत्तरदाताहरूले आफ्नो परिवारको कोही सदस्यहरू, साथीहरू तथा आफन्तहरूलाई वैदेशिक रोजगारीमा जान प्रोत्साहित नगरेको बताएका छन् ।** त्यसैगरी अरू प्रदेशहरूको तुलनामा लुम्बिनी प्रदेशका धेरै उत्तरदाताहरु (७३.२%) ले कसैलाई पनि वैदेशिक रोजगारीमा जान प्रोत्साहित नगरेको बताएका छन् । अर्कोतर्फ, गण्डकी प्रदेशका ४३.६%, प्रदेश १ का ३९.४%, बागमती प्रदेशका ३६.४% र सुदूरपश्चिम प्रदेशका ३३.७% उत्तरदाताहरूले भने कोही आफन्तहरूलाई वैदेशिक रोजगारीमा जान प्रोत्साहित गरेको बताएका छन् (थप विवरणका लागि, चित्र ६.४.४ हेर्नुहोस्) ।




*चित्र ६.४४ : प्रश्न-G12.4 के तपाईं, तपाईंको परिवारका कुनै सदस्यहरु वा तपाईंले चिन्नुहुने मानिसहरूलाई विदेशमा रोजगार खोज्न प्रोत्साहित गर्नुहुन्छ ? (सं.=७,००५) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

जुन उत्तरदाताको घरपरिवारबाट कोही पनि सदस्य वैदेशिक रोजगारको सिलसिलामा देश बाहिर गएका छैनन्, उनीहरूको तुलनामा कम्तिमा एकजना सदस्य वैदेशिक रोजगारमा हुने उत्तरदाता वा उत्तरदाताको घरपरिवारले आफ्नो चिनजानमा रहेका मानिसहरूलाई विदेशमा रोजगार खोज्न प्रोत्साहित गर्ने संभावना बढी रहेको छ । परिवारको कुनै सदस्य वैदेशिक रोजगारमा रहेको घरपरिवारको उत्तरदातामध्ये ४३.४% ले अरूलाई विदेशमा रोजगार खोज्न प्रेरित गरेको बताइएको छ भने परिवारको कुनै पनि सदस्य वैदेशिक रोजगारमा नरहेका घरपरिवारको उत्तरदातामध्ये ३०.१% ले मात्र अरूलाई वैदेशिक रोजगार खोज्न प्रेरित गरेको पाइएको छ ।

### वैदेशिक रोजगारमा जानको लागि प्रोत्साहन

| विदेशमा रोजगार खोज्न प्रोत्साहन | | तपाईको परिवारको कोहि सदस्य कामको शिलसिलामा हाल विदेशमा हुनुहुन्छ ? | | जम्मा |
|---|---|---|---|---|
| | | छ | छैन | |
| के तपाई तपाईको परिवारका सदस्यहरु वा तपाईले चिन्नुहुने मानिसहरूलाई विदेशमा रोजगार खोज्न प्रोत्साहित गर्नुहुन्छ? | गर्छु | ४३.४% | ३०.१% | ३३.५% |
| | गर्दिन | ५६.६% | ६९.९% | ६६.५% |
| जम्मा | | १००.०% | १००.०% | १००.०% |

*तालिका ६.४५ : प्रश्न-G12.4 के तपाईं, तपाईंको परिवारका कुनै सदस्यहरु वा तपाईंले चिन्नुहुने मानिसहरूलाई विदेशमा रोजगार खोज्न प्रोत्साहित गर्नुहुन्छ ? (सं.=७,००३) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन ।)*

***विप्रेषण रकम***

**पाँच मध्ये करिब एक नेपाली घरपरिवार (१९.६%) ले नेपाल बाहिरबाट पठाएको पैसा (विप्रेषण रकम) प्राप्त गर्छन् र ११.६% ले देशभित्रै तर आफू बसेको ठाउँभन्दा बाहिरबाट पठाएको पैसा (विप्रेषण रकम) प्राप्त गर्छन् ।** थोरै घरपरिवार (२.४%) ले देशभित्र र बाहिर दुबै बाट विप्रेषण रकम प्राप्त गरेको बताएका छन् ।

**देशभित्र वा बाहिरबाट प्राप्त विप्रेषण रकम**

| | कुल प्रतिशत | मान्य प्रतिशत |
|---|---|---|
| देश बाहिरबाट मात्र छ | १९.६% | ४६.०% |
| देश भित्रबाट मात्र छ | ११.६% | २७.१% |
| देश भित्र र बाहिर दुबैबाट छ | २.४% | ५.७% |
| विप्रेषण रकम अफैसम्म प्राप्त नभएको | ८.९% | २०.९% |
| थाहा छैन र भन्न सक्दिन | ०.१% | ०.३% |
| लागु नहुने | ५७.४% | – |
| *सं.* | *७,०६०* | *३,००७* |

*तालिका ६.४६ : प्रश्न-G13. विगत एक वर्षमा, के तपाईं वा तपाईंको परिवारका सदस्यहरूले देश बाहिरबाट वा देश भित्रबाट विप्रेषण रकम पाउनुभएको छ ? (सं.=७,०६०)*

**सन् २०१८ यता, देशभित्रैबाट पठाएको विप्रेषण रकम प्राप्त गर्ने उत्तरदाताहरूको प्रतिशत बढेको छ भने देश बाहिरबाट पठाएको विप्रेषण रकम प्राप्त गर्ने उत्तरदाताहरूको प्रतिशत केही घटेको छ ।** सन् २०१७ मा २४.९% उत्तरदाताहरूको घरपरिवारले देशभित्रैबाट पठाएको विप्रेषण रकम प्राप्त गरेका थिए भने ५.३% उत्तरदाताहरूको घरपरिवारले चाहिँ देशबाहिरबाट मात्रै पठाएको विप्रेषण रकम प्राप्त गरेका थिए । सन् २०१८ मा यो आँकडा परिवर्तन भएर, ६.९% उत्तरदाताहरूले मात्र देशभित्रैबाट पठाएको विप्रेषण रकम पाएको देखिएको छ, भने २२.६% उत्तरदाताहरूले देशबाहिरबाट पठाएको विप्रेषण रकम प्राप्त गरेको देखिएको छ । यद्यपि देशभित्रैबाट मात्रै पठाएको विप्रेषण रकम आफ्नो घरपरिवारले प्राप्त गरेको भनि उल्लेख गर्ने उत्तरदाताहरूको प्रतिशतमा वृद्धि भएको र देश बाहिरबाट मात्रै पठाएको विप्रेषण रकम आफ्नो घरपरिवारले प्राप्त गरेको भनि उल्लेख गर्ने उत्तरदाताहरूको प्रतिशत मा भने केही ह्रास आएको छ ।

**सन् २०१७ र सन् २०१८ को तुलनामा, सन् २०२० मा आफ्नो घरपरिवारले विप्रेषण रकम प्राप्त नगर्ने भनि उल्लेख गर्ने उत्तरदाताहरूको प्रतिशत घटेको छ ।** केही वर्षयता देशभित्र र बाहिर दुबै ठाउँहरूबाट पठाएको विप्रेषण रकम प्राप्त भइरहेको भन्ने उत्तरदाताहरूको प्रतिशतमा वृद्धि भएको देखिएको छ (थप विवरणका लागि, चित्र ६.४.५ हेर्नुहोस्) ।




*चित्र ६.४५ : प्रश्न-G13. विगत एक वर्षमा, के तपाईं वा तपाईंको परिवारका सदस्यहरूले देश बाहिरबाट वा देश भित्रबाट विप्रेषण रकम पाउनुभएको छ ? (सं.=७,०६०) ('थाहा छैन' र 'अझैसम्म विप्रेषण रकम पाएको छैन' भन्ने उत्तरलाई प्रस्तुत गरिएको छैन ।)*

**सुदूरपश्चिम प्रदेशमा बसोबास गरिरहेका नेपालीहरूले धेरैजसो देश बाहिरबाट र प्रदेश २ मा बसोवास गरिरहेका नेपालीहरूले धेरैजसो देश भित्रबाट पठाएको विप्रेषण रकम प्राप्त गर्ने देखिएको छ ।** प्रदेशहरूमध्ये सुदूरपश्चिम प्रदेश, लुम्बिनी प्रदेश र प्रदेश २ मा बसोबास गरिरहेका नेपालीहरूले कुनै न कुनै प्रकारको विप्रेषण रकम प्राप्त गर्ने संभावना धेरै रहेको देखिएको छ । देशभित्र र बाहिर दुबैबाट पठाएको विप्रेषण रकम प्राप्त गर्नेमा प्रदेश २ का उत्तरदाताहरु (४.६%) सबैभन्दा अगाडि रहेका छन्, जुन राष्ट्रिय आँकडा (२.४%) भन्दा दुई गुणाले बढी रहेको छ ।

### विप्रेषण रकम प्राप्त गर्ने संभावना, प्रदेशअनुसार

| | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी प्रदेश | कर्णाली | सुदूर पश्चिम |
| लागु नहुने | ५७.४% | ६२.०% | ५२.५% | ६४.७% | ६२.३% | ५१.४% | ६३.०% | ४७.४% |
| देश भित्रबाट मात्र छ | ११.६% | ११.०% | १६.६% | ८.४% | ६.६% | ११.८% | ११.४% | १२.८% |
| देश बाहिरबाट मात्र छ | १९.६% | १९.४% | १६.७% | १५.८% | २४.५% | २३.५% | ९.९% | २८.५% |
| देश भित्र र बाहिर दुबैबाट छ | २.४% | १.१% | ४.६% | १.६% | १.७% | ३.२% | १.५% | १.९% |
| विप्रेषण रकम अझैसम्म प्राप्त नभएको | ८.९% | ६.४% | ९.७% | ९.४% | ४.९% | ९.९% | १३.३% | ९.४% |
| थाहा छैन र भन्न सक्दिन | ०.१% | ०.१% | – | ०.१% | - | ०.२% | १.०% | - |

*तालिका ६.४७ : प्रश्न-G13. विगत एक वर्षमा, के तपाईं वा तपाईंको परिवारका सदस्यहरूले देश बाहिरबाट वा देश भित्रबाट विप्रेषण रकम पाउनु भएको छ ? (सं.=७,०६०)*

तराई क्षेत्रमा बसोबास गरी देश भित्रबाट मात्र पठाएको विप्रेषण रकम पाउने उत्तरदाताहरु (१४.३%) को तुलनामा पहाडी क्षेत्रमा बसोबास गरी देश भित्रबाट मात्र पठाएको विप्रेषण रकम पाउने उत्तरदाताहरु कम (८.५%) रहेको देखिएको छ । सबै भौगोलिक क्षेत्रहरूमा नेपाल बाहिरबाट मात्र पठाएका विप्रेषण रकम प्राप्त गर्ने घरपरिवारको प्रतिशत भने उस्तै उस्तै रहेको छ । मधेशी आदिवासी/जनजाति समूह (१८.४%) ले नेपाल भित्रैबाट पठाएको विप्रेषण रकम पाउने बताएका छन्, भने पहाडी दलित (२६.८%) र मुसलमान समुदाय (२१.०%) ले देश बाहिरबाट पठाएका विप्रेषण रकम प्राप्त गर्ने बताएका छन् । जुन घरपरिवारको मासिक आम्दानी रू. १०,००० वा सोभन्दा कम रहेको छ, उनीहरूले धेरैजसो देशभित्रबाट पठाएको विप्रेषण रकम प्राप्त गरेको देखिएको छ र जुन घरपरिवारको मासिक आम्दानी रू. ४०,००० अथवा त्यो भन्दा बढी रहेको छ, उनीहरूले धेरैजसो देश बाहिरबाट पठाएको विप्रेषण रकम प्राप्त गरेको देखिएको छ (थप विवरणका लागि, तालिका ६.४.८ हेर्नुहोस्) ।

### विप्रेषण रकम प्राप्त गर्ने संभावना

| | | लागु नहुने | देश भित्रबाट मात्र छ | देश बाहिरबाट मात्र छ | देश भित्र र बाहिर दुबैबाट छ | विप्रेषण रकम अझैसम्म प्राप्त नभएको | लागु नहुने |
|---|---|---|---|---|---|---|---|
| | समग्र | ५७.४% | ११.६% | १९.६% | २.४% | ८.९% | ०.१% |
| बसोबास गर्ने ठाउँ | गाउँपालिका | ५६.६% | १२.८% | २०.१% | २.२% | ८.१% | ०.२% |
| | नगरपालिका | ५७.८% | १०.९% | १९.३% | २.५% | ९.४% | ०.१% |
| भौगोलिक क्षेत्र | हिमाल | ६४.२% | १०.९% | १९.२% | १.२% | ४.४% | - |
| | पहाड | ६०.८% | ८.५% | १९.६% | २.१% | ८.७% | ०.२% |
| | तराई | ५३.६% | १४.३% | १९.६% | २.८% | ९.६% | ०.१% |
| जाति | पहाडी जाति | ५७.५% | १०.५% | १९.५% | २.४% | ९.८% | ०.२% |
| | पहाडी आदिवासी/जनजाति | ६१.९% | ९.३% | १९.६% | १.८% | ७.४% | - |
| | पहाडी दलित | ५१.६% | ९.५% | २६.८% | २.४% | ९.२% | ०.५% |
| | मधेशी जाति (तह-१) | ५६.९% | १३.८% | १९.०% | ६.९% | ३.४% | – |
| | मधेशी जाति (तह-२) | ५३.२% | १६.३% | १९.०% | २.७% | ८.७% | – |
| | मधेशी (आदिवासी/जनजाति) | ५८.४% | १८.४% | १३.७% | १.३% | ८.२% | – |
| | मधेशी दलित | ५८.०% | १०.४% | १८.६% | ३.८% | ९.१% | – |
| | अन्य सांस्कृतिक समूह | ३७.५% | – | १२.५% | ४.२% | ४५.८% | - |
| | मुसलमान | ५२.१% | ११.०% | २१.०% | ४.५% | १०.७% | ०.६% |
| मासिक आम्दानी (नेपाली रूपैयाँमा) | १०,००० र त्यसभन्दा मुनी | ५९.४% | १८.४% | ९.६% | ४.०% | ८.३% | ०.४% |
| | १०,०००-१९,९९९ | ६६.३% | ९.०% | १४.६% | १.०% | ८.९% | ०.०% |
| | २०,०००-३९,९९९ | ५२.५% | ११.०% | २५.८% | १.७% | ८.७% | ०.२% |
| | ४०,००० र त्यसभन्दा माथि | ४७.४% | १०.७% | २७.८% | ४.०% | १०.२% | – |
| | थाहा छैन | ६८.७% | १०.३% | ९.४% | ५.२% | ६.०% | ०.४% |

*तालिका ६.४.८ : प्रश्न-G13. विगत एक वर्षमा, के तपाई वा तपाईंको परिवारका सदस्यहरूले देश बाहिरबाट वा देश भित्रबाट विप्रेषण रकम पाउनुभएको छ ? (सं.=७,०६०)*

### *विप्रेषण रकमको मुख्य उद्देश्य*

तेत्तिस प्रतिशत उत्तरदाताहरूका घरपरिवारहरूले देशभित्र, देशबाहिर वा दुबै ठाउँबाट पठाएको विप्रेषण रकम प्राप्त गरेका छन् उनीहरूलाई उक्त रकम कुन कामको लागि खर्च गर्नुहुन्छ भनेर सोधिएको थियो । यस प्रश्नमा उनीहरूलाई एक भन्दा बढी जवाफ दिनसक्ने अनुमति दिइएको थियो ।

**धेरै उत्तरदाताहरूले उनीहरूलाई प्राप्त विप्रेषण रकम उनीहरूको आधारभूत आवश्यकता पूरा गर्नको निम्ति प्रयोग गर्ने बताएका छन् ।** विप्रेषण रकम प्राप्त गर्ने उत्तरदाताहरूमध्ये, ७५.७% उत्तरदाताहरूले विप्रेषण रकमको प्रयोग दैनिक घरायसी कामको लागि, ५४.२% उत्तरदाताहरूले औषधि उपचारको लागि, ४९.०% उत्तरदाताहरूले बालबच्चाहरूको शिक्षाको लागि प्रयोग गर्ने बताएका छन् । अन्य कामहरु जस्तै ऋण तिर्न (३७.०%), घर बनाउन (१७.८%) पनि उत्तरदाताहरूले विप्रेषण रकम प्रयोग गर्ने गरेको बताएका छन् । थोरै संख्यामा उत्तरदाताहरूले जग्गा किन्न (९.६%) र बैंकमा जम्मा गर्न (७.६%) विप्रेषण रकमको प्रयोग गर्ने बताएका छन् (थप विवरणको लागि, चित्र ६.४.६ हेर्नुहोस्) ।




*चित्र ६.४.६ : प्रश्न-G14A. (यदि प्रश्न-G13 मा 'छ' भन्ने उत्तर दिएमा) तपाई वा तपाईंको परिवारका कुनै सदस्यहरूले प्राप्त गर्नुभएको विप्रेषण रकम मुख्यतः कुन कामको लागि खर्च गर्नुभएको छ ? (सं.=२,३६९)*

## ६.५ बिमामा पहुँच र जानकारी

बिमाको सन्दर्भमा, उत्तरदाताहरूलाई सुरुमा निम्न आठ विभिन्न प्रकारका बिमाहरूको बारेमा सुन्नुभएको छ, भनेर सोधिएको थियो : क) जीवन बिमा, ख) व्यक्तिगत र दुर्घटना बिमा, ग) सवारी साधन बिमा, घ) स्वास्थ्य बिमा, ङ) कृषि बाली बिमा, च) पशु बिमा छ) सम्पत्ति बिमा ज) यातायात बिमा । जसले, यी बिमाहरूको बारेमा सुनेका छन्, उनीहरूलाई उक्त बिमा गरेको वा नगरेको भन्ने बारे पनि थप प्रश्न सोधिएको थियो ।

समग्रमा सन् २०२० मा उल्लिखित आठ प्रकारका बिमाहरूको बारेमा सुन्ने उत्तरदाताहरूको प्रतिशतमा केही कमी आएको छ । सन् २०१८ मा ८९.८% उत्तरदाताहरूले कम्तिमा कुनै एक प्रकारको बिमाको बारेमा सुनेको बताएका थिए, जबकि सन् २०२० मा उल्लिखित आठ प्रकारका बिमाहरूमध्ये कुनै एक प्रकारको बिमाको बारेमा सुन्ने उत्तरदाताहरु ८८.५% रहेका छन् । गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका उत्तरदाताहरूबाहेक अन्य प्रदेशहरूमा कुनै एक प्रकारको बिमाको बारेमा सुन्ने उत्तरदाताहरूको प्रतिशत केही घटेको छ (थप विवरणका लागि, तालिका ६.५.१ हेर्नुहोस्) ।

### विमा बारेमा जानकारी, प्रदेश र वर्षअनुसार

| | वर्ष | छ | छैन |
|---|---|---|---|
| समग्र | सन् २०१८ | ८९.८% | १०.२% |
| | सन् २०२० | ८८.५% | ११.५% |
| प्रदेश १ | सन् २०१८ | ९४.९% | ५.१% |
| | सन् २०२० | ८९.६% | १०.४% |
| प्रदेश २ | सन् २०१८ | ८५.९% | १४.१% |
| | सन् २०२० | ८२.९% | १७.१% |
| बागमती प्रदेश | सन् २०१८ | ९५.३% | ४.७% |
| | सन् २०२० | ९१.८% | ८.२% |
| गण्डकी प्रदेश | सन् २०१८ | ९०.८% | ९.२% |
| | सन् २०२० | ९७.१% | २.९% |
| लुम्बिनी प्रदेश | सन् २०१८ | ८५.४% | १४.६% |
| | सन् २०२० | ९१.१% | ८.९% |
| कर्णाली प्रदेश | सन् २०१८ | ८१.८% | १८.२% |
| | सन् २०२० | ८२.७% | १७.३% |
| सुदूरपश्चिम प्रदेश | सन् २०१८ | ८८.६% | ११.४% |
| | सन् २०२० | ८३.४% | १६.६% |

*तालिका ६.५.१ : प्रश्न-G21a. तपाईंले कुनै प्रकारको विमाको बारेमा सुन्नुभएको छ ? (सं.= ७,०६०)*

**नेपालमा जीवन बिमा, स्वास्थ्य बिमा, र सवारी साधन बिमा सबैभन्दा व्यापक रूपमा चिनिन्छ ।** उत्तरदाताहरूको अत्यधिक संख्या (९६.८%) ले जीवन बिमाको बारेमा सुनेको बताएका छन्, यसैगरी ८७.४% ले स्वास्थ्य बिमा र ८२.३% ले सवारी साधन बिमाको बारेमा सुनेको बताएका छन् । उल्लिखित बिमाहरूमध्ये सबैभन्दा कम सुनिएको बिमा चाहिँ सम्पत्ति बिमा देखिएको छ ।

**केही वर्ष यता विभिन्न प्रकारका बिमाको बारेमा जानकारी राख्ने क्रम बढेको देखिएको छ ।** व्यक्तिगत र दुर्घटना बिमाको बारेमा जानकारी राख्ने उत्तरदाताहरूको संख्या सन् २०१८ मा ७१.५% थियो, भने सन् २०२० मा यो बढेर ७९.८% पुगेको छ । यसैगरी सवारी साधन बिमाबारे थाहा पाउने उत्तरदाताहरूको हिस्सा सन् २०१८ मा ७३.९% थियो, जुन बढेर सन् २०२० मा ८२.३% पुगेको छ, स्वास्थ्य बिमाको बारेमा जानकारी राख्ने उत्तरदाताहरु सन् २०१८ मा ८०.६% थिए जुन बढेर सन् २०२० मा ८७.४% पुगेका छन् र पशु बिमाबारे जानकारी राख्ने उत्तरदाताहरूको संख्या सन् २०१८ मा रहेको ६४.४% बाट बढेर सन् २०२० मा ७३.८% पुगेको छ ।

**विभिन्न प्रकारका विमा बारेको जानकारी, वर्षअनुसार**




*चित्र ६.५.१ : प्रश्न-G21b.a1-8 (यदि प्रश्न-G21a मा 'छ' भनेमा) तपाईंले तलका कुनै प्रकारको विमाको बारेमा सुन्नुभएको छ ? (सं.=६,२५२)*

जीवन बिमाबारे जानकारी भएका उत्तरदाताहरूको प्रतिशत घटेको छ । प्रदेश १ मा, सन् २०१८ मा ९७% उत्तरदाताहरूले जीवन बिमाको बारेमा जानकारी राख्ने बताएका थिए, जुन सन् २०२० मा घटेर ९४.९% पुगेको छ । त्यसैगरी प्रदेश २ मा पनि यो संख्या केही घटेको छ, यो आँकडा सन् २०१८ मा रहेको ९८.२% बाट घटेर सन् २०२० मा ९७.६% पुगेको छ (थप विवरणका लागि, तालिका ६.५.२ हेर्नुहोस्) ।

**विभिन्न प्रकारका विमाको बारेमा जानकारी, प्रदेश र वर्ष अनुसार**

| | वर्ष | विमाका प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जीवन विमा | व्यक्तिगत र दुर्घटना विमा | सवारी साधन विमा | स्वास्थ्य विमा | कृषि बाली विमा | पशु विमा | सम्पत्ति विमा | यातायात विमा |
| समग्र | २०१८ | ९७.३% | ७१.५% | ७३.९% | ८०.६% | ५८.४% | ६४.४% | ५०.२% | ५६.३% |
| | २०२० | ९६.८% | ७९.८% | ८२.३% | ८७.४% | ६६.४% | ७३.८% | ५१.८% | ५९.६% |
| प्रदेश १ | २०१८ | ९७.०% | ७७.४% | ७७.८% | ८४.७% | ६३.४% | ७०.०% | ५२.२% | ५७.४% |
| | २०२० | ९४.९% | ७९.८% | ८२.६% | ९२.१% | ६४.८% | ७३.६% | ४८.१% | ५६.१% |
| प्रदेश २ | २०१८ | ९८.२% | ७२.०% | ७८.२% | ६७.८% | ५७.२% | ५७.६% | ५५.८% | ५९.०% |
| | २०२० | ९७.६% | ७३.७% | ७८.७% | ७१.२% | ४५.२% | ५२.२% | ३०.२% | ४३.१% |
| बागमती प्रदेश | २०१८ | ९८.०% | ७३.५% | ७८.०% | ८७.५% | ५८.५% | ६१.४% | ४९.८% | ५८.०% |
| | २०२० | ९६.६% | ८१.६% | ८७.७% | ८९.८% | ७०.५% | ८१.०% | ६२.७% | ६८.३% |
| गण्डकी प्रदेश | २०१८ | ९४.३% | ७०.७% | ७३.५% | ८८.८% | ५६.४% | ७२.७% | ४९.५% | ५९.३% |
| | २०२० | ९७.६% | ७७.२% | ७९.९% | ९५.१% | ७४.९% | ८७.३% | ५०.९% | ६३.२% |
| लुम्बिनी प्रदेश | २०१८ | ९७.८% | ७४.४% | ७५.४% | ७९.१% | ६७.३% | ७०.८% | ५३.४% | ५९.९% |
| | २०२० | ९७.६% | ८४.४% | ८६.१% | ८८.९% | ८०.०% | ८३.६% | ६१.७% | ६५.६% |
| कर्णाली प्रदेश | २०१८ | ९४.२% | ४८.०% | ४३.४% | ७७.०% | ३९.४% | ४७.२% | २७.६% | ३४.५% |
| | २०२० | ९७.१% | ७३.३% | ६७.४% | ९३.७% | ६६.३% | ७४.१% | ५५.२% | ६०.९% |
| सुदूरपश्चिम प्रदेश | २०१८ | ९८.४% | ६४.३% | ६३.६% | ७९.३% | ४८.८% | ६५.५% | ४३.९% | ४८.८% |
| | २०२० | ९६.१% | ८५.४% | ८०.२% | ९२.६% | ६८.५% | ६९.६% | ५७.८% | ६४.५% |

*तालिका ६.५.२ : प्रश्न-G21b.a1-8 (यदि प्रश्न-G21a मा 'छ' भनेमा) तपाईंले तलका कुनै प्रकारको विमाको बारेमा सुन्नुभएको छ ? (सं.=६,२५२)*

कुनै एक प्रकारको बिमाबारे सुनेका उत्तरदाताहरूलाई उनीहरूले उक्त बिमा गरेका थिए वा थिएनन्, भनेर थप सोधिएको थियो । धेरैजसो नेपालीहरु कुनै पनि बिमामा सहभागी नभएता पनि, बिमाको बारेमा जानकारी राख्नेहरूको प्रतिशतमा भने केही वर्ष यता वृद्धि भएको देखिएको छ । नेपालमा सबैभन्दा बढी सवारी साधन बिमामा सहभागीता रहेको देखिएको छ, त्यसपछि जीवन बिमामा सहभागीता रहेको देखिएको छ । सन् २०२० मा २३.९% उत्तरदाताहरूले सवारी साधन बिमा गरेको बताएका छन् भने, १९.७% ले जीवन बिमा खरीद गरेको बताएका छन् ।

## विभिन्न प्रकारका विमाको जानकारी र स्वामित्व, प्रदेशअनुसार

| | | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| जीवन विमा | विमाबारे सुनेको | ९६.८% | ९४.९% | ९७.६% | ९६.६% | ९७.६% | ९७.६% | ९७.१% | ९६.१% |
| | विमाबारे गरेको | १९.७% | १६.९% | १२.९% | २२.९% | १९.९% | २१.७% | २१.८% | २६.१% |
| व्यक्तिगत र दुर्घटना विमा | विमाबारे सुनेको | ७९.८% | ७९.८% | ७३.७% | ८१.६% | ७७.२% | ८४.४% | ७३.३% | ८५.४% |
| | विमाबारे गरेको | ६.२% | ५.३% | ४.१% | ३.३% | ५.४% | १०.७% | ६.१% | ९.९% |
| सवारी साधन विमा | विमाबारे सुनेको | ८२.३% | ८२.६% | ७८.७% | ८७.७% | ७९.९% | ८६.१% | ६७.४% | ८०.२% |
| | विमाबारे गरेको | २३.९% | २२.५% | २०.५% | ३१.१% | २२.५% | २६.३% | १२.०% | १७.१% |
| स्वास्थ्य विमा | विमाबारे सुनेको | ८७.४% | ९२.१% | ७१.२% | ८९.८% | ९५.१% | ८८.९% | ९३.७% | ९२.६% |
| | विमाबारे गरेको | १५.०% | १८.४% | ४.८% | १७.४% | १८.२% | १६.६% | १८.२% | १०.९% |
| कृषि बाली विमा | विमाबारे सुनेको | ६६.४% | ६४.८% | ४५.२% | ७०.५% | ७४.९% | ८०.०% | ६६.३% | ६८.५% |
| | विमाबारे गरेको | २.०% | २.०% | २.२% | १.६% | १.६% | ३.१% | १.४% | १.०% |
| पशु विमा | विमाबारे सुनेको | ७३.८% | ७३.६% | ५२.२% | ८१.०% | ८७.३% | ८३.६% | ७४.१% | ६९.६% |
| | विमाबारे गरेको | ६.२% | ४.०% | ३.२% | ८.६% | ६.६% | ८.१% | ४.४% | ४.१% |
| सम्पत्ति विमा | विमाबारे सुनेको | ५१.८% | ४८.१% | ३०.२% | ६२.७% | ५०.९% | ६१.७% | ५५.२% | ५७.८% |
| | विमाबारे गरेको | २.७% | १.३% | ३.६% | ४.५% | १.४% | २.०% | २.७% | १.५% |
| यातायात विमा | विमाबारे सुनेको | ५९.६% | ५६.१% | ४३.१% | ६८.३% | ६३.२% | ६५.६% | ६०.९% | ६४.५% |
| | विमाबारे गरेको | ५.२% | ३.४% | ५.४% | ५.०% | ४.७% | ६.९% | ४.४% | ५.७% |

*तालिका ६.५३ : प्रश्न-G21b.a1-8 (यदि प्रश्न-G21a मा 'छ' भनेमा) तपाईले तलका कुनै प्रकारको विमाको बारेमा सुन्नुभएको छ ? प्रश्न-G21b.b1-8 (यदि प्रश्न-G21A-H मा 'छ' भनेमा) तलका कुनै प्रकारको विमा गर्नु भएको छ ? (सं.=६,२५२)*

**सन् २०२० को सर्वेक्षणमा विभिन्न प्रकारका बिमाहरूको बारेमा जानकारी र स्वामित्वमा थोरै वृद्धि भएको देखिएको छ ।** जीवन बिमा गरेका उत्तरदाताहरूको अनुपात सन् २०१८ मा रहेको १५.२% बाट बढेर सन् २०२० मा १९.७% पुगेको छ । सुदूरपश्चिम प्रदेशमा जीवन बिमा गरेका उत्तरदाताहरु सन् २०१८ मा रहेको १४.८% बाट बढेर सन् २०२० मा २६.१% पुगेका छन् । त्यसैगरी बागमती प्रदेशमा जीवन बिमा गरेकाहरूको हिस्सा सन् २०१८ मा रहेका १०.६% बाट बढेर सन् २०२० मा २२.९% पुगेको छ (थप विवरणका लागि, तालिका ६.५४ हेर्नुहोस्) ।

**विभिन्न प्रकारका विमाको स्वामित्व, प्रदेश र वर्षअनुसार**

| | वर्ष | समग्र | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| जीवन विमा | २०१८ | १५.२% | १८.२% | १६.०% | १०.६% | १४.५% | १६.२% | २१.५% | १४.८% |
| | २०२० | १९.७% | १६.९% | १२.९% | २२.९% | १९.९% | २१.७% | २१.८% | २६.१% |
| व्यक्तिगत र दुर्घटना विमा | २०१८ | ४.९% | ३.४% | ३.८% | ५.६% | ३.६% | ७.९% | ७.३% | ३.८% |
| | २०२० | ६.२% | ५.३% | ४.१% | ३.३% | ५.४% | १०.७% | ६.१% | ९.९% |
| सवारी साधन विमा | २०१८ | १७.५% | २०.४% | १६.०% | १५.९% | १३.८% | २३.५% | १३.५% | १२.०% |
| | २०२० | २३.९% | २२.५% | २०.५% | ३१.१% | २२.५% | २६.३% | १२.०% | १७.१% |
| स्वास्थ्य विमा | २०१८ | ८.१% | ७.७% | १.६% | ९.७% | १३.७% | ९.१% | ११.८% | ६.१% |
| | २०२० | १५.०% | १८.४% | ४.८% | १७.४% | १८.२% | १६.६% | १८.२% | १०.९% |
| कृषि बाली विमा | २०१८ | ०.९% | १.०% | ०.९% | ०.४% | १.९% | ०.७% | ३.७% | १.०% |
| | २०२० | २.०% | २.०% | २.२% | १.६% | १.६% | ३.१% | १.४% | १.०% |
| पशु विमा | २०१८ | ३.२% | २.१% | १.३% | ४.४% | ६.५% | ३.७% | ५.०% | १.२% |
| | २०२० | ६.२% | ४.०% | ३.२% | ८.६% | ६.६% | ८.१% | ४.४% | ४.१% |
| सम्पत्ति विमा | २०१८ | १.२% | १.२% | ०.६% | १.०% | ०.७% | २.२% | ३.२% | ०.७% |
| | २०२० | २.७% | १.३% | ३.६% | ४.५% | १.४% | २.०% | २.७% | १.५% |
| यातायात विमा | २०१८ | ३.४% | १.८% | २.९% | ६.७% | २.१% | २.९% | ५.१% | १.०% |
| | २०२० | ५.२% | ३.४% | ५.४% | ५.०% | ४.७% | ६.९% | ४.४% | ५.७% |

*तालिका ६.५४ : प्रश्न-G21b.b1-8 (यदि प्रश्न-G21b-a1-8 मा 'छ' भनेमा) तलका कुनै प्रकारको विमा गर्नु भएको छ ? (सं.=६,२५२)*

## ६.६ रोजगारी तथा आय आर्जनका अवसरहरू

**केही वर्ष यता, आफ्नो स्थानीय क्षेत्रमा रोजगारीका अवसरहरू धेरै भएको बताउने उत्तरदाताहरूको प्रतिशतमा वृद्धि भएको छ ।** पाँचमध्ये करिब तीन जना (५८.३%) उत्तरदाताहरूले अघिल्लो वर्षको तुलनामा अहिले उनीहरूको स्थानीय क्षेत्रमा रोजगार र आय आर्जनका अवसरहरूमा खासै परिवर्तन नभएको बताएका छन् भने करिब एक चौथाइ (२४.२%) उत्तरदाताहरूले अहिले पहिलेको भन्दा रोजगारीका अवसरहरु बढी भएको बताएका छन् । यद्यपि, १४.२% उत्तरदाताहरूले चाँहि उनीहरूको स्थानीय क्षेत्रमा रोजगारीका अवसरहरु घटिरहेको बताएका छन् ।




*चित्र ६.६.१ : प्रश्न-G23a र प्रश्न-G23b. एक वर्ष पहिला र अहिलेको तुलना गर्दा तपाईंको स्थानीय क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरु कस्ता रहेका छन् ? (सं=७,०६०)*

**स्थानीय क्षेत्रमा रोजगारी र आय आर्जनको सन्दर्भमा प्रदेश अनुसार उत्तरदाताहरूको धारणामा केही भिन्नताहरू रहेका छन् । सुदूरपश्चिम र कर्णाली प्रदेशका उत्तरदाताहरू उनीहरूको स्थानीय क्षेत्रमा भएको रोजगारी र आय आर्जनका अवसरहरू प्रति केही आशावादी देखिएका छन् भने गण्डकी प्रदेश र प्रदेश २ का उत्तरदाताहरू चाहिँ अलि कमै आशावादी भएको देखिएको छ ।** सुदूरपश्चिम प्रदेशका ३२.४% उत्तरदाताहरु का साथै कर्णाली प्रदेशका ३०.९% उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा रोजगारीको अवसर बढेको बताएका छन् । त्यसैगरी, कर्णाली प्रदेशका ३२.६% र सुदूरपश्चिम प्रदेशका ३१.९% उत्तरदाताले आफ्नो स्थानीय क्षेत्रमा विगत एक वर्षको तुलनामा हाल आय आर्जनका अवसरहरूमा वृद्धि भएको बताएका छन् ।

### स्थानीय क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरू, प्रदेशअनुसार




*चित्र ६.६.२ : प्रश्न-G23a र प्रश्न-G23b. एक वर्ष पहिला र अहिलेको तुलना गर्दा तपाईंको स्थानीय क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरु कस्ता रहेका छन् ? (सं.=७,०६०)*

नगरपालिकामा बसोबास गर्ने उत्तरदाताहरूले उनीहरूको स्थानीय क्षेत्रमा गत वर्षको तुलनामा यस वर्षमा रोजगारीका अवसरहरु धेरै रहेको बताएका छन्, भने गाउँपालिकामा बसोबास गरिरहेका उत्तरदाताहरूले यस्ता अवसरहरु कम भएको बताएका छन् । तराई क्षेत्रको गाउँपालिकाहरूमा बस्ने उत्तरदाताहरूको तुलनामा दुई गुणा भन्दा पनि बढी नगरपालिकाहरूमा बस्ने उत्तरदाताहरूले उनीहरूको स्थानीय क्षेत्रमा यो वर्ष रोजगारीका अवसरहरु धेरै रहेको उल्लेख गरेका छन् ।

**स्थानीय क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरू, भौगोलिक क्षेत्र र नगरपालिका/गाउँपालिका अनुसार**

| | | रोजगारीका अवसर | | आय आर्जनका अवसर | |
|---|---|---|---|---|---|
| | | गाउँपालिका | नगरपालिका | गाउँपालिका | नगरपालिका |
| समग्र | धेरै | १७.४% | २४.७% | २०.१% | २६.६% |
| | उस्तै | ५८.७% | ६०.२% | ५७.३% | ५८.९% |
| | कम | २१.५% | ११.४% | २०.३% | १०.८% |
| | थाहा छैन | २.४% | ३.७% | २.४% | ३.७% |
| हिमाल | धेरै | २५.८% | ३१.४% | २५.६% | २९.४% |
| | उस्तै | ५०.२% | ५५.०% | ५२.६% | ५८.३% |
| | कम | २२.१% | ११.८% | १९.९% | १०.५% |
| | थाहा छैन | १.९% | १.७% | १.९% | १.८% |
| पहाड | धेरै | २०.९% | २३.३% | २३.७% | २५.२% |
| | उस्तै | ५९.७% | ६१.६% | ५९.४% | ६०.६% |
| | कम | १८.०% | १०.५% | १५.४% | ९.६% |
| | थाहा छैन | १.४% | ४.६% | १.५% | ४.६% |
| तराई | धेरै | ११.७% | २५.१% | १४.९% | २७.४% |
| | उस्तै | ५९.६% | ५९.६% | ५६.२% | ५७.७% |
| | कम | २५.१% | १२.१% | २५.४% | ११.७% |
| | थाहा छैन | ३.६% | ३.२% | ३.६% | ३.२% |

*तालिका ६.६.१ : प्रश्न-G23a र प्रश्न-G23b. एक वर्ष पहिला र अहिलेको तुलना गर्दा तपाईंको स्थानीय क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरु कस्ता रहेका छन् ? (सं.= ७,०६०)*

**युवा उमेर समूहका धेरै नेपालीहरू उनीहरूको स्थानीय क्षेत्रमा रोजगारी तथा आयआर्जनका अवसरहरू बढ्ने बारेमा आशावादी रहेको देखिएको छ । व्यक्तिको शैक्षिक स्तर बढ्दै जाँदा, आफ्नो स्थानीय क्षेत्रमा रोजगार तथा आय आर्जनका अवसरहरू धेरै रहेको छ भनि उल्लेख गर्ने संभावना बढी देखिएको छ ।** सामाजिक सेवामा संलग्न उत्तरदाताहरूले उनीहरूको स्थानीय क्षेत्रमा रोजगारी र आयआर्जनका अवसरहरु बढेको भनेर बताउने संभावना धेरै रहेको छ, भने वैदेशिक रोजगारमा संलग्न व्यक्ति वा उनीहरूको परिवारका सदस्यहरूले चाहिँ उनीहरूको स्थानीय क्षेत्रमा आयआर्जनका अवसरहरु घटेको बताउने संभावना धेरै रहेको छ (थप विवरणका लागि, तालिका ६.६.२ हेर्नुहोस्) ।

**स्थानीय क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरू**

| | | रोजगारीका अवसर | | | | आय आर्जनका अवसर | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गतवर्ष जस्तै | धेरै | थोरै | थाहा छैन | गतवर्ष जस्तै | धेरै | थोरै | थाहा छैन |
| समग्र | | ५९.६% | २२.०% | १५.१% | ३.२% | ५८.३% | २४.२% | १४.२% | ३.२% |
| लिंग | महिला | ६०.६% | २१.१% | १३.६% | ४.७% | ५९.४% | २३.१% | १२.८% | ४.७% |
| | पुरूष | ५८.६% | २३.०% | १६.७% | १.७% | ५७.२% | २५.४% | १५.७% | १.७% |
| उमेर | १८-२५ | ५७.६% | २४.१% | १५.४% | २.९% | ५७.७% | २५.३% | १४.१% | २.९% |
| | २५-३५ | ६०.९% | २२.९% | १५.०% | १.१% | ५९.७% | २५.०% | १४.२% | १.१% |
| | ३५-४५ | ६२.४% | २०.३% | १४.३% | ३.०% | ५८.१% | २४.६% | १४.३% | ३.०% |
| | ४५-५५ | ५९.४% | २१.१% | १४.९% | ४.६% | ५८.८% | २२.५% | १४.०% | ४.६% |
| | ५५ वर्ष भन्दा माथि | ५७.७% | २०.९% | १५.६% | ५.७% | ५७.१% | २२.८% | १४.५% | ५.७% |
| शिक्षा | पढ्न/लेख्न नजान्ने | ५७.९% | १२.६% | १९.७% | ९.८% | ५६.८% | १३.९% | १९.५% | ९.८% |
| | अनौपचारिक शिक्षा पाएको | ६०.७% | २२.१% | १४.२% | ३.०% | ५९.६% | २४.७% | १२.७% | ३.०% |
| | आधारभूत शिक्षा | ६२.१% | २१.२% | १४.७% | २.१% | ६०.६% | २३.७% | १३.६% | २.१% |
| | माध्यमिक शिक्षा | ५८.८% | २५.३% | १४.२% | १.७% | ५७.७% | २७.३% | १३.४% | १.७% |
| | उच्च शिक्षा | ५८.७% | २९.०% | १०.६% | १.८% | ५५.०% | ३३.५% | ९.७% | १.८% |
| जाति | पहाडी जाति | ६०.६% | २४.९% | १२.६% | १.९% | ५९.७% | २७.०% | ११.४% | १.९% |
| | पहाडी आदिवासी/जनजाति | ५७.९% | २४.१% | १३.९% | ४.१% | ५७.८% | २६.१% | ११.९% | ४.१% |
| | पहाडी दलित | ६०.९% | २३.५% | १३.७% | १.९% | ६१.६% | २४.४% | १२.१% | १.९% |
| | मधेशी जाति (तह-१) | ५४.२% | १५.३% | २७.१% | ३.४% | ५४.२% | १३.६% | २८.८% | ३.४% |
| | मधेशी जाति (तह-२) | ६४.२% | १४.६% | १७.१% | ४.१% | ६०.८% | १७.८% | १७.३% | ४.१% |
| | मधेशी (आदिवासी/जनजाति) | ५२.५% | २५.३% | १८.७% | ३.५% | ५०.४% | २६.४% | १९.८% | ३.५% |
| | मधेशी दलित | ५७.१% | १२.०% | २५.६% | ५.४% | ५८.०% | १४.५% | २२.१% | ५.४% |
| | अन्य सांस्कृतिक समूह | ६६.७% | २०.८% | | १२.५% | ४५.८% | ४१.७% | | १२.५% |
| | मुसलमान | ६२.१% | १५.९% | १९.१% | २.९% | ५४.२% | १९.८% | २३.१% | २.९% |
| पेशा | कृषि | ६०.१% | २०.८% | १६.२% | २.८% | ५८.९% | २३.१% | १५.१% | २.८% |
| | सामाजिक सेवा | ५४.८% | ३३.३% | ९.५% | २.४% | ५०.०% | ३१.०% | १६.७% | २.४% |
| | मजदुर | ६३.८% | १८.४% | १६.३% | १.६% | ६३.२% | २०.०% | १५.३% | १.६% |
| | व्यापार | ६२.६% | २२.९% | १२.९% | १.५% | ६०.३% | २६.२% | १२.०% | १.५% |
| | जागिर | ५५.५% | ३२.६% | ११.४% | ०.५% | ५६.४% | ३३.१% | १०.०% | ०.५% |
| | वैदेशिक रोजगार | ६१.५% | १७.९% | २०.५% | | ६०.५% | २३.७% | १५.८% | |
| | घरायसी काम | ६१.६% | १९.५% | १२.४% | ६.४% | ५९.०% | २१.३% | १३.२% | ६.४% |
| | विद्यार्थी | ४९.२% | ३१.५% | १६.२% | ३.१% | ४९.४% | ३३.७% | १३.८% | ३.१% |
| | बेरोजगार | ५२.९% | २३.९% | २१.३% | १.९% | ४८.४% | २७.१% | २२.६% | १.९% |
| | जागिरबाट अवकाश | ५५.२% | १८.३% | १६.८% | ९.७% | ५५.४% | २०.७% | १४.३% | ९.६% |
| आम्दानी (नेपाली रूपैयाँमा) | ६०,००० र त्यसभन्दा मुनी | ६०.२% | १८.९% | १७.४% | ३.६% | ६०.९% | १९.८% | १५.७% | ३.६% |
| | ६०,००१-१२०,००० | ६१.९% | २२.४% | १५.०% | ०.७% | ६२.१% | २४.१% | १३.२% | ०.७% |
| | १२०,००१-२००,००० | ५९.८% | २३.९% | १५.४% | ०.९% | ५६.४% | २७.७% | १५.१% | ०.९% |
| | २००,००१ र त्यसभन्दा माथि | ५७.२% | २५.५% | १४.३% | ३.०% | ५३.६% | ३०.१% | १३.३% | ३.०% |
| | आश्रित | ५९.३% | २१.०% | १३.९% | ५.८% | ५८.३% | २१.९% | १३.९% | ५.८% |

*तालिका ६.६.२ : प्रश्न-G23a र प्रश्न-G23b. एक वर्ष पहिला र अहिलेको तुलना गर्दा तपाईंको स्थानीय क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरू कस्ता रहेका छन् ? (सं.=७,०६०)*

## ६.७ सूचनाका स्रोतहरू

### *राष्ट्रिय घटनाहरूको सूचना*

उत्तरदाताहरूलाई सामान्यतया उनीहरूले देशमा वा उनीहरूको स्थानीय क्षेत्रमा के भइरहेको छ भन्ने जानकारी कहाँबाट पाउनुहुन्छ भनेर सोधिएको थियो । यस प्रश्नमा उत्तरदाताहरूले एक भन्दा बढी जवाफ दिन सक्थे ।

**धेरै नेपालीहरूले, आफ्नो साथीहरू, परिवारका सदस्य र छरछिमेक; टेलिभिजन र सामुदायिक रेडियोबाट राष्ट्रिय घटनाहरूको सूचना पाउने बताएका छन् ।** आधाभन्दा धेरै (५७.५%) उत्तरदाताहरूले राष्ट्रिय घटनाको सूचना साथीहरु, परिवार र छरछिमेकहरूबाट पाउने बताएका छन् । ५२.७% उत्तरदाताहरूले सूचनाको स्रोतको रूपमा टेलिभिजनलाई उल्लेख गरेका छन् भने त्यसपछि सामुदायिक रेडियोलाई ४४.१% ले र रेडियो नेपाललाई ३०.०% उत्तरदाताहरूले आफ्नो सूचनाको प्रमुख स्रोतको रूपमा लिएका छन् (थप विवरणका लागि, चित्र ६.७.१ हेर्नुहोस्) ।

प्रदेश १ र लुम्बिनी प्रदेशमा, राष्ट्रिय घटनाक्रमबारे सूचनाको मुख्य स्रोतको रूपमा साथीहरु, परिवार र छरछिमेकी; टेलिभिजन र सामुदायिक रेडियोलाई लिएका छन् भने गण्डकी प्रदेश र बागमती प्रदेशमा चाहिँ सबैभन्दा पहिले टेलिभिजन; त्यसपछि साथीहरु, परिवार र छरछिमेकी तथा सामुदायिक रेडियो रहेको उत्तरदाताहरूले बताएका छन् । त्यसैगरी, सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा भने सामुदायिक रेडियो; साथीहरु, परिवार र छरछिमेकी र स्थानीय समुदायका अगुवाहरु राष्ट्रिय घटनाक्रमका सूचनाको मुख्य स्रोतको रूपमा रहेको उत्तरदाताहरूले बताएका छन् ।

**टेलिभिजन राष्ट्रव्यापी रूपमा धेरै उल्लेख गरिएको सूचनाको स्रोत भएता पनि, कर्णाली प्रदेशका २५.५% र सुदूरपश्चिम प्रदेशका ३०.०% उत्तरदाताहरूले मात्र यसलाई राष्ट्रिय घटनाहरूको जानकारीको लागि प्राथमिक स्रोतको रूपमा लिएका छन् ।** अर्कोतर्फ, कर्णाली प्रदेशका उत्तरदाताहरूमध्ये ५०.८% ले साथीहरु, परिवार र छरछिमेकीलाई, त्यसपछि ४६.५% ले सामुदायिक रेडियोहरूलाई सूचनाको मुख्य स्रोत भनेर उल्लेख गरेका छन्, भने सुदूरपश्चिम प्रदेशका ६७.० % ले सामुदायिक रेडियोलाई, त्यसपछि ६४.९% ले साथीहरु, परिवार र छरछिमेकीलाई सूचनाको मुख्य स्रोतको रूपमा लिएका छन् । प्रदेश १ का ५९.२%, प्रदेश २ का ६६.७% र लुम्बिनी प्रदेशका ६०.८% उत्तरदाताहरूले साथीहरु, परिवार र छरछिमेकीलाई; त्यसपछि टेलिभिजनलाई उनीहरूको सूचनाको मुख्य स्रोतको रूपमा लिएका छन् । यस्तै गण्डकी प्रदेशका ७१.८% र बागमती प्रदेशका ६८.२% उत्तरदाताहरूले टेलिभिजनलाई राष्ट्रिय घटनाहरूको जानकारीका लागि सबैभन्दा बढी रूचाइएको सूचनाको स्रोतको रूपमा लिएका छन् ।

**देशमा घटेका राष्ट्रिय घटनाका सूचनाको मुख्य स्रोत, प्रदेशअनुसार**




*चित्र ६.७.१ : प्रश्न-H4. सामान्यतया तपाईंले देशमा के भइरहेको छ भन्ने बारेको जानकारी कहाँबाट पाउनु हुन्छ ? (सं.= ७,०६०)*

**उच्च शिक्षा हासिल गरेका उत्तरदाताहरूले टेलिभिजनलाई आफ्नो सूचनाको मुख्य स्रोतको रूपमा लिएका छन्, त्यसपछि उनीहरूले सामाजिक सञ्जाल, सामुदायिक रेडियो, साथीहरू, परिवार र छरछिमेकीहरूलाई लिएका छन् ।** यसको विपरित, अशिक्षित वा औपचारिक शिक्षा हासिल नगरेकाहरूले आफ्नो साथी, परिवार र छरछिमेकीलाई सूचनाको मुख्य स्रोतको रूपमा उल्लेख गर्ने संभावना बढी रहेको छ । त्यसैगरी, उच्च आय भएका उत्तरदाताहरूले टेलिभिजनलाई सूचनाको मुख्य स्रोतको रूपमा उल्लेख गर्ने संभावना बढी रहेको छ भने निम्न आय भएका उत्तरदाताहरूले साथी, परिवार र छरछिमेकीलाई सूचनाको मुख्य स्रोतको रूपमा उल्लेख गर्ने संभावना रहेको देखिएको छ । युवा उमेरका उत्तरदाताहरूले भने सामाजिक सञ्जाल र इन्टरनेटबाट सूचना पाउन सक्ने बढी संभावना रहेको देखिएको छ (थप विवरणका लागि तालिका ६.७.१ हेर्नुहोस्) ।

**देशमा घटेका राष्ट्रिय घटनाहरूका सूचनाको मुख्य स्रोत: जाति, शिक्षा, उमेर र आम्दानीअनुसार**

| | | टेलिभिजन बाट | साथीहरु, परिवार र छिमेकीबाट | स्थानीय रेडियो नेटवर्क स्टेशनबाट | रेडियो नेपालबाट | सामाजिक संजाल (फेसबुक, ट्वीटर) बाट | समुदायमा आधारित समूहहरु | पत्र पत्रिका बाट | इन्टरनेट बाट |
|---|---|---|---|---|---|---|---|---|---|
| जाति | पहाडी जाति | ६०.०% | ४८.४% | ५०.५% | ३०.४% | ३१.१% | २०.१% | १८.४% | १५.६% |
| | पहाडी आदिवासी/जनजाति | ५७.१% | ५३.४% | ४७.२% | २५.३% | २८.५% | २०.०% | १३.३% | १४.२% |
| | पहाडी दलित | ३८.९% | ६०.१% | ५१.५% | २८.०% | १८.६% | २५.५% | ११.३% | १०.३% |
| | मधेशी जाति (तह-१) | ७७.१% | ६९.०% | ३८.७% | ५१.७% | २४.७% | ४९.३% | २७.०% | १४.८% |
| | मधेशी जाति (तह-२) | ४१.५% | ७१.५% | ३१.५% | ३४.५% | १७.१% | २९.९% | १२.९% | ९.९% |
| | मधेशी (आदिवासी/ जनजाति) | ४७.६% | ६६.३% | ४२.०% | ३२.८% | २२.१% | ३३.९% | १३.६% | १४.२% |
| | मधेशी दलित | ३९.८% | ७१.९% | ३०.१% | ३४.०% | १०.९% | २७.०% | ७.२% | ३.५% |
| | अन्य सांस्कृतिक समूह | ३६.९% | ३४.१% | २८.९% | २५.२% | ११.३% | ३५.५% | ०.०% | ०.०% |
| | मुसलमान | ५४.०% | ६७.३% | २६.६% | ३३.५% | २०.६% | २७.७% | १४.५% | ७.६% |
| शिक्षा | पढ्न/लेख्न नजान्ने | २८.९% | ७४.६% | २९.४% | २०.६% | २.१% | २६.३% | १.७% | १.१% |
| | अनौपचारिक शिक्षा पाएको | ४५.०% | ६३.९% | ४४.६% | २५.१% | ३.८% | ३२.९% | ५.५% | १.९% |
| | आधारभूत शिक्षा | ४९.०% | ६१.९% | ४५.५% | ३०.४% | १६.०% | २५.७% | ८.०% | ६.२% |
| | माध्यमिक शिक्षा | ६३.३% | ४८.९% | ४७.४% | ३४.२% | ३९.४% | २०.३% | २२.५% | २०.८% |
| | उच्च शिक्षा | ७३.६% | ४०.७% | ५६.१% | ३२.२% | ६४.७% | २२.९% | ३८.८% | ३८.८% |
| उमेर | १८-२५ | ५२.२% | ५३.९% | ४५.६% | ३२.६% | ४०.५% | १९.९% | १५.२% | १९.१% |
| | २५-३५ | ५४.२% | ५७.३% | ४५.९% | ३०.५% | ३१.३% | २५.७% | १५.५% | १६.१% |
| | ३५-४५ | ५३.७% | ५७.२% | ४२.१% | २९.३% | २५.४% | २३.४% | १५.७% | १२.५% |
| | ४५-५५ | ५२.४% | ६०.३% | ४३.०% | २७.२% | १३.८% | २५.७% | १४.२% | ८.३% |
| | ५५ वर्ष भन्दा माथि | ५०.७% | ६०.१% | ४२.७% | २९.४% | ७.२% | २५.६% | ११.६% | ५.१% |
| आम्दानी समूह (नेपाली रूपैयाँमा) | ६०,००० र त्यसभन्दा मुनी | ३६.४% | ६६.७% | ४४.५% | २७.५% | १२.८% | ३४.४% | ४.६% | ४.३% |
| | ६०,००१-१२०,००० | ४५.५% | ६२.१% | ५०.९% | ३३.२% | १७.९% | २६.४% | ११.२% | ९.३% |
| | १२०,००१-२००,००० | ५५.३% | ५४.५% | ५२.१% | ३२.०% | २६.५% | २६.१% | १५.५% | १४.०% |
| | २००,००१ र त्यसभन्दा माथि | ७३.३% | ४३.६% | ४५.३% | ३३.३% | ३८.७% | १८.३% | २८.४% | २०.७% |
| | आश्रित | ५४.४% | ५८.३% | ३४.९% | २७.०% | २८.९% | १७.७% | १४.६% | १५.६% |

*तालिका ६.७१ : प्रश्न-H4. सामान्यतया तपाईंले देशमा के भइरहेको छ भन्ने बारेको जानकारी कहाँबाट पाउनु हुन्छ ? (सं.=७,०६०)*

## स्थानीय सरकारका गतिविधिबारे जानकारी दिने सूचनाका स्रोतहरू

सर्वेक्षणमा सहभागी उत्तरदाताहरूलाई उनीहरूले स्थानीय सरकारका योजनाहरु, कार्यक्रमहरु र बजेटको बारेमा कसरी जानकारी पाउनुहुन्छ, भनेर प्रश्न सोधिएको थियो । यस प्रश्नमा उनीहरूले एक भन्दा बढी जवाफ दिन सक्थे । **पाँचमा झण्डै तीनजना नेपालीहरूले साथीहरू, परिवार र छरछिमेकीहरूलाई स्थानीय सरकारका योजनाहरू, कार्यक्रमहरू, र बजेटहरूका बारेमा जानकारी दिने प्रमुख स्रोत भनेर औँल्याएका छन्** । ५९.९% उत्तरदाताहरुले साथी, परिवार र छरछिमेकीहरूले उनीहरूलाई स्थानीय सरकारका गतिविधिको बारेमा जानकारी प्रदान गर्ने गरेको बताएका छन्, त्यसैगरी ३२.५% उत्तरदाताहरूले सामुदायिक रेडियोले, २९.४% ले टेलिभिजनले, २८.४% ले स्थानीय समुदायका अगुवाहरूले र १४.४% उत्तरदाताहरूले सामाजिक सञ्जालले उनीहरूलाई स्थानीय सरकारका गतिविधिको बारेमा जानकारी प्रदान गर्ने गरेको बताएका छन् ।

**प्रदेश १ र सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूले साथीहरू, परिवार र छरछिमेकी, त्यसपछि सामुदायिक रेडियोलाई स्थानीय सरकारका गतिविधिबारे जानकारी दिने मुख्य स्रोतको रूपमा लिएका छन् ।** गण्डकी प्रदेशका आधाभन्दा धेरै (५१.१%) उत्तरदाताहरूका साथै लुम्बिनी प्रदेशका (३६.१%) र प्रदेश २ का (३२.७%) अर्थात् लगभग एक तिहाइ उत्तरदाताहरूले टेलिभिजनलाई स्थानीय सरकारका गतिविधि थाहा पाउने सूचनाको मुख्य स्रोतको रूपमा लिएका छन् । स्थानीय समुदायका अगुवाहरु पनि स्थानीय सरकारको गतिविधिबारे जानकारी दिने मुख्य स्रोतको रूपमा रहेको उत्तरदाताहरूले बताएका छन् ।

**स्थानीय सरकारका गतिविधिहरूको जानकारी दिने सूचनाका स्रोतहरू, प्रदेशअनुसार**




*तालिका ६.७२ : प्रश्न-H5. सामान्यतया तपाईं स्थानीय सरकारका योजनाहरु, कार्यक्रमहरु र बजेटको बारे जानकारी कसरी प्राप्त गर्नुहुन्छ ? (सं. = ७,०६०)*

**केही वर्ष यता, सामुदायिक रेडियो, रेडियो नेपाल र स्थानीय समुदायका अगुवाबाट स्थानीय सरकारको गतिविधिबारे जानकारी पाउने उत्तरदाताहरूको प्रतिशतमा उल्लेख्य रूपमा वृद्धि भएको छ, भने साथीहरू, परिवार र छरछिमेकीबाट सूचना पाउने उत्तरदाताको प्रतिशत भने केही घटेको छ ।** सन् २०१८ मा ६७.३% उत्तरदाताले साथीहरु, परिवार र छरछिमेकीबाट स्थानीय सरकारको गतिविधिबारे सूचना पाउने बताएका थिए भने सन् २०२० मा उत्तरदाताहरूको त्यो हिस्सा घटेर ५९.९% मा पुगेको छ । करिब एक चौथाइ उत्तरदाताहरु (२५.५%) ले सन् २०१८ मा स्थानीय सरकारका गतिविधि जान्नलाई सामुदायिक रेडियोमा भर पर्ने बताएका थिए, भने सन् २०२० मा उत्तरदाताहरूको यो हिस्सा बढेर ३२.५% पुगेको छ । त्यसैगरी, २३.१% उत्तरदाताहरूले सन् २०१८ मा स्थानीय सरकारका गतिविधि स्थानीय समुदायका अगुवाबाट थाहा पाउने बताएका थिए, त्यही कुरालाई २८.४% उत्तरदाताले सन् २०२० मा उल्लेख गरेका छन् (थप विवरणका लागि, चित्र ६.७.३ हेर्नुहोस्) ।

**स्थानीय सरकारका योजना, कार्यक्रम र बजेटबारे जानकारी दिने सूचनाका स्रोतहरू, वर्षअनुसार**




*चित्र ६.७३ : प्रश्न-H5. सामान्यतया तपाईं स्थानीय सरकारका योजनाहरु, कार्यक्रमहरु र बजेटको बारे जानकारी कसरी प्राप्त गर्नुहुन्छ ? (सं=७,०६०)*

सामाजिक, आर्थिक तथा जनसांख्यिकी समूहहरूमा भिन्नताको बावजुद उत्तरदाताहरूले साथीहरु, परिवार र छरछिमेकी त्यसपछि सामुदायिक रेडियो, टेलिभिजन र स्थानीय समुदायका अगुवाहरूलाई नै स्थानीय सरकारको गतिविधिबारे जानकारी दिने मुख्य सूचनादाता भएको बताएका छन् । पाका उमेर समूहका उत्तरदाताहरु (४.४%) को तुलनामा युवा उमेर समूहका धेरै (२६.०%) उत्तरदाताले सामाजिक सञ्जालको प्रयोग गरी सूचना प्राप्त गर्ने बताएका छन् । त्यसैगरी, शैक्षिक स्तर न्यून भएका उत्तरदाताहरूको तुलनामा उच्च शैक्षिक स्तर भएका उत्तरदाताहरु (३५.८%) ले स्थानीय सरकारका गतिविधिहरूबारे सूचना पाउन सामाजिक सञ्जालको प्रयोग गर्ने बताएका छन् । आय आर्जन उच्च भएका उत्तरदाताहरु (२१.२%) र मधेशी जाति (तह-१) का (२१.६%) उत्तरदाताहरूले पनि स्थानीय सरकारका गतिविधि बुझ्नलाई सामाजिक सञ्जाल प्रयोग गर्ने बताएका छन् ।

**स्थानीय सरकारका योजना, कार्यक्रम र बजेटबारे जानकारी दिने सूचनाका स्रोतहरु**

| | | साथीहरु, परिवार र छिमेकीबाट | स्थानीय रेडियो नेटवर्क स्टेशनबाट | टेलिभिजन बाट | स्थानीय समुदायका अगुवाहरुबाट | रेडियो नेपालबाट | सामाजिक संजाल (फेसबुक, ट्वीटर) बाट | बजार बाट | राजनीतिक दलहरुबाट |
|---|---|---|---|---|---|---|---|---|---|
| समग्र | समग्र | ५९.९% | ३२.५% | २९.४% | २८.४% | १९.१% | १४.४% | १३.६% | १३.१% |
| उमेर | १८-२५ | ५९.१% | ३३.९% | ३१.५% | २६.६% | २२.४% | २६.०% | १४.४% | ११.३% |
| | २५-३५ | ५९.४% | ३३.८% | २९.८% | २८.३% | १९.५% | १६.१% | १२.५% | १४.०% |
| | ३५-४५ | ६०.५% | २९.२% | २९.१% | २९.०% | १८.६% | १२.३% | १२.६% | १३.९% |
| | ४५-५५ | ६०.८% | ३१.७% | २८.४% | २९.९% | १६.३% | ९.४% | १४.७% | १३.८% |
| | ५५ वर्ष भन्दा माथि | ६०.२% | ३२.९% | २७.३% | २९.०% | १७.१% | ४.४% | १४.१% | १२.३% |
| शिक्षा | पढ्न/लेख्न नजान्ने | ६६.७% | २१.९% | १८.५% | २५.८% | १४.१% | १.६% | १५.२% | ११.१% |
| | अनौपचारिक शिक्षा पाएको | ६४.६% | ३२.९% | २६.२% | ३३.७% | १५.३% | २.४% | १४.६% | १०.७% |
| | आधारभूत शिक्षा | ६१.०% | ३४.७% | २७.३% | २९.७% | २१.३% | ९.८% | १२.८% | १३.५% |
| | माध्यमिक शिक्षा | ५६.७% | ३४.२% | ३४.४% | २७.५% | २०.२% | २२.२% | १३.५% | १३.७% |
| | उच्च शिक्षा | ५१.२% | ४०.६% | ३८.६% | २८.७% | २१.१% | ३५.८% | ११.१% | १६.६% |
| जाति | पहाडी जाति | ५३.६% | ३६.६% | ३०.७% | २७.७% | १७.७% | १७.४% | १०.७% | ११.५% |
| | पहाडी आदिवासी/ जनजाति | ५७.७% | ३३.७% | २७.२% | २४.९% | १२.६% | १५.०% | १२.२% | ११.७% |
| | पहाडी दलित | ६१.१% | ३६.९% | २२.१% | ३४.४% | १५.७% | १०.५% | ८.९% | ११.३% |
| | मधेशी जाति (तह-१) | ६१.८% | ४७.४% | ५५.२% | ४२.३% | ३२.८% | २१.६% | २६.५% | १४.६% |
| | मधेशी जाति (तह-२) | ६८.१% | २३.६% | २९.७% | २८.५% | २८.३% | ११.६% | २०.४% | १९.०% |
| | मधेशी (आदिवासी/ जनजाति) | ६६.४% | ३१.२% | ३४.६% | ३७.५% | २३.७% | ११.८% | १४.१% | १२.६% |
| | मधेशी दलित | ६५.४% | २८.२% | ३३.४% | २७.३% | ३३.२% | ७.५% | १६.३% | १७.६% |
| | अन्य सांस्कृतिक समूह | ६५.६% | २८.९% | ४०.५% | ३५.५% | १९.४% | ०.०% | १४.४% | २६.४% |
| | मुसलमान | ७२.३% | १९.९% | २६.७% | २६.८% | २०.८% | १७.३% | २३.४% | ११.७% |
| आम्दानी समूह (नेपाली रूपैयाँमा) | ६०,००० र त्यसभन्दा मुनी | ६५.५% | २९.३% | १९.७% | ३५.०% | १६.८% | ६.६% | ११.६% | १६.९% |
| | ६०,००१-१२०,००० | ६२.७% | ३८.०% | २८.१% | ३१.०% | २२.८% | ११.९% | १२.९% | १५.३% |
| | १२०,००१-२००,००० | ६०.६% | ३८.६% | ३३.४% | ३३.६% | २१.७% | १५.०% | १२.९% | १४.९% |
| | २००,००१ र त्यसभन्दा माथि | ५२.२% | ३५.७% | ३८.४% | २६.८% | १९.८% | २१.२% | १६.६% | १२.२% |
| | आश्रित | ५८.७% | २६.३% | २९.१% | २०.७% | १६.६% | १६.८% | १३.९% | ८.८% |

*तालिका ६.७२: प्रश्न-H5. सामान्यतया तपाइँ स्थानीय सरकारका योजनाहरु, कार्यक्रमहरु र बजेटको बारे जानकारी कसरी प्राप्त गर्नुहुन्छ ? (सं=७,०६०)*

## स्थानीय सरकारका गतिविधिबारे जानकारी पाउने सजिलो र प्रभावकारी माध्यम

स्थानीय सरकारका योजना, कार्यक्रम र बजेटबारे जानकारी पाउने सजिलो र प्रभावकारी माध्यम के होला जस्तो लाग्छ भनेर उत्तरदाताहरूलाई सोधिएको थियो ।

**स्थानीय सरकारका सूचना प्रसार गर्ने सबैभन्दा प्रभावकारी माध्यमको रूपमा ५५.१% नेपालीहरूले साथीहरू, परिवार र छरछिमेकीलाई लिएका छन् र उनीहरू मार्फत सूचना प्रसार गरेमा जानकारी पाउन सजिलो हुने बताइएको छ ।** यसका साथै ४४.९% नेपालीहरुले सामुदायिक रेडियोलाई र ४१.३% ले टेलिभिजनलाई स्थानीय सरकारका सूचना प्रसार गर्ने प्रभावकारी माध्यमको रूपमा हेरेका छन् । कम उल्लेख गरिएका अन्य माध्यमहरुमा स्थानीय समुदायका अगुवाहरु (३२.२%), रेडियो नेपाल (२६.५%), सामाजिक सञ्जाल (फेसबुक तथा ट्वीटर) (२०.४%), स्थानीय पत्रपत्रिका (१७.२%) र समुदायमा आधारित संघ संस्थाहरु (१६.०%) रहेका छन् ।

**स्थानीय सरकारका गतिविधिबारे जानकारी पाउने सजिलो र प्रभावकारी माध्यम**




*चित्र ६.७४ : प्रश्न-H5A. तपाईंलाई स्थानीय सरकारका योजनाहरु, कार्यक्रमहरु र बजेटको बारेमा के गरियो भने राम्रो र सजिलोसँग तिनको बारेमा जानकारी पाउन सक्नुहुन्छ ? (सं.= ७,०६०)*

**स्थानीय सरकारका गतिविधिहरूको प्रभावकारी प्रसारको लागि दिइएका सुझावहरू प्रदेश, भौगोलिक क्षेत्र, गाउँपालिका तथा नगरपालिका र जनसांख्यिकी मानक अनुसार फरक फरक रहेका छन् ।** लुम्बिनी प्रदेशका सबैभन्दा धेरै उत्तरदाताहरु (६५.१%), त्यसपछि प्रदेश २ का (६१.४%) र बागमती प्रदेशका (५२.४%) उत्तरदाताहरुले स्थानीय सरकारका गतिविधिहरुबारे सजिलोसँग जानकारी पाउने माध्यमको रूपमा साथीहरु, परिवार र छरछिमेकी हुनसक्ने बताएका छन् । त्यसैगरी, स्थानीय सरकारका गतिविधिहरुबारे सजिलोसँग जानकारी पाउने प्रभावकारी माध्यमको रूपमा स्थानीय रेडियोलाई लिन सकिने भनेर बताउने उत्तरदाताहरु सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा (६६.१%) रहेका छन्, त्यसपछि प्रदेश १ मा (५२.५%) र कर्णाली प्रदेशमा (४८.०%) रहेका छन् । गण्डकी प्रदेशबाट उल्लेख्य संख्यामा उत्तरदाताहरु (६७.८%) ले स्थानीय सरकारको गतिविधिहरू थाहा पाउने सजिलो र प्रभावकारी माध्यमको रूपमा टेलिभिजनलाई लिन सकिने बताएका छन् । अरू प्रदेशहरूको तुलनामा लुम्बिनी प्रदेशका (४७.२%) र बागमती प्रदेशका (४७.०%) उत्तरदाताहरूले

टेलिभिजनलाई स्थानीय सरकारको गतिविधिहरू थाहा पाउने सजिलो र प्रभावकारी माध्यमको रूपमा बढी नै मनपराएका छन् । स्थानीय समुदायका अगुवाहरूलाई स्थानीय सरकारका गतिविधिहरूको जानकारी दिनसक्ने उत्तम विकल्प भनेर बताउने उत्तरदाताहरूको संख्या सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा (४२.५%) रहेको छ, त्यसपछि लुम्बिनी प्रदेशमा (३८.२%) र कर्णाली प्रदेशमा (३४.७%) रहेको छ ।

**स्थानीय सरकारका गतिविधिबारे जानकारी पाउने सजिलो र प्रभावकारी माध्यम, प्रदेशअनुसार**




*चित्र ६.७५ : प्रश्न-H5A. तपाईंलाई स्थानीय सरकारका योजनाहरु, कार्यक्रमहरु र बजेटको बारेमा के गरियो भने राम्रो र सजिलोसँग तिनको बारेमा जानकारी पाउन सक्नुहुन्छ ? (सं.= ७,०६०)*

गाउँपालिकाका (३२.५%) उत्तरदाताहरूको तुलनामा नगरपालिकाका धेरै उत्तरदाताहरू (४६.४%) ले स्थानीय सरकारका गतिविधिहरू थाहा पाउन टेलिभिजनलाई प्राथमिकता दिने बताएका छन् । टेलिभिजनलाई स्थानीय सरकारका गतिविधिहरु थाहा पाउनका लागि प्राथमिकता दिने उत्तरदाताहरु हिमाली क्षेत्र (२३.८%) को तुलनामा पहाडी (४२.४%) र तराई (४३.० %) क्षेत्रमा बढी देखिएका छन् । त्यसैगरी मधेशी दलितहरु (३४.८%) भन्दा धेरै मधेशी जाति (तह- १) का उत्तरदाताहरु (५०.६%) ले स्थानीय सरकार सम्बन्धी सूचना पाउनको लागि टेलिभिजनलाई प्राथमिकता दिएका छन् ।

**शैक्षिक स्तर उच्च भएका उत्तरदाताहरूले स्थानीय सरकारका गतिविधिहरु सम्बन्धी सूचना थाहा पाउनको लागि टेलिभिजन, पत्रपत्रिका, इन्टरनेट र सामाजिक सञ्जाललाई प्राथमिक माध्यमको रूपमा उल्लेख गर्ने बढी संभावना देखिएको छ ।** यसको विपरित, शैक्षिक स्तर न्यून भएका उत्तरदाताहरूले साथी, परिवार र छरछिमेकीहरु उपयुक्त माध्यम हुनसक्ने भनी उल्लेख गर्ने संभावना बढी देखिएको छ । यस्तै संभावना उत्तरदाताहरूको आम्दानीको तहमा पनि देखिन्छ । शैक्षिक स्तर उच्च भएका र उच्च आम्दानी भएका उत्तरदाताहरूले टेलिभिजन, पत्रपत्रिका, इन्टरनेट र सामाजिक सञ्जाललाई स्थानीय सरकारका गतिविधिहरू जान्नलाई उपयुक्त माध्यम हुनसक्ने भनेर बताएका छन् । पाका उमेरका उत्तरदाताहरूको तुलनामा युवा उमेरका बढी उत्तरदाताहरूले सामाजिक सञ्जाल र इन्टरनेटलाई स्थानीय सरकारका गतिविधिहरू थाहा पाउन उपयुक्त हुनसक्ने भनी आफ्नो विचार व्यक्त गरेका छन् (थप विवरणका लागि, तालिका ६.७३ हेर्नुहोस्) ।

**स्थानीय सरकारका गतिविधिबारे जानकारी पाउने सजिलो र प्रभावकारी माध्यम, उमेर, आम्दानी र शिक्षाअनुसार**

| | | साथीहरु, परिवार र छिमेकीबाट | स्थानीय रेडियो नेटवर्क स्टेशनबाट प्रचारप्रसार गरेमा | टेलिभिजन बाट प्रचारप्रसार गरेमा | स्थानीय समुदायका अगुवाहरुबाट | रेडियो नेपालबाट प्रचारप्रसार गरेमा | सामाजिक सञ्जालबाट (फेसबुक, ट्वीटर) | स्थानीय पत्र पत्रिकाहरु बाट | समुदायमा आधारित समूहहरुबाट (आमा समूह, बचत तथा ऋण समूह आदि) |
|---|---|---|---|---|---|---|---|---|---|
| समग्र | | ५५.१% | ४४.९% | ४१.४% | ३२.२% | २६.५% | २०.४% | १७.२% | १६.०% |
| बसोबास गर्ने ठाउँ | गाउँपालिका | ६०.७% | ४८.२% | ३२.५% | ३७.१% | २३.२% | १७.१% | १२.३% | १८.९% |
| | नगरपालिका | ५१.९% | ४२.९% | ४६.४% | २९.४% | २८.३% | २२.२% | २०.०% | १४.४% |
| भौगोलिक क्षेत्र | हिमाल | ५१.५% | ७३.०% | २३.८% | ३४.४% | १९.०% | १८.५% | ७.७% | १३.५% |
| | पहाड | ४७.५% | ४७.५% | ४२.४% | २६.३% | २४.३% | २३.०% | १५.३% | १४.३% |
| | तराई | ६२.१% | ३८.७% | ४३.०% | ३६.८% | २९.३% | १८.४% | २०.२% | १७.९% |
| लिंग | महिला | ५६.५% | ४१.४% | ३९.७% | २९.८% | २४.५% | १८.३% | १३.२% | २०.८% |
| | पुरूष | ५३.५% | ४८.५% | ४३.१% | ३४.७% | २८.६% | २२.६% | २१.४% | ११.०% |
| उमेर | १८-२५ | ४९.९% | ४५.३% | ४१.२% | २९.६% | २७.३% | ३२.५% | १९.९% | १३.६% |
| | २५-३५ | ५२.८% | ४६.९% | ४०.७% | ३१.०% | २६.७% | २६.५% | १७.६% | १७.३% |
| | ३५-४५ | ५७.३% | ४१.४% | ४२.४% | ३१.७% | २६.३% | १९.१% | १८.६% | १७.८% |
| | ४५-५५ | ५७.७% | ४३.४% | ४१.१% | ३५.१% | २५.१% | ११.७% | १६.२% | १६.६% |
| | ५५ वर्ष भन्दा माथि | ६०.०% | ४६.३% | ४१.७% | ३४.८% | २६.३% | ५.८% | १२.९% | १५.०% |
| शिक्षा | पढ्न/लेख्न नजान्ने | ६७.७% | ३५.६% | २७.१% | ३३.१% | १९.२% | १.५% | ३.५% | १७.९% |
| | अनौपचारिक शिक्षा पाएको | ६१.९% | ४२.३% | ३६.९% | ४१.७% | २२.३% | ४.४% | ४.९% | २३.९% |
| | आधारभूत शिक्षा | ५७.७% | ४६.७% | ३९.६% | ३३.४% | २७.९% | १३.२% | १३.५% | १६.९% |
| | माध्यमिक शिक्षा | ४८.९% | ४६.६% | ४७.६% | २९.८% | २८.५% | ३१.८% | २५.०% | १३.५% |
| | उच्च शिक्षा | ४०.९% | ५६.२% | ५२.४% | २५.०% | ३३.४% | ५०.९% | ३७.५% | १२.३% |
| जाति | पहाडी जाति | ४६.६% | ५०.९% | ४६.०% | २७.७% | २७.५% | २५.८% | १९.१% | १४.६% |
| | पहाडी आदिवासी/ जनजाति | ५३.२% | ४६.४% | ४३.१% | २९.२% | २१.८% | २२.३% | १६.१% | १५.९% |
| | पहाडी दलित | ५६.०% | ५३.०% | ३२.२% | ३६.५% | २४.६% | १५.२% | ११.७% | १५.७% |
| | मधेशी जाति (तह-१) | ६३.२% | ४८.३% | ५०.६% | ५७.४% | २५.३% | ३२.९% | ३३.९% | २९.५% |
| | मधेशी जाति (तह-२) | ६४.४% | ३४.३% | ३५.२% | ३७.३% | ३०.८% | १४.३% | १६.१% | १४.९% |
| | मधेशी (आदिवासी/ जनजाति) | ६१.४% | ४०.६% | ४२.२% | ४१.२% | २९.४% | १८.२% | २१.६% | २१.९% |
| | मधेशी दलित | ६८.०% | २९.५% | ३४.८% | ३४.८% | ३२.२% | ६.९% | ११.६% | १५.१% |
| | अन्य सांस्कृतिक समूह | ५१.२% | ४६.०% | ३६.९% | ३५.५% | ४१.५% | ११.३% | ९.१% | ३०.६% |
| | मुसलमान | ७०.२% | ३३.४% | ३८.५% | ३४.०% | २५.७% | १४.६% | १९.८% | १९.१% |
| आम्दानी समूह (नेपाली रूपैयाँमा) | ६०,००० र त्यसभन्दा मुनी | ६३.१% | ४४.०% | २९.१% | ३८.३% | २२.०% | १०.१% | ८.४% | २१.१% |
| | ६०,००१-१२०,००० | ५७.६% | ४८.५% | ३७.७% | ३६.९% | २७.८% | १४.०% | १३.२% | १८.४% |
| | १२०,००१-२००,००० | ५३.३% | ५१.७% | ४५.१% | ३३.३% | २९.९% | २०.९% | १८.८% | १४.९% |
| | २००,००१ र त्यसभन्दा माथि | ४४.७% | ४६.०% | ५३.५% | २६.७% | २८.६% | ३१.९% | ३०.४% | ११.२% |
| | आश्रित | ५५.२% | ३८.९% | ४२.६% | २७.९% | २५.५% | २३.९% | १६.९% | १४.८% |

*तालिका ६.७३ : प्रश्न-H5A. तपाईंलाई स्थानीय सरकारका योजनाहरु, कार्यक्रमहरु र बजेटको बारेमा के गरियो भने राम्रो र सजिलोसँग तिनको बारेमा जानकारी पाउन सक्नुहुन्छ ? (सं=७,०६०)*


तस्बिर : उमेश ढुंगाना

# अनुसूची

## अनुसूची 'ए'

# सर्वेक्षण पद्धति

### *नमुना छनौट विधि*

नेपाली जनमत सर्वेक्षण,सन् २०२० ले यसअघिका सर्वेक्षणहरू- सन् २०१७ र सन् २०१८ मा प्रयोग गरिएका नमूना छनौटका ढाँचालाई अपनाएको थियो । राष्ट्रिय रूपमा प्रतिनिधित्व गर्ने हिसाबले७,०६० जना मानिसहरूसँग विभिन्न जनचासोका विषयहरु, जस्तै : देशको समग्र अवस्था, सुरक्षा अवस्था, पहिचान, सुशासन, राजनीति, आर्थिक दृष्टिकोण र सूचनामा पहुँच जस्ता विषयमा उनीहरूको धारणा बुझ्न कुराकानी गरेर सर्वेक्षण गरिएको थियो । यस अघिका दुबै सर्वेक्षणमा उस्तै नमुना छनौटको ढाँचा अपनाए पनि यसपाली नमूनाको रूपमा उनै वडा, घरपरिवार र उत्तरदाताछनौट गरिएको भन्ने अर्थ चाहिँ होइन ।

नमूना छनौटको ढाँचालाई एकदम सावधानीका साथ तयार गरिएको थियो, जहाँ राष्ट्रिय र प्रदेश स्तरबाट आएका प्रतिनिधिमूलक नतिजामा सबैभन्दा कम अन्तरको त्रुटि लागू होस भन्ने हिसाब र ९५% आत्मविश्वासको तहमा छनौटको ढाँचासुनिश्चित गरिएको छ । ७,०६० ओटा नमूनाको आकारलाई +/- १.२% अन्तरको त्रुटि र ९५% आत्मविश्वासको तहमा हिसाब गरिएको छ ।प्रदेशहरूबीच नमूनाहरूको तुलना गरिने हुनाले, नमूनाहरूलाई सबै सात प्रदेशमा समान रूपले वितरण गरिएको छ । प्रदेशहरूको सन्दर्भमा भने त्रुटिको अन्तर +/- ३% र ९५% आत्मविश्वासको तहको वरिपरी रहेको छ ।

राष्ट्रिय तहमा तथ्यांक बनाउँदा, वास्तविक जनसंख्याको भारलाई नमूना वितरणमा प्रतिविम्बित गरिएको छ ।

नमूना छनौटको लागि सर्वेक्षणले तीनओटा बहु-चरणको संभाव्यता (मल्टी-स्टेज प्रोव्याबिलिटी) नमूना छनौटको ढाँचालाई अपनाएको छ । व्यक्तिगत पूर्वाग्रह र निर्णयबाट बच्न, संभाव्यतालाई नमूना छनौटको प्रत्येक चरणमा अपनाइएको छ ।

### *नमूनाको बनावट*

यो सर्वेक्षणमा नमूनाको ढाँचा नेपाल सरकारको केन्द्रीय तथ्यांक विभाग (सीबीएस) बाट प्राप्त गरिएको थियो । यस ढाँचामा प्रदेश, जिल्ला, नगरपालिका, गाउँपालिका र वडाको जनसंख्याको आकार रहेको छ, जुन सन् २०११ को राष्ट्रिय जनगणना अनुसार लिइएको हो ।

### *प्रदेशभित्र वडाको छनौट*

